ने
का
प

२
०
७
४

अ
सो
ज

अ
ङ्
क

६

नेपाल कानून पत्रिका

भाग-५९ **२०७४ असोज** अङ्क-६

प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ **Ext.**२५११ (सम्पादन), २१११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८

Email: info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत	- अध्यक्ष
मुख्य रजिस्ट्रार श्री नहकुल सुवेदी	- सदस्य
नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय	- सदस्य
कायम मुकायम रजिस्ट्रार श्री महेन्द्रनाथ उपाध्याय	- सदस्य
अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन	- सदस्य
वरिष्ठ अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन	- सदस्य
प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय	- सदस्य
सहरजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत	- सदस्य सचिव

सम्पादक : श्री रामप्रसाद बस्याल

सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री विनोदकुमार यादव
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

भाषाविद् : सहप्रा. श्री रामचन्द्र फुयाल

बिक्री शाखामा कार्यरत् कर्मचारी

डि.श्री नरबहादुर खत्री

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी

प्रकाशित सङ्ख्या : २५०० प्रति

नेपाल कानून पत्रिकाको उद्धरण गर्नु पर्दा

निम्नानुसार गर्नु पर्नेछ :

नेकाप, २०७४... ... ... , नि.नं. ...., पृष्ठ ...

...... साल .... महिना ....

उदाहरणार्थ : *नेकाप* २०७४, असोज, नि.नं.९८१९, पृष्ठ ९१३

सर्वोच्च अदालत बुलेटिनको उद्धरण गर्नु पर्दा

निम्नानुसार गर्नु पर्नेछ :

सअ बुलेटिन २०७४ ... ... १ वा २, पृष्ठ ...

...... साल .... महिना ....

उदाहरणार्थ : सअ बुलेटिन, २०७४, असोज – १, पृष्ठ १

नेपाल कानून पत्रिका तथा सर्वोच्च अदालत बुलेटिन अब हाम्रो वेभसाइटमा उपलब्ध छन्

ठेगाना

www.supremecourt.gov.np

- यो वेभसाइट खोलेपछि बायाँतर्फ **नेपाल कानून पत्रिका** तथा त्यसको तल **सर्वोच्च अदालत बुलेटिन** मा क्लिक गर्नुहोस्।
- २०६५ साल वैशाखदेखिका यी पत्रिकामा समाविष्ट निर्णयहरू पढ्न र हाल नि:शुल्क डाउनलोड गर्न सकिनेछ।

नेपाल कानून आयोगको वेभसाइटमा संविधानसमेत हालसम्म प्रकाशित अधिकांश ऐन र नियमावलीहरू नेपाली तथा अङ्ग्रेजीमा र १९१० सालको मुलुकी ऐन, न्याय विकासिनी एवम् विभिन्न ऐतिहासिक दस्तावेजहरू नि:शुल्क पढ्न र डाउनलोड गर्न सकिनेछ।

ठेगाना

www.lawcommission.gov.np

मूल्य रू.३०।-

मुद्रक: सर्वोच्च अदालत छापाखाना

विषय सूची

क्र. स.	नि.नं./इजलास/ विवरण	पक्ष / विपक्ष	विषयको सारसङ्क्षेप	पृष्ठ
१.	९८१९ पूर्ण कुत दिलाई मोही निष्काशन	महादेव दनुवार विरूद्ध उमेशकुमार साह	▪ अदालतले विधायिकाद्वारा निर्मित कानूनको व्याख्या गर्ने भएको हुँदा अदालतद्वारा गरिएको व्याख्या जहिले पनि भविष्यका मुद्दाहरूमा प्रयोग गरिने हुन्छ । त्यसकारण अदालतद्वारा गरिएको कुनै कानूनको व्याख्या वा प्रतिपादित सिद्धान्तको पश्चात्दर्शीको प्रभाव (Retrospective Effect) पर्दैन । यो विधिशास्त्रीय मान्यता हो । नजिरको सम्पूर्ण सिद्धान्त यही मान्यतामा अडेको पाइने।	९१३
२.	९८२० पूर्ण अख्तियार दुरूपयोग गरी भ्रष्टाचार गरेको	नेपाल सरकार विरूद्ध रामप्रसाद सैजुसमेत	▪ विभागीय मन्त्रीले लगाएको तोकले कानूनी संरचना र कार्यविधिलाई बेवास्ता गर्न मिल्ने होइन। कानून र कार्यविधिभित्र रहेर प्रक्रिया अगाडि बढाउनु पर्ने हुन्छ । यी पुनरावेदक प्रतिवादीहरूले आफ्नो पदिय जिम्मेवारीअनुरूपको कार्य सम्पादन गर्दा सम्बन्धित कानून तथा विभागीय निर्देशनको पालना गरी कार्य गर्नुपर्नेमा पालना भएको अवस्था नदेखिने।	९२०

३.	९८२१ पूर्ण करारविपरीत गर्न लागेको व्यवहार रोकिपाउँ	जावेदनवी इराकी विरूद्ध सि म्याक्स फुड प्रा.लि., नरसिह सुनसरी	▪ न्याय प्रशासन ऐन, २०४८ को दफा ९ (१)(क) मा पुनरावेदन अदालतले सुरू कारवाही गरेको र हाल विद्यमान नेपालको संविधानको धारा १३३ को उपधारा (५) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) (क) मा उच्च अदालतले सुरू कारवाही र किनारा गरेको मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था रहेको र करार ऐन, २०५६ को दफा ८७(१) (२) बमोजिम प्रदान गरिने उपचार तत्कालीन वा अस्थायी प्रकृतिको भए पनि मुद्दाकै रोहमा प्रदान गरिने र अन्तरकालीन प्रकृतिको नभई अन्तिम आदेश नै हुँदा पुनरावेदन अदालत, विराटनगरको फैसलाउपर अ.बं. १७ नं. को निवेदन लाग्ने नभई पुनरावेदन नै लाग्ने देखिन आउने।	९७२
४.	९८२२ पूर्ण उत्प्रेषण	बसन्त बहादुर श्रेष्ठ विरूद्ध मालपोत कार्यालय, काठमाडौंसमेत	▪ बजार मूल्यमा जग्गा सकार गरिएको वा प्रवाह गरेको ऋणको सावाँ ब्याजले खाम्नेसम्म जग्गा सकार गरिएको अवस्था हुन्थ्यो भने प्रक्रियागत स्वच्छता अपनाइएको मान्न सकिने स्थिति रहन्थ्यो। तर आफूले ऋण प्रवाह गर्दा एक किसिमको मूल्याङ्कनलाई आधार मानी	९७९

			ऋण प्रवाह गर्ने, त्यसको चार वर्ष पछि आफैँले प्राविधिक खटाई मूल्याङ्कन गर्दा पनि साबिककै हाराहारीमा मूल्याङ्कन गर्ने, तर आफूले सकार गर्दा चाहीँ आधाभन्दा कम मूल्यमा गर्ने कार्य कुनैरूपमा पनि उचित, विवेकसम्मत र न्यायपूर्ण मान्न सकिँदैन । यस्तो अवस्थामा सकार गर्ने कार्य लिलामको निरन्तरता हो र सकार गर्दा ऋणीलाई सूचना दिनु पर्दैन भन्दा ऋणीको सम्पत्तिसम्बन्धी हकमा अनुचित हस्तक्षेप गरेको हुन जाने ।	
५.	९८२३ संयुक्त उत्प्रेषण / प्रतिषेध / परमादेश	अधिवक्ता पूर्णबहादुर कुँवरसमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत	▪ ठूलो र महत्त्वपूर्ण निर्माण कार्यका लागि मनसायपत्र आह्वान गरी राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका इच्छुक कम्पनी / व्यक्ति / संस्थाहरू बीच प्रतिष्पर्धा गराई त्यस्ता परियोजनाको निर्माणमा निजी क्षेत्रलाई आकर्षित गरी निजी लगानीमा त्यस्ता परियोजनाहरूको निर्माण कार्य सम्पन्न गराई त्यसको निश्चित समयसम्म निर्माण कम्पनी / संस्था / व्यक्तिलाई सञ्चालन गर्न दिई तत्पश्चात परियोजना सरकारलाई हस्तान्तरण गरिने हुँदा बुट प्रणालीबाट सञ्चालन र कार्यान्वयन	९९०

			गरिने परियोजनामा सरकारको लगानी न्यूनतम मात्र हुनुपर्ने हुन्छ । कूल लगानीको निश्चित प्रतिशत (नेपालमा २५ प्रतिशत) सम्म मात्र सरकारले निर्माण कम्पनी / व्यक्ति / संस्थालाई सहयोग गर्न सक्ने र बाँकी ७५ प्रतिशत लागत खर्च निर्माण कम्पनी आफैँले व्यहोर्नु पर्ने ।	
६.	९८२४ संयुक्त मानव बेचबिखन तथा ओसारपसार	राजेश भन्ने भगीरथ दाहाल विरूद्ध नेपाल सरकार	▪ मानव बेचबिखन जस्तो अपराधमा आर्थिक फाइदा, शारीरिक शोषण, यौन शोषण, श्रम शोषण, स्थानान्तरण, वेश्यावृत्ति आदि जस्ता मनसायगत तत्त्वहरू देखिन्छन् । यस्ता अपराधमा प्रतिवादीको इन्कारी मात्रलाई प्रमाणमा लिई सफाइ दिन सक्ने स्थिति रहँदैन् । परिस्थितिजन्य प्रमाणहरूबाट समेत कसुर स्थापित गर्न सकिने ।	१०२२
७.	९८२५ संयुक्त परमादेश	विरक्त स्वामी सम्बुद्धसमेत विरूद्ध नेपाल सरकार	▪ धर्म संस्कृति व्यक्ति एवं समाजको पहिचान हो । धर्म संस्कृतिद्वारा समाज निर्देशित र नियन्त्रितसमेत हुन्छ । मानवले जन्मसँगै धर्म संस्कृतिलाई जीवनको अभिन्न अङ्गको रूपमा ग्रहण गरी आएको हुन्छ । धर्म संस्कृतिको धरोहरका रूपमा धार्मिक स्थल, धार्मिक गुठीहरू रहेका छन् । यी सम्पदा र सभ्यताको संरक्षण नितान्त आवश्यक हुन	१०४३

			जान्छ । परम्परादेखि चलि आएको प्रचलन, सम्पदा र सभ्यता व्यक्तिको जीवनको अधिकार **(right to life)** कै रुपमा रहन जाने हुन्छ साँस्कृतिक, धार्मिक सम्पदाले इतिहास बोलिरहेका समेत हुन्छन् । यसबाट नै व्यक्ति एवं समाज अपनत्व, जिम्मेवारी, उत्तरदायित्व, नैतिकता, मानवीयता जस्ता तत्त्वले युक्त हुन जान्छ । धर्म, सम्पदा सभ्यताको संरक्षणबाट समाज अझ परिस्कृत हुन जान्छ । यसले समाजलाई संयमित एवं मर्यादित बनाउन मद्दत गर्ने ।	
८.	९८२६ संयुक्त जबरजस्ती करणी	ईश्वर ऋषिदेव विरूद्ध नेपाल सरकार	▪ योनिमा लिङ्ग प्रवेश नगरेसम्म जबरजस्ती करणीको कसुर हुँदैन भनी व्याख्या विश्लेषण गर्ने हो भने यस्ता कलिला उमेरका बालिकामाथि हुने यौनजन्य अपराधबाट प्रतिवादीले उन्मुक्ति पाउने अवस्था आई समाजमा यस्ता घटनाले पश्रय पाउने अवस्था आउने ।	१०५२
९.	९८२७ संयुक्त भ्रष्टाचार	नेपाल सरकार विरूद्ध चन्देश्वर राय यादवसमेत	▪ भ्रष्टाचार हुनु र बेरूजु हुनु पृथकपृथक कुरा हुन् । भ्रष्टाचारमा व्यक्तिगत फाइदा लिने बद्नियत तत्त्वको विद्यमानता हुन्छ भने बेरूजुमा खर्च भएको रकम बिल भरपाईद्वारा पुष्टि भएको हुँदैन ।	१०६०

			भ्रष्टाचारको कसुर स्थापित हुन सरकारी सम्पत्ति दुषित मनसायबाट खर्च गरी हानि नोक्सानी पुऱ्याउने नियत र त्यसबाट आफूले लिनु खानु गरेको भन्ने प्रष्टरूपमा देखिनु पर्ने।	
१०.	९८२८ संयुक्त कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग	कृष्ण भन्ने किसनन्दन राय यादव विरूद्ध नेपाल सरकार	▪ मुख्यतः फौजदारी वारदातमा घटनाबारे थाहा पाउने र देख्ने व्यक्ति, पीडित, घाइते र प्रतिवादी नै हुन्छन्। ज्यान अपराधको वारदातमा पीडित घाइते यदाकदा मात्र हुने गर्छन्, घटनाबारे यथार्थ जानकारी हुने व्यक्ति त प्रतिवादी र निजहरूसँगै रहेका व्यक्ति नै हुन्छन्। घटनाको सम्बन्धमा निजहरूले कस्तो अवस्था र परिस्थितिमा उक्त घटना घटेको भनी उल्लेख गरेका हुन्छन्, त्यतीलाई मात्र सुक्ष्म तरिकाले केलाएर विश्लेषण गरी हेर्नुपर्ने।	१०७०
११.	९८२९ संयुक्त परमादेश	अधिवक्ता अमिता गौतम पौडेल विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत	▪ विकास निर्माण मानव जीवनलाई समृद्ध एवं सहज बनाउन अति आवश्यक हुन्छ तर विकास निर्माणको कार्य गर्दा मानवीय जीवनलाई नै खतरामा पार्ने गरी गर्दा त्यो सन्तुलित विकास हुन नसक्ने। वातावरणमा गम्भिररूपले असर पार्ने गरी भएको विकासले मानवको अस्तित्वमा नै खतरा उत्पन्न गर्ने भएकाले त्यस	१०७८

			प्रकारको विकास अभिसापमा परिणत हुन पनि सक्छ । यसले मानवीय जीवनलाई सहजता तुल्याउनुको साटो झन कठिन बनाउँदै लैजान्छ । वर्तमानमा गुणस्तरीय जीवनयापन गर्न, हाम्रो भविष्यलाई बचाई राख्न र भावी पुस्ताको जीवनलाई सुरक्षित बनाउन उचित वातावरणीय स्तर कायम गराई राख्न सबैको साझा दायित्व हुन आउने ।	
१२.	९८३० संयुक्त ज्यान मार्ने उद्योग	नेपाल सरकार विरूद्ध ऐजुव खाँ मियाँसमेत	▪ वस्तुतः उद्योगको कसुरमा आपराधिक कार्य **(Actus reus)** हुनको लागि "मर्नेसम्मको काम गरेको" हुनुपर्छ तर सो कार्य जे पनि हुन सक्छ, यसको सूची अनन्त बन्न सक्छ । त्यसैले उद्योगको कसुरमा के कार्य गऱ्यो भन्नेभन्दा पनि के कस्तो परिस्थितिमा के कति गम्भीर कार्य गऱ्यो र सो कार्य पूर्ण अपराधको कति नजिक छ भन्ने हेरिनु पर्ने ।	१०९९
१३.	९८३१ संयुक्त अंश चलन	शर्मिला मुक्तान विरूद्ध अनिता लामा मुक्तानसमेत	▪ लेनदेनसम्बन्धी विषयमा सम्बन्धित साहुले नालिस लिई अदालत प्रवेश गरेको अवस्थामा सोही मुद्दाको रोहबाट बुझ्नु पर्ने प्रमाण बुझी निर्णय गर्नुपर्ने हुन्छ । साहुको उजुर नपर्दै ऋण बन्डा लाग्ने वा नलाग्ने भनी निष्कर्षमा पुग्न कानूनसम्मत र व्यवहारिकसमेत नहुने ।	१११५

१४.	९८३२ संयुक्त करारबमोजिम रकम दिलाई भराई पाउँ	बलबहादुर पुन विरूद्ध रविकान्त अग्रवाल	■ प्रतिवादीले विवादित लिखत करार होइन लेनदेनको लिखत हो भने पनि वादी प्रतिवादीबीचको सम्बन्ध हेलिकप्टर खरिद बिक्रीसँग सम्बन्धित रहेको र एक पटक सिर्जना भएका करारीय दायित्वहरूलाई नै परिपालना गर्ने गराउने प्रयोजनार्थ **Agreement to Assume Obligation** नामकरण गरिएको लिखतमा हस्ताक्षर भई तमसुक तयार गरेर साहुलाई दिने भनी सर्तसमेत उल्लेख भएको देखिएको हुँदा उक्त लिखतलाई करारीय कारोबारसँग असम्बन्धित स्वतन्त्र प्रकृतिको लेनदेनको लिखत मान्न मिल्ने नदेखिने।	११२०
१५.	९८३३ संयुक्त नाता कायम गरिपाउँ	नारायणमणी लामिछाने विरूद्ध सरिता श्रेष्ठ	■ नागरिकतामा वा नियुक्तिको फारममा पतिको नाम उल्लेख नगर्नु वा पतिको नामबाट नागरिकता नलिनुको अर्थ श्रीमती होइन भन्ने पुष्टिको आधार हुन नसक्ने।	११२८

यी सारसङ्क्षेप *ने.का.प.* प्रयोगकर्ताको सुविधाका लागि मात्र हुन्, उद्धरण गर्नका लागि होइनन्।

– सम्पादक

निर्णय नं. ९८१९

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
माननीय न्यायाधीश श्री दीपक कुमार कार्की
माननीय न्यायाधीश श्री मीरा खड्का
आदेश मिति : २०७३।१०।१३
०६७-NF-०००५

मुद्दाः कुत दिलाई मोही निष्काशन

निवेदक / प्रतिवादी : जिल्ला महोत्तरी गोरहन्ना गा.वि.स. वडा नं. ८ बस्ने महादेव दनुवार

विरूद्ध

विपक्षी / वादी : जिल्ला महोत्तरी लोहारपट्टी गा.वि.स. वडा नं. ३ बस्ने परमेश्वर मरी निजको मु.स गर्ने निजको छोरा उमेशकुमार साह

- **कुनै कानूनको व्याख्या गरेर वा कुनै कानूनी सिद्धान्तको आधारमा सर्वोच्च अदालतबाट निर्णय भएको छ भने त्यो व्याख्या वा सिद्धान्त भविष्यमा आउने त्यस्तै प्रकृतिका मुद्दाहरूको लागि नजिर हुन जान्छ। मुद्दामा संलग्न कानूनको विवेचनायुक्त व्याख्या कुनै मुद्दामा भइसकेको छ र सोही कानूनी प्रश्न पुनः उठेको छ भने पूर्व व्याख्या वा सिद्धान्तलाई पछिल्लो समान प्रकृतिको मुद्दामा अनुशरण गरी निर्णय गर्ने पद्धति नै नजिरको प्रयोग हो । न्याय सम्पादन प्रक्रियाको विश्वसनियता, एकरूपता र निश्चितताको लागि नजिरको सिद्धान्त हाम्रो विधिशास्त्रले अंगिकार गरी हुर्काउँदै ल्याएको छ। सर्वोच्च अदालतबाट मुद्दाको सन्दर्भमा भएको कानूनको व्याख्या वा प्रतिपादित सिद्धान्तले कानूनको हैसियत राख्ने भएकोले पछिका समान प्रकृतिका विवादहरूका लागि बाध्यात्मक हुन जाने।**
- **नजिरको विधिशास्त्रीय मान्यताअनुसार सिद्धान्तको जन्म पहिले हुन्छ र त्यसको पालना तथा प्रयोग पछि जन्मिने मुद्दामा गरिन्छ । पहिले सिद्धान्त कायम भएको मुद्दाको तथ्य, कानूनको व्याख्या र प्रयोगलाई दृष्टिमा राखी पछि सुनुवाई भइरहेको मुद्दामा अघिल्लो मुद्दाको निर्णयाधार ग्रहण गर्ने नगर्ने मूल्याङ्कन र विवेचनाको आधारमा निष्कर्षमा पुग्नुपर्ने हुन्छ । तसर्थ नजिरको प्रयोग जहिले पनि भविष्यका मुद्दाहरूमा नै प्रासङ्गिक मानिने।**

(प्रकरण नं. ५)

- **अदालतले विधायिकाद्वारा निर्मित कानूनको व्याख्या गर्ने भएको हुँदा अदालतद्वारा गरिएको व्याख्या जहिले पनि भविष्यका मुद्दाहरूमा प्रयोग गरिने हुन्छ। त्यसकारण अदालतद्वारा गरिएको कुनै कानूनको व्याख्या वा प्रतिपादित सिद्धान्तको पश्चात्‌दर्शीको प्रभाव (Retrospective Effect) पर्दैन । यो विधिशास्त्रीय मान्यता हो । नजिरको सम्पूर्ण सिद्धान्त यही मान्यतामा अडेको पाइने।**

(प्रकरण नं. ६)

- **पछि प्रतिपादन भएको सिद्धान्त अघिल्लो मुद्दामा परिपालन हुन सक्ने अवस्था नै नरहने।**

(प्रकरण नं. ८)

निवेदक / प्रतिवादीको तर्फबाट : विद्वान् अधिवक्ता दामोदर पुरूष ढकाल

विपक्षी / वादीको तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताद्वय बालकृष्ण न्यौपाने र सतिशकृष्ण खरेल

अवलम्बित नजिर :

- *ने.का.प.* २०५०, अंक ५, नि.नं.४६९७
- *ने.का.प.* २०६२, अंक ६, नि.नं.७५४९, पृ.६७०
- *ने.का.प.* २०६६, अंक ६, नि.नं.८२३६

सम्बद्ध कानून :

- न्याय प्रशासन ऐन, २०४८
- भूमिसम्बन्धी ऐन, २०२१

सुरू तहमा फैसला गर्नेः

भूमिसुधार अधिकारी रामेश्वर रेग्मी

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री हरिजंग सिजापती

माननीय न्यायाधीश श्री कृष्णप्रसाद श्रेष्ठ

यस अदालतमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री कृष्णकुमार वर्मा

माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ

फैसला

न्या. मीरा खड्का : न्याय प्रशासन ऐन २०४८ को दफा ११(१) को खण्ड (ख) बमोजिम पुनरावलोकन गरी हेर्ने अनुमति प्रदान भई दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः

मेरो स्व. बाबु असर्फी साहको नाममा दर्ता रहेको जिल्ला महोत्तरी गोरहन्ना गा.वि.स. वडा नं. ८(ख) कि.नं. ३ को ०-११-२ ऐ. कि.नं. १४ को ०-१९-१० जग्गाको विपक्षीको बुबा नन्दी राय दोनवार मोही रही निजको मृत्युपश्चात् प्रतिवादीले जोती कमाई आएकोमा यसअघि पनि मुद्दा चलेको र २०५४ सालको कुतबाली नदिएको हुँदा कुतबापत रू.३९५८।६० दिलाई मोही हकबाट निष्काशन गरिपाउँ भन्नेसमेत व्यहोराको वादी दाबी।

दाबीको जग्गा निवेदक वादीको नाममा समेत छैन र मोही मेरो नाममा समेत छैन। तसर्थ मैले कुत बुझाउन पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिउत्तर पत्र।

दाबीबमोजिमको कुतबालीसम्म वादीले प्रतिवादीबाट दिलाई भराई पाउने ठहर्छ भन्नेसमेत व्यहोराको सुरू भूमिसुधार कार्यालयको मिति २०५५।१०।११ को फैसला।

दाबी गरेको जग्गा मेरो एकलौटी हकभोगको छ। नामसारी नगराउँदैमा मेरो हक समाप्त हुने होइन। जग्गाधनीले जसलाई मोही मान्छ त्यही मोही हुने कानूनी व्यवस्था छ र मोही नामसारी गराउने कर्तव्य कानूनले मोहीको परिवारको व्यक्तिलाई दिएको छ। जग्गा धनीले मोही नामसारीको निवेदन दिने व्यवस्था नहुँदा सुरूको इन्साफ आंशिकरूपमा उल्टी गरी मोही हकबाट समेत निष्काशन गरिपाउँ भन्ने समेत व्यहोराको वादीको पुनरावेदन पत्र।

यसमा प्रतिवादीबाट बाली भराई दिने ठहर्‍याई मोही निष्काशनको दाबीतर्फ नामसारी नभएको भनी निष्काशन नगरेको सुरू भूमिसुधार कार्यालय, महोत्तरीको फैसला फरक पर्न सक्ने देखिएकाले छलफलका लागि अ.वं. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम प्रत्यर्थी झिकाई हाजिर भए वा गुजारेपछि नियमानुसार पेस गर्नु भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, जनकपुरको मिति २०५६।३।२७ को आदेश।

प्रत्यर्थी प्रतिवादीका नाउँमा विवादित कित्ता जग्गाको मोही हक कायम हुन नआएको भन्ने समेत आधारबाट मोही हकबाट निष्काशन नगरी दाबीअनुसारको कुतसम्म वादीले भराई लिन पाउने ठहर्‍याई सुरू भूमिसुधार कार्यालय, महोत्तरीबाट मिति

२०५५।१०।११ मा भएको निर्णय मनासिब हुँदा सदर हुने ठहर्छ। पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, जनकपुरको फैसला।

उक्त फैसलामा मोही निष्काशन नगरेको हदसम्म चित्त बुझेन। प्रतिवादीबाट २०५४ सालको कुतबाली भराई दिने भनी फैसला भएको र सोउपर प्रतिवादीले पुनरावेदन नगरी बसेकोबाट प्रतिवादी विवादित जग्गाको मोही भएको कुरा पुष्टि भइरहेको अवस्थामा त्यसरी कुत नबुझाउने मोहीलाई कानूनतः मोही हकबाट निष्काशनसमेत गर्नुपर्नेमा सो नगरेको पुनरावेदन अदालतको फैसला प्रमाण ऐन, २०३१ को दफा ३४, अ.वं. १८४क, १८५ नं. र यस अदालतबाट प्रतिपादित *ने.का.प.* २०४३ पृष्ठ १०६२ को सिद्धान्तसमेतको विपरीत हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम मुद्दा दोहोर्‍याई हेरिपाउँ भन्नेसमेत व्यहोराको वादीको यस अदालतमा परेको निवेदन।

यसै लगाउको नि.नं. ४९३७ नं. को मुद्दामा आजै यसै इजलासबाट निस्सा प्रदान भएको हुँदा प्रस्तुत मुद्दामा समेत सोही बुँदाको आधारमा निस्सा प्रदान गरिएको छ भन्ने यस अदालतबाट भएको आदेश।

विवादित जग्गाको मोही प्रतिवादीको बाबु भएको, निजको मृत्युपश्चात् जग्गावालाले प्रतिवादीलाई नै मोहीको रूपमा पत्याई २०५२ सालमा बाली भराउने गरी फैसला भएको र प्रस्तुत मुद्दामा २०५४ सालको कुतबाली भराउने गरेकोतर्फ पनि कुनै विवाद देखिएको छैन। व्यवहार प्रमाणसमेतबाट प्रतिवादीलाई मोही स्वीकार गरी बाली बुझ्दै आएको परिप्रेक्ष्यमा बाबुको नामको मोही नामसारी नभएकै कारणले मोहीयानी हक निष्काशन नहुने भन्न मनासिब हुने देखिँदैन। यस्तै तथ्य र विवाद समावेश भएको संवत् २०५७ सालको दे.पु.इ.नं. ८५ नारायण देवी कायस्थ विरूद्ध काले भुजुको मु.स. गर्ने श्रीमती वादली भुजु भएको बाली दिलाई मोही निष्काशन गरिपाउँ भन्ने मुद्दामा यस अदालतको पूर्ण इजलासबाट मिति २०५८।३।१४ मा विवादित जग्गाको दर्तावाला मोहीको हक खाने विपक्षी एकमात्र छोरा भएको र निजले जग्गासमेत कमाई रहेको अवस्थामा मोही नामसारी भई नसकेको भन्नेसम्म कारणले मोही निष्काशन हुन नसक्ने ठहर गरेको पुनरावेदन अदालतको फैसला उल्टी हुने र जग्गा कमाउने मोहीले कानूनबमोजिम कुतबाली बुझाउनु पर्ने कर्तव्य पूरा गरेको नदेखिएकोले भूमिसम्बन्धी ऐन, २०२१ को दफा २९(१) बमोजिम मोही निष्काशनसमेत हुने भनी फैसला भइरहेको देखिन्छ। उक्त फैसलाको तथ्य र विवाद प्रस्तुत मुद्दासँग समान देखिँदा उक्त नजिरलाई अनुशरण गर्नुपर्ने हुन आयो। उक्त नजिरसमेतको आधारमा कुतबालीसम्म भराई मोही निष्काशन नहुने गरेको पुनरावेदन अदालतको फैसला मोही निष्काशन नगरेको हदसम्म मिलेको देखिएन।

तसर्थ विवादित जग्गाको मोही प्रतिवादी भएको कुरामा विवाद नदेखिएको, कुतबाली भराई पाउने ठहर भइसकेको र त्यसरी कुतबाली नबुझाउने मोहीलाई कानूनबमोजिम मोहीको दायित्व वहन नगरेको आधारमा मोही निष्काशन हुनुपर्ने देखिँदा कुतबालीसम्म भराई मोही निष्काशन नहुने ठहर गरेको भूमिसुधार कार्यालय, महोत्तरीको निर्णयलाई सदर गरेको पुनरावेदन अदालत, जनकपुरको फैसला नमिलेकोले केही उल्टी भई विवादित जग्गाबाट प्रतिवादीको मोही हक निष्काशन हुने ठहर्छ भन्नेसमेत व्यहोराको मिति २०६०/२/३० को यस अदालतको संयुक्त इजलासबाट भएको फैसला।

मिति २०५३/९/२४ देखि लागू भएको भूमिसम्बन्धी ऐन (चौथो संशोधन, २०५३) ले साबिकदेखि कुनै जग्गावालाको जग्गा कमाई आएका मोहीले मोही र जग्गाधनीबीच जग्गा नै आधा आधा

बाँडफाँड गरिने दफा २६ (ख) समेतको व्यवस्था थप गर्नुका साथै उक्त संशोधन लागू भएपछि कसैले कुनै जग्गावालाको कुनै सर्तमा कमाए पनि त्यसरी कमाएको जग्गामा मोहीयानी हक प्राप्त हुन नसक्ने भनी ऐनको दफा २५(२) को व्यवस्थासमेत थप गरी मोहीयानी हक लाग्ने व्यवस्थाको अन्त्य गरेको छ । भू.सु. ऐन चौथो संशोधन २०५३ लागू भएपछिको अवस्थामा मोहीले बाली नबुझाएको भन्ने आधारमा ऐनको दफा २९ बमोजिम मोही निष्काशन हुन्छ भन्नु मनासिब हुँदैन भनी *ने.का.प.* २०६२ अंक ६, नि.नं. ७५४९ पृष्ठ ६७० लोकनाथ उपाध्याय विरूद्ध देवीमाया भट्टराईसमेत भएको मोहीयानी मुद्दामा सिद्धान्त स्थापित भएको छ। मिति २०६०/२/३० को फैसलाले विद्यमान कानूनी व्यवस्थालाई बेवास्ता गरेको छ भने माथि उल्लिखित नजिर सिद्धान्तलाई पनि बेवास्ता गरेको हुँदा मुद्दाको इन्साफमा नै तात्विक असर पर्न गएको स्थिति हुँदा पुनरावलोकनको अनुमति पाई पुनरावलोकन गरी न्याय पाउँ भन्नेसमेत व्यहोराको महादेव दनुवारको तर्फबाट परेको पुनरावलोकन गरिपाउँ भन्नेसमेत व्यहोराको निवेदन पत्र।

यसमा भूमिसम्बन्धी ऐन, २०२१ मा मिति २०५३/९/२४ मा तेस्रो संशोधन भई मोही लागेको जग्गामा धनी र मोहीबीचको द्वैध स्वामित्व अन्त्य गरी मोहीको हक आधा छुट्याएको अवस्था छ । प्रस्तुत मुद्दामा २०५४ सालको बाली सम्बन्धमा विवाद रहेको देखिन्छ । यस्तो अवस्थामा मोही निष्काशन हुने ठहर्‍याएको यस अदालतको संयुक्त इजलासको मिति २०६०/२/३० को फैसला यसै अदालतको पूर्ण इजलासबाट निर्णय भई *ने.का.प.* २०६२ अंक ६, नि.नं. ७५४९ पृष्ठ ६७० मा प्रकाशित लोकनाथ उपाध्याय विरूद्ध देवीमाया भट्टराई भएको मोही बाली मुद्दामा प्रतिपादित सिद्धान्तविपरीत रहेको देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१) को देहाय (ख) बमोजिम प्रस्तुत मुद्दामा पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान गरिदिएको छ । नियमबमोजिम गरी पेस गर्नु भन्नेसमेत व्यहोराको मिति २०६७/४/१२ को यस अदालतको पूर्ण इजलासको आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीको तर्फबाट बहस गर्न उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री दामोदर पुरूष ढकालले *ने.का.प.* २०६२ अंक ६ नि.नं. ७५४९ को पुनरावेदक प्रतिवादी लोकनाथ ढकाल र विरूद्ध प्रत्यर्थी वादी देवीमाया भट्टराईसमेत भएको मोही बाली मुद्दामा भूमिसम्बन्धी (चौथो संशोधन) ऐन, २०५३, को लागू भएपछिको अवस्थामा मोहीले बाली नबुझाएको भन्ने आधारमा ऐनको दफा २९ बमोजिम मोही निष्काशन हुन्छ भन्नु मनासिब नहुने भनी प्रतिपादित भएको सिद्धान्तविपरीत यस अदालतको संयुक्त इजलासले मिति २०६०।२।३० मा फैसला गरेकोले उक्त फैसला स्थापित सिद्धान्तविपरीत भएकोले संयुक्त इजलासको फैसला उल्टी गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

विपक्षी वादीको तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री बालकृष्ण न्यौपाने र श्री सतिशकृष्ण खरेलले विपक्षीले पेस गर्नुभएको पुनरावेदक /प्रतिवादी लोकनाथ उपाध्याय विरूद्ध प्रत्यर्थी देवीमाया भट्टराई भएको मोही बाली मुद्दा २०६२ सालमा फैसला भएको हो । तर प्रस्तुत मुद्दा संयुक्त इजलासबाट २०६० सालमा नै फैसला भएकोले उक्त फैसला पछि बनेको सिद्धान्तको पालना भएन भन्नु तर्कसङ्गत हुँदैन । सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त भुतलक्षीरूपमा लागू हुँदैन। संयुक्त इजलासबाट मुद्दा फैसला भएको ५ वर्षपछि मात्र पुनरावलोकनका लागि निवेदन पर्न आएको छ। भविष्यमा भएका फैसलाको आधारमा मुद्दा पुनरावलोकनका लागि आउन सक्ने हो भने फैसला अन्तिमताको सिद्धान्त र मर्म नै समाप्त हुन जान्छ । तसर्थ यस अदालतको संयुक्त इजलासबाट भएको फैसला कानूनसम्मत रहेकोले उक्त मिति

२०६०।२।३० को फैसला पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान गरेको आधार सान्दर्भिक छैन भनी बहस प्रस्तुत गर्नुभयो।

पुनरावेदक तथा प्रत्यर्थीतर्फबाट प्रस्तुत बहस जिकिर सुनी वादीको पुनरावलोकन निवेदन जिकिर यस अदालतको पूर्ण इजलासबाट यस मुद्दामा पुनरावलोकन गरी हेर्न निस्सा प्रदान गर्दा लिइएको आधार बुँदा एवं सुरू रेकर्ड र प्रमाण मिसिलसमेत अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा ०५४ सालको वालीको सम्बन्धमा मोही निष्काशन हुने ठहर्‍याई यस अदालतको संयुक्त इजलासबाट मिति २०६०।२।३० मा भएको फैसला यसै अदालतको पूर्ण इजलासबाट लोकनाथ उपाध्याय विरूद्ध देवीमाया भट्टराई भएको मोही बाली मुद्दामा प्रतिपादित सिद्धान्त (*ने.का.प.* २०६२ अंक ६ नि.नं. ७५४९ पृ. ६७०) विपरीत रहेको भनी पूर्ण इजलासबाट पुनरावलोकन गरी हेर्ने भनी प्रदान गरिएको निस्साको आधार मनासिब छ, छैन? र संयुक्त इजलासबाट भएको फैसला मिलेको छ, छैन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

२. यसमा निर्णयतर्फ विचार गर्दा स्व. पिता असर्फी साहको नाममा दर्ता रहेको जिल्ला महोत्तरी गोरहन्ना गा.वि.स. वडा नं. ८(ख) कि.नं.३ को ज.वि.०-११-२ र ऐ कि.नं. १४ को ज.वि.०-१९-१० जग्गाको विपक्षीका बाबु नन्दिलाल देववास मोही भई निजको मृत्युपश्चात प्रतिवादीले जोती आएकोमा २०५४ सालको कुतबाली नदिएको हुँदा कुत बापत रू. ३९५८।६० दिलाई मोही हकबाट निष्काशन गरिपाउँ भन्ने वादी दाबी भएकोमा सुरू भूमिसुधार कार्यालय, महोत्तरीबाट कुतबालीसम्म वादीले प्रतिवादीबाट भरी पाउने ठहर्छ भनी मिति २०५४।१०।११ मा निर्णय भएको देखिन्छ । भूमिसुधार कार्यालय, महोत्तरीबाट भएको उक्त निर्णय पुनरावेदन अदालत, जनकपुरबाट सदर हुने ठहरी भएको फैसलाउपर वादीको यस अदालतमा दोहोर्‍याई पाउँ भन्ने निवेदन परी निस्सा प्रदान भई यस अदालतको संयुक्त इजलासबाट मिति २०६०।२।३० मा मोही निष्काशन गर्नुपर्नेमा सो नगरेको हदसम्म पुनरावेदन अदालत, जनकपुरको फैसला केही उल्टी भई मोही निष्काशनसमेत हुने ठहर्छ भनी फैसला भएको रहेछ । यस अदालतको संयुक्त इजलासबाट मिति २०६०।२।३० मा भएको उक्त फैसला पुनरावलोकन गरिपाउँ भनी मिति २०६५।२।२१ मा प्रतिवादीको निवेदन परेकोमा मिति २०६७।४।१२ मा यस अदालतको पूर्ण इजलासबाट पुनरावलोकन गर्न निस्सा प्रदान भई निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको देखियो।

३. पुनरावेदकले यस अदालतको संयुक्त इजलासबाट मिति २०६०।२।३० मा भएको फैसला पुनरावलोकन गरिपाउँ भनी प्रस्तुत गरेको निवेदनमा पुनरावेदक लोकनाथ उपाध्याय विरूद्ध प्रत्यर्थी देवीमाया भट्टराईसमेत भएको मोही बाली मुद्दामा प्रतिपादित सिद्धान्त (*ने.का.प.* २०६२ अंक ६ नि. नं. ७५४९ पृ. ६७०) को विपरीत संयुक्त इजलासबाट मुद्दा फैसला भएको भन्ने जिकिर लिएको देखिन्छ। यसैगरी यस अदालतको पूर्ण इजलासबाट निस्सा प्रदान गर्दा भूमिसम्बन्धी ऐन, २०२१ मा मिति २०५३।९।२४ मा चौथो संशोधन भई मोही लागेको जग्गामा धनी र मोहीबीच द्वैध स्वामित्व अन्त्य गरी मोहीको हक आधा छुट्याएको अवस्था छ। प्रस्तुत मुद्दामा २०५४ सालको बाली सम्बन्धमा विवाद रहेको अवस्थामा मोही निष्काशन हुने ठहर्‍याएको यस अदालत संयुक्त इजलासको मिति २०६०।२।३० को फैसला यसै अदालतको पूर्ण इजलासबाट निर्णय भई *ने.का.प.* २०६२ अंक ६ नि.नं. ७५४९, पृ. ६७० मा प्रकाशित लोकनाथ उपाध्याय विरूद्ध देवीमाया भट्टराईसमेत भएको मोही बाली मुद्दामा प्रतिपादित सिद्धान्तविपरीत रहेको देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१) को देहाय (ख) बमोजिम प्रस्तुत मुद्दामा पुनरावलोकन गरी हेर्ने निस्सा प्रदानको आदेश जारी

भएको देखिन्छ ।

४. यसरी यस अदालतको संयुक्त इजलासबाट मिति २०६०।२।३० मा भएको फैसला सर्वोच्च अदालतको पूर्ण इजलासबाट निर्णय भई *ने.का.प.* २०६२ अंक ६ नि.नं. ७५४९ पृ. ६७० मा प्रकाशित सिद्धान्तविपरीत रहेको भनी मिति २०६७।४।१२ मा पुनरावलोकन गरी हेर्ने निस्सा प्रदान गरेको पाइयो । न्याय प्रशासन ऐन, २०४८ को दफा ११(१) ले सर्वोच्च अदालतले आफ्नो फैसला वा अन्तिम आदेश देहायको अवस्थामा पुनरावलोकन गर्न सक्नेछ भनी व्यवस्था गर्दै पुनरावलोकन हुन सक्ने निम्न दुई आधार उल्लेख गरेको पाइन्छः-

(क) मुद्दामा भएको इन्साफमा तात्त्विक असर पर्ने किसिमको कुनै प्रमाण रहेको तथ्य मुद्दाको किनारा भएपछि मात्र सम्बन्धित पक्षलाई थाहा भएको देखिएमा वा

(ख) सर्वोच्च अदालतबाट स्थापित नजिर वा कानूनी सिद्धान्तको प्रतिकूल फैसला वा अन्तिम आदेश भएको देखिएमा ।

५. कुनै कानूनको व्याख्या गरेर वा कुनै कानूनी सिद्धान्तको आधारमा सर्वोच्च अदालतबाट निर्णय भएको छ भने त्यो व्याख्या वा सिद्धान्त भविष्यमा आउने त्यस्तै प्रकृतिका मुद्दाहरूको लागि नजिर हुन जान्छ । मुद्दामा संलग्न कानूनको विवेचनायुक्त व्याख्या कुनै मुद्दामा भइसकेको छ र सोही कानूनी प्रश्न पुनः उठेको छ भने पूर्व व्याख्या वा सिद्धान्तलाई पछिल्लो समान प्रकृतिको मुद्दामा अनुशरण गरी निर्णय गर्ने पद्धति नै नजिरको प्रयोग हो । न्याय सम्पादन प्रक्रियाको विश्वसनियता, एकरूपता र निश्चितताको लागि नजिरको सिद्धान्त हाम्रो विधिशास्त्रले अंगिकार गरी हुर्काउँदै ल्याएको छ । सर्वोच्च अदालतबाट मुद्दाको सन्दर्भमा भएको कानूनको व्याख्या वा प्रतिपादित सिद्धान्तले कानूनको हैसियत राख्ने भएकोले पछिका समान प्रकृतिका विवादहरूका लागि बाध्यात्मक हुन जान्छ । नजिरको विधिशास्त्रीय मान्यताअनुसार सिद्धान्तको जन्म पहिले हुन्छ र त्यसको पालना तथा प्रयोग पछि जन्मिने मुद्दामा गरिन्छ । पहिले सिद्धान्त कायम भएको मुद्दाको तथ्य, कानूनको व्याख्या र प्रयोगलाई दृष्टिमा राखी पछि सुनुवाई भइरहेको मुद्दामा अघिल्लो मुद्दाको निर्णयाधार ग्रहण गर्ने नगर्ने मूल्याङ्कन र विवेचनाको आधारमा निष्कर्षमा पुग्नुपर्ने हुन्छ । तसर्थ नजिरको प्रयोग जहिले पनि भविष्यका मुद्दाहरूमा नै प्रासङ्गिक मानिन्छ ।

६. विधायिका स्वयम्द्वारा निर्मित कानून सामान्यतया पश्चात्दर्शी (Retrospective) हुँदैन । तर पनि संविधानको परिधिमा सिमित रही कहिलेकाँही विधायिकाले पश्चात्दर्शी असर (Restrospective Effect) पर्ने गरी कुनै कानूनको निर्माण गर्न सक्दछ । तर न्यायाधीशद्वारा निर्मित कानून (Judge Made Law) जहिले पनि भविष्यदर्शी (Prospective) नै हुन्छ । अदालतले विधायिकाद्वारा निमित्त कानूनको व्याख्या गर्ने भएको हुँदा अदालतद्वारा गरिएको व्याख्या जहिले पनि भविष्यका मुद्दाहरूमा प्रयोग गरिने हुन्छ। त्यसकारण अदालतद्वारा गरिएको कुनै कानूनको व्याख्या वा प्रतिपादित सिद्धान्तको पश्चातदर्शीको प्रभाव (Restrospective Effect) पर्दैन । यो विधिशास्त्रीय मान्यता हो । नजिरको सम्पूर्ण सिद्धान्त यही मान्यतामा अडेको हुन्छ । सर्वोच्च अदालतबाट कुनै कानूनको व्याख्या वा सिद्धान्त प्रतिपादन गरी गरेको फैसला भविष्यका मुद्दाहरूका लागि मार्गदर्शन हुने मान्यतालाई नै हामीले विकास गर्दै लागु गरी आएका छौं । यस अदालतको संयुक्त इजलासबाट निवेदक इन्द्रबहादुर गुरूङ विरूद्ध विपक्षी राजश्व न्यायाधिकरण काठमाडौं भएको बन्दिप्रत्यक्षीकरण मुद्दामा परेको पुनरावलोकन गरिपाउँ भन्ने निवेदन (*ने.का.प.* २०५० अंक ५ नि.नं. ४६९७ फैसला मिति २०५०।२।२२) मा *"विधायिकाले कानून निर्माण गर्दा स्पष्ट पश्चात्दर्शीको*

अवस्थामा बाहेक अन्य अवस्थामा पश्चात्‌दर्शी असर हुने गरी कानून निर्माण गर्न सक्दैन भने कानूनको व्याख्याता न्यायपालिकाद्वारा निर्मित निर्णयले पनि सोहीअनुरूप पश्चात्‌दर्शी असर गर्न सक्छ भन्न सकिने अवस्था नहुने" भनी व्याख्या गरेको पाइन्छ।

७. यसै गरी यस सर्वोच्च अदालतको पूर्ण इजलासबाट पुनरावेदक प्रतिवादी जगेश्वर राय यादवको मु.स. गर्ने अर्जुन राय विरूद्ध दिनेश सिंह भुमिहार भएको कुत दिलाई मोही निष्काशन मुद्दामा (*ने.का.प.* २०६६, अंक ६, नि.नं. ८२३६, फैसला मिति २०६६।६।२२।५) "सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरूको पश्चातदर्शी प्रभाव (Restrospective Effect) हुँदैन र पश्चात्‌दर्शी प्रभाव पर्ने गरी कानूनी सिद्धान्तको प्रतिपादन सर्वोच्च अदालतले गर्दैन" भन्ने व्याख्या गरेको पाइन्छ।

८. उपरोक्त विवेचनाको परिप्रेक्ष्यमा प्रस्तुत मुद्दालाई हेर्दा यस अदालतको संयुक्त इजलासबाट मिति २०६०।२।३० मा मोही निष्काशन हुने ठहर्‍याई फैसला गर्दा पूर्ण इजलासबाट लोकनाथ उपाध्याय विरूद्ध देवीमाया भट्टराई भएको मोही बाली मुद्दामा प्रतिपादित सिद्धान्तको विपरीत फैसला भएको भन्ने आधारमा मिति २०६७।४।१२ मा पुनरावलोकन गरी हेर्ने निस्सा दिइएको छ । पुनरावलोकनको निस्सा दिँदाको आदेशमा उल्लेख गरिएको सिद्धान्त मिति २०६२।५।२३ मा मात्र प्रतिपादन भएको छ भने यस अदालतको संयुक्त इजलासले मिति २०६०।२।३० मा नै प्रस्तुत मुद्दाको फैसला गरेको पाइन्छ। यसकारण पछि प्रतिपादन भएको सिद्धान्त अघिल्लो मुद्दामा परिपालन हुने सक्ने अवस्था नै नरहने भएकोले प्रतिपादित सिद्धान्तविपरीत संयुक्त इजलासबाट फैसला भएको भन्ने आधारमा यस अदालतको पूर्ण इजलासबाट मिति २०६७।४।१२ मा पुनरावलोकन गरी हेर्ने भनी प्रदान गरिएको निस्साको आधार मनासिब नदेखिएकोले उक्त आधारसँग यस इजलास सहमत हुन सकेन।

९. यस अदालतको संयुक्त इजलासबाट मिति २०६०/२/३० मा पुनरावेदन अदालत, जनकपुरबाट भएको फैसला केही उल्टी भई विवादित जग्गाबाट प्रतिवादीको मोही हक निष्काशन हुने ठहरी फैसला भएपछि भूमिसुधार कार्यालय, महोत्तरीमा जिल्ला महोत्तरी गोरहन्ना गा. वि.स. वडा नं ८ ख कि.नं. ३ को ०-११-२ ऐ. कि.नं १४ को ०-१९-१० समेत जग्गाको मोही महलबाट मोही नन्दीराम दनुवारको नाम कट्टा गरिदिनुहुन भनी मालपोत कार्यालय, महोत्तरीमा लेखि पठाउने भन्ने निर्णयअनुसार मोहीको लगत कट्टा भइसकेको र स्वयम् यी पुनरावेदकले दिएको मोही नामसारी मुद्दा भूमिसुधार कार्यालय, महोत्तरीबाट तामेलीमा राख्ने निर्णय भई अन्तिम रहेको पनि मिसिलबाट देखिन आएको छ।

१०. अतः माथि विश्लेषण गरिएका आधार कारणहरूबाट यस अदालतको पूर्ण इजलासबाट प्रस्तुत मुद्दामा मिति २०६७/४/१२ मा पुनरावलोकनको निस्सा प्रदान गरेको आधारसँग यो इजलास सहमत हुन नसकेकोले यस अदालतको संयुक्त इजलासबाट मिति २०६०/२/३० मा मोही निष्काशन हुने ठहरी भएको फैसलालाई पुनरावलोकन गरी हेर्नुपर्ने अवस्था रहेन। यस अदालत संयुक्त इजलासको मिति २०६०/२/३० को फैसला सदर हुने ठहर्छ । पुनरावेदक महादेव दनुवारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी नियमानुसार मिसिल अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा हामी सहमत छौं।
न्या. देवेन्द्र गोपाल श्रेष्ठ
न्या. दीपक कुमार कार्की

इजलास अधिकृत: रामप्रसाद बस्याल
इति संवत् २०७३ साल माघ १३ गते रोज ५ शुभम्।

निर्णय नं. ९८२०

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे
माननीय न्यायाधीश श्री सारदाप्रसाद घिमिरे
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
फैसला मिति : २०७३।११।१९

मुद्दाः अख्तियार दुरूपयोग गरी भ्रष्टाचार गरेको ।

०७१-CF-००३४

पुनरावेदक / वादी : अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत विष्णु कुमार के.सी. को प्रतिवेदनले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : मोतिप्रसाद सैजुको नाति, दुर्गाप्रसाद सैजुको छोरा, पाल्ला जिल्ला तानसेन नगरपालिका वडा नं.४ असनटोल, घर भई हालः काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १४, गौरीशंकर सडक, कुलेश्वर, घर नं. २३२ बस्ने यातायात व्यवस्था कार्यालय, कोशीमा कार्यरत तत्कालीन कार्यालय प्रमुख रामप्रसाद सैजुसमेत

०७१-CF-००३८

पुनरावेदक / प्रतिवादी : काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३३ डिल्लीबजार मार्ग मैतिदेवी बस्ने यातायात व्यवस्था कार्यालय, भेरीका तत्कालीन कार्यालय प्रमुख, हाल निजामती किताबखानाबाट अवकाश प्राप्त शाखा अधिकृत हरिप्रसाद श्रेष्ठ

विरूद्ध

प्रत्यर्थी / वादी : अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत विष्णु कुमार के.सी.को प्रतिवेदनले नेपाल सरकार

०७१-CF-००३२

पुनरावेदक / प्रतिवादी : काठमाडौं जिल्ला दक्षिणकाली गा.वि.स. वडा नं. ५ फर्पिङ बस्ने रामप्रसाद अर्याल

विरूद्ध

प्रत्यर्थी / वादी : अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत विष्णु कुमार के.सी.को प्रतिवेदनले नेपाल सरकार

०७१-CF-००३५

पुनरावेदक / प्रतिवादी : मोरङ जिल्ला, विराटनगर उपमहानगरपालिका वडा नं. ३ मुनालपथ सयपत्री मार्ग घर नं. ८ बस्ने तत्कालीन यातायात व्यवस्था कार्यालय, इटहरीमा कार्यरत ना.सु. श्रीमती यशोदा खतिवडा

विरूद्ध

प्रत्यर्थी / वादी : अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत विष्णु कुमार के.सी.को प्रतिवेदनले नेपाल सरकार

०७१-CF-००३६

पुनरावेदक / प्रतिवादी : पाल्ला जिल्ला तानसेन नगरपालिका वडा नं.४ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १४ कुलेश्वर बस्ने तत्काल यातायात व्यवस्था कार्यालय, कोशीमा कार्यरत रामप्रसाद सैजु

विरूद्ध

प्रत्यर्थी / वादी : अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत विष्णु कुमार के.सी.को प्रतिवेदनले नेपाल सरकार

०७१-CF-००३७

पुनरावेदक / प्रतिवादी : संखुवासभा जिल्ला, खाँदवारी नगरपालिका वडा नं. ३ ग्वावारी घर भई हाल सुनसरी जिल्ला इटहरी नगरपालिका वडा नं. ८ प्रगतिटोल बस्ने यातायात व्यवस्था कार्यालय कोशीका तत्कालीन ना.सु. लालबहादुर बुढाथोकीसमेत

विरूद्ध

प्रत्यर्थी / वादी : अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत विष्णु कुमार के.सी.को प्रतिवेदनले नेपाल सरकार

०७१-CF-००३३

पुनरावेदक / प्रतिवादी : सप्तरी जिल्ला राजविराज नगरपालिका वडा नं. ७ राजविराजमार्ग घर भई यातायात व्यवस्था कार्यालय, कोशीमा कार्यरत तत्कालीन मेकानिकल सुपरभाइजर प्रमोदकुमार चौधरी

विरूद्ध

प्रत्यर्थी / वादी : अख्तियार दुरूपयोग अनुसन्धान आयोगको तर्फबाट अनुसन्धान अधिकृत विष्णु कुमार के.सी.को प्रतिवेदनले नेपाल सरकार

- **विभागीय मन्त्रीले लगाएको तोकले कानूनी संरचना र कार्यविधिलाई बेवास्ता गर्न मिल्ने होइन । कानून र कार्यविधिभित्र रहेर प्रक्रिया अगाडि बढाउनु पर्ने हुन्छ । यी पुनरावेदक प्रतिवादीहरूले आफ्नो पदिय जिम्मेवारीअनुरूपको कार्य सम्पादन गर्दा सम्बन्धित कानून तथा विभागीय निर्देशनको पालना गरी कार्य गर्नुपर्नेमा पालना भएको अवस्था नदेखिने।**
- **कर्मचारीले आफूले सम्पादन गर्नुपर्ने कार्य सम्पादन गर्दा कानूनबमोजिम सम्पादन गर्नुपर्ने हुँदा मन्त्रीको तोकको आधारमा कार्य गरेको भन्ने आधारमा मात्र कर्मचारीलाई निजले गरेको कसुरजन्य कार्यबाट उन्मुक्ति दिन मिल्ने पनि नदेखिने।**
- **तोक आदेशअनुसार कार्य गरेको भनी प्रतिवादीले गरेको गैरकानूनी कार्यले कानूनी मान्यता पाउन सक्दैन । धेरै लामो समय अगाडि लिलाम भएको पुरानो गाडीको दर्ता नामसारी त्यति लामो समयसम्म हुन नसक्नुको कारण के हो र यति लामो समयसम्म थन्किएर रहेका यान्त्रिक साधनहरू के कसरी सञ्चालन हुन सक्छन भन्ने जस्ता सामान्य जानकारीको विषय वस्तुलाई बेवास्ता गर्नु बाट पुनरावेदक प्रतिवादीहरूको बद्नियत रहेको तथ्य स्थापित हुन आउने।**

(प्रकरण नं. ९)

पुनरावेदक / वादीको तर्फबाट : विद्वान् अधिवक्ताहरू भिमार्जुन आचार्य, रेवतप्रसाद खरेल र अरूण कुमार ज्ञवाली

प्रत्यर्थी / प्रतिवादीको तर्फबाट : विद्वान् अधिवक्ताहरू रमेशप्रसाद कोइराला, विमला निरौला, देवराज कटुवाल, छविरमण निरौला, कमलेश द्विवेदी, नन्दप्रसाद अधिकारी, विशेश्वरप्रसाद ढकाल, राजेन्द्र खनाल

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९
- भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३), ८(४), २९(२)

विशेष अदालतमा फैसला गर्ने :

अध्यक्ष मा.न्या. श्री भूपध्वज अधिकारी

सदस्य मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.

यस अदालतमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय

माननीय न्यायाधीश श्री दीपकराज जोशी

फैसला

न्या. केदारप्रसाद चालिसे : यस अदालतको संयुक्त इजलासबाट मिति २०७१।७।१० मा रायवाझी फैसला भई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यस प्रकार छः-

२०६०/११/१५ गतेको नेपाली पत्र साप्ताहिकमा प्रकाशित भएको समाचारमा मिति २०६०/११/१४ गते बसेको मन्त्रिपरिषद्को बैठकबाट चोरी पैठारी भएको गाडी अन्जानमा किन्ने व्यक्तिहरूलाई गाडीको ह्रास कट्टी गरी मूल्य निर्धारण गरी सो मूल्यको आधारमा भन्सार तिराई सम्बन्धित व्यक्तिको नाममा दर्ता गरिदिने निर्णय भएको भन्नेसमेत व्यहोराको समाचार प्रकाशित भएकोमा आयोगको मिति २०६०।११।१५ को निर्णयानुसार सोही समाचारलाई उजुरीको रूपमा ग्रहण गरी आवश्यक सम्पूर्ण सक्कल कागजपत्र झिकाई अनुसन्धान तहकिकात अगाडी बढाइएको।

चोरी पैठारीको आशंकामा पक्राउ परी विभिन्न भन्सार कार्यालयहरूमा रहेको २०४ वटा सवारी साधनको सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको मिति २०६०।११।१५ को निर्णय अनुसार प्रारम्भिक अनुसन्धान अगाडी बढाइएकोमा अनुसन्धानको क्रममा विभिन्न व्यक्तिहरूको बयानबाट को.अ.च. १६४० नम्बरको निजी जीपसमेत १० थान सवारी साधनहरू र को. अ. ख १०५७ नम्बरको भाडा ट्रकसमेत ११ थान सवारी साधनसमेत गरी एक्काइस थान सवारी साधन गैरकानूनीरूपमा दर्ता भएको सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट अनुसन्धान गरिएको।

अनुसन्धानको दायरामा रहेको को.अ.च १६४० नम्बरको निजी जीपसमेत १० थान सवारी साधनहरू र को.अ.ख १०५७ नम्बरको भाडा ट्रकसमेत ११ थान सवारी साधन समेत गरी एक्काइस थान सवारी साधनको दर्ता हुँदाको कागजात अख्तियार दुरूपयोग अनुसन्धान आयोगको च.नं.९३९, मिति २०६२।०१।१३ को पत्रद्वारा दर्ता भएको कार्यालय यातायात व्यवस्था कार्यालय, कोशी अञ्चल इटहरीसँग माग गरिएको र उक्त कार्यालयको च.नं.१९३४, मिति २०६२।०१।२६ को पत्रद्वारा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा प्राप्त भएको।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगको च.नं.१०५३ र ११०४, मिति २०६२।०२।१८ र २०६२।०२।३० को पत्रद्वारा साबिक को.अ. ६८७ समेत को जीप पछि नामसारी भई कायम भएको को.अ.च. १६४० नम्बरको निजी जीपसमेत १० थान सवारी साधनहरू र साबिक को.अ.८३१ समेतको भाडा ट्रक पछि नामसारी भई कायम भएको को.अ.ख १०५७ नम्बरको भाडा ट्रकसमेत ११ थान सवारी साधनसमेत गरी एक्काइस थान सवारी साधन नामसारी दर्ता गर्ने यातायात व्यवस्था कार्यालय, कोशी इटहरीसंग निर्णय गर्दा खडा गरिएका सक्कल कागजातहरू र नामसारी दर्ता भए पछिको र साबिकको लेजरको प्रमाणित प्रतिलिपी माग गरिएकोमा उक्त कार्यालयको च.नं.२३१३, २३१४ र १९३४ मिति २०६२।३।२१ र २०६२।१।२६ गतेको पत्रद्वारा साबिक को.अ.६८७ र ८३१ समेतका २१ वटा सवारी साधनहरू र पछि नामसारी भई कायम भएका को.अ.च १६४० र को.अ.ख १०५७ समेतका सवारी साधनको प्रमाणित लेजरको फोटोकपी र नामसारी दर्ता गर्ने निर्णय गर्दा उठाइएको सक्कल टिप्पणीलगायतका

कागजातहरू को फायल थान–१ अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा प्राप्त भएको।

गैरकानूनीरूपमा भन्सार राजश्व छली ल्याइएका साबिक को.अ.६८७ को पछि नामसारी भई कायम भएको को.अ.च १६४० नम्बरको निजी जीपसमेत १० थान सवारी साधनहरू र साबिक को.अ.८३१ पछि नामसारी भई कायम भएको को.अ.ख १०५७ नम्बरको भाडा ट्रकसमेत ११ थान सवारी साधनसमेत गरी एक्काइस थान सवारी साधनहरू यातायात व्यवस्था कार्यालय, इटहरी कोशीले मिति २०५३।११।०६ मा दरखास्तवाला तुल्सीराम पाण्डेको नाममा नामसारी दर्ता गरेको।

यातायात व्यवस्था कार्यालय, कोशी इटहरीको च.नं.२३१३, मिति २०६२।३।२१ को पत्रद्वारा प्राप्त सक्कल फायल हेर्दा निवेदक तुल्सीराम पाण्डेले आफ्नो नाममा नामसारीको लागि प्रमाणित गरेको विभिन्न मितिका पत्रहरू समेत पेस गरी तत्कालीन निर्माण तथा यातायात सहायक मन्त्रीको तोक आदेश भई उक्त सवारी साधनहरूको विवरण उक्त मन्त्रालयबाट यातायात व्यवस्था कार्यालय, कोशी इटहरीसँग माग भई उक्त कार्यालयलले उक्त सवारी साधनहरू को.अ.६८७ समेतका १० थान जीप र को.अ.८३१ समेतका ११ वटा टाटा ट्रक (एम.आर.एम.) एक्जुकेटिभ इन्जिनियर ईलेक्ट्रीकल डिभिजन पूर्व पश्चिम राजमार्गको नाममा दर्ता भएको भनी उक्त कार्यालयको च.नं.१३५९, मिति २०५३।३।२३ को पत्रद्वारा निर्माण तथा यातायात मन्त्रालयमा रेकर्ड उतार गरी पठाएको र निज तुल्सीराम पाण्डले निज सहायक मन्त्रीलाई नै सम्बोधन गरी उक्त सवारी साधनहरू भन्सार छुट गराई नामसारी गरिपाउँ भनी मिति २०५३।४।२३ गते निवेदन दिएकोमा निवेदकको मागअनुसार आवश्यक कारवाही गरी दिने भनी तोक आदेश भई सक्कलै निवेदन आवश्यक कारवाहीको लागि यातायात व्यवस्था कार्यालय, कोशी इटहरीमा पठाउदा उक्त यातायात व्यवस्था कार्यालयले उक्त सवारी साधनहरू सरकारी वा सरकारको स्वामित्वमा रहेका हुन वा होइनन् भनी खुलाई पठाउन सडक विभाग, बबरमहल काठमाडौंलाई उक्त कार्यालयको च.नं.१७९, मिति २०५३।५।१८ को पत्रबाट अनुरोध भई सडक विभाग, यान्त्रिक महाशाखा बबरमहलको च.नं.१९७, मिति २०५३।५।२५ को पत्रबाट आवश्यक व्यहोरा खुलाई पठाएको अवस्था छ भने अर्कोतर्फ निवेदक तुल्सीराम पाण्डेले अञ्चल यातायात व्यवस्था कार्यालय लुम्बिनीको च.नं.३०८, मिति २०५३।८।१६ गतेको सवारीको विवरण प्रमाणित गरिएको पत्र, हेभी इक्वीपमेन्ट डिभिजन कार्यालय, बुटवलको च.नं.४९ र ५९, मिति २०५३।९।८ र २०५३।९।२३ गतेको सवारी नामसारी गरी दिने बारेको छुट्टाछुट्टै पत्र, ट्राफिक प्रहरी कार्यालय, भैरहवाको च.नं.७० र ८१, मिति २०५३।९।३ र २०५३।९।२६ गतेको पत्र पेसगरी मिति २०५३।११।६ गते नामसारी गरी पाउन निवेदन दिई मिति २०५३।११।६ मा यातायात व्यवस्था कार्यालय, कोशी इटहरीमा टिप्पणी सदर भई निजको नाममा एक्काइस वटा सवारी साधनहरू नामसारी भएको अवस्था छ । यसरी यातायात व्यवस्था कार्यालय, कोशी इटहरीमा मिति २०५३।११।६ गते तुल्सीराम पाण्डेको नाममा नामसारी दर्ता भएका एक्काइस थान सवारी साधनहरू निज तुल्सीराम पाण्डेले २०५३।०५४ सालको विभिन्न मितिमा सरूवा सहमति लिई यातायात व्यवस्था कार्यालय, लुम्बिनी अञ्चल बुटवलमा गई दर्ता गराएको यातायात व्यवस्था कार्यालय, कोशीबाट प्राप्त लेजरको प्रमाणित फोटोकपीमा देखिएको हुँदा यस आयोगको पत्रद्वारा उक्त यातायात व्यवस्था कार्यालय, लुम्बिनीमा सहमति पश्चात दर्ता हुँदाको लेजरको प्रमाणित फोटोकपी माग गरिएकोमा को.अ.च १६४७ को जीपबाहेकको अन्य २० वटा सवारी साधनहरूको विवरण र लेजरको प्रमाणित फोटोकपी प्राप्त भएकोमा त्यसमध्ये साबिक

को.अ.च १६४५ हाल लु.अ.ज ४३२ नम्बरको जीप इलाका प्रहरी कार्यालय, धकधईले पक्राउ गरी जिल्ला प्रहरी कार्यालय, रूपन्देहीमा बुझएको र भैरहवा भन्सार कार्यालय, वेलहीया रूपन्देहीलाई बुझाएको पत्र यस आयोगलाई प्राप्त भएको हुँदा उक्त जीप हाल भैरहवा भन्सार कार्यालयमा रहेको छ। सो बाहेकका लु.अ.ख २२०५, २२०६, २२०७ र २२०८ समेतका टाटा ट्रकहरू यातायात व्यवस्था कार्यालय, राप्ती अञ्चल, दाङमा मिति २०५५।११।२४ गते सरूवा सहमति लगी गएको र उक्त यातायात व्यवस्था कार्यालयलाई यस आयोगको च.नं.४१६, मिति २०६२।८।१२ गतेको पत्रद्वारा उक्त सवारी साधनहरू उक्त कार्यालयमा दर्ता रही सञ्चालनमा रहे नरहेको वा अन्यत्र सरूवा सहमति लिई गएको छ, खुलाई पठाउन माग गरिएकोमा उक्त यातायात व्यवस्था कार्यालय, दाङको च.नं.५२०, मिति २०६२।८।१७ गतेको पत्रद्वारा लु.अ.ख २२०५ उक्त कार्यालयमा रा.अ.ख २२८ नम्बरमा दर्ता भई यातायात व्यवस्था कार्यालय, सेतीमा सरूवा सहमति लिई गएको, लु.अ.ख २२०६ उक्त कार्यालयमा रा.अ.ख २२७ नम्बरमा दर्ता भई पुनः यातायात व्यवस्था कार्यालय लुम्बिनीमा सरूवा सहमति लिई गएको, लु.अ.ख २२०७ उक्त कार्यालयमा रा.अ.ख २३० मा दर्ता भई यातायात व्यवस्था कार्यालय सेतीमा सरूवा सहमति लिई गएको, लु.अ.ख २२०८ उक्त कार्यालयमा रा.अ.ख २२९ नम्बरमा दर्ता भई यातायात व्यवस्था कार्यालय सेतीमा सरूवा सहमति लिई गएको उक्त यातायात व्यवस्था कार्यालयबाट प्राप्त कागजातबाट देखिएको र यसरी उक्त यातायात व्यवस्था कार्यालयबाट यातायात व्यवस्था कार्यालय, सेती अञ्चल धनगढी सरूवा सहमति लिई गएका रा.अ.ख २२८, २२९ र २३० नम्बरका सवारी साधनहरूको सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको च.नं.४४४, मिति २०६२।८।२७ गतेको पत्रद्वारा सो यातायात व्यवस्था कार्यालयलाई उक्त सवारी साधनहरूको दर्ता हुँदाको लेजरको प्रमाणित फोटोकपी माग गरिएकोमा उक्त यातायात व्यवस्था कार्यालय सेतीको च.नं.२४८, मिति २०६२।९।५ को पत्रद्वारा उक्त कार्यालयमा से अ ख ३८०, ३८१ र ३८२ नम्बरमा दर्ता भई पुनः मिति २०५७।१।२३ मा यातायात व्यवस्था कार्यालय, लुम्बिनीको लागि सरूवा सहमति लिई गएको प्राप्त लेजरको प्रमाणित फोटोकपीबाट देखिएकोले उक्त से अ ख ३८०, ३८१, ३८२ र रा.अ.ख २२७ नम्बरसमेतका सवारी साधनहरू उक्त यातायात व्यवस्था कार्यालय, लुम्बिनीमा नै दर्ता रही सञ्चालनमा आई रहेका छन् वा छैनन् वा अन्यत्र सरूवा सहमति भई गएका छन् भनी उक्त कार्यालयलाई लेखी पठाइएकोमा लु.अ.ख २२०६ नम्बरको टाटा ट्रक मिति २०५७।१।१२ पछि पुनः यस कार्यालयमा दर्ता भएको रेकर्डमा नदेखिएको साथै से १ ख ३८२ नम्बरको सवारी साधन मिति २०५७।२।१८ मा लु १ ख २६८६ नम्बरमा दर्ता भई हालसम्म सञ्चालन भइरहेको र अन्य से अ ख ३८० र ३८१ नम्बरका सवारी साधनहरू मिति २०५७।१।२३ पछि मौजुदा अभिलेखमा दर्ता रहेको नदेखिएको भन्ने यातायात व्यवस्था कार्यालय, लुम्बिनीको पत्र प्राप्त भई हालसम्म उक्त सवारी साधनहरू राप्ती र सेतीबाट लुम्बिनीका लागि सरूवा सहमति लिई गई उक्त कार्यालयमा दर्ता नभएको अभिलेखबाट देखिएको।

यातायात व्यवस्था कार्यालय, कोशी इटहरीले उक्त एक्काइसवटा सवारी साधनहरू दर्ता गर्दा खडा गरेको सक्कल फायल हेरी उक्त सवारी साधनहरू दरखास्तवाला तुल्सीराम पाण्डेको नाममा नामसारी गर्दा आधार मानिएका कागजातहरू मध्ये हेभी इक्वीपमेन्ट डिभिजन बुटवलले यातायात व्यवस्था कार्यालय, कोशी इटहरी लाई नामसारी गरी दिनेबारे लेखेको पत्र सम्बन्धमा सो पत्रहरू उक्त यातायात व्यवस्था कार्यालयलाई लेखिएको हो, होइन ? कार्यालय प्रति र चलानी किताबको

फोटोकपीसमेत पठाउन अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पत्रद्वारा माग गरिएकोमा उक्त हेभी इक्वीपमेन्ट डिभिजन, बुटवलले उक्त च नं.४९ को पत्र उक्त मितिमा उक्त यातायात व्यवस्था कार्यालयलाई चलानी नभई श्री सडक विभाग, आयोजना निर्देशनालय मीनभवन, काठमाडौंलाई र च.नं.५९ को पत्र उक्त मितिमा उक्त यातायात व्यवस्था कार्यालयलाई चलानी नभई बुटवल नगरपालिका कार्यालय, बुटवल रूपन्देहीलाई चलानी भएको भन्ने जवाफ प्राप्त भएको।

उक्त सवारी साधनहरू नामसारी दर्ता गर्दा आधार मानिएको श्री सडक विभाग यान्त्रिक महाशाखा बबरमहल,काठमाडौंले यातायात व्यवस्था कार्यालय, कोशी इटहरीलाई लेखेको च.नं.१९७, मिति २०५३।५।२५ गतेको पत्र सम्बन्धमा उक्त पत्र के–कुन विषयमा कुन व्यक्तिको नाममा चलानी भएको हो भनी यान्त्रिक महाशाखा बबरमहललाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको च.नं.११६४, मिति २०६२।३।२४ को पत्रद्वारा सोधिएकोमा उक्त महाशाखाको च.नं.५, मिति २०६२।४।३ को पत्रद्वारा उक्त पत्र यातायात व्यवस्था कार्यालय, कोशी अञ्चल इटहरीलाई पठाएको देखिएको भन्ने जवाफ प्राप्त भएको।

उक्त सवारी साधनहरू नामसारी दर्ता गर्दा आधार मानिएको श्री ट्राफिक प्रहरी कार्यालय, रूपन्देही भैरहवाले यातायात व्यवस्था कार्यालय कोशी इटहरीलाई लेखेको च.नं.७० र ८१ मिति २०५३।९।३ र २०५३।९।२६ गतेको पत्र सम्बन्धमा सोधिएकोमा माग भएबमोजिमको कुनै पनि अभिलेखहरू यस कार्यालयमा नभएको भन्ने जवाफ प्राप्त भएको।

उक्त सवारी साधनहरू नामसारी दर्ता गर्दा आधार मानिएको यातायात व्यवस्था कार्यालय, लुम्बिनी अञ्चल, बुटवलले यातायात व्यवस्था कार्यालय, कोशी इटहरीलाई लेखेको च.नं.३०८, मिति २०५३।८।१६ को पत्र सम्बन्धमा सोधिएकोमा यातायात व्यवस्था कार्यालय, कोशी अञ्चल इटहरीलाई प्राविधिक प्रतिवेदन पठाएको देखिएको तर कार्यालय प्रति भने अभिलेखमा रहेको नदेखिएको भन्ने व्यहोराको पत्र प्राप्त भएको।

उक्त विभिन्न पत्रहरूलाई यातायात व्यवस्था कार्यालय, कोशीले आधार मानी मिति २०५३।११।६ मा जिल्ला रूपन्देही कम्हरीया गा.वि.स. वडा नं.२ घर भई हाल ऐ. बुटवल नगरपालिका वडा नं.२ बस्ने लिलाधर पाण्डेको छोरा, तुल्सीराम पाण्डेको नाममा नामसारी दर्ता गरेको देखिएको हुँदा उक्त सवारी साधनहरू दर्ता गर्दा मिति २०५३।११।६ गते खडा गरी सदर गरिएको टिप्पणीमा सही गर्ने निणर्यकर्तादेखि सहायक स्तरसम्मका सम्पूर्ण कर्मचारीहरूको नाम थर यकिन गरी खुलाई पठाउन माग गरिएकोमा तत्कालीन कार्यालय प्रमुख रामप्रसाद सैजुसमेत १९ जना कर्मचारीहरूको संलग्नता हुनसक्ने नामावलीसमेतको विवरण अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा प्राप्त भएको।

उक्त सवारी साधनहरू नामसारी दर्ता गर्दा आधार मानिएको सडक विभाग यान्त्रिक, महाशाखा बबरमहल काठमाडौंले यातायात व्यवस्था कार्यालय, कोशी इटहरीलाई लेखेको च.नं.१९७, मिति २०५३।५।२५ गतेको पत्र सम्बन्धमा सोधिएकोमा उक्त पत्र श्री यातायात व्यवस्था कार्यालय, कोशी अञ्चल इटहरीलाई पठाएको देखिएको उक्त पत्रको प्रमाणित प्रतिलिपीसमेतका अन्य कागजातहरू अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा प्राप्त भएको ।

अनुसन्धानको क्रममा साबिक को.अ.६८७ समेतका जीप पछि नामसारी भई कायम भएको को.अ.च १६४० नम्बरको निजी जीपसमेत १० थान सवारी साधनहरू नामसारी दर्ता गर्ने निर्णय गर्दा खडा गरिएका टिप्पणीसहितका सक्कल कागजातहरू संलग्न सक्कल फायलहरू नपठाएकोले ताकेता गरी

माग गरिएकोमा अत्यन्त गम्भीरताका साथ खोज तलास गर्दासमेत छुट्टै फायल प्राप्त हुन नसकेको भन्ने व्यहोराको पत्र आयोगमा प्राप्त भएको।

अनुसन्धानको क्रममा मिति २०५३।११।०६ गते उक्त २१ वटा सवारी साधनहरू यातायात व्यवस्था कार्यालय, कोशी इटहरीले दरखास्तवाला तुल्सीराम पाण्डेको नाममा नामसारी दर्ता गर्दा आधार मानेका कागजातमध्ये हेभी इक्वीपमेन्ट डिभिजन कार्यालय, बुटवलले अञ्चल यातायात व्यवस्था कायालय कोशी इटहरीलाई लेखेको च.नं.४९ र ५९, को पत्रहरूको सम्बन्धमा आवश्यक परीक्षण गरी प्रतिवेदन दिन तत्कालीन हेभी इक्वीपमेन्ट डिभिजन कार्यालय, बुटवलमा कार्यरत सि.डि.ई राम बिलास चौधरीलाई यस आयोगमा उपस्थित गराई बयानको क्रममा विवादित प्रलेख परीक्षणको लागि आवश्यक नमूना संकलन गरिएको र निज मिति २०५३ सालको विभिन्न मितिमा कार्यालय प्रमुखको हैसियतले हेभी इक्वीपमेन्ट डिभिजनमा कार्यरत रहँदा निजले दस्तखत गरेका विभिन्न पत्रहरू राष्ट्रिय विधि विज्ञान प्रयोगशाला खुमलटार, ललितपुरमा परीक्षणको लागि पठाइएकोमा प्राप्त परीक्षण प्रतिवेदनमा विवादित प्रलेख र संकलित नमूना परीक्षण गर्दा परस्परमा मिल्दैन भनी विशेषज्ञको राय प्राप्त भएको।

अनुसन्धानको क्रममा मिति २०५३।११।०६ गते उक्त २१ वटा सवारी साधनहरू यातायात व्यवस्था कार्यालय कोशी इटहरीले दरखास्तवाला तुल्सीराम पाण्डेको नाममा नामसारी दर्ता गर्दा आधार मानेका कागजातमध्ये सडक विभाग यान्त्रिक महाशाखा बबरमहलले अञ्चल यातायात व्यवस्था कायालय, कोशी इटहरीलाई लेखेको च.नं.१९७, मिति २०५३।५।२५ र सोही यान्त्रिक महाशाखाले सोही यातायात व्यवस्था कार्यालयलाई लेखेको पत्रको बोधार्थमा भन्सार विभाग, त्रिपुरेश्वर लेखी उही च.नं.१९७ र उही मिति २०५३।५।२५ को उस्तै लाग्ने विवादित प्रलेखहरू आवश्यक परीक्षण गर्न उपयुक्त देखी तत्कालीन सडक विभाग यान्त्रिक महाशाखाका सि.डि.ई यादवचन्द्र पोखरेललाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा उपस्थित गराई बयानको क्रममा विवादित प्रलेख परीक्षणको लागि आवश्यक नमूना संकलन गरिएको र निज २०५३ सालको विभिन्न मितिमा सि.डि.ई.को हैसियतले सडक विभाग यान्त्रिक महाशाखा, बबरमहलमा कार्यरत रहँदा निजले दस्तखत गरेका विभिन्न पत्रहरू राष्ट्रिय विधि विज्ञान प्रयोगशाला खुमलटार, ललितपुरमा पठाइएकोमा प्राप्त परीक्षण प्रतिवेदनमा विवादित प्रलेख र संकलित नमूना परीक्षण गर्दा दस्तखतहरू मिल्दैनन् भनी विशेषज्ञको राय प्राप्त भएको।

अनुसन्धानको क्रममा बुझ्नु पर्ने देखिएका तत्कालीन यातायात व्यवस्था कार्यालय कोशी इटहरीमा कार्यरत ना.सु. निवृत्त शाखा अधिकृत सुरेशकुमार पोखरेलको आयोगमा भएको बयानको क्रममा निजले मिति २०५३।११।६ गते दरखास्तवाला तुल्सीराम पाण्डेको नाममा नामसारी भएका को.अ.८३१ समेतका ११ वटा ट्रक र साबिक को.अ.६४७ समेतका १० वटा जीपसमेत गरी जम्मा २१ वटा सवारी साधनहरू नामसारी दर्ता गर्दा खडा गरिएको टिप्पणीमा आफ्नो पनि दस्तखत भएको कार्यालय प्रमुखलगायतले दस्तखत गर्नुस भनी भनेकाले मर्यादा पालन गर्ने सिलसिलामा उक्त कार्य गरेको हुँ भनी स्वीकार गरेकाले अनुसन्धान गर्दै जाँदा तत्काल सङ्कलित सबुद प्रमाणहरूबाट नेपाल सरकारलाई हानि नोक्सानी पुर्‍याएको रू.९७,००,९९५।– मध्ये निजसँग मात्र रू. पाँच लाख बिगो हानि नोक्सानी गरेको देखिएकोले निजसँग धरौट/जमानत माग गरेकोमा जेथा जमानत दाखिला गरेको हुँदा निजलाई साधारण तारेखमा राखी छाडिएको।

अनुसन्धानको क्रममा मिति २०५३।११।०६ गते उक्त २१ वटा सवारी साधनहरू यातायात व्यवस्था

कार्यालय, कोशी इटहरीले दरखास्तवाला तुल्सीराम पाण्डेको नाममा नामसारी दर्ता गर्दा पेस गरिएका कागजातहरू मध्ये निज तुल्सीराम पाण्डेले तत्कालीन निर्माण तथा यातायात सहायक मन्त्री गणेशबहादुर खड्कालाई सम्बोधन गरी दिएको निवेदनमा निज सहायक मन्त्रीले आफ्नो पदीय हैसियतले गरेको सही तथा दस्तखत सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा दिएको बयानको क्रममा अस्पष्टता प्रकट गरेकाले आयोगबाट निजकै दस्तखत र निजले सो मितिको समकालिन समयमा दस्तखत गरेको आवश्यक कागजात सङ्कलन गरी परीक्षण गर्न केन्द्रिय प्रहरी वैज्ञानिक प्रयोगशाला महाराजगञ्जमा पठाइएकोमा प्राप्त परीक्षण प्रतिवेदनमा विवादित प्रलेख र सङ्कलित नमूना परीक्षण गर्दा दस्तखतहरू एउटै व्यक्तिबाट गरिएको हो भनी विशेषज्ञको राय प्राप्त भएको।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट अनुसन्धान भइरहेका उक्त २१ वटा सवारी साधनहरू मध्ये साबिक को.अ.६५१ नम्बर हाल लु.अ.ज ४३२ नम्बरको सवारी साधन मिति २०६३।३।२९ गते पक्राउ परी हाल भन्सार कार्यालय, बेलहिया भैरहवामा रहेको उक्त सवारी साधनको सम्बन्धमा स्थलगत प्राविधिक निरीक्षण गरी प्रतिवेदन दिन आयोगबाट प्राविधिक कर्मचारी खटाई पठाइएकोमा निजले मिति २०६३।५।९ गते दिएको प्राविधिक परीक्षण प्रतिवेदन निम्नानुसार रहेको देखिएकोः

साबिक यातायात व्यवस्था कार्यालय, कोशीमा को.अ.६५१ नम्बरमा दर्ता हुँदाको सवारी दर्ता विवरण

बनेको सालः १९६७
च्यासिस नं. ८१०५ CJ३B५९६०९
इन्जिन नं.६७०१८२९
सिटः चालकसमेत ७ जना
मोडेलः महेन्द्रा एण्ड महेन्द्रा
रंगः हरियो
सिलिण्डरः ४
हर्ष पावरः १६

साबिक को.अ.६५१ हाल लु १ ज ४३२ नम्बरमा दर्ता रहेको उक्त सवारी साधनको प्राविधिक जाँच प्रतिवेदन

च्यासिस नं. ८१०५ CJ३B५९६०९
इन्जिन नं. ६७०१८२९
च्यासिसः माथिल्लो भागमा एकनासले नभई तलमाथि गरी रफ पञ्च भएको साथै अक्षरको Style पनि सानो भएको।
इन्जिनः– ठीक छ ।
सिटः १०,
मोडेलः- कमाण्डर महेन्द्रा एण्ड महेन्द्रा (इण्डियन)
रङ्गः खरानी
सिलिण्डरः ४
सञ्चालनः डिजेल (D.I. Engine)
बडीः सफ्ट टप
गाडीको अवस्थाः जीर्ण भएको।

आजसम्म मैले कुनै पनि गाडीको काम गरेको छैन । म मिति २०६०।६।२८ गतेदेखि थुनामा छु । अन्य व्यक्तिले मलाई प्रलोभनमा पारी म थुनामा परेको छु। विजय कुमार श्रेष्ठ भन्ने व्यक्तिले प्रलोभनमा फसाई सवारीसम्बन्धी कारोबार गराउने गरेको हो । विजय कुमार श्रेष्ठ एक्सिडेन्टमा परी मरिसक्यो। मैले एम.आर. एम. कम्पनीमा कुनै किसिमको सवारी खरिद गरेको छैन । २०५३ सालमा मैले कुनै मन्त्रीलाई निवेदन दिएको छैन। १९८२ मा लिलाम भएको गाडीहरू के कति भन्नेबारे मलाई केही थाहा छैन। कुनै पनि सवारी साधन मेरो नाममा लिलाम भएको पनि छैन र मैले कुनै दरखास्त पनि दिएको छैन। कोशी यातायात व्यवस्था

कार्यालयमा मैले निवेदन दिएको पनि छैन । मेरो सही पनि छैन । फाराममा देखिएको फोटो मेरो हो, सही मेरो छैन । उक्त सवारी विजय कुमार श्रेष्ठले मेरो नाममा नामसारी गराएको हो । सवारी नामसारी गरेबापत ऋणको ब्याज मिनाहा हुन्थ्यो । उक्त गाडीहरू विजय कुमार श्रेष्ठले पहिले नै बेची नामसारीसमेत भइसकेको छ । उक्त सवारीहरू मिति याद भएन लुम्बिनी यातायात कार्यालयमा सरूवा दर्ता भएको हो, हाल कहाँ छन थाहा छैन । उक्त सवारीहरू विजयकुमार श्रेष्ठले आफैँ बेचबिखन गरेको र कुन कुनलाई बेचबिखन गरे तिनको नाम थर थाहा भएन सही छाप गरी दिन भनेको हुँदा सहीछाप गरिदिएको हुँ भन्ने व्यहोराको प्रतिवादी तुल्सीराम पाण्डेले अनुसन्धानमा गरेको बयान ।

म यातायात व्यवस्था कार्यालय, कोशी इटहरीमा २०५२ देखि २०५५ सालसम्म कार्यरत थिएँ । मेरो जिम्मेवारी अन्तर्गत ब्लू बुक नवीकरण, सवारी दर्ता, नामसारी, रूट दर्ता र अन्य अञ्चलहरूबाट सरूवा दर्ताको लागि आउने कार्यहरू पर्दथ्यो । दरखास्तवाला तुल्सीराम पाण्डेले मिति २०५३।११।६ गते एम.आर.एम. इलेक्ट्रिकल डिभिजनको नाममा दर्ता रहेका साबिक सवारी साधन को.अ.८३१ समेतका ११ वटा ट्रक र साबिक को.अ.६४७ समेतका १० वटा जीपसमेत गरी जम्मा २१ वटा सवारी साधनहरू नामसारी गर्दाका अवस्थामा फाँटबाट पेस भई आएको टिप्पणीमा मैले दस्तखत गरेको हुँ र साना १० वटा जीपहरू सवारी दर्ता गर्नेको दरखास्त महलमा मैले कार्यालय प्रमुखबाट भएको निर्णय कार्यान्वयन गरी प्रमाणित गरेको हुँ भनी दुवै सनाखत गरिदिएको छु । फाँटवाला युवराज कोइरालाबाट टिप्पणी पेस भएको हो, तुल्सीराम पाण्डेले नामसारी गर्न पेस गरेका कागजातहरू सबै नै छन् । कुनै पनि सवारी साधन नामसारी गर्ने दरखास्त दिने व्यक्तिले सवारी साथै ल्याउनु पर्ने स्पष्ट व्यवस्था छ । तर पनि त्यसबेला अन्य अञ्चल कार्यालयको प्राविधिकले प्राविधिक जाँच गरी पठाएमा लिलामी सवारीहरूको नामसारी दर्ता गर्ने प्रचलन पनि सबै यातायात व्यवस्था कार्यालयहरूमा थियो । ऐन कानूनको व्यवस्थालाई बाहेक गरी टिप्पणीमा सही गरेको होइन । कार्यालयबाट पत्राचार हुँदा प्राप्त भएको जवाफ र टेलिफोनबाट सम्पर्क गर्दा ठीक छ भन्ने कुराको आधारमा र कार्यालय प्रमुखज्यूबाट निजले पेस गरेका र जवाफ प्राप्त भएका पत्रहरूमा तोक आदेश भई कुनै कैफियत नदेखिए पछि हामीले आधिकारीक नै मानेका हौं । त्यसमा शङ्का गर्ने ठाउँ कतै देखिएन । फाँटवाला र प्राविधिकले आ–आफ्नो कार्य क्षेत्रबाट सम्बन्धित ठाउँमा टेलिफोन गरेर मात्र फायल पेस हुने प्रचलनअनुसार निजहरूले टेलिफोन गरेर ठीक छ भनी टिप्पणीमा दस्तखत गरी पेस गरिसकेपछि मात्र टिप्पणीमा सही गरेको हुँ । २०५३।११।५ गतेको टिप्पणी ना.सु. लालबहादुर बुढाथोकी, खरिदार युवराज कोइरालाले सिनियर अफिसर हरिप्रसाद श्रेष्ठसमक्ष पेस भइसकेपछि उहाँबाट प्रस्तुत टिप्पणीमा राय उल्लेख गरिसकेपछि मात्र मैले पनि सही गरेको हुँ भन्ने व्यहोराको प्रतिवादी रामप्रसाद अर्यालले अनुसन्धानमा गरेको बयान ।

म यातायात व्यवस्था कार्यालय, कोशी इटहरीमा २०५२ देखि २०५४ साल फाल्गुण महिनासम्म कार्यरत थिएँ । मेरो जिम्मेवारीअन्तर्गत सवारीको प्राविधिकले जाँच पास गरिसकेपछि उक्त प्रतिवेदनअनुसार जाँचपासको प्रमाणपत्र दिने, सवारी दर्ता नामसारीको फाँटबाट फायल उठाई आएकोमा हाकिमसमक्ष पेस गर्ने हो दरखास्तवाला तुल्सीराम पाण्डेले मिति २०५३।११।६ गते एम.आर.एम. इलेक्ट्रिकल डिभिजनको नाममा दर्ता रहेका साबिक सवारी साधन को.अ.८३१ समेतका ११ वटा ट्रक र साबिक को.अ.६४७ समेतका १० वटा जीपसमेत गरी जम्मा २१ वटा सवारी साधनहरू मध्ये को.अ.८७० नम्बरको ट्रकबाहेक अन्य २० वटा सवारी तुल्सीराम पाण्डेको नाममा नामसारी गर्न २०५३।११।६ गते

खडा गरेको टिप्पणीमा मैले पनि सहीछाप गरेको हो। १० वटा ट्रकको नामसारी दर्ता गर्दा सवारी दर्ताको महलमा सही निर्णयपश्चात मैले गरेको हो । टिप्पणी उठाउने फाँटवालाको नाम युवराज कोइराला हो। उनी खरिदार पदमा कार्यरत थिए। यातायात कार्यालयमा मभन्दा पुराना कर्मचारीहरू पनि कार्यरत थिए। उनीहरू र हाकिम साहेवसमेत वसी छलफल भएपछि सबैको एउटै राय भएको कारणले गर्दा सबैले दस्तखत गरेको हो। सवारी साधनको नामसारी गर्दा सम्बन्धित सकार्ने व्यक्तिले सम्बन्धित यातायात व्यवस्था कार्यालयमा सवारी तथा यातायात व्यवस्था ऐनमा सवारी साधन ल्याउनु पर्ने प्रावधान भए तापनि सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ लागू भएपश्चात् यातायात व्यवस्था विभाग एवं कार्यालयबाट सम्पन्न गरिनु पर्ने कार्यहरूको कार्यविधि एवं निर्देशिका, २०६० जारी हुनुपूर्व बीचको अवधिमा सवारी दर्ता एवं नामसारी गर्दा जारी गरिएको प्राविधिक प्रतिवेदनको आधारमा समेत सवारी साधन दर्ता तथा नामसारी गर्ने प्रचलन रहेको भनी यातायात व्यवस्था कार्यालय कोशी, धनगढी, वीरगञ्जले यातायात व्यवस्था विभागलाई लेखेको पत्रबाट सवारी साधन प्राविधिक प्रतिवेदनको प्रमाणको आधारमा दर्ता तथा नामसारी गर्ने प्रचलन छ । फाँटबाट सम्पूर्ण प्रमाणको कागजात संलग्न गरी टिप्पणी उठान भई हामी दुई अधिकृतसमक्ष पेस भएको र उक्त पेस भएको टिप्पणीमा हामी दुवै अधिकृतले सही गरी निर्णयको लागि कार्यालय प्रमुखसमक्ष पेस गरेका हौं । सडक विभाग यान्त्रिक महाशाखा, बबरमहल र हेभी इक्वीमेन्ट डिभिजनको पत्र पूर्ण नेपाल सरकारको प्याडमा लेखिएको पत्र र उक्त पत्रमा श्री ५ को सरकार सम्बन्धित डिभिजन सडक कार्यालयको छापसमेत रहेको र कार्यालय प्रमुखसमेतले दस्तखत गरी छापसमेत लगाएको पत्रलाई कहीँ कतैबाट पनि शंका गर्ने ठाउँ नरहेको र नक्कली झुटा भन्न नसकिने भएको र उक्त पत्र सक्कली नै भन्ने सबै कर्मचारीहरूलाई लागेको हुँदा टिप्पणी पेस गरको हो । सबै अङ्ग पुगेको पत्रलाई शङ्का गर्नुपर्ने अवस्था नै थिएन भन्ने व्यहोराको प्रतिवादी हरिप्रसाद श्रेष्ठले अनुसन्धानमा गरेको बयान।

म करिब साढे दुई वर्ष यातायात व्यवस्था कार्यालय, कोशी इटहरीमा कार्यरत थिएँ। म २०५३ साल फाल्गुण महिनामा उक्त कार्यालयमा कार्यरत थिएँ। म निजी शाखाअन्तर्गत मोटरसाइकल फाँटमा कार्यरत थिएँ। सानो सवारी शाखामा रहँदा कहिले काहीँ सहयोगको रूपमा मोटरसाइकलबाहेक निजी शाखाको सानो सवारीमा सहयोग गरिदिने गरेको थिएँ। दरखास्तवाला तुल्सीराम पाण्डेले मिति २०५३।११।६ गते एम.आर.एम. इलेक्ट्रिकल डिभिजनको नाममा दर्ता रहेका साबिक सवारी साधन को.अ.८३१ समेतका ११ वटा ट्रक र साबिक को.अ.६४७ समेतका १० वटा जीपसमेत गरी जम्मा २१ वटा सवारी साधनहरू दर्ता गर्दा खडा गरिएको उक्त टिप्पणी हेर उक्त टिप्पणी खरिदार युवराज कोइरालाले लेखेको हो। यस टिप्पणीमा मेरोसमेत दस्तखत छ । उक्त टिप्पणीमा दस्तखत गर्नु अघि सबै पेस भएका कागजातहरू हेरी सही छन भन्ने मनासयले सही गरेको हो। सवारी नामसारी गर्दा गाडी सम्बन्धित कार्यालयमा ल्याउनुपर्ने ऐनमा व्यवस्था भए तापनि प्राविधिक प्रतिवेदनको आधारमा नामसारी गर्ने प्रचलन रहेको थियो । दरखास्तवाला तुल्सीराम पाण्डेले नामासारी गर्दा पेस भएका कागजातहरू झुटा भन्ने कुरा यस आयोगमा आए पछि मात्र थाहा भयो। मैले सही गर्दा सबै पेस भएका कागजातहरू हेर्दा झुटा जस्तो लागेन सबै कर्मचारीहरू र हाकिम साहेवहरूले छलफल गरी यस नामसारीलाई पारदर्शी, स्वच्छ, बनाउन सबै कर्मचारीहरूले सही गरे राम्रो होला भनेकाले र कागजात पनि सक्कली राम्रै देखिएकोले असल नियत राखी काम फछ्र्यौट गर्न सही गरेको हुँ। दरखास्तवाला तुल्सीराम पाण्डेले सवारी नामसारीको लागि भरेको दरखास्त फाराममा टाँसेको फोटो पेस गर्दा

राम्रै थियो जस्तो लाग्छ । दरखास्त फाराममा रसायन लगाई फोटो उडाउनुपर्ने आवश्यकता देखिँदैन । नामसारी दर्ताको लागि दरखास्त दिने तुल्सीराम पाण्डे दरखास्त दिँदा कार्यालयमा आफैँ आएका थिए जस्तो लाग्छ भन्ने लालबहादुर बुढाथोकीले अनुसन्धानमा गरेको बयान ।

२०५२ सालदेखि २०५३ सालसम्म यातायात व्यवस्था कार्यालय, कोशी इटहरीमा कार्यरत थिएँ । म यातायात व्यवस्था कार्यालय, कोशीमा कार्यरत रहँदा खरिदार पदलाई तोकिएको कार्य विवरण निश्चित नहुँदा कार्यालय प्रमुखले तोकेबमोजिम विभिन्न फाँट कहिले प्रशासन, कहिले सवारी दर्तामा रही प्रमुखको निर्देशनबमोजिम लाए / अह्राएबमोजिमको कार्य गर्ने गरेको थिएँ । दरखास्तवाला तुल्सीराम पाण्डेले मिति २०५३।११।६ गते एम.आर.एम. इलेक्ट्रिकल डिभिजनको नाममा दर्ता रहेका साबिक सवारी साधन को.अ.८३१ समेतका ११ वटा ट्रक र साबिक को.अ.६४७ समेतका १० वटा जीपसमेत गरी जम्मा २१ वटा सवारी साधनहरू दर्ता गर्दा खडा गरिएको उक्त टिप्पणी हेर्दा सो टिप्पणी मैले लेखेको हो र सही पनि मैले गरेको हुँ । कार्यालय प्रमुखज्यूले र अधिकृतज्यूहरूले पेस भएका कागजातहर हेरी बुझी जाँच गरी यस व्यहोराको टिप्पणी उठाउनुस् भनी मलाई भनेको हुँदा मलाई सोसम्बन्धी कागजातहरू हेर्ने जाँच्ने हैसियत अधिकार र म मा सो क्षमतासमेत नभएको भएपनि पेस भएका कागजातहरू सरसर्ति हेर्दा सबै कागजातहरू मिलेकै ठीकै देखी प्रमुखको निर्देशनबमोजिम टिप्पणी उठाई पेस गरेको हुँ । मेरो बुद्धि र विवेकले भ्याएसम्म र मैले जाने बुझेसम्म फायल संलग्न कागजात हेर्दा नामसारीको लागि आवश्यक कागजात पेस गरेको र सवारी दर्ता प्रमाणपत्र नभएको सम्बन्धमा सम्बन्धित ट्राफिक प्रहरीको सिफारिस भएको देखिन्छ । सवारी तथा यातायात व्यवस्था ऐनमा लिलाम सकार गरी नामसारीको लागि आएका सवारीहरू ल्याउनुपर्ने व्यवस्था रहेछ । सो कुरा पहिला मलाई थाहा जानकारी थिएन, सवारी ल्याउन नसकेको अवस्थामा नजिक (सवारी रहेको) यातायात व्यवस्था कार्यालयको प्राविधिकबाट प्राविधिक चेक गराई प्राविधिक विवरण ल्याई नामसारी गर्ने प्रचलन थियो । कुनै पनि नामसारीलगायतको टिप्पणीमा सम्बन्धित फाँटको कर्मचारीले सही गरी तहगत खरिदारबाट ना.सु., शाखा अधिकृत हुँदै निर्णयकर्ताकोमा पेस हुन्छ । पेस भएका कागजातहरूको जाँच पड्ताल र आधिकारीकता बुझ्ने सम्बन्धित कार्यालय प्रमुखहरूको जिम्मेवारी हो कार्यालय प्रमुख तथा अधिकृतज्यूहरूबाट जाँचबुझ भई ठीक भएको भनी टिप्पणी लेख्न अह्राएबमोजिम उल्लिखित पेस भएका कागजातहरूको आधारमा मैले टिप्पणी लेखी पेस गरेको हुँ । उक्त ठूलो सवारी फाँटमा दुई जना ना.सु. भएकोमा उक्त फाँटको फाँट प्रमुख यशोधा खतिवडा भएजस्तो लाग्छ । कार्यालयमा रहेका कागजात दस्तावेज सुरक्षित राख्नुपर्ने कर्तव्य फाँटवालाको हो । यसरी फोटो उडाउने प्रयास कसैले पनि गर्नु हुँदैन । दरखास्त दिने तुल्सीराम पाण्डे दरखास्त दिँदा कार्यालयमा आफैँ आएका थिए भन्ने व्यहोराको युवराज कोइरालाले अनुसन्धानमा गरेको बयान ।

म यातायात व्यवस्था कार्यालय, कोशी इटहरीमा २०४९ देखि २०५६ सालसम्म कार्यरत थिएँ । यस मितिमा भाडाका सवारीको रूट फाँटमा काम गर्दथेँ । कार्यालयमा भएका सबै फाँटमा बसी कार्य गरेको छु । दरखास्तवाला तुल्सीराम पाण्डेले मिति २०५३।११।६ गते एम.आर.एम. इलेक्ट्रिकल डिभिजनको नाममा दर्ता रहेका साबिक सवारी साधन को.अ.८३१ समेतका ११ वटा ट्रक र साबिक को.अ.६४७ समेतका १० वटा जीपसमेत गरी जम्मा २१ वटा सवारी साधनहरू दर्ता गर्न मिति २०५३।११।५ मा भएको टिप्पणीमा सही दस्तखत मसमेतको भएको छ । नामसारीको टिप्पणी उठाई

मलाईसमेत शाखा अधिकृत रामप्रसाद अर्याल र हरिप्रसाद श्रेष्ठको कोठामा बोलाई यो नामसारीको लागि आएका गाडीहरू कागजपत्र पूरा भई आएका हुन यस्तो नामसारीको टिप्पणीमा सबैको सही हुनुपर्छ गर्नुहोस भनेकाले मैले सही गरेको हो । नामसारीका लागि पेस भएका कागजातहरू सबै छन, हामीले हेरिसकेको छौँ भनी शाखा अधिकृतज्यूहरूले भनेको विश्वासमा परी कागजातहरू मैले नहेरी सही छाप गरेको हो । यसमा निज तुल्सीराम पाण्डेले पेस गरेका कागजपत्रहरू मैले पहिले नदेखेको अहिले यहाँ आए कागजपत्र सबै किर्ते भन्ने कुरा थाहा भयो । म तल्लो तहको कर्मचारी भएकोले शाखा अधिकृतज्यूहरूले सबै कागजात ठीक छन् सही गर भनेकाले सही गरेको मात्र हो । म तुल्सीराम पाण्डेलाई चिन्दिन भनी नारदप्रसाद भट्टराईले अनुसन्धानमा गरेको बयान ।

म २०५३ आषाढदेखि २०५३ फाल्गुणसम्म यातायात व्यवस्था कार्यालय, कोशी इटहरीमा कार्यरत थिएँ । उक्त मितिमा कार्यालयमा मैले रूट ईजाजतसम्बन्धी फाँटका काम गरेको थिएँ । रूट ईजाजत शाखामा कार्यरत रहँदा भाडाका बस, मिनीबस, भाडाका ट्रक र भाडाका मिनिट्रकहरूको रूट ईजाजत नवीकरण गर्न र नयाँ बस ट्रकहरूको रूट ईजाजत दिनको लागि अधिकृत कर्मचारीसमक्ष पेस गर्नेसम्मको जिम्मेवारी थियो । दरखास्तवाला तुल्सीराम पाण्डेले मिति २०५३।११।६ गते एम.आर.एम. इलेक्ट्रिकल डिभिजनको नाममा दर्ता रहेका साबिक सवारी साधन को.अ.८३१ समेतका ११ वटा ट्रक र साबिक को.अ. ६४७ समेतका १० वटा जीपसमेत गरी जम्मा २१ वटा सवारी साधनहरू दर्ता गर्दा खडा गरिएको उक्त टिप्पणीको सक्कल प्रति हेरेँ हेर्दा उक्त टिप्पणीमा रहेको दस्तखत मेरो पनि छ । सही गर्नु अगाडी फायलमा संलग्न कागजातहरू ठीक लागेकाले निर्णय प्रक्रियाको लागि अगाडी बढाएकोसम्म हो दरखास्तवाला तुल्सीराम पाण्डेले पेस गरेको सक्कल कागजात पर्याप्त छन् जस्तो लाग्छ । मैले यातायात व्यवस्था कार्यालय कोशीमा छोटो अवधि काम गर्दा एक कार्यालयको प्राविधिक प्रतिवेदनको आधारमा अर्को कार्यालयमा सवारी साधन दर्ता नामसारी गर्ने प्रचलन रहेको थियो । दरखास्तवाला तुल्सीराम पाण्डेले लिलाम सकारेको कागजातलगायत फायलमा संलग्न अन्य कागजातहरू हेर्दा कार्यालयबाट अन्य निकायहरूमा समेत सोधी शाखा अधिकृत, सम्बन्धित फाँटका कर्मचारीलगायत अन्य कर्मचारीहरू समतेले ठीक ठहर गरी निर्णय प्रक्रियामा फायल अगाडी बढेको हो साथै कार्यालय प्रमुखज्यूले कागजातको विषयमा विश्वासनीयता प्राप्त गर्नको लागि अगाडी पनि विभिन्न निकायमा सोध्न लगाएको देखिएको र सम्बन्धित व्यक्तिले कागजात ठीक हुन झुटा ठहरे कानूनबमोजिम सहुँला भनी सनाखत दुई जना शाखा अधिकृतहरूबाट भएकोसमेतका आधारमा मैले कार्यालय प्रमुखज्यूको आदेशानुसार फायल हेरी ठीक ठहर गरी निर्णय प्रक्रियाको लागि अगाडी बढाउनेसम्म गरेको हुँ भनी सूर्यमणि गौतमले अनुसन्धानको क्रममा गरेको बयान ।

म यातायात व्यवस्था कार्यालय, कोशी इटहरीमा २०५१ सालदेखि २०५६ सालसम्म बसेको हुनुपर्छ । म यातायात कार्यालय, इटहरीमा हुँदा मेरो फाँट सानो सवारीको मोटरसाइकल फाँट ठूलो सवारीको रूट फाँट र कार्यालयमा रहेको अरू काम लाएअनुसार गर्ने गरेको हुँ र कुनै बेला पटकेमा समेत काम गरेको हुँ । दरखास्तवाला तुल्सीराम पाण्डेले मिति २०५३।११।६ गते एम.आर.एम. इलेक्ट्रिकल डिभिजनको नाममा दर्ता रहेका साबिक सवारी साधन को.अ.८३१ समेतका ११ वटा ट्रक र साबिक को.अ.६४७ समेतका १० वटा जीपसमेत गरी जम्मा २१ वटा सवारी साधनहरू दर्ता गर्न उठाइएको उक्त फायल हेरी सनाखत गरी दिएको छु । उक्त टिप्पणीमा मेरो पनि दस्तखत छ । टिप्पणी लेख्ने अक्षर खरिदार युवराज कोइरालाको हो जस्तो लाग्यो प्रष्ट भन्न

सकिन । म लाए अह्राएको काम गर्ने निम्न स्तरको कर्मचारी भएको नाताले कार्यालयका प्रमुखबाट भएको आदेश पालना गर्ने मनसायले सही गरेको हो । यसमा मेरो केही स्वार्थ र बदनीयत छैन । लिलामबाट सकार गरी लिएका सवारी साधन नामसारी दर्ता गर्न फाँटबाट उठाएको टिप्पणीमा सबैले सही गर्नुपर्ने कारण के हो मलाई केही थाहा छैन शाखा अधिकृतज्यूहरू रामप्रसाद अर्याल र हरिप्रसाद श्रेष्ठले गर्नु भनेको हुँदा आज्ञा पालना मात्र गरेको हुँ । यसमा अरू मलाई केही थाहा छैन भनी शालीग्राम बजगाइले अनुसन्धानमा गरेको बयान ।

म यातायात व्यवस्था कार्यालय, कोशी इटहरीमा मिति २०५३ सालदेखि २०५५ साल आश्विन महिनासम्म कार्यरत थिएँ । म उक्त कार्यालयमा हेभी इक्वीपमेन्ट डिभिजन कार्यालय, इटहरीबाट काजमा गएको कर्मचारी हुँ र म उक्त अवधिमा कार्यलय प्रमुखको मौखिक आदेशअनुसार लेखा शाखामा गई सहयोग गर्ने भन्ने आदेश भएको थियो र मलाई लिखितरूपमा कुनै फाँट दिइएको थिएन र म लेखामा रहँदा दैनिक राजश्व बैंकमा जम्मा गर्न लाने काम प्रायः गर्दथैँ । मैले त्याहाँ कार्यालयमा रहँदा कुनै पनि मानिसलाई कुनै पनि सवारी नामसारी गर्ने काम गरेको छैन । दरखास्तवाला तुल्सीराम पाण्डेले मिति २०५३।११।६ गते एम.आर. एम. इलेक्ट्रिकल डिभिजनको नाममा दर्ता रहेका साबिक सवारी साधन को.अ.८३१ समेतका ११ वटा ट्रक र साबिक को.अ.६४७ समेतका १० वटा जीपसमेत गरी जम्मा २१ वटा सवारी साधनहरू दर्ता गर्ने समयमा म यातायात व्यवस्था कार्यालय, कोशीको लेखा फाँटमा सहयोगीको रूपमा काम गरिरहेको बेला टिप्पणी उठाउने फाँटवालाले यो विभागबाट आएको काम हो नपत्याए अधिकृतलाई सोध्नुस यसमा सही गर्नु रे भनी लेखा फाँटमा नै सही गर्न ल्याएको कुरा मलाई थाहा छ र नजिकैको फाँटमा अधिकृत हरिकुमार श्रेष्ठलाई सोध्दा गर्नु होस छिटो भनी भन्दा सबैले गरेको देखी मेरो पनि उक्त टिप्पणीमा सही पर्न गएको हो र यसमा सबैले सही गरेको हुँदा र अधिकृतले पनि गर्नुपर्छ भनी भन्दा आदेशको पालना मात्र गरेको हुँ । उक्त टिप्पणी उठाउने व्यक्ति को हुन थाहा छैन तर खरिदार युवराज कोइरालाले उक्त टिप्पणी लेखा शाखामा ल्याई यहाँ सही गर्नु रे भनेको मात्र थाहा छ । माथिबाट (विभागबाट) पठाएको काम हो । सबैले छिटो छिटो गरी पठाई दिनुपर्छ भनी शाखा अधिकृतहरूले छिटो गर्नुस भनी आफूभन्दा माथिल्लो तहको हाकिमले भनेको कुरा र सबै कर्मचारीले गरेको देखेर मात्र सही नै काम होला भनी सही गरेको हुँ । सम्पूर्ण कागजात हेर्ने बुझ्ने सत्य तथ्य र किर्ते भन्ने कुरा हाकिम, अधिकृत र सम्बन्धित फाँटवालाले बुझ्ने काम हो भन्ने व्यहोराको रामप्रसाद आचार्यले अनुसन्धानमा गरेको बयान ।

म यातायात व्यवस्था कार्यालय, कोशी इटहरीमा मिति २०५३ साल फाल्गुण महिनामा कार्यरत थिएँ । मेरो जिम्मेवारी सानो सवारी टेम्पो, ट्याक्ट्रर, पावर टेलर र भाडाका जीप हेर्ने शाखामा कार्यरत थिएँ । साथै संस्थानका सवारीसमेत हेर्ने गरेको थिएँ । सवारी दर्ता गर्नुपर्दा सवारी धनी उपस्थित हुनुपर्ने, सवारी ल्याउनुपर्ने, कर बुझाएको रसिद, सवारी धनीको फोटो, प्राविधिक प्रतिवेदन, नागरिकता इत्यादीसमेत पेस गर्नुपर्दछ । भन्सार छुटाई आएको भए भन्सार प्रज्ञापनपत्र, रसिद तथा सहमति भई आएको भए सहमति पत्रसमेत पेस गर्नुपर्दछ । दरखास्तवाला तुल्सीराम पाण्डेले मिति २०५३।११।६ गते एम.आर. एम. इलेक्ट्रिकल डिभिजनको नाममा दर्ता रहेका साबिक सवारी साधन को.अ.८३१ समेतका ११ वटा ट्रक र साबिक को.अ.६४७ समेतका १० वटा जीपसमेत गरी जम्मा २१ वटा सवारी साधनहरू दर्ता गर्ने समयमा खडा गरेको सो टिप्पणी त्यस कार्यालयका खरिदार युवराज कोइरालाले लेखेको हो । सो टिप्पणीमा मेरो इनिसियल सही छ । म यस सवारी दर्ता गर्ने शाखासँग सम्बन्धित कर्मचारी

होइन। मलाई सानो भाडाको सवारी र टेम्पो, टयाक्ट्रर, पावर टेलर र भाडाका जीप, कार हेर्ने भनी तोकिएको थियो। दरखास्तवाला तुल्सीराम पाण्डेलाई म चिन्दिन निजले नामसारीका लागि पेस गरेका कागजातहरू सम्बन्धित शाखाबाट तयार गरी टिप्पणी तत्कालीन शाखा अधिकृतज्यूले सही गर्न लगाउनु भएको हो । आफूभन्दा माथिल्लो अधिकृतज्यूहरूबाट यो टिप्पणी प्रक्रिया पूरा भई सबै कागजात ठीक छ सही गर्नुस भनी मौखिक आदेश दिनुभएको र सो टिप्पणीमा प्रायः सबै जसो साथीहरूको दस्तखत भइसकेको देखिएकोले मैले पनि त्यसमा सहीछाप गरिदिएको हुँ। कागज ठीक वा बेठिक छुट्याउने काम सम्बन्धित शाखाको जस्तो लाग्दछ । दर्ता तथा नामसारी गर्दा सम्बन्धित व्यक्तिले सवारी नामसारी गर्ने कार्यालयमा ल्याउनु पर्ने हो । तर प्रचलित नियमअनुसार त्यस बखत सवारी चेक जाँच गर्ने भनी तोकिएका प्राविधिक कर्मचारीले सवारीका सम्बन्धमा दिएको प्राविधिक प्रतिवेदनको आधारमा दर्ता नामसारी गर्ने गरेको र यस प्रकार अन्य सवारीको काम पनि हुने गरेको थियो । म भडाको साना सवारी शाखामा काम काज गर्ने गरी तोकिएको कर्मचारी हुँ । मलाई अन्य शाखाहरूमा के काम भइरहेको छ, त्यो सरोकारको विषय पनि होइन। तर यो नामसारी गर्नेसम्बन्धी विषयमा तत्कालीन शाखा अधिकृतज्यूहरूबाट मेरो शाखामा ल्याई सबैले सही छाप गरेको र लामो समयदेखि अनुसन्धान गरी नामसारी गर्न कुनै कठिनाई नभएको हुँदा तपाईंलाई सही गराउन ल्याएको र म लाए अह्याएको काम गर्ने कर्मचारी भएको टिप्पणीबाहेक अन्य कहीँ कतै मलाई सही गराएको छैन । टिप्पणी हेर्दा मैले ईनिसियल सहीमात्र गरेको छु। यसभन्दा मलाई केही अवगत छैन भनी कपिलप्रसाद रेग्मीले अनुसन्धानमा गरेको बयान।

म यातायात व्यवस्था कार्यालय, कोशी इटहरीमा मिति २०५३ साल मङ्सिरदेखि २०५४ भाद्र महिनासम्म कार्यरत थिएँ। म त्यहाँ कार्यरत रहँदा चलानी र साना सवारी भाडाका टेम्पो, टयाक्सी, दर्ता नवीकरण गर्ने फाँटका ना.सु.को सहयोगी भई काम गर्ने गर्दथेँ। चिठी दर्ता चलानी गर्नुको साथै रूट परमिटको लागि र ब्लू बुक नवीकरणको लागि पेस भएका र नवीकरण दस्तुर बुझाई आए पछि रेकर्डमा चढाउने र अन्य यो यो काम गर्नु भनी फाँट प्रमुखले अह्रायएको काम गर्दथेँ । दरखास्तवाला तुल्सीराम पाण्डेले मिति २०५३।११।६ गते एम.आर.एम. इलेक्ट्रिकल डिभिजनको नाममा दर्ता रहेका साबिक सवारी साधन को.अ.८३१ समेतका ११ वटा ट्रक र साबिक को.अ.६४७ समेतका १० वटा जीपसमेत गरी जम्मा २१ वटा सवारी साधनहरू दर्ता गर्ने समयमा खडा गरेको सो टिप्पणी मैले लेखेको होइन, दस्तखत मेरै हो । टिप्पणीमा संलग्न रहेका कागजात मैले यस अगाडी हेरेको छैन। मैले टिप्पणी खडा गरेको होइन। म यो टिप्पणी उठाइएको दिनमा कार्यालयमा उपस्थित छैन । म घरको आवश्यक कामले घर बिदामा गएको थिएँ। कार्यालयमा बिदा सकि हाजिर भए पछि शाखा अधिकृत हरिप्रसाद श्रेष्ठले तपाइँको सही छुटेको छ, सही गर्नुस् भनी भन्नुभयो, म सानो पदमा कार्यरत कर्मचारी अरूको सहीसमेत देखेपछि अरू कुनै विचारै नगरी सही गर्नुपर्ने रहेछ भन्ने सोची सही गरेको हुँ। म खरिदार पदमा कार्यरत थिएँ । मभन्दा माथि ना.सु., शाखा अधिकृत र उपसचिव पदका मभन्दा माथिका कर्मचारीहरू हुनुहुन्थ्यो । आफू माथिका कर्मचारीले अह्राएपछि नाई नास्ती र अविश्वास गर्ने कुरा भएन सही गर्न भन्नु भए पछि मैले मिति र कागजात हेरी सही गर्नुपर्ने रहेछ भनेर सोझो मनले सोचेँ र सही गरेँ यसमा मेरो कुनै स्वार्थ छैन । लिलामबाट सकार गरी लिएको सवारी साधन नामसारी दर्ता गर्न खडा गरिएको टिप्पणीमा दस्तखत सबै कर्मचारीले गर्नुपर्ने कारण मलाई थाहा छैन मैले कार्यालय प्रमुख र आफू माथिका कर्मचारीले अह्राएअनुसार गर्नु अनुशासन पालन गर्ने क्रममा मात्र गरेको हुँ र दरखास्तवाला तुल्सीराम पाण्डेले पेस गरेको

कागजातहरूको आधिकारीकता बुझ्ने काम कार्यालय प्रमुख र सम्बन्धित फाँटका कर्मचारीहरूको हो भनी तुल्सीराम पाण्डेले अनुसन्धानमा गरेको बयान।

म यातायात व्यवस्था कार्यालय, कोशी इटहरीमा मिति २०५३ साल फाल्गुण महिनाको ५ गतेको समकालीन समयमा कार्यरत थिएँ । म त्यो अवधिमा दर्ता चलानी र कार्यालय प्रमुखले लाए अह्राएको फाँटमा काम गर्ने गर्थें । दरखास्तवाला तुल्सीराम पाण्डेले मिति २०५३।११।६ गते एम.आर. एम. इलेक्ट्रिकल डिभिजनको नाममा दर्ता रहेका साबिक सवारी साधन को.अ.८३१ समेतका ११ वटा ट्रक र साबिक को.अ.६४७ समेतका १० वटा जीपसमेत गरी जम्मा २१ वटा सवारी साधनहरू दर्ता गर्दा खडा गरेको टिप्पणीमा उक्त मानिसले पेस गरेका कागजातहरू र कार्यालय प्रमुख शाखा अधिकृत सम्बन्धित फाँटका फाँट प्रमुखहरूले उक्त कागजातहरू हेरी टिप्पणी तयार गरी लिलाम लिने व्यक्तिको नाममा नामसारी हुन्छ हुँदैन, हुन्छ भने सही गर टिप्पणी हेरी भनेकाले मैले सही गरेको हुँ । उक्त टिप्पणी पढी सो टिप्पणीमा लेखिएअनुसार हक हस्तान्तरण गर्ने सम्बन्धमा नामसारी हुन सक्ने र निजले पेस गरेका कागज संलग्न रहेका कागजातहरू सही किर्ते भन्ने चाहीँ छुट्याउन हामीभन्दा माथिकाले बुझ्नु पर्ने सो चाहीँ थाहा भएन। लिलाम सकार गरेका सवारीहरू दर्ता गर्दा सवारी कार्यालयमा ल्याउनुपर्ने, समान अर्को कार्यालयको प्राविधिकबाट जाँच गरेर प्रतिवेदन ल्याएर दर्ता गर्ने प्रचलन पनि छ। कुनै पनि सवारी साधन नामसारी गर्दा खेरी केही टिप्पणी उठाएर केही टिप्पणी नउठाई पनि गर्ने र यसमा धेरै र सरकारी प्रक्रियाअन्तर्गत भएकाले उक्त टिप्पणीमा कार्यालय प्रमुखहरूको आदेशमा सही छाप गरेको हो । दरखास्तवाला तुल्सीराम पाण्डेले सवारी नामसारीको लागि गरेको दरखास्त फारममा टाँसेको उक्त फोटो कसरी त्यस्तो भएको हो थाहा हुन सकेन र म उक्त तुल्सीराम भन्ने मान्छेलाई चिन्दिन भनी हेमन्त खतिवडाले अनुसन्धानमा गरेको बयान।

म यातायात व्यवस्था कार्यालय, कोशी इटहरीमा मिति २०५२ साल माघदेखि २०५७ साल मङ्सिर महिनासम्म कार्यरत थिएँ । म उक्त कार्यालयमा कार्यरत रहँदा लेखा समुहको कर्मचारी भएकोले लेखा शाखामा कार्यरत थिएँ। मेरो जिम्मेवारी राजश्वको रसिद काट्ने, असुली राजश्व बैंक जम्मा गर्ने, राजश्वको फाँटवारी तयार गर्ने, कर्मचारीको मासिक तलब भत्ता वितरण गर्ने र आफूभन्दा माथिल्लो दर्जाले लगाए अह्राएको काम काज गर्ने गर्दथेँ । साथै लेखापालको सहायक भएर काम काज गर्ने गर्दथेँ। सवारी धनीले राजश्व बुझाउन आउँदा सवारी दर्ता नामसारी निवेदनमा प्रमुखबाट तोक आदेश भई आए पछि सोही नामसारी दर्ता निवेदनको आधारमा राजश्व लिने गरेको थियो । दरखास्तवाला तुल्सीराम पाण्डेले मिति २०५३।११।६ गते एम.आर.एम. इलेक्ट्रिकल डिभिजनको नाममा दर्ता रहेका साबिक सवारी साधन को.अ.८३१ समेतका ११ वटा ट्रक र साबिक को.अ.६४७ समेतका १० वटा जीपसमेत गरी जम्मा २१ वटा सवारी साधनहरू दर्ता गर्दा सवालमा सोधनी भएबमोजिम २०५३।११।५ मा यातायात व्यवस्था कार्यालय कोशीमा उठाएको टिप्पणीमा भएको सही छाप मेरो हो। कुनै पनि व्यक्तिले लिलाम सकार गरी लिएका सवारी साधनहरूको नामसारी दर्ता गर्दा खडा हुने टिप्पणीमा सवारीको अवस्था जाँच गर्ने प्राविधिक कर्मचारी, फाँटवाला, सम्बन्धित फाँटका अधिकृत कर्मचारीहरू र कार्यालय प्रमुखबाट सही हुनुपर्ने हो । यसमा सरोकारवालाबाहेकका कर्मचारी मसमेतले सो टिप्पणीमा सही गर्नुका कारणमा शाखा अधिकृत कर्मचारीले सही गर्नुस भनी भनेको हुँदा सही गरिदिएको हुँ। यातायात व्यवस्था कार्यालयमा दर्ता नामसारी हुने सवारीमा लेखाशाखाको कर्मचारीले सही गर्ने नगरेको तर यसमा खरिदार युवराज कोइरालाले तयार गरेको टिप्पणीमा शाखा अधिकृतले सही गरिदिनुहोस भनी

भनेको हुँदा आज्ञापालनको लागि सही गरेको हो म तुल्सीराम पाण्डेलाई चिन्दिन भनी बाबुराम ढकालले अनुसन्धानमा गरेको बयान।

म यातायात व्यवस्था कार्यालय, कोशी इटहरीमा मिति २०५२।९।११ देखि २०५५।६।३० सम्म रही काम गरेको हुँ । म लेखापाल भएकोले मेरो जिम्मा लेखा फाँट थियोँ । लेखामा दुई जना थियौं । मेरो मुख्य काम को.ले.नि.का.बाट निकासा लिने र कर्मचारीहरूको मासिक तलब भत्ता भुक्तानी दिने जस्ता कार्य थिएँ । मलाई जहाँसम्म लाग्छ मैले लेखाको कामबाहेक कार्यालय प्रमुखले निर्णय गरेको श्रेस्ताअनुसार सम्बन्धित पाटीबाट राजश्व लिई राजश्वको भौचर दाखिला गरेको हुँ । दरखास्तवाला तुल्सीराम पाण्डेले मिति २०५३।११।६ गते एम.आर. एम. इलेक्ट्रिकल डिभिजनको नाममा दर्ता रहेका साबिक सवारी साधन को.अ.८३१ समेतका ११ वटा ट्रक र साबिक को.अ.६४७ समेतका १० वटा जीपसमेत गरी जम्मा २१ वटा सवारी साधनहरू दर्ता गर्दा सवालमा सोधनी भएबमोजिम २०५३।११।५ मा यातायात व्यवस्था कार्यालय, कोशीमा उठाएको टिप्पणीमा भएको सही मेरो हो । दरखास्तवाला तुल्सीराम पाण्डेको नाममा सवारी साधन नामसारी गर्न तत्काल पेस भएका सबै कागजातहरूको विस्तृत रूपले यकिन गर्नुपर्नेमा कार्यालय प्रमुख, शाखा अधिकृत र सम्बन्धित प्राविधिकहरूबाट पूर्णरूपले नभए जस्तो लाग्छ म सिर्फ लेखा शाखाको सहायक कर्मचारी भएकोले उक्त यकिन गर्ने मेरो क्षेत्र थिएन अहिले अनुसन्धानबाट उक्त लिलामी कागजात किर्ते ठहर भएको भन्ने बुझिएकोले वैधानिक प्रक्रियामा त्रुटि भएको देखिन्छ । तुल्सीराम पाण्डे मेरो जान पहिचान बाहिरको भएकाले म उसलाई चिन्दिन भनी जिवनाथ नेपालले अनुसन्धानमा गरेको बयान।

म मिति २०५० देखि २०५५ सम्म हेभी इक्वीपमेन्ट डिभिजन कार्यालय, बुटवलमा कार्यरत थिएँ। हेभी इक्वीपमेन्ट डिभिजनले आफ्नो क्षेत्रअन्तर्गत रहेको हेभी इक्वीपमेन्ट तथा सवारी साधनहरूको मर्मत गरी सडक विभागअन्तर्गत रहेका सिभिल डिभिजन सडक कार्यालयहरू लाई विभागीय काममा उपलब्ध गराउने तथा खाली भएको बेला भाडामा उपलब्ध गराई उठेको भाडा राजश्व दाखिला गर्ने हो । सडक विभागअन्तर्गत महेन्द्र राजमार्ग ईलेक्ट्रीकल डिभिजन भएको भनी मेरो जानकारीमा नरहेको । आयोगबाट मलाई हेभी इक्वीपमेन्ट डिभिजन, बुटवलको च.नं.४९, मिति २०५३।९।८ को सवारी नामसारी गरिदिने भन्ने विषयको पत्रद्वारा अञ्चल यातायात व्यवस्था कार्यालय, इटहरी कोशीलाई लेखेको पत्र र सोही कार्यालयले यातायात व्यवस्था कार्यालय, कोशीलाई लेखेको च.नं. ५९ र मिति २०५३।९।२३ को पत्रको सक्कलै प्रति देखाउँदा मैले हेरेँ र उक्त पत्रहरूमा गरेको दस्तखत मैले गरेको छैन। उक्त पत्रमा उल्लेख भएका गाडीहरूको बारेमा मलाई केही जानकारी पनि छैन। उक्त दस्तखत मेरो नाममा कोही अरूले गरेको व्यहोरा अनुरोध छ । हेभी इक्वीपमेन्ट डिभिजनबाट आफ्नो स्वामित्वमा रहेको सवारी साधन लिलाम बिक्री गरेमा पत्र नामसारीको लागि सिफारिस गर्ने गरेको हो तर माथि पत्रमा उल्लिखित गाडीहरू हेभी इक्वीपमेन्ट डिभिजनसँग सम्बन्धित गाडी नै नभएकोले त्यसको लागि हेभी इक्वीपमेन्ट डिभिजनबाट सिफारिस नभएको व्यहोरा अनुरोध छ। त्यस बेलामा मैले पठाउने पत्रहरूको लेटरप्याड र छाप हेर्दा उक्त लेटरप्याड र नक्कली दस्तखत गरेको प्याडमा केही फरक पनि देखिएको छ । साथै कार्यालयको छापमा पनि केही अन्तर देखिन्छ । मेरो जानकारीअनुसार म त्यहाँ कार्यरत रहँदा हेभी इक्वीपमेन्ट डिभिजन, बुटवलमा निवेदक तुल्सीराम पाण्डेले उल्लिखित गाडी नामसारी गर्नको लागि कुनै निवेदन नदिएको र उल्लिखित उक्त २१ वटा गाडीहरू बारे मलाई कुनै जानकारी नभएको व्यहोरा अनुरोध छ । झुट्टा कागजात तयार गरी नयां

नम्बरको लागि सिफारिस बनाएको हुन सक्छ भनी राम प्रसाद चैधरीले अनुसन्धानमा गरेको बयान कागज ।

म मिति २०५३ सालमा सडक विभाग यान्त्रिक महाशाखामा कार्यरत थिएँ। मेरो काम शाखाका इक्वीपमेन्ट, प्रोक्यूरमेन्ट, सामान्य प्रशासन र आईपर्ने छिटफुट कामहरू हाकिमको आदेशअनुसार गर्थें। एम.आर.एम. महेन्द्र राजमार्ग एउटा भारतीय कम्पनी हो। यसले महेन्द्र राजमार्ग निर्माणमा विभिन्न सेक्टरको ठेक्का पाएको र सम्पन्न गरेको व्यहोरा मोटामोटी जानकारी छ। ठेकेदारले Vehicle and Equipment ल्याउँदा भन्सार महशुल धरौटी राखी ल्याइन्छ, अथवा पाटीको गुडवीलमा रिर्टन कमिटमन्टमा आयात गर्न दिने चलन भए जस्तो लाग्छ। तर पूर्ण विवरण थाहा छैन। दरखास्तवाला तुल्सीराम पाण्डेले मिति २०५३।११।६ गते एम.आर.एम. इलेक्ट्रिकल डिभिजनको नाममा दर्ता भएका साबिक सवारी साधन को.अ.८३१ समेतका ११ वटा ट्रक र साबिक को.अ.६४७ समेतका १० वटा जीपसमेत गरी जम्मा २१ वटा सवारी साधनहरू सन् १६।०८।१९८२ मा लिलाम सकार गरेको हुँदा नामसारी गरिपाउँ भनी यातायात व्यवस्था कार्यालय, कोशी इटहरीमा निवेदन दिई दर्ता हुनु पूर्व यातायात व्यवस्था कार्यालय, कोशीको च.नं.१७९, मिति २०५३।५।१८ को पत्रद्वारा सडक विभाग यान्त्रिक महाशाखा बबरमहलसँग माग गरिएको पत्रको जवाफ दिएको च.नं.१९७, मिति २०५३।५।२५ को पत्रमा रहेको दस्तखत हाकिमको आदेशअनुसार मैले नै गरेको ठीक हो। तर कोशी अञ्चल यतयात कार्यालयबाट प्राप्त भएको फायलमा रहेको च.नं.१९७, मिति मिति २०५३।५।२५ को पत्रमा गरेको दस्तखत मेरो हुँदै होइन। त्यो नक्कल गर्ने प्रयाश मात्र हो। तुल्सीराम पाण्डेको भन्सार छुटसम्बन्धी निवेदन उपरको कारवाहीको सिलसिलामा मिति २०५३।३।४ च.नं.१४८ को पत्रमा मेरो राय प्रष्टरूपले लेखिएको निवेदन गर्छु। यो निवेदन एम.आर.एम. सँग सम्बन्धित भएकोले सोही निकायमा सम्पर्क एवं कारवाही हुनुपर्ने भनी लेखेको छु । तर मेरो रायलाई बेवास्ता गरी मिति २०५३।३।२७ को सहायक मन्त्रीज्यूको निजी सचिवालयबाट च.नं.३६२ बाट म.नि.,उ.म.नि.,हरूबाट समेत पत्र लेख्ने दबाब परेको हुँदा (सक्कल) पत्र लेख्ने काम भएको व्यहोरा अनुरोध छ। निजहरूको दस्तखत आदेश पत्रमा प्रष्ट छन्। मेरो राय उपरोक्त व्यहोराको मिति २०५३।३।४ को फायलको पत्रमा एम.आर.एम. बाटै कारवाही हुनुपर्ने भनी लेखिसकेको छु। मैले बाध्य भएर तोक आदेशअनुसार मात्र गरेको हुँ। जवाफदेही उहाँहरूले नै लिनुपर्ने भनी यादव चन्द्र पोखरेलले अनुसन्धानमा गरेको बयान।

म यातायात व्यवस्था कार्यालय, कोशी इटहरीमा मिति २०५३ साल फाल्गुण महिनासम्म कार्यरत थिएँ । उक्त कार्यालयमा रहँदा भाडाका सवारीमा बसेर पनि कार्य गरेको र निजी सवारी फाँटमा बसेर पनि कार्य गरेको थिएँ। निजी शाखामा म सुरेश कुमार पोखरेल र लालबहादुर बुढाथोकीले फाँटवाला भई फाँट सञ्चालन गरेको र भाडातर्फ यशोदा खतिवडा र सूर्यमणी गौतमबाट सञ्चालन भएको थियो । दरखास्तवाला तुल्सीराम पाण्डेले मिति २०५३।११।६ गते एम.आर.एम. इलेक्ट्रिकल डिभिजनको नाममा दर्ता रहेका साबिक सवारी साधन को.अ.८३१ समेतका ११ वटा ट्रक र साबिक को.अ.६४७ समेतका १० वटा जीपसमेत गरी जम्मा २१ वटा सवारी साधनहरूको दर्ता नामसारी हुन पेस गरेको हस्तलिपी खरिदार युवराज कोइरालाले लेखी पेस गरेको देखिन्छ। सक्कलै प्रति टिप्पणी हेरेँ टिप्पणीको तल सुरेश भनेको सहीछाप मैले पनि गरेको देखेँ म लोक सेवा दिनलाई बिदामा बसेकाले सो सम्बन्धमा सम्पूर्ण जानकारी मलाई थाहा भएन। खरिदार युवराज कोइरालाले लेखेको टिप्पणीमा शाखा अधिकृतज्यूहरू सहितले सही गरिसकेको देखेकाले मैले टिप्पणी हेर्दा सबै व्यहोरा दर्ता नामसारीको पूरा भएको उल्लेख भएको देखी बिदामा बसेको भए पनि

कार्यालय प्रमुखज्यूले बोलाएकाले सही गरेको हुँ । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २२ मा सवारी दर्ता तथा नामसारी गर्दा साथै ल्याउनु पर्ने उल्लोख भएको देखिन्छ तर सवारी बिग्रेको अवस्था हुँदा नजिकको यातायात व्यवस्था कार्यालयका प्रमुखलाई पनि अधिकारप्राप्त अधिकारी हुने हुँदा सो मनसाय दफा ३७ मा उल्लेख भएको छ। कार्यालय प्रमुखज्यूले बिदा बसेको बेलामा बोलाएर यस्तो कार्य गर्ने भयौं सबै कर्मचारी मेरो परिवार हुन् प्रमाण पुगेको देख्नुहुन्छ भने सही गर्नुस् भनेकाले अनुशासनमा रहनको लागि सहीछाप गरेको हो भनी सुरेश कुमार पोखरेलले अनुसन्धानमा गरेको बयान।

म मिति २०५३ सालमा ट्राफिक प्रहरी कार्यालयमा कार्यरत थिएँ । म उक्त कार्यालयमा कार्यरत रहँदा आफ्ना विभागीय अर्डर आदेश र निती निर्देशानुसार ट्राफिक आगमन नियन्त्रण र विभागीय अर्डरअनुसार डिउटी काम गर्दथ्यौं । ट्राफिक प्रहरी कार्यालय, भैरहवामा मिति २०५३।९।३ मा कोशी अञ्चल यातायात व्यवस्था कार्यालय, इटहरीमा गरिएको सिफारिस सम्बन्धमा हराएको हुँदा यस कार्यालयमा कारवाहीमा नरहेको भन्ने सिफारिस निवेदन परेका ट्राफिक प्रहरी कार्यालयले दिने गरेको हुँदा मैले पनि यस कार्यालयमा कारवाहीको लागि नरहेको भन्ने सिफारिस गरेकोमा सम्बन्धित व्यक्ति वा यातायात व्यवस्था कार्यालयले गलत प्रयोजन गरी के गरेको छ त्यो मलाई थाहा भएन उक्त मिति र च.नं. को हराएको भनी निवेदन परेकोमा मैले उक्त नम्बरका सवारी धनी प्रमाणपत्र यस कार्यालयमा कारवाहीमा नराखिएको भन्ने सिफारिस मात्र गरेको हो । निजले अन्य कुन प्रयोजनमा लगी उक्त च.नं.७०, मिति २०५३।९।३ गतेको पत्र दुरूपयोग गरेको हो मलाई थाहा छैन । त्यस्तै, च.नं.८१, मिति २०५३।९।२६ को पत्रको सिफारिस सम्बन्धमा निजले हराएको भनी प्रतिलिपीको लागि सिफारिस पाउँ भनी निवेदन दिएको हुँदा निवेदकको मागअनुसार प्रतिलिपी दिन यातायात व्यवस्था कार्यालयलाई लेखि दिएको मात्र हो सही दस्तखत मेरै भए तापनि दर्ता प्रयोजनको लागि नभई प्रतिलिपी दिन मात्र सिफारिस गरेको हो। निवेदक तुल्सीराम पाण्डेले उक्त कम्पनीका सवारी दर्ता प्रमाणपत्र हराएको भनी निवेदन दिएको हुँदा एउटै निवेदनमा दिएकोले त्यसभन्दा पहिला पहिला पनि निवेदन परेमा ट्राफिक प्रहरीले आफ्नो कार्यालयमा कारवाहीको लागि रहे नरहेको हेरी बुझी पछि सो कार्यालयमा कारवाहीमा नरहेको भए कारवाहीमा नरहेको भन्ने पहिलादेखि नै गरी आएको हुँदा नरहेको जानकारी गराइएको मात्र हो। निजहरूले उक्तपत्रलाई कहाँ लगी के विषयमा प्रयोग गरे मलाई थाहा भएन भनी दानबहादुर सापकोटाले अनुसन्धानमा गरेको बयान।

म २०५२ साल मङ्सिरदेखि २०५३।११।१५ गतेसम्म निर्माण तथा यातायात सहायक मन्त्री थिएँ । जिल्ला रूपन्देही बुटवल नगरपालिका वडा नं.८ वस्ते तुल्सीराम पाण्डेले मिति २०५३।३।१९ गते दिएको निवेदनमा म सहायक मन्त्री हुँदा मैले कुनै खराब नियत राखी निवेदनमा तोक आदेश लगाएको होइन । थुप्रै मानिसहरूसँग सम्पर्क हुने मन्त्रालय भएको हुँदा को कहाँबाट कसरी आउथे निवेदनमा तोक आदेश लिएर जान्थे कहीँ कतैबाट र केही समस्या आउँदैनथ्यो । मन्त्रीले तोक आदेश गरिदिएको निवेदन माथि कानून नियमले मिल्छ मिल्दैन, यातायात व्यवस्था विभागको महानिर्देशकले कार्यान्वयन गर्ने कुरा हो । मलाई एम.आर.एम. पूर्व पश्चिम राजमार्गको बारेमा केही थाहा छैन, त्यस्तै निवेदक तुल्सीराम पाण्डेले मिति २०५३।४।२३ गते भन्सार छुट गराई पाउँ भन्ने व्यहोराको निवेदनउपर म तुल्सीराम पाण्डेलाई चिन्दै नचिन्ने मानिसलाई कसरी तोक आदेश गरे होला मलाई तिथि मितिको याद भएन मलाई संसद् जान हतार भएको बेलामा फरक पर्न गयो होला। मेरो यसमा कुनै नियत खराब राखी मैले तोक

आदेश गरे भएको होइन । तोक लगाइएको च.नं.२६, मिति २०५३।४।२५ को पत्र र च.नं.३४५, मिति २०५३।५।१९ को निवेदनको बारेमा एउटा निवेदनको बारेमा मात्र मलाई याद रहेको छ, दोस्रो निवेदनको मलाई जानकारी नै छैन । निजको नियत खराब वा ठगी गर्ने व्यहोराको मानिस भएकै कारण मन्त्रालय आई झुक्याउने प्रवृत्तिको नियत राखी आएको हुन सक्छ भनी गणेशवहादुर खड्काले अनुसन्धानमा गरेको बयान ।

म यातायात व्यवस्था कार्यालय, कोशी इटहरीमा मिति २०५१।२।१ देखि २०५४।३।३० सम्म कार्यरत थिएँ । उक्त कार्यालयमा कार्यरत रहँदा टाइप र दर्ता चालनीको काम गर्ने गर्थें मेरो अरू कुनै फाँट थिएन । दरखास्तवाला तुल्सीराम पाण्डेले मिति २०५३।११।६ गते एम.आर.एम. इलेक्ट्रिकल डिभिजनको नाममा दर्ता रहेका साबिक सवारी साधन को.अ.८३१ समेतका ११ वटा ट्रक र साबिक को.अ.६४७ समेतका १० वटा जीपसमेत गरी जम्मा २१ वटा सवारी साधनहरू दर्ता गर्दा सवालमा सोधनी भएबमोजिम २०५३।११।५ मा यातायात व्यवस्था कार्यालय, कोशीमा उठाएको टिप्पणी लेख्ने व्यक्ति खरिदार युवराज कोइराला हो । उक्त टिप्पणीमा मेरो सही छ । म टाइपिष्ट पदको कर्मचारी दर्ता चलानी गर्ने गर्थें । हाकिम र शाखा अधिकृतले सही गर्नुपर्छ भन्ने आदेश भएको छ गर्नुपर्छ भनेर मलाई पनि त्यस टिप्पणीमा सही गराएको रहेछ, यो कुरा आयोगमा आएर मात्र थाहा भयो । टिप्पणी भन्ने चिजनै थाहा नभएको व्यक्तिलाई सही गराएको रहेछ । यो नेपाली कागजको टिप्पणी नभई लेटर प्याडमा टिप्पणी लेखी झुक्याई मलाई सही गराएका थिए । टिप्पणीमा सही गर्नु अघि कुनै पनि कागजात हेरेको पनि थिइन । म सम्बन्धित फाँटवाला पनि नभएको हुँदा मलाई झुक्याई सही गराएको हो अरू कुरा मलाई केही पनि थाहा छैन भन्ने संगिता आचार्यले अनुसन्धानमा गरेको बयान ।

म गाडीसम्बन्धी कारोबार गर्दिन मैले २०५४।४।१० मा तुल्सीराम पाण्डेसँग लु. अ च ८५७ नम्बरको जीप खरिद गरेको थिएँ र पछि २०५५।३।१ मा गोविन्दबहादुर कार्कीलाई बेचेको हुँ र निज तुल्सीरामसँग किनेको लु.अ.च ८८२ नम्बरको जीप २०५४।११।४ मा किनेको थिएँ । हालसम्म उक्त गाडी मेरै नाममा रहेको छ । उक्त लु.अ.च ८८२ नम्बरको जीप रू. तीन लाखमा किनेको हो । गाडी किनेको एकादुई महिना मै चल्न नसक्ने अवस्था भई बिग्रेको र बनाएर सञ्चालन गर्न प्रयास गर्दासमेत असम्भव देखिएकाले सोही समयदेखि हामीले बनाएनौं । हाल उक्त गाडी सडी नष्ट भएको र प्रयोगसमेत भएको छैन । गाडी सडिगली नष्ट भएपछि दर्ता खारेज गर्नुपर्ने प्रक्रिया पूरा गर्न ढिलाई भएको हो । त्यस प्रति गल्ति महसुस गर्दै अब यहाँबाट फर्केको बीस दिनभित्र कानूनी प्रक्रिया पूरा गरी गाडीको लगत कट्टा तथा दर्ता खारेज गरी आयोगलाई जानकारी गराउने छु भन्ने प्रतिक्षा राणाले अनुसन्धानमा गरेको बयान ।

मैले गाडीसम्बन्धी कुनै कारोबार गरेको छैन । मसँग लु १ ख २१३५ लगायतका गाडी छन् । मैले लु १ ख २१५३ नम्बरको ट्रक तुल्सीराम पाण्डेबाट खरिद गरेको हो । सो गाडी मैले २०५४।३।२० मा रू. दुई लाख पचास हजारमा खरिद गरेको हो । उक्त सवारी साधन जीर्ण अवस्थामा काम नलाग्ने भएकोले कवाडीलाई बेचेको हो । सो साधन मैले कवाडीलाई अन्दाजी ३ वर्ष अगाडी बेचेको हो र सो गाडी मैले ६० हजारमा बेचेको हो, मैले सो गाडीको लगत कट्टा गरेको छैन । दर्ता खारेजलगायतको प्रक्रियाको बारेमा उचित जानकारी भएन र लापरवाही पनि भयो । कवाडमा बेची सकेको मसँग कुनै आधार छैन म अख्तियारबाट घर फर्के पछि पन्ध्र दिनभित्रमा यातायात व्यवस्था कार्यालय लुम्बिनीमा गई दर्ता खारेजलगायतका काम गरी आयोगलाई जानकारी दिनेछु भन्ने अशोककुमार गुप्ताले अनुसन्धानमा गरेको बयान ।

म गाडीको खरिद बिक्रीसम्बन्धी कारोबार गर्दिन । मेरो नाममा एउटामात्र सवारी साधन लु.अ.ख २०९६ नम्बरको भाडा ट्रक दर्ता भएको छ। मैले उक्त गाडी तुल्सीराम पाण्डेसँग खरिद गरेको थिएँ। तुल्सीराम पाण्डेले मैले पच्चीस वटा गाडी कोशी यातायात व्यवस्था कार्यालयबाट किन्दै छु, तपाइँ पनि एउटा लिनुस भनी भनेको र मबाटसमेत पचास हजार रूपैयाँ लगेको हो। उक्त गाडी मैले २०५३ साल फागुन २० गते किनेको थिएँ। उक्त गाडी हाल मसँग छैन। निजले पचास हजारबाहेक अरू रूपैयाँ थप दुई लाख दिएपछि गाडी दिने भनेको र पछि गाडी नै नदिएको हुँदा निज तुल्सीराम पाण्डेले नै राखेको थियो। उक्त गाडी नामसारी भने मेरो नाममा भएको हो। नामसारी भएपछि गाडी लिन पटक–पटक गएको तर निजले उल्टै धम्क्याई गाडी नदिई पठाएका थिए। हाल उक्त गाडी कहाँ कसले प्रयोग गरेको छ थाहा छैन। गाडी पछि ल्याई दिन्छु भनी फकाई झुक्याई फोटो र नागरिकताको फोटोकपी लगी दर्ता गरिदिएको हो भन्ने मनसुर अलि तेली मुसलमानले अनुसन्धानमा गरेको बयान।

म गाडीसम्बन्धी कारोबार गर्दिन। मेरो नाममा लु १ ज ४१४ नम्बरको भाडा जीप मात्र छ। मैले उक्त गाडी रमेश पौडेल शंकरनगर–९ रूपन्देही बस्नेसँग २०५६।५।६ मा किनेको हो। मैले उक्त गाडी पाँच लाख असी हजारमा किनेको हो। गाडी बिग्रिएर नचलाई ग्यारेजमा छ। एक हप्ता अगाडीदेखि बिग्रिएर ग्यारेज लिएको छ। सम्बन्धित यातायात व्यवस्था कार्यालयबाट नवीकरण रूट परमिट, जाँचपासलगायतका सम्पूर्ण प्रक्रिया पूरा गरी राखेको छु। उक्त गाडी कोहलपुर रूटमा चलिरहेको छ भन्ने हस्तवहादुर सिंहले अनुसन्धानमा गरेको बयान।

मैले गाडी खरिद बिक्री गरेको थिएन। कृषि विकास बैंकको जागिर छाडेपछि आफूलाई केही हुन्छ की भनी लु १ ज ४३२ नम्बरको गाडी किनेको छु। मैले किनेको गाडी महेन्द्रा एण्ड महेन्द्रा हो, यो गाडी परासी भैरहवा र परासी सुनवल मानिस ओसार पसार गर्नको लागि लिएको हो उक्त गाडी तीन लाख एकचालिस हजारमा खरिद गरेको हो, हाल सो गाडी घरमा नै सुरक्षित राखेको छु। २०६२ साल आश्विन महिनामा नवीकरण गराउन जाँदा रोक्का गरेको हो त्यस पहिला सधैं यातायात कार्यालयमा नवीकरण हुँदै आएको थियो। हाल उक्त गाडी मेरो नाममा छ, सोको सम्पूर्ण कागजात मसँग नै छ, आयोगलाई आवश्यक परेमा तुरून्त पेस गर्न सक्ने छु। आयोगको अनुसन्धानमा रहेको गाडी लु १ ज ४३२ नम्बरको जीप सम्बन्धित निकायमा बुझाउन मञ्जुर छु भन्ने पर्शुराम चौधरीले अनुसन्धानमा गरेको बयान।

मैले २०५६।१०।२१ मा प्रेम गौचन बुटवल नगरपालिका–६ रूपन्देहीबाट लु १ ख २१५३ नम्बरको टाटा ट्रक किनेको हो। त्यस बाहेक अरू कारोबार गरेको छैन। मैले लु १ ख २१५३ नम्बरको गाडी ढुवानी भाडा गर्न भनी खरिद गरी लिएको तर उक्त टाटा ट्रक धेरै पुरानो र थोत्रो भएकोले सञ्चालन गर्न नसक्दा जिल्ला कपिलवस्तु, बहादुरगञ्ज बजार बस्ने रामचन्दन जयसवाललाई बिक्री गरी ५ वर्ष अघि नै दिएको हो निजले चलाए नचलाएको थाहा छैन, तर नामसारी नभएको कारण पैसा नदिएकोले हो। मैले उक्त गाडी दुई लाख पचास हजार रूपैयाँमा किनेको हो, उक्त गाडी मेरो नाममा दर्ता भए तापनि मैले बिक्री गरी बैना लिई दिएका व्यक्ति रामचन्दन जयसवाललाई नै सम्पूर्ण कागजात दिएको, नवीकरण गराए नगराएको मलाई थाहा छैन भनी गणेशकुमार भुसालले अनुसन्धानमा गरेको बयान।

म गाडीसम्बन्धी कुनै कारोबार गर्दिन। मेरो नाउँमा नेपाल अधिराज्यमा दर्ता भएका गाडीमा मैले चढेर हिड्ने एउटा जीप हो, अरू गाडी मलाई जानकारी नदिई मेरो फोटो र नागरिकताको फोटोकपी मागेर मेरो नाउँमा मलाई थाहै नदिई ५(पाँच) वटा ट्रक दर्ता भएको

कुरा पछि मैले थाहा पाएको हो । उक्त पाँच वटा गाडी मेरो नाममा दर्ता भएपनि ती गाडीको नम्बर मलाई थाहा छैन कहाँ दर्ता भएको हो त्यो पनि थाहा छैन । कोसँग किनेको त्यो पनि थाहा छैन किनकी यसमा मेरो संलग्नता नभएको हुँदा मलाई थाहा नभएको हो । यातायात व्यवस्था कार्यालय, लुम्बिनीमा मेरो नाममा दर्ता भएका लु.अ.ख २२०५, २२०६, २२०७ र २२०८ नम्बरका गाडीहरू दयाराम यादवले दाई तपाइँको फोटो र नागरिकताको फोटोकपी दिनुस, तपाइँसँग सापट लिएको रकम म एक दुई महिनाभित्र दिन्छु त्यस कारण सो पैसाबापत मैले ट्रक तपाइँका नाममा राखी दिन्छु भनी राखी दिएकोले सो बारेमा मलाई केही थाहा भएन । मेरो नाउँमा उसले दर्ता गराई दिएको र लुम्बिनीबाट कहाँ कहाँ लिएर गएर दर्ता गरे त्यस बारे मलाई केही थाहा छैन । हालसम्म मेरो नाममा दर्तामा रहेको देखिएका से. १ ख ३८० र ३८१ नम्बरको ट्रकहरू कहाँ छन् मलाई केही थाहा छैन भन्ने भोलानाथ पन्थले अनुसन्धानमा गरेको बयान।

मेरो बुबा मिति २०५६।१२।१९ मा गाडी एक्सिडेण्ट र आमाको कालगतिले २०५९।१२।२ मा मृत्यु भइसकेको छ। मृत्यु दर्ताको प्रमाणपत्र अलग अलग दुई थानसमेत पेस गरेको छु । मेरो बुबाको छोराहरूमा म जेठो राकेश श्रेष्ठ हो र नजिकको हकवाला मै हो । मलाई गाडी सम्बन्धमा केही थाहा भएन तर बुबाको नाममा लु १ ज ४६४ नम्बरको जीप दर्ता भएको थाहा पाएको थिएँ। पछि सो गाडी बुबाले के गर्नु भयो मलाई थाहा भएन । गाडी नभएको भएर गाडीको कुनै कुरा थाहा भएन। गाडीको बारेमा केही थाहा नभएको भएर हामीले दर्ता खारेज नगरेको हो भन्ने राकेश श्रेष्ठले अनुसन्धानमा गरेको बयान।

मेरो नाममा रा. १ ख २२७ नम्बरबाहेक अन्य कुनै सवारी साधन दर्ता भएको छैन। उक्त गाडी मैले पक्ला गा.वि.स. वडा नं.९ प्यूठान बस्ने खुमलाल पोखरेलसँग एक लाख पचास हजार रूपैयाँमा किनेको हुँ । हाल उक्त गाडी छैन कवाडको हिसाबमा मैले बिक्री गरिसकेँ । उक्त गाडीको सवारी दर्ता प्रमाणपत्र मात्र मसँग छ, अरू कर तिरेको कागज रूट परमिट छैन, उक्त गाडीको दर्ता खारेजलगायतका काम समय अन्तरको कारणले गर्दा नमिलेर नगरेको हो अब गर्नेछु भनी टिकाराम सुवेदीले अनुसन्धानमा गरेको बयान।

मैले यातायात व्यवस्था कार्यालय, लुम्बिनीबाट लु १ ख २१४४ नम्बरको सवारी साधन दर्ता गरी किनेको हो। उक्त गाडी मिति २०५७।१।२२ मा बिनोदबहादुर बलालसँग रू. पाँच लाखमा किनेको हो । हाल उक्त गाडी दुर्घटना भई जीर्ण अवस्थामा छ। आर्थिक स्थिति कमजोर भएको हुनाले दर्ता खारेज गर्न नसकेको हो भनी लालप्रसाद गुप्ताले अनुसन्धानमा गरेको बयान।

यातायात व्यवस्था कार्यालय, कोशी इटहरीमा मिति २०५३।११।६ गते नामसारी दर्ता हुन आएका उक्त २१ वटा सवारी साधनहरू तुल्सीराम पाण्डेको नाममा नामसारी हुनुपूर्व यातायात व्यवस्था कार्यालय कोशीमा नै २०२४।०२६ सालको विभिन्न मितिमा एक्जुकेटिभ इन्जिनियरिङ इलेक्ट्रोनिक डिभिजन पूर्व पश्चिम राजमार्ग विराटनगर, एक्जुकेटिभ इन्जिनियरिङ महेन्द्र राजमार्ग इलेक्ट्रोनिक डिभिजन नं.१ इटहरी, एक्जुकेटिभ इन्जिनियरिङ विद्युत् महेन्द्र राजमार्ग, एक्जुकेटिभ इन्जिनियरिङ महेन्द्र राजमार्ग इटहरी सिविरको नाममा साबिक को.अ.८३१ समेतका ११ वटा टाटा ट्रकहरू र को.अ.६४७ समेतका १० वटा महेन्द्रा जीपहरू दर्ता रहेको भन्ने उक्त कार्यालयबाट प्राप्त पत्र र लेजर (ढड्डा) को प्रमाणित फोटोकपीबाट देखिन आएको हुँदा उक्त २१ वटा सवारी साधनहरू निज तुल्सीराम पाण्डेको नाममा नामसारी हुन पूर्व उक्त कम्पनीको नाममा दर्ता रहेको पुष्टि हुन आएको छ।

यसरी MRM ELECTRICAL DIVISION कम्पनीको नाममा यातायात व्यवस्था कार्यालय, कोशी, इटहरीमा दर्ता रहेका साबिकका २१ वटा

सवारी साधनहरू जिल्ला रूपन्देही, कम्हरीया गा.वि.स.वडा नं.२ वस्ने तुल्सीराम पाण्डेले उक्त कम्पनीबाट सन् १०/९/१९८२, १८/८/८२ मा लिलाम सकार गरेको हो भन्ने अलग–अलग पत्र पेस गरी मिति २०५३।३।१९ र मिति २०५३।४।२३ मा तत्कालीन निर्माण तथा यातायात सहायक मन्त्री गणेशबहादुर खड्कालाई सम्बोधन गरी छुट्टाछुट्टै निवेदन दिएको र निज सहायक मन्त्रीले निवेदकको मागअनुसार "आवश्यक कारवाही गरिदिने" भनी तोक लगाई सम्बन्धित यतयात व्यवस्था कार्यालय कोशी, इटहरीमा पठाएको र निवेदकको मागअनुसार उक्त कार्यालयले रेकर्ड उतार गरी तत्कालीन निर्माण तथा यातायात व्यवस्था मन्त्रालय, बबरमहल, काठमाडौंमा पठाएको, त्यस्तै यातायात व्यवस्था कार्यालय, कोशीले उक्त एक्जुकेटिभ इन्जिनियरिङ इलेक्ट्रोनिक डिभिजन पूर्व पश्चिम राजमार्ग विराटनगरको नाममा दर्ता रहेका उक्त २१ वटा सवारी साधनहरू सरकारी वा तात्कालीन श्री ५ को सरकारको स्वामित्वमा रहेका हुन, वा होइनन् ? भनी सडक विभाग, यान्त्रिक महाशाखा बबरमहल, काठमाडौंलाई सोधी पठाएको र उक्त विभागले "उक्त सवारी साधनहरू पूर्ण सरकारी सवारी साधन भएको देखिएको" भनी लेखी पठाएको, "उक्त सवारी साधनहरू बुटवल र भैरहवाको ग्यारेजमा बिग्रेको अवस्थामा रहेकाले नामसारी दर्ता गर्न इटहरी लैजान नसक्ने" भनी यातायात व्यवस्था कार्यालय, लुम्बिनीले प्रमाणित गरिदिएको प्राविधिक प्रतिवेदन, हेभी इक्वीपमेन्ट डिभिजन, बुटवलको नामसारी गरिदिने बारेको अलग–अलग पत्र, ट्राफिक प्रहरी कार्यालय भैरहवाको "प्रमाणित गरिएको छ" भन्ने विभिन्न मितिको अलग–अलग पत्रसमेत पेस गरी सम्बन्धित सकार्नेवाला तुल्सीराम पाण्डेसमेतको कवुलियतनामाको कागज गराई उक्त कागजातहरूलाई आधारमानी मिति २०५३।११।०५ गते उक्त यातायात व्यवस्था कार्यालय कोशी, इटहरीबाट उक्त २१ वटा सवारी साधनहरूको टिप्पणी खडागरी को.अ.८७० नम्बरको ट्रकबाहेक २० वटा सवारी साधनहरू मिति २०५३।११।०६ गते र को.अ.८७० नम्बरको ट्रक मिति २०५३।१२।२७ गते निज तुल्सीराम पाण्डेको नाममा नामसारी दर्ता भएको पुष्टि हुन आएको छ।

तर उक्त कम्पनीबाट लिलाम सकार गरेको थिएँ भनी कागजात पेस गर्ने निज तुल्सीराम पाण्डेले यस आयोगमा दिएको आफ्नो बयानको क्रममा एक्जुकेटिभ इन्जिनियरिङ इलेक्ट्रोनिक डिभिजन पूर्व पश्चिम राजमार्ग, विराटनगरको बारेमा केही थाहा नभएको भनी खुलाउनु, एम.आर.एम. कम्पनीबाट सन् १६।८।८२ मा साबिक को.अ.६४७ समेतका १० वटा महेन्द्रा एण्ड महेन्द्रा जीप र को.अ.८३१ समेतका ११ वटा टाटा ट्रकहरू समेत गरी २१ वटा सवारी साधनहरू लिलाम सकार गरेको पनि छैन र मैले कुनै दरखास्त पनि दिएको छैन, उक्त सवारी विजय कुमार श्रेष्ठले मेरो नाममा नामसारी गराएको हो भनी लेखिदिएको देखिँदा त्यत्रो संख्याको सवारी साधन कुनै तेस्रो पक्षले निजको नाममा राखि दियो / दर्ता गरी दियोभन्दा पत्यार गर्न सक्ने अवस्था देखिँदैन । अर्कोतर्फ निज तुल्सीराम पाण्डेले उक्त सवारी साधनहरू आफूले लिलाम सकार नगरेको तथा खरिदसमेत नगरेको भनी बयान दिएता पनि उक्त यातायात व्यवस्था कार्यालयमा दर्ता गर्दाको अवस्थामा पेस गरेको कागजात, सवारी दर्ता प्रमाणपत्र दरखास्त फारम, कार्यालयको अभिलेखको रूपमा रहेको ढड्डा (लेजर) मा समेत निज तुल्सीराम पाण्डेको फोटो टाँस गरिएको र नागरिकताको प्रतिलिपीसमेत संलग्न रहेको देखिँदा निजको नाममा उक्त सवारी साधनहरू दर्ता भएको पुष्टि हुन आउँछ।

त्यस्तै निजले उक्त सवारी साधनहरू सन् १६।८।८२ मा लिलाम सकार गरेको थिएँ भनी निवेदन दिइसकेपछि निजले सवारी तथा यातायात व्यवस्था ऐन, नियमअनुसार सकार गरिसकेको तत्काल १५ दिनभित्र आवश्यक कागजातसहित सम्बन्धित

यातायात व्यवस्था कार्यालय, कोशी इटहरीमा गई कानूनतः नामसारी गर्नुपर्ने हो तर निज तुल्सीराम पाण्डेले सोअनुसारको कानूनी प्रक्रिया एवं रीत पूरा गरी नामसारी गरेको देखिँदैन । बरू उल्टो निजले सकार गरेको भनिएको लगभग १५ वर्ष पछाडि, सिधै सम्बन्धित यातायात व्यवस्था कार्यालय कोशी, इटहरीमा गई प्रक्रियागतरूपमा नामसारी गर्नुपर्नेमा सो नगरी मिति २०५३।३।१९ गते बदनीयतपूर्वक घुमाउरो बाटोको प्रयोग गरी तत्कालीन निर्माण तथा यातायात सहायक मन्त्रीसमक्ष निवेदन दिई निजको तोक आदेशबाट उक्त २१ वटा सवारी साधनहरूको अभिलेख मगाई निज सहायक मन्त्रीबाट नै भन्सार छुट गराई नामसारी गराई पाउँ भन्ने निवेदनमा तोक लगाई, सडक विभाग यान्त्रिक महाशाखा, बबरमहलबाट उक्त २१ वटा सवारी साधनहरू पूर्ण सरकारी सवारी साधनहरू हुन भन्ने व्यहोराको झुट्ठा किर्ते पत्र बनाई, हेभी इक्वीपमेन्ट डिभिजन बुटवलको नामसारी गरिदिने बारेको अलग–अलग झुट्ठा किर्ते पत्र बनाई, ट्राफिक प्रहरी कार्यालय, भैरहवाको प्रमाणित गरिएको छ भन्ने व्यहोराको पत्र र यातायात व्यवस्था कार्यालय, लुम्बिनीको सवारी विवरण प्रमाणित गरिएको भन्ने प्राविधिक प्रतिवेदन पेस गरी मिति २०५३।११।६ गते यातायात व्यवस्था कार्यालय, कोशी इटहरीमा नामसारी गरिदिन भनी निवेदन दिई नभए / नगरेको झुट्ठा कागजात बनाई पेस गरी निजको नाममा मिति २०५३।११।६ गते यातायात व्यवस्था कार्यालय, कोशी, इटहरीमा नामसारी भएको देखिन्छ। यसरी उक्त सवारी साधनहरू निजको नाममा नामसारी दर्ता हुँदा सवारी तथा यातायात व्यवस्था ऐनअनुसार नामसारी दर्ताको लागि नामसारी गरिने सम्बन्धित सवारी साधन नामसारी दर्ता हुने यातायात व्यवस्था कार्यालयमा ल्याउनै पर्ने कानूनी व्यवस्थाविपरीत सवारी साधन ल्याउँदै नल्याई यातायात व्यवस्था कार्यालय, लुम्बिनीको प्राविधिक जाँच प्रतिवेदनलाई आधारमानी सवारी साधन दर्ताको प्रमाणपत्र र सवारी साधनको कर तिरेको निस्सासमेत पेस नहुँदा नहुँदै निज तुल्सीराम पाण्डेको नाममा उक्त सवारी साधन नामसारी दर्ता भएको पुष्टि हुन आएको छ।

त्यस्तै उक्त २१ वटा सवारी साधनहरू निज तुल्सीराम पाण्डेको नाममा नामसारी दर्ता गर्दा मिति २०५३।११।५ मा खडा गरी मिति २०५३।११।६ गते र मिति २०५३।१२।२७ गते सदर भएको टिप्पणी आदेशमा यातायात व्यवस्था कार्यालय कोशी, इटहरीका तत्कालीन कार्यरत कर्मचारीहरू कार्यालय प्रमुख रामप्रसाद सैजु, शाखा अधिकृतहरू हरिप्रसाद श्रेष्ठ र रामप्रसाद अर्याल, ना.सु.हरू सुरेशकुमार पोखरेल, कपील रेग्मी, लालबहादुर बुढाथोकी, श्रीमती यशोधा खतिवडा, टा.ना.सु. श्रीमती संगीता आचार्य, लेखापाल जीवनाथ नेपाल, मे.सु. प्रमोदकुमार चौधरी, ना.सु. सूर्यमणी गौतम एवं खरिदारहरू रामप्रसाद आचार्य, शालिग्राम बजगांई, नारदप्रसाद भट्टराई, हेमन्त खतिवडा, युवराज कोइराला, बाबुराम ढकाल, तुल्सीराम पाण्डेसमेत १८ जना कर्मचारीहरूले सही दस्तखत गरेको देखिन्छ। निजहरू १८ जनामध्ये यस आयोगबाट अनुसन्धानको क्रममा निजहरूको घर / ठेगानामा तदारूकताका साथ खोजतलास गर्दासमेत फेला नपरी गोरखापत्र राष्ट्रिय दैनीकमा ३०(तीस) दिने सूचना जारी गर्दासमेत आयोगमा बयानलगायत अन्य अनुसन्धान प्रयोजनको लागि उपस्थित नभई हालसम्म फरार नै रहेका तत्कालीन कार्यालय प्रमुख रामप्रसाद सैजु र मे.सु. प्रमोदकुमार चौधरीबाहेक अन्य १६ जना कर्मचारीहरू मध्ये तत्कालीन शाखा अधिकृत रामप्रसाद अर्यालले आफ्नो बयानमा मिति २०५३ साल फाल्गुण ६ गते तुल्सीराम पाण्डेको नाममा दर्ता भएका सवारी साधनहरू नामसारी गर्दाका अवस्थामा खडा गरिएको टिप्पणीमा भएको सही मेरो हो प्राविधिक सुपरभाइजर र ठूला सवारी शाखा र साना सवारी शाखाका फाँटवाला कर्मचारीहरूबाट प्रक्रिया पूरा

गरी पेस गरेको हुँदा प्रक्रिया पूरा गरेर नै दर्ता गरेको हुँ भनी साबित भएको, शाखा अधिकृत हरिप्रसाद श्रेष्ठले आफ्नो बयानमा उक्त टिप्पणीमा भएको सही दस्तखत मेरै हो, प्रक्रियागतरूपमा कागजात पूरा भएकाले दर्ता गरेको हुँ भनी स्वीकार गरेको, तत्कालीन ना.सु.सुरेश कुमार पोखरेलले उक्त टिप्पणीको तल सुरेश भन्ने सहीछाप मैले पनि गरेको देखेँ, कार्यालय प्रमुखज्यूले लाए अह्राएको काम गर्ने सिलसिलामा सो दस्तखत गरेको हुँ भनी स्वीकार गरेको, ना.सु. सूर्यमणी गौतम, ना.सु. कपिलप्रसाद रेग्मी, लेखापाल जीवनाथ नेपालले आफ्नो टिप्पणीमा भएको सही दस्तखत आफ्नै हो, शाखा अधिकृत, कार्यालय प्रमुखज्यूसमेतबाट सही गर्न निर्देशन भएकोले सही दस्तखत गरिएको हो भनी स्वीकार गरेको, तत्कालीन अवस्थामा ठूला सवारी दर्ता शाखामा कार्यरत ना.सु. श्रीमती यशोधा खतिवडा र खरिदार युवराज कोइरालाले आफ्नो बयानको क्रममा उक्त सवारी साधनहरू प्रक्रिया पूरा गरेर नै दर्ता गरेको हो, निवेदकले पेस गरेका कागजात जाँची बुझी नै दर्ता गरिएको हो, झुट्ठा पत्र हुन भन्ने थाहा भएन, टिप्पणी, नामसारी दर्ता फारम, कार्यालयको अभिलेखको रूपमा रहेको ढड्डा (लेजर) मा भएको सही तथा दस्तखत आफ्नै भएको भनी स्वीकार गरी सनाखत गरेको, तत्कालीन अवस्थामा साना सवारी दर्ता शाखामा कार्यरत ना.सु. लालबहादुर बुढाथोकी र खरिदार नारदप्रसाद भट्टराईले आफ्नो बयानमा टिप्पणीमा भएको सही तथा दस्तखत मेरै हो, शाखा अधिकृत, कार्यालय प्रमुखले टिप्पणीमा सही गर्नुस् भनी भनेकाले सही गरेको हो, कागजपत्र झुट्ठा तथा किर्ते हुन भन्ने थाहा भएन, साना सवारी दर्ता गरेको ढड्डा (लेजर) मा भएको सही मेरै हो भनी सनाखत गरेको र अन्य कर्मचारीहरू टा.ना.सु. श्रीमती संगीता आचार्य, सहायक लेखापाल बाबुराम ढकाल, खरिदार शालिग्राम बजगाई, खरिदार रामप्रसाद आचार्य, खरिदार हेमन्तकुमार खतिवडा र सो मितिमा बिदामा बसेका कर्मचारीहरू ना.सु. सूर्यमणी गौतम, ना.सु. शुरेसकुमार पोखरेल र खरिदार तुल्सीराम पाण्डेसमेतले आफ्नो बयानमा उक्त टिप्पणीमा भएको सही तथा दस्तखत आफ्नो हो, कार्यालय प्रमुख र शाखा अधिकृतहरूले सही तथा दस्तखत गर्नु भनी निर्देशन भएकोले आदेश पालना गर्ने क्रममा सही तथा दस्तखत गरेको हो भनी स्वीकार गरी साबित भएको र दर्ता गर्ने यातायात व्यवस्था कार्यालय कोशी, इटहरीमा रहेको उक्त कर्मचारीहरूको उक्त मिति र सोको समकालिन समयमा हाजिरी अभिलेखमा भएको दस्तखत झिकाई भिडान गर्दासमेत मिलेको देखिँदा उपरोक्त सम्पूर्ण कर्मचारीहरूले सो २१ वटा सवारी साधनहरू दर्ता गर्न खडा गरिएको टिप्पणीमा सही गरेको पुष्टि हुन आएको छ।

त्यस्तै उक्त २१ वटा सवारी साधनहरू आफ्नो नाममा नामसारी गर्न दरखास्तवाला तुल्सीराम पाण्डेले पेस गरेका कागजातहरू मध्ये हेभी ईक्वीमपेन्ट डिभिजन, कार्यालय, बुटवलको च.नं.४९, ५९, मिति २०५३।९।८, २०५३।९।२३ गतेको पत्रद्वारा सवारी नामसारी गरिदिने भनी यातायात व्यवस्था कार्यालय, कोशी इटहरीलाई लेखेको अलग–अलग पत्रमा कार्यालय प्रमुखको हैसियतले दस्तखत गर्ने तत्कालीन सि.डि.ई. रामबिलास चौधरी, सडक विभाग यान्त्रिक महाशाखा, बबरमहल, काठमाडौंको च.नं.१९७, मिति २०५३।५।२५ गतेको पत्रद्वारा खुलाई पठाइएको बारे भनी यातायात व्यवस्था कार्यालय कोशी, इटहरीलाई लेखेको पत्रमा सि.डि.ई.को हैसियतले दस्तखत गर्ने निवृत्त सि.डि.ई. यादवचन्द्र पोखरेल, ट्राफिक प्रहरी कार्यालय, भैरहवाको च.नं.७० र ८१, मिति २०५३।९।३ र २०५३।९।२६ को अलग–अलग पत्रमा प्रमाणित गरी सिफारिस गरिएको छ भनी यातायात व्यवस्था कार्यालय कोशी, इटहरीलाई लेखेको पत्रमा जिम्मेवार अधिकृतको हैसियतले दस्तखत गर्ने निवृत्त प्र.स.नि. दानबहादुर सापकोटासमेतलाई यस आयोगमा अनुसन्धानको क्रममा झिकाई बयान लिइँदा

सि.डि.ई. रामबिलास चौधरीले उक्त पत्रहरूमा भएको दस्तखत आफ्नो होइन भनी इन्कार गरेको र उक्त पत्रको सम्बन्धमा सो मितिमा सो च.नं.को पत्र उक्त कार्यालयलाई सम्प्रेषण गरिएको थियो, कि थिएन भनी सम्बन्धित कार्यालयमा सोधनी गर्दासमेत सो च.नं. र मितिको पत्र सो मितिमा चलानी नभएको देखिएको र निज रामबिलास चौधरीको दस्तखत नमूना सङ्कलन गरी आवश्यक परीक्षणको लागि राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा पठाउँदा एक आपसमा नमिल्ने भनी परीक्षण प्रतिवेदन पठाएको हुँदा उक्त च.नं. र मितिको पत्र झुट्ठा एवं किर्ते भएको पुष्टि हुन आएको छ। त्यस्तै अर्का सि.डि.ई. यादवचन्द्र पोखरेलले आफ्नो बयानमा उक्त च.नं. १९७, मिति २०५३।५।२५ गतेको यान्त्रिक महाशाखा, बबरमहलमा अफिसियल कपीको रूपमा रहेको पत्रमा भएको दस्तखत मेरो हो भनी स्वीकार गरे तापनि सोही च.नं.र मितिको पत्र यातायात व्यवस्था कार्यालय, कोशी, इटहरीले उक्त २१ वटा सवारी साधनहरू दर्ता गर्दा आधार मानी फायलसाथ संलग्न रहेको पत्रमा भएको दस्तखत मेरो होइन भनी इन्कारी बयान गरेको हुँदा उक्त एउटै च.नं. र एउटै मितिमा भएको पत्रको दस्तखत आवश्यक परीक्षणको लागि राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा पठाउँदा एक आपसमा नमिल्ने भनी परीक्षण प्रतिवेदन पठाएको र एक आपसमा पत्रमा भएको व्यहोरामा समेत फरक पारी थपघट गरेको देखिँदा निज तुल्सीराम पाण्डेले कार्यालयले पठाएको सक्कल च.नं. र मितिको पत्रलाई किर्ते गरी अन्य व्यहोरा थपघट गरी सोही च.नं., मिति र सहीसमेत उस्तै हुने गरी किर्ते गरी नक्कली पत्र पेस गरेको पुष्टि हुन आएको छ भने अर्का निवृत्त प्र.स.नि. दानबहादुर सापकोटाले आफ्नो बयानमा उक्त च.नं. र मितिमा पठाएको पत्रहरूमा भएको दस्तखत मेरो हो, तर मैले सिफारिस गर्दा निवेदकको मागअनुसार केवल सवारी साधन दर्ता प्रमाण पत्र मात्र यस कार्यालयमा कारवाहीको लागि नराखेको हो भनी सिफारिस गरेको हुँ भनी बयान दिए तापनि त्यत्रो २१ वटा सवारी साधनको पटक–पटक कारवाहीको लागि नराखिएका भनी सिफारिस दिनु, सिफारिस दिँदासमेत सम्बन्धित सवारी धनी एक्जुकेटिभ इन्जिनियरिङ इलेक्ट्रोनिक डिभिजन पूर्व पश्चिम राजमार्ग बिराटनगरको आधिकारीक पत्र वा उसले खटाएको प्रतिनिधि आई निवेदन दिएको भरमा उक्त सिफारिस गरेको पुष्टि हुन आएको छ।

त्यस्तै उक्त यातायात व्यवस्था कार्यालयले उक्त सवारी साधनहरू दर्ता गर्न आधार मानेको अञ्चल यातायात व्यवस्था कार्यालय, लुम्बिनी अञ्चल बुटवलको च.नं.३०८, मिति २०५३।८।१६ गते सवारीको विवरण प्रमाणित गरिएको भनी यातायात व्यवस्था कार्यालय, कोशी, इटहरीलाई लेखेको पत्रको सम्बन्धमा यस आयोगको च.नं.११५९, मिति २०६२।३।२४ गतेको पत्रद्वारा उक्त अञ्चल यातायात व्यवस्था कार्यालय, लुम्बिनीलाई खुलाई पठाउन सोधिएकोमा उक्त कार्यालयको च.नं.५६, मिति २०६२।४।१२ गतेको पत्रद्वारा प्राप्त चलानी किताबमा उक्त पत्र उक्त कार्यालयलाई चलानी भएको देखिएको हुँदा सो मितिमा उक्त पत्रमा शाखा अधिकृतको हैसियतले सही तथा दस्तखत गर्ने कर्मचारी को थिए भनी बुझ्दा तत्कालीन मितिमा सो कार्यालयमा कार्यरत शाखा अधिकृत भरतराज ज्ञवाली भएको देखिएको हुँदा निजलाई समेत अनुसन्धानको क्रममा बुझ्नुपर्ने देखिई निजामती किताबखाना हरिहरभवनमा सोधनी गर्दा उक्त कार्यालयको च.नं.४१, मिति २०६२।५।१५ गतेको पत्रद्वारा निज शाखा अधिकृत भरतराज ज्ञवालीको मृत्यु भएको भनी लेखी पठाएको देखिँदा निजको मृत्यु भइसकेको अवस्था छ।

त्यस्तै उक्त २१ वटा सवारी साधनहरू मध्ये मिति २०६३।३।२९ गते पक्राउ परी हाल भैरहवा भन्सार कार्यालयमा रहेको साबिक को.अ.६५१ हाल लु १ ज ४३२ नम्बरको सवारी साधनको सम्बन्धमा

स्थलगत प्राविधिक प्रतिवेदन दिन आयोगबाट खटाई पठाइँदा उक्त सवारी साधनको च्यासिस नम्बर “माथिल्लो भागमा एकनासले नभई तलमाथि गरी रफ पञ्च भएको साथै अक्षरको स्टायल पनि सानो भएको” र हालको सञ्चालन इन्जिन डिजेल भनी स्पष्ट साथ लेखी प्रतिवेदन दिएको र साबिकमा उक्त सवारी साधनको इन्जिन “पेट्रोल” देखिएको र हाल प्राविधिक जाँच गर्दा डिजेल इन्जिन देखिँदा साबिकमा दर्ता हुँदाको पेट्रोल इन्जिनलाई नै हेरफेर गरी डिजेल इन्जिन जडान गरी सञ्चालन गरिरहेको देखिँदा उक्त सवारी साधन गैरकानूनीरूपमा भन्सार राजश्व छली चोरी पैठारी गरी ल्याएको इन्जिन जडान गरी सञ्चालन गरिरहेको पुष्टि हुन आएको हुँदा अन्य २० वटा सवारी साधनहरू समेत त्यसरी नै दर्ता गरेको स्पष्ट हुन आउँछ।

बिगो निर्धारणको आधार

यसरी गैरकानूनीरूपमा दर्ता गरेको पुष्टि भएका २१ वटा सवारी साधनहरूको सम्बन्धमा बिगो कायम गर्ने प्रयोजनार्थ उक्त सवारी साधनहरू यातायात व्यवस्था कार्यालय, कोशी इटहरीमा २०५३।११।६ मा दर्ता भएको देखिएको हुँदा उक्त मितिमा उक्त यातायात व्यवस्था कार्यालयमा दर्ता भएको को १ च १६४० नम्बरसमेत १० वटा महिन्द्रा जीपहरूको बिगो कायम गर्ने सम्बन्धमा तत्कालीन मितिमा सम्बन्धित महिन्द्रा कम्पनीबाट खरिद गर्दा के कति मूल्य पर्दथ्यो भनी यस आयोगको च.नं.१०५१, मिति २०६३।०१।२७ गतेको पत्रद्वारा महिन्द्रा कम्पनीको नेपाल स्थित आधिकारीक अधिकृत बिक्रेता श्री अग्नी इन्कर्पोरेट प्रा.लि. हात्तीसार काठमाडौंसँग सोधी पठाइएकोमा उक्त लिमिटेडको मिति २०६३।०२।१२ गतेको पत्रद्वारा यस आयोगमा उक्त कम्पनीबाट प्राप्त मूल्य सूचीअनुसार सन् १९९७ मा उक्त मोडेलको गाडीको मूल्य यति नै पर्छ भनी किटानी नगरेको तर उक्त समयमा उक्त कम्पनीले अर्को सूचना जारी नभएसम्मको लागि भनी मार्च १९९७ मा प्रकाशमा ल्याएको मूल्य सूचीअनुसार उक्त जीपहरूको प्राप्त लिष्टको मूल्य सूचीलाई सरदर मूल्य कायम गर्दा ४ Wheel Drive को सवारी साधनको मूल्य कायम नगरी उच्च तथा निम्न मूल्य सूचीमध्ये मध्यमार्गी प्रकाशित सूचीको क्रम संख्या १३ बमोजिम हुन आउने Commender ६५० DI S Top २WD को मूल्य कायम गरी प्रति एकाई भन्सार महशुलसहित रू.१०,४२,०००।– (अक्षेरूपी दश लाख बयालिस हजार) का दरले १० वटा महेन्द्रा जीपको खुद मूल्य रू.१,४२,००,०००।– (अक्षेरूपी एक करोड बयालिस लाख) रूपैयाँ पर्न आउने देखिन्छ।

त्यस्तै को.अ.ख १०५७ नम्बरसमेतका ११ वटा टाटा ट्रकहरूको सम्बन्धमा तत्कालीन मितिमा सम्बन्धित टाटा कम्पनीबाट खरिद गर्दा के कति मूल्य पर्दथ्यो भनी अख्तियार दुरूपयोग अनुसान्धान आयोगको च.नं.१०५०, मिति २०६३।०१।२७ गतेको पत्रद्वारा टाटा ट्रकको नेपाल स्थित आधिकारीक अधिकृत बिक्रेता सिप्रदी ट्रेडिङ प्रा.लि.नयाँ नैकाप काठमाडौंसँग सोधी पठाइएकोमा उक्त लिमिटेडको प.सं.– एसिसि ७१९०५।०६, मिति २०६३।०३।०९ गतेको पत्रद्वारा यस आयोगमा प्राप्त विवरणअनुसार उक्त कम्पनीबाट “३०.२ हर्ष पावरका ट्रकहरू टाटाको उत्पादनमा नभएको र हामीले बिक्री समेत नगरेको” भनी केही मोडेल र हर्ष पावरको टाटा ट्रकहरूको आर्थिक वर्ष ०५२।५३ सालमा पर्ने मूल्य विवरण खुलाई पठाएको देखिन्छ। जसअनुसार उक्त टाटा कम्पनीबाट ३०.२ हर्ष पावरको ट्रक नै उत्पादन नहुने देखिएको र सामान्यतयाः ट्रक ३०.२ हर्ष पावरको नै नहुने हुँदा प्राप्त मोडेल र हर्ष पावरको ट्रकलाई तर्कसङ्गत र हुनसक्ने ९० हर्ष पावर र १३० हर्ष पावर को कम र अधिकतमको बीचको हर्ष पावर १२०, मोडेल LPT १६१२/४२ हर्ष पावरको ट्रकको मूल्यलाई आधार मानिएको छ। जसअनुसार आर्थिक वर्ष ०५२।५३ मा उक्त ट्रकको मूल्य भन्सार महशुलसहित प्रति एकाई

रू.९,४०,५०९।०० (अक्षेरूपी नौ लाख चालिस हजार पाँचसय नौ) रूपैयाँ पर्न आउने देखिन्छ। जसअनुसार ११ वटा टाटा ट्रकको मूल्य रू.१,०३४,५,५९९।– (अक्षेरूपी एक करोड चौतिस लाख पाँच हजार पाँच सय उनान्सय) रूपैयाँ पर्न आउने देखिन्छ।

त्यस्तै आ.व.२०५२।०५३ मा भारतबाट पैठारी हुने जीपमा लाग्ने भन्सार महशुल तथा कर के कति लाग्थ्यो भनी यस आयोगबाट भन्सार विभाग त्रिपुरेश्वरलाई लेखी पठाइएकोमा उक्त विभागको च.नं.२०२, मिति २०६०।७।७ को पत्रद्वारा भारतबाट पैठारी हुने कार, जीप र ट्रकको भन्सारमा अशुल गरिने भन्सार तथा करको दरहरूको विवरण निम्नानुसार खुलाई पठाएको देखिन्छः–

आ.व.२०५२।०५३ मा भारतबाट पैठारी हुने कार, जीप र ट्रकमा लाग्ने कर महशुल।

	भन्सार दर	बि.क.	आयकर	स्था.वि.सु.	जम्मा लाग्ने दर
कार जीप	११०%(९९ %)	२०%(३९.०८ %)	५ %	१ %	१४४.८ %
ट्रक	२० %(१६ %)	२० %(२३.२ %)	५ %	१ %	४५.२ %

लाग्ने र पुरानो प्रयोग गरेको भएमा दोश्रो वर्षमा १०% सोभन्दा माथि पाँचौ वर्षसम्म २५% महशुल लाग्ने देखिन्छ।

जसअनुसार उक्त ११ वटा टाटा ट्रक मिति २०५३।११।६ गते दर्ता भएको देखिँदा उक्त मितिमा भारतबाट पैठारी भई नेपाल भित्रिदा नेपाल सरकारलाई न्यू ब्रान्डमा तिर्नुपर्ने भन्सार बापतको राजश्व महशुल आर्थिक वर्ष ०५२।५३ मा ४५.२% लाग्ने देखिएको र उक्त कम्पनीको सवारी साधनको अधिकृत बिक्रेता सिप्रदी ट्रेडिङ प्रा.लि.ले समेत भन्सारसहित प्रति एकाई रू.९,४०,५०९।०० (अक्षेरूपी नौ लाख चालिस हजार पाँचसय नौ) पर्छ भनी लेखी पठाएको देखिँदा प्रति एकाई सवारीको मूल्य भन्सार महशुलबाहेक रू.६,४७,७३३।– (अक्षेरूपी छ लाख सतचालिस हजार सात सय तेत्तिस रूपैयाँ) रूपैयाँ पर्न आउने देखिन्छ भने प्रति एकाई भन्सारबापतको महशुल रू.२,९२,७७६।– (अक्षेरूपी दुई लाख बयानब्बे हजार सात सय छयहत्तर) रूपैयाँ पर्न आउने देखिन्छ। जसअनुसार ११ वटा टाटा ट्रकको भन्सार महशुलबापतको मूल्य रू. ३२,२०,५३६।– (अक्षेरूपी बत्तिस लाख बीस हजार पाँच सय छत्तिस) रूपैयाँ पर्न आउने देखिन्छ।

त्यस्तै उक्त १० वटा महिन्द्रा जीपहरू मिति २०५३।११।६ गते दर्ता भएको देखिँदा उक्त मितिमा भारतबाट पैठारी भई नेपाल भित्रिदा नेपाल सरकारलाई न्यू ब्रान्डमा तिर्नुपर्ने भन्सारबापतको राजश्व महशुल आर्थिक वर्ष ०५२।५३ मा १४४.८ % लाग्ने देखिएको र उक्त सवारी साधनको अधिकृत बिक्रेता अग्नी इन्कर्पोरेट प्रा.लि.बाट प्राप्त मूल्य सूचीमा समेत भन्सारसहित प्रति एकाई रू.१०,४२,०००।– (अक्षेरूपी दश लाख बयालिस हजार) पर्न आउने खुलाई पठाएको देखिँदा प्रति एकाई सवारीको मूल्य बापत नेपाल सरकारलाई तिर्नुपर्ने कूल भन्सार महशुल १४४.८% लाई घटाउँदा रू.४,२५,६५४।– (अक्षेरूपी चार लाख पच्चिसहजार छ सय चौवन्न रूपैयाँ) प्रति एकाई सवारी साधन मूल्य पर्ने देखिन्छ भने प्रति एकाई भन्सारबापतको महशुल रू.६,१६,३४६।– (अक्षेरूपी छ लाख सोह्र हजार तीन सय छयालीस रूपैयाँ) पर्न आउने देखिन्छ। जसअनुसार १० वटा महिन्द्रा जीपको भन्सारबापतको महशुल रू.६१,६३,४६०।– (अक्षेरूपी एकसठ्ठी लाख त्रिसठ्ठी हजार चारसय साठ्ठी रूपैयाँ) पर्न आउने देखिन्छ।

यसरी ११ वटा टाटा ट्रकको भन्सारबापतको महशुल रू.३२,२०,५३६।– (अक्षेरूपी बत्तिस लाख बीस हजार पाँचसय छत्तिस) रूपैयाँ र १० वटा महिन्द्रा जीपहरूको रू.६१,६३,४६०।– (अक्षेरूपी एकसट्ठी लाख त्रिसट्ठी हजार चारसय साट्ठी रूपैयाँ) समेत गरी २१ वटा सवारी साधनहरूको कुल भन्सारबापतको महशुल रू.९३,८३,९९६।– (अक्षेरूपी रू. त्रियानब्बे लाख त्रियासी हजार नौ सय छयानब्बे) रूपैयाँ पर्न आउने देखिँदा सोही रकमलाई बिगो कायम गरिएको छ।

अभियोग र दाबी

यातायात व्यवस्था कार्यालय कोशी इटहरीमा साबिक एक्जुकेटिभ इन्जिनियर इलेक्ट्रीकल डिभिजन, बिराटनगर र इटहरी सिविरको नाममा दर्ता भएका उपरोक्तबमोजिमका २१ वटा सवारी साधनहरू बुटवलबाट लिलाम सकार गरी लिएको भन्ने आधारमा सोही यातायात व्यवस्था कार्यालयमा मिति २०५३।११।६ गते तुल्सीराम पाण्डेको नाममा नामसारी दर्ता गरेको देखियो। यसरी निज तुल्सीराम पाण्डेको नाममा उक्त सवारी साधनहरू नामसारी दर्ता गर्दा उक्त कार्यालयले निज तुल्सीराम पाण्डेले पेस गरेका एम.आर.एम कम्पनीबाट सन् १०।९।१९८२ र १८।८।१९८२ मा लिलाम सरकार गरेको थिएँ भन्ने अलग–अलग कागजात, मिति २०५३।३।१९ र २०५३।४।२३ गते तत्कालीन निर्माण तथा यातायात सहायक मन्त्री गणेशबहादुर खड्कालाई सम्बोधन गरी अलग–अलग निवेदन दिई सो निवेदनउपर निज सहायक मन्त्रीले यातायात व्यवस्था कार्यालय कोशीलाई "निवेदकको मागअनुसार आवश्यक कारवाही गरिदिने" भनी तोक लगाएको आधारमा प्राप्त गरेका कागजात, हेभी इक्वीपमेन्ट डिभिजन, बुटवलले यातायात व्यवस्था कार्यालय, कोशीलाई पठाएको च.नं. ४९ र ५९ मिति २०५३।९।८ र २०५३।९।२३ गतेको 'नामसारी गरिदिने' बारेको पत्र, यातायात व्यवस्था कार्यालय, लुम्बिनीले "सवारीको विवरण प्रमाणित गरिएको छ" भनी यातायात व्यवस्था कार्यालय, कोशीलाई पठाएको च.नं.३०८, मिति २०५३।८।१६ गतेको पत्र, सडक विभाग यान्त्रिक महाशाखा, बबरमहलले "खुलाई पठाएको बारे" भनी यातायात व्यवस्था कार्यालय कोशीलाई पठाएको च.नं.१९७, मिति २०५३।५।२५ गतेको पत्र र ट्राफिक प्रहरी कार्यालय, भैरहवा, रूपन्देहीले यातायात व्यवस्था कार्यालय, कोशीलाई लेखेको च.नं. ७० र ८१ मिति २०५३।९।३ र २०५३।९।२६ गतेको "सिफारिस गरिएको छ" भनी पठाएको पत्रलाई आधार मानी निजको नाममा नामसारी दर्ता गर्ने गरी मिति २०५३।११।६ गते र २०५३।१२।२७ गते टिप्पणी खडा गरी दर्ता गर्ने निर्णय गरेको देखियो।

यसरी निज तुल्सीराम पाण्डेले पेस गरेका कागजातहरू मध्ये हेभी इक्यूप्मेन्ट डिभिजन, बुटवलबाट नामसारी दर्ता गरिदिन सिफारिस गरेको दुवै पत्र किर्ते भएको देखियो । अतएव ती किर्ते पत्रमा उल्लिखित सवारी साधन तुल्सीराम पाण्डेले लिलाममा सकार गरी लिएको भन्ने व्यहोरा उल्लेख भएको एम. आर.एम. ईलेक्ट्रीकल डिभिजनको सन् १०।९।१९८२ र १८।८।१९८२ को मिसिल संलग्न पत्रसमेत स्वतः किर्ते भएको देखियो।

त्यस्तै सडक विभाग, यान्त्रिक महाशाखा, बबरमहलले उक्त जिप र ट्रकहरू पूर्ण सरकारी सवारी साधनहरू भएको भनी पठाएको सिफारिस पत्र सम्बन्धमा अनुसन्धान गर्दा सो महाशाखाबाट सो च.नं. र मितिको पत्र उक्त कार्यालयलाई पठाएको देखिए तापनि पत्रमा उल्लिखित व्यहोरालाई थपघट गरी सोही च.नं. र मितिको पत्र उक्त कार्यालयमा पेस गरेको देखिएको र तत्कालीन सि.डि.ई. यादवचन्द्र पोखरेलले गरेको दस्तखत पनि निजको नभई किर्ते भएको देखियो।

त्यस्तै उक्त सवारी साधनहरू नामसारी दर्ता गर्दा उक्त कार्यालयले यातायात व्यवस्था कार्यालय, लुम्बिनीले पठाएको प्राविधिक जाँच प्रतिवेदनलाई आधारमानी दर्ता गर्दा सोही प्रतिवेदनलाई प्राविधिक कर्मचारी मे.सु.प्रमोदकुमार चौधरीसमेतले आधारमानी राय लेखी दिएको तर सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २२ बमोजिम कुनै पनि सवारी साधनहरू नामसारी दर्ता गर्न आउँदा दर्ता गरिने कार्यालयमा साथै ल्याउनु पर्ने र सोही कार्यालयले प्राविधिक जाँच गर्नुपर्ने व्यवस्था भएकोमा सो व्यवस्थालाई उल्लङ्घन गरी दर्ता गर्न सिफारिस गरेको देखियो।

यसरी साबिकमा यातायात व्यवस्था कार्यालय, कोशीमा साबिक एक्जुकेटिभ इन्जिनियर ईलेक्ट्रीकल डिभिजन पूर्व पश्चिम राजमार्ग (एम. आर.एम.) बिराटनगर र इटहरी सिविरको नाममा दर्ता भएका उक्त सवारी साधनहरू निज तुल्सीराम पाण्डेले लिलाम सकार गरेको हुँ भनी आफ्नो नाममा नामसारी दर्ताको लागि आएपछि सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २२ र ३७ समेतको अधीनमा रही आवश्यक कागजात प्रमाण हेरी जाँचीबुझी मात्र नामसारी दर्ता गर्ने निर्णय गर्नुपर्ने तथा गाडी नै उपस्थित गराई प्राविधिकबाट जाँचबुझ गर्नु गराउनुपर्नेमा यातायात व्यवस्था कार्यालय, लुम्बिनी अञ्चल बुटवलबाट प्राविधिक जाँच गरी पठाइएको प्रतिवेदन तथा अन्य किर्ते कागजातका आधारमा कार्यालयमा उपस्थित नै नगराइएका १० वटा जिप तथा ११ वटा ट्रकहरूको यातायात व्यवस्था कार्यालय, कोशी अञ्चल, इटहरीका कर्मचारीहरूले किर्ते कागजात पेस गर्ने तुल्सीराम पाण्डेसँग मिलेमतो गरी गैरकानूनीरूपले दर्ता नामसारी गरी उपरोक्त कानूनी व्यवस्था उल्लङ्घन गरेको देखियो।

यसरी लिलाम नै नगरेका गाडीहरूको किर्ते कागजातका आधारमा नामसारी दर्ता गरी दिई बिदेशबाट चोरी पैठारी गरी भन्सार नतिरी ल्याएका गाडीहरूलाई बैधता दिने कसुरजन्य कार्य गरेबाट उक्त १० वटा जिप र ११ वटा ट्रकसमेतका कूल २१ वटा सवारी साधनहरू पैठारी गर्दा प्राप्त हुने भन्सारसमेतको महशुल रू.९३,८३,९९६।– (अक्षेरुपी रू. त्रियानब्बे लाख त्रियासी हजार नौ सय छयानब्बे) रूपैयाँ नेपाल सरकारलाई गैरकानूनीरूपमा हानि नोक्सानी भएको देखियो।

यसप्रकार भन्सार छली चोरी पैठारी गरी गाडी ल्याउने, किर्ते र झुट्टा कागजात बनाउने, दर्ता नामसारी गरी नेपाल सरकारलाई हानि नोक्सानी र आफूलाई फाइदा पुर्‍याउने कसुर गर्ने र त्यस्ता झुट्टा किर्ते कागजातका आधारमा कानून उल्लङ्घन गरी दर्ता नामसारी गरिदिने निम्न प्रतिवादीहरूलाई निजहरूले गरेको कसुरको आधारमा निम्नबमोजिम सजाय हुन माग दाबी लिइएको छः

तुल्सीराम पाण्डेको हकमाः– प्रतिवादी तुल्सीराम पाण्डेले उक्त २१ वटा सवारी साधनहरू नामसारी दर्ता गर्दा नामसारी दर्ता हुने कार्यालयमा नियमानुसार ल्याउनु पर्नेमा सोअनुसार ल्याउँदै नल्याई अन्यत्र कार्यालय यातायात व्यवस्था कार्यालय, लुम्बिनीका शाखा अधिकृत भरतप्रसाद ज्ञवालीसँग मिली सो कार्यालयको प्राविधिक जाँच प्रतिवेदन बनाई, हेभी इक्वीपमेन्ट डिभिजन कार्यालय, बुटवल, सडक विभाग यान्त्रिक महाशाखा, बबरमहलको झुट्टा किर्ते पत्र तथा छाप बनाई प्रयोग गरी किर्ते तथा झुट्टा व्यहोराका कागजात पेस गरी यातायात व्यवस्था कार्यालय, कोशी, इटहरीका तत्कालीन कार्यालय प्रमुख रामप्रसाद सैजुसमेत १८ जना कर्मचारीहरू समेतलाई आर्थिक प्रलोभन तथा मोलाहिजामा पारी निजहरूसँग मिलेमतो गरी विदेशबाट चोरी पैठारी गरी भन्सारसमेतको राजश्व नतिरी ल्याएको उक्त २१ वटा सवारी साधन दर्ता गरेको देखियो। यस प्रकार गैरकानूनीरूपमा नामसारी दर्ता कायम गराएका

गाडीहरूको नामबाट निजले भन्सार छली चोरी पैठारी गरेका गाडी विभिन्न अञ्चलमा सरूवा दर्ता गरी विभिन्न व्यक्तिहरूलाई बिक्री गरेकोसमेत पाइयो । अतः यसरी दर्ता गर्दा नेपाल सरकारलाई तिर्नुपर्ने कुल भन्सार राजश्वबापतको महशुल १० वटा जिप पैठारी गर्दा रू.६१,६३,४६०।– (अक्षेरूपी एकसठ्ठी लाख त्रिसठ्ठी हजार चारसय साठ्ठी रूपैयाँ) र ११ वटा ट्रक पैठारी गर्दा रू.३२,२०,५३६।–(अक्षेरूपी बत्तिस लाख बीस हजार पाँचसय छत्तिस) रूपैयाँ गरी जम्मा रू.९३,८३,९९६।– (अक्षेरूपी रू. त्रियानब्बे लाख त्रियासी हजार नौ सय छयानब्बे) रूपैयाँ हानि नोक्सानी पुगेको र निजलाई समेत सो बिगो बराबरको गैरकानूनी लाभ पुगेको देखियो । यसर्थ निजको सो कसुर साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) ले सजाय हुने भ्रष्टाचारजन्य कसुर देखिनाले ऐ.ऐनको सोही दफाअनुसार हदैसम्मको सजायसमेत गरी नेपाल सरकारलाई हानि नोक्सानी भएको बिगो असुलउपर गराई पाउँ ।

तत्कालीन यातायात व्यवस्था कार्यालय कोशी, इटहरीका कार्यालय प्रमुख रामप्रसाद सैजु, शाखा अधिकृतहरू हरिप्रसाद श्रेष्ठ र रामप्रसाद अर्यालको हकमाः– तत्कालीन यातायात व्यवस्था कार्यालय कोशी, इटहरीका कार्यालय प्रमुख रामप्रसाद सैजु, शाखा अधिकृतहरू हरिप्रसाद श्रेष्ठ र रामप्रसाद अर्यालसमेतले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २२ र ३७ बमोजिमको रीत पुर्‍याई भन्सार महशुल तिरेको निस्सासमेत पेस नभई, नामसारी दर्ताको लागि सम्बन्धित यातायात व्यवस्था कार्यालयमा ल्याउनै पर्ने सवारी साधनलाई ल्याउँदै नल्याई अन्यत्र कार्यालयको प्राविधिक प्रतिवेदनलाई आधार मानी हेभी इक्वीपमेन्ट डिभिजन कार्यालय, बुटवल र सडक विभाग यान्त्रिक माहाशाखा, बबरमहलको झुट्ठा किर्ते पत्रको आधिकारीता जाँचबुझ नै नगरी निज तुल्सीराम पाण्डेले नामसारी दर्ताको लागि पेस गरेका कागजातहरू अपर्याप्त, त्रुटिपूर्ण छन भन्ने जान्दाजान्दै गलत आशयले एक्जुकेटिभ इन्जिनियरिङ इलेक्ट्रोनिक डिभिजन पूर्व पश्चिम राजमार्ग (एम.आ.एम.) कम्पनी बुटवलमा रहे नरहेको, उक्त कम्पनीले लिलाम गरेको हो वा होईन, सो समेत नबुझी लगभग १५ वर्ष अगाडी लिलाम सकार गरेको थिएँ भनी पेस गरेको काल्पनिक तथा मिथ्या कागजातलाई आधार मानी गैरकानूनीरूपमा आर्थिक प्रलोभनमा परी बद्नियतपूर्वक निज तुल्सीराम पाण्डेसँग मिलेमतो गरी उक्त २१ वटा सवारी साधनहरू नामसारी दर्ता गर्ने निर्णय गरेको देखियो । अतः यसरी कानूनविपरीत दर्ता गरिएको उक्त १० वटा जिप तथा ११ वटा ट्रकहरू निवेदक तुल्सीराम पाण्डेले भन्सार राजश्व छली चोरी पैठारी गरी ल्याई दर्ता गर्दा उक्त सवारी साधनहरू बापत बुझाउनु पर्ने भन्सार महशुल रू.९३,८३,९९६।– (अक्षेरूपी रू. त्रियानब्बे लाख त्रियासी हजार नौ सय छयानब्बे) रूपैयाँ निज तुल्सीराम पाण्डेलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानि नोक्सानी पुगेको देखियो । यसर्थ निज तुल्सीराम पाण्डेसँग मिलेमतो गरी निजहरूले गरेको सो कसुर साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) ले सजाय हुने भ्रष्टाचारजन्य कसुर देखिनाले ऐ.ऐनको सोही दफाअनुसार हदैसम्मको सजाय गरी नेपाल सरकारलाई हानि नोक्सानी भएको बिगो असुल उपर गराई पाउँ ।

तत्कालीन यातायात व्यवस्था कार्यालय कोशी, इटहरीमा ठूलो सवारी शाखामा कार्यरत ना.सु. श्रीमती यशोधा खतिवडा र खरिदार युवराज कोइराला, सानो सवारी शाखामा कार्यरत ना.सु. लालबहादुर बुढाथोकी र खरिदार नारदप्रसाद भट्टराई तथा प्राविधिक मेकानिकल सुपरभाईजर प्रमोद कुमार चौधरीको हकमाः– त्यस्तै तत्कालीन

यातायात व्यवस्था कार्यालय कोशी, इटहरीमा ठूलो सवारी शाखामा कार्यरत ना.सु. श्रीमती यशोधा खतिवडा र खरिदार युवराज कोइराला, सानो सवारी शाखामा कार्यरत ना.सु. लालबहादुर बुढाथोकी र खरिदार नारदप्रसाद भट्टराई तथा प्राविधिक मेकानिकल सुपरभाईजर प्रमोदकुमार चौधरीसमेतले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २२ र ३७ बमोजिमको रीत तथा प्रक्रिया पुर्‍याई भन्सार महशुल तिरेको निस्सासमेत पेस नभई, नामसारी दर्ताको लागि सम्बन्धित यातायात व्यवस्था कार्यालयमा ल्याउनै पर्ने सवारी साधनलाई ल्याउँदै नल्याई, सम्बन्धित कार्यालयमा दर्ता गर्नुपर्ने सवारी साधन उपस्थित गराइएपछि मात्र सोही कार्यालयको प्राविधिक कर्मचारीले प्राविधिक परीक्षण गरी प्रतिवेदन दिएपछि मात्र दर्ता गर्नुपर्नेमा सो कार्यालयको प्राविधिक कर्मचारी मे.सु. प्रमोदकुमार चौधरीले आफूले परीक्षण नै नगरी अन्यत्र कार्यालयको प्राविधिक प्रतिवेदनलाई आधारमानी टिप्पणीमा राय लेखी हेभी इक्वीपमेन्ट डिभिजन कार्यालय, बुटवल र सडक विभाग यान्त्रिक माहाशाखा बबरमहलको झुट्टा किर्ते पत्रको आधिकारीकता सम्बन्धमा सम्बन्धित फाँटवालाको हैसियतले जाँचबुझ नै नगरी निज तुल्सीराम पाण्डेले नामसारी दर्ताको लागि पेस गरेका कागजातहरू अपर्याप्त, त्रुटिपूर्ण छन् भन्ने जान्दाजान्दै गलत आशयले एक्जुकेटिभ इन्जिनियरिङ इलेक्ट्रोनिक डिभिजन पूर्व पश्चिम राजमार्ग (एम.आ.एम.) कम्पनी बुटवलमा रहे नरहेको, उक्त कम्पनीले लिलाम गरेको हो वा होइन, सोसमेत फाँटवाला कर्मचारीको हैसियतले बुझ्दै नबुझी लगभग १५ वर्ष अगाडी लिलाम सकार गरेको थिएँ भनी पेस गरेको काल्पनिक तथा मिथ्या कागजातलाई आधार मानी वास्तविकता बाहिर गई गैरकानूनीरूपमा आर्थिक प्रलोभन तथा बद्नियतपूर्वक निज तुल्सीराम पाण्डेसँग मिलेमतो गरी आवश्यक दर्ता प्रमाणको अभाव हुँदाहुँदै निवेदकले पेस गरेका किर्ते कागजातका आधारमा दर्ता नामसारी गरिदिने भनी उठाएको रायसहितको टिप्पणीमा सही गरी आफ्नो सहमतिसहित उपल्लो अधिकृतसमक्ष टिप्पणी पेस गरी निर्णय गराएको देखियो । अतः यसरी कानूनविपरीत दर्ता गरिएको उक्त १० वटा जिप तथा ११ वटा ट्रकहरू निवेदक तुल्सीराम पाण्डेले भन्सार राजश्व छली चोरी पैठारी गरी ल्याई दर्ता गर्दा उक्त सवारी साधनहरू बापत बुझाउनु पर्ने भन्सार महशुल रू.९३,८३,९९६।– (अक्षेरुपी रू. त्रियानब्बे लाख त्रियासी हजार नौ सय छयानब्बे) रूपैयाँ निज तुल्सीराम पाण्डेलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानि नोक्सानी पुगेको देखियो । यसर्थ निज तुल्सीराम पाण्डेसँग मिलेमतो गरी निजहरूले गरेको सो कसुर साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) ले सजाय हुने भ्रष्टाचारजन्य कसुर देखिनाले ऐ.ऐनको सोही दफाअनुसार हदैसम्मको सजाय गरी नेपाल सरकारलाई हानि नोक्सानी भएको बिगो असुल उपर गराई पाउँ ।

हालका सवारी धनीहरू अशोक कुमार गुप्ता, कृष्णबहादुर सिंह, मुनकला खासु मगर भन्ने मुनकला थापा, टीकाराम सुवेदी, रामप्रसाद बस्याल, गणेशकुमार भूसाल, लालप्रसाद गुप्ता, मनसुर तेली मुसलमान, भोलानाथ पन्थ, गोविन्दबहादुर कार्की, गंगाधर पंगेनी, रामप्रसाद शाक्य, डिलाराम सापकोटा, श्रीमती प्रतिक्षा राणा, पर्शुराम चौधरी, हस्तबहादुर सिंह र चन्द्रबहादुर महतोसमेत १७ जनाको हकमाः- प्रतिवादी तुल्सीराम पाण्डेको नाममा गैरकानूनी तथा बदनियतपूर्वक दर्ता भएको देखिएका उक्त २१ वटा सवारी साधनहरू निजले विभिन्न यातायात व्यवस्था कार्यालयमा सरूवा सहमति लिई गई, दर्ता गरी, विभिन्न व्यक्तिहरूलाई बिक्री गरी विभिन्न व्यक्तिहरूको नाममा नामसारी भएको देखिँदा हाल उक्त सवारी साधन दर्ता भएका उपरोक्त सवारी

धनीहरूलाई केवल भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम उक्त सवारी साधनहरू जफत गर्ने प्रयोजनको लागि निजहरूलाई प्रतिवादी बनाइएको हुँदा कुनै पनि सजायको मागदाबी गरिएको छैन साथै उक्त १८ जना हालका सवारी धनीहरू बाहेक लु.अ.ज ४६४ नम्बरको सवारी साधनका सवारी धनी जिल्ला नपलपरासी पक्लीहवा गा.वि.स. वडा नं.–३, बस्ने मानवहादुर श्रेष्ठको छोरा बिजयकुमार श्रेष्ठको मृत्यु भइसकेको र निजको नजिकको हकवाला निजकी श्रीमती सन्तकुमारी श्रेष्ठको समेत मृत्यु भइसकेको भनी निजको सहोदर जेठो छोरा जिल्ला रूपन्देही बुटवल नगरपालिका वडा नं.८, हस्पिटल लाईन घरभई हाल जिल्ला चितवन नारायणगढ नगरपालिका वडा नं.३ भृकुटीपथ बस्ने वर्ष ३२ को राकेश श्रेष्ठले मृत्यु दर्ता प्रमाण पत्र पेस गरेको हुँदा निज बिजयकुमार श्रेष्ठको नजिकको हकवाला जेठो छोरा निज राकेश श्रेष्ठलाई केवल भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम उक्त सवारी साधन जफत गर्ने प्रयोजनको लागि निजलाई प्रतिवादी बनाइएको हुँदा कुनै पनि सजायको मागदाबी गरिएको छैन भन्ने व्यहोराको अभियोग मागदाबी।

लु.अ. च.८५७ नं. को गाडी मेरै हो। मैले उक्त गाडी प्रतिक्षा मल्लसँग ३ लाखमा लुम्बिनी अञ्चल यातायात व्यवस्था कार्यालयमा गई नामसारी गरी खरिद गरेको हो। चोरी पैठारीको भन्ने जानकारी थिएन। मसँगै काम गर्ने प्रतिक्षा मल्लको श्रीमानले गाडी बलियो छ, गाउँमा राम्रो हुन्छ भनी भनेको हुँदा विश्वासमा परी खरिद गरेको हुँ। चोरी पैठारीको भन्ने जानकारी भएको भए खरिद गर्ने थिइन। मैले सम्बन्धित कार्यालयमा गई सम्पूर्ण कागजातहरू हेरी रू.३ लाख तिरी खरिद गरेको हुँ। मैले मेरो रू.३ लाख पाउनुपर्छ। उक्त रकम पाएमा जफत भए मेरो मञ्जुर छ होइन भने जफत हुनुपर्ने होइन। खरिद गरी लिएपछि साल सालै राजस्व तिर्दै आएको र पटक पटक गाडी रिन्यूसमेत गर्दै आएको थिएँ। पछि गाडीको राजस्व रकम बुझ्न नमानेपछि मैले आवश्यक कारवाही गरी रूपैयाँ फिर्ता पाउँ भनी लुम्बिनी यातायात व्यवस्था कार्यालयमा निवेदनसमेत दिई सकेको छु भनी प्रतिवादी गोविन्दबहादुर कार्कीले विशेष अदालतमा गरेको बयान।

सवारी तथा यातायात व्यवस्था ऐनमा सवारी ल्याउनु पर्ने प्रावधान रहे तापनि सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ लागू भएपश्चात यातायात व्यवस्था विभाग एवं कार्यालयबाट सम्पन्न गर्नुपर्ने कार्यहरूको कार्यविधि एवं निर्देशिका, २०६० जारी हुनुपूर्व विचको अवधिमा सवारी दर्ता एवं नामसारी गर्दा जारी गरेको प्राविधिक प्रतिवेदनको आधारमा समेत सवारी साधान दर्ता तथा नामसारी गर्ने प्रचलन रहेकोले उक्त सवारी साधन बुटवल यातायात कार्यालयबाट प्राप्त भएको प्राविधिक प्रतिवेदनका आधारमा निर्णयको लागि टिप्पणी उठान भई निर्णयपश्चात नामसारी दर्ता गरेको हो। जसको दृष्टि यातायात व्यवस्था कार्यालय कोशी, धनगढी र विरगञ्जले यातायात व्यवस्था विभागलाई लेखेको विभिन्न मितिको पत्रबाट पुष्टि हुन्छ। सरकारको पूर्व स्वामित्वमा रहेको संस्थाहरूको महसुल सुविधामा पैठारी गरिएका ५ वर्षभन्दा बढी पुराना गाडीहरू लिलाम बिक्री गर्दा त्यसमा लाग्ने भन्सार एवं अन्य कर महसुल पूर्वरूपमा छुट दिने नेपाल सरकारको मन्त्रिपरिषद्बाट निर्णय भएकोले पुराना गाडीहरू नामसारी दर्ता गर्दाको अवस्थामा भन्सार तथा अन्य महसुल छुट हुने उक्त निर्णयबाट नै प्रष्ट भएकाले दर्ता गरेका पुराना गाडीहरूको भन्सार तिरेको रसिद पेस हुन आवश्यक नभएको प्रष्ट हुन्छ। सम्बन्धित कार्यालयको छापसमेत रहेको र कार्यालय प्रमुखले समेत दस्तखत गरी छाप लगाइएको पत्रलाई कही कतैबाट पनि शंका गर्ने ठाउँ नहुने र नक्कल झुट्टासमेत भन्न नसकिने अवस्था तत्काल नरहेकोले सोही पत्रको आधारमा र एम.आर. एम इलेक्ट्रिक डिभिजनको सन १८।८।१९८२ को र १०।९।१९८२ को लिलामी पत्रबाट समेत उक्त पुराना

गाडीहरू तुलसीराम पाण्डेले लिलामबाट उठाएको साथै भन्सार छुटको लागि तुलसीराम पाण्डेले निर्माण तथा यातायात मन्त्रीलाई ०५३।३।१९ मा रेकर्ड झिकाउन दिएको निवेदनमा मागअनुसार तुरून्त कारवाही गरी दिने तोक आदेश भएको र अर्को भन्सार छुटको लागि दिएको निवेदनमा समेत मन्त्रीज्यूबाट मागअनुसार गरिदिनु भन्ने तोक आदेश भएको ०५३।४।२३ को पत्रलाई समेत आधार लिई नामसारी दर्ता गर्ने निर्णय भएको हो । गैरकानूनीरूपमा आर्थिक प्रलोभनमा परी बद्नियतपूर्वक सवारी साधान दर्ता नामसारी गरेको होइन आरोप पत्र मागदाबी लिए अनुसारको सजाय एवं बिगो बुझाउनुपर्ने होइन । सवारीहरूको मोडेल १९६७ भएको भनी आयोगको अभियोग पत्रमा प्राविधिकहरूको प्रतिवेदनका आधारमा उल्लेख गरेको र ०५३।११।६ को निर्णयले दर्ता नामसारी भएका उक्त गाडीहरू तुल्सीराम पाण्डेको नाममा नामसारी हुनुपूर्व यातायात कार्यालय, कोशीमा नै ०२४।२६ सालको विभिन्न मितिमा एक्जुकेटिभ इन्जिनियर इलेक्ट्रिकल डिभिजन पूर्वपश्चिम राजमार्ग विराटनगर इटहरीको नामको अ. ८३१ समेतको ११ वटा ट्रकहरू र को.अ. ६४७ समेतको १० वटा महेन्द्रजीप दर्ता रहेको भन्नेबाट नै उक्त २१ वटा गाडीहरू पुरानो भन्ने प्रष्ट हुन्छ । अभियोग पत्रमा उक्त गाडीहरू २०२४।०२६ सालतिर कोशी यातायात कार्यालयमा दर्ता भएको किटान गरेको छ । यसरी २०२४।०२६ सालतिरको गाडीहरूलाई निर्णयको आधार लिई आ.व.२०५२।०५३ को भन्सार मूल्य अनुसार भन्सार कायम गरेको नै त्रुटिपूर्ण छ । यातायात कार्यालय कोशीले पुरानै ०२४।२६ सालतिर दर्ता रहेको गाडी नै नामासारी दर्ता गरको हो । नयाँ गाडी भन्सार चोरी छली गरी ल्याएको गाडी दर्ता गरेका होइन । तुलसीराम पाण्डेको नाममा दर्ता रहेको २१ थान गाडीहरूको पुरानो गाडी दर्ता नामसारी गरिएको आरोपत्रमा उल्लेख गरेको र अर्कोतर्फ ०५३।११।६ को निर्णयलाई आधार लिएर नयाँ गाडी दर्ता गरेका भनी हचुवाको भरमा ०५२।०५३ को भन्सार मूल्य कायम गरेकोमा हालसम्म नयाँ गाडी दर्ता गरेको भनिए तापनि नयाँ गाडी पक्राउ गरी दशी प्रमाण जुटाउन सकेको छैन । यसरी दशी प्रमाण जुटाउन नसकिने अवस्था भएर नै उक्त गाडीहरू पक्राउ गरी सम्बन्धित भन्सार कार्यालयमा बुझाउन र आवश्यक सहयोग गर्न यातायात व्यवस्था विभाग, प्रहरी प्रधान कार्यालयलाई हचुवाको भरमा लेखी पठाएको स्पष्ट छ । पछि भन्सार छली ल्याएको हो भने भन्सार ऐनअनुसार कारवाही गर्नुपर्नेमा सो नगरी कारवाही गरेकोले सो कारवाही गलत ठहर्छ । आरोप पत्र माग दाबीबमोजिम कसुर मैले नगरेको हुँदा सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी हरिप्रसाद श्रेष्ठले विशेष अदालतमा गरेको बयान ।

लु.१ ख २१३५ नं. को गाडी तुल्सीराम पाण्डेसँग मैले रू. २,५०,०००।– मा खरिद गरी यातायात व्यवस्था कार्यालय, लुम्बिनीबाट नामसारी दर्ता गरी लगेको हुँ । उक्त गाडी तुल्सीराम पाण्डेको नाउँमा गैरकानूनीरूपमा दर्ता भएको भन्ने जानकारी मलाई थिएन। जानकारी भएको भए उक्त गाडी खरिद गर्ने नै थिइन । सम्बन्धित कार्यालयमा गई नामसारी भएको गाडी रू.२,५०,०००।– मा खरिद गरी लिएको र पछि गाडी एक्सिडेन्ट भएपछि गाडी तोडफोड भई चल्न नसक्ने भएपछि रू. ६०,०००।– मा कवाडीलाई बिक्री गरी सकेको छु । गैरकानूनी गाडी दर्ता गर्ने तुलसीराम पाण्डेबाट मेरो पैसा असुल उपर गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी अशोककुमार गुप्ताले विशेष अदालतमा गरेको बयान ।

तुल्सीराम पाण्डेले गैरकानूनीरूपमा गाडीदर्ता गराएको थाहा थिएन । मैले निजसँग उक्त गाडी ७,२,५०,०००।– मा किन्ने सर्तमा रू.५०,०००।– दिई (वैनाबापत) यातायात कार्यालयमा गै मेरो नाममा गाडी नामसारी दर्ता गराएको हो उक्त गाडी मेरो नाममा दर्ता भए तापनि मैले प्रयोग गरेको थिइन छैन । सो गाडी

गैरकानूनीरूपमा दर्ता गरेको भन्ने जानकारी भए उक्त गाडी मैले खरिद गर्ने थिइन। मेरो ५० हजार निजबाट असुल उपर भएमा उक्त गाडी जफत भएमा मेरो मन्जुरी छ, अन्यथा जफत हुनुपर्ने होइन भनी प्रतिवादी मन्सुरी तेली मुसलमानले विशेष अदालतमा गरेको बयान।

मैले रा.१ ख २२७ नं. को ट्रक मिति २०६०।१।२८ मा जिल्ला प्यूठान पक्ला गा.वि.स. ९ नं. बस्ने खुमलाल पोखरेलबाट राप्ती यातायात व्यवस्था कार्यालयबाट नामसारी गरी लिएको हुँ। मैले सो गाडी सहि सद्दे व्यहोराकै होला भनी लिएको हुँ, सो गाडीका लागि आवश्यक पर्ने कागजातहरू हेर्दा ठिक दुरूस्त र सद्दे नै पाएको हुँदा लिएको हुँ। गलत तवरबाट आएको भन्ने थाहा भएको भए लिने नै थिइन। मैले नगद तिरी नामसारी गरी लिएको उक्त मेरो गाडी लिएको १०, ११ महिना पछि बिग्रिएर बनाउन नसकी कवाडमा बिक्री गरेको थिएँ। अतः मैले अभियोग मागदाबी बमोजिमको कुनै कसुरसमेत गरेको छैन भन्नेसमेत व्यहोराको प्रतिवादी टिकाराम सुवेदीले विशेष अदालतमा गरेको बयान।

म उपर लगाएको आरोप झुठ्ठा हो। मैले गलत आसयले आर्थिक प्रयोजनमा परी बद्नियतपूर्वक काम गरेको होइन । कोही कसैसँग बद्नियत राखी मिलोमतोसमेत गरेको होइन । मेरो हैसियत फाँटवालासम्मको पनि हुँदैन । फाँटवाला ना.सु. हुन्छन्। प्रस्तुत मुद्दाको सन्दर्भमा पनि मलाई मभन्दा माथिका हाकिमले जस्तो टिप्पणी उठाउनु भनी भनेको हुँदा टिप्पणीसम्म उठाएको हुँ। पेस भएका कागजातहरू सरसर्ती हेर्दा पूरा भए जस्तो लागि टिप्पणीसम्म उठाएको हुँ । टिप्पणी सदर बदर गर्ने अधिकारी म नभएको हुँदा यसमा मेरो कुनै भूमिका रहँदैन । दर्ता भइरहेको गाडीहरू नामसारी गर्दा भन्सार महशुल लाग्ने होइन । समान स्तरको कार्यालयबाट प्राविधिक प्रतिवेदन प्राप्त भए पछि दर्ता नामसारी गर्ने प्रचलन रहेको हुँदा त्यसतर्फ कारवाही नचलाएको हुनुपर्छ । यसमा कोही कसैलाई लाभ एवं हानि नोक्सानी भएको छैन । मैले आरोप पत्र माग दाबीबमोजिम सजाय पाउनु पर्ने होइन । मेरो कार्यबाट कोही कसैलाई गैरकानूनी हानि नोक्सानी तथा लाभसमेत नभएको हुँदा बिगोसमेत तिर्नु बुझाउनु पर्ने होइन भन्ने प्रतिवादी युवराज कोइरालाले विशेष अदालतमा गरेको बयान।

मैले आरोप दाबीअनुसारको कसुर गरेको छैन। म मोटर साइकल फाँटमा काम गर्थे । सवारी नामसारी सम्बन्धीको आवश्यक कागजात र पत्राचारहरू ठूलो सवारी शाखावाट कारवाही भई टिप्पणी पनि त्यहीबाट उठेको हो। उक्त टिप्पणी मैले उठाएको होइन। सुरेश पोखरेल १ दिनको लागि बिदामा बस्नु भएको हुँदा उहाँ नभएको अवस्थामा सानो सवारी शाखाको पनि कार जीप नामसारी गर्नुपर्ने भएको हुनाले टिप्पणीमा सही गर्न तल फायल झरेको हो। मैले सो फायल सरसर्ती हेर्दा ९ महिना ८ दिन लगाएर प्रक्रिया सुरू भएको, २ वटा निवेदनमा मन्त्रीको तुरून्त नामसारी गर्ने भन्ने तोक भएको, सडक विभागमा उपसचिव यादव चन्द्र पोखरेलले नामसारी गरी दिने भन्ने पत्र लेखेको, ट्राफिक प्रहरी कार्यालयले ब्लू बुक उपलब्ध गराई दिने भनी पत्र लेखेको अरू पत्रहरू पनि सक्कली नै सम्झी असल नियतले बद्नियत नचिताई कर्तव्य पालनको सिलसिलामा टिप्पणीमा सहिसम्म गरेको हो। मैले कोही कसैलाई गैरकानूनी लाभ एवं हानि पुर्‍याउने कार्य नगरेको हुँदा मबाट बिगो असुल उपर हुनुपर्ने होइन भन्ने व्यहोराको प्रतिवादी लालबहादुर बुढाथोकीले विशेष अदालतमा गरेको बयान।

मैले लु.१ ज ४३२ को गाडी २०५८ सालमा लुम्बिनी यातायात व्यवस्था कार्यालयबाट रू.३,४१,०००।– तिरी नामसारी गरी लिएको हुँ। मैले लिँदाका बखत उक्त गाडी गैरकानूनीरूपमा दर्ता भई आएको भन्नेसमेतको व्यहोरा मलाई थाहा जानकारी भएको थिएन । सहि सद्दे व्यहोराको नै होला भनी विश्वासमा परी लिएको हुँ । गलत व्यहोराको भएको

भन्ने थाहा भएको भए लिने थिइन। मैले उक्त मेरो गाडी फिर्ता पाउनु पर्दछ भन्ने प्रतिवादी पर्शुराम चौधरीले विशेष अदालतमा गरेको बयान।

म उपर लगाएको अरोप झुठ्ठा हो । मैले आरोप पत्र दाबी अनुसारको कसुर गरेको छैन । तुल्सीराम पाण्डे भन्ने व्यक्तिलाई मैले चिनेको छैन । चिन्दै नचिनेका मानिससँग मिलेमतो हुने कुरै भएन । निजबाट कुनै किसिमको गैरकानूनी लाभ लिएको छैन। गलत आसयबाट काम गरिएको होइन। दर्ता नामसारी निर्णयमा मेरो कुनै भूमिका नरहेको कुरा जगजाहेरै छ। लेखिएको टिप्पणीमा सहि गर भनी अधिकृतज्यूहरूले भन्नु भएको हुँदा सहिसम्म गरेको हुँ। मैले सहि गर्नुपूर्व फायलमा रहेका कागजातहरू सरसर्ती हेर्दा सम्पूर्ण प्रक्रिया पुगेकै देखि सहि गरेको हो। मैले कोही कसैलाई गैरकानूनी हानि नोक्सानी र कोही कसैबाट गैरकानूनी लाभ लिएको नहुँदा मलाई सजाय हुनुपर्ने होइन। मैले बिगोसमेत तिर्न वुझाउन पर्ने होइन भन्ने प्रतिवादी नारदप्रसाद भट्टराईले विशेष अदालतमा गरेको बयान।

मेरो नाउँमा रहने गरी कुनै प्रकारको सवारी साधन मैले खरिद गरेको र आफ्नो स्वामित्वमा समेत रहने गरी हालसम्म लिएको छैन । मैले मेरो नाउँमा रहने गरी हालसम्म कुनै प्रकारको सवारी साधन खरिद नगरेको र मेरा नाउँमा दर्ता नामसारी गरी दिनु भनी कोही कसैलाई समेत कुनै प्रकारको रकम कलम दिनु लिनु नगरेको साथै उक्त लु.अ.ख २२०५, २२०६, २२०७, २२०८ नम्बरका गाडीहरूको सम्बन्धमा मेरो कुनै प्रकारको संलग्नता र सरोकारसमेत नरहेको हुँदा माग दाबीअनुसार जफत भएमा मलाई कुनै आपत्ती छैन। दयाराम यादव भन्ने व्यक्ति आफ्नै टोल छिमेकमा बस्ने व्यक्ति भएकोले निजले मसँग एउटा मेरो फोटो र नागरिकताको फोटोकपी लगेको थिए । उनले के कसरी कहाँ प्रयोग गरे मलाई थाहा भएन र हालसम्म पनि फिर्ता दिएका छैनन । को को भई उल्लिखित गाडीहरू नामसारी गराए सोसमेत मलाई थाहा छैन। गाडी दर्तासम्बन्धी कुनै कारोबारमा मेरो संलग्नता छैन भन्ने प्रतिवादी भोलानाथ पन्थले विशेष अदालतमा गरेको बयान।

मैले तुल्सीराम पाण्डेसँगबाट ८५७ र ८८२ नं. का जीपहरू ३, ३ लाखका दरले स्कुलका लागि लिएको थिएँ । त्यतिबेलाको परिस्थितिअनुसार मैले स्कुलको नाममा गाडी नलिई मेरा नाममा लिएको हो। मलाई गाडी किन्दा गैरकानूनी हुन भन्ने केही पनि थाहा थिएन । मैले लिँदा यातायात कार्यालयमा गई तिर्नुपर्ने दस्तुरहरू तिरी रीत पूर्वक गाडी लिएकी हुँदा कानूनीरूपमा गाडीहरू जफत गर्नुपर्ने अवस्था नै छैन। मबाट गाडी जफत हुनुपर्नेसम्मको कुनै गैरकानूनी कार्य भएको होइन तसर्थ आयोगले जफतको मागदाबी लिनु पर्ने अवस्था नै छैन भन्ने प्र.प्रतिक्षा मल्ल राणाले विशेष अदालतमा गरेको बयान।

म २०५२ साल चैत्रको अन्तिममा मात्र इटहरी यातायात व्यवस्था कार्यालयमा गएको हुँ । सो कार्यालयको दैनिक हुने गाडी दर्ता, नामसारी आदि सम्बन्धीमा म विज्ञ पनि नभएको कार्य अनुभव नभएकोले कर्मचारी तथा सामान्य प्रशासनमा काम गर्न लगाइन्थ्यो, गाडीसम्बन्धी काम गर्न लगाइँदैनथ्यो र यस्तो टिप्पणी कसले कहिले कसरी के हेरी के को आधारमा उठाई गाडीदर्ता गराए त्यो मलाई थाहा छैन, प्रमाण कागजातहरू कस्ता थिए के थिए मैले हेरी देखेको जानेको थिइन र मेरो फाँट पनि थिएन। तर पछि २०५३।११।६ गतेका दिन २ बजेको समयमा शाखा अधिकृतहरू बस्ने कोठामा शाखा अधिकृत रामप्रसाद अर्याल र हरिप्रसाद श्रेष्ठ भएको कोठामा मलाई बोलाइयो र मलाइ अब यो कागजातहरू हामिले हेरी बुझी सकेका छौं । यसमा सबै कर्मचारीले सहि गर्ने हो तपाइँले पनि सहि गर्नुहोस् भनी दुवै शाखा अधिकृतले भन्नु भयो, टिप्पणी युवराज कोइरालाले उठाउनु भएको हो, मन्त्रीको तोक आदेशको २ वटा पत्र तथा यान्त्रीक सडक विभागको पत्रसमेत देखाई साथै

यातायात व्यवस्था कार्यालय, बुटवलको जाँच पासको कागजात ट्राफिक प्रहरीहरूको सिफारिससमेत संलग्न थियो र मैले हेर्दा स्वभाविकरूपको कागजातहरू थिए। त्यहाँ भएका सबै कर्मचारीले ठिकै छन भनी सहि गर्नुहोस् भनेकाले हामीसमेत विश्वासमा सहि गरेको हो। मलाई कुनै फाइदा हुने र अरू व्यक्तिसमेतलाई फाइदा पुग्ने तथा नेपाल सरकारलाई नोक्सान पुग्ने गरी मैले कुनै कार्य गरेको छैन र तुल्सीराम पाण्डे गलत कागज पेस गरी कार्य गर्ने भन्ने पनि थाहा थिएन र म चिन्दा पनि चिन्दिन । म ठूलो सवारी दर्ता कोठामा सम्म बस्थेँ। के कुन काम कसरी गर्छन् भन्ने थाहा थिएन। मैले कुनै पनि भ्रष्टाचारजन्य कार्य नगरेको हुँदा मैले बिगो तिर्नुपर्ने र मलाई सजाय हुनुपर्ने पनि होइन, सफाई पाउँ भन्ने प्र.यसोदा खतिवडाले विशेष अदालतमा गरेको बयान।

मेरो नाममा २०५७।१।२२ मा लुम्बिनी अञ्चल यातायात व्यवस्था कार्यालय, बुटवलबाट विनोदवहादुर बरालमार्फत नामसारी गरी लिएको हुँ। उक्त लिएको ट्रक लु.१ ख २१४४ हो। मैले उक्त ट्रक विनोद बहादुरबाट रू.५ लाखमा लिएको हुँ। मैले लिदाँ सो ट्रक गैरकानूनीरूपमा अन्य व्यक्तिहरूका नाममा दर्ता नामसारी हुँदै आएको भन्ने कुरा मलाई थाहा थिएन। सहि सत्य व्यहोराको नै होला भनी विश्वासमा परी लिएको हुँ। उक्त गाडी को को भई के कुन व्यहोराबाट गैरकानूनीरूपमा दर्ता भएको हो सो बारे मलाई थाहा थिएन । मैले अभियोग माग दाबीबमोजिमको कुनै पनि कसुर गरेको छैन मेरो कोही अन्य व्यक्तिसँग मिलेमतोसमेत नहुँदा माग दाबीबमोजिम उक्त मेरो गाडी जफत भएमा मेरो मञ्जुर छ भन्ने प्रतिवादी लाल प्रसाद गुप्ताले विशेष अदालतमा गरेको बयान।

दाबीका गाडीहरू तुल्सीराम पाण्डेले यातायात व्यवस्था कार्यालय लु.अ. बुटवलवाट लिलाम साकार गरेकोले र उक्त गाडी जिर्ण अवस्थामा रहेकाले र रङ्ग रोगनसमेत खुइलिई सकेको हुँदा, यातायात व्यवस्था कार्यालय कोशीमा गाडी लान नसक्ने अवस्थाको भएकोले उक्त गाडीहरूको प्राविधिकद्वारा स्थलगत निरिक्षण गराई भए गरेको प्रतिवेदन तहाँ पठाइएको छ भनी यातायात व्यवस्था कार्यालय, बुटवलवाट प्राविधिक जाँच प्रतिवेदन यातायात कार्यालय इटहरीमा प्राप्त भएको भनी यातायात व्यवस्था कार्यालय, बुटवलवाट लेखि आएकोले कोशी यातायातका प्राविधिकबाट पनि जाँच पड्ताल भई गाडीहरू नामसारी गर्न ठिक छ भनी प्रमाणित गरी ठूलो तथा साना सवारी शाखामा कार्यरत दुई भिन्ना भिन्नै फाँटवाला कर्मचारीहरूबाट कागजपत्र रूजु गरी लिने दिनेको सहिछाप गरी गराई कार्यालय प्रमुखबाट विभिन्न मितिमा प्रमाणित गरेर कागजपत्र संलग्न गरी रीत पुर्‍याई तुल्सीराम पाण्डेको नाममा नामसारी गर्न पेस हुन आएको टिप्पणी कार्यालय प्रमुख र सिनियर अफिसरको निर्देशनअनुसार कार्यालयको दैनिक कार्यमा निरन्तरता दिएको हुँ । नामसारीका लागि कार्यालय प्रमुख र सिनियर अफिसरबाट तोक आदेश भएका चिठ्ठीपत्रहरू र माननीय मन्त्रीज्यूबाट तोक आदेश भई आएका निवेदनहरू तथा जिल्ला ट्राफिक कार्यालय, भैरहवाले तुल्सीराम पाण्डेले लिलाममा लिएका गाडीहरूको ब्लू बुकको प्रतिलिपी बनाई दिन लेखेको २ वटा पत्रहरू र निजले पेस गरेका लिलामी कागजपत्र, नागरिकता, फोटो आदिबाट शङ्का गर्ने ठाउँ देखिएन । मिति २०५३।५।१८ मा कोशी यातायातको च.नं. १७९ को पत्रबाट कार्यालय प्रमुखको आदेशानुसार स्वयम् म आफैँले नै दस्तखत गरी सडक विभागमा पत्राचार गरेको र कार्य प्रारम्भ भएको पनि ९ महिना बितिसकेकोले कार्यालय प्रमुख र सिनियर अफिसरबाट कार्यमा अवरोध नगर्न निर्देशन भएको हो । बुटवलले पठाएको प्रविधिक प्रतिवेदन अनुसार कार्यालयको रेकर्डमा इन्जीन, च्यासीस आदी सबै मेल खाएको र रेकर्डअनुसार नै १९६२ देखि १९६६ (मोडेल) सममका ब्लू बुकहरू प्रदान गरिएकोले गाडी धनीसँग मिलोमतो गरी ब्लू

बुक दिएको भन्ने प्रश्नै उठ्दैन र भ्रष्टाचार गरेको भन्न पनि मिल्दैन । गाडीहरूको भौतिक निरीक्षण र जाँच अन्य कर्मचारीबाट नभई प्राविधिकवाट हुने र अन्य कर्मचारीसमेतलाई नभएकोले दुई ठाउँबाट जाँच भई आएको सवारीहरू नामसारी गर्न पेस भएको टिप्पणीमा सही गर्दैमा गाडी धनीसँग मिलि मिलेमतो गरी भ्रष्टाचार गरेको भन्न मिल्दैन । यसमा मेरो कुनै संलग्नता छैन भन्नेसमेत व्यहोराको प्रतिवादी रामप्रसाद अर्यालले अदालतमा गरेको बयान ।

मैले मिति २०५६।५।६ गते रूपन्देही जिल्ला शंकर नगर ९ बस्ने रमेश पाण्डेसँग लु.१ ज ४१५ को जीप रू.५८,००,०००।– तिरी खरिद गरी लिएको हुँ । सो गाडीको नामसारी बुटवल यातायात व्यवस्था कार्यालयबाट गरिएको हो । मैले सो गाडी नामसारी गरी लिँदा गैरकानूनीरूपमा दर्ता भई आएको हो भन्ने कुरा थाहा पाइन, सहि सत्य व्यहोराको नै भएको होला भनी विश्वासमा परी नगदै रकम तिरी किनेको हुँ मैले अभियोग माग दाबीबमोजिम गैरकानूनी रूपमा नामसारी गरी लिएको नहुँदा मेरो नाउँका उक्त गाडी जफत हुनुपर्ने होइन । को को भई के कुन व्यवहार गरी कस कसले नामसारी गरेका हुन् मलाई थाहा छैन, सो कार्य गर्नमा मेरो कुनै संलग्नता छैन आरोपित कसुरबाट पूर्णरूपमा सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी हस्तबहादुर सिंहले विशेष अदालतमा गरेको बयान ।

मैले प्रेम गौचन भन्ने व्यक्तिबाट लु.अ.ख २१५३ नं.को ट्रक २०५६ सालतिर रू.२,५०,०००।– तिरी लुम्बिनी यातायात कार्यालय, बुटवलबाट नामसारी गरी लिएको हो । मैले उक्त गाडी पुरानो भई बारम्बार मर्मत गरी बढी खर्च गर्नुपर्ने भएकोले लिएको १० वर्षमै रू.२,२५,०००।– मा जिल्ला कपिलवस्तु बहादुरगन्ज गा.वि.स. वा.नं. २ बस्ने रामचन्द्र कलवारलाई बिक्री गरी सकेको थिएँ । तर निज रामचन्द्रले उक्त मूल्यमध्ये केही रकम मात्र दिएको र बाँकी रकम मलाई दिन बाँकी नै रहेकोले मैले सो गाडी निजका नाममा नामसारी गर्न बाँकी रहको थियो । हाल मलाई सुन्नमा आएअनुसार ०५९।६० सालतिर ने.क.पा. माओवादीद्वारा जलाई नष्ट पारेको र हाल उक्त गाडी चालु अवस्थामा नभएको भन्ने सुन्नमा आएको छ । मैले अभियोग पत्र माग दाबीबमोजिम कोही कसैसँग मिलेमतो गरी भ्रष्टाचारजन्य कसुर गरेको नहुँदा आरोपित कसुरबाट पूर्णरूपमा सफाई पाउँ साथै उल्लिखित गाडी मैले बिक्री गरिसकेको हुँदा जफत भएमा मेरो कुनै आपत्ति छैन भन्नेसमेत व्यहोराको प्रतिवादी गणेशकुमार भुसालले विशेष अदालतमा गरेको बयान ।

म तुलसीराम पाण्डेलाई चिन्दिन । लु.१ख २६८६ साबिक गाडी धनी भोलानाथबाट नामसारी भई मिति २०५५।२।१८ मा डोलराज पाण्डेले लिएको, मेरा गाउँले भिमबहादुर भण्डारी, चन्द्र अर्याल, पदम जि.सी. समेत ३ जनाले व्यापारको लागि पैसा आवश्यक परेको हुँदा तपाईंसँग छ, ब्याज राम्ररी दिन्छौं भनी भनेको र ट्रकबाट नाफा भएपछि ब्याज र सावाँ तिरेर गाडी फिर्ता लैजान्छौं भनेको हुँदा उक्त ट्रक मेरो नाममा रूपियाँ धितोबापत पास गरेको हो । डोलराज पाण्डेबाट गाडी नाम सारी गरी निजहरूले मबाट रू.३,७५,०००।– लगेको हुन निजहरूले के कसरी कहाँबाट गाडी ल्याएका हुन मलाई थाहा छैन । गाडी कहाँ चल्छ त्यो पनि थाहा छैन । निजहरूले पटकपटक गरी रू.१,००,०००।– दिएका छन् । गाडी उनिहरूसँगै छ । सो गाडी के कसरी उनिहरूको स्वामित्वमा आयो थाहा छैन । अभियोग दाबीअनुसार गाडी जफत हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी मुनकला थापाको बयान ।

अभियोग पत्रमा उल्लिखित जीप तथा ट्रकहरू सन् १९८२ मा इण्डियन कम्पनी M.R.M. ले बुटवलमा लिलाम गराउँदा अन्य व्यक्तिहरूले लिलामा सकार गरी लिएपछि केही समयपछि बुटवल यातायात व्यवस्था कार्यालय, बुटवलमा मेरो नाममा दर्ता नामसारी भएको हो । म पहिलादेखि नै कुनैपनि प्रकारको गाडीको

कारोबार गर्ने व्यक्ति होइन। मेरो नाममा दर्ता नामसारी गरेको व्यक्ति विजय श्रेष्ठ हो। निजलाई चिनेको थिएँ। निज ठेक्का पट्टा, ऋण प्रभाह गर्ने गर्दथे। मैले निजसँग समय समयमा ऋण सापटीसमेत लिने गरेको ऋणको ब्याज तिर्नुपर्दैन । सावाँ मात्र तिरे हुन्छ भनेर मैले सहमति जनाएपछि निज विजय श्रेष्ठले उल्लिखित २१ वटा गाडीहरू मेरा नाममा दर्ता नामसारी गराइदिएका हुन। पछि उनै विजय श्रेष्ठाले अन्य व्यक्तिहरूलाई उक्त गाडीहरू के कसरी हक हस्तान्तरण गरे मलाई थाहा भएन । मेरो नाम राख्दा केही हुँदैन भनी यातायात सहायक मन्त्रीबाट भएको सिफारिससमेत देखाएका थिए । विश्वासमा परी मेरा नाममा राख्न मन्जुर गरिराखेको थिएँ। पछि विजय श्रेष्ठले नै अन्य काम कारोबार गरेका हुन् त्यस बारेमा मलाई केही थाहा छैन। उल्लिखित गाडीसमेत अन्य गाडीहरू मेरो नाममा छैन। बुटवलमा मैले सानो पसल गरिरहेको अवस्थामा नै निज विजय श्रेष्ठ तहाँ ठेक्का पट्टाको कामको सिलसिलामा र ऋण कर्जासमेत लगाउने क्रममा सन् १९८२/८५ तिर चिनजान भएको हो। निजको गाडी दुर्घटनामा मृत्यु भइसकेको छ। उल्लिखित २१ वटा गाडीहरू भारतको M.R.M. कम्पनीले नेपालको पूर्व पश्चिम राजमार्ग बनाउने काममा लगाई प्रयोग गरिरहको अवस्थामा उक्त कम्पनीको प्रोजेक्ट समाप्त भई नेपाल छाडी जाने क्रममा लिलाम गरी छाडी गएका हुन्। उक्त कम्पनीबाट अन्य व्यक्तिहरूले लिलाम सकार गरी दिने व्यक्तिहरूबाट विजय श्रेष्ठले पनि केही समय पछि मेरा नाममा दर्ता नामसारी गराएका हुन् । मैले निजलाई केवल नागरिकताको प्रतिलिपी र फोटो दिएको थिएँ। अभियोगपत्रमा उल्लिखित गाडीहरू गैरकानूनीरूपमा नेपाल भित्रिएको होइन। M.R.M. कम्पनीले कामको सिलसिलामा ल्याई प्रयोग गरिरहका गाडीहरू हुन् । मेरो उक्त गाडीहरूको प्रत्यक्ष कारोबारमा कुनै प्रकारको संलग्नता छैन। सबैको कारोबार विजय श्रेष्ठले नै गरेका थिए। उक्त गाडीहरू सुरुमा कोशी यातायात व्यवस्था कार्यालयमा दर्ता भई नेपाल भित्रिएका हुन् । पछि कोशी यातायातबाट सरूवा सहमति लिई बुटवलमा दर्ता गराएका हुन्। किन भने उक्त गाडीहरू बुटवलमा नै चलिरहका थिए र बुटवलमा लिलाम पाएको हो। उल्लिखित व्यहोराको गाडीहरू तत्कालीन अवस्थामा लिलाम सकार गरी दिई चलाउन पाउने व्यवस्था रहको थियो। सरकारलाई हानि नोक्सानी पुर्‍याएको, कर्मचारीसमेतसँग मिलेमतो गरी आफूलाई गैरकानून लाभ पुर्‍याएको भन्ने आरोप पत्र व्यहोरा झुट्ठा हो । प्रस्तुत मुद्दा अभियोगबाट सफाइ पाउँ भन्ने व्यहोराको प्रतिवादी तुलसीराम पाण्डेको विशेष अदालतमा भएको बयान।

मैले पहिलादेखि चिने जानेको हरि बहादुर क्षेत्रीले लु.१ ख २२१० नं.को ट्रक १ वर्ष पहिलादेखि चलाई रहेको देखेको थिएँ। सो गाडी बेचबिखन गर्ने भनी हरिबहादुर क्षेत्रीले भनेको सुनी सो गाडी निजबाट रू.१४७५००।– मा मिति ०६०।९।७ मा बुटवल यातायात कार्यालयबाट मेरा नाममा नामसारी गरी दिएका हुन्। सो गाडी लिँदा गाडीका भएका प्रमाण र कागजातका आधारमा नामसारी गरी लिएको हुँ। सो गाडी निज हरिबहादुर क्षेत्रीले के कसरी कोबाट लिएका हुन् मलाई थाहा छैन । हालसम्म गाडी गैरकानूनी तवरबाट दर्ता पाएको पनि अभियोग पत्रको व्यहोराबाट थाहा पाएँ, उक्त गाडी गैरकानूनी तवरबाट दर्ता भएको थाहा पाएको भए लिने थिइन। मैले गैरकानूनी रूपमा सो गाडी दर्ता गरी लिएको होइन, सो कार्य गर्न मेरो कोहीसँग मिलेमतोसमेत छैन। गैरकानूनी व्यहोराको भए बुटवल यातायात कार्यालयले मेरो नाममा नामसारी गरिदिनु हुन्नथ्यो । मैले हरिबहादुर क्षेत्रीबाट नामसारी गरी लिएपछि उक्त लु. १ ख २२१० नं. को ट्रक पटकपटक मर्मत संभार गरी चलाई आएकोमा मिति २०६२।४।१० मा नवलपरासीको खुर्सानी खोलामा ४०० मि. तल खसी दुर्घटना भई ट्रकमा धेरै हानि भएको र दुर्घटना स्थलबाट निकाल्न धेरै रकम लाग्ने भई त्यतिकै रहेको

थियो । दुर्घटना वर्षादको समयमा भएको हुँदा बाढीले कतिपय सामानहरू बगाई लगेको र आफ्नो आर्थिक अवस्था कमजोर भएकोले निकाल्न नसकेको तथा पछिल्लो समयमा उक्त ट्रकका सबै सामान अरूले नै निकाली लगिसकेको रहेछ । चालु हालतमा नरहेको भौतिक अस्तित्वसमेत समाप्त भइसकेको उक्त ट्रक जफत गरिपाउँ भनी प्रस्तुत अभियोग पत्र बिना सबुत प्रमाण र वास्तविक अनुसन्धान बेगर नै मेरो नाममा ब्लू बुक भएकै भरमा मलाई भ्रष्टाचार जन्य अपराधमा सहभागी गराएको हुँदा प्रस्तुत अभियोग पत्र झुट्ठा हो । मैले कोही कसैसँग गैरकानूनीरूपमा मिलेमतोसमेत गरी उक्त गाडी आफ्नो नाममा नामसारी गरी लिएको होइन को को भई के कसरी लिएका उनिहरू नै जानून, सो सम्बन्धमा मलाई केही थाहा छैन । प्रस्तुत अभियोग बाट फुर्सद पाउँ भन्ने व्यहोराको प्रतिवादी कृष्णबहादुर सिंहको विशेष अदालतमा भएको बयान ।

लु.१ ख ४७७ नं. को गाडी मेरो नाममा दर्ता कायम रहेको छ । सो गाडी मैले बुटवलकै इन्दिरा शर्मासँग खरिद गरी लिएको हुँ । लु.१ ज ४७७ नं. को महेन्द्रा एण्ड महेन्द्रा गाडी हो । उक्त गाडी यातायात व्यवस्था कार्यालयमा गई रू.४,००,०००।– (चारलाख) मा नामसारी गरी लिएको हो । गैरकानूनी एवं बद्नियतपूर्वक मैले गाडी दर्ता गराएको होइन । गैरकानूनीरूपमा गाडी दर्ता गराएको भनी जानकारी भएको भए खरिद गर्ने थिइन । सवारी कार्यालयमा गै नामसारी गरी खरिद गरिएको कुरालाई अन्यथा मान्न मिलेन । यातायात कायार्ललयले मेरो नाममा सवारी धनी प्रमाण पत्रसहित दिई सालसालै राजश्वसमेत बुझाउँदै आएको छु । तसर्थ मेरो नाममा भएको गाडी जफत हुनुपर्ने होइन । गाडी जफत हुनुपर्ने भए मैले खरिद गरी लिएको रकम इन्दीरा शर्माबाट दिलाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी दिलाराम सापकोटाको विशेष अदालतमा भएको बयान ।

म यातायात व्यवस्था कार्यालय इटहरीमा २०५१ सालमा गई ०५५ सालमा सरूवा भएको हो । म तहाँ उपसचिव कार्यालय प्रमुख पदमा गएको हुँ । तहाँ बस्दा नीति नियम ऐन तथा प्रचलनबमोजिम काम गरेको थिएँ । आरोप पत्रमा उल्लेख भएका १० वटा जीप तथा ११ वटा ट्रकहरू नयाँ दर्ताको नभई एस.पि. कार्यालय, विराटनगरबाट लेजर ढड्डा यातायात व्यवस्था कार्यालय, इटहरीमा प्राप्त भएको र सोही लेजर ढड्डाको आधारमा पुराना गाडीको काम गरी नयाँ उक्त गाडीहरू २०२४।०२५ सालमा नै दर्ता भएको सो प्राप्त लेजरमा देखिएको र सो माथि लेखी पठाई दिनु भन्ने विभागीय मन्त्रीको ०५३।३।१९ को आदेश अनुसार ०५३।३।१९ मा अभिलेख पठाइयो । एक पटक दर्ता भइसकेको गाडीको पुनः भन्सार तिरेको निस्साको आवश्यकता पर्दैन ।१९६३ मोडेलको गाडीको नाममा २००६ मोडेलका गाडी पुरानै नम्बर प्लेटमा कसैले चलाउँछ भने त्यसको जिम्मेवारी कार्यालयमा नभई सवारी धनीकै हुन्छ । एस.पी. कार्यालय, विराटनगरबाट प्राप्त श्रेस्ताको आधारमा कोशी अञ्चलबाट सरूवा दर्ताको लागि सिफारिस गरी लुम्बिनी अञ्चलमा पठाएको कोशी अञ्चलबाट पठाउँदा दुरूस्तरूपमा पठाइएको लुम्बिनीमा गएपछि कसले के गरेको मलाई थाहा हुने र जिम्मेवारी रहने होइन । चोरी पैठारी भनी गरिएको गाडीहरूको को अ. को नामबाट नभई लु.अ. को नामबाट भएको र विवरणसमेत फरक परेको अभियोग पत्र नं. १५ ले पनि स्पष्ट गरेको छ । तत् सम्बन्धमा लुम्बिनीमा सोध्नेसमेत जमर्को नगरी कोशीका सिमित कर्मचारीलाई मात्र आरोप लगाइएको छ ।

प्राविधिक प्रतिवेदनको सन्दर्भमा एउटा कार्यालयमा सम्पादन हुने दर्ता नामसारीको लागि सवारीको भैतिक अवस्था सवारी रहेको नजिकैको सवारी यातायात कार्यालयको प्राविधिकले गरेको जाँच अधिकृतस्तरबाट प्रमणित भई आफ्नो प्राविधिक प्रतिवेदनलाई सवारी दर्ता नामसारी हुने कार्यालयमा

कार्य सम्पादन हुने प्रचलन सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ पश्चात र यातायात व्यवस्था विभाग तथा कार्यालयहरूबाट सम्पन्न गरिने कार्यालयहरूको कार्यविधि निर्देशिका ०६१ प्रारम्भ हुनुपूर्व प्राविधिक प्रतिवेदनको आधारमा समेत सवारीको नामसारी दर्ता गर्ने प्रचलन रहेको । रात्री वसलाई पुनः सञ्चालन गर्नु परेको खण्डमा नजिकैको यातायात व्यवस्था कार्यालयबाट जाँच प्रतिवेदनका आधारमा यातायात विभागले म्याद थप गर्ने गरेको । यातायात कार्यलाय कोशी, सेती र बागमतीको प्राविधिक प्रतिवेदनले पनि पुष्टि हुन्छ, यस्तै नारायणीको २०६०।१।२३ मा विभागलाई बोधार्थ पत्र दिई सबै कार्यालयहरूलाई लेखेको पत्रमा अबदेखि प्राविधिक प्रतिवेदन पठाउन अनुरोध गरकोले सो समयभित्र प्राविधिक प्रतिवेदनको आधारमा दर्ता नामसारी भएको भन्ने पुष्टि हुन आउँछ । विभागीय सहायक मन्त्रीको ०५३।३।१९ को निवेदनमा लिलाम सकारेको पत्र संलग्न भएको र २०५३।४।२३ को पत्रअनुसार निवेदक तुल्सीराम पाण्डेको मागअनुसार तुरून्तै कारवाही गरिदिने भन्ने दुवै पत्रहरू हेभी इक्वीपमेन्ट बुटवलको ०५३।९।८ र ०५३।९।२३ को दुवै पत्रहरू ट्राफिक प्रहरी कार्यालय, भैरहवाको ०५३।९।३ र ०५३।९।२३ को दुवै पत्रहरू लुम्बिनी यातायातको ०५३।८।१६ र सडक विभागको ०५३।५।२३ को सबै पत्रहरूको आधारमा निज पाण्डेले नै लिलाम सकारेका हुन् भन्ने किटानी साथ स्पष्ट उल्लेख भएको । सवारीको नामसारी गर्दा निज पाण्डेको नाममा समय समयमा पेस भएका भिन्नाभिन्नै सरकारी कार्यालयहरूको दोहोरो कागज पत्रहरू समेतमा तत्कालीन श्री ५ को सरकारको लेटरप्याड सहिछाप, छाप, दस्तखत स्पष्ट देखिन आएको तथा लुम्बिनी यातायात र हेविइक्युपमेन्ट कार्यलयसमेत एउटै परिसरमा भएकोले उक्त कागजातहरू साँचो ठानी कार्यालयको आफ्नो बुद्धी विवेक र कार्यक्षमताको म्यादसम्म सोधखोज गर्दासमेत ९ महिना लगाएर कार्य सम्पादन गरको फाइलले नै पुष्टि हुन्छ । लिलाम वा अन्य कुनै प्रक्रियाबाट प्राप्त भएका सवारी धनीहरूले नामसारी गर्दा आफ्नो अनुकूलता हेरी गर्दछ । नामसारी गर्दा हदम्याद तोकिएको छैन तोकिएको अवधिभन्दा ढीलो गरी नामसारी गर्न ल्याएमा थप दस्तुर लिई नामसारी गर्ने कानूनी प्रावधान छ, सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६०(३) अनुसार म्याद नाघी आएकोमा प्रत्येक गाडीको हदैसम्मको अधिकतम जरिवानासमेत गरिएको फाइलबाट प्रष्ट हुन्छ । सडक विभागको २०५३।५।२३ को पत्रानुसार सरकारी स्वामित्वमा गाडी रहेको र त्यस्ता गाडीहरूको तत्कालीन श्री ५ को सरकारको २०५०।११।१७ को निर्णयअनुसार ५ वर्षभन्दा पुराना गाडीहरूको लिलाम बिक्री गर्दा लाग्ने भन्सार तथा आयकर महसुलहरू पूर्णरूपमा छुट भएअनुसार भएको हो ।

कोशी यातायातका दुवैजना शाखा अधिकृतहरूको रोहवरमा निज पाण्डेले मिति २०५३।८।२३ मा गरेको सनाखतका कागजहरू राजस्व भन्सार तिर्नु परेको खण्डमा तिर्नेछौं भनी दयाराम यादवले समेत गरेका सही छ । त्यस्तै नामसारी बदर भएमा गरेको मन्जुरीनामा को कागजसमेत गरेको छ । आरोप पत्रको पेज नं. ३६ को परिच्छेद २ मा निज पाण्डेले किर्ते कागज तयार पारी चोरी पैठारी गरेकोमा भन्सार ऐन, २०१९ अनुसार कारावही गर्ने भन्ने किटानी भएकोमा सो गरी मुद्दा स्वतः खारेज हुनुपर्ने सोही ऐनको दफा ४५ मा भन्सार ऐन वा सोअन्तर्गत बनेका नियमसँग बाझिने हदसम्म अमान्य हुनेछ भन्ने स्पष्ट उल्लेख हुदाहुदै सो ऐनको समेत उल्लङ्घन भएको छ । कर्तव्य पालनाको सिलासिलामा निजामती कर्मचारीले गरेको कुनै पनि सरकारी कामको सम्बन्धमा मुद्दा चलाइने छैन भन्ने निजामती सेवा ऐन, २०४९ को दफा ५७ र यातायात तथा व्यवस्था ऐन, २०४९ को दफा १७५ मा आफ्नो कर्तव्य पालना गर्दा असल नियतले गरेको कामकारवाहीमा निज व्यक्तिगतरूपमा

जवाफदेही हुने छैन भन्ने कुराको बेवास्ता पूर्वक बर्खिलाप गरिएको छ । कार्यालयका कर्मचारीहरू बाहेक अरूसंग मेरो चिनजान तथा सम्बन्ध छैन । नेपाल सरकारलाई हानि नोक्सानी पुर्‍याई प्रतिवादी तुल्सीराम पाण्डेलाई समेत व्यक्तिगतरूपमा फाइदा पुग्ने गरी कुनै काम गरको छैन र कसैसँग मिलेमतोसमेत गरेको छैन प्रस्तुत आरोपबाट सफाई पाउँ । सरूवा सहमति दिँदा स्वयम् गाडी कार्यालयमा ल्याइरहनु नपर्ने प्रचलन रहेको र अन्य यातायात कार्यालयहरूबाट पनि त्यसै गरी कार्य हुने गरको छ । साथै प्राविधिक प्रतिवेदन नपठाउनु भनी परिपत्र गरिदने विभागमा समेत वोधार्थ दिई यातायात व्यवस्था कार्यालय, विराटनगरले मिति २०६०।१।२३ मा पत्र लेखेको छ । त्यसैले गाडी कार्यालयमा ल्याएको थिएन, लुम्बिनी यातायात व्यवस्था कार्यालयको २०५३।८।१६ को प्राविधिक प्रतिवेदनअनुसार नामसारी भएको हो भन्ने प्रतिवादी रामप्रसाद सैजुले विशेष अदालतमा गरेको बयान ।

म तुल्सीराम पाण्डेलाई चिन्दीन । लु.१ ज. ४४१ नं. को महेन्द्रा जीप मैले नरेन्द्र गोपाल श्रेष्ठबाट किनेको हो । सो गाडी पहिले कस्को थियो । कहाँबाट दर्ता भयो थाहा छैन । गाडी खरिद गर्दा सो गाडीको नम्बर लु.१ ज ९५७ प्राइभेट थियो । मैले एकवर्ष चलाएपछि भाडाको लागि लु.१ज ४४१ बनाएँ । नरेन्द्र गोपाल श्रेष्ठले सो गाडी के कसरी प्राप्त गरे मलाई थाहा छैन । यातायातमा गै जाँचपास रोड परमिट व्लू बुकसहित मेरो नाममा दर्ता भएको हो । मैले बुटवल नारायणघाटको परमिटअनुसार गाडी चलाई रहेकोमा ३ वर्ष अगाडी यातायात कार्यालयले किन हो भनी बुझ्दा सो गाडी कारवाहीमा परेको, त्यसको कारोबार हुँदैन भन्ने थाहा पाएँ । उक्त गाडी जफत हुनुपर्ने हो होइन थाहा छैन । मलाई गाडी खरिद गर्दा लागेको रकम पाए गाडी फिर्ता गरिदिन्छु । मैले सो गाडी कहाँबाट आएछ भनी नेपालगन्ज यातायात कार्यालयमा बुझ्दा सो गाडी रा.१ च ४० नं. भई बुटवलमा दर्ता हुन आएको र यसको भन्सार कोयलावासबाट आएको भनी जानकारी गराई फोटोकपीसमेत लिएको थिएँ । सो गाडी सम्बन्धमा अरू केही थाहा छैन भन्ने प्रतिवादी रामप्रसाद शाक्यले विशेष अदालतमा गरेको बयान ।

मउपर लगाएको आरोप झुठा हो । आरोप पत्रअनुसारको कसुर गरेको छैन । तुल्सीराम पाण्डेलाई म चिन्दिन । म मेकानिकाल सुपरभाइजर सरहको कर्मचारी भएको र कार्यालय प्रमुखले लाए अह्राएको काम गर्ने मेरो दायित्व हो । म सम्बन्धित फाँटको फाँटवाला होइन र टिप्पणी मैले उठाएको होइन । तुल्सीराम पाण्डेले पेस गरेका कागजातहरू सक्कली नक्कली के हो छुट्याउने वा जाँचको आदेश गर्ने अधिकारी म होइन । फाँटबाट उठेको रितपूर्वकको टिप्पणीमा कार्यालय प्रमुखको मौखिक आदेशानुसार सहीसम्म गरिदिएको छु । अञ्चल यातायत कार्यालय, बुटवलबाटै सवारी विवरण प्रमाणित भई आएको हुनाले सोही पत्र र हाकिमको निर्देशानुसार मैले सहि गरेको हुँ । ती पत्रहरू किर्ते थिए भन्ने पनि मलाई थाहा थिएन । यस कारण मैले आरोप पत्र माग दाबीअनुसार कुनै कसुर अपराध गरेको छैन । मिति २०५३।११।६ मा निर्णय भएको टिप्पणी आदेशमा पुच्छरे सहीसम्म मैले गरेको हुँ । कागजपत्र सबै ठिक र सक्कल छ भन्ने आधारमा मात्र सही गरेको हुँ । यस सम्बन्धमा तुलसीराम पाण्डे नै जानून । आरोप पत्रअनुसारको कसुर मैले नगरेको हुँदा सजाय हुनुपर्ने होइन भन्ने व्यहोराको प्रतिवादी प्रमोदकुमार चौधरीको विशेष अदालतमा भएको बयान ।

प्र. मन्सुर तेली मुसलमानको साक्षी अलिल मिया, प्र. अशोककुमार गुप्ताका साक्षी राजु देवकोटा र हरिप्रसाद श्रेष्ठका साक्षी पन्नाकाजी रञ्जितले गरेको बकपत्र मिसिल सामेल रहेको ।

सम्बन्धित कानून र विभागीय निर्देशनको विपरीत हुनेगरी बनावटी कागजातको आधारमा विवादीत सवारी साधानहरूको नामसारी दर्ता गर्ने

गराउने कार्यबाट सरकारको राजश्वमा गैरकानूनी हानि हुन गएको पुष्टि हुन आउँछ । प्रतिवादी तुल्सी राम पाण्डेका हकमा विचार गर्दा उल्लिखित २१ वटा दाबीको सवारी साधन प्रतिवादी तुल्सीराम पाण्डेको नाउँमा अञ्चल यातायात व्यवस्था कार्यालय, कोशी इटहरी सवारी साधन निजकै नाउँमा नामसारी दर्ता भएको अवस्थामा उक्त सवारी साधनहरू दर्ता गराउँदा तयार गरिएका कागजपत्रहरू तथा व्यहोराहरू झुट्टा तथा नक्कली भएको पुष्टि भएको अवस्थामा त्यस्ता लिखत तथा विवरण पेस गरी दुषित सवारी नामसारी दर्ता गराइ सरकारी राजश्वमा गैरकानूनी हानि नोक्सानी पुर्‍याएको देखिँदा निज प्रतिवादीले आरोपित कसुर गरेको पुष्टिहुन आउँछ । प्रतिवादीहरू रामप्रसाद सैंजु, हरिप्रसाद श्रेष्ठ, रामप्रसाद अर्याल, प्रमोदकुमार चौधरी, लालबहादुर बुढाथोकी, यशोधा खतिवडा, युवराज कोइराला र नारदप्रसाद भट्टराईको हकमा विचार गर्दा यी प्रतिवादीहरूबाट आफूले पालना गर्नुपर्ने दायित्व पुर्णरूपमा पालना भएको देखिएन । यी प्रतिवादीहरूले आवश्यक जाँचबुझ गरी मात्र विवादित सवारी साधन दर्ता गरेका थिए भन्ने अवस्था देखिँदैन । अन्यत्र कार्यालयबाट प्राविधिक परीक्षण भएको भनी पेस भएको पत्रको सम्बन्धमा सम्बन्धित निकायसँग सम्पर्क नै नराखी सोधखोज नै नगरी प्रतिवादी तुल्सीराम पाण्डेले पेस गरेका झुट्टा एवं नक्कली पत्रका आधारमा सो पत्रको आधिकारीकतानै नबुझी प्रतिवादी तुल्सीराम पाण्डेका नाममा लिलाम नै नभएको विवादित २१ थान गाडी नामसारी दर्ता गरी दिने कार्य गरेको देखिएको अवस्थामा यी प्रतिवादीले दाबीको कसुर गरेका होइनन भनी भन्न मिल्ने देखिएन । अब राजस्व हानि नोक्सानी भएको भनेको बिगो र दाबीको गाडी जफततर्फको दाबीका सम्बन्धमा विचार गर्दा मुद्दा चलेका गाडीका सम्बन्धमा पनि मन्त्रिपरिषद्को मिति २०६३।५।६ को निर्णयबमोजिम गर्ने भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट निर्णय भई सोहीअनुसार केहिमा कारवाही भएको र हुन बँकीका हकमा पनि सोहीबमोजम हुनेनै हुदा अहिलेनै यस मुद्दाबाट राजस्वको बिगो असुल गर्नुपर्ने र गाडी जफत गर्नुपर्ने स्थिति र अवस्था नदेखिँदा त्यसतर्फ विचार गरिरहन परेन । आरोप पत्र माग दाबीबमोजिमको कार्य गरी गैरकानूनीरूपमा भन्सार राजस्व हानि नोक्सानी पुर्‍याई प्रतिवादीमध्येका राम प्रसाद सैजु, हरिप्रसाद श्रेष्ठ, रामप्रसाद अर्याल, प्रमोदकुमार चौधरी, लालबहादुर बुढाथोकी, यशोधा खतिवडा, युवराज कोइराला र नारदप्रसाद भट्टराईले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) बमोजिमको र प्रतिवादी तुल्सीराम पाण्डेले सोही ऐनको दफा ८ बमोजिमको कसुर गरेको ठहर्छ । सो ठर्हनाले निज प्रतिवादीहरूलाई सोही दफा र दफा २९(२) बमोजिम जनही रू.५,०००।- (पाँच हजार) का दरले जरिवाना हुन्छ । बिगो तथा जफततर्फको दाबीको हकमा मन्त्रिपरिषद्को मिति २०६३।५।६ को निर्णयबमोजिम सम्बन्धित भन्सार कार्यालयबाट आवश्यक कारवाही हुने नै हुँदा त्यस विषयमा यस मुद्दाबाट केही विचार गरिरहनु परेन भन्नेसमेत व्यहोराको विशेष अदालत, काठमाडौंको मिति २०६४।१२।११ को फैसला ।

पैठारी महसुल नै नबुझाई किर्ते कागज तयार गरी भित्राइएका सवारी साधनहरूले तत्कालीन समयमा समस्या सृजना गरेकोले नेपाल सरकारले सोही समस्यालाई व्यवस्थापन गर्ने क्रममा मिति २०६३।५।६ मा उल्लिखित विषयमा निर्णय गरेको र सोही निर्णयलाई कार्यान्वयन गर्न आयोगले पनि निर्णय गरेको हो । अपराध गरिएको समयमा जे जति मूल्य बराबरको अपराध गरिन्छ त्यसै मूल्यलाई बिगोको रूपमा लिइन्छ । त्यसलाई पछि भएको वा गरिएको निर्णयले असर पार्न सक्दैन । प्रस्तुत मुद्दामा कायम हुन आएको बिगोको आधारमा प्रतिवादीहरूलाई सजाय गरिनु पर्नेमा रू.५०००।- मात्र जरिवाना हुने ठहर्‍याई भएको फैसला कानूनसम्मत छैन ।

तत्कालको अवस्थामा सरकारलाई बुझाउनु पर्ने रू.९३,८३,९९६ राजश्व नतिर्ने मनसायले चोरी पैठारी गरी दर्ता नामसारी भएको देखिएको मूल्यलाई नै बिगो मानी सोही बमोजिम सजाय हुनुपर्नेमा सो नगरी फैसला भएको छ। बिगोबमोजिम प्रतिवादीहरूलाई सजाय गरी निजहरूबाट बिगो असुलउपर गर्ने र गैरकानूनीरूपमा नामसारी भएका सवारी साधनहरू जफत गर्ने गरी फैसला गर्नुपर्नेमा सो नगरी भएको विशेष अदालतको मिति २०६४।१२।११ को फैसला सो हदसम्म बदर गरी प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको पुनरावेदन पत्र।

म कसुरमा इन्कार रहेको छु भने मउपर कसैले यो यति रकम लिनु खानु गरी दर्ता नामसारी गरेको भनी पोल गरेको अवस्थासमेत छैन । सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ मा नामसारीको लागि सवारी ल्याउनु पर्ने प्रावधान रहेतापनि ऐन लागू भए पछि यातायात व्यवस्था विभाग एवम् कार्यालयबाट सम्पन्न गर्नुपर्ने कार्यहरूको कार्यविधि एवम् निर्देशिका २०६० जारी हुनुपूर्व बीचको अवधिमा सवारी दर्ता एवम् नामसारी गर्दा जारी गरेको प्राविधिक प्रतिवेदनको आधारमा समेत सवारी साधन दर्ता तथा नामसारी गर्ने प्रचलन रहेकोले उक्त सवारी साधन बुटवल यातायात व्यवस्था कार्यालयबाट प्रतिवेदनको आधारमा निर्णयको लागि टिप्पणी उठाई निर्णयपश्चात् नामसारी दर्ता गरेको हो । अन्यत्र कार्यालयबाट तयार भएको प्राविधिक प्रतिवेदन माथी शंका गर्ने ठाउँ नै नभई सवारी साधन नामसारी दर्ता गरेको हो। सडक विभाग, बबरमहलबाट गाडीहरू पूर्ण सरकारी साधन भएको भन्ने जवाफ प्राप्त भएपछि मात्र नामसारी दर्ता कार्य अगाडी बढाएको हो। मैले यस किसिमबाट आपराधिक कार्य गरेको भन्ने नदेखिएको अवस्थामा कसुरदार ठहर्‍याई रू.५०००।– जरिवाना गर्ने गरी भएको विशेष अदालतको फैसला नमिलेको हुँदा उल्टी गरी अभियोग दाबीबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी हरिप्रसाद श्रेष्ठको पुनरावेदन पत्र।

मैले बद्नियतपूर्वक यति बिगो बराबरको सरकारी वा सार्वजनिक सम्पत्ति हानि नोक्सानी गरेको वा गराएको भन्ने प्रमाणित भएको भन्ने विशेष अदालतको फैसलामा उल्लेख हुन सकेको छैन । नामसारी भएका गाडीहरू सन् १९८२ मा लिलाम भएको भएपनि सरकारकै स्वामित्वमा रहेकोमा विवाद छैन। उक्त गाडीहरू मर्मत सुधार नगरी चल्न नसक्ने अवस्थामा बुटवल तथा भैरहवाको ग्यारेजमा रहेको भनी यातायात व्यवस्था कार्यालय, बुटवलबाट प्राविधिक प्रतिवेदन प्राप्त भएको र उक्त प्रतिवेदन झुट्टा हो भन्ने प्रमाणित छैन । सो प्रतिवेदनलाई विश्वास नगर्नुपर्ने तत्काल कुनै कारण पनि रहेको थिएन। लिलाम सकार गर्ने तुल्सीराम पाण्डेलाई उक्त गाडीहरूको भन्सार तिर्नुपर्ने ठहर भएमा भन्सारसमेत दाखिला गराउने छु भन्ने व्यहोराको कागज गराई नामसारीको प्रक्रिया अगाडी बढाइएको हो। मैले असल नियतले पदिय रूपमा गर्नुपर्ने कार्य गरेको र भ्रष्टाचारको अपराध नभएको भन्ने प्रष्टरूपमा प्रमाणित भएको अवस्थामा मलाई कसुरदार ठहर गरेको विशेष अदालत, काठमाडौंको मिति २०६४।१२।११ को फैसला त्रुटिपूर्ण हुँदा बदर गरी आरोपित कसुरबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी रामप्रसाद अर्यालको पुनरावेदन पत्र।

सवारी साधनहरू नामसारी दर्ता गर्ने गरी मिति २०५३।११।६ मा भएको निर्णयबाट सरकारी राजश्वमा नोक्सानी भएको छैन । ५ वर्षभन्दा पुराना गाडीहरूको लिलाम बिक्री गर्दा लाग्ने भन्सार तथा आयकर महसूलहरू पूर्णरूपमा छुट दिने भन्ने सरकारको मिति २०५०।११।१७ को निर्णयअनुसार उपरोक्त सवारी साधनहरू नामसारी भएको हो । म सम्बन्धित फाँटवालासमेत होइन। कार्यालय प्रमुखको आदेशबमोजिम मैले टिप्पणीमा सही मात्र गरिदिएकी हुँ । खारेज भई अस्तित्वमा नै नरहेको ऐनअन्तर्गत

मुद्दाको अनुसन्धान गरी मुद्दा दायर भएको छ । मैले के कति राजश्व हिनामिना गरी भ्रष्टाचार गरेको हो सो कुरा स्पष्ट खुलाई दाबी लिइएको छैन । नोक्सानी एवम् दाबीसमेत ठहर्‍याउन नसकी जरिवाना मात्र गर्ने गरी भएको विशेष अदालत, काठमाडौंको फैसला सर्वोच्च अदालतबाट प्रतिपादित कानूनी सिद्धान्तसमेतको विपरीत हुँदा बदर गरी झुट्ठा अभियोग दाबीबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी यशोधा खतिवडाको पुनरावेदन पत्र ।

तत्कालीन अवस्थामा उक्त गाडीहरू एस.पी. कार्यालयमा दर्ता भएको भन्ने सो कार्यालयको अभिलेखबाट देखिन्छ । एक पटक दर्ता भइसकेका गाडीहरूको लागि पुनः भन्सार तिरेको निस्साको आवश्यकता पर्दैन । गाडीहरू कोशी अञ्चलबाट लुम्बिनिमा सरूवा भई त्यहाँ दर्ता भइसकेपछि त्यस्ता गाडीमा रिपञ्च गरी दर्ता गरिन्छ भने सोको जिम्मेवार कोशी यातायात हुनै सक्दैन । मैले गरेको कार्य कानूनबमोजिम गरेको स्पष्ट छ । साधिकार निकायले जाँच गरी पठाएको प्राविधिक प्रतिवेदनलाई आधार मानी नामसारीको कार्य गरिएको छ । कागजात किर्ते जालसाजीरूपमा खडा गरी पेस गरिएको भए त्यस्तो गर्ने व्यक्तिलाई सरकारी कागजात किर्ते गरेतर्फ कारवाही गर्नुपर्ने स्पष्ट कानूनी व्यवस्था छ । गाडीहरू दुषितरूपमा दर्ता गरी भन्सार महसुल तिर्नुपर्नेमा नतिरेको भए भन्सार ऐन, २०१९ ले कारवाही गर्नुपर्ने स्पष्ट कानूनी व्यवस्था छ । गाडी दर्ता नामसारी गर्ने व्यक्ति तुल्सीराम पाण्डेले दर्ता नामसारी गर्न कुनै रकम कसैलाई नदिएको भनी बयान गरेको अवस्था छ । सवारीको नामसारी गर्दा चाहिने कागजातहरू सम्बन्धित कार्यालयबाट प्राप्त भएको तथा सहायक मन्त्रीज्यूको तोक आदेशसमेतको आधारमा करिब ९ महिना पछि नामसारी गरिएको हो । मैले भ्रष्टाचारजन्य कार्य नगरी असल नियतले गरेको काममा मलाई कसुरदार ठहर्‍याई रू.५०००।- जरिवाना गर्ने गरी भएको विशेष अदालतको मिति २०६४।१२।११ को फैसला त्रुटिपूर्ण हुँदा बदर गरी अभियोगबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी रामप्रसाद सैंजुको पुनरावेदन पत्र ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ३७(३) को व्यवस्थाअनुसार नामसारीको लागि दरखास्त परेमा अधिकारप्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी तोकिएको दस्तुर लिई दर्ताको प्रमाण पत्रमा नामसारीको व्यहोरा जनाई नामसारी गर्नुपर्छ भन्ने व्यवस्था रहेको छ । तर नामसारी गर्ने क्रममा जाँचबुझ गर्ने अधिकार यातायात व्यवस्था कार्यालयका सहायक कर्मचारीहरूलाई प्राप्त छैन । अधिकारप्राप्त अधिकारी भन्नाले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २(ज्ञ४) बमोजिम यातायात व्यवस्था कार्यालयका प्रमुखलाई सम्झनु पर्ने हुन्छ । तुल्सीराम पाण्डेले पेस गरेका कागजातमा सरकारी कार्यालयको छाप र अधिकृत कर्मचारीहरूको दस्तखत भएबाट शंका गर्नुपर्ने ठाउँ नभएकोले र मन्त्रिपरिषद् सचिवालयको मिति २०५०।१।६ को निर्णयअनुसार सरकार र सरकारको पूर्ण स्वामित्वमा रहेका संस्थाहरूको महसुल सुविधामा पैठारी गरिएका ५ वर्षभन्दा पुराना गाडीहरू लिलाम बिक्री गर्दा त्यसमा लागेको भन्सार तथा अन्य कर पूर्णरूपमा छुट दिने भन्ने निर्णय भएको देखिएकोले सोही व्यहोरा जनाई म युवराज कोइरालाले टिप्पणी लेखेको र हामी लालबहादुर बुढाथोकी र नारदप्रसाद भट्टराई सम्बन्धित शाखाको कर्मचारी नभएता पनि कार्यालय प्रमुखको निर्देशनबमोजिम टिप्पणीमा दस्तखत गरेकोसम्म हो । हामीले कसैबाट केही लिए खाएको छ भनी प्रमाणित गर्न नसकेको अवस्थामा कर्तव्य पालनको सिलसिलामा कार्यालयमा प्राप्त कागजातहरू अख्तियारप्राप्त अधिकारीसमक्ष पेस गरेकै कारणले मात्र हामी पुनरावेदकहरूलाई कसुरदार ठहर्‍याएको विशेष अदालत, काठमाडौंको मिति २०६४।१२।११ को फैसला त्रुटिपूर्ण हुँदा उल्टी गरी

अभियोग दाबीबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादीहरू लालबहादुर बुढाथोकी, युवराज कोइराला र नारदप्रसाद भट्टराईको संयुक्त पुनरावेदन पत्र।

नामसारी गर्ने क्रममा जाँचबुझ गर्ने अधिकार मेकानिकल सुपरभाइजरलाई प्राप्त छैन। अधिकारप्राप्त अधिकारी भन्नाले कार्यालय प्रमुखलाई सम्झनु पर्ने हुन्छ। मैले मेकानिकल सुपरभाइजरको हैसियतले कार्यालयमा प्राप्त कागजातहरू अधिकारप्राप्त अधिकारीसमक्ष पेस गरेकोसम्म हो। मैले टिप्पणीबमोजिम नामसारी गर्न उपयुक्त देखिन्छ भन्ने सम्म सिफारिस पेस गरेको हो। मैले कसैबाट केही लिए खाएको छैन। फौजदारी अभियोगमा कसुर प्रमाणित गर्ने भार वादी पक्षमा रहन्छ। मैले आरोप पत्रअनुसारको कसुर नगरेको अवस्थामा अनुमानको भरमा मलाई दोषी ठहर गर्ने गरी भएको विशेष अदालत, काठमाडौंको मिति २०६४।१२।११ को फैसला त्रुटिपूर्ण हुँदा बदर गरी आरोपित कसुरबाट सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी प्रमोदकुमार चौधरीको पुनरावेदन पत्र।

प्रतिवादीहरू मध्ये तुल्सीराम पाण्डेलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) र प्रतिवादी रामप्रसाद सैंजुसमेतका राष्ट्र सेवक आठ जना प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र २९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिम र गैर राष्ट्र सेवक अशोककुमार गुप्तासमेतका हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम सवारी साधन जफत गर्न अभियोग माग गरेकोमा विवादित नामसारी दर्ता भएका सवारी साधनहरूको बिगो यकिन हुँदाहुँदै बिगो बमोजिम सजाय नगरी रू.५०००।- जरिवाना गरेको फैसला फरक पर्न सक्ने देखिँदा अ.बं. २०२ नं. बमोजिम प्रत्यर्थी प्रतिवादीहरूलाई झिकाई नियमबमोजिम पेस गर्नु भन्ने यस अदालतको मिति २०६७।१।१६ को आदेश।

यसमा विवादित लिलाम भएका गाडीहरूका सम्बन्धमा सडक विभाग यान्त्रिक महाशाखासँग लिलाम भए नभएको भनी पत्राचार गर्दा उक्त महाशाखाले मिति २०५३।५।२५ को पत्रद्वारा सन् १९८२।८।१४ मा तुल्सीराम पाण्डेलाई बिक्री गरेको देखिएको र ती गाडीहरू पूर्व पश्चिम राजमार्गको नाउँमा दर्ता रहेको भन्ने प्राप्त जवाफको आधारमा नामसारी दर्ता गर्ने कारवाही अगाडी बढाएको देखिएको अवस्थामा पुनरावेदक प्रतिवादीहरूलाई सजाय गर्ने गरेको विशेष अदालतको फैसला फरक पर्ने देखिँदा अ.बं. २०२ नं. बमोजिम पेसीको सूचना महान्यायाधिवक्ताको कार्यालयलाई दिई नियमबमोजिम पेस गर्नु भन्ने यस अदालतको मिति २०६७।१।१६ को आदेश।

पुनरावेदक प्रतिवादी रामप्रसाद सैंजु, हरिप्रसाद श्रेष्ठ, रामप्रसाद अर्याल, प्रमोदकुमार चौधरी, लालबहादुर बुढाथोकी, यशोधा खतिवडा, युवराज कोइराला र नारदप्रसाद भट्टराईलाई तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) बमोजिमको र पुनरावेदक प्रतिवादी तुल्सीराम पाण्डेलाई सोही ऐनको दफा ८ बमोजिमको कसुरमा सोही ऐनको दफा २९(२) बमोजिम जनही रू.५०००।- जरिवाना गर्ने ठहर्‍याएको विशेष अदालतको मिति २०६४।१२।११ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। साथै मुद्दा चलेको सवारी साधनको हकमा समेत मन्त्रिपरिषद्को मिति २०६३।५।६ को निर्णयबमोजिम नै हुने गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६३।१०।४ मा निर्णय भएको देखिन्छ। राजश्व बिगोको हकमा सो सवारी साधनको मूल्य कायम गरी सोको लाग्ने राजश्व बुझाएर सवारी साधन लैजान पाउने कुरामा नेपाल सरकार र मुद्दा चलाउने अख्तियार दुरूपयोग अनुसन्धान आयोग नीतिगतरूपमा सहमत भई निर्णय समेत गरेको देखिदा सवारी साधन जफत गर्नुपर्ने अवस्था देखिएन। तसर्थ, बिगो रू.९३,८३,९९६।-

बमोजिम प्रतिवादीहरूलाई सजाय गरी बिगोसमेत असुलउपर गर्नुपर्ने र गैरकानूनीरूपमा नामसारी भएका सवारी साधन जफत गरी प्रतिवादीहरूलाई आरोप पत्रबमोजिम सजाय हुनुपर्ने भन्ने पुनरावेदक वादी नेपाल सरकारको तथा पुनरावेदक प्रतिवादीहरू रामप्रसाद सैंजु, हरिप्रसाद श्रेष्ठ, रामप्रसाद अर्याल, प्रमोदकुमार चौधरी, लालबहादुर बुढाथोकी, यशोधा खतिवडा, युवराज कोइराला र नारदप्रसाद भट्टराईको सफाई पाउनु पर्छ भन्ने पुनरावेदन जिकिर पुग्न सक्दैन भन्नेसमेत व्यहोराको यस अदालतको संयुक्त इजलासका **माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्यायको मिति २०७१/७/१० को राय।**

आफ्नो कार्यालयमा पेस भएका पत्रहरू वास्तविक नै हुन् भन्ने विश्वासमा परी कार्य गरेकै आधारमा मात्र यी पुनरावेदक प्रतिवादीहरूबाट भएको कार्यलाई भ्रष्टाचारको कसुरको संज्ञा दिन मिल्दैन। राष्ट्रसेवक कर्मचारीले गैरकानूनी लाभ वा हानि पुर्‍याउने बदनियतले काम गरेको अवस्थामा मात्र उक्त कार्यलाई भ्रष्टाचारको कसुरजन्य कार्य मान्नु पर्ने हुन्छ। प्रस्तुत मुद्दामा कर्मचारीहरूबाट बद्नियतपूर्वक कार्य भएको भन्ने तथ्य मिसिल संलग्न कुनै पनि प्रमाणबाट पुष्टि हुन सकेको छैन। साथै मुद्दा परेका गाडीहरूका हकमा मन्त्रिपरिषद्को मिति २०६३।५।६ को निर्णयअनुसार आवश्यक कारवाही गर्ने भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट समेत मिति २०६३।१०।४ मा निर्णय भएको हुँदा प्रस्तुत मुद्दाबाट राजश्वको बिगो असुल गर्नुपर्ने र गाडी जफत गर्नुपर्ने अवस्था देखिएन। विशेष अदालत, काठमाडौंको मिति २०६४।१२।११ को फैसला केही उल्टी भई प्रतिवादी रामप्रसाद सैंजु, हरिप्रसाद श्रेष्ठ, रामप्रसाद अर्याल, प्रमोदकुमार चौधरी, लालबहादुर बुढाथोकी, यशोधा खतिवडा, युवराज कोइराला र नारदप्रसाद भट्टराईले आरोपित कसुरबाट सफाई पाउने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्नेसमेत व्यहोराको यस अदालतको संयुक्त इजलासका **माननीय न्यायाधीश श्री दीपकराज जोशीको मिति २०७१/७/१० को राय।**

नियमबमोजिम निर्णय सुनाउनको लागि पेस भएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट विद्वान् उपन्यायाधिवक्ता श्री पुण्यप्रसाद पाठकले विवादित सवारी साधनको पैठारीबापत तत्कालीन अवस्थामा सरकारलाई बुझाउनु पर्ने राजश्व रकम रू.९३,८३,९९६।- नतिर्ने मनसायले प्रतिवादीहरूको मिलोमतोमा दर्ता नामसारी भएको देखिन्छ। सो मूल्यलाई नै बिगो कायम गरी आरोपत्र दर्ता भएको हो। आरोप पत्र माग दाबीबमोजिमको बिगो कायम गरी सोही बिगोबमोजिम प्रतिवादीहरूलाई सजाय गरी प्रतिवादीहरूबाट बिगो असुल उपर गर्ने र गैरकानूनीरूपमा नामसारी भएका सवारी साधनहरू समेत जफत गर्ने गरी फैसला हुनुपर्नेमा सो नगरी भएको यस अदालत संयुक्त इजलासको फैसला सो हदसम्म नमिलेको हुँदा बदर गरी सबै प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम सजाय हुनुपर्दछ भन्ने बहस प्रस्तुत गर्नुभयो।

पुनरावेदक प्रतिवादी रामप्रसाद सैजुको तर्फबाट विद्वान् अधिवक्ता श्री नरेन्द्रप्रसाद पाठकले कर्मचारीको हैसियतले पेस भएका कागजातको अधारमा सवारी साधन दर्ता गर्ने कार्य भएको हो। तत्कालीन अवस्थामा उक्त गाडीहरू एस.पी. कार्यालयमा दर्ता भएको भन्ने सो कार्यालयको अभिलेखबाट देखिन्छ। एक पटक दर्ता भइसकेका गाडीहरूको लागि पुनः भन्सार तिरेको निस्साको आवश्यकता पर्दैन। गाडीहरू कोशी अञ्चलबाट लुम्बिनीमा सरूवा भई त्यहाँ दर्ता भइसकेको देखिन्छ। साधिकार निकायले जाँच गरी पठाएको प्राविधिक प्रतिवेदनलाई आधार मानी नामसारीको कार्य गरिएको छ। गाडीहरूको नामसारी गर्दा इञ्जिन नं. तथा च्यासिस नं. परिवर्तन गर्ने कार्य भएको छैन। मेरो पक्षले व्यक्तिगतरूपमा कुनै

फाइदा लिने गरी बदनियत चिताई कार्य गरेको पुष्टि हुने आधार नभएकोले सफाई पाउने गरी माननीय न्यायाधीश श्री दीपकराज जोशीको राय सदर होस् भनी बहस प्रस्तुत गर्नुभयो।

प्रतिवादी रामप्रसाद अर्यालको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री बालकृष्ण नेउपाने र श्री कृष्णप्रसाद सापकोटाले विवादका गाडीहरू सडक विभाग यातायात महाशाखाको मिति २०५३।५।२५ को पत्रका आधारमा २०५३।११।६ मा यातायात कार्यालय कोशीबाट नामसारी गर्ने निर्णय भएको छ। गाडीहरूको नामसारी गर्दा इञ्जिन नं. तथा च्यासिस नं. परिवर्तन गर्ने कार्य भएको छैन। श्रेस्तामा भएको विवरणबमोजिम मात्र नामसारी गर्ने कार्य गरिएको छ। लिलाम भएको गाडीको विवरण र गाडीको मूल दर्ताको विवरणमा फरक परेको अवस्था छैन। गाडी नासारी हुँदासम्म कुनै किर्ते काम भएको देखिदैन यदि किर्तेनै भएको हो भने कर्तेतर्फ कारवाही हुनुपर्ने हो। सबै गाडीहरूको भन्सार तिरेको प्रज्ञापन पत्र छ। बिगोको विवाद सरकारले टुङ्गो लगाई सकेको छ। भ्रष्ट्राचार मुद्दामा लिनु दिनु गरेको खुल्नु पर्छ। प्रक्रियाको त्रुटिले मात्र भ्रष्ट्राचार ठहर हुने होइन। आरोप पत्रमा उल्लिखित काम कारवाही सरकारको निर्णयले वैध भइसकेको अवस्था एकातर्फ छ भने अर्कोतर्फ मेरो पक्षबाट अनियमित काम कारवाही भएको भन्ने पनि नदेखिएको अवस्था हुँदा विशेष अदालतको त्रुटिपूर्ण फैसला उल्टी गरी मेरो पक्षलाई आरोपित कसुरबाट सफाई हुने गरी माननीय न्यायाधीश श्री दीपकराज जोशी बाट व्यक्त राय सदर हुनुपर्दछ भन्ने बहस प्रस्तुत गर्नुभयो।

प्रतिवादी हरिप्रसाद श्रेष्ठको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री श्यामप्रसाद खरेलले यातायात निर्देशिका २०६० जारी हुनुपूर्व सवारी साधनहरू दर्ता नामसारी गर्न यातायात कार्यालयमा अनिवार्य रूपमा ल्याउनु पर्ने भन्ने थिएन। गाडी सकार गर्ने व्यक्तिले सकार गरेका गाडीहरू नामसारी गर्नको लागि निवेदन दिएको र उक्त गाडीहरू दर्ता भए नभएको बुझी यातायात कार्यालयबाट दर्ता छ भने पछि नामसारी भएको हो। मेरो पक्ष टिप्पणी उठाउने व्यक्ति पनि होइन भने अन्तिम निर्णय दिने अधिकारी पनि होइन। प्रमाण ऐन, २०३१ को दफा ६(ङ) ले सरकारी अड्डाका कागजहरू अन्यथा प्रमाणित नभएसम्म सत्य सहि छन् भन्ने अनुमान गर्ने विषय हो। रकम लिई काम गरेको भन्ने अवस्था छैन भने मेरो पक्ष कसुरमा साबित भएको अवस्था पनि छैन। मन्त्रीको तोक आदेशबमोजिम काम कारवाही भएको र मेरो पक्षबाट भ्रष्टाचारजन्य कसुर नभएको अवस्था हुँदा विशेष अदालतको त्रुटिपूर्ण फैसला उल्टी गरी मेरो पक्षलाई आरोपित कसुरबाट सफाई दिने गरी माननीय न्यायाधीश श्री दीपकराज जोशीको राय सदर हुनुपर्छ भन्ने बहस प्रस्तुत गर्नुभयो।

पुनरावेदक प्रतिवादी प्रमोदकुमार चौधरीको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री सतिषकृष्ण खरेलले प्रमोदकुमार चौधरी कार्यालय प्रमुख पनि होइनन्। मेकानिकल सुपरभाइजरको हैसियतले कार्यालयमा प्राप्त कागजातहरू कार्यालय प्रमुखको आदेशबमोजिम रेकर्ड हेरी देखिएको व्यहोरासम्म पेस गरेको हो। सो कार्यबाट निजको दायित्व केवल सुपरभाइजरसम्म देखिन्छ। प्राविधिक दृष्टिकोणले उपयुक्त देखिएको सवारी साधनको बारेमा प्राविधिक जाचँ प्रतिवेदन पेस गरेको हो। पत्र किर्ते हो वा सद्दे हो सो बारेमा निजलाई थाहा जानकारी हुने नभएकोले मेरो पक्षबाट भ्रष्टाचारजन्य कसुर नभएको अवस्था हुँदा विशेष अदालतको फैसला उल्टी गरी मेरो पक्षलाई आरोपित कसुरबाट सफाई दिने गरी माननीय न्यायाधीश श्री दीपकराज जोशी को राय सदर हुनुपर्छ भनी बहस गर्नुभयो।

प्रतिवादीहरू लालबहादुर बुढाथोकी, युवराज कोइराला र नारदप्रसाद भट्टराईको तर्फबाट विद्वान् अधिवक्ताहरू श्री भिमार्जुन आचार्य, श्री रेवतप्रसाद

खरेल र श्री अरूणकुमार झवालीले नामसारीका नाममा नयाँ गाडी दर्ता गर्ने कार्य भएको नभई साबिकमा दर्ता भएका गाडीहरू नामसारीसम्म गरिएको हो । गाडीहरूको नामसारी गर्दा यी पक्षहरूबाट कुनै कसुरजन्य काम भएको छैन । गाडी नामसारी गर्ने कार्य रितपूर्वक गरिएको छ । प्रहरी कार्यालय, भैरहवाले समेत नामसारी भएका गाडीहरू कुनै कारवाहीमा नपरेको भन्ने सिफारिस गरेको छ । एउटा कार्यालयबाट पठाइएको सरकारी छाप लागेको पत्र नक्कली हो भन्ने अन्य कार्यालयका कर्मचारीहरूलाई जानकारी हुने विषय होइन । निजहरूले बद्नियतपूर्वक कार्य नगरेको हुँदा माननीय न्यायाधीश श्री दीपकराज जोशीको राय सदर हुनुपर्छ भन्ने बहस प्रस्तुत गर्नुभयो ।

त्यसै गरी प्रतिवादी अशोककुमार गुप्ताको तर्फबाट विद्वान् अधिवक्ता श्री रमेशप्रसाद कोइराला, प्रतिवादी मन्सुरतेली निरौलाको तर्फबाट विद्वान् अधिवक्ता श्री विमला निरौला, अधिवक्ता श्री देवराज कट्टवाल, प्रतिवादी गणेशकुमार भुषालको तर्फबाट विद्वान् अधिवक्ता श्री छविरमण निरौला, प्रतिवादी परशुराम चौधरीको तर्फबाट विद्वान् अधिवक्ता श्री कमलेश द्विवेदी, प्रतिवादी हस्तबहादुर सिंहको तर्फबाट विद्वान् अधिवक्ता श्री नन्दप्रसाद अधिकारी, प्रतिवादी लालप्रसाद गुप्ताको तर्फबाट विद्वान् अधिवक्त श्री विशेश्वरप्रसाद ढकाल, प्रतिवादी मुनकला थापाको तर्फबाट विद्वान् अधिवक्ता श्री राजेन्द्र खनाल, प्रतिवादी शरदचन्द्र शर्माको तर्फबाट विद्वान् अधिवक्ता श्री भीमार्जुन आचार्यले यी प्रतिवादीहरूले विवादको गाडी कानूनको प्रक्रिया पूरा गरी खरिद गरेको हो । उक्त गाडीहरूको कागजपत्रहरूका सम्बन्धमा निजहरूलाई कुनै जानकारी नभएकोले निजहरूले खरिद गरेका गाडीहरू जफत हुने होइन निजहरूका हकमा विशेष अदालतको फैसला सदर हुनुपर्छ भनी गर्नुभएको बहस सुनियो ।

प्रतिवादी राकेश श्रेष्ठको तर्फबाट विद्वान् अधिवक्ता श्री रामबन्धु शर्माले आरोप पत्रमा उल्लिखित सवारी साधनहरूको बारेमा मेरो पक्षलाई थाहा जानकारी नै छैन । मेरो पक्षले बयान गर्दा आफूसँग गाडी नभएको भनी बयान गरेको अवस्था छ । मन्त्रिपरिषद्बाट मिति २०६३।५।६ मा भएको निर्णयबमोजिम गाडी जफत हुने अवस्था छैन । गाडी जफत गर्नुपर्ने अवस्था नदेखिने भनी विशेष अदालतबाट मिति २०६४।१२।११ मा भएको फैसला मिलेको हुँदा सदर कायम राखि पाउँ भनी प्रस्तुत गर्नुभएको बहस सुनियो ।

उपरोक्त बहस जिकिर सुनी मिसिल संलग्न प्रमाण कागजात एवं तथ्यहरूको अध्ययन गरी हेर्दा विशेष अदालत, काठमाडौको मिति २०६४।१२।११ को फैसला सदर हुने ठहर गरी यस अदालतको संयुक्त इजलासका माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्यायबाट व्यक्त राय तथा विशेष अदालत, काठमाडौको फैसलालाई केहि उल्टि गरी पुनरावेदक प्रतिवादीहरूले अभियोगदाबीबाट सफाई पाउने ठहर गरी माननीय न्यायाधीश श्री दीपकराज जोशीबाट व्यक्त रायको सन्दर्भमा विशेष अदालतबाट भएको फैसला मिलेको छ, छैन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो ।

२. निर्णयतर्फ विचार गर्दा प्रतिवादीहरूले नामसारी दर्ता हुने सवारी साधन दर्ता हुने कार्यालयमा नल्याई यातायात व्यवस्था कार्यालय, लुम्बिनिका कार्मचारीसँग मिलेमतो गरी सो कार्यालयको प्राविधिक जाँच बनाई हेभि इक्वीपमेन्ट डिभिजन कार्यालय बुटवल, सडक विभाग यान्त्रिक महाशाखा, बबरमहलको झुट्टा किर्ते पत्र तथा छाप बनाई प्रयोग गरी किर्ते तथा झुट्टा व्यहोरा पेस गरी सोको आधिकारिकता सम्बन्धमा जाँचबुझ नै नगरी १५ वर्ष अगाडी लिलाम सकार गरेको थिएँ भनी पेस गरेको काल्पनीक कागजलाई आधार मानी बद्नियतपूर्वक भन्सार छलि चोरी पैठारी गरी ल्याएका १० वटा जीप तथा ११ वटा ट्रक निवेदक तुल्सीराम पाण्डेका नाममा दर्ता गरी भन्सार

महसुल रू.९३,८३,९९६।- नेपाल सरकारलाई गैरकानूनी हानि नोक्सानी तथा प्रतिवादी तुल्सीराम पाण्डेलाई गैरकानूनी लाभ पुर्‍याएको पुष्टि भएको हुँदा प्रतिवादीमध्येका तुल्सीराम पाण्डेलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) बमोजिम, प्रतिवादी रामप्रसाद सैंजु, हरिप्रसाद श्रेष्ठ, रामप्रसाद अर्याल, श्रीमती यशोधा खतिवडा, युवराज कोइराला, लालबहादुर बुढाथोकी, नारदप्रसाद भट्टराई तथा प्रमोदकुमार चौधरीलाई साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) बमोजिमको कसुरमा हदैसम्मको सजाय गरी नेपाल सरकारलाई पुग्न गएको हानि नोक्सानीको बिगो असुल उपर गरिपाउँ साथै सवारी धनीहरू अशोककुमार गुप्ता, कृष्णबहादुर सिंह, मुनकला थापा, टिकाराम सुवेदी, रामप्रसाद बस्याल, गणेशकुमार भुसाल, लालप्रसाद गुप्ता, मनसुर तेली मुसलमान, भोलानाथ पन्थ, गोविन्दबहादुर कार्की, गंगाधर पंगेनी, रामप्रसाद शाक्य, डिलराम सापकोटा, श्रीमती प्रतिक्षा राणा, पर्शुराम चौधरी, हस्तबहादुर सिंह, चन्द्रबहादुर महतो र राकेश श्रेष्ठलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम सवारी साधन जफत गर्ने प्रयोजनको लागि प्रतिवादी बनाइएको भन्ने मुख्य मागदाबी रहेकोमा प्रतिवादीमध्येका रामप्रसाद सैंजु, हरिप्रसाद श्रेष्ठ, रामप्रसाद अर्याल, प्रमोदकुमार चौधरी, लालबहादुर बुढाथोकी, यशोधा खतिवडा, युवराज कोइराला र नारदप्रसाद भट्टराईलाई तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) बमोजिमको कसुरमा सोही दफा र दफा २९(२) बमोजिम जनही रू.५०००।- जरिवाना गर्ने गरी, प्रतिवादी तुल्सीराम पाण्डेलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ बमोजिमको कसुरमा सोही दफा र दफा २९(२) बमोजिम रू.५०००।- जरिवाना गर्ने गरी तथा बिगो तथा जफततर्फको दाबीको हकमा यस मुद्दाबाट केही विचार गरी रहनु नपर्ने भनी विशेष अदालत, काठमाडौंबाट फैसला भएको देखियो।

३. उक्त फैसलाउपर चित्त नबुझाई प्रतिवादीहरूलाई बिगोबमोजिम जरिवाना तथा बिगोसमेत असुलउपर गरी अभियोग माग दाबीबमोजिम सजाय हुनुपर्ने र नामसारी भएका सवारी साधनहरू समेत जफत गर्नुपर्ने भनी वादी नेपाल सरकारको र प्रतिवादीहरू रामप्रसाद सैंजु, हरिप्रसाद श्रेष्ठ, रामप्रसाद अर्याल, प्रमोदकुमार चौधरी, लालबहादुर बुढाथोकी, यशोधा खतिवडा, युवराज कोइराला र नारदप्रसाद भट्टराईले अभियोग दाबीबाट सफाई पाउनु पर्ने जिकिर लिई यस अदालतमा पुनरावेदन गरेकोमा यस अदालतको संयुक्त इजलासबाट रायबाझी फैसला भई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(क) बमोजिम यस इजलाससमक्ष पेस भएको देखिन आयो।

४. प्रथमत् प्रस्तुत मुद्दाको तथ्य अवलोकन गरी हेर्दा आरोप पत्रमा उल्लिखित २१ थान सवारी साधनहरू सन् १६-८-०८२ मा लिलाम सकार गरी लिएकोले भन्सार छुट गराई नामसारी गरिपाउँ भनी प्रतिवादी तुल्सीराम पाण्डेले मिति २०५३।४।२३ मा निर्माण तथा यातायात मन्त्रालयमा निवेदन दिएकोमा सहायक मन्त्रीबाट निवेदकको मागबमोजिम आवस्यक कारवाही गरिदिने भन्ने तोक आदेश भई आवश्यक कारवाहीको लागि सक्कलै निवेदन यातायात व्यवस्था कार्यालय, कोशी इटहरीमा पठाएको देखिन्छ। त्यसै गरी प्रतिवादी तुल्सीराम पाण्डेले अञ्चल यातायात व्यवस्था कार्यालय लुम्बिनिको च.नं. ३०८ मिति २०५३।८।१३ को सवारीको प्रतिवेदन विवरण प्रमाणित गरिएको पत्र, हेभि इक्वीपमेन्ट डिभिजन कार्यालय, बुटवलको च.नं. ४९ र ५९ का सवारी साधन नामसारी गरिदिने विषयका पत्र तथा ट्राफिक प्रहरी कार्यालय, भैरहवाको च.नं. ७० र ८१ का पत्रसमेत

पेस गरी मिति २०५३।११।५ र मिति २०५३।११।६ मा नामसारी दर्ता गरिपाउँ भन्ने निवेदन दिई यातायात व्यवस्था कार्यालय, कोशी इटहरीबाट टिप्पणी सदर भई २१ थान सवारी साधनहरू तुल्सीराम पाण्डेको नाममा नामसारी दर्ता भएको रहेछ । उक्त २१ थान सवारी साधन प्रतिवादी तुल्सीराम पाण्डेका नाममा नामसारी दर्ता गर्नको लागि सम्बन्धित शाखाबाट उठाएको टिप्पणीमा शाखा अधिकृतहरू हरिप्रसाद श्रेष्ठ र रामप्रसाद अर्यालको सिफारिस र कार्यालय प्रमुख रामप्रसाद सैंजुबाट टिप्पणी सदर भई २१ थान सवारी साधन प्रतिवादी तुल्सीराम पाण्डेका नाममा यातायात कार्यालय, कोशीबाट नामसारी दर्ता भएको देखिन्छ ।

५. विवादित सवारी साधनहरू नामसारी गर्दा आधार लिइएका कागजातहरूको आधिकारिकता सम्बन्धमा विचार गर्दा हेभिइक्वीपमेन्ट डिभिजन कार्यालय, बुटवलले मिति २०५३।९।२३ मा च.नं. ५९ को पत्र चलानी नभएको र च.नं. ५९ को पत्र बुटवल नगरपालिका कार्यालय, बुटवललाई टाटा टिपर ट्रक हस्तान्तरण गरिएकोसम्बन्धी पत्र भएको र च.नं. ४९ को पत्र मिति २०५३।४।१३ मा सडक विभाग आयोजना निर्देशनालय, काठमाडौंलाई रू.१,००,०००।- खर्चको बिल भरपाई पठाएको सम्बन्धमा प्रेषित गरिएको भन्ने मिसिल संलग्न हेभिइक्वीपमेन्ट डिभिजन कार्यालय, बुटवलको च.नं. ६५३ र ५८२ को पत्रमा उल्लेख भएको पाइन्छ । राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको मिसिल संलग्न प्रतिवेदन हेर्दा पत्रमा सहि गर्ने कार्यालय प्रमुख राम बिलास चौधरीको दस्तखतसँग उक्त विवादित च.नं. ४९ र ५९ को पत्रमा भएको सहिछाप एक आपसमा नमिल्ने भनी उल्लेख भएको देखिन्छ । साथै मिसिल संलग्न विशेषज्ञको प्रतिवेदनबाट यान्त्रिक महाशाखा, बबरमहलको मिति २०५३।५।२५ च.नं. १९७ को पत्रमा भएको यादव चन्द्र पोखरेलको सहिछाप र नमूना दस्तखतमा भएको सहिछाप एक आपसमा नमिल्ने भन्ने देखियो । यसरी विवादित गाडीहरू दर्ता नासारी गर्ने सम्बन्धमा तयार भएका पत्रहरू सम्बन्धित कार्यालयबाट प्रषित नभएको र उक्त पत्रमा दस्तखत गर्ने कर्मचारीको दस्तखत नमूना एक आपसमा नमिल्ने भनी विशेषज्ञको प्रतिवेदनबाट देखिन आएकोले प्रतिवादीहरूले गाडी नामसारी दर्ताका लागि आधार लिएको उक्त पत्रहरू सत्य साँचो व्यहोराका रहेछन भन्न मिल्ने देखिएन । साथै सवारी साधन नामसारी दर्ता गर्दा सम्बन्धित कार्यालय बुझेर मात्र गर्नुपर्ने भन्ने विभागीय निर्देशन र निवेदनसाथ पेस भएका कागजातहरूको आधिकारिकता बुझ्ने प्रयास यी पुनरावेदक प्रतिवादीहरूबाट भएकोसमेत देखिँदैन ।

६. पुनरावेदक प्रतिवादीमध्येका यशोधा खतिवडा, युवराज कोइराला, लालबहादुर बुढाथोकी र नारदप्रसाद भट्टराईले एक्जुकेटिभ इन्जिनियरिङ इलेक्ट्रोनिक डिभिजन पूर्व पश्चिम राजमार्ग कम्पनी बुटवलमा रहे नरहेको, उक्त कम्पनीले आरोप पत्रमा उल्लिखित नम्बरका सवारी साधनहरू लिलाम गरे नगरेको, प्राप्त पत्रहरू सम्बन्धित कार्यालयबाट पठाइएको हो होइन भन्नेतर्फ विचारै नगरी प्रतिवादी तुल्सीराम पाण्डेबाट पेस भएका नक्कली कागजातहरूलाई नै आधार मानी नामसारी गर्न कुनै बाधा अड्चन नदेखिएकोले नामसारीको लागि पेस गर्दछौं भनी टिप्पणी उठाएको देखिन्छ । उक्त टिप्पणीमा यातायात व्यवस्था कार्यालय, लुम्बिनिबाट प्राप्त पत्रको आधिकारिकता सम्बन्धमा विचारै नगरी आफूले देख्दै नदेखेका सवारी साधनहरूलाई नामसारी गर्न प्राविधिक दृष्टिले उपयुक्तदेखि पेस गरेको छु भनी पुनरावेदक प्रतिवादी प्रमोदकुमार चौधरीले सिफारिस गरेको देखिन्छ । उक्त टिप्पणी साथ पेस भएका कागजातहरूको आधिकारिकता सम्बन्धमा बुझ्दै नबुझी पुनरावेदक प्रतिवादी रामप्रसाद अर्याल तथा हरिप्रसाद श्रेष्ठले पेस गरेको टिप्पणीमा मागबमोजिमको सवारी साधन निजको नाममा नामसारी गरी दिन पेस भएकोले निर्णयार्थ पेस गर्दछौं भनी पेस गरेको र

कागजातहरूको आधिकारिकता तथा नियम कानून र विभागीय निर्देशन तर्फ विचारै नगरी नामसारीको लागि पेस भएको टिप्पणी मिति २०५३।११।६ मा कार्यालय प्रमुख रामप्रसाद सैंजुबाट सदर भएको देखिन्छ।

७. सन् १६-०८-०८२ मा लिलाम सकार गरेको लामो समयपछि एम.आर.एम. इलेक्ट्रिकल डिभिजनबाट लिलाम भएका सवारी साधन सावुद अवस्थामा रहिरहेको भन्ने ठोस प्राविधिक प्रतिवेदन कहिँकतैबाट पेस भएको छैन । लिलाममा सकार गरिएका यी सवारी साधनहरू यति लामो अवधिसम्म नाससारी नगरी राख्नु पर्ने तथ्यगत आधार छैन । वास्तवमा लिलाम गरी प्राप्त भएको गाडीहरू चालु हालतमा भए समयमा नै राजस्व तिरी नामसारी दर्ता गर्न सक्नु पर्ने हुन्छ । लिलामबाट प्राप्त भएको गाडी प्रस्तुत विवादित गाडीहरू हुन् भनी कुनै प्रमाणले पुष्टि गर्न सकेको छैन । सरकारी कार्यालयको किर्ते नक्कली पत्रहरू बनाई सो आधारबाट नामसारी दर्ता हुन गएको छ । यति लामो अवधिको लिलामी गाडीको नामसारी गर्दा सो सम्बन्धमा निवेदकले पेस गरेको सरकारी कार्यालयहरूको पत्र ठिक भए नभएको र सम्बन्धित कार्यालय बुझ्नु पर्ने विभागीय परिपत्रको निर्देशन पालना गर्नेतर्फ पुनरावेदक प्रतिवादीहरूले चासो नदेखाउनु नै बद्नियत रहेको पुष्टि हुन्छ।

८. सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २२ मा "दफा १३, १५ वा २० बमोजिम कुनै सवारी दर्ता गर्न, दफा ३७ बमोजिम सवारी नामसारी गर्न र दफा ३९ बमोजिम सवारीको कुनै कुरा हेरफेर गर्नको लागि दरखास्त दिँदा त्यस्तो दरखास्त दिने व्यक्ति, फर्म वा कम्पनीले त्यसरी दर्ता नामसारी वा कुनै कुरा हेरफेर गराउन चाहेको सवारीसमेत साथै ल्याउनु पर्छ" भन्ने कानूनी प्रावधान रहेको पाइन्छ । उपरोक्त कानूनी प्रावधानअनुसार सवारी साधनको सरूवा एवम् नामसारी दर्ता गर्दा सम्बन्धित सवारी साधन अनिवार्यरूपमा सरूवा नामसारी दर्ता गर्ने कार्यालयमा ल्याएको हुनुपर्ने देखिन्छ । साथै सवारी साधनको ठाउँसारी एवम् नामसारी गर्दा सम्बन्धित कार्यालय बुझेर मात्र गर्नुपर्ने भन्ने विभागीय निर्देशनसमेत भएको देखिँदा सवारी साधनको सरूवा एवम् नामसारी दर्ता गर्दा सवारी नमसारीको लागि सिफारिस गर्ने कार्यालय बुझेर मात्र गर्नुपर्ने दायित्व सम्बन्धित कर्मचारी माथि रहेको अवस्था देखिन्छ । सम्बन्धित कानून तथा विभागीय निर्देशनसमेतको उल्लङ्घन गरी नक्कली कागजातको आधारमा विवादित २१ थान सवारी साधनहरू नामसारी दर्ता गर्ने गरी पुनरावेदक प्रतिवादीहरूले गरेको कार्यले सरकारी राजश्वमा हानि हुन गएको देखिन्छ । नामसारी दर्ता गर्नुपर्ने सवारी साधनहरू सम्बन्धित यातायात व्यवस्था कार्यालयमा ल्याई सोही कार्यालयको प्राविधिक कर्मचारीले परीक्षण गरी प्रतिवेदन दिए पछि मात्र दर्ता गर्नुपर्ने कानूनी व्यवस्था भएकोमा अन्यत्र कार्यालयबाट तयार भएको प्राविधिक प्रतिवेदनलाई आधार मानी सवारी साधनहरू दर्ता गरेको अवस्था देखिएकोले उक्त कार्यमा पुनरावेदक प्रतिवादीहरूको बदनियत थिएन भन्न सकिने आधार नदेखिएको हुँदा पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर विश्वसनिय एवं कानूनसम्मत देखिँदैन ।

९. माननीय सहायक मन्त्रीबाट भएको तोक आदेशबमोजिम आफूहरूले सवारी साधनहरू नामसारी दर्ता गरेको हो भन्ने प्रतिवादीहरूको जिकिर देखिन्छ । प्रतिवादी तुल्सीराम पाण्डेले निर्माण तथा यातायात सहायक मन्त्रीसमक्ष भन्सार छुट गराई नामसारी गराई पाउँ भनी मिति २०५३।४।२३ मा दर्ता गरेको तोक सहितको निवेदन हेर्दा उक्त तोक आदेशमा "निवेदकको मागअनुसार तु.आवश्यक कारवाही गरिदिने" भन्ने उल्लेख भएको देखिन्छ । सो तोक आदेशले कानून तथा विभागीय परिपत्रलाई अनदेखा गरी सवारी साधन दर्ता गरी दिनु भन्ने देखिँदैन । अर्कोतर्फ विभागीय मन्त्रीले लगाएको तोकले कानूनी संरचना र

कार्यविधिलाई बेवास्ता गर्न मिल्ने होइन । कानून र कार्यविधि भित्र रहेर प्रक्रिया अगाडि बढाउनु पर्ने हुन्छ। यी पुनरावेदक प्रतिवादीहरूले आफ्नो पदिय जिम्मेवारी अनुरूपको कार्य सम्पादन गर्दा सम्बन्धित कानून तथा विभागीय निर्देशनको पालना गरी कार्य गर्नुपर्नेमा पालना भएको अवस्था देखिएन । कर्मचारीले आफूले सम्पादन गर्नुपर्ने कार्य सम्पादन गर्दा कानूनबमोजिम सम्पादन गर्नुपर्ने हुँदा मन्त्रीको तोकको आधारमा कार्य गरेको भन्ने आधारमा मात्र कर्मचारीलाई निजले गरेको कसुरजन्य कार्यबाट उन्मुक्ति दिन मिल्ने पनि देखिएन। अतः तोक आदेशअनुसार कार्य गरेको भनी प्रतिवादीले गरेको गैरकानूनी कार्यले कानूनी मान्यता पाउन सक्दैन । धेरै लामो समय अगाडि लिलाम भएको पुरानो गाडीको दर्ता नामसारी त्यती लामो समयसम्म हुन नसक्नुको कारण के हो र यति लामो समयसम्म थन्किएर रहेका यान्त्रिक साधनहरू के कसरी सञ्चालन हुन सक्छन भन्ने जस्ता सामान्य जानकारीको विषय वस्तुलाई बेवास्ता गर्नुबाट पुनरावेदक प्रतिवादीहरूको बद्नियत रहेको तथ्य स्थापित हुन आउँछ।

१०. यातायात व्यवस्था कार्यालय, कोशीका तत्कालीन मेकानिकल सुपरभाइजर प्रमोदकुमार चौधरीले आरोप पत्रमा उल्लिखित सवारी साधनहरू नामसारी गर्न प्राविधिक दृष्टीकोणले उपयुक्त नै देखी पेस गरेको छु भनी सिफारिस गरेको र सोही सिफारिससमेतको आधारमा सवारी साधनहरू दर्ता नामसारी गरेको अवस्था देखिन्छ। सवारी साधन उही हो होइन, त्यस्को अवस्था के कस्तो छ आदि जाँच्ने काम प्राविधिक कर्मचारी मेकानिकल सुपरभाइजरको हो । सो भए गरेको देखिएन । गाडी बिक्री, नामसारी वा दर्ता गर्नको लागि आवस्यक पर्ने स्रेस्ता ठिक भए नभएको जाँच्ने दायित्व फाँटवाला एवं निर्णय गर्ने अधिकारीको हुन्छ । मेकानिकल सुपरभाइजर प्रमोदकुमार चौधरीले आरोप पत्रमा उल्लिखित सवारी साधनहरू नामसारी गर्न प्राविधिक दृष्टीकोणले उपयुक्त नै देखि पेस गरेको छु भनी सिफारिस गरेको र सोही सिफारिस प्रतिवेदनसमेतको आधारमा सवारी साधनहरू दर्ता नामसारी गरेको भन्नेसम्मको जिकिर उन्मुक्तिको आधार बन्न सक्दैन।

११. विवादित २१ वटा सवारी साधनहरूको भन्सारबापतको महशुल रू.९३,८३,९९६।– रकमलाई नै बिगो कायम गरिएको देखिन्छ। मन्त्रिपरिषद्‌बाट मिति २०६३।५।६ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगलगायत अन्य निकायमा छानबिनका क्रममा रहेका सवारी साधनबाहेक यातायात व्यवस्था कार्यालयबाट प्राप्त सवारी दर्ता प्रमाणपत्रका आधारमा गाडी खरिद गर्ने धनिहरूले प्रमाणित ब्लू बुकको आधारमा फिर्ता लैजान चाहेमा मूल्याङ्कन समितिले कायम गरेको मूल्यलाई भन्सार प्रयोजनका लागि मूल्य कायम गरी भन्सार विन्दुमा लिनु पर्ने सम्पूर्ण कर महसुल असुल गरी फिर्ता लैजान दिने गरी निर्णय भएको देखिन्छ । मुद्दा चलेको सवारी साधनको हकमा पनि मन्त्रिपरिषद्‌को मिति २०६३।५।६ को निर्णयबमोजिम नै हुने गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०६३।१०।४ मा निर्णय भएको देखिन्छ। यस प्रकार राजश्व बिगोको हकमा सो सवारी साधनको मूल्य कायम गरी सोको लाग्ने राजश्व बुझाएर सवारी साधन लैजान पाउने कुरामा नेपाल सरकार र मुद्दा चलाउने अख्तियार दुरूपयोग अनुसन्धान आयोग नीतिगतरूपमा सहमत भई निर्णयसमेत गरेको देखियो। यस्तो अवस्थामा प्रतिवादीहरूबाट राजश्वको बिगो असुल गरी दाबीबमोजिम जरिवाना गर्नुपर्ने र सवारी साधन जफत गर्नुपर्ने अवस्थाको विद्यमानता रहेको नदेखिँदा सोतर्फको वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन।

१२. अतः माथि विवेचना गरिएका आधार कारण र प्रमाणहरूबाट प्रतिवादीमध्येका रामप्रसाद सैंजु, हरिप्रसाद श्रेष्ठ, रामप्रसाद अर्याल, प्रमोदकुमार चौधरी, लालबहादुर बुढाथोकी, यशोधा खतिवडा,

युवराज कोइराला र नारदप्रसाद भट्टराईलाई तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) बमोजिमको र प्रतिवादी तुल्सीराम पाण्डेलाई सोही ऐनको दफा ८ बमोजिमको कसुरमा सोही ऐनको दफा २९(२) बमोजिम जनही रू.५०००।- जरिवाना गर्ने ठहर्‍याएको विशेष अदालतको मिति २०६४।१२।११ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको तथा पुनरावेदक प्रतिवादीहरू रामप्रसाद सैंजु, हरिप्रसाद श्रेष्ठ, रामप्रसाद अर्याल, प्रमोदकुमार चौधरी, लालबहादुर बुढाथोकी, यशोधा खतिवडा, युवराज कोइराला र नारदप्रसाद भट्टराईको पुनरावेदन जिकिर पुग्न नसक्ने देखिँदा यस अदालतका माननिय न्यायाधीश श्री बैद्यनाथ उपाध्यायबाट व्यक्त भएको राय कायम हुने ठहर्छ। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छौं।
न्या. सारदाप्रसाद घिमिरे
न्या. विश्वम्भरप्रसाद श्रेष्ठ

इजलास अधिकृतः- दिलीपराज पन्त
इति संवत् २०७३ साल फागुन १९ रोज ५ शुभम्।

निर्णय नं. ९८२१

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
माननीय न्यायाधीश डा. आनन्दमोहन भट्टराई
आदेश मिति : २०७३।८।२३
०७१-RE-०२६१

मुद्दाः करारविपरीत गर्न लागेको व्यवहार रोकिपाऊँ।

निवेदक : नेपाल टेनिङ इण्डष्ट्रिज प्रा.लि. का तर्फबाट अख्तियार प्राप्त प्रबन्धक निर्देशक जावेदनवी इराकी

विरूद्ध

विपक्षी : सि म्याक्स फुड प्रा.लि., नरसिह सुनसरी

- **वस्तुतः अदालतमा दर्ता हुने रिटबाहेकका सबै विवादहरू नालिस (फिराद) को रूपमा वा उजुरीको रूपमा आउँछन् । यी सबै अदालतबाट हेरिने मुद्दा हुन् । न्यायिक निकायबाट आधिकारिकरूपमा निरूपण हुने सबै मुद्दाहरू नालिस वा उजुरीको रूपमा अदालतमा दर्ता हुन्छन्। व्यक्तिको हक अधिकार वा दायित्वको निरूपणको विषयमा कुनै आधिकारिक र अन्तिम निर्णय खोजी विवाद अदालतमा प्रस्तुत गरिएको छ र यदि सो प्रस्तुत गरिएको विवाद रिट होइन भने उजुरीको रूपमा पेस गरिएको भएपनि त्यसलाई मुद्दाको रूपमा लिइनु उपयुक्त हुने।**
- **व्यक्तिको हक अधिकार र दायित्वको विषयमा निरूपणको सन्दर्भमा अदालतमा**

सर्वोच्च अदालत

प्रवेश गर्ने विवादहरूमध्ये रिटलाई एक वर्ग र अन्य विवादहरूलाई अर्को वर्ग गरी वर्गीकरण गर्न सकिन्छ । यस दृष्टिकोणबाट हेर्दा करार ऐन, २०५६ को दफा ८७(१) अन्तर्गत दिइने उजुरी पनि मुद्दा (नालिस) को प्रकृतिको रहेछ भनी बुझ्नु पर्ने ।

(प्रकरण नं.५)

- **सैद्धान्तिकरूपमा हेर्दा दफा ८७(२) अनुसार प्राप्त हुने उपचार निषेधाज्ञाको प्रकृतिको उपचार हो भन्ने देखिन्छ । जसरी निषेधाज्ञाको आदेश माग गरिएका विवादहरूमा विवादको विषयवस्तुलाई अरू बिग्रन र पक्षलाई पर्न सक्ने सम्भावित अपूरणीय क्षति रोक्न निषेधाज्ञाको आदेश जारी गरिन्छ, त्यस्तै प्रकृतिको आदेश करार ऐन, २०५६ को दफा ८७(२) अन्तर्गत जारी गरिन्छ । निषेधात्मक प्रकृतिको आदेश जारी गर्ने व्यवस्था करार ऐन वा अन्य ऐनमा पनि रहन सक्ने ।**

(प्रकरण नं.८)

- **करार ऐन, २०५६ को ८७(१) (२) बमोजिमको उपचारको प्रकृति निषेधाज्ञात्मक (injunctive relief) रूपको हुने भन्ने विवाद उठेको सन्दर्भमा पक्षले विवाद लिई अदालत प्रवेश गर्दा उजुरी अर्थात् मुद्दाको रूपमा नै पेस गर्छ । त्यसरी पेस भएको विवादमा अदालतबाट आदेश जारी गर्ने वा नगर्ने निर्णय भएपछि अदालतमा कुनै विवाद बाँकी नरही मुद्दा नै टुङ्गो लाग्ने हुँदा दफा ८७(१)(२) अन्तर्गत जारी गरिने आदेश अन्तरकालीन प्रकृतिको हो भन्न मिल्ने नदेखिने ।**

(प्रकरण नं.१०)

- **न्याय प्रशासन ऐन, २०४८ को दफा ९ (१)(क) मा पुनरावेदन अदालतले सुरू कारवाही गरेको र हाल विद्यमान नेपालको संविधानको धारा १३३ को उपधारा (५) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) (क) मा उच्च अदालतले सुरू कारवाही र किनारा गरेको मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था रहेको र करार ऐन, २०५६ को दफा ८७(१) (२) बमोजिम प्रदान गरिने उपचार तत्कालीन वा अस्थायी प्रकृतिको भए पनि मुद्दाकै रोहमा प्रदान गरिने र अन्तरकालीन प्रकृतिको नभई अन्तिम आदेश नै हुँदा पुनरावेदन अदालत, विराटनगरको फैसलाउपर अ.बं. १७ नं. को निवेदन लाग्ने नभई पुनरावेदन नै लाग्ने देखिन आउने ।**

(प्रकरण नं.११)

निवेदकका तर्फबाट **:** विद्वान् वरिष्ठ अधिवक्ताद्वय हरिहर दाहाल, कपिल घिमिरे तथा विद्वान् अधिवक्ता कमलेश द्विवेदी

विपक्षीका तर्फबाट **:** विद्वान् वरिष्ठ अधिवक्ता कौशल किशोर द्विवेदी एवं विद्वान् अधिवक्ताहरू रामबहादुर थापामगर र श्यामकुमार श्रेष्ठ

सम्बद्ध कानून **:**

- करार ऐन, २०५६ को दफा ८७(१) र (२)

अवलम्बित नजिर **:**

- *ने.का.प.* २०४५, नि.नं.३३६७
- *ने.का.प.* २०४९, नि.नं.४५३१
- *ने.का.प.* २०६९, नि.नं.८९१८
- *ने.का.प.* २०६४, अंक १, नि.नं.७८०५
- *ने.का.प.* २०६६, अंक ९, नि.नं.८२२८
- *ने.का.प.* २०६८, अंक ७, नि.नं.८६४८
- *ने.का.प.* २०७१, अंक ५, नि.नं.९१५७

फैसला

न्या.डा. आनन्दमोहन भट्टराई : यसमा करार ऐन, २०५९ को दफा ८७(१)(२) को जटिल कानूनी प्रश्नमा पूर्ण इजलासबाट एकरूपता कायम हुन उपयुक्त देखिन आएको भनी यस अदालतको संयुक्त इजलासबाट सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(घ) बमोजिम पूर्ण इजलासमा पेस गर्नु भनी मिति २०७२।८।२५ मा भएको आदेशबमोजिम प्रस्तुत निवेदन यस इजलाससमक्ष पेस हुन आएको देखियो।

निवेदकले विपक्षीसँग ५ वर्षसम्म विपक्षी उद्योगबाट उत्पादित छाला निवेदनलाई प्रचलित बजार दरमा उपलब्ध गराउने सर्तसहितको करार मिति २०७०।४।१ मा भएको र उक्त करारअनुसारको व्यवहार चलिरहेकोमा २०७० मंसिर महिनादेखि विपक्षीको उद्योगमा आन्तरिक मजदुर विवाद भई मजदुर कर्मचारीको पे अफ तथा ऋण तिर्न भनी मिति २०७०।९।९ मा अलग्गै करार गरी रू. २,००,००,०००।- (दुई करोड) नगद नेपाल एस.बि. आई. बैंक लि. बाट टर्म लोन लिई उपलब्ध गराएको थियो । विपक्षीले हालसम्म उक्त रकम नतिरेको र रकम लिने कुरामा ताकेता गरेको र किन सम्पर्क नगरेको हो भनी सोध्दा छाला अन्यत्र बिक्री गरी तपाइँको रकम तिर्ने विचार आएकोले तपाइँसँग सम्पर्क नगरेको हो भनी जवाफ आयो । ५ वर्षसम्म निवेदकलाई विपक्षीद्वारा उत्पादित छाला उपलब्ध गराउने दायित्व करारअनुसार विपक्षीसँग रहेकोमा विपक्षीले करारको विपरीत काम व्यवहार गर्न लागेको प्रस्ट भएकोले अन्यायमा परी करार ऐन २०५६ को दफा ८७(१) अनुसार यो उजुरी गर्न आएको छु। ऐनको दफा ८७(२) अनुसार विपक्षी तथा निवेदकको बीचमा भएको करारअनुसार उत्पादित छाला अन्यत्र बिक्री गर्ने वा दिने कार्य तत्काल रोकी पाउँ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, विराटनगरमा चढाएको निवेदन पत्र।

निवेदक र विपक्षीबीचमा भएको करार सम्झौताबमोजिम करारको अवधि ५ वर्ष व्यतित हुन बाँकी नै रहेको हुँदा करार ऐन, २०५६ को दफा ८७(२) बमोजिम करारविपरीत अन्यत्र छाला बिक्री नगर्नु नगराउनु भनी विपक्षीका नाउँमा आदेश जारी गरिदिएको छ भन्नेसमेत व्यहोराको मिति २०७१।५।१३ को पुनरावेदन अदालत, विराटनगरको आदेश।

विपक्षी रिट निवेदकले उल्लेख गरेबमोजिम कम्पनीसँग कुनै प्रकारको करार सम्झौता गरेको होइन। हाम्रो कम्पनीमा आजभन्दा १.५ वर्ष अगाडि हि.गुईसुङ सामान्य कामदारका रूपमा आएका र कम्पनीको कार्यकारी अधिकृत, प्रबन्ध निर्देशक तथा सोही प्रशासनिक ल्याकत र हैसियत नै भएका व्यक्तिसँग गरेको करारका आधारमा विपक्षीलाई छाला बिक्री गर्न बाध्य हुने होइन । हि. गुईसनलाई त मात्र मिति २०७०।९।९ को रू. २ करोडको कम्पनीमार्फत ऋण लिने कागज गर्न मात्र अनुमति दिइएको हो। सोअनुसार विपक्षी निवेदकलाई रू.१ करोड भुक्तानीसमेत गरिसकिएको छ। रकमसमेत नतिरेको भनी विपक्षीले लिएको जिकिर सरासर झुट्ठा हो । झुट्ठा रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको विपक्षीको लिखित जवाफ।

मिति २०७०।५।१३ को अन्तरिम आदेशलाई निरन्तरता दिएको मिति २०७१।५।१९ को अन्तरिम आदेश खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको मिति २०७१।६।१ मा विपक्षी पुनरावेदन अदालत, विराटनगरमा चढाएको निवेदन पत्र।

प्रस्तुत विवादमा निवेदकले विपक्षीसँग करार सम्पन्न भएको भनी दाबी लिई उक्त करारअनुसार काँचो छाला आफूलाई उपलब्ध गराउनुपर्नेमा त्यसो नगरेकोले सो करारअनुसार सर्त पूरा गर्नुपर्ने प्रयोजनार्थ निवेदक यस अदालतसमक्ष प्रवेश गरेको भए तापनि विपक्षीले

आफ्नो आधिकारिक व्यक्तिबाट करार भएको छैन भनी उक्त मिति २०७१/४/१ को करारको आधिकारिकता र अस्तित्वमा नैं प्रश्न उठाई लिखित जवाफ फिराएको हुँदा यस्तो अवस्थामा साधिकार निकायबाट प्रमाण बुझी निर्णयमा पुग्नुपर्ने करार ऐन, २०५६ को मर्म भावना र प्रावधान रहेको पाइयो। करारको उल्लङ्घन हुँदा दफा ८७ अन्तर्गतको अधिकारक्षेत्र प्रयोग गर्न सकिने अवस्था नरहेकोमा प्रस्तुत विवादमा त करारको एउटा पक्षले करारको आधिकारिकतामै प्रश्न उठाएको हुँदा यसको छिनोफानो साधिकार निकायबाट मात्र हुन सक्ने हुँदा प्रस्तुत निवेदन दाबीअनुसार आदेश जारी गर्न मिलेन प्रस्तुत निवेदन खारेज हुने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, विराटनगरको मिति २०७१/१०/५ को आदेश।

पुनरावेदन अदालत, विराटनगरले आदेशमा उल्लेख गरेबमोजिम करारको आधिकारिकताको प्रश्न साधिकार निकायबाट छिनोफानो हुनुपर्ने भनी निवेदकको निवेदन खारेज गरेको मिलेको छैन। मुलुकी ऐन अ.बं. १७ नं. बमोजिम बदर गरी करारको यथावत् परिपालना अर्थात् करारको विपरीत गर्न लागेको व्यवहार रोक्ने गरी आदेश जारी गर्नुपर्नेमा सो नगरेको पुनरावेदन अदालत, विराटनगरको आदेश उल्टी गरी विपक्षीका नाउँमा करारको यथावत् परिपालना अर्थात् करार गर्न लागेको व्यवहार रोक्ने आदेश जारी गरिपाउँ भन्नेसमेत व्यहोराको नेपाल ट्रेनिङ इण्डष्ट्रिज प्रा. लि.का तर्फबाट जावेदनवी इराकीको तर्फबाट यस अदालतमा पर्न आएको निवेदन पत्र।

निवेदकका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री हरिहर दाहाल तथा श्री कपिल घिमिरे तथा विद्वान् अधिवक्ता श्री कमलेश द्विवेदीले पुनरावेदन अदालतबाट उच्च अदालतले सुरू कारवाही गरेको मुद्दामा पुनरावेदन लाग्छ भन्ने व्यवस्था संविधानको धारा १३३(५) र न्याय प्रशासन ऐन, २०४८ को दफा ९ मा रहेकोबाट पुनरावेदन नलाग्ने भन्ने हुँदैन । तर हाम्रो मुद्दामा पुनरावेदनको म्याद नै नदिईएको र सर्वोच्च अदालतबाट *ने.का.प.* २०७१, नि.नं. ९१५७ मा प्रतिपादित सिद्धान्तअनुसार अ.बं. १७ नं. अन्तर्गत निवेदन लिई आएको हुँदा पुनरावेदन लाग्ने भनी व्याख्या भएको स्थितिमा निवेदकले पुनरावेदनको म्याद पाउनुपर्छ भन्ने बहस गर्नुभयो । विपक्षीतर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री कौशल किशोर द्विवेदी एवं विद्वान् अधिवक्ताहरू श्री रामबहादुर थापामगर तथा श्री श्यामकुमार श्रेष्ठले करार ऐनको दफा ८७ बमोजिमको उजुरीमा पुनरावेदन अदालतबाट भएको आदेश अन्तिम आदेश हुँदा त्यस्तो आदेशउपर पुनरावेदन नै लाग्ने हो अ.बं.१७ नं. अन्तर्गत निवेदन लाग्ने होइन। फैसलामा पुनरावेदन गर्न जानु भनी लेखिएन भन्दैमा पुनरावेदनको हक प्रयोग हुन नसक्ने भन्ने हुँदैन। निवेदकले नक्कल सारी अ.बं.१७ नं. अन्तर्गत निवेदन गरेको हुँदा अब पुनरावेदनको म्याद पाउन सक्दैन। तसर्थ निवेदन खारेज हुनुपर्छ भन्नेसमेत बहस गर्नुभयो।

विद्वान् वरिष्ठ अधिवक्ता तथा अधिवक्ताहरूको बहस सुनी निर्णयतर्फ विचार गर्दा यहाँ मुख्यरूपमा पुनरावेदन अदालतले करार ऐन, २०५६ को दफा ८७ अन्तर्गत दिएको आदेशउपर पुनरावेदन लाग्ने हो वा अ.बं.१७ नं. अन्तर्गत हेर्नुपर्ने हो भन्ने विषयको निरूपण हुनुपर्ने देखियो। सो गर्ने सन्दर्भमा पुनरावेदन अदालत, विराटनगरको अन्तिम आदेश र यस अदालतको संयुक्त इजलासबाट भएको आदेशको प्रासङ्गिक उल्लेखन आवश्यक देखियो।

२. मिसिल हेर्दा नेपाल टेनिङ इण्डष्ट्रिज प्रा.लि. र म्याक्स फुड प्रा.लि.को बीच पाँच वर्षसम्म छाला उपलब्ध गराउने विषयमा मिति २०७०।४।१ मा भएको करारको परिपालना विषयमा विवाद उत्पन्न भएको रहेछ । करारबमोजिम तेस्रो पक्षलाई म्याक्स फुडले छाला बिक्री गर्न नपाउनेमा त्यस्तो कार्य गर्न

लागेकोले निवेदकले करार ऐन, २०५६ को दफा ८७(१) र (२) बमोजिम त्यस्तो करारविपरीत गर्न लागेको व्यवहार रोकी पाउँ भनी पुनरावेदन अदालत, विराटनगरमा निवेदन दर्ता गरेको रहेछ। सो अदालतले दुवै पक्षको कुरा सुनी अन्ततः ०७१।१०।५ मा करारको आधिकारिकतामा नैं विपक्षीले प्रश्न उठाएको हुँदा यसको छिनोफानो साधिकार निकायबाट मात्र हुनसक्ने हुँदा करार ऐन, २०५६ को दफा ८७(२) बमोजिमको आदेश जारी हुनुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा निवेदन खारेज हुने ठहर्छ भन्ने आदेश गरेको देखिन्छ। उक्त आदेशउपर निवेदकले अ.बं.१७ नं. अन्तर्गत यस अदालतमा मिति २०७२।२।१ मा निवेदन दर्ता गरेकोमा संयुक्त इजलाससमक्ष पेस हुँदा मिति २०७२।८।२५ मा देहायको आदेश भएको देखिन्छ।

३. यसमा करार ऐन, २०५६ को दफा ८७(१)(२) अन्तर्गत भएको आदेशउपर यस अदालतमा अ.बं.१७ नं. बमोजिम वा पुनरावेदनबाट वा रिट निवेदनबाट आउन पाउने हो भन्ने सन्दर्भमा *ने.का.प.* २०६८ अंक ७ नि.नं.८६४८, *ने.का.प.* २०६४ अंक १ नि.नं.७८०५, *ने.का.प.*२०६६ अंक ९ नि.नं.८२२८ मा प्रकाशित संयुक्त इजलासका फैसलाहरू हेर्दा उक्त मुद्दाहरू पुनरावेदनको रोहबाट निर्णय भएको देखिन्छ। तर पुनरावेदन आउन नमिल्ने बरू अ.बं.१७ नं. अनुरूप आउन सक्ने भनी *ने.का.प.*२०७१ अंक ५ नि.नं.९१५७ मा प्रकाशित संयुक्त इजलासको फैसलाले स्पष्टरूपमा करार ऐन, २०५६ को दफा ८७(१)(२) अन्तर्गतको आदेशउपर पुनरावेदन नलाग्ने भनी फैसला गर्दै अ.बं.१७ नं. अनुरूप जान सक्ने उल्लेख भएको देखिँदा उक्त दफा ८७(१)(२) अनुरूप भएको आदेशउपर पुनरावेदन लाग्ने हो वा होइन भन्ने सन्दर्भ भई फरक फरक किसिमका फैसलाहरू भई सो करार ऐन, २०५६ को दफा ८७(१)(२) को जटिल कानूनी प्रश्नमा पूर्ण इजलासबाट एकरूपता कायम हुन उपयुक्त देखिन आयो। अतः सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३(१)(घ) अनुरूप प्रस्तुत प्रतिवेदन नियमानुसार गरी पूर्ण इजलाससमक्ष पेस गर्नु सोको जानकारी विपक्षी सि. म्याक्स फुड प्रा. लि. लाई समेत दिनू।

४. अब पुनरावेदन अदालत, विराटनगरले गरेको अन्तिम आदेशउपर पुनरावेदन लाग्ने हो वा अ.बं. १७ नं. अन्तर्गत निवेदन लाग्ने हो भन्ने सन्दर्भमा हेर्दा प्रस्तुत विवाद अदालत प्रवेश गरेको अवस्थामा विद्यमान नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा (३) मा सर्वोच्च अदालतलाई कानूनमा व्यवस्था भएबमोजिम सुरू मुद्दा हेर्ने, पुनरावेदन सुन्ने, साधक जाँच्ने, मुद्दा दोहोर्‍याउने वा निवेदन सुन्ने व्यवस्था रहेको र तत्काल विद्यमान न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(क) मा गरिएको व्यवस्थाअनुसार पुनरावेदन अदालतले सुरू कारवाही र किनारा गरेको मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था रहेको देखिन्छ।

५. करार ऐन, २०५६ को दफा ८७(१) मा *"करारको कुनै पक्षले सो करारको प्रकृतिअनुसार गर्न नहुने कुनै काम कारवाही वा व्यवहार गर्न लागेको कारणबाट करारको परिपालना सम्भव नहुने भएमा त्यस्तो काम कारवाही वा व्यवहारबाट मर्का पर्ने पक्षले त्यस्तो कामकारवाही वा व्यवहार रोकी पाउन पुनरावेदन अदालतमा उजुरी दिन सक्नेछ* भन्ने व्यवस्था रहेको देखिन्छ। यहाँ उक्त दफामा "उजुरी" भन्ने शब्द उल्लेख भएकोले सो शब्दले के कुरालाई जनाउँछ सोबारेमा स्पष्ट हुनु आवश्यक देखिन्छ। मुलुकी ऐन प्रारम्भिक कथनको ३(ङ) नं. मा नालिस भन्नाले उजुरसमेत सम्झनुपर्छ भन्ने व्यवस्था रहेको छ। वस्तुतः अदालतमा दर्ता हुने रिटबाहेकका सबै विवादहरू नालिस (फिराद) को रूपमा वा उजुरीको रूपमा आउँछन्। यी सबै अदालतबाट हेरिने मुद्दा हुन्। शाब्दिकरूपमा हेर्दा पनि मुद्दा (Case) भित्र मुद्दा (Case) र विवाद (Controversies) दुवै पर्दछन्।

न्यायिक निकायबाट आधिकारिकरूपमा निरूपण हुने सबै मुद्दाहरू नालिस वा उजुरीको रूपमा अदालतमा दर्ता हुन्छन् । व्यक्तिको हक अधिकार वा दायित्वको निरूपणको विषयमा कुनै आधिकारिक र अन्तिम निर्णय खोजी विवाद अदालतमा प्रस्तुत गरिएको छ र यदि सो प्रस्तुत गरिएको विवाद रिट होइन भने उजुरीको रूपमा पेस गरिएको भएपनि त्यसलाई मुद्दाको रूपमा लिइनु उपयुक्त हुन्छ । यसरी हेर्दा व्यक्तिको हक अधिकार र दायित्वको विषयमा निरूपणको सन्दर्भमा अदालतमा प्रवेश गर्ने विवादहरू मध्ये रिटलाई एक वर्ग र अन्य विवादहरूलाई अर्को वर्ग गरी वर्गीकरण गर्न सकिन्छ । यस दृष्टिकोणबाट हेर्दा करार ऐनको दफा ८७(१) अन्तर्गत दिइने उजुरी पनि मुद्दा (नालिस) को प्रकृतिको रहेछ भनी बुझ्नु पर्ने हुन्छ ।

६. अब यस्तो उजुरीमा भएको निर्णयउपर पुनरावेदन लाग्छ वा लाग्दैन भन्ने सन्दर्भमा हेर्दा यस अदालतले ललनप्रसाद साह (*ने.का.प.*२०६६ नि.नं.८२२८) र सडक विभाग (*ने.का.प.*२०६८ नि.नं.८६४८) का मुद्दाहरू पुनरावेदनको रोहबाट हेरी निर्णय गरेको देखिन्छ । ललनप्रसाद साहको मुद्दामा करार ऐन, २०५६ अन्तर्गत पक्षलाई प्राप्त हुने विभिन्न उपचारका व्यवस्थाहरू जस्तो दफा ८६ अनुसार प्राप्त हुने यथावत परिपालना र दफा ८३ अनुसार प्राप्त हुने क्षतिपूर्तिसम्बन्धी उपचारबारे चर्चा गर्दै दफा ८७(२) अनुसार प्राप्त हुने उपचारलाई "निर्दोष पक्षलाई अपूरणीय क्षति पुग्न जाने अवस्थाबाट हक संरक्षण गर्ने... सुरक्षात्मक प्रकृतिको उपचार" भन्ने र त्यसैगरी "करार उल्लङ्घन हुँदा प्राप्त हुने उपचार नभई यो तत्कालीन अवस्थामा प्राप्त हुने अन्तरिम प्रकृतिको सुरक्षात्मक राहत वा उपचार मात्र हो" भनी दफा ८७(२) अन्तर्गत प्राप्त हुने उपचारको प्रकृतिबारे उल्लेख गरेको देखिन्छ ।

७. उक्त निर्णयको माध्यमबाट यस अदालतले करार ऐन, २०५६ को दफा ८७**(**१**)(**२**)** अन्तर्गत खोजिने उपचारको र दिइने आदेशको प्रकृति बारेमा समेत स्पष्ट गरेको देखिन्छ । दफा८७**(**२**)** अन्तर्गत दिइने आदेशलाई कहिँकतै अन्तरिम वा अन्तरकालीन आदेश हो भनी उल्लेख गरेको देखिँदैन । त्यसैले अ.बं. १७ नं. अन्तर्गत पुनरावेदन सुन्ने अदालत अर्थात् प्रस्तुत विवादको सन्दर्भमा यस अदालतमा निवेदन दिन पाउने भन्नु कानूनमा आधारित र सही देखिँदैन ।

८. सैद्धान्तिकरूपमा हेर्दा पनि दफा ८७(२) अनुसार प्राप्त हुने उपचार निषेधाज्ञाको प्रकृतिको उपचार हो भन्ने देखिन्छ । जसरी निषेधाज्ञाको आदेश माग गरिएका विवादहरूमा विवादको विषयवस्तुलाई अरू बिग्रन र पक्षलाई पर्न सक्ने सम्भावित अपूरणीय क्षति रोक्न निषेधाज्ञाको आदेश जारी गरिन्छ, त्यस्तै प्रकृतिको आदेश करार ऐन, २०५६ को दफा ८७(२) अन्तर्गत जारी गरिन्छ । निषेधात्मक प्रकृतिको आदेश जारी गर्ने व्यवस्था करार ऐन वा अन्य ऐनमा पनि रहन सक्छ । उदाहरणको लागि भारतमा सो व्यवस्था करार ऐनमा नभई भारतको विशिष्ट उपचार ऐन (Specific Relief Act), १९६३ मा राखिएको छ । सो ऐनको दफा ३९ मा "When, to prevent the breach of an obligation, it is necessary to compel the performance of certain acts which the court is capable of enforcing, the court may, in its discretion, grant an injunction to prevent the breach complained of, and also to compel performance of the requisite acts". भनिएको छ । भारतीय विशिष्ट उपचार ऐन, १९६३ मा गरिएको व्यवस्था र हाम्रो करार ऐनको दफा ८७ को उपचारको प्रकृति उस्तै उस्तै रहेछ भन्ने माथिको उद्धरणबाट समेत देखिन्छ । भारतीय कानूनमा उक्त दफा ३९ अन्तर्गत सुरू अदालतले दिएको आदेशउपर पुनरावेदनको माध्यमबाट हेरिने गरिएको

देखिन्छ[1] । भारतमा करार ऐनको अलावा वस्तु बिक्री, एजेन्सी तथा विशिष्ट उपचार ऐनसमेतद्वारा करारीय विषय हेरिने गरिन्छ भने नेपालमा यी सबै विषयहरूलाई करार ऐन २०५६ मा नै समेटिएको कुरा पनि स्मरणीय छ ।

९. हाम्रो आफ्नै कानूनी इतिहास हेर्दा पनि करार ऐन, २०२३ मा निषेधाज्ञाको प्रकृतिको उपचार प्रदान गर्ने कुनै कानूनी व्यवस्था थिएन । यस अदालतले सम्झौताको विषयमा नागरिक अधिकार ऐन, २०१२ अन्तर्गत निषेधाज्ञाको उपचार प्राप्त हुन सक्दैन (*ने.का.प.* २०४५ नि.नं. ३३६७, *ने.का.प.* २०४९ नि.नं. ४५३१, *ने.का.प.* २०६९ नि.नं. ८९१८) भन्ने आदेश जारी गरेको पाइन्छ । तर करारीय विवादमा पनि करारको विषयवस्तुको संरक्षण गर्न, तत्कालीन राहत उपलब्ध गराउन आवश्यक देखिएको कारण नै करार ऐन, २०५६ को दफा ८७ को व्यवस्था राखिएको रहेछ भनी सहजरूपमा बुझ्न सकिन्छ । तर यति भन्दाभन्दै पनि दफा ८७ अन्तर्गत जारी हुने आदेश मुद्दाको रोहमा जारी गरिने अन्तरकालीन आदेश भने होइन । यो अन्तिम आदेश नै हो । केवल उपचारको प्रकृतिसम्म स्थायी नभई तत्कालिक हो ।

१०. अब संयुक्त इजलासको आदेशमा उल्लेख भएको तेस्रो विवाद अर्थात् विराट सु इण्डष्ट्रिज प्रा.लि.को तर्फबाट विराट थापा वि. नेपाल बंगलादेश बैंक लि.समेत (*ने.का.प.* २०७१ नि.नं. ९१५७) को मुद्दामा भएको निर्णय सम्बन्धमा हेर्दा सो मुद्दामा "करार ऐन, २०५६ को दफा ८७(१)(२) अन्तर्गतको आदेश अन्तरकालीन आदेश भएको, सो आदेशउपर पुनरावेदन लाग्ने व्यवस्था करार ऐनमा नभएको, अन्तरकालीन आदेशउपर पुनरावेदन सुन्ने अदालतमा अ.बं. १७ नं. को निवेदनसम्म दिन पाउनेमा पुनरावेदन गर्न जानु भनी सुनाउँदैमा पुनरावेदकको अधिकार सृजना हुँदैन भन्ने निष्कर्षमा पुगी संयुक्त इजलासबाट सो मुद्दामा दायर भएको पुनरावेदन खारेज गरेको पाइन्छ । पुनरावेदकको हक कानूनद्वारा सृजना हुनुपर्छ अन्यथा पुनरावेदन लाग्दैन भन्ने हदसम्म संयुक्त इजलासको धारणा ठिक देखिन्छ । तर सो हकबारे करार ऐनमा नै उल्लेख हुनुपर्छ भन्ने छैन । अन्य ऐनमा पनि सो उल्लेख हुन सक्छ । न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) को प्रयोग पक्षले गर्न नपाउने भन्ने हुँदैन । माथि विश्लेषण गरिएअनुसार दफा ८७(१)(२) बमोजिमको उपचारको प्रकृति निषेधाज्ञात्मक (injunctive relief) रूपको हुने भन्ने विवाद उठेको सन्दर्भमा पक्षले विवाद लिई अदालत प्रवेश गर्दा उजुरी अर्थात् मुद्दाको रूपमा नै पेस गर्छ । त्यसरी पेस भएको विवादमा अदालतबाट आदेश जारी गर्ने वा नगर्ने निर्णय भएपछि अदालतमा कुनै विवाद बाँकी नरही मुद्दा नै टुङ्गो लाग्ने हुँदा दफा ८७(१)(२) अन्तर्गत जारी गरिने आदेश अन्तरकालीन प्रकृतिको हो भन्न मिल्ने देखिँदैन । तसर्थ यस्तो आदेश अन्तरकालीन आदेश हो भन्ने विराट सु इण्डष्ट्रिजको मुद्दा (*ने.का.प.*२०७१, नि.नं.९१५७) संयुक्त इजलासको दृष्टिकोण सही नदेखिँदा उक्त प्रतिपादित सिद्धान्त कायम रहन सक्ने देखिएन । सो मुद्दामा प्रतिपादित सिद्धान्तलाई अमान्य घोषित गरिदिएको छ ।

११. अतः संक्षेपमा न्याय प्रशासन ऐन, २०४८ को दफा ९ (१)(क) मा पुनरावेदन अदालतले सुरू कारवाही गरेको र हाल विद्यमान नेपालको संविधानको धारा १३३ को उपधारा (५) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(क) मा उच्च अदालतले सुरू कारवाही र किनारा गरेको मुद्दामा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था रहेको र करार ऐन, २०५६ को दफा ८७(१)(२) बमोजिम प्रदान गरिने उपचार तत्कालीन वा अस्थायी प्रकृतिको

1 उदाहरणको लागि हेर्नुहोस् T Narasimhamurlhy V. Director School Education and Ors. २००३(३) ALD ४८२ (APHC), Jagadish Chandra Trikha V. Panjab National Bank and Ors, AIR १९९८ Delhi २६६, K. Ramayamma V.K .Rama Rao १९९८(४) ALD ४९१ (ApHC)

भए पनि मुद्दाकै रोहमा प्रदान गरिने र अन्तरकालीन प्रकृतिको नभई अन्तिम आदेश नै हुँदा पुनरावेदन अदालत, विराटनगरको मिति २०७१/१०/५ को फैसलाउपर अ.बं. १७ नं. को निवेदन लाग्ने नभई पुनरावेदन नै लाग्ने देखिन आयो। तर पुनरावेदन हेर्दा करार ऐन, २०५६ को मूल भावनालाई आत्मसात् गर्नुपर्ने हुँदा यस्तो मुद्दालाई अलग्गै वर्गमा राखी छिटो माध्यमद्वारा सुनवाई हुन आवश्यक देखिँदा तत्सम्बन्धमा व्यवस्थापकीय र कानूनी व्यवस्थासमेत हुनु वाञ्छनीय देखिएको छ । दफा ८७(१)(२) बमोजिम गरेको निर्णय पुनरावेदनकै रोहबाट हेर्नुपर्ने हुँदा अ.बं.१७ नं. को रोहमा पुनरावेदन अदालत, विराटनगरको फैसला मिले वा नमिलेको के रहेछ भनी हेर्न मिल्ने देखिएन। प्रस्तुत निवेदन खारेज हुने ठहर्छ।

१२. अब अ.बं.१७ नं. अन्तर्गत परेको निवेदन खारेज भएपछि प्रस्तुत मुद्दाको सन्दर्भमा निवेदकको पुनरावेदन गर्ने हक के हुने भन्ने विषयतर्फ विचार गर्दा पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७१/१०/५ मा फैसला गर्दा पक्षलाई पुनरावेदनको म्याद दिएको नदेखिएको र सर्वोच्च अदालतबाट *ने.का.प.*२०७१, नि.नं.९१५७ मा प्रतिपादित सिद्धान्तद्वारा सिर्जित अन्यौलसमेतको कारण अ.बं.१७ नं. अन्तर्गतको निवेदन दर्ता भएको देखिएकोले अब पुनरावेदन नलाग्नेभन्दा अड्डाको कारणबाट पक्षलाई अन्याय पर्न जाने देखिन्छ। तसर्थ निवेदकलाई पुनरावेदनको म्याद दिई कानूनबमोजिम गर्नू।

उक्त रायमा हामी सहमत छौं।
न्या. केदारप्रसाद चालिसे
न्या. हरिकृष्ण कार्की

इजलास अधिकृत: रामप्रसाद बस्याल
इति संवत् २०७३ साल मङ्सिर २३ गते रोज ५ शुभम्।

निर्णय नं. ९८२२

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री सारदाप्रसाद घिमिरे
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
आदेश मिति : २०७४।०२।१८
०६७-WF-००१८

विषय: उत्प्रेषण

निवेदक : काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० स्थित अमर आदर्श माध्यमिक विद्यालय प्रा.लि.को अधिकार प्राप्त ऐ.को संस्थापक प्रधानाध्यापक बसन्त बहादुर श्रेष्ठ

विरूद्ध

विपक्षी : मालपोत कार्यालय, काठमाडौंसमेत

- **रिट निवेदक र विपक्षी फाइनान्स कम्पनीबीच ऋण प्रवाहको विषयमा भएको सम्झौता मुल रूपमा करार हो र सावाँ ब्याज तिर्नुपर्ने दायित्व सम्झौतामा उल्लेख भएबमोजिम नै हुने हो भन्ने देखिन्छ। तर यो सम्झौता र ऋण प्रवाहको विषयमा करार ऐन मात्र आकर्षित हुने भन्ने चाहीँ होइन । विपक्षी फाइनान्स कम्पनी तत्कालमा वित्त कम्पनी ऐन, २०४२ र हालमा बैंक तथा वित्तीय संस्था ऐन, २०६३ अन्तर्गत कार्य सञ्चालन गर्ने संस्था हो। त्यस्तै गरी ऋण प्रवाह र असुलउपर गर्ने कार्य पनि करार ऐनअन्तर्गत मात्र गरिएको वा उपचार खोज्ने पक्षले करार ऐनअन्तर्गत मात्र उपचार खोजिएको**

अवस्था पनि होइन । यहाँ ऋण असुल उपरको प्रक्रिया वित्त कम्पनी ऐन, २०४२ अन्तर्गत सुरू भएको छ । तसर्थ करार ऐन मात्र आकर्षित हुने जस्तो गरी यो करारीय सम्बन्धको विषय हो भन्दा विषयवस्तुलाई समग्रमा सम्बोधन नगरिएको हुन जाने ।

(प्रकरण नं. २)

- **बजार मूल्यमा जग्गा सकार गरिएको वा प्रवाह गरेको ऋणको सावाँ ब्याजले खाम्नेसम्म जग्गा सकार गरिएको अवस्था हुन्थ्यो भने प्रक्रियागत स्वच्छता अपनाइएको मान्न सकिने स्थिति रहन्थ्यो । तर आफूले ऋण प्रवाह गर्दा एक किसिमको मूल्याङ्कनलाई आधार मानी ऋण प्रवाह गर्ने, त्यसको चार वर्ष पछि आफैँले प्राविधिक खटाई मूल्याङ्कन गर्दा पनि साबिककै हाराहारीमा मूल्याङ्कन गर्ने, तर आफूले सकार गर्दा चाहीँ आधाभन्दा कम मूल्यमा गर्ने कार्य कुनैरूपमा पनि उचित, विवेकसम्मत र न्यायपूर्ण मान्न सकिँदैन । यस्तो अवस्थामा सकार गर्ने कार्य लिलामको निरन्तरता हो र सकार गर्दा ऋणीलाई सूचना दिनु पर्दैन भन्दा ऋणीको सम्पत्तिसम्बन्धी हकमा अनुचित हस्तक्षेप गरेको हुन जाने ।**
- **ऋणी र साहु समान आर्थिक हैसियतमा रहेका हुँदैनन् । ऋण तिर्न नसक्नु ऋणीको इच्छित अवस्था होइन । धितो अवमूल्याङ्कन गर्ने पक्षले ऋणीलाई एकपटक आफ्नो कुरा भन्ने अवसर प्रदान गर्नुपर्छ । ऋणीको असमर्थताको फाइदा उठाई घटिमा सकार गरिन्छ र सो पूर्व ऋणीलाई आफ्नो कुरा भन्ने अवसर दिइँदैन भने अन्यायपूर्ण परिस्थितिको सृजना हुन जान्छ । तसर्थ धितो सकार गर्नुपूर्व ऋणीलाई सूचना नदिईनुलाई प्राकृतिक न्यायको सिद्धान्तको बर्खिलाप कार्य गरेको भन्नु पर्ने देखिन आउने ।**

(प्रकरण नं. ४)

निवेदकको तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू विश्वकान्त मैनाली, श्याम प्रसाद खरेल, बालकृष्ण न्यौपाने तथा वोर्ण बहादुर कार्की

विपक्षीको तर्फबाट : वरिष्ठ अधिवक्ता कोमल प्रकाश घिमिरे, पुर्णमान शाक्य तथा विद्वान् अधिवक्ताहरू बालकृष्ण ढकाल र उत्तमराज पाठक

अवलम्बित नजिर :

- *ने.का.प.* २०६६, नि.नं.८२०४, पृ.१३२२
- *ने.का.प.* २०६९, नि.नं.८८६१, पृ.११११

सम्बद्ध कानून :

आदेश

न्या.डा. आनन्दमोहन भट्टराई : तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३, ८८(२) बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनमा संयुक्त इजलासका माननीय न्यायाधीशहरूको बीचमा मत्यैक्यता कायम हुन नसकी सर्वोच्च अदालत, नियमावलीको नियम ३(१)(क) बमोजिम पूर्ण इजलासमा पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यस प्रकार रहेको छ।

म निवेदकले काठमाडौं महानगरपालिका वडा नं. १० को कि.नं. २८२ को क्षेत्रफल २-९-३-२, कि.नं.२८४ को ०-९-०-२, कि.नं. ३२ को ०-०-०-२ मालपोत कार्यालय, काठमाडौंमा पास नगरी सुरक्षण राखी मिति २०५३।६।२६ मा रू ५ लाख र कि.नं. १७३ को १-६-१-१ र कि.नं. ९ को ०-५-२-२ को लिखत पारित नगरी ऋण बापत जग्गा सुरक्षण राखी

जम्मा १० लाख कर्जा लिएकोमा मिति २०५९।३।१७ मा रू.७,००,०००। मिति २०५९।६।२५ मा रू. ५०,०००।- समेत प्रमाणमा पेस गरेको बिल भरपाई तथा बैंक स्टेटमेन्टबमोजिम पटकपटक गरी जम्मा रू.१०,८३,०००।- विपक्षी फाइनान्सलाई तिरेको छु र विपक्षी फाइनान्सलाई मैले रकम बुझाउन बाँकी छैन।

यसैबीच मिति २०६१।६।१३ मा सबै कागजको नक्कल सारी हेर्दा विपक्षी फाइनान्सले मिति २०५९।१०।१ को निर्णयले रू.३३,९५,०१८।७१ बापतमा ७३,६२,०००।- मूल्याङ्कन गरी सञ्चालन भएको विद्यालयको कम्पाउण्डसमेत गरी कि.नं. २८२ को २-९-३-२, कि.नं. २८४ को ०-९-०-३, कि.नं.३२ को ०-०-०-२, कि.नं. १७३ को १-९-१-१, कि.नं. ९ को ०-५-२-१ गरी जम्मा ५-२-०-२ जग्गा विपक्षी आफैँले सकार गरी मालपोत कार्यालय, काठमाडौंको मिति २०६१।२।१५ को निर्णयबाट दाखिल खारेज गरी लगेको थाहा पाए। विपक्षी फाइनान्सले लिलाम गरेको मेरो ५-२-०-२ जग्गा म निवेदकले विपक्षी फाइनान्सलाई मालपोत कार्यालयमा गई दृष्टिबन्धक लिखत पारित गरेको छैन । विपक्षी फाइनान्सले आफूलाई धितो पारित नगरी दिएको जग्गा रोक्का राख्न र उक्त जग्गा लिलाम गर्ने अधिकार वित्त कम्पनी ऐन, २०४२ ले दिएको छैन।

म निवेदकले विपक्षी फाइनान्सबाट जम्मा रू.१० लाख लिएको र सोको ब्याज गरी जम्मा १५ लाख लिएको भनी बनाएपनि हालसम्म करिब रू.२०,०८,०००।- (बिस लाख आठ हजार) भन्दा बढी रकम बुझाई सकेको छु। विवाद जग्गाको मिति २०५२।५।३ सालमा विपक्षी बैंक आफैँले रू.७४,३३,७५०।- मूल्याङ्कन गरेको थियो । सो पछि करिब तिन करोडको बिल्डिङ बनेका छन् । २०६०।६१ सालको मालपोत कार्यालय, काठमाडौंको मूल्याङ्कन मात्रै रोपनीको ३२ लाखका दरले ५-२-०-२ जग्गाको मात्र मूल्य एक करोड बैसट्ठी लाख पर्दछ भने किनबेचको मूल्य हेर्ने हो भने विद्यालयको उल्लिखित सम्पत्ति ५ करोडभन्दा माथिको छ। यस्तो अवस्थामा मैले विपक्षीलाई बुझाएको पैसाको हिसाबनै नगरी ३२ लाख लिन बाँकी भनी लिलाम तथा सकार गर्न मिल्दैन। मिति २०५३ सालमै ७४ लाख पर्ने भनी विपक्षी आफैँले गरेको मूल्याङ्कनभन्दा कममा पनि लिलाम गर्न मिल्दैन । मूल्याङ्कन गरेभन्दा कममा लिलाम गर्न नहुने भनी *ने.का.प. २०५८ को पृष्ठ १३९ र स.अ.बुलेटिन ६ वर्ष १० अङ्क ७ पृष्ठ २* मा नजिर प्रकाशित छन्।

विपक्षी फाइनान्सले गराएको मिति २०५९।१०।१ को सकार निर्णय, सो निर्णयबमोजिम दाखिल खारेज गरिपाउँ भन्ने विपक्षी बैंकको मिति २०६१।१।१४ को पत्र र सो पत्रको आधारमा भएको मालपोत कार्यालय, काठमाडौंको मिति २०६२।२।१५ को दाखिल खारेज निर्णयसमेत उक्त नजिरको विपरीत छ । विपक्षी फाइनान्सको मिति २०५९।१०।१ को निर्णयमा ७३,६२,०००।- पर्ने भनिएको सम्पत्ति रू.३३,९५,०१५।७१ मा लिलाम गरिएको छ । मालपोतको मूल्याङ्कनअनुसार विपक्षी फाइनान्सले सकार गरेको का.जि.का.म.न.पा. वडा नं. १० को ५-२-०-२ जग्गाको मूल्य मात्र १ करोड ६२ लाखको न्युनतम मूल्य कायम गरेको छ । जसको बजार भाउअनुसार करिब ५ करोड पर्दछ। यस्तो सम्पत्ति रू.३३,९५,०१५।७१ मा लिलाम गर्न मिल्दैन। वित्त कम्पनी ऐन, २०४२ को दफा ४८(४) मा आफ्नो रकम खाम्ने मात्र लिलाम बिक्री गर्नुपर्नेमा विपक्षीकै लिलामी निर्णयअनुसार रू.७३,६२,०००।- को सम्पत्ति कसैले सकार गर्न आएन भनी रू.३३,९५,०१५।७१ मा सकार गर्न मिल्दैन। त्यसमा पनि उक्त सम्पत्तिको मूल्य मालपोतको मूल्य र चलन चल्तीको मूल्यअनुसार धेरै बढी छ। विपक्षी फाइनान्सको पटक पटक लिलामी बिक्री गर्दा कसैले सकार नगरेको भन्ने कुरा पनि झुट्ठा हो । विपक्षी फाइनान्सले लिलामको कुनै प्रक्रियानै

पूरा गरेको छैन। मिति २०५७ सालको रिट नं २८५ निवेदक *जगत प्रकाश नेउपाने विरूद्ध नारायणी फाइनान्स लिमिटेड* भएको मुद्दामा यस अदालतबाट मिति २०६१।१२।१३ मा फैसला हुँदा लिलामको प्रकिया पूरा नगरेको सम्पत्तिको अवमूल्याङ्कन गर्दा जानकारी नदिएको गैरकानूनी हुने भनी नजिर कायम भएको छ।

तसर्थ विपक्षीहरूको उल्लिखित काम कारवाही र निर्णयले म निवेदकको माथि उल्लिखित कानूनी हक र तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११(१),१२(२)(ङ) धारा १६,१७ द्वारा प्रदत्त मौलिक हक हनन भएकोले धारा २३ र ८८(२) बमोजिम विपक्षी फाइनान्स कम्पनीको पटकपटक भनेको निर्णय, मिति २०५९।१०।१ को सकार निर्णय, दाखिल खारेज गरिपाउँ भनी मालपोत कार्यालयमा दिएको मिति २०६१।१।१४ को निवेदन र सो निवेदनसमेतको आधारमा मालपोत कार्यलय, काठमाडौंले दाखिल खारेज गर्ने गरेको मिति २०६१।२।१५ को निर्णयसमेतका आधारमा सम्पूर्ण काम कारवाही उत्प्रेषणको आदेशद्वारा बदर गरी जो चाहिने आज्ञा आदेश वा पुर्जी जारी गरिपाउँ भन्ने व्यहोराको रिट निवेदन।

निवेदकको मागबमोजिमको आदेश जारी गर्नुनपर्ने आधार भएमा बाटाको म्यादबाहेक १५ दिनभित्र सम्बन्धित मिसिल साथ राखी लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूको नाममा सूचना दिई लिखित जवाफ प्राप्त भएपछि वा अवधी नाघेपछी नियमानुसार पेस गर्नु साथै निवेदनको अन्तिम टुङ्गो नलागेसम्म निवेदन दाबीको २८२,२८४,३२,१७३ र ९ का घर जग्गाहरू कुनै व्यहोराले अरू कसैलाई हक हस्तान्तरण नगर्नु नगराउनु यथास्थितिमा राख्नु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरी दिइएको छ। सोको सूचना विपक्षीहरूलाई दिनु भन्ने यस अदालतको मिति २०६१।८।९ को आदेश।

निवेदकको नाउँमा दर्ता रहेको का.जि. का.म.न.पा. वडा.नं. १० कि.नं.२८२ को क्षेत्रफल २-९-३-२, कि.नं.०-९-०-३,कि.नं. ३२ को ०-०-०-२, कि.नं.१७३ को १-९-१-१, कि.नं.४० क्षेत्रफल ०-४-२-३ साबिक कि.नं. ९ को ०-५-२-१ जग्गा र त्यसमा बनेको घरहरू समेत यस फाइनान्समा धितो सुरक्षण राखी २०५२।६।१६ गते रू.१०,००,०००।- मिति २०५३।९।१६ गते रू.५,००,०००।-, मिति २०५३।९।१८ गते रू.५,००,०००।-, मिति २०५६।२।३१ गते रू.१०,००,०००।- गरी जम्मा रू.३०,००,०००।- (तीस लाख मात्र) कर्जा निवेदकले लिनु भएको कुरामा कुनै विवाद छैन। यसरी कर्जा लिई आफ्नो कारोबार सञ्चालन गरेपश्चात् ऋणीले फाइनान्स कम्पनीलाई तोकिएको समयमा तिर्नुपर्ने सावाँ ब्याज बुझाउन मौखिक पत्राचार गर्दा निवेदक ऋणीले केही ब्याज बुझाउनु भएको थियो। तत्पश्चात् बुझाउनु पर्ने रकम बुझाउने तर्फ विपक्षीले आलटाल गरेको हुँदा यस फाइनान्सले विभिन्न मितिमा पत्राचार गर्दा त्यसको वास्ता नगरेको हुँदा मिति २०५८।४।२५ को गोरखापत्रमा कम्पनीले लेखाई लिएको जायजेथा डाँक बढाबढको माध्यमबाट लिलाम बिक्री गर्ने सूचना प्रकाशित गरी मिति २०५८।५।२८ मा लिलाम गर्ने प्रयास गर्दा जायजेथा बोलकबोल गर्न कुनै व्यक्ति वा संस्था उपस्थित नभएको हुँदा सोही व्यहोरा जनाई उपस्थित प्रतिनिधिहरूले मुचुल्का गरी दिनु भएको हो।

यसरी दुई पटक धितो लिलामको सूचना प्रकाशित गरी लिलाम गर्ने प्रयास असफल भएपश्चात् मिति २०५९।२।३१ को राजधनी दैनिकमा गोप्य सिलबन्दी बोलपत्र आह्वान गरी सूचना प्रकाशित गर्दासमेत कोही कसैको बोलपत्र पर्न नआएको हुँदा कम्पनीको कर्जा असुली तथा धितो बिक्री विनियम, २०५४ तथा वित्त कम्पनी ऐन, २०४२ को दफा ४८.७ बमोजिम सुरक्षणबापत लेखाई दिएको सम्पत्ति कम्पनी आफैँले सकार गरी लिन पर्ने भनी मिति २०५९।३।१७

गतेको मुचुल्का प्रवन्ध सञ्चालकसमक्ष पेस गर्ने निर्णय भयो।

यसै निर्णयबमोजिम कम्पनीको मिति २०५९।९।१ मा बसेको सञ्चालक समितिको बैठकले उक्त सम्पत्ति आफ्नो लेना रकम रू.३३,९५,०९५।७१ मा सकार गरेको कुरा कानूनसम्मत छ। यो फाइनान्स कम्पनी वित्त कम्पनी ऐन, २०४२ बमोजिम दर्ता भएको वित्त कम्पनी हो। सर्वसाधारणबाट निक्षेप संकलन गरी सो निक्षेपलाई उद्योग, व्यापार तथा सेवालगायतका क्षेत्रमा कर्जा लगानी गरी ब्याज आर्जन गर्ने यसको प्रमुख उद्देश्य हो। यसले आफ्नो हरेक क्रियाकलाप वित्त कम्पनी ऐन, २०४२ हाल बैंक तथा वित्तीय संस्थासम्बन्धी अध्यादेश, २०६१ बमोजिम तथा नेपाल राष्ट्र बैंकबाट बेलाबेलामा जारी हुने आदेश निर्देशनबमोजिम गर्छ। निवेदकले आफ्नो करोडौको सम्पत्ति रू.३३९५,०१५।७१ मा लिलाम गरेको कार्य माथि प्रश्न उठाउनु भएको छ। वित्त कम्पनी ऐन, २०४२ को दफा ४८(१) मा ऋणीले कर्जा लिँदाको बखत गरेको कबुलियतको पालना नगरेमा वा कर्जा हिनामिना गरेमा कम्पनीले सो धितोमा रहेको सम्पत्ति लिलाम बिक्री गर्न सक्ने प्रस्ट व्यवस्था गरेको छ भने वित्त कम्पनी ऐन, २०४२ लाई प्रतिस्थापन गरी आएको बैंक तथा वित्तीय संस्थासम्बन्धी अध्यादेश, २०६१ को दफा ५७(१),(६) ले पनि यही व्यवस्थालाई निरन्तरता दिएको छ। सोही व्यवस्थाअनुरूप नै फाइनान्स कम्पनीले आफ्नो लेना रकम रू.३३,९५,०१५।- मा धितो सकारेको कानूनसम्मत रहेको छ। तसर्थ मिति २०५९।९।१ गते धितोमा रहेको सम्पत्ति फाइनान्स कम्पनी आफैँले सकार गरी लिने निर्णय र सोही निर्णयको आधारमा मिति २०६१।२।१५ गते कम्पनीको नाउँमा भएको दाखिल खारेज कानूनसम्मत भएको हुँदा निवेदकको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यवहोराको नेशनल फाइनान्स कम्पनी लिमिटेडको तर्फबाट पर्न आएको लिखित जवाफ।

यसमा मुद्दाको गम्भिरता र संवेदनशिलता हेर्दा प्रस्तुत विषयवस्तुको निपटारा सहमति र मेलमिलाप पद्धतिबाट गराउनु वाञ्छनीय देखिएकोले दुवै पक्षहरूले पनि सो कुरामा सहमति जनाइसकेकोले सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६५घ बमोजिम सहमति गराई मिसिल साथ फिर्ता पठाउनु भनी पक्षहरूलाई तारेख तोकी यस अदालतको मेलमिलाप केन्द्रमा पठाई सहमति भई आएपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको आदेशानुसार मेलमिलापकेन्द्रमा जाँदा मेलमिलाप हुन नसकेको दखिन्छ।

निवेदकको नामको जग्गाको अघि भएको मूल्याङ्कनभन्दा घटी मूल्यमा सकार गर्ने कुराको सूचना निवेदकलाई दिएको नदेखिएको आधार र कारणसमेतबाट विपक्षी नेशनल फाइनान्स कम्पनी लिमिटेडबाट भएको लिलामी प्रक्रिया र मिति २०५९।१०।१ को आफ्नो नाममा सकार गर्ने निर्णय, विपक्षी फाइनान्स कम्पनीले दाखिल खारेज गरिपाउँ भनी मालपोत कार्यालय, काठमाडौंमा दिएको मिति २०६१।१।१४ को निवेदन र सो निवेदनसमेतको आधारमा विपक्षी मालपोत कार्यालय, काठमाडौंले दाखिल खारेज गर्ने गरेको मिति २०६१।२।१५ को निर्णय तथा सोको आधारमा भएका सम्पूर्ण काम कारवाहीहरू प्राकृतिक न्यायको सिद्धान्त र प्रचलित कानूनी व्यवस्था तथा प्रतिपादित सिद्धान्तको प्रतिकूल देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुन्छ। अब निवेदन दाबीको कि.नं.२८२, २८४, ३२, १७३ र ९ का जग्गाहरू प्रचलित मूल्य कायम गर्ने सम्बन्धमा अपनाउनु पर्ने सिद्धान्तहरू (निवेदकलाई सुनुवाइको व्यवस्था, स्थलगत निरीक्षण, पञ्चकृते मूल्याङ्कन, मालपोत मूल्याङ्कन, डाक बढाबढसमेत) का आधारमा पुनः मूल्याङ्कन गरी "कानूनले निर्धारण गरेको उचित प्रक्रिया" अनुशरण गरी लिलाम प्रक्रिया अघि बढाई बिगो भराउनेतर्फ कारवाही अघी बढाउनु भनी विपक्षी

नेशनल फाइनान्स कम्पनी लिमिटेड काठमाडौंका नाउँमा परमादेशको आदेश जारी गरिदिएको छ । प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालयमार्फत विपक्षी मालपोत कार्यालयसमेतलाई दिई प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनु भन्नेसमेत व्यहोराको माननीय न्यायाधीश श्री प्रेम शर्माको राय।

ऋणसम्बन्धी सम्झौताको सर्तअनुरूप ऋण नतिरेको कारणले धितो नरहेको सम्पत्तिको लिलाम गर्ने गराउने र यसको मूल्याङ्कनको विषयसँग सम्बन्धित विवाद ऋण सम्झौता तथा करारका सर्तसम्बन्धी विवाद भएको र यस्तो विवाद निरूपण गर्ने बारेमा प्रभावकारी वैकल्पिक उपचारको व्यवस्था भए रहेको अवस्थामा यस अदालतको विशेष अधिकार क्षेत्र आकर्षित नहुने हुँदा र उपरोक्त अन्य आधार र कारणसमेतबाट निवेदक दाबीअनुसारको रिट जारी गर्न मिलेन । रिट खारेज हुने ठहर्छ । रिट नै खारेज हुने ठहरेकोले यस अदालतबाट मिति २०६१।८।९ मा भएको अन्तरिम आदेशसमेत खारेज हुने ठहर्छ। प्रस्तुत मुद्दाको संयुक्त इजलासको दायरीको लगत कट्टा गरी यस संयुक्त इजलासका माननीय न्यायाधीश श्री प्रेम शर्माको रिट जारी गर्ने आदेशसँग सहमत हुन नसकी राय बाझिएको हुँदा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ३ को उपनियम(१)(क) बमोजिम पूर्ण इजलासमा निर्णयार्थ पेस गर्नु भन्ने माननीय न्यायाधीश श्री भरतराज उप्रेतीको राय।

नियमबमोजिम दैनिक पेसी सुचीमा चढी निर्णयको लागी यस इजलासमा पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री विश्वकान्त मैनाली, श्री श्यामप्रसाद खरेल,श्री बालकृष्ण न्यौपाने तथा श्री वोर्ण बहादुर कार्कीले रिट निवेदक बसन्त श्रेष्ठले विपक्षी नेशनल फाइनान्स कम्पनीबाट ऋण लिएकोमा कुनै विवाद छैन। सो ऋणमध्ये केही ऋण तिरिसकेको छ। सो ऋणबापत धितो राखेको बानेश्वरको ५-२-०-२ जग्गा करोडौ मूल्य पर्ने जग्गा हो। यो जग्गा बैङ्क आफैँले २०५३ सालमा मूल्याङ्कन गर्दा चौहत्तर लाख र २०५९ सालमा मूल्याङ्कन गर्दा त्रिहत्तर लाख उल्लेख भएको छ । यस्तो जग्गा फाइनान्स आफैँले ३३,९५,०१५।७१ मा सकार गरेको छ । यसरी अत्यन्त न्युन रकमको सकार गर्नुपूर्व निवेदकलाई ऋण तिर्ने अवसर प्रदान गरिएको छैन न त लिलाम गर्नको लागी सकार जग्गाको पञ्चकृते मूल्याङ्कन गर्ने वा लिलाम प्रक्रियामा निवेदकलाई सम्मिलित गराउने कार्य गरिएको छ। समान तथ्य भएको यिनै *बसन्त बहादुर श्रेष्ठ वि. नेपाल बैंक अफ सिलोन*समेत भएको रिट निवेदनमा यस अदालतबाट २०६४।६।१५ मा लिलाम कार्य उत्प्रेषणको आदेशबाट बदर भएको छ । अतः कानूनको रीत नपुर्‍याई मालपोतको मूल्याङ्कनभन्दा अत्यन्त न्युन मूल्यमा आफैँले लिलाम सकार गरेको विपक्षी फाइनान्सको निर्णय उत्प्रेषणको आदेशले बदर हुनुपर्ने हुँदा रिट जारी गर्ने गरेको माननीय न्यायाधीश श्री प्रेम शर्माको आदेश सदर हुनुपर्छ भनी बहस गर्नुभयो।

विपक्षी नेशनल फाइनान्स कम्पनीको (हाल सनराइज बैंक) तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री कोमल प्रकाश घिमिरे, श्री पुर्णमान शाक्य तथा विद्वान् अधिवक्ताहरू श्री बालकृष्ण ढकाल र श्री उत्तमराज पाठकले श्री अमर आदर्श माध्यामिक विद्यालयलाई दिइएको र विद्यालय हाल सञ्चालनमा नहुँदा यी निवेदकलाई रिट निवेदन दिने हकदैया नै छैन। फाइनान्स र विद्यालयबीचको सम्झौताबाट ऋण प्रदान गरिएको कुरा करारीय सम्बन्धको विषय भएको र सो कार्यमा राज्यको संलग्नता नहुँदा रिट क्षेत्र आकर्षित हुँदैन। ऋण नतिरेमा जग्गा लिलाम हुने र लिलाम हुन नसकेमा फाइनान्सले सकार गर्न सक्छ भन्ने जानकारी निवेदकलाई छ । ऋण तिर्न आउन र लिलाम गर्न लागिएको कुराको सूचना विद्यालय र निवेदकलाई

दिइएको छ । निवेदक स्वयम्ले २०५८।८।२४ मा विद्यालयको लेटर प्याडमा लिलाम रोक्न निवेदन दिएको छ। सकार गर्ने कार्य लिलाम कार्यको निरन्तरता हुँदा पुनः सूचना दिइरहनु पर्दैन । त्यसैले प्राकृतिक न्यायको सिद्धान्तविपरीत कार्य भएको छैन । प्रस्तुत विवाद धितो मूल्याङ्कनको विवाद नभई लिलाम सकारको विषय हो। सो गर्दा सम्बन्धित कानून र राष्ट्र बैंकको निर्देशनको अनुशरण गरिएको छ। राष्ट्र बैंकको निर्देशनविपरीत जाने छुट फाइनान्सलाई छैन । सबै कार्य कानूनबमोजिम भएको छ । अतः रिट निवेदन खारेज गर्ने गरेको माननीय न्यायाधीश श्री भरतराज उप्रेतीको राय सदर हुनुपर्छ भनी समेत बहस गर्नुभयो।

दुवै तर्फका विद्वान् वरिष्ठ अधिवक्ता एवम् अधिवक्ताहरूको बहस सुनी र मिसिल कागजात अध्ययन गरी निर्णयतर्फ विचार गर्दा प्रस्तुत विवादमा देहायका प्रश्नहरूको निरूपण गर्नुपर्ने देखियो।

१. निवेदक र नेशनल फाइनान्स कम्पनीबीच ऋण सम्झौता भई ऋण प्रवाह भएको र लिलाम सकार भएको विषयमा रिट क्षेत्र आकर्षित हुन सक्ने हो वा होइन।
२. प्रस्तुत विवादमा धितो अवमूल्याङ्कन गरी लिलाम सकार गर्दा प्राकृतिक न्यायको सिद्धान्त उल्लङ्घन भएको छ वा छैन।
३. धितो लिलाम गर्दा कानूनी त्रुटि भएको छ वा छैन।
४. निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन।

उपरोक्त प्रश्नहरूमा प्रवेश गर्नु अघि प्रस्तुत विवादमा केही विवादरहित तथ्यहरूको उल्लेखन आवश्यक देखियो। निवेदकले अमर आदर्श आवासिय माध्यामिक विद्यालयको निम्ती काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १० को कि.नं. २८२ को २-९-३-२, कि.नं.२८४ को ०-९-०-३, कि.नं. १७३ को १-९-१-१, कि.नं. ४० को ०-४-२-३ , साबिक कि.नं.९ को ०-५-२-१ समेत जग्गा ५-२-०-२ जग्गासमेत विपक्षी फाइनान्स कम्पनीमा धितो सुरक्षण राखी मिति २०५२।६।१३ मा रू.१०,००,०००।- मिति २०५३।९।१६ मा रू.५,००,०००।- मिति २०५३।९।१८ मा रू.५,००,०००।-, मिति २०५६।२।३१ गते रू.१०,००,०००।- समेत गरी जम्मा रू.३०,००,०००।- कर्जा लिएको, कर्जा लिई सकेपछि विभिन्न मितिमा केही सावाँ ब्याज विपक्षीलाई बुझाएको तर सम्पूर्ण सावाँ ब्याज चुक्ता नगरेको रहेछ। निवेदकलाई कर्जा तिर्न सूचना दिदाँ पनि ऋण नतिरेकोबाट मिति २०५८।४।२५ मा र २०५८।९।९ मा गोरखापत्रमा सुरक्षण राखिएको सम्पत्ति डाँक बढाबढबाट लिलाम बिक्री गर्ने सूचना प्रकाशित गरिएको र त्यसपछि पनि २०५९।२।३१मा राजधानी दैनिकमा गरिएको सिलवन्दी बोलपत्र आह्वान हुँदा पनि कसैको बोलपत्र नपरेपछि विपक्षी नेशनल फाइनान्स कम्पनी आफैँले आफ्नो लेना रकम रू.३३,९५,०१५।७१ मा सकार गरिलिने भनी मिति २०५९।१०।१ मा निर्णय गरेको रहेछ। तत्पश्चात् सो जग्गाहरू दाखिल खारेज गर्न मालपोत कार्यालय, डिल्लीबजारलाई पत्र लेखी सम्पत्ति फाइनान्सको नाममा दाखिल खारेज भएको रहेछ।

२. अब यी विवादरहित तथ्यहरूको पृष्ठभूमिमा पहिलो प्रश्नतर्फ हेर्दा संयुक्त इजलासमा प्रस्तुत विवाद हेर्नु हुने माननीय न्यायधीश श्री भरतराज उप्रेतीले प्रस्तुत विवाद सम्झौताबाट ऋण प्रवाह भएको विषय हुँदा यस्तो करारीय सम्बन्धबाट सृजित विवादमा करार ऐनबमोजिम नै उपचार खोज्नु पर्ने हुँदा यस अदालतको असाधारण अधिकारक्षेत्र आकर्षित हुँदैन भन्ने राय व्यक्त गर्नुभएको पाइयो । उक्त रायको सन्दर्भमा यो विवाद पूर्णरूपमा करार ऐनअन्तर्गतको विवाद हो वा अन्य ऐन आकर्षित हुने विवाद हो, के कस्ता पक्षहरूको यहाँ संलग्नता छ र कुन कानूनअन्तर्गत लिलाम

बढाबढ, दाखिल खारेज र लिलाम सकारसमेतका कार्यहरू भएका छन् सोसमेत हेरी निर्णय निष्कर्षमा पुग्नु पर्ने देखिन आयो। यस दृष्टिबाट हेर्दा रिट निवेदक र विपक्षी फाइनान्स कम्पनीबीच ऋण प्रवाहको विषयमा भएको सम्झौता मुलरूपमा करार हो र सावाँ ब्याज तिर्नुपर्ने दायित्व सम्झौतामा उल्लेख भएबमोजिम नै हुने हो भन्ने देखिन्छ। तर यो सम्झौता र ऋण प्रवाहको विषयमा करार ऐन मात्र आकर्षित हुने भन्ने चाहीँ होइन । विपक्षी फाइनान्स कम्पनी तत्कालमा वित्त कम्पनी ऐन, २०४२ र हालमा बैंक तथा वित्तीय संस्था ऐन, २०६१ अन्तर्गत कार्य सञ्चालन गर्ने संस्था हो । त्यस्तै गरी ऋण प्रवाह र असुलउपर गर्ने कार्य पनि करार ऐनअन्तर्गत मात्र गरिएको वा उपचार खोज्ने पक्षले करार ऐनअन्तर्गत मात्र उपचार खोजिएको अवस्था पनि होइन। यहाँ ऋण असुलउपरको प्रक्रिया वित्त कम्पनी ऐन, २०४२ अन्तर्गत सुरू भएको छ । तसर्थ करार ऐनमात्र आकर्षित हुने जस्तो गरी यो करारीय सम्बन्धको विषय हो भन्दा विषयवस्तुलाई समग्रमा सम्बोधन नगरिएको हुन जान्छ।

३. यसै प्रसङ्गमा हेर्नु पर्ने अर्को विषय पनि छ । प्रस्तुत विवादमा विपक्षी फाइनान्सले लिलाम सकार गरे पछि सुरक्षणमा रहेको जग्गा दाखिल खारेज गर्न मालपोत कार्यालय, डिल्लीबजारलाई पत्र लेखेको र सो कार्यालयले जग्गा दाखिल खारेज गरेको स्थिति छ । मालपोत कार्यालयले दाखिल खारेज गर्दा करार ऐनबमोजिम नगरी वित्त कम्पनी ऐन, २०४२को दफा ४८ र मालपोत ऐन,२०३४ को दफा ८ बमोजिम गरेको देखिन्छ। करार ऐनबमोजिम मात्र उपचार खोज्दा यी सबै कानूनी व्यवस्था र ती अन्तर्गत भएका काम कारवाहीको पुनरावलोकन वा परीक्षण हुन र प्रभावकारी उपचार प्राप्त हुने अवस्था रहँदैन । यस स्थितिमा यस अदालतको असाधारण अधिकार क्षेत्र गुहारी उपचारको खोजीमा आएको पक्षलाई करार कानूनअन्तर्गत उपचार खोज्न जानुपर्ने भनी अदालतले उपचार प्रदान गर्नबाट पन्छिन मिल्ने देखिँदैन। धितो लिलामका विषयमा उठेका विवादहरू यस अदालतबाट रिट क्षेत्राधिकारको प्रयोग गरी हेरिएको पाइन्छ । माननीय न्यायाधीश श्री भरतराज उप्रेतीको रायमा उल्लिखित *केशव के.सी. विरूद्ध इन्टरनेशनल लिजिङ्ग एण्ड फाइनान्स कम्पनीको* विवाद (*ने.का.प.* २०६६नि.नं.८२०४ पृ१३२२) पनि क्षेत्राधिकारको अभाव रहेको भनी अस्विकार गरिएको विषय होइन। त्यहाँ स्पष्टरूपमा "**अधिकार क्षेत्रको अभाव, प्राकृतिक न्यायको सिद्धान्तविपरीत कार्य गरिएको वा स्पष्ट कानूनी कार्यविधिको उल्लङ्घन भएको वा बद्नियतपूर्वक कानूनको प्रयोग गरेको अवस्थामा वैकल्पिक उपचार विद्यमान भएकोमा पनि अपवाद स्वरूप सर्वोच्च अदालतबाट असाधारण अधिकार क्षेत्रको प्रयोग गरी न्याय प्रदान गर्नुपर्ने हुन्छ**" भन्ने उल्लेख भएकै छ । उक्त निर्णयबाट पनि सर्वोच्च अदालतले लिलामको निर्णय हेर्न सक्दैन भन्ने अर्थ लाग्दैन। तसर्थ करार ऐनबमोजिम उपचार खोजु पर्ने भन्ने विपक्षी फाइनान्स र सोतर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरूले लिनुभएको बहस जिकिरसँग सहमत हुन सक्ने अवस्था देखिएन।

४. अब प्रस्तुत विवादमा धितो अवमूल्याङ्कन गरी लिलाम सकार गर्दा प्रकृतिक न्यायको सिद्धान्तको उल्लघङ्न भएको छ वा छैन भन्ने दोस्रो प्रश्नतर्फ हेर्दा रिट निवेदकले सुरक्षण राखेको जग्गाको २०५२।५३ मा मूल्याङ्कन गर्दा रू.७३,६२,०००।- कायम गरिएको कुरा मिसिल संलग्न मूल्याङ्कन प्रमाण पत्र (Valuation certificate) बाट देखिएको छ । मालपोत कार्यालय, काठमाडौंको न्युनतम मूल्याङ्कन पुस्तिकाबाट विवादित घरजग्गा रहेको क्षेत्रका लागी आ.व. ०६१।६२ को लागी प्रति रोपनी ३२ लाख कायम गरिएको देखिन्छ । विपक्षी फाइनान्सबाट यो कुरा अस्वीकार गरिएको पनि छैन। पटक पटक डाँक बढाबढ वा बोलपत्रको लागि सूचना प्रकाशित गर्दा

पनि फाइनान्सले भनेको मूल्याङ्कनलाई नै आधार गरी न्यूनतम मूल्य तोकी सूचना प्रकाशित गरिएको देखिन्छ । तर लिलाम बढाबढको हुँदा कसैले बोल कवोल नगरेको भन्ने कारण देखाई मिति २०५९।१०।१ मा उक्त घर जग्गा आफैँले अघी गरेको न्युनतम मूल्याङ्कनको आधाभन्दा कम अर्थात् रू.३३,९५,०१५।- मा विपक्षी फाइनान्सले धितो सुरक्षण लिएको सम्पत्ति सकार गरेको देखियो। त्यसरी सकार गर्नुपूर्व लिलाम बढाबढ स्थिति र आफूले सकार गर्न लागेको मूल्यसमेत खुलाई रिट निवेदकलाई आफ्नो कुरा भन्ने मौका दिइएको पाइएन। बजार मूल्यमा जग्गा सकार गरिएको वा प्रवाह गरेको ऋणको सावाँ ब्याजले खाम्नेसम्म जग्गा सकार गरिएको अवस्था हुन्थ्यो भने प्रक्रियागत स्वच्छता अपनाइएको मान्न सकिने स्थिति रहन्थ्यो। तर आफूले ऋण प्रवाह गर्दा एक किसिमको मूल्याङ्कनलाई आधार मानी ऋण प्रवाह गर्ने, त्यसको चार वर्षपछि आफैँले प्राविधिक खटाई मूल्याङ्कन गर्दा पनि साबिक कै हाराहारीमा मूल्याङ्कन गर्ने, तर आफूले सकार गर्दा चाहीँ आधाभन्दा कम मूल्यमा गर्ने कार्य कुनैरूपमा पनि उचित, विवेकसम्मत र न्यायपूर्ण मान्न सकिँदैन । यस्तो अवस्थामा सकार गर्ने कार्य लिलामको निरन्तरता हो र सकार गर्दा ऋणीलाई सूचना दिनु पर्दैन भन्दा ऋणीको सम्पत्तिसम्बन्धी हकमा अनुचित हस्तक्षेप गरेको हुन जान्छ । ऋणी र साहु समान आर्थिक हैसियतमा रहेका हुँदैनन् । ऋण तिर्न नसक्नु ऋणीको इच्छित अवस्था होइन । धितो अवमूल्याङ्कन गर्ने पक्षले ऋणीलाई एकपटक आफ्नो कुरा भन्ने अवसर प्रदान गर्नुपर्छ । ऋणीको असमर्थताको फाइदा उठाई घटिमा सकार गरिन्छ र सो पूर्व ऋणीलाई आफ्नो कुरा भन्ने अवसर दिइँदैन भने अन्यायपूर्ण परिस्थितिको सृजना हुन जान्छ । तसर्थ धितो सकार गर्नुपूर्व ऋणीलाई सूचना नदिईनुलाई प्राकृतिक न्यायको सिद्धान्तको बर्खिलाप कार्य गरेको भन्नु पर्ने देखिन आयो।

५. निवेदक *संगिता त्रिपाठी* विरूद्ध *लुम्बिनी बैंक लिमिटेड* भएको रिट निवेदनमा (०६८-NF-००१ निर्णय मिति २०७२।१।१६) "**धितो अवमूल्याङ्कन गर्ने अनि आफैँले छिटो छिटो सकार गर्ने प्रवृत्तिले ऋण असुल गर्नेभन्दा पनि धितोमा रहेको सम्पत्तिमा हस्तक्षेप गर्न खोजेको देखिन जान्छ जसबाट बैंकले ऋणी प्रति गरेको व्यवहार न्यायोचित र स्वच्छ नभई शोषणजन्य हुन जाने हुन्छ । तसर्थ इजाजतप्राप्त संस्थाले प्रवाह गर्ने ऋण, लगानीकर्ता र निक्षेपकर्ताको रकममध्येबाटै हुने भएकाले त्यस्तो ऋणलाई डुब्न पनि दिन हुँदैन**" भनी यसै अदालतको पूर्ण इजलासबाट भएको व्याख्या पनि यहाँ स्मरणीय छ । उक्त प्रतिपादित सिद्धान्तसमेतको सन्दर्भमा हेर्दा ऋणी माथि गरिने व्यवहार निष्पक्ष तथा पारदर्शी हुनुपर्छ । कर्जा प्रवाह गर्ने वित्तीय संस्थाको उद्देश्य आफ्नो लगानीको सकुशल असुली मात्र हो । सामाजिक र आर्थिक बीचलन सृजना गर्ने होइन भन्ने संयुक्त इजलासका माननीय न्यायधीश श्री प्रेम शर्माको रायसँग असहमत हुनुपर्ने कुनै कारण देखिँदैन । धितोको भारी अवमूल्याङ्कन गरी आफैँले सकार गरेको स्थितिमा सो गर्नुपूर्व निवेदकलाई आफ्नो कुरा भन्ने अवसर प्रदान गर्नु प्राकृतिक न्याय, सदविवेक र संविधान संरक्षित सम्पत्तिको हकको अनुकुल हुने देखिन्छ।

६. अब धितो लिलाम गर्दा कानूनी त्रुटि भएको छ वा छैन भन्ने तेस्रो प्रश्नको बारेमा विचार गरौं । प्रस्तुत विवादमा लिलाम बढाबढ र सकार गर्ने कार्य वित्त कम्पनी ऐन, २०४२ को दफा ४८(१) र हालको बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७(१) अन्तर्गत हुन सक्ने हो । त्यसरी जग्गाको मूल्याङ्कन र लिलाम गर्दा कानूनले तोकेको प्रक्रिया पूर्णरूपले अनुशरण गरी सम्पन्न गर्नुपर्ने हुन्छ। यस सम्बन्धमा बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ (२०५९।८।१२ मा जारी) को

नियम २९ को उपनियम (३) विशेषरूपमा सान्दर्भिक देखियो। उक्त उपनियममा *"उपनियम २९(१) बमोजिम चल अचल सम्पत्ति लिलाम गर्नु अघि स्थानीय प्रशासनको प्रतिनिधी, जिल्ला मालपोत कार्यालयको प्रतिनिधी र स्थानीय निकायको प्रतिनिधीको रोहवरमा ऋण असुली अधिकृतले त्यस्तो चल अचल सम्पत्तिको प्रचलित बजार मूल्यलाई समेत ध्यानमा राखी मूल्य कायम गर्नुपर्नेछ"* भन्ने व्यवस्था रहेको देखिन्छ। यसरी उक्त नियममा सम्पत्तिको मूल्याङ्कन गर्दा प्रचलित बजार मूल्यलाई ध्यानमा राखी मूल्य कायम गर्नुपर्ने कुरालाई निर्देश गरेको देखिन्छ । यस अवस्थामा लिलाम गर्ने प्रयोजनको लागी मूल्य निर्धारण गर्दा उक्त नियमावलीले निर्दिष्ट गरेको प्रक्रियालाई अनिवार्यरूपमा पालना गर्नुपर्ने हुन्छ। प्रचलित बजार मूल्य सामान्यतया रजिष्ट्रेशन प्रयोजनको लागि कायम गरिएको मालपोतको न्यूनतम मूल्यभन्दा बढिनै हुने गरेको पाइन्छ। प्रस्तुत विवादमा सुरक्षण दिएको जग्गा जुन स्थानमा अवस्थित छ र धितो लिदाँ र लिलाम गर्दा जुन समयको अन्तराल रहेको छ, त्यसबाट पनि जग्गाको बजार मूल्य मालपोत कार्यालयले तोकेको न्युनतम मूल्याङ्कनभन्दा बढी छ भनी सहजरूपमा अनुमान गर्न सकिन्छ। उक्त नियमावलीको नियम २८ मा ऋण असुलीसम्बन्धी कार्यविधि बारे उल्लेख गर्दै सो सिलसिलामा ऋणीले धितो राखेको वा जमानत दिने व्यक्तिले जमानी दिएको चल अचल सम्पत्ति वा सो सम्पत्तिले नपुगि अन्य कुनै सम्पत्ति निजको भोग चलनबाट छुटाउनु पर्ने भएमा ***"कम्तीमा दुई जना स्थानीय व्यक्ति र सम्बन्धित बैङ्क वा वित्तीय संस्थाको प्रतिनिधिको रोहबरमा त्यस्तो सम्पत्ति रहेको स्थानमा प्रवेश गरी ऋण असुली अधिकृतले आफ्नो कब्जामा लिनु पर्नेछ र यसरी कब्जामा लिँदा कब्जामा लिइएका सम्पत्तिहरूको लगत खडा गरी सोही व्यहोराको मुचुल्का उठाउनु पर्नेछ"*** भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। उल्लिखित कानूनी व्यवस्थाबमोजिम कब्जामा लिइएको सम्पत्तिको लगत समेत खडा गरी मुचुल्का उठाएर मात्र कब्जामा लिनुपर्ने देखियो । उक्त कार्य समाप्त भएपछि मात्र नियम २९ मा उल्लिखित कानूनी व्यवस्था सुरू हुने देखिँदा यस सन्दर्भमा लिलाम गर्दा स्थानीय व्यक्तिको रोहवरमा घर जग्गामा प्रवेश गरी लगत र मुचुल्का गर्नुपर्ने भनी निर्देशित गरेको कुराले चलन चल्तीको भाषामा भनिने "पञ्चकिर्ते" मूल्याङ्कनलाई नै औल्याएको रहेछ भनी बुझ्नुपर्ने हुन्छ । यद्यपि बैंक तथा वित्तीय संस्थाको ऋणमा लिलामी कार्य गर्नुपूर्व "पञ्चकिर्ते" मूल्यको मुचुल्का खडा गरिनुपर्छ भनी स्पष्टसँग भनिएको छैन। तर उक्त नियममा दुई जना स्थानीय व्यक्तिसमेतको रोहवरमा घर जग्गामा प्रवेश गर्नुपर्ने, लगत लिई मुचुल्का खडा गर्नुपर्ने भन्ने कुराले जग्गाको यथार्थ स्थिति र टोल छिमेकको दरभाउ बुझ्नु पर्छ भन्ने नै अर्थबोध हुन्छ। त्यस्तै गरी "स्थानीय व्यक्ति" भन्नाले सम्बन्धित वडा टोल छिमेकका व्यक्ति, साँध सँधियार भन्ने अर्थ लाग्छ । प्रस्तुत विवादमा त्यस्ता कोही व्यक्ति बुझिएको र लिलाम सूचनाहरू प्रकाशित गर्नुपूर्व मुचुल्का गरिएको भन्ने देखिँदैन । यसको अतिरिक्त लिलाम सूचना प्रकाशित गर्दा सुरक्षणमा राखिएको जग्गामा विद्यालय भवन निर्मित छ भन्ने कुरा उल्लेख गरिएको नै देखिँदैन। उक्त जग्गामा विद्यालय भवन छ भन्ने रिट निवेदकको भनाई रहेको छ। मिसिल संलग्न फोटोहरूबाट पनि लिलाम गर्न लागिएको जग्गामा एउटा तीन तल्ले भवन रहेको देखिन्छ। सो कुरालाई लिखित जवाफ तथा बहसको क्रममा अस्विकार गरिएको पनि छैन। यसबाट पनि घरजग्गाको वास्तविक मूल्य लिलामको लागि सूचना निकाल्दा खुल्न नसकी बाध्यात्मकरूपमा अनुशरण गर्नुपर्ने कानूनी प्रक्रिया अवलम्बन भएको देखिएन । मिसिल संलग्न कागज प्रमाण हेर्दा कानूनबमोजिम खडा गर्नुपर्ने यथार्थ मूल्य खुल्ने मुचुल्का नै गरेको देखिएन भने लिलाम बढाबढ पनि विपक्षी फाइनान्सको अफिसमा नै गरिएको

पाइयो। जग्गा रहेको स्थान र टोल छिमेक वा वडामा लिलाम बढाबढ बारे कुनै सूचना टाँसिएको भन्ने खुल्न आएन। यसबाट स्थानीय व्यक्तिले थाहा पाउन र सहभागी हुन सक्ने स्थिति नै सृजना गरिएको देखिएन।

७. प्रस्तुत विवादमा मिति २०५९।१०।१ को लिलाम सकार निर्णय हेर्दा सकार गर्ने सम्पत्तिको हालको मूल्य रू.७३,६२,०००।- भन्ने र असुल गर्नुपर्ने कर्जा रकम मिति २०५९।८।२७ सम्मको रू.३३,९५,०१५।७१ भन्ने उल्लेख गर्दै निर्णयमा "**ऋणी अमर आदर्श माध्यामिक विद्यालयको हकमा लेना रकम कम्पनी आफैँले सकार गर्ने निर्णय भयो**" भन्ने उल्लेख भएको पाइयो। यसरी आफैँले सम्पत्तिको हालको मूल्य खुलाएपछि किन लेना रकममा सकार गरेको हो ? किन लेना रकमले खाम्ने सम्पत्ति मात्र सकार गरिएन ? लेना रकम असुल भई बाँकी हुन आउने रकम ऋणीलाई किन फिर्ता गरिएन ? भन्ने जस्ता प्रश्नहरूको जवाफ उक्त निर्णयले दिँदैन। बहसको क्रममा नेपाल राष्ट्र बैंकको निर्देशन ४।०६१।०६२ को दफा २.५ बमोजिम धितो आफैँले सकार गर्दा बजार मूल्य कायम गराई यस्तो बजार मूल्य र अघिल्लो दिनको सावाँ मध्ये जुन कम हुन्छ सो मूल्यमा धितोको मूल्य कायम गरी हिसाब मिलाउन सकिने हुँदा लेना रकममा सकार गरिएको र यो व्यवस्थाको विपरीत विपक्षी फाइनान्स जान नसक्ने कुरा उल्लेख गरिएको पाइयो। यही कुरा लिखित जवाफमा पनि उल्लेख भएको छ। निर्देशनको उक्त दफा २.५ मा ***"धितो लिलाम गर्दा धितो बिक्री हुन नसकी बैंक तथा वित्तीय संस्था आफैँले उक्त धितो सकार गर्दा बजार मूल्य कायम गराई त्यस्तो बजार मूल्य र धितो सकार गर्ने अघिल्लो दिनसम्मको सावाँमध्ये जुन कम हुन्छ सो मूल्यमा धितोको मूल्यमा धितोको मूल्य कायम गरी हिसाब मिलाउन पर्ने"*** भन्ने व्यवस्था गरेको देखिन्छ। उक्त निर्देशन ०६१।६२ मा जारी भएको भन्ने देखिन्छ। मिति २०५९।१०।१ मा लिलाम सकार गर्दा उक्त निर्देशनबमोजिम काम भएको मान्न मिल्ने अवस्था देखिँदैन। मिति २०५९।१०।१ को धितो सकार गर्ने निर्णयमा पनि सो निर्देशन वा अन्य कुनै कानून उल्लेख भएको पाइँदैन। त्यसैले उक्त निर्देशन बाध्यकारी हुने भन्ने जिकिर स्वीकारयोग्य देखिएन। उक्त निर्देशनमा नै पनि बजार मूल्य के छ भनी हेर्नुपर्ने कुरालाई सकारको पुर्वसर्तको रूपमा राखिएको देखिन्छ। प्रस्तुत विवादमा प्राविधिक मूल्याङ्कनबाहेक बजार मूल्य खुल्ने कुनै मुचुल्का खडा भएको देखिँदैन। तसर्थ कानूनको प्रक्रिया अनुशरण गरी लिलाम सकार गरियो भन्न सकिने स्थिति देखिएन।

८. अब निवेदकको मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन भन्ने अन्तिम प्रश्नतर्फ हेर्दा माथि विभिन्न खण्डमा गरिएको विश्लेषणबाट निवेदकले सुरक्षण दिएको धितो लिलामी र सकार गर्ने कार्य कानूनको त्रुटि गरी भए गरेको देखियो। सो क्रममा गरिएका समस्त कार्यहरू ऋण असुली गर्ने उद्देश्यबाट मात्र निर्देशित रहेछन् भन्न सकिएन। आफैँले कायम गरेको मूल्यको आधाभन्दा कम मूल्यमा सकार गर्नुपूर्व ऋण नतिरेमा यस्तो गरिने छ भन्ने सूचना दिएकोसम्म पनि देखिएन। परिणामतः प्राकृतिक न्यायको सिद्धान्तविपरीत कार्य भएको देखियो। विपक्षी नेशनल फाइनान्स कम्पनी लिमिटेडले कानूनको प्रक्रिया पूरा नगरी डाँक बढाबढ गर्ने र अपारदर्शी तवरबाट आफैँले सकार गर्ने कार्य गरेकोबाट लिलाम प्रक्रिया विधिवत सम्पन्न गरिएको रहेछ भनी मान्न मिल्ने देखिएन। ऋणको सावाँ ब्याज तिर्न पाउने अवसरबाट निवेदकलाई वञ्चित गर्नु कानून, न्याय र यस अदालतबाट *पुष्पा रावल रायमाझी* विरूद्ध *नेपाल बैंक लिमिटेड* (*ने.का.प.* २०६९,नि.नं. ८८६१ पृ.११११) को विवादमा प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूल हुन जाने देखिन आयो। यस स्थितिमा विपक्षी नेशनल फाइनान्स कम्पनी लिमिटेडबाट भएको लिलाम सकार निर्णय, सोबमोजिम दाखिल खारेज गरिपाउँ

भन्ने निवेदनको आधारमा रिट निवेदनमा उल्लिखित जग्गा विपक्षी नेशनल फाइनान्सको नाममा दाखिल खारेज गर्ने गरेको मिति २०६१।२।१५ को मालपोत कार्यालयको निर्णय तथा सोको आधारमा भएका सम्पूर्ण काम कारवाहीहरू कानून, न्याय र प्रतिपादित सिद्धान्तहरू समेतको विपरीत देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुन्छ । अब निवेदनमा उल्लिखित जग्गा र त्यहाँ रहेका संरचनाहरूको प्रचलित मूल्य कायम गर्दा कानूनबमोजिम अपनाउनुपर्ने सम्पूर्ण प्रक्रिया पूरा गरी, प्रचलित बजार मूल्य कायम गरी निवेदकलाई आफ्नो कुरा भन्ने अवसरसमेत प्रदान गरी ऋण असुलीसम्बन्धी प्रक्रिया अघि बढाउनु भनी विपक्षीका नाउँमा परमादेशको आदेशसमेत जारी हुन्छ । उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्ने गरेको संयुक्त इजलासका माननीय न्यायाधीश श्री प्रेम शर्माको राय मनासिब ठहर्छ । यस आदेशको जानकारी विपक्षीहरूलाई दिई प्रस्तुत निवेदनको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनु ।

उक्त रायमा सहमत छौं ।
न्या. सारदाप्रसाद घिमिरे
न्या. ईश्वरप्रसाद खतिवडा

इजलास अधिकृत : सन्देश श्रेष्ठ
इजलास अधिकृत (शा.अ.) :- दुर्गाप्रसाद भट्टराई
इति संवत् २०७४ साल जेठ १८ गते रोज ५ शुभम् ।

निर्णय नं. ९८२३

सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय का.मु.प्रधानन्यायाधीश श्री सुशीला कार्की
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल
आदेश मिति : २०७३।०३।१६
०७२-WO-०२८३

विषयः उत्प्रेषण / प्रतिषेध / परमादेश

निवेदक : जिल्ला काठमाडौं काठमाडौं महानगरपालिका वडा नं. १६ बस्ने अधिवक्ता पूर्णबहादुर कुँवरसमेत

विरूद्ध

विपक्षी : सम्माननीय प्रधानमन्त्री, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

- **राष्ट्रिय गौरवको आयोजनाको विषय एउटा निश्चित भू-भाग वा स्थानमा रहेका बासिन्दासँग वा एउटा व्यक्ति वा समुदायसँग मात्र गाँसिएको हुँदैन । यस्तो विषयले समग्र राष्ट्रिय अर्थतन्त्र एवं आम नागरिकलाई असर र प्रभाव पार्ने हुन्छ। विवादित सडक निर्माण आयोजनाको लागि ठूलो धनरासीको लागत लाग्ने जसमा सरकारको वित्तीय लागतसमेत समावेश हुने ।**
- **आम जनताको उपयोगमा आउने सडकको निर्माणपश्चात लामो अवधिसम्म प्रवर्द्धक कम्पनीले नै सञ्चालनको अनुमति पाउने, सडक उपयोगबापतको कर उपयोगकर्ताबाट प्रवर्द्धक कम्पनीले**

सर्वोच्च अदालत

उठाउन पाउने, न्यूनतम संख्याको सवारी साधन नचलेर लक्षित MRG नपुग भए सो रकम सरकारले नै प्रवर्द्धक कम्पनीलाई दिनु पर्ने जस्ता सर्त समावेश भएको विवादित आयोजना सञ्चालनसम्बन्धी विषय सार्वजनिक हक वा सरोकार समावेश भएको मान्नुपर्ने हुन्छ । यस्तो राष्ट्रिय गौरव र गरिमासँग जोडिएको आयोजनाको निर्माण तथा सञ्चालनसम्बन्धी सम्झौताको विषयमा हुने निर्णयको असर तथा प्रभाव राष्ट्र र आम नागरिकहरूमा पर्ने ।

(प्रकरण नं. ४)

- **समाजका बहुसंख्यक सदस्यभन्दा बढी चेतनशील र सर्वसाधारणको प्रतिनिधित्व गर्न सक्षम भएको भन्ने आधारमा नेपालको संविधानको धारा १३३(२) अन्तर्गत सार्वजनिक सरोकारको विवादको प्रतिनिधित्व गरी रिट दायर गर्न आउने निवेदकलाई निवेदन दिने हकदैया रहेको मानी त्यस्तो निवेदन ग्रहण गरी अदालतले न्याय निरूपण गर्दै आएको छ । नेपालको समग्र अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुर्‍याउने सम्भावना रहेको र नेपाल सरकारबाट ठूलो मात्रामा लगानी हुन गइरहेको राष्ट्रिय गौरवको आयोजनामा व्यक्तिगत हित वा स्वार्थ वा सरोकार मात्र नीहित नरही आम नागरिकको चासो र सरोकार नीहित रहने र रिट निवेदकहरू पनि जिम्मेवार नेपाली नागरिक भएको हुँदा प्रस्तुत विषयमा निवेदकहरूको सार्थक सम्बन्ध र तात्विक सरोकार रहेको नै देखिने ।**

(प्रकरण नं. ५)

- **ठूलो र महत्त्वपूर्ण निर्माण कार्यका लागि मनसायपत्र आह्वान गरी राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका इच्छुक कम्पनी / व्यक्ति / संस्थाहरू बीच प्रतिष्पर्धा गराई त्यस्ता परियोजनाको निर्माणमा निजी क्षेत्रलाई आकर्षित गरी निजी लगानीमा त्यस्ता परियोजनाहरूको निर्माण कार्य सम्पन्न गराई त्यसको निश्चित समयसम्म निर्माण कम्पनी / संस्था / व्यक्तिलाई सञ्चालन गर्न दिई तत्पश्चात परियोजना सरकारलाई हस्तान्तरण गरिने हुँदा बुट प्रणालीबाट सञ्चालन र कार्यान्वयन गरिने परियोजनामा सरकारको लगानी न्यूनतम मात्र हुनुपर्ने हुन्छ । कूल लगानीको निश्चित प्रतिशत (नेपालमा २५ प्रतिशत) सम्म मात्र सरकारले निर्माण कम्पनी / व्यक्ति / संस्थालाई सहयोग गर्न सक्ने र बाँकी ७५ प्रतिशत लागत खर्च निर्माण कम्पनी आफैँले व्यहोर्नु पर्ने ।**

(प्रकरण नं. १३)

निवेदकको तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता बद्रीप्रसाद शर्मा र विद्वान् अधिवक्ता रमन श्रेष्ठ, विद्वान् अधिवक्ताद्वय टीकाराम भट्टराई र भाइराजा राई, विद्वान् अधिवक्ता एकराज भण्डारी, बाबुराम दाहाल र डा. राजेश अहिराज

विपक्षीको तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता सञ्जिव रेग्मी, विद्वान् वरिष्ठ अधिवक्ता पूर्णमान शाक्य, विद्वान् अधिवक्ता जयराम भण्डारी, सुनिल पोखरेल र अरूण ज्ञवाली

अवलम्बित नजिर :

सम्बद्ध कानून :

- निजी लगानीसम्बन्धी ऐन, २०६३
- करार ऐन, २०५६ को दफा १३(ङ)

आदेश

स.का.मु.प्र.न्या. सुशीला कार्की : नेपालको संविधानको धारा ४६ तथा धारा १३३(२) बमोजिम दायर भई यसै अदालतको अधिकारक्षेत्रभित्र पर्ने प्रस्तुत रिट निवेदनको सङ्क्षिप्त तथ्य एवं ठहर यसप्रकार छः-

रिट निवेदनको व्यहोराः

नेपाल सरकारले विगत केही वर्षदेखि केही ठूला आयोजनाहरूलाई राष्ट्रिय गौरवका आयोजनाका नामले सम्बोधन गर्ने गरेको छ। जसमध्ये काठमाडौं-निजगढ फास्ट ट्र्याक पनि एउटा हो । सो फास्ट ट्र्याक निर्माणका लागि नेपाल सरकारले १० सेप्टेम्बर २०१४ मा प्रथम पटक राष्ट्रिय दैनिकमा Invitation for Expression of Interest (EOI) को सूचना प्रकाशित गरेको र सोको आधारमा भारतीय निर्माण कम्पनी IL&FS/Suryavir Consortium (यसपछि प्रवर्द्धक कम्पनी भनिएको) लाई छनौट गरी नेपाल सरकार र उक्त प्रवर्द्धक कम्पनीबीच विभिन्न लिखित सम्झौता र सहमति भइसकेको एवं ३-४ दिनभित्रै नेपाल सरकार र उक्त प्रवर्द्धक कम्पनीबीच हुन लागेको अन्तिम सम्झौताले राष्ट्रलाई विकासको नाममा दूरगामी आर्थिक असर पुर्‍याउन लागेको छ । उक्त सम्झौतामा राष्ट्र हितविपरीत हुन लागेका विषय देहायबमोजिम छनः

७६ किलोमिटर लामो चार लेनको उक्त फास्ट ट्र्याक सडक र निजगढदेखि पथलैयासम्मको १८ किलोमिटर लामो थप दुई लेनको सडक सार्वजनिक-निजी साझेदारी लगानीमा निर्माण गर्ने गरी सेप्टेम्वर १०, २०१४ मा प्रथम पटक ३० दिने Invitation for Expression of Interest (EOI) सूचना प्रकाशित गरेको थियो । उक्त सूचनाको आधारमा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चलनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ बमोजिम भारतीय कम्पनी IL&FS/Suryavir Consortium ले निर्माण अनुमति पाएको छ । सो सूचनामा BOOT प्रणालीमा फास्ट ट्र्याक सडक निर्माण हुने, सो सडकको लम्बाई लगभग ७६ किलोमिटर हुने, चार लेनको सडक हुनुपर्ने, टलेन र पुलहरू बनाउनु पर्ने, लाग्ने प्रक्षेपण लगानीसमेत प्रवर्द्धक कम्पनी आफैँले दिनुपर्ने सर्तसहित EOI प्रकाशित भएको थियो । तर सो कानूनी व्यवस्थाको उल्लङ्घन गरी EOI Notice समेत बद्नियत पूर्णरूपमा दशैंको बिदा पारी प्रकाशित गरिएको छ ।

उक्त कम्पनीले अनुमति पाएपछि नेपाल सरकार र प्रवर्द्धक कम्पनीका बीचमा विभिन्न विरोधाभाषपूर्ण, असंवैधानिक र गैरकानूनी सहमति र निर्णय भएका छन् । सो कम्पनीसँग अन्तिम सम्झौता गर्नुपूर्व चरण चरणमा सहमति र निर्णयहरू भएका छन् । ती निर्णय र सहमतिहरू Concession Agreement र Minute of Negotiations हुन् । नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७२।६।१ को निर्णयले काठमाडौं-तराई / मधेश फास्ट ट्र्याक सडक आयोजनाअन्तर्गत सडक निर्माण कार्यको लागि प्रवर्द्धक IL&FS/Suryavir Consortium र भौतिक योजना, निर्माण तथा यातायात मन्त्रालयका बीचमा भएको विभिन्न समझदारी तथा सम्झौताहरूको समग्र विश्लेषण तथा पुनरावलोकन गर्न राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षको अध्यक्षतामा बनेको पाँच सदस्सीय समितिले मिति २०७२।६।१० मा नेपाल सरकालाई पेस गरेको प्रतिवेदनको पेज नं ७ को बुँदा नं. २ मा आयोजनाको निर्माण लागत अमेरिकी डलर १११९ मिलियन भएकोमा सरकारले अमेरिकी डलर १५० मिलियन शेयर सपोर्टको रूपमा अनुदान दिने, अमेरिकी डलर ७५० मिलियन भारत सरकारबाट प्राप्त Line of Credit को रकम उपलब्ध गराउने र न्यूनतम अमेरिकी डलर २३६ मिलियन Minimum Revenue Guarantee (MRG) को रूपमा दिँदा अमेरिकी डलर ११३६ मिलियन नेपालले नै उपलब्ध गराउने भएपछि लगानीकर्ताले कुनै पनि रकम हाल्नु नपर्ने र सरकारी

लगानीमात्र प्रयोग हुने भनी प्रतिवेदन पेस भएको छ। सोबाट सम्पूर्ण लगानी नेपाल सरकारको हुने र भारतीय कम्पनीको कुनै लगानी नै हुने छैन भन्ने पुष्टि हुन्छ। सो प्रतिवेदनको ४ र ५ मा आयोजनाको SWOT Analysis लाई हेर्दा Minutes of Negotiations (Meeting) मा नेपाल सरकारले ७५० मिलियन अमेरिकी डलर (पचहत्तर अर्व नेपाली रूपैयाँ) वार्षिक ३ प्रतिशत ब्याजदरमा प्रवर्द्धक कम्पनीलाई दिने गरी सहमति गरेको छ। ७५० मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण, १५० मिलियन अमेरिकी डलर अनुदान र न्यूनतम अमेरिकी डलर २३६ मिलियन MRG को रूपमा दिने सर्त EOI नोटिसमा नभएकोमा हाल आएर प्रवर्द्धक कम्पनीलाई यसरी हदैसम्मको सहुलियत दिनु उक्त EOI र पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ को भावना र BOOT Basis Project को अवधारणाविपरीत छ। नेपाल सरकारले प्रवर्द्धक कम्पनीलाई अनुदान तथा सहुलियत दिने हो भने उक्त EOI प्रकाशित गर्दा नै खुलाउनु पर्ने थियो। EOI मा सो सुविधा दिने सर्त खुलाइएको अवस्थामा विश्वका उत्कृष्ट बहुराष्ट्रिय कम्पनीहरूले पनि सहभागिता जनाउने भई उच्चकोटीको स्वस्थ्य प्रतिस्पर्धा हुने थियो। तर बहुराष्ट्रिय कम्पनीहरूलाई रोक्ने उद्देश्यले सहुलियतपूर्ण ऋण दिने सर्त EOI मा प्रकाशित नगरेको प्रष्ट छ। BOOT Basis मा फास्ट ट्र्याक सडक बन्ने हो भने प्रवर्द्धक कम्पनीले नै Survey, Design, Engineering, Financing, Procurement, Construction, Operation, Maintenance गर्ने हो र तोकिएको अवधि समाप्त भएपछि आयोजना चालु अवस्थामा सरकारलाई बुझाउनु पर्ने हो। BOOT Basis Project मा सबै लगानी एक्लैले गर्न नसक्ने भनी प्रवर्द्धक कम्पनीले भनेमा आयोजनाको कूल लगानीको २५ प्रतिशतसम्म मात्र सरकाले लगानी गर्न मिल्ने कुरा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानी सम्बन्धी ऐन, २०६३ को दफा २४ को प्रतिबन्धात्मक व्यवस्थाबाट प्रष्ट हुन्छ।

५ वर्षमा प्रवर्द्धक कम्पनीले फास्ट ट्र्याक सडक बनाई सक्नु पर्ने र त्यसलाई आफैँले सञ्चालन गर्ने, Toll Tax संकलन गर्ने र २५ वर्षमा नेपाल सरकालाई हस्तान्तरण गर्नुपर्ने (Build, Operation and Transfer) सर्त छ। सो रोड सञ्चालनमा आएको २५ वर्षसम्म प्रवर्द्धक कम्पनीले उक्त रोड प्रयोग गर्ने सवारीको न्यूनतम तोकिएको सवारी संख्या २७२०० (Benchmark २७२०० PCU) बाट कर प्रति मोटरसाइकल रू ८००।-, प्रति कार रू.१६००।-, प्रति बस रू.३१००।-, प्रति ट्रक रू.४६००।- का दरले उठाउन पाउने, उक्त करबापतको रकम वार्षिक १५० मिलियन अमेरिकी डलर (पन्ध्र अर्व नेपाली रूपैयाँ) प्रवर्द्धक कम्मनीले नै लैजाने, यदि प्रवर्द्धक कम्पनीले Toll Tax बापत १५० मिलियन अमेरिकी डलर संकलन गर्न नसकेमा नपुग रकम नेपाल सरकारले MRG बापत तिर्नुपर्ने सर्त तय गरी विपक्षीहरूको बीचमा अन्तिम सम्झौता हुन लागेको छ। यो Toll Tax नेपाली जनताको आयस्रोतको हिसाबले अत्यन्त महंगो छ। उक्त रोडबाट प्रक्षेपण गरिए बराबरको प्रतिदिन सवारी साधन नचल्ने निश्चित छ। उक्त रोडबाट एउटा पनि सवारी साधन नचलेमा नेपाल सरकारले वार्षिकरूपमा (MRG) बापत १५० मिलियन अमेरिकी डलर प्रवर्द्धक कम्पनीलाई बुझाउनु पर्ने हुन्छ। MRG को रकम २५ वर्षसम्म नेपाल सरकारले प्रवर्द्धक कम्पनीलाई तिरी रहनु पर्ने बाध्यात्मक सर्त बन्देजले नेपाललाई दूरगामी अहित हुने हुँदा यो सर्त राष्ट्रघातको सर्त हो।

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७२।६।१ को निर्णयानुसार राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षको अध्यक्षतामा गठित ५ सदस्यीय उच्चस्तरीय समितिले नेपाल सरकार र प्रवर्द्धक कम्पनीबीच भएका निर्णय र सहमतिहरू पुनरावलोकन गरी निम्न लिखित परिमार्जन गर्नुपर्ने

भनी औंल्याएको छः

क) कानूनी पक्षः Equity को २५% भन्दा कमको आयोजनाको स्वामित्व हस्तान्तरणमा पनि मन्त्रालयको पूर्व स्वीकृति लिनुपर्ने । मस्यौदाको प्रकरण नं. २५.५ मा MRG को व्यवस्था र Additional Premium को व्यवस्था दुवैमा प्रस्तावकलाई लाभ हुने देखिन्छ । प्रकरण नं. ३५.३, Extension of Concession Period बाट प्रस्तावकलाई compensation का साथै Extension दुवै remedy उपलब्ध हुने भई unjust benefit पुग्न जाने । प्रकरण १६ अन्तर्गत change of scope को कारणबाट परियोजनाको लागत घटेमा सोबापतको रकम मन्त्रालयलाई उपलब्ध गराउने वा MRG सँग समायोजन गर्ने व्यवस्था गर्नुपर्ने लगायत अन्य थुप्रै सुझावहरू रहेका छन् ।

ख) वित्तीय पक्षः प्रस्तावक कम्पनीलाई फाइदा पुग्ने गरी मूल्य अभिवृद्धि कर जोडेको । पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ को दफा २४ को प्रतिबन्धात्मक वाक्यांशमा नेपाल सरकारको लगानी कूल लगानीको २५ प्रतिशतमा बढाउन नहुने भन्ने व्यवस्था रहेको तर ७५० मिलियन अमेरिकी डलर ऋण दिँदा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ मा ऋणलाई पनि लगानी नै मान्नु पर्ने भनी व्यवस्था भएको हुँदा यो सम्झौता बाझिने । सवारी साधनको Benchmark को शत प्रतिशत सुनिश्चितता सरकाले गर्न नहुनेलगायतका अन्य थुप्रै सुझावहरू र प्राविधिक पक्षका सुझावहरू समेत दिएको छ । यो प्रतिवेदनलाई मात्र हेर्दा पनि विपक्षीहरूबीच देशलाई चरम हानि र दूरगामी असर पर्न जाने सम्झौता हुन लागेको देखिन्छ ।

अतः यो रोड निर्माणको सबै लगानी नेपाल सरकारले गरी प्रवर्द्धक कम्पनीले नाममात्रको लगानी गर्ने तर MRG बाट हुने फाइदा प्रवर्द्धक कम्पनीको मात्र हुने, Toll Tax को रूपमा चर्को कर प्रवर्द्धकले उठाउन पाउने, न्यूनतम संख्याको सवारी साधन नचलेर लक्षित MRG नपुग भए राज्यले प्रवर्द्धक कम्पनीलाई उक्त MRG दिनु पर्ने गरी Concession Agreement र Minutes of Negotiations विपक्षीहरू एक आपसमा मिली पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ को दफा २४, नेपालको संविधानको धारा २५, ५१घ(१०), ङ(२) विपरीत र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ को दफा २ख(३) समेतको प्रतिकूल हुने गरी निर्णय गरिसकेको हुँदा सो Concession Agreement र Minutes of Negotiations र फास्ट ट्र्याक सडकसम्बन्धी अन्य कुनै सहमति निर्णयसमेत भएको भए सो निर्णय र सहमतिहरू समेत उत्प्रेषणको आदेशले बदर गरिपाऊँ ।

साथै EOI मा उल्लिखित सर्तभन्दा बाहिर गई सम्पूर्ण लगानी विपक्षी नेपाल सरकारको हुन गइरहेको फास्ट ट्र्याक सडकको सम्झौता नगर्नु नगराउनु भनी प्रतिषेधको आदेश जारी गरी पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ को कानूनी व्यवस्थालाई उल्लङ्घन नगरी निजी साझेदारीको मर्म र भावनालाई आत्मसात गरी पुनः Invitation for Expression of Interest (EOI) प्रकाशित गरी छनौटमा परेको कम्पनीसँग सम्झौता गर्नु र अब उप्रान्त यस्ता राष्ट्रिय महत्त्वका आयोजनाहरू BOOT Basis Project मा निर्माण गर्दा उच्च सतर्कता अपनाउन परमादेशको आदेश जारी गरिपाऊँ । साथै यो मुद्दाको अन्तिम किनारा नलागेसम्म विपक्षीहरूबीच उक्त दुईपक्षीय सम्झौता, निर्णय वा सहमति नगर्नु नगराउनु भनी विपक्षीहरूका

नाममा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन।

यस अदालत एक न्यायाधीशको इजलासको मिति २०७२।६।२१ को आदेशः-

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश जारी हुनु नपर्ने आधार र कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटोको म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी म्यादभित्र लिखित जवाफ प्राप्त भए वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु। निवेदकले अन्तरिम आदेशसमेतको माग गरेको देखिएकाले त्यसतर्फ हेर्दा निवेदकले प्रस्तुत गरेको कागजातबाट ठूलो धनराशी निर्माण लागतको रूपमा आवश्यक पर्ने र लामो अवधिको आयोजना सञ्चालन गर्न अनुमति दिने आम जनताले प्रयोग गर्नुपर्ने विषय भएको र सरकारको वित्तीयलगायतको दायित्व एवं संलग्नता रहने प्रकृतिको भन्ने जिकिर लिनु भएकोबाट सार्वजनिक एवं राष्ट्रिय महत्त्वको विषयको रूपमा प्रस्तुत भएको देखियो।

निवेदकले नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत काठमाडौं-तराई / मधेश द्रुत मार्ग सडक आयोजनाको काठमाडौं-निजगढ-पथलैया शाखाको Invitatin for Expressin of Interest (EOI) आह्वान गरेको सूचना 10th September 2014 को पत्रिकामा प्रकाशित भएको भनी प्रतिलिपि पेस भएको देखिन्छ । सोबमोजिम भइरहेको कारवाहीमा उक्त आयोजना सम्पन्न गर्नलाई प्रस्तावकले के कस्तो लगानी गरी के कति अवधिभित्र के कति राजस्व नेपाल सरकारलाई बुझाउने हो? लागत र लाभको अनुपात के हो? नेपाल सरकारले पूर्वाधार संरचना निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ को व्यवस्था अन्तर्गत नेपाल सरकारले गर्ने अधिकतम लगानी कति हो? कूल लगानीको स्रोत र संरचना के कस्तो रहेको छ र सोसहित आयोजना सञ्चालनमा आउँदा नेपाल सरकारले प्राप्त गर्न सक्ने राजस्व के कस्तो हुन्छ? अपेक्षित लाभ एवं सुविधाहरू कस्तो हुन्छ? यी सबै प्रश्नहरू सान्दर्भिक देखिने र सोको अतिरिक्त विवादित आयोजनाको सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७२।६।१ को निर्णयानुसार गठित पुनरावलोकन समितिको प्रतिवेदनसमेत निवेदकले निवेदनसाथ पेस गर्नु भएकाले सो प्रतिवेदनको औचित्य र त्यसमा सिफारिस गरिएका कुराहरूको सम्बोधन के कति गरिएको वा नगरिएको भन्ने कुराको समेत आयोजनाको वैधता र त्यसमा नीहित सार्वजनिक सरोकार र हितको मूल्याङ्कनको लागि जरूरी हुने हुनाले उपरोक्त प्रश्नहरूमा स्पष्ट दृष्टिकोणसहित विवादित आयोजनामा हालसम्म भएका मुख्य मुख्य कारवाही एवं निर्णयहरूको अद्यावधिक स्थिति झल्किने निवेदन र सोलाई समर्थन गर्ने निर्णय एवं कागजातहरू सहित आगामी २०७२ कार्तिक ११ गतेको निवेदकको मागबमोजिम अन्तरिम आदेश जारी गर्नुपर्ने नपर्ने सम्बन्धमा छलफल गर्न विवादित आयोजना सम्बन्धमा भए गरेका काम कारवाही हाल जे जस्तो अवस्थामा छ यथास्थितिमा राखी उपस्थित हुन विपक्षी निकायहरूका जिम्मेवार पदाधिकारीहरूलाई महान्यायाधिवक्ताको कार्यालयमार्फत सूचना पठाई नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७२।६।२१ को आदेश।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफको व्यहोराः-

राष्ट्रिय गौरवको आयोजनाको रूपमा रहेको काठमाडौं तराई / मधेश फास्ट ट्र्याक सडक आयोजनामा निजी क्षेत्र आकर्षित गरी निर्माण गर्ने नीति अनुरूप सन् २००८ देखि विभिन्न चरणमा मनसायपत्र आह्वान गरिए पनि निजी क्षेत्र आकर्षित नएकाले राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षको अध्यक्षतामा

मिति २०७०।१२।५ मा बसेको पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ को दफा ३८ अनुरूपको परियोजना समन्वय समितिको बैठक र सोको निर्णय एवं नेपाल सरकार अर्थ मन्त्रालयको आ.व. २०७१।०७२ को बजेट वक्तव्यको बुँदा नं. ११० मा उल्लिखित आगामि छ महिनाभित्र विस्तृत परियोजना प्रतिवेदन तयार गरी काठमडौं-तराई द्रुत मार्गको निर्माण कार्य यसै वर्ष सुरू गरिने छ, स्वदेशी वा विदेशी लगानीकर्ताले निर्माण तथा सञ्चालनमा लगानी गर्न चाहेमा न्यूनतम सवारी साधन संख्याको सुनिश्चिततालगायतका सहुलियत दिइनेछ भन्ने व्यवस्थाअनुसार मिति २०७१।५।२५ मा काठमाडौं-तराई / मधेश फास्ट ट्र्याक सडक निर्माण आयोजना कार्यालयबाट मनसायपत्र (EOI) आह्वान भएको हो । मनसायपत्र प्रस्तावक / प्रवर्द्धकहरूमध्ये Request for Proposal मूल्याङ्कनपश्चात् नेपाल तथा भारतका संयुक्त Consortium IL&FS / Suryavir सम्पूर्ण सर्तहरू पूरा गरी छनोट भई उक्त Consortium सित विस्तृत परियोजना प्रतिवेदन (Detail Project Report) तयार गर्ने प्रारम्भिक समझदारी (Memorandum of Understanding) भई उक्त आयोजनाको परियोजना प्रतिवेदन (DPR) तयार भई विभागीय मन्त्रीबाट मिति २०७२।३।२८ मा स्वीकृत भएको छ । 'न्यूनतम सवारी साधन संख्याको सुनिश्चिततालगायतका सहुलियत दिइने' नीतिगत निर्णय अर्थ मन्त्रालकयको बजेट वक्तव्यमा उल्लेख भई नै सकेको परिप्रेक्ष्यमा अर्थ मन्त्रालयको प.सं. ०७१।०७२, च.नं. २०१२, मिति २०७१।४।१ को पत्रबाट राष्ट्रिय गौरवको आयोजनाको रूपमा सञ्चालित काठमडौं-तराई / मधेश फास्ट ट्र्याक PPP Minimum Revenue Guarantee Model (MRG) बाट निर्माण गर्न सैद्धान्तिक सहमति प्राप्त भएको अवस्था हो । पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ को दफा १३ मा प्रस्तावकसँग सम्झौता गर्न उपयुक्त देखिएमा नेपाल सकारकाले प्रस्तावकसँग आवश्यकताअनुसार बार्ता गरी समितिको सुझाव लिई सम्झौता गर्न सक्ने व्यवस्थासमेतका आधारमा उक्त सडक आयोजना निर्माण तथा सञ्चालन विषयको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको नं. १०/९-०७२।६।३ को प्रस्ताव म.प.बै.सं. ३५।०७२ मिति २०७२।६।१ को मन्त्रिपरिषद्को बैठकमा पेस हुँदा त्यसमा नेपाल सरकार मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेको छः

(१) काठमाडौं-तराई / मधेश फास्ट ट्र्याक सडक आयोजना अन्तर्गत सडक निर्माण कार्यको लागि प्रवर्द्धक IL&FS/Suryavir Consoritum र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, काठमाडौं-तराई / मधेश फास्ट ट्र्याक आयोजनाबीच भएको विभिन्न समझदारी तथा सम्झौताहरूको समग्र विश्लेषण तथा पुनरावलोकन (Review) गरी ५ दिनभित्र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई सुझाव दिने देहाय बमोजिमको पुनरावलोकन समिति (Review Committee) गठन गर्नेः

- माननीय उपाध्यक्ष, राष्ट्रिय योजना आयोग – अध्यक्ष
- अर्थ मन्त्रालका सचिव वा निजले तोकेको सहसचिव – सदस्य
- सचिव, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय – सदस्य
- सचिव, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय – सदस्य
- प्रमुख कार्यकारी अधिकृत, लगानी बोर्ड नेपाल - सदस्य

(२) अर्थ मन्त्रालयको प.सं. IECCD/MoPIT 601/fast track/100/2072, च.नं.

१०६, मिति २०७२।४।१३ को सहुलियत ऋण (Soft-loan) बारे प्राप्त सैद्धान्तिक सहमतिबमोजिम द्रुत मार्ग निर्माणको लागि अमेरिकी डलर ७५० मिलियन बराबरको सहुलियत ऋण / सहायता / अनुदान उपलब्ध गराउन अर्थ मन्त्रालयले भारत सरकारसँग औपचारिक पहल गरी सुनिश्चित गर्ने।

नेपाल सरकार स्रोत र साधनको समूचित व्यवस्थापन गरी मुलुकुको हित र समग्र विकास गर्ने कुरामा प्रतिवद्ध छ । साथै उल्लिखित कम्पनीसँग प्रस्तुत विषयमा सम्झौतासमेत भई नसकेको अवस्थामा निवेदकको मागबमोजिम रिट जारी हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ।

<u>व्यवस्थापिका संसद् तथा अर्थ समितिको लिखित जवाफको व्यहोराः-</u>

व्यवस्थापिका संसद् तथा यसअन्तर्गतको अर्थ समितिसँग सम्बन्धित नै नभएका विषयमा प्रत्यर्थी बनाउनु औचित्यपूर्ण हुँदैन। यस व्यवस्थापिका संसद् तथा यसअन्तर्गतको अर्थ समितिको कुन कार्यबाट नेपाली जनता र देशलाई आर्थिकरूपमा नकारात्मक असर पर्न जाने प्रवल सम्भावना भएको हो भन्ने कुरा निवेदनमा स्पष्टरूपमा खुलाउन नसकेको हुँदा फास्ट ट्र्याक सडकको विषयमा यस व्यवस्थापिका संसदको कुनै पनि रूपमा संलग्नता नरहेकाले सम्बन्धित नै नभएको विषयमा प्रत्यर्थी बनाउनुको कुनै औचित्यता नहुने हुँदा व्यवस्थापिका संसद् र यसअन्तर्गतको अर्थ समितिको हकमा कुनै प्रकारको आज्ञा आदेश, परमादेश जारी हुनु नपर्ने हुँदा रिट खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको व्यवस्थापिका संसद् तथा अर्थ समितिको लिखित जवाफ।

<u>राष्ट्रिय योजना आयोगको सचिवालयको लिखित जवाफको व्यहोराः-</u>

मिति २०७२।४।२२ गते राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष्यको अध्यक्षतामा पूर्वाधार संरचना निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ को दफा ३८ अनुरूप गठित परियोजना समन्वय समितिको बैठकद्वारा नेपालको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुर्‍याउने सम्भावना रहेको राष्ट्रिय गौरवको आयोजना काठमाडौं-तराई / मधेश द्रुत मार्गका सम्बन्धमा प्राविधिक समितिबाट तयार भई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय (मन्त्रीस्तर) को निर्णयअनुसार लेखी आएकोमा उक्त परियोजनासम्बन्धी कागजात प्राविधिक तथा लगानीसम्बन्धी विवरण र Concessional agreement को प्रारम्भिक मस्यौदा उपर परियोजना समन्वय समितिको बैठकमा छलफल गरी निम्नानुसारका निर्णयहरू भएकोः

(१) परियोजना निर्माण गर्दा आवश्यक पर्ने विभिन्न सर्त तथा Force measure, event of default नेपालले गर्ने लगानीका सम्बन्धमा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ को प्रावधानको तादात्म्यता आदिका सम्बन्धमा एवं परियोजनाबाट नेपाललाई बढीभन्दा बढी फाइदा कसरी हुनसक्छ, नेपालीहरूलाई बढीभन्दा बढी रोजगारीको प्राथमिकता कसरी दिन सकिन्छ, सो सम्बन्धमा सम्बन्धित मन्त्रालयले अध्ययन गरी कारबाही अगाडि बढाउने । साथै प्राविधिक पक्षमा रहेका प्रावधानहरूको उपयुक्तताको अध्ययनसमेत सम्बन्धित मन्त्रालयले गर्ने।

(२) Minimum Revenue Guarantee (MRG) का सम्बन्धमा रहेका Components को छुट्टछुट्टै गणना गर्ने । साथै उक्त विषयलाई विस्तृत बनाई विभिन्न

माध्यमबाट सर्वसाधारणलाई यथार्थ (आवश्यकता अनुसार) जानकारी गराउने।

(३) आयोजना प्रस्तावकले लगानीको १६ प्रतिशत प्रतिफल पाउने गरी MRG प्रस्ताव गरेकोमा उक्त प्रतिफल प्रतिशत बार्ताको चरणमा घटाउन पहल गर्ने।

(४) यस सम्बन्धमा आर्थिक पक्षमा अर्थ मन्त्रालयको र कानूनी पक्षमा कानून, न्याय तथा संसदीय व्यस्था मन्त्रालयको राय परामर्श लिई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले कारवाही अघि बढाउने।

यसरी निवेदकको संविधान तथा अन्य प्रचलित कानूनद्वारा प्रदत्त मौलिक हकलगायत अन्य हक अधिकारको विपरीत हुने गरी यस आयोग / सचिवालयसमेतबाट कुनै काम कारवाही भए गरिएको नहुँदा यस आयोग / सचिवालयको हकमा रिट निराधार देखिन्छ भन्नेसमेत व्यहोराको राष्ट्रिय योजना आयोगको सचिवालयको लिखित जवाफ।

<u>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र ऐका मन्त्री उपप्रधानमन्त्री विजयकुमार गच्छदारको एकै व्यहोराको छुट्टाछुट्टै लिखित जवाफः-</u>

राष्ट्रिय गौरवको काठमाडौं-तराई / मधेश द्रुत मार्ग सडक परियोजना राजधानीको जनघनत्व र पर्यावरणसम्बन्धी दीर्घकालीन समस्या समाधानको सम्बोधन गर्न त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको विकल्पको रूपमा निजगढमा बन्ने दोस्रो अन्तर्राष्ट्रिय विमानस्थललाई राजधानीसँग द्रुत मार्गमार्फत जोड्नु पर्ने आवश्यकता, भारतबाट राजधारनीमा पैठारी हुने अधिकांश सामानहरूको ढुवानी छिटो छरितो सस्तो दरमा हुने, छिमेकी मित्र राष्ट्रहरू भारत र चीनबीचको Transit Route को रूपमा यस द्रुत मार्ग सेतुको रूपमा विकास हुने हुँदा यसबाट राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक असर पर्ने र नेपाली जनताको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउने जस्ता कारणले मिति २०७१।५।२४ तदनुसार १० सेप्टेम्बर २०१४ मा इच्छुक लगानीकर्ता प्रवर्द्धकबाट पूर्वाधार संरचना निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ को दफा ४ बमोजिम मनसायपत्र आह्वान भई आयोजनाको प्रादुर्भाव भएको हो। आयोजनाको निर्माण अवधि ५ वर्ष र सञ्चालन तथा मर्मत अवधि २५ वर्ष रहेको छ। परियोजनालाई कार्यान्वयन गर्ने सम्बन्धमा यस मन्त्रालयबाट भए गरेका कार्यहरू निम्नबमोजिम रहेका छन्।

(१) पूर्वाधार संरचना निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ (यसपछि ऐन भनिएको) र सोको नियमावली, २०६४ को प्रक्रियाबमोजिम पटकपटक उक्त परियोजना निर्माण तथा सञ्चालन गर्न मनसायपत्र आह्वान गर्दा पनि इच्छुक लगानीकर्ता / प्रवर्द्धक छनौट प्रक्रिया अगाडि बढाउन सकिएन। ऐनको दफा ३ (ज) मा निजी लगानीमा यस्तै अन्य तरिकाबाट परियोजना कार्यान्वयन गर्न सक्ने कानूनी व्यवसथा रहेको र आ.व. २०७१।७२ को बजेट वक्तव्यको बुँदा नं. ११० मा "आगामी ६ महिनाभित्र विस्तृत परियोजना प्रतिवेदन तयार गरी काठमाडौं-तराई द्रुत मार्गको कार्य यसै वर्ष सुरू गरिनेछ। स्वदेशी तथा विदेशी लगानीकर्ताले निर्माण तथा सञ्चालनमा लगानी गर्न चाहेमा न्यूनतम सवारीसाधन संख्याको सुनिश्चिततालगायतका सहुलियत दिइने व्यहोरा उल्लेख भएकाले लगानीकर्ता / प्रवर्द्धक कम्पनीबाट कबोल गरेको Minimum Reveue Guarantee (MRG) रकम भन्दा टोल संकलन रकम यदि सञ्चालन अवधिभित्र कुनै वर्षमा कम उठे, MRG रकम

नक्कल अप्रमाणित

भुक्तानी गर्न टोल संकलन रकममा नपुग हुने फरक रकम नेपाल सरकारद्वारा लगानीकर्ता / प्रवर्द्धक कम्पनीलाई उपलब्ध गराइने र निर्माण अवधिमा Euity support को रूपमा रू.१५ अर्व नेपाल सरकारबाट उपलब्ध गराइने व्यवस्था रहेको छ।

(२) मनसायपत्र खरिद गरेका विभिन्न कम्पनीहरू मध्ये मिति २०७१।१०।२३ (६ फेब्रुअरी २०१५) मा प्रस्ताव (Request for Proposal – RFP) चरणमा सबभन्दा घटी MRG कबोल गर्ने सारभूतरूपमा प्रभावग्राही प्रवर्द्धक कम्पनी IL&FS / Suryavir Consortium लाई सफल प्रवर्द्धक (Successful Bidder) घोषणा गरी मिति २०७१।११।२ मा ऐनको दफा १० बमोजिम विस्तृत आयोजना प्रतिवेदन (Detailed Project Report – DPR) तयार गर्न प्रवर्द्धक कम्पनीसँग समझदारी (MOU) मा हस्ताक्षर भएको हो।

(३) उक्त लगानीकर्ता / प्रवर्द्धकले मिति २०७२।३।९ मा विस्तृत आयोजना प्रतिवेदन (DPR) पेस गरेको र उक्त DPR नेपाल सरकार (माननीय मन्त्रीस्तर) बाट मिति २०७२।३।२८ (१३ जुलाई २०१५) मा स्वीकृत भएको हो। उक्त कम्पनीले पेस गरेको विस्तृत आयोजना प्रतिवेदनमा उक्त आयोजनाको कूल लागत रू. १ खरब २९ अरब ६० करोड उल्लेख छ।

(४) प्रवर्द्धक कम्पनीले प्रस्ताव गरेको परियोजनाको लागत रकम अत्यधिक धेरै भएकाले अर्थ मन्त्रालयको मिति २०७२।४।१३ को पत्रबाट "काठमाडौं निजगढ फास्ट ट्र्याकको निर्माण कार्य DPR अनुसार भारतीय Exim Bank को सहुलियत ऋण अमेरिकी डलर ७५० मिलियन प्रयोग गर्न सहमति माग गर्नु भएकोमा सरल सर्तहरूमा लगानी प्राप्त हुँदा समग्र आयोजनामा पर्न सक्ने आर्थिक प्रभाव र यसबाट नेपाल सरकारलाई प्राप्त हुने लाभसमेतलाई विचार गरी एउटा विकल्पको रूपमा बार्ता गर्न सैद्धान्तिक सहमति प्रदान गरिएको छ" भनी सहमति प्राप्त भएकाले भारतीय Exim Bank बाट प्राप्त हुने रकममध्ये US$ ७५० Million बराबरको नेपाली रूपैयाँको सहुलियत ऋण प्रवर्द्धकलाई परियोजनाको लागत घटाउन प्रवर्द्धकसँग बार्तासम्म गरिएको अवस्था हो। सम्झौता भइसकेको अवस्था होइन।

हाल उक्त लगानीकर्ता प्रवर्द्धक कम्पनी IL & FS / Suryavir Consorium सँग ऐनको दफा १३ बमोजिम अनुमति सम्झौता (Concssion Agreement) गर्न मिति २०७२।६।१४ मा नेपाल सरकार (प्रम तथा म.प.को कार्यालय) मा प्रस्ताव पेस भएको र मन्त्रिपरिषद्बाट उक्त प्रस्ताव उपर निर्णय भई नसकेको अवस्था भएकाले निवेदकले विना प्रमाण र आधार यस मन्त्रालयलाई विपक्षी बनाई दायर भए प्रस्तुत निवेदन औचित्यहीन भएकाले खारेज गरिपाउँ भन्नेसमेत एकै मिलान व्यहोराको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र ऐ.का मन्त्री / उपप्रधानमन्त्री विजयकुमार गच्छदारको एकै व्यहोराको छुट्टाछुट्टै लिखित जवाफ।

<u>कानून, न्याय तथा संसदीय मन्त्रालयको लिखित जवाफको व्यहोराः-</u>

नेपाल सरकारको कुनै निकायबाट नेपाल सरकार र विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबीच हुने सन्धि सम्झौताको मस्यौदाका सम्बन्धमा निर्णय गर्दा त्यस्तो निर्णय गर्नुपूर्व यस मन्त्रालयको

परामर्श लिन पर्ने व्यवस्थाअनुसार काठमाडौं-तराई द्रुत मार्ग सडक आयोजनाको लगानीकर्ता कम्पनी ITNL Consortium (IL&FS) सँग गरिने भनिएको प्रस्तावित Concession Agreement को मस्यौदाको सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट राय परामर्शको लागि यस मन्त्रालयमा लेखी आएको हुँदा संविधान एवं प्रचलित कानूनको अधीनमा रही यस मन्त्रालयबाट उक्त मन्त्रालयमा राय परामर्श पठाइएको हो। विकास निर्माणसँग सम्बन्धित कुनै पनि किसिमका पूर्वाधार संरचना निर्माणसँग सम्बन्धित निर्माणसम्बन्धी सम्झौता गर्ने वा त्यसको कार्यान्वयन गर्ने कार्य यस मन्त्रालयको कार्यक्षेत्रभित्र पर्दैन । काठमाडौं-तराई / मधेश द्रुतमार्ग सडक निर्माणको सम्बन्धमा हालसम्म कुनै स्वदेशी वा विदेशी लगानीकर्ता वा निर्माण कम्पनीसँग सम्झौता भई नसकेको हुँदा प्रस्तावित Concession Agreement को मस्यौदा वा सोसम्बन्धी कार्य के कुन आधारमा नेपालको संविधान एवं कानूनी व्यवस्थाको विपरीत हुन गएको हो भन्ने कुरा र यस मन्त्रालयको के कुन काम कारवाहीबाट नेपाल सरकारलाई हानि नोक्सानी भएको भन्ने कुरा निवेदनमा खुलाउन नसकेको हुँदा रिट खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको कानून, न्याय तथा संसदीय मन्त्रालयको लिखित जवाफ।

नेपाल सरकारका सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको लिखित जवाफ व्यहोराः-

काठमाडौं-तराई / मधेश फास्ट ट्र्याक सडक आयोजनासम्बन्धमा मन्त्रिपरिषद्बाट मिति २०७२।६।१ मा काठमाडौं-तराई / मधेश फास्ट ट्र्याक सडक आयोजनाअन्तर्गत सडक निर्माण कार्यको लागि प्रवर्द्धक IL&FS / Suryavir Consoritum र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, काठमाडौं-तराई / मधेश फास्ट ट्र्याक आयोजनाबीच भएको विभिन्न समझदारी तथा सम्झौताहरूको समग्र विश्लेषण तथा पुनरावलोकन (Review) गरी ५ दिनभित्र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई सुझाव दिन ५ सदस्यीय पुनरावलोकन समिति (Review Committee) गठन गर्ने एवं अर्थ मन्त्रालयको प.सं. IECCD/MoPIT 601/fast track/100/2072, च.नं. १०६, मिति २०७२।४।१३ को सहुलियत ऋण (Soft- loan) बारे प्राप्त सैद्धान्तिक सहमतिबमोजिम द्रुत मार्ग निर्माणकोलागि अमेरिकी डलर ७५० मिलियन बराबरको सहुलियत ऋण / सहायता / अनुदान उपलब्ध गराउन अर्थ मन्त्रालयले भारत सरकारसँग औपचारिक पहल गरी सुनिश्चित गर्ने निर्णय भएको थियो। वर्तमान सरकार प्रचलित संविधान तथा कानून एवं राष्ट्रिय अखण्डता र हितलाई सर्वोपरी केन्द्रमा राखी मुलुकको आर्थिक विकास गर्नका लागि राष्ट्रिय गौरवका आयोजनाहरूको कार्यान्वयन गर्न प्रतिवद्ध र कृयाशिल छ । यसको लागि सम्भव भएसम्म स्वदेशी साधन, स्रोत, जनशक्ति, प्रविधिको आधारमा लगानी गर्न र आवश्यकताअनुसार विदेशी लगानीसमेत भित्र्याई आर्थिक विकासको प्रक्रियालाई गतिदिन दृढ छ । नेपाल सरकारले ठूला प्रकृतिका पूर्वाधारको निर्माणको लागि पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ अनुसार प्रतिस्पर्धा र पारदर्शिता सुनिश्चित गरी मुलुक र जनताको हितमा प्रतिकूल असर नपर्ने गरी वेदशी लगानीलाई आकर्षित गर्ने नीति लिएको छ । उक्त सडक आयोगनाको सम्बन्धमा नेपाल सरकारले हालसम्म कसैसँग द्विपक्षीय सम्झौता गरी नसेको र त्यस्तो आयोजनाको निर्माणसम्बन्धी निर्णय गर्दा प्रचलित कानूनको पूर्ण पालना तथा नेपाल सरकार मन्त्रिपरिषद्ले मिति २०७२।६।१ मा गठन गरेको पुनरावलोकन समितिको सुझावसमेतलाई आधार लिई अधिकतम राष्ट्रिय हितलाई सुनिश्वत गर्ने नीति अनुरूप नेपाल सरकार अघि बढ्ने हुँदा नेपाल सरकारका नाममा कुनै आदेश जारी हुनुपर्ने आधार र परिस्थिति रहेको

छैन भन्नेसमेत व्यहोराको सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको लिखित जवाफ।

यस अदालत संयुक्त इजलासको मिति २०७२।८।२९ को आदेशः-

यस अदालतबाट मिति २०७२।६।२१ मा जारी भएको अन्तरिम आदेश निरन्तर रहने नरहने सम्बन्धमा विचार गर्दा अन्तरिम आदेश कायम राखी राख्न नपर्ने सन्तोषजनक स्थिति प्रस्तुत हुन सकेको अवस्था नदेखिएकाले पूर्ण सुनुवाइ भई अन्तिम आदेश नहुँदासम्म उक्त मिति २०७२।६।२१ को अन्तरिम आदेशलाई निरन्तरता प्रदान गरिदिएको छ। विपक्षी मध्येका IL&FS / Suryavir Consortium का सम्पर्क व्यक्ति तथा सूर्यभिर कम्पनीका सञ्चालक प्रमोद राणाको हकमा छलफलका लागि उपस्थित हुन म्याद जारी गरी पठाइएकोमा मिति २०७२।७।१२ को तामेलदारको प्रतिवेदनबाट फोन सम्पर्क भएकोमा वास्ता नगरेको र वतनको हकमा निवेदकले समेत देखाउन नसकेको भन्ने व्यहोरा जनिएको देखिँदा अब लाग्ने खर्च निवेदकबाट दाखेल गर्न लगाई सर्वोच्च अदालत नियमावली, २०४९ को नियम १०४च बमोजिम रीत पुर्‍याई म्याद तामेल गराई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि पूर्ण सुनुवाइका लागि निमयबमोजिम पेस गर्नू भन्ने यस अदालतको मिति २०७२।८।२९ को आदेश।

<u>सूर्यविर इन्फ्रास्टक्चर कन्स्ट्रक्सन प्रा.लि. का तर्फबाट ऐका अख्तियारप्राप्त प्रतिनिधि प्रमोद शमशेर राणाको लिखित जवाफको व्यहोराः-</u>

आ.व. २०७१।७२ को बजेट वक्तव्यको बुँदा नं. ११० मा आगामी महिनाभित्र विस्तृत परियोजना प्रतिवेदन तयार गरी काठमाडौं-तराई द्रुतमार्गको निर्माण कार्य यसै वर्ष गरी स्वदेशी तथा विदेशी लगानीकर्ताले निर्माण तथा सञ्चालनमा लगानी गर्न चाहेमा न्यूनतम सवारी साधन संख्याको सुनिश्चिततालगायतमा सहुलियत दिइने भई नेपाल सरकार (मन्त्रीस्तर) को निर्णयानुसार राष्ट्रिय गौरवको आयोजनाका रूपमा सञ्चालित काठमाडौं-तराई / मधेश फास्ट ट्र्याक Public Private Partnership (PPP) & Minimum Revenue Guarantee (MRG) बाट निर्माण गर्न सैद्धान्तिक सहमति प्रदान गरी बुट ऐनअन्तर्गत EOI र REP सूचना जारी गरिएको थियो। जसमा देहायको सर्त र आधारहरू समावेश थिएः

- निर्माण अवधि ५ वर्ष हुने,
- सञ्चालन मर्मत अवधि २५ वर्ष हुने,
- काठमाडौं-निजगढ-पथलैयाको निजगढ-पथलैया खण्डमा टोल दस्तुर नलाग्ने,
- प्रस्तावक प्रवर्द्धक कम्पनीले नेपाली निर्माण व्यवसायीलाई संयुक्त उपक्रमको रूपमा समावेश गरेमा जोखिम बहन गरेको हिस्साको अनुपातिक हिसाबमा प्राविधिक प्रस्तावमा १० प्रतिशतसम्म र आर्थिक प्रस्तावमा ७ प्रतिशतसम्म अङ्क थप गरी मूल्याङ्कन गरिने,
- नेपाली परामर्श सेवा प्रदायक कम्पनीहरूलाई संलग्न गर्ने प्रतिबद्धता जनाएका प्रस्तावक प्रवर्द्धक कम्पनीलाई प्रस्ताव मूल्याङ्कनमा विशेष प्राथमिकता दिने,
- प्रवर्द्धक कम्पनीको लगानी सञ्चालन र मर्मत अवधिमा रकमलाई कबोल अङ्कको रूपमा भर्ने र प्राविधिक आर्थिक वित्तीय तथा अनुभव आदिमा तोकिएको सर्त पूरा गरी योग्य भएको न्यूनतम कबोल गर्ने प्रवर्द्धक कम्पनीलाई सफल घोषणा गरी सोही कम्पनीमार्फत आयोजनाको लगानी जुटाउने तथा डिजाइन निर्माण, मर्मत तथा सञ्चालन कार्य गराउने,
- लगानीकर्ता र प्रवर्द्धक कम्पनीबाट कबोल गरेको MRG रकमभन्दा टोल संकलन यदि सञ्चालन अवधिभित्र कुनै वर्ष बढी उठे सरकार

तथा लगानीकर्ताबीच लाभांश बराबर बाँडिने एवं कुनै वर्ष कम उठे, MRG रकम भुक्तानी गर्न टोल संकलन रकममा नपुग हुने फरक रकम नेपाल सरकारद्वारा लगानीकर्ता / प्रवर्द्धक कम्पनीलाई उपलब्ध गराउने,

- बुट ऐनमा व्यवस्था भएअनुसार लगानीकर्ता र प्रवर्द्धक कम्पनीलाई निर्माण अवधिमा Equity support को रूपमा रू.१५ अर्ब नेपाल सरकारबाट उपलब्ध गराइने,
- लगानीकर्ता / प्रवर्द्धक कम्पनीबाट सञ्चालन अवधिको २५ वर्ष पश्चात राम्रो हालतमा द्रुतमार्ग नेपाल सरकारलाई हस्तान्तरण गरिने।

प्रवर्द्धक कम्पनीले बुट प्रणालीअन्तर्गत सहभागी हुन २०७१।५।२५ (१० सेप्टेम्बर २०१४) मा मनसायपत्र जारी गरेको, २०७१।७।१६ मा मूल्याङ्कन समितिबाट प्रवर्द्धक योग्य भएको सूचना जारी भएको, २०७१।७।२१ (१० नोभेम्बर २०१४) मा प्रस्ताव दर्ता गर्न सूचना (RFP) जारी भएको, २०७१।१०।२३ (६ फेब्रुअरी २०१५) मा RIP चरणमा सबभन्दा घटी औशत वार्षिक रू. ३० अर्व MRG कबोल गर्ने प्रवर्द्धक कम्पनीलाई प्रस्ताव (RFP) का सर्तबमोजिम सफल प्रवर्द्धक (Successful Bidder) घोषणा भए पछि २०७१।११।२ (१६ मार्च २०१५) मा विस्तृत आयोजना प्रतिवेदन (Detailed Project Report DPR) तयार गर्न नेपाल सरकार र प्रवर्द्धक कम्पनीबीच प्रारम्भिक समझदारी Memorandum of Understanding (MOU) मा हस्ताक्षर भई २०७२।३।९ (२४ जुन २०१५) मा DPR तयार भई २०७२।३।२८ (१३ जुलाई २०१५) मा भौतिक निर्माण (मन्त्रीस्तर) बाट स्वीकृत भएको र २०७२।३।३० (१५ जुलाई २०१५) मा प्रवर्द्धक कम्पनी IL&FS/ Suryavir Consortium लाई बार्ताका लागि बोलाइएको थियो। तत्पश्चात विभिन्न मितिमा बार्ता हुँदै जाँदा प्रस्तावित विभिन्न वित्तीय मोडेलहरूमध्ये Exit Bank of India बाट सहुलियतपूर्ण ब्याज दरमा प्राप्त हुन आउने नेपाली रूपैयाँ ऋण प्रवर्द्धकमार्फत आयोजनाको निर्माण कार्यमा प्रयोग गर्ने तथा प्रस्ताव गरिएको MRG रकम रू.१५.५ अर्व (US$ १५५ million) हुने प्रस्तुत विकल्पअनुसार नेपाल सरकारबाट आयोजना सम्झौता गर्न स्वीकृति प्राप्त भएपछि आवश्यक प्रक्रिया अगाडि बढाउने सहमति कायम भएको हो। मिति २०७२।४।१० मा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गत गठित प्राविधिक समितिबाट प्रवर्द्धक कम्पनीबाट पेस भएका प्राविधिक तथा आर्थिक कागजातहरू बुट ऐनको दफा १३ अनुसार राष्ट्रिय योजना आयोगमा राय सुझावका लागि पठाउने निर्णय भएको थियो।

छलफलको क्रममा प्रवर्द्धक कम्पनीलाई MRG घटाउनु पर्ने भनी उठाइएको प्रस्तावका सम्बन्धमा प्रवर्द्धक कम्पनीले प्राविधिक, आर्थिक, वित्तीय र राजनैतिक जोखिमहरूको आङ्कलन गरी प्रस्तावित वार्षिक MRG लाई रू.१४.९१६ अर्ब कायम गर्न राजी भएको, मिति २०७२।६।१ मा बुट ऐनको दफा १३ बमोजिम भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले प्रवर्द्धक कम्पनीसँग अनुमति सम्झौता (Concession Agreement) गर्न स्वीकृतिको लागि नेपाल सरकारमा पेस हुँदा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय काठमाडौं-तराई / मधेश फास्ट ट्र्याक सडक आयोजना र प्रवर्द्धक कम्पनीबीच भएको विभिन्न समझदारी तथा सम्झौताहरूको समग्र विश्लेषण तथा पुनरावलोकन (Review) गरी सडक निर्माण कार्यको लागि पाँच दिनभित्र सुझाव दिन राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा पुनरावलोकन समिति गठन भई सुझाव प्राप्त भएपछि ती सुझाव कार्यान्वयन गर्न प्रवर्द्धक कम्पनी र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयकाबीच बार्ता भएको र नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुने गरी विभिन्न सहमति कायम

भएको थियो । २०७२।६।१४ मा अनुमति सम्झौता (Concession Agreement) गर्न स्वीकृतिका लागि नेपाल सरकार मन्त्रिपरिषद्मा पेस भएको हो। मिति २०७२।६।२० मा रिट निवेदन परेपछि सम्मानित अदालतबाट जारी भएको अन्तरिम आदेशबमोजिम सम्पूर्ण कार्य यथास्थितिमा रहन गई प्रवर्द्धक कम्पनी र नेपाल सरकारबीच हाल Concession Agreement भई नसकेको र बुट ऐनको दफा १३ अनुसार केवल नेपाल सरकार (मन्त्रिपरिषद्) को स्वीकृतिका निम्ति सो सम्झौताको मस्यौदा मात्र पेस गरिएको हो । तर निवेदन जिकिरबमोजिम प्रवर्द्धक कम्पनीसँग अन्तिम सम्झौता हुन लागेको होइन। मन्त्रिपरिषद्बाट स्वीकृति प्रदान गरेपछि पनि प्रवर्द्धक कम्पनीले सो अन्तिम सम्झौता गर्न नेपालमा छुट्टै कम्पनी दर्ता गर्नुपर्ने र सोसमेत बाँकी रहेको हुँदा तत्काल आयोजनाको काम सुरू हुने अवस्था पनि छैन।

प्रवर्द्धक कम्पनीले वार्षिक औसत रू.३० अर्व MRG कबोल गरी छनौट भएको, सो MRG अन्तर्राष्ट्रिय बजारमै सर्वसुलभ रहेको, छनौट प्रक्रिया पूर्णतः प्रतिस्पर्धात्मक एवं विधिपूर्वक गरिएको, प्रवर्द्धक कम्पनी र नेपाल सरकारका बीच विरोधाभाषी, असंवैधानिक वा गैरकानूनी सहमतिको निर्णय नभएको, प्रवर्द्धक कम्पनीको छनौट प्रक्रियामा रू. १५ अर्व Equity support बाहेक आयोजना खर्च प्रवर्द्धक आफैँले जुटाउने कुरा स्पष्ट रहेको, नेपाल सरकार र प्रवर्द्धक कम्पनीबीच भएका विभिन्न बार्तामा MRG रकम अझै कम गर्न उपायका विषयमा छलफल हुँदा सोही समय भारतीय सरकारको तर्फबाट नेपालको विकासका निम्ति सहुलियत दरमा ऋण प्रदान गर्ने कुरो चलाइए पश्चात मात्र US$ ७५० million बराबरको ऋणको कुरा उठेको हो। EXIM Bank of India बाट उपलब्ध हुन सक्ने भनिएको सो ३ प्रतिशत ब्याजदरको लगभग रू ७५ अर्व US$ ७५० million को ऋण EOI चरणमा उल्लेख नभए पनि बार्ताको बेला प्रवर्द्धकबाट अन्तर्राष्ट्रिय बजारबाट व्यवस्थित गर्न लागेको ऋणमा चर्को ब्याजदर करिब १५-१६ प्रतिशत भएकाले किस्ताबन्दीरूपमा ऋणको ब्याज सावाँभन्दा बढी तिर्नुपर्ने भए सोहीअनुरूप MGR रकम प्रतिस्पर्धाको बेला प्रवर्द्धकबाट धेरै कबोल र प्रस्ताव गरेकाले सो रकम घटाउन एउटा विकल्पको रूपमा लिइएको हो ।

नेपाल सरकारबाट गठित पाँच सदस्यीय पुनरावलोकन समितिले तयार गरेको प्रतिवेदनमा उल्लेख भएको निर्माण लागत अमेरिकी डलर १११९ मिलियन (१३ प्रतिशत VAT सहित) खर्च जुटाउन इक्वीटी सपोर्टको रूपमा अमेरिकी डलर १५० मिलियन बराबरको रकम नेपाली रूपैयाँ नेपाल सरकाले लगानी गर्ने तथा EXIM Bank of India बाट प्राप्त हुने अमेरिकी डलर ७५० मिलियन बराबरको नेपाली रूपैयाँमा सहुलियतपूर्ण ब्याजदरमा ऋण उपलब्ध गराउने हो भने सञ्चालन अवधिको सुरूको ६ वर्षमा प्रक्षेपण गरिएको PCU ट्राफिक अनुसार उठ्ने टोल राजस्व MRG रकम (अमेरिकी डलर १५० मिलियन बराबरको नेपाली रूपैयाँ) भन्दा कम उठ्ने भएकाले प्रवर्द्धकको लागत खर्च टोल राजस्वमार्फत उठाउन दिइने नपुग रकम अमेरिकी डलर २३६ मिलियन बराबरको नेपाली रूपैयाँ हो।

निर्माण अवधिमा प्रवर्द्धकले सुरूमा नै आफ्नै स्रोतबाट इक्विटी रू.२० अर्ब र ऋण रू.१७.५ अर्ब खर्च गरेपछि मात्र अन्य ऋण इक्विटी सपोर्टहरू लगानीको रूपमा परिचालन हुने व्यवस्था अनुमति सम्झौतामा गरिएको छ । MRG बाट सरकारलाई भ्याट, आयकर, Line of credit बापत व्यवस्थित गरिने सहुलियतपूर्ण ऋणको किस्ताबन्दी सावाँ ब्याज भुक्तानी, इक्विटी सपोर्टको लाभांश भुक्तानी आदि सरकारलाई प्रवर्द्धकबाट बार्षिकरूपमा तिरो तिर्ने बेला आंशिकरूपमा फिर्ता आउने हुन्छ । तसर्थ सरकारबाट सञ्चालन अवधिमा तिर्नुपर्ने MRG रकम भनेको प्रवर्द्धकले आफ्नो लगानी जुटाई निर्मित

संरचना / मर्मत / सञ्चालन सेवा दिएकोमा सोसहित किस्ताबन्दीरूपमा सरकारले खरिद गर्ने भन्ने हो । सञ्चालन अवधिभित्र MRG भन्दा टोल राजस्व रकम प्रतिवर्ष बढी उठेमा सरकारले आफ्नोतर्फबाट हुने खर्च बेहोर्नु पर्दैन भने कम उठेमा फरक रकम प्रवर्द्धकलाई भुक्तानी गर्नुपर्ने हुन्छ।

प्रवर्द्धक कम्पनीले आफूले माग गरेको MRG बराबर रू. १५ अर्ब प्रतिवर्ष प्राप्त गर्न सडक प्रयोगकर्ताबाट प्रति मोटरसाइकल रू.८००।- प्रतिकार रू.१६००।-, प्रतिबस रू.३१००।- र प्रतिट्रक रू.४६००।- को टोल दस्तुर उठाउने प्रस्ताव गरेको र यसको लागि मनासिब सवारी संख्या २७२०० PCU आवश्यक हुने गरी र सो संख्या नपुगेमा नेपाल सरकारबाट तोकिएको MRG रकम पुर्‍याउन आवश्यक पर्ने फरक रकम उपलब्ध गराउने गरी हुन लागेको सम्झौतामा Benchmark PCU No. २७२०० हासिल हुने कुरामा निवेदकहरूको शंका रहेको छ। Benchmark PCU No. २७२०० को अर्थ यस मार्गमा मासिक २७२०० गाडी आवतजावत गर्ने भनेको नभई आर्थिक हिसाब प्रयोजनका लागि मात्र गरिएको हो। ट्रक र बसको PCU Factor ३ भएको, चार पाङ्ग्रे गाडीको PCU Factor १ भएको हुनाले जम्मा औषत १२००० गाडी मासिकरूपमा सो मार्गमा आवतजावत गर्नुपर्ने जसमा ६००० गाडीमात्र आउने र ६००० जाने भए पुग्छ। यो अङ्क पनि निर्माण कार्य पूरा भइसकेपछि अर्थात् ५ वर्ष पछि लागू हुने भएकाले यो अङ्कलाई प्राप्त गर्न सकिने हुन्छ । PCU को अध्ययन ADB तथा नेपाल सरकारले मात्र गरेकामा प्रवर्द्धकले गरेको अध्ययनको PCU को अङ्क ADB र नेपाल सरकारको प्रक्षेपणभन्दा कम छ।

आयोजनाको कूल लागत रू.१२९.६ अर्बमा रू.१५ अर्ब बाहेक अन्य सबै ११४.६ अर्ब लगानीकर्ताबाट इक्विटी, ऋणको रूपमा लगानी गर्ने हो । त्यसबाहेक प्रवर्द्धकले सञ्चालन अवधिमा आवश्यक सञ्चालन, मर्मत, बिमा कर भुक्तानी, ऋणको सावाँ ब्याज भुक्तानी, इक्विटीको डिबिडेण्ट भुक्तानी, इक्विटी रकम फिर्ता आदिकोसमेत जोह गरी लगानी गर्ने हो । यसको लागि प्रवर्द्धकबाट न्यूनतम राजस्व प्रत्याभूति MRG रकम माग र कबोल गर्ने मौजुदा खरिद प्रक्रियामा व्यवस्था गरिएको हो । नेपाल सरकार मन्त्रिपरिषद्को निर्देशनबमोजिम गठन गरिएको पुनरावलोकन समितिले दिएका सुझावहरूलाई मन्त्रालय तथा प्रवर्द्धक दुवैले अनुमति सम्झौताको बार्ताको क्रममा छलफल गरी व्यावसायिक सम्भाव्यता तथा RFP का प्रावधानमा आधारित भई सक्दो किसिमले अनुमोदन गरेका हुन्। पुनरावलोकन समितिले दिएका सुझाव मन्त्रालय वा प्रवर्द्धकले अनिवार्यरूपमा समायोजना गर्नुपर्ने बाध्यकारी निर्देशन मन्त्रिपरिषद्ले नदिएको हुँदा सम्झौताको प्रावधानहरू उचित भए नभएको निर्णय गर्ने अधिकार केवल नेपाल सरकारमा रहेको हुँदा पुनरावलोकन समितिले दिएको सुझाव पूर्णरूपले कार्यान्वयन हुन नसकेको कारण देखाई सम्पूर्ण प्रक्रियालाई गैरकानूनी भन्न मिल्दैन । प्रवर्द्धकले लगानी गरेर व्यावसायिक जोखिम मोलेर परियोजना कार्यान्वयन गर्नलाई आफ्नो फाइदा पनि सुनिश्चित गर्नुपर्ने हुन्छ । राष्ट्रको हित सुनिश्चित गर्ने जिम्मेवारी सरकारको हुँदा बार्ताको माध्यमद्वारा नेपाल सरकार र प्रवर्द्धकले आफ्ना आफ्ना स्वार्थबीच सन्तुलन ल्याउन प्रयास गरेका हुन्। यो व्यावसायिक करार गर्ने प्रक्रिया हुँदा यस्तो अभ्यासलाई अन्यथा भन्न मिल्दैन।

अतः प्रवर्द्धक कम्पनी स्वच्छ प्रतिष्पर्धात्मक बोलपत्र प्रक्रियाबाट छनौट भई आएको र प्रवर्द्धकले कबोल गरेको MRG सबै प्रस्तावकमध्ये सबभन्दा कम भएको, प्रवर्द्धकले कबोल गरेको MRG पनि EXIM Bank of India द्वारा प्रदान गरिने सहुलियतपूर्ण ऋणको कारणले घटेको, प्रवर्द्धकले प्राप्त गर्ने MRG को अधिकतम अंश लगभग ८० प्रतिशत नेपालमै

ऋणको भुक्तानी तथा कर र मर्मत सम्भार इत्यादिमा खर्च हुने, नेपाल सरकारले आफैँले ठेक्कामा दिएर यस परियोजना सम्पन्न गर्न चाहेमा पनि उपरोक्त कूल आयोजना लागतभन्दा कम रकममा कार्य सम्पन्न नहुने, सरकारले सवारी साधानबाट उठाउने टोल राजस्व अत्यधिक नभएको, द्रुतमार्गको निर्माणले निजगढ विमानस्थल, नेपाल भारतबीचको व्यापार तथा नेपालको आन्तरिक यातायात तथा अर्थ व्यवस्थामा ठूलो टेवा दिने हुँदा द्रुतमार्गको परियोजना यस प्रवर्द्धकद्वारा गराउने कार्य र यससँग सम्बन्धित MRG, सवारी साधनबाट उठाइने टोल राजस्व इत्यादिका कुनै प्रावधान वा प्रक्रिया असंवैधानिक एवं गैरकानूनी नभएकाले रिट खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको सूर्यविर इन्फ्रास्टक्चर कन्स्ट्रक्सन प्रा.लि. का अख्तियारप्राप्त प्रतिनिधि प्रमोद शमशेर राणाको लिखित जवाफ।

<u>विद्वान् कानून व्यवसायीहरूको बहस खण्डः-</u>

नियमबमोजिम पेसी सूचिमा चढी यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिटमा निवेदक एवं विपक्षीतर्फका देहायबमोजिमका विद्वान् कानून व्यवसायीहरूले देहायबमोजिमको बहस गर्नुभयोः-

<u>निवेदकतर्फका विद्वान् वरिष्ठ अधिवक्ता श्री बद्रीप्रसाद शर्मा र विद्वान् अधिवक्ता श्री रमन श्रेष्ठले गर्नुभएको बहसको व्यहोराः-</u>

राष्ट्रिय गौरवको विवादित निजगढ काठमाडौं फास्ट ट्र्याक आयोजनाको EOI प्रकाशित गर्दा अनधिकृत निकायले प्रकाशित गरेको छ। पूर्वाधार निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ को दफा ४ अनुसार २ करोडभन्दा बढी लगानी गर्दा नेपाल सरकारले मनसाय पत्र जारी गर्नुपर्ने व्यवस्था रहेको र सो मनसाय पत्र Project manager ले प्रकाशित गर्न मिल्दैन। बुट ऐनको दफा ३ अनुसार निजी लगानीमा सरकारले लगानी गर्नुपर्ने भए दफा २४ को प्रतिवन्धात्मक वाक्यांशमा २५ प्रतिशतभन्दा बढी लगानी गर्न नहुने भन्ने व्यवस्था रहेको छ। *ने.का.प.* २०५९ अङ्क ५ निर्णय नं. ८८२३ पृष्ठ ७१४, *ने.का.प.* २०६८ अङ्क ७ निर्णय नं. ८६४४ पृष्ठ १११८, *ने.का.प.* २०७० अङ्क ७ निर्णय नं. ९०२० पृष्ठ ७६५ मा नेपाल सरकारको व्याख्या भएको छ। सार्थक सरोकारको सम्बन्धमा *ने.का.प.* २०६७ अङ्क १ निर्णय नं. ८२९९ पृष्ठ १०१ मा र *ने.का.प.* २०६१ अङ्क ५ निर्णय नं. ७३७६ पष्ठ ५१४ मा भएको व्याख्याअनुसार मन्त्रालयको प्रोजेक्ट मेनेजरलाई नेपाल सरकार भन्न नमिल्नेसमेतका आधारमा राष्ट्रिय गौरवका यस्ता आयोजनाहरू सञ्चालन गर्दा नेपाल सरकारलाई र राष्ट्रलाई हानि नहुने किसिमले सञ्चालन गर्नुपर्ने हुँदा सरकारलाई ठूलो घाटा पुग्ने अवस्था छ। निर्माण कार्यका लागि भएको सूचना प्रकाशनलगायतका सुरूदेखिका सबै प्रक्रियाहरू नै त्रुटिपूर्ण रहेको हुँदा गैरकानूनी प्रक्रियालाई रोक्न तथा निरूत्साहित गर्नसमेत रिट जारी हुनुपर्छ।

<u>निवेदकतर्फका विद्वान् अधिवक्ताद्वय श्री टीकाराम भट्टराई र श्री भाइराजा राईले गर्नुभएको बहसको व्यहोराः-</u>

लगानी बोर्ड ऐन, २०६८ को दफा ९(१) (ट) मा १० अरबभन्दा बढी पूँजी लगानी हुने आयोजना केवल लगानी बोर्डबाट मात्रै हुने व्यवस्था रहेको छ। यसरी लगानी बोर्डबाट मात्रै गर्नुपर्ने बाध्यात्मक व्यवस्थालाई मिचेर भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट चालिएको फास्ट ट्र्याक निर्माणको सम्पूर्ण प्रक्रिया नै गैरकानूनी रहेको छ। IL&FS कम्पनी आफैँमा निर्माण कम्पनी नभई एउटा फाइनान्स कम्पनी हो। फाइनान्स कम्पनीलाई निर्माण कार्य गर्न दिने प्रक्रियाको प्रारम्भ नै गतल छ। २०७०।९।२८ मा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले फास्ट ट्र्याक सम्बन्धमा भनेर

पत्र लेखेकोबाट पनि यो PPP model मा राष्ट्रको फाइदाको लागि नभई निजी फाइदामा बढी ध्यान दिएको छ । द्रुत मार्ग (Fast Track) निर्माणका लागि मिति २०७१।५।२५ (१० अगष्ट २०१४) मा प्रकाशित Invitation for Expression of Interest (EOI) मा Survey, design, engineering, financing, procurement, construction, operation, maintenance and transfer (बुट ऐनअन्तर्गत) २५ वर्ष पछि नेपाल सरकारलाई हस्तान्तरण गर्ने भन्ने उल्लेख गरिएको छ । IL and FS/Suryavir Consortium कम्पनी नेपाल सरकारको छनौटमा परी नेपाल सरकार र उक्त कम्पनीबीचमा विभिन्न किसिमका Minute of negotiation र Concession Agreement भइसकेपछि सरकारले हाल आएर EOI notice भन्दा बाहिर गई उक्त कम्पनीसँग सम्झौता गर्न लागेकोले सो रोकी पाउन प्रस्तुत रिट निवेदन परेको हो। सडक निर्माणको कुल लागत १११९ मिलियन अमेरिकी डलरमध्ये १५० मिलियन डलर नेपाल सरकारले अनुदानको रूपमा Share support दिने, ७५० मिलियन डलर ऋण स्वरूप कम्पनीलाई सरकारले उपलब्ध गराउने र न्यूनतम २३६ मिलियन डलर MRG को रूपमा सरकारले कम्पनीलाई दिने गरी जम्मा ११३६ मिलियन अमेरिकी डलर उक्त कम्पनीलाई दिने देखिएको छ। उक्त सूचनामा Design, engineering, financing लगायतका सबै काम निर्माण कम्पनी आफैँले गर्ने र लगानी जुटाउने काम पनि उक्त कम्पनीकै हुने भन्ने रहेकोमा उक्त सूचनालाई नजरअन्दाज गरी सरकारले सम्झौता गर्न लागेको छ । विश्व बैंकको (CASTALA २००८ नोभेम्बरको) प्रतिवेदनअनुसार यस्ता ठूला राष्ट्रिय गौरवका Project को लागि कम्तिमा ६ महिनाको समयावधि चाहिने हुन्छ । Fast track को डिसेम्बर २०१२ Schedule of Bidding Process को दफा ४ मा ४ months after the issue of RFP (request for proposal) भन्ने उल्लेख भएको र नेपाल सरकारको Fast Track सम्बन्धी प्रतिवेदनको दफा ५ मा Bid due date ६ months after the RFP भन्ने व्यवस्था हुँदाहुँदै पनि EOI सूचना प्रकाशित गर्दा जम्मा १ महिनाको मात्र समयावधि तोकी त्यो पनि दशैंको बिदाको समयमा प्रकाशित गरेको कानूनसम्मत छैन । त्यस्तै भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको २०६९।३।२४ को काठमाडौं तराई द्रुत मार्गको EOI स्वीकृति टिप्पणी र आदेशको १२ नं. बुँदाको देहाय ७ मा मनसाय पत्र (EOI) बुझाउने समय १२५ दिन तोकेको थियो । विश्व बैंकको प्रतिवेदन र नेपाल सरकारको उल्लिखित आदेशविपरीत EOI notice को समयावधि १ महिनाको राखिएको छ ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष गोविन्दराज पोख्रेलको अध्यक्षतामा गठित उच्चस्तरीय पुनरावलोकन समितिले अध्ययन गरी दिएको प्रतिवेदनको चौथो पृष्ठमा आयोजनाको short analysis मा नेपाल सरकार र कम्पनीबीच Concession Agreement र Minute of Negotiation भएको कुरा उल्लेख गरिएको छ । उक्त प्रतिवेदनको सातौं पृष्ठमा कूल लगानीको उल्लेख गरिएको छ । जसअनुसार उक्त सडकबाट दिनको २७२०० PCU (per car unit) सो बाटोमा गुडेको अवस्थामा मात्र १५० डलर उठ्न सक्छ । २७२०० PCU का लागि २ मोटरसाइकल बराबर एउटा कार हुने, एक ट्रक बराबर ३ कार, एउटा बस बराबर २ कार हुने देखिन्छ । यति गाडी नगुडेमा नेपाल सरकारले कम्पनीलाई उक्त रकम दिनुपर्ने हुन्छ । उक्त बाटोबाट त्यति गाडी गुन सक्ने देखिँदैन । व्यवस्थापिका संसद् अर्थ समितिको केशवप्रसाद बडालको संयोजकत्वमा रहेको ७ सदस्यीय समितिले पेस गरेको ट्राफिक सर्भे प्रतिवेदनअनुसार विभिन्न बाटो भएर (जस्तै नागढुङ्गाबाट, भक्तपुरबाट, फर्पिङबाट, मुड्कु नुवाकोटतर्फबाट) काठमाडौं भित्रिने मोटरसाइकल र

अन्य साधनहरू ७८०८ रहेकामध्ये उक्त द्रुतमार्गबाट ६० प्रतिशत मान्दा ४६८५ हुन आउँछ । PCU को मापदण्ड पुर्‍याउनका लागि ४५ हजार १७ वटा सवारी साधन गुड्नु पर्ने हुन्छ । उक्त मापदण्डको बेन्चमार्क नपुग्ने हुँदा वार्षिक १५० अमेरिकी डलर Bidder भारतीय कम्पनीलाई नेपाल सरकारले बुझाउनु पर्ने हुन्छ । सो बाटोबाट गुड्ने सवारी साधनमा कम्पनीले प्रति मोटरसाइकल रू.८००।-, प्रतिकार रू.१६००।- प्रति बस रू.३१००।- र प्रति ट्रक ४६००।- रूपैयाँ तिरेपछि मात्र उक्त बाटो प्रयोग गर्न सक्ने देखिँदा नेपाली नागरिकले सो बाटो प्रयोग गर्न सक्ने देखिँदैन । निर्माण कम्पनीको कुनै लगानी नपरी नेपाल सरकारको लगानीमा बन्न लागेको यो बाटोबाट निर्माण कम्पनीले मनोमानी रूपमा Tax संकलन गर्न पाउने हुँदा नेपाल सरकार र निर्माण कम्पनीबीच हुन लागेको सम्झौता राष्ट्र हितविपरीत रहेको हुँदा निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो ।

निवेदकका तर्फबाट विद्वान् अधिवक्ता श्री एकराज भण्डारीले गर्नुभएको बहसको व्यहोराः-

राष्ट्रिय गौरवको आयोगजना भई महङ्गोमा सम्झौता हुन लागेकाले निवेदकको सार्थक सरोकार रहेको छ । यो योजना १ खरब १२ अरबको लागत भएको सरकारको बोझिलो योजना हो । प्रधानमन्त्रीको लिखित जवाफमा पुनरावलोकन समितिले भनेअनुसार गर्ने भन्ने रहेको छ । अर्थ समितिले यो योजना सरकारले सञ्चालन गर्नु भनी मिति २०७२।१२।७ मा सरकारलाई निर्देशन दिएअनुसार सरकारले गर्ने भनी बजेटसमेत छुट्याइएको छ । अर्थ समितिले पेस गरेको विज्ञसहितको प्रतिवेदनमा लागत महङ्गो छ भन्ने खुलाएको छ । यस्ता राष्ट्रिय गौरवका परियोजना सञ्चालनमा सरकारले विशेष ध्यान दिनुपर्ने भनी संविधानको धारा १३३ अनुसार सरकारको ध्यानाकर्षण गरिनु पर्छ । सडकको ट्र्याक खोल्दा जग्गाको मुआब्जा सरकाले जग्गावालालाई दिएको छ र सेनाले ट्र्याक खोलेको छ भन्ने बहस प्रस्तुत गर्नुभयो ।

निवेदकतर्फका विद्वान् अधिवक्ता श्री बाबुराम दाहालले गर्नुभएको बहसको व्यहोराः-

विपक्षीहरूले राष्ट्र र नागरिकको फाइदा र भलाई भन्दा प्रवर्द्धक कम्पनी खास गरी निजी फाइदामा केन्द्रित भई राष्ट्रिय गौरवको आयोजनामा राष्ट्रको ठूलो धनराशी निजी व्यक्ति वा कम्पनीका हातमा हाल्ने किसिमबाट फास्ट ट्र्याक निर्माणको अन्तिम सम्झौता हुन लागेको हुँदा त्यस्तो सम्झौता हुनबाट रोक्नका लागि रिट जारी हुनुपर्ने भन्ने बहस प्रस्तुत गर्नुभयो ।

निवेदकतर्फबाट विद्वान् अधिवक्ता डा. राजेश अहिराजले गर्नुभएको बहसको व्यहोराः-

कानून मन्त्रालयले फास्ट ट्र्याकका सम्बन्धमा भएका १६ गल्ती भनी खुलाएको छ । नेपाल सरकारका तत्कालीन मुख्य सचिवको अफिसियल पत्रमा आयोजनाको लगानी सरकारले गर्ने र निर्माणकर्ताको नाममा सञ्चालन कम्पनीले पाउने र सोको घाटाको भागिदार सरकारले बेहोर्नु पर्ने, न्यूनतम राजस्व ग्यारेण्टी सरकारले लिने, कम्पनीले कुनै जोखिम बहन गर्न नपर्ने भई फास्ट ट्र्याक निर्माणको यो प्रक्रिया लुट प्रणालीमा आधारित रहेको उजागर गरेको छ भन्ने बहस प्रस्तुत गर्नुभयो ।

विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री सञ्जिव रेग्मीले गर्नुभएको बहसको व्यहोराः-

विवादित सडक निर्माण सम्झौताका सम्बन्धमा प्राविधिक समितिले पुनरावलोकन गरेर सहमति गर्ने नगर्ने भन्नेमा निर्णय गर्ने भनी केशव बडालको संयोजकत्वमा समिति गठन भएको हो । मिति २०७२।५।३० मा सम्झौता गर्ने भनी भौतिक पूर्वाधार

तथा यातायात मन्त्रालयले प्रस्ताव मन्त्रिपरिषद्मा पेस गरेकोमा मन्त्रिपरिषद्बाट पुनरावलोकन समितिको प्रतिवेदन पछि गर्ने भनी राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा पुनरावलोकन समिति गठन गरी सोको प्रतिवेदन पश्चातमात्र निर्णय गर्ने भनी समितिलाई जिम्मा दियो । समितिले प्रतिवेदन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा पेस गरेकोमा सो प्रतिवेदन मन्त्रिपरिषद्मा निर्णयको लागि पेस भएको छैन । सोही अवस्थामा रिट दायर भएको छ । रिट निवेदकको सरोकार प्रवर्द्धक कम्पनीको लगानी नरहेको, गाडीको बेञ्चमार्कसमेत नपुग्ने हुँदा सोअनुसार गरिनु हुँदैन भन्ने रहेको छ । पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ को दफा २(ख), ३ र २४ को बर्खिलाप हुन गइरहेको सम्झौता रोकी पाउँ भनी बीचमा भएका Agreement खारेजका लागि रिट निवेदन परेको हो । कम्पनी र नेपाल सरकारबीच कुनै सम्झौता भइसकेको छैन । २०७३।७४ को नेपाल सरकारको नीति तथा कार्यक्रमको बुँदा नं. ५९ मा Fast Track नेपाल सरकारको लगानीमा सुरू गर्ने भनियो । आर्थिक वर्ष २०७३।७४ को विचाराधीन बजेटको बुँदा नं. ५५ मा १० अरब रकम बजेट उक्त परियोजनाका लागि छुट्याइएको छ । निवेदकहरूले दाबी गरेको सम्झौताको सम्बन्धमा निर्णय भई नसकेको अवस्था र हाल उक्त सडक मार्ग नेपाल सरकार आफैँले बनाउने भनी मन्त्रिपरिषद्मा समेत पेस भइसकेको हुँदा नीतिगत विषयमा रिटको मेरिटभित्र प्रवेश गरी रिट जारी हुन सक्दैन भन्ने बहस प्रस्तुत गर्नुभयो ।

<u>विपक्षी प्रवर्द्धक कम्पनी IL&FS / Suryavir Consortium को तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री पूर्णमान शाक्यले गर्नुभएको बहसको व्यहोराः-</u>

निवेदकहरूले दाबी गरेको सडक मार्गको सम्झौताको Cost benefit analysis गर्ने expertise न्यायालय नहुँदा यो विषय अदालतले हेर्न मिल्दैन । द्रुत मार्ग सडक निर्माणमा सरकार आफैँले सम्झौता गर्ने निर्णय गरिसकेको अवस्था छैन । पहिलाको सरकारले ठेक्कपट्टा दिने निर्णयमा पुग्न लागेको हो तर हाल बजेट भाषणबाट नेपाल सरकारले पहिलाको decision लाई पुनरावलोकन गर्ने अवस्थामा पुगेको छ । अदालतले कानूनी वैधताका विषयहरूमात्र हेर्ने हो, राष्ट्रको समग्र हितविपरीत छ छैन भनेर निर्णय गर्ने उपयुक्त निकाय सरकार नै हो । सरकारले संविधान र कानूनको परिधिभित्र रहेर गर्नुपर्ने हो र सोअनुसार नगरेमात्र न्यायालयले हेर्ने हो । सरकारले राष्ट्रलाई घाटा वा फाइदा हुने गरी काम गरेको हो होइन भनी न्यायालयबाट हेर्न मिल्दैन । रिट आफैँमा Pre-matured रहेको छ । कानूनी प्रश्न भनेको BOOT सम्बन्धी ऐनको दफा उल्लङ्घन भएको हो होइन भनी हेर्न फाइल झिकाएर हेर्नुपर्ने हुन्छ । तसर्थ औचित्यहिन प्रस्तुत रिट निवेदन खारेज हुनुपर्छ भन्ने बहस प्रस्तुत गर्नुभयो ।

<u>विपक्षी प्रवर्द्धक कम्पनी IL&FS / Suryavir Consortium को तर्फबाट विद्वान् अधिवक्ता श्री जयराम भण्डारीले गर्नुभएको बहसको संक्षिप्त व्यहोराः-</u>

काठमाडौं नीजगढ द्रुतमार्ग सडक निर्माणका सम्बन्धमा सबै सहमतिहरू भए पनि अन्तिम सम्झौता भएको छैन । आ.व. २०७१।७२ को बजेट भाषणको बुँदा नं. ११० बाट Fast track निर्माणको विषयलाई उठाई परियोजनाको मोडल र परिकल्पनासमेत गरेको हो । BOOT प्रणालीलाई सरकारले नीतिमा ल्याएको विषय हो । EOI पनि पेस हुन सकेको छैन । Total tax नेपाल सरकारले तोक्ने हो जुन बीचैमा हटाउने कार्य पनि नेपाल सरकारले गराउन सक्छ । ५ वर्षभित्र बनाउन नसकेको अवस्थामा १ दिनको १ करोड जरिवाना सरकारलाई Bidder company ले

बुझाउनु पर्ने भन्ने Concession Agreement मा खुलाइएको छ । कम्पनीको तर्फबाट DPR बनाएर सरकारलाई बुझाएको छ । रिट निवेदकले कम्पनीको विश्वसनीयतामा प्रश्न उठाउन सकेको अवस्था पनि छैन तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुनुपर्छ भनी गर्नुभएको बहस सुनियो ।

विपक्षी प्रवर्द्धक कम्पनी IL&FS / Suryavir Consortium को तर्फबाट विद्वान् अधिवक्ता श्री सुनिल पोखरेल र अरूण ज्ञवालीले गर्नुभएको बहसको व्यहोराः-

मिति २०७२।६।२१ मा अन्तरिम आदेश जारी हुँदा निवेदकले उठाएका ४ वटा बुँदाहरूमा १० सेप्टेम्बर २०१४ मा EOI प्रकाशित दशैंको बिदामा गरिएको हुँदा स्वस्थ प्रतिस्पर्धा भएन, परियोजनाको सम्पूर्ण लगानी सरकारले गर्ने रहेको, ५ वर्षमा बनाइनु पर्ने, २५ वर्ष सञ्चालन गर्न पाउने भई १५० अर्ब उठाउने र २७२०० गाडी दैनिक चल्नु पर्ने, MRG नपुग रकम सरकारले सञ्चालकलाई तिर्नुपर्ने भनाई रहेको छ । उक्त सडक निर्माणका लागि १० सेप्टेम्बर २०१४ मा तेस्रोपटक सूचना प्रकाशित भएपछि ३ वटा कम्पनीले इच्छापत्र पेस गरेकामा सोमध्ये इण्डियन कम्पनीलाई सफल कम्पनीको रूपमा नेपाल सरकारले छनौट गरेको अवस्था छ । त्यसैले अन्तरिम आदेशमा उठाइएका विषयलाई सम्बोधन गर्न कागजातहरू झिकाइनु पर्छ । सम्मानीत सर्वोच्च अदालतबाट *ने.का.प.* २०५८ अङ्क ५/६ निर्णय नं. ७००४ भरतमणि गौतम वि. कृष्णजङ्ग रायमाझीको मुद्दा, *ने.का.प.* २०५९ अङ्क ९/१० निर्णय नं. ७१३२ पृष्ठ ६०४ अधिवक्ता सीताराम अग्रवाल विरूद्ध नेपाल सरकारको मुद्दामा प्रतिपादित सिद्धान्तसमेतको आधारमा प्रस्तुत रिट खारेजभागी हुँदा खारेज हुनुपर्ने भन्ने बहस प्रस्तुत गर्नुभयो ।

अदालतको आदेशः-

प्रस्तुत रिट निवेदनमा निवेदक र विपक्षीतर्फबाट उपस्थित विद्वान् कानून व्यवसायी एवं विद्वान् सहन्यायाधिवक्ताको उल्लिखित बहस सुनी मिसिल संलग्न सम्पूर्ण कागजातहरूको अध्ययन गरीयो । प्रस्तुत रिटमा निवेदकहरूको मुख्य निवेदन दाबी र विपक्षीहरूको मुख्य प्रतिवाद जिकिर यसप्रकार रहेको छः-

रिट निवेदनमा लिइएको मुख्य निवेदन दाबीः-

नेपाल सरकारले राष्ट्रिय गौरवको रूपमा नामकरण गरेको र निर्माणका लागि उच्च प्राथमिकतामा राखिएको नीजगढ-काठमाडौं फास्ट ट्र्याक सडक र नीजगढदेखि पथलैयासम्मको सडकको स्तर वृद्धिका लागि निजी साझेदारी लगानीमा निर्माण गर्न १० सेप्टेम्बर २०१४ मा प्रथम पटक ३० दिने मनसायपत्र आह्वान गरी (EOI) सूचना प्रकाशित गरेको थियो । सो सूचनाअनुसार निजी लगानीसम्बन्धी ऐन, २०६३ बमोजिम भारतीय कम्पनी IL&FS / Suryavir Consortium लाई निर्माण अनुमति प्रक्रिया अगाडि बढाइएको छ । उक्त EOI सूचनामा बुट प्रणालीमा द्रुत मार्ग (Fast Track Road) को निर्माण हुने, जसको लम्बाई ७६ किमी हुने, चार लेनको सडक हुनुपर्ने, टनेल र पुलहरू बनाउनु पर्ने, लाग्ने प्रक्षेपित लगानीसमेत प्रवर्द्धक कम्पनी आफैँले लगानी गर्नुपर्ने सर्त राखिएको थियो । EOI मा प्रकाशित सर्त नै मुख्य कानून हुँदा सो व्यवस्था उल्लङ्घन गर्न मिल्दैन । प्रवर्द्धक कम्पनीले अनुमति पाएपछि विपक्षी नेपाल सरकार र उक्त कम्पनीबीच विभिन्न चरणमा गैरकानूनी सहमति र निर्णयहरू भइसकेका छन् । जसमा नेपाली जनताहरूबाट Toll Tax को रूपमा चर्को कर प्रवर्द्धकलाई उठाउन दिने, न्यूनतम संख्याको सवारी साधन नचलेर लक्षित MRG नपुग भए राज्यको ढुकुटीबाट सो रकम प्रवर्द्धक

कम्पनीलाई दिनुपर्ने गरी विपक्षीहरू एक आपसमा मिली Concession Agreement र Minutes of Negotiations गरी पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ को दफा २४, नेपालको संविधानको धारा २५, ५१(३), (१०) ड(२) तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ को दफा २ख(३) को प्रतिकूल हुने गरी निर्णय गरिसकेका हुँदा सो Concession Agreement र Minutes of Negotiations र Fast Track Road सम्बन्धी अन्य कुनै सहमति निर्णयसमेत भएको भए सो निर्णय र सहमतिहरूसमेत उत्प्रेषणको आदेशले बदर गरिपाऊँ। साथै EOI मा उल्लिखित सर्तभन्दा बाहिर गई सम्पूर्ण लगानी विपक्षी नेपाल सरकारको हुने गरी हुन गइरहेको सो सम्झौता असंवैधानिक र गैरकानूनी भई राष्ट्र हितविपरीत भएकाले उक्त सम्झौता नगर्नु नगराउनु भनी प्रतिषेधको आदेश जारी गरी पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ मा भएको कानूनी व्यवस्थालाई उल्लङ्घन नगरी निजी साझेदारीको मर्म र भावनालाई आत्सात गरी पुनः Invitation for Expression of Interest प्रकाशित गरी छनौटमा परेको कम्पनीसँग सम्झौता गर्नु। अब उप्रान्त यस्ता राष्ट्रिय महत्त्वका आयोजनाहरू BOOT Basis Project मा निर्माण गर्दा उच्च सतर्कता अपनाउनु भनी विपक्षीहरूका नाममा परमादेशलगायत उपयुक्त आज्ञा आदेश जारी गरिपाउँ भनी रिट निवेदनपत्रमा मुख्य दाबी लिएको पाइन्छ।

<u>विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको लिखित जवाफको मुख्य अंशः-</u>

आ.व. २०७१।०७२ को बजेट वक्तव्यमा आगामी छ महिनाभित्र विस्तृत परियोजना प्रतिवेदन तयार गरी काठमाडौं-तराई द्रुत मार्गको निर्माण कार्य यसै वर्ष सुरू गरिने, जसका लागि स्वदेशी वा विदेशी लगानीकर्ताले निर्माण तथा सञ्चालनमा लगानी गर्न चाहेमा न्यूनतम सवारी साधन संख्याको सुनिश्चितता लगायतका सहुलियत दिइनेछ भन्ने व्यवस्थाअनुसार मिति २०७१।५।२५ मा मनसायपत्र (EOI) आह्वान भई मनसायपत्र प्रस्तावक / प्रवर्द्धकहरू मध्ये नेपाल तथा भारतका संयुक्त Consortium IL&FS / Suryavir छनौट भई उक्त Consortium सित विस्तृत परियोजना प्रतिवेदन (Detail Project Report) तयार गर्ने प्रारम्भिक समझदारी (Memorandum of Understanding) भई उक्त आयोजनाको DPR तयार भई विभागीय मन्त्रीबाट स्वीकृत भएको हो। उक्त सडक आयोजना निर्माण तथा सञ्चालन विषयको प्रस्ताव मिति २०७२।६।१ को मन्त्रिपरिषद्को बैठकमा पेस हुँदा प्रवर्द्धक कम्पनी र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबीच भएको विभिन्न समझदारी तथा सम्झौताहरूको समग्र विश्लेषण तथा पुनरावलोकन (Review) का लागि राष्ट्रिय योजना आयोगका उपाध्यक्षको अध्यक्षतामा पुनरावलोकन समिति गठन गरी सो समितिले दिएको सुझावअनुसार नै नेपाल सरकारले स्रोत र साधनको समूचित व्यवस्थापन गरी मुलकुको हित र समग्र विकास गर्ने कुरामा सरकार प्रतिवद्ध रहेको छ। उक्त सडक आयोगनाको सम्बन्धमा नेपाल सरकारले हालसम्म कसैसँग द्विपक्षीय सम्झौता गरी नसेको र त्यस्तो आयोजनाको निर्माणसम्बन्धी निर्णय गर्दा प्रचलित कानूनको पूर्ण पालना गरिने हुँदा नेपाल सरकारका नाममा कुनै आदेश जारी हुनुपर्ने अवस्था नहुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ।

<u>राष्ट्रिय योजना आयोगको सचिवालयको लिखित जवाफको मुख्य अंशः-</u>

राष्ट्रिय गौरवको आयोजना काठमाडौं-तराई / मधेश द्रुत मार्गका सम्बन्धमा प्राविधिक समितिबाट तयार भई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय (मन्त्रीस्तर) को निर्णयअनुसार लेखी आएकोमा

उक्त परियोजनासम्बन्धी कागजात प्राविधिक तथा लगानीसम्बन्धी विवरण र Concessional agreement को प्रारम्भिक मस्यौदाउपर परियोजना समन्वय समितिको बैठकले परियोजनाबाट नेपाललाई बढीभन्दा बढी फाइदा र नेपालीहरूलाई बढीभन्दा बढी रोजगारीको प्राथमिकता कसरी दिन सकिन्छ भन्ने सम्बन्धमा सम्बन्धित मन्त्रालयले अध्ययन गरी कारबाही अगाडि बढाउने, Minimum Revenue Guarantee (MRG) का सम्बन्धमा रहेका Components को छुट्टछुट्टै गणना गरी उक्त विषयलाई विस्तृत बनाई विभिन्न माध्यमबाट सर्वसाधारणलाई यथार्थ (आवश्यकता अनुसार) जानकारी गराउने, आयोजना प्रस्तावकले लगानीको १६ प्रतिशत प्रतिफल पाउने गरी MRG प्रस्ताव गरेकोमा उक्त प्रतिफल प्रतिशत बार्ताको चरणमा घटाउन पहल गर्ने, एवं आर्थिक पक्षमा अर्थ मन्त्रालयको र कानूनी पक्षमा कानून, न्याय तथा संसदीय व्यस्था मन्त्रालयको राय परामर्श लिई भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले कारवाही अघि बढाउने भन्ने मिति २०७२।४।२२ गते निर्णय गरेको हुँदा यस आयोग / सचिवालयको हकमा रिट निराधार रहेको छ।

<u>भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय र ऐ.का माननीय उपप्रधानमन्त्रीसमेतको लिखित जवाफको मुख्य अंशः-</u>

आ.व. २०७१।७२ को बजेट वक्तव्यमा द्रुत मार्ग निर्माणको कार्य आगामी ६ महिनाभित्र विस्तृत परियोजना प्रतिवेदन तयार गरी यसै वर्ष सुरू गरिनेछ भन्ने व्यवस्था भएअनुसार मनसायपत्र आह्वान गरेकामा प्रवर्द्धक कम्पनी IL&FS / Suryavir Consortium लाई सफल प्रवर्द्धक (Successful Bidder) घोषणा गरी मिति २०७१।११।२ मा ऐनको दफा १० बमोजिम विस्तृत आयोजना प्रतिवेदन (Detailed Project Report (DPR) तयार गर्न प्रवर्द्धक कम्पनीसँग समझदारी (MOU) मा हस्ताक्षर भएको हो। लगानीकर्ता / प्रवर्द्धकले पेस गरेको DPR नेपाल सरकार (माननीय मन्त्रीस्तर) बाट स्वीकृत भएको र उक्त कम्पनीले पेस गरेको विस्तृत आयोजना प्रतिवेदनमा उक्त आयोजनाको कूल लागत रू.१ खरब २९ अरब ६० करोड उल्लेख भई लागत रकम अत्यधिक धेरै भएकाले अर्थ मन्त्रालयको पत्रबाट सो परियोजना निर्माण कार्य DPR अनुसार भारतीय Exim Bank को सहुलियत ऋण अमेरिकन डलर ७५० मिलियन प्रयोग गर्न सहमति माग भएकोमा बार्ता गर्न सैद्धान्तिक सहमति प्राप्त भएकाले भारतीय Exim Bank बाट प्राप्त हुने रकममध्ये US$ ७५० Million बराबरको नेपाली रूपैयाँको सहुलियत ऋण प्रवर्द्धकलाई उपलब्ध गराई परियोजनाको लागत घटाउन प्रवर्द्धकसँग बार्तासम्म गरिएको अवस्था हो। सम्झौता भइसकेको अवस्था होइन। हाल उक्त प्रवर्द्धक कम्पनीसँग ऐनको दफा १३ बमोजिम अनुमति सम्झौता (Concession Agreement) गर्न नेपाल सरकार (प्रम तथा म.प.को कार्यालय) मा प्रस्ताव पेस भएको र मन्त्रिपरिषद्बाट उक्त प्रस्तावउपर निर्णय भई नसकेको अवस्था भएकाले रिट खारेज गरिपाऊँ।

<u>सूर्यविर इन्फ्रास्टक्चर कन्स्ट्रक्सन प्रा.लि. का अख्तियारप्राप्त प्रतिनिधि प्रमोद शमशेर राणाको लिखित जवाफको मुख्य अंशः-</u>

प्रवर्द्धक कम्पनी स्वच्छ प्रतिस्पर्धात्मक बोलपत्र प्रक्रियाबाट छनौट भई आएको र प्रवर्द्धकले कबोल गरेको MRG सबै प्रस्तावकमध्ये सबभन्दा कम भएको, प्रवर्द्धकले कबोल गरेको MRG पनि EXIM Bank of India द्वारा प्रदान गरिने सहुलियतपूर्ण ऋणको कारणले घटेको, प्रवर्द्धकले प्राप्त गर्ने MRG को अधिकतम अंश लगभग ८० प्रतिशत नेपालमै ऋणको भुक्तानी तथा कर र मर्मत सम्भार इत्यादीमा खर्च हुने, सरकारले सवारी साधानबाट उठाउने टोल राजस्व

अत्यधिक नभएको, द्रुतमार्गको निर्माणले निजगढ विमानस्थल, नेपाल भारतबीचको व्यापार तथा नेपालको आन्तरिक यातायात तथा अर्थ व्यवस्थामा ठूलो टेवा दिने हुँदा द्रुतमार्गको परियोजना यस प्रवर्द्धकद्वारा गराउने कार्य र यससँग सम्बन्धित MRG, सवारी साधनबाट उठाइने टोल राजस्व इत्यादिका कुनै प्रावधान वा प्रक्रिया असंवैधानिक एवं गैरकानूनी भई त्रुटिपूर्ण वा राष्ट्रलाई हानी गर्ने किसिमका नभएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाऊँ।

उपरोक्त उल्लेख भएअनुसारको बहस जिकिर, रिट निवेदन र लिखित जवाफसहितको मिसिल अध्ययन गरी हेर्दा प्रस्तुत रिट निवेदनको रोहबाट मुख्यतः देहायका विषयहरूमा केन्द्रित रही निर्णय दिनुपर्ने हुन आएको छः-

(१) प्रस्तुत रिट निवेदनमा निवेदकहरूले उठान गरेको विषय सार्वजनिक हक वा सरोकारको विषय हो होइन र निवेदकहरूले विवादित विषयको उचित प्रतिनिधित्व गर्न सकेको अवस्था छ वा छैन ?

(२) राष्ट्रिय गौरवका ठूला आयोजनाहरूको विडिङको प्रक्रिया, बुट वेशिस प्रोजेक्टको अवधारणा र मान्यता एवं सोसम्बन्धी कानूनी व्यवस्थालाई विवादित नीजगढ-काठमाडौं फास्ट ट्र्याक सडक निर्माण सम्बन्धमा भएको विडिङको प्रक्रियाले आत्मसात गरेको देखिन्छ वा देखिदैन ?

(३) विवादित सडक निर्माण सम्बन्धमा नेपाल सरकार र प्रवर्द्धक कम्पनीबीच यथास्थितिमा सम्झौता हुनु नेपाल सरकार एवं आम सर्वसाधारण जनताको हित अनुकूल हुन्छ वा हुँदैन ?

(४) निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन ?

२. निरूपण गर्नुपर्ने पहिलो प्रश्न प्रस्तुत रिट निवेदनमा निवेदकहरूले उठान गरेको विषय सार्वजनिक हक वा सरोकारको विषय हो होइन र निवेदकहरूले विवादित विषयको उचित प्रतिनिधित्व गर्न सकेको अवस्था छ वा छैन भन्ने सम्बन्धमा विचार गर्दा नीजगढ-काठमाडौं फास्ट ट्र्याक सडक र नीजगढदेखि पथलैयासम्म स्तर वृद्धि गरिने सडकलाई नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजनाको रूपमा नामाकरण गरी उच्च प्राथमिकतामा राखी निर्माण गर्न लागेको भन्ने विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेतको लिखित जवाफबाट खुल्न आएको पाइयो। यो मार्गको निर्माणले नेपालको निजगढमा बन्ने दोस्रो अन्तर्राष्ट्रिय विमानस्थललाई राजधानीसँग जोड्ने, भारतबाट राजधानीमा पैठारी हुने अधिकांश सामानहरूको ढुवानी छिटो, छरितो र सस्तो दरमा गराउने एवं छिमेकी मित्र राष्ट्रहरू भारत र चीनबीचको Transit Route को सेतुको रूपमा रहन सक्ने भन्ने प्रत्यर्थी प्रवर्द्धक कम्पनी स्वयम्ले स्वीकार गरेको अवस्था देखिन्छ।

३. निवेदकहरूले नीजगढ-काठमाडौं फास्ट ट्र्याक सडक र नीजगढदेखि पथलैयासम्मको सडक निर्माणका लागि विडिङ सूचना प्रकाशित गर्दा दशैंको समय पारेर गरेको, सूचनाको समयावधि कम भएको, उक्त सूचनामा प्रकाशित सर्तभन्दा बाहिर गएर प्रवर्द्धक कम्पनीलाई फाइदा र नेपाल सरकारलाई घाटा हुने गरी आयोजनाका लागि लाग्ने सम्पूर्ण लागत नेपाल सरकारले नै प्रवर्द्धक कम्पनीलाई उपलब्ध गराउने, प्रवर्द्धक कम्पनीलाई नेपाली जनताहरूबाट टोल ट्याक्सको रूपमा चर्को कर उठाउन दिने, न्यूनतम संख्याको सवारी साधन नचलेर लक्षित MRG नपुग भए राज्यको ढुकुटीबाट सो रकम प्रवर्द्धक कम्पनीलाई दिनु पर्ने गरी विपक्षीहरूबीच भएका सम्झौताहरूले नेपाल र नेपालीको बृहत्तर हितमा असर परिरहेको भन्नेसमेतको दाबी लिएको देखिन्छ। उक्त आयोजनाको

निर्माण लागत अमेरिकी डलर १११९ मिलियन भएकोमा नेपाल सरकारले १५० मिलियन डलर शेयर सपोर्टको रूपमा अनुदान दिने, ७५० मिलियन भारत सरकारबाट प्राप्त Line of Credit को रूपमा उपलब्ध गराउने र न्यूनतम अमेरिकी डलर २३६ मिलियन Minimum Revenue Guarantee को रूपमा प्रवर्द्धक कम्पनीलाई नेपाल सरकारले उपलब्ध गराउने भनी नेपाल सरकार र प्रवर्द्धक कम्पनीबीच सहमति भएको भन्ने रिट निवेदन व्यहोरालाई विपक्षीहरूले लिखित जवाफमा समेत स्वीकार गरेको देखिन्छ।

४. राष्ट्रिय गौरवको आयोजनाको विषय एउटा निश्चित भू-भाग वा स्थानमा रहेका बासिन्दासँग वा एउटा व्यक्ति वा समुदायसँग मात्र गाँसिएको हुँदैन। यस्तो विषयले समग्र राष्ट्रिय अर्थतन्त्र एवं आम नागरिकलाई असर र प्रभाव पार्ने हुन्छ । विवादित सडक निर्माण आयोजनाको लागि ठूलो धनरासीको लागत लाग्ने जसमा सरकारको वित्तीय लागतसमेत समावेश हुने देखिएको छ। आम जनताको उपयोगमा आउने सडकको निर्माणपश्चात् लामो अवधिसम्म प्रवर्द्धक कम्पनीले नै सञ्चालनको अनुमति पाउने, सडक उपयोगबापतको कर उपयोगकर्ताबाट प्रवर्द्धक कम्पनीले उठाउन पाउने, न्यूनतम संख्याको सवारी साधन नचलेर लक्षित MRG नपुग भए सो रकम सरकारले नै प्रवर्द्धक कम्पनीलाई दिनुपर्ने जस्ता सर्त समावेश भएको विवादित आयोजना सञ्चालनसम्बन्धी विषय सार्वजनिक हक वा सरोकार समावेश भएको मान्नुपर्ने हुन्छ । यस्तो राष्ट्रिय गौरव र गरिमासँग जोडिएको आयोजनाको निर्माण तथा सञ्चालनसम्बन्धी सम्झौताको विषयमा हुने निर्णयको असर तथा प्रभाव राष्ट्र र आम नागरिकहरूमा पर्ने हुन्छ।

५. सार्वजनिक हक वा सरोकारको विषय समावेश भएको रिट निवेदन दर्ता हुन आएको अवस्थामा त्यसमा अन्तरनिहीत विवादलाई संविधान र कानूनसम्मत तरीकाले निरूपण गरी सम्बन्धित सरोकारवाला समुदाय वा सर्वसाधारण जनता वा खास वर्गको हित संरक्षण गरी सामाजिक न्यायको प्रत्याभूति दिलाउने दायित्व संविधानले सर्वोच्च अदालतलाई दिएको छ । समाजका बहुसंख्यक सदस्यभन्दा बढी चेतनशील र सर्वसाधारणको प्रतिनिधित्व गर्न सक्षम भएको भन्ने आधारमा नेपालको संविधानको धारा १३३(२) अन्तर्गत सार्वजनिक सरोकारको विवादको प्रतिनिधित्व गरी रिट दायर गर्न आउने निवेदकलाई निवेदन दिने हकदैया रहेको मानी त्यस्तो निवेदन ग्रहण गरी अदालतले न्याय निरूपण गर्दै आएको छ । नेपालको समग्र अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुर्‍याउने सम्भावना रहेको र नेपाल सरकारबाट ठूलो मात्रामा लगानी हुन गइरहेको राष्ट्रिय गौरवको आयोजनामा व्यक्तिगत हित वा स्वार्थ वा सरोकारमात्र नीहित नरही आम नागरिकको चासो र सरोकार नीहित रहने र रिट निवेदकहरू पनि जिम्मेवार नेपाली नागरिक भएको हुँदा प्रस्तुत विषयमा निवेदकहरूको सार्थक सम्बन्ध र तात्विक सरोकार रहेको नै देखिन्छ।

६. सार्वजनिक सरोकारको विषयसँग सम्बन्धित काम कारवाहीको बारेमा थाहा जानकारी पाउने हक आम नेपाली नागरिकलाई रहेको हुन्छ नेपालको संविधानको धारा २७ मा "*प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ*" भन्ने व्यवस्था छ। उक्त संवैधानिक व्यवस्थाअनुसार सार्वजनिक सरोकारको विषयमा भए गरिएका काम कारवाही एवं निर्णयहरूमा नेपाली नागरिकको प्रत्यक्ष सरोकार र सम्बन्ध रहने हुँदा नेपालको समग्र अर्थतन्त्रमा असर गर्ने र राष्ट्रिय महत्त्वको विषय भई आम नागरिकहरूको बृहत्तर हितसँग सम्बन्धित प्रस्तुत विषयमा रिट निवेदकहरूको सार्थक सम्बन्ध र तात्त्विक सरोकार रहेको हुँदा आम नेपाली नागरिकको तर्फबाट रिट निवेदकहरूको उचित प्रतिनिधित्व भएको नै पाइयो।

७. निरूपण गर्नुपर्ने दोस्रो विवादित प्रश्न

राष्ट्रिय गौरवका ठूला आयोजनाहरूको विडिङको प्रक्रिया, बुट वेशिस प्रोजेक्टको अवधारणा र मान्यता एवं सोसम्बन्धी कानूनी व्यवस्थालाई विवादित नीजगढ-काठमाडौं फास्ट ट्र्याक सडक निर्माण सम्बन्धमा भएको विडिङको प्रक्रियाले आत्मसात गरेको देखिन्छ वा देखिँदैन भन्ने सम्बन्धमा विचार गर्दा राष्ट्रिय गौरवको आयोजना Fast track को सम्बन्धमा प्रकाशित Schedule of Bidding Process को दफा ४ मा ४ months after the issue of RFP (request for proposal) भन्ने उल्लेख भए पनि नेपाल सरकारले विडिङको लागि सूचना प्रकाशित गर्दा जम्मा एक महिनाको मात्र समयावधि तोकी त्यो पनि दशैंको बिदाको समयमा प्रकाशित गरेको कारण अन्तर्राष्ट्रिय विडर्सहरूले उक्त आयोजनामा भाग लिनबाट बञ्चित हुनु परेको भन्ने रिट निवेदन व्यहोरा रहेको पाइन्छ। यस्ता ठूला र राष्ट्रिय गौरवका आयोजनाहरूको लागि बोलपत्र आह्वान गर्दा के कती समयावधि राखी सूचना जारी गरिनु पर्छ भन्ने सम्बन्धमा नेपालमा भएका कानूनी व्यवस्थाको साथै अन्तर्राष्ट्रिय प्रचलनसमेतको अध्ययन गर्नु सान्दर्भिक देखिन्छ।

८. पूर्वाधार संरचनाको निर्माण तथा सञ्चलनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ को दफा ४ (१) मा "***नेपाल सरकारले यस ऐनबमोजिम दुई करोडभन्दा बढी लागतको कुनै परियोजना कार्यान्वयन गर्न उपयुक्त देखेमा तोकिएका कुराहरू खुलाई सार्वजनिकरूपमा सूचना प्रकाशन गरी मनसायपत्र आह्वान गर्न सक्नेछ***" भन्ने व्यवस्था छ। ऐ. दफा ४(२) मा ***मनसायपत्रको समयावधि सूचनामा नै तोकिने छ*** भन्ने व्यवस्था गरेकोबाट कुनै पनि आयोजनाहरूको सम्बन्धमा मनसायपत्रको सूचना प्रकाशन गर्दा यति नै समयावधि दिनुपर्ने भनी तोकेको भने देखिएन। Castalia ले नोभेम्बर २००८ मा विश्व बैंकमा पेस गरेको प्रतिवेदनमा Experience को आधारमा "*at least six months are needed for serious bidders to put together a responsive proposal when the PPP structure and concession contracts are clear and well defined*" भन्ने उल्लेख गरेको पाइयो। भौतिक योजना पूर्वाधार तथा यातायात मन्त्रालयको मिति २०६९।३।२४ को काठमाडौं तराई द्रुत मार्गको EOI स्वीकृतिसम्बन्धी टिप्पणी र आदेशको दफा ९ मा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनसम्बन्धी परियोजना समन्वय समितिको मिति २०६९।२।४ मा बसेको बैठकको निर्णयमा "***काठमाडौं तराई द्रुत मार्गका सन्दर्भमा व्यवस्थापिका संसदको सार्वजनिक लेखा समितिले दिएका पछिल्ला निर्देशनलाईसमेत आधार मानी नेपाली लगानीकर्तालाईसमेत प्रोत्साहन गर्न आवश्यक व्यवस्था गरी कम्तिमा ३ महिनाको म्याद दिई प्रस्ताव आह्वान गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयलाई निर्देशन दिने***" भन्ने उल्लेख गरिएको र ऐ. को क्रमसख्या १२ को देहाय ७ मा "***मनसाय पत्र बुझाउने म्याद १२५ दिन राखिएको***" भनी उल्लेख गरेको भन्ने मिसिल संलग्न उक्त टिप्पणी र आदेशको प्रतिलिपिबाट देखिन्छ। अन्तर्राष्ट्रिय अभ्यासलाई हेर्दा कास्टालियाले विश्व बैंकमा पेस गरेको प्रतिवेदनमा महत्त्वपूर्ण आयोजनाको मनसायपत्र प्रकाशन गर्दा कम्तिमा ६ महिनाको समयावधि दिन उपयुक्त हुने अनुभवले देखाएको भन्ने खुलाएको पाइयो।

९. राष्ट्रिय गौरवका ठूला आयोजनाहरूमा अन्तर्राष्ट्रिय विडर्स कम्पनीहरूलाईसमेत सहभागी बन्ने अवसर उपलब्ध गराउन मनसायपत्र पेस गर्ने एक महिनाको समयावधि कम भएको भन्ने रिट निवेदन व्यहोरा रहेको छ। काठमाडौं तराई / मधेश द्रुत मार्ग आयोजना धेरै ठूलो लगानीमा निर्माण हुने र राष्ट्रिय गौरवको आयोजना भएको हुँदा मनसायपत्र आह्वान गरी सूचना प्रकाशित गर्दा अन्तर्राष्ट्रिय स्तरका कम्पनी वा संस्थाहरू बीच खुला प्रतिस्पर्धा हुन सक्ने गरी

समयावधि दिनुपर्ने भन्ने व्यवस्थापिका संसद्को अर्थ समितिले पेस गरेको प्रतिवेदनको निष्कर्षसमेत रहेको पाइयो । ठूला वा राष्ट्रिय गौरवका आयोजनाहरूको मनसायपत्रको सूचना प्रकाशन गर्दा समयावधि यति नै दिनुपर्छ भनी नेपाल कानूनले नतोकेको हुँदा एक महिनाको समयावधि दिई मनसायपत्र आह्वान गर्ने प्रचलन रही आएको भए पनि व्यवस्थापिका-संसद् अर्थ समितिको काठमाडौं-तराई मधेश द्रुतमार्ग तथा निजगढ दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजना अध्ययन प्रतिवेदन, २०७२ मा "*अन्तर्राष्ट्रिय स्तरका कम्पनी वा संस्थाहरूबीच खुला प्रतिष्पर्धा गराई अघि बढ्नु मुलुकको हितमा हुने देखिन्छ*" भनी निकालिएको निष्कर्ष, काठमाडौं-तराई / मधेश द्रुत मार्ग को EOI स्वीकृति बारेको टिप्पणी र आदेशको क्रमसंख्या १२ को बुँदा नं. vii मा मनसायपत्र बुझाउने म्याद १२५ दिन राखिएको भनी खुलाइएको प्रावधानसमेतका आधारमा आयोजनाको गरिमा, प्रकृति, लागत खर्च, जनसरोकारको चासो र त्यस्तो आयोजनाबाट राष्ट्रिय हितमा पर्न सक्ने प्रभावसमेतलाई मध्यजनर राखी राष्ट्रिय गौरवको आयोजनाको लागि मनसायपत्र पेस गर्ने समयावधि तोक्दा त्यस्ता आयोजनामा अन्तर्राष्ट्रिय स्तरका विडर्स कम्पनी वा संस्थाहरूले सहभागी भई खुला प्रतिषर्धा गर्न पाउन सक्ने गरी नेपाल सरकारले विशेष सतर्कता अपनाई अन्तर्राष्ट्रिय प्रयोग र अनुभवसमेतलाई मध्यनजर राखी मनसायपत्र पेस गर्न मनासिब समयावधि तोकी विडिङको प्रक्रिया अगाडि बढाउनु पर्ने हुन्छ । राष्ट्रिय गौरवको आयोजनाका सम्बन्धमा केवल एक महिनाको समयावधि तोकी मनसाय पत्र आह्वान गर्ने प्रचलनलाई मनासिब र उपयुक्त प्रक्रिया अवलम्बन गरिएको मान्न मिलेन ।

१०. विवादित सडक निर्माण आयोजनाको विडिङ एवं सो सम्बन्धमा हालसम्म भए गरेका काम कारवाहीले बुट (Build, Operation and Transfer) मा आधारित प्रजेक्टको अवधारणा मान्यतासमेतलाई आत्मसात गरे नगरेको सम्बन्धमा हेर्दा बुटमा आधारित आयोजना / परियोजनामा के कस्तो प्रक्रिया र कार्यविधि अवलम्बन गरिन्छ भन्ने सम्बन्धमा अध्ययन गर्नु सान्दर्भिक देखियो । बुटमा आधारित भएर सञ्चालन गरिने आयोजना / परियोजना भनेको सार्वजनिक निजी साझेदारीको अवधारणाअनुसार ठूला खालका निर्माण आयोजनाहरूको सञ्चालनका लागि सार्वजनिक निकायले निजी कम्पनी / संस्थासँग सम्झौता गरी त्यस्ता आयोजनाहरूको निर्माण, सञ्चालन र हस्तान्तरणको कार्य गरिने हुन्छ । बुटमा आधारित आयोजनाहरूको निर्माणका लागि निर्माण कार्य सम्पन्न गर्न लाग्ने समयावधि, अनुमानित लागत र सोको स्रोतको व्यवस्थापन, परियोजनाबाट हुने फाइदाको बाँडफाँड, सम्भावित घाटा पूर्तिको लागि गरिने व्यवस्थालगायतका आयोजना सञ्चालनका लागि आवश्यक सर्तहरू, तोकिएको समयमा निर्माण कार्य सम्पन्न हुन नसकेको अवस्थामा व्यहोर्नु पर्ने जोखिम, सार्वजनिक क्षेत्रबाट निर्माण कम्पनी / संस्थालाई उपलब्ध गराउने इक्वीटी सपोर्टका विषयहरू लगायतका आवश्यक सर्तसमेत राखी निजी क्षेत्रका कम्पनी / संस्था र सरकारी पक्षबीच सम्झौता गरिने र सो सम्झौताअनुसार निर्माण कार्य सम्पन्न गरी सम्झौतामा तोकिएको अवधिसम्म निर्माण कम्पनीले नै सञ्चालन, मर्मत सम्भार गर्ने र तत्पश्चात सार्वजनिक निकायलाई हस्तान्तरण गरिने आयोजना / परियोजना हो । वुट वेशिसमा सञ्चालन गरिने आयोजना / परियोजना सार्वजनिक क्षेत्र र निर्माण कम्पनी / संस्थाबीच भएको दुईपक्षीय करारको आधारमा सञ्चालन हुने हुँदा त्यस्तो आयोजना / परियोजनामा सार्वजनिक निकायले गर्ने लगानी सपोर्टको विषयसमेत सम्झौतामा नै उल्लेख गरिएको हुन्छ । यद्यपि सार्वजनिक निकायबाट गरिने त्यस्तो लगानी सपोर्टको रकम कूल लागतको न्यूनतम अङ्क मात्र रहन सक्ने

देखिन्छ ।

११. नेपालमा सार्वजनिक-निजी साझेदारीको अवधारणाअनुसार बुट प्रणालीमा आधारित भएर सञ्चालन तथा कार्यान्वयन गरिने आयोजना /परियोजनाको व्यवस्थापनको लागि पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । उक्त ऐनको दफा ३ ले निजी लगानीमा बुटमा आधारित भएर परियोजना कार्यान्वयन गर्न सकिने व्यवस्था गरेको छ । ऐ. ऐनको दफा २४ (१) मा "...***नेपाल सरकारको प्राथमिकतामा परेको कुनै खास परियोजनाको कार्यान्वयन नेपाल सरकारको र निजी क्षेत्रको संयुक्त लगानीमा गर्न सकिनेछ***" भन्ने व्यवस्था छ । ऐ. को प्रतिवन्धात्मक वाक्यांशमा "***तर नेपाल सरकारबाट गरिने लगानी परियोजनाको कूल लागतको पच्चीस प्रतिशतभन्दा बढी हुने छैन***" भनी वुट वेशिसको आधारमा सञ्चालन गरिने आयोजनामा नेपाल सरकारले प्रवर्द्धक कम्पनीलाई इक्वीटी सपोर्टको रूपमा कूल लगानीको २५ प्रतिशतसम्म मात्र लगानी सपोर्ट गर्न सक्ने देखियो । सार्वजनिक-निजी साझेदारीमा बुट प्रणालिमा आधारित रहेर कुनै पनि निर्माण आयोजना / परियोजनाहरूको सञ्चालन वा कार्यान्वयन गर्दा उक्त ऐनले निर्दिष्ट गरेको कानूनी व्यवस्थाको परिधिभित्र रहेर गर्नुपर्छ । काठमाडौं निजगढ द्रुत मार्गको EOI स्वीकृतिका लागि उठाइएको टिप्पणी र आदेशको दफा १२ को बुँदा नं. iv मा उक्त ऐनको व्यवस्थाको अनुकूल हुने गरी उक्त आयोजनामा नेपाल सरकारको तर्फबाट आयोजनाको अनुमानित निर्माण लागतको १५ प्रतिशत (१५ अर्वसम्म) सम्म इक्वीटी सपोर्टको रूपमा नेपाल सरकारले प्रवर्द्धक कम्पनीलाई अनुदान दिने भन्ने उल्लेख गरी सो टिप्पणी आदेश स्वीकृत भएपछि मनसाय पत्र आह्वानको सूचना प्रकाशन भएको पाइन्छ ।

१२. उक्त आयोजना निर्माणको कूल लागत ११११९ मिलियन अमेरिकी डलर हुने भई सो लागतमध्ये प्रवर्द्धक कम्पनीलाई नेपाल सरकारले १५० मिलियन अमेरिकी डलर शेयर सपोर्टको रूपमा अनुदान दिने, ७५० मिलियन अमेरिकी डलर भारत सरकारबाट प्राप्त Line of Credit को रकम उपलब्ध गराउने र न्यूनतम २३६ मिलियन अमेरिकी डलर Minimum Revenue Guarantee (MRG) को रूपमा प्रवर्द्धक कम्पनीलाई उपलब्ध गराउने गरी दुई पक्षबीच समझदारी भएको भन्ने देखियो । पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ ले सार्वजनिक-निजी लगानीमा कार्यान्वयन गरिने परियोजनामा नेपाल सरकारको अधिकतम लगानी कूल लगानीको २५ प्रतिशतसम्म मात्र हुने भनी स्पष्टरूपमा कानूनी व्यवस्था गरेको र काठमाडौं-तराई द्रुत मार्गको मनसायपत्र स्वीकृतिको लागि उठाइएको टिप्पणी र आदेशमा समेत उक्त आयोजनाको कूल लगानीको १५ प्रतिशतसम्म (१५ अर्बसम्म) मात्र नेपाल सरकारले इक्वीटी सपोर्टको रूपमा अनुदान दिने भनी उल्लेख गरेको र सो टिप्पणी आदेश स्वीकृत भएपछि नै मनसाय पत्र आह्वान गरिएको हुँदा मनसाय पत्र आह्वान गर्दाको समयसम्म बुट प्रणालीको मान्यतालाई स्वीकार गरेको पाइयो ।

१३. ठूलो र महत्त्वपूर्ण निर्माण कार्यका लागि मनसायपत्र आह्वान गरी राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका इच्छुक कम्पनी / व्यक्ति / संस्थाहरू बीच प्रतिष्पर्धा गराई त्यस्ता परियोजनाको निर्माणमा निजी क्षेत्रलाई आकर्षित गरी निजी लगानीमा त्यस्ता परियोजनाहरूको निर्माण कार्य सम्पन्न गराई त्यसको निश्चित समयसम्म निर्माण कम्पनी / संस्था / व्यक्तिलाई सञ्चालन गर्न दिई तत्पश्चात परियोजना सरकारलाई हस्तान्तरण गरिने हुँदा बुट प्रणालीबाट सञ्चालन र कार्यान्वयन गरिने परियोजनामा सरकारको लगानी न्यूनतम मात्र हुनुपर्ने हुन्छ । कूल लगानीको निश्चित प्रतिशत (नेपालमा २५ प्रतिशत) सम्ममात्र सरकारले निर्माण कम्पनी / व्यक्ति

/ संस्थालाई सहयोग गर्न सक्ने र बाँकी ७५ प्रतिशत लागत खर्च निर्माण कम्पनी आफैँले व्यहोर्नु पर्ने हुन्छ । उल्लिखित सैद्धान्तिक पक्षको सन्दर्भमा काठमाडौं-तराई / मधेश द्रुत मार्गको निर्माणसम्बन्धी आयोजना सार्वजनिक निजी साझेदारीको मान्यता अनुकूल बुट प्रणालीमा आधारित रहेको भनिए पनि कूल लगानीको २५ प्रतिशतभन्दा बढी रकम नेपाल सरकारको तर्फबाट प्रवर्द्धक कम्पनीलाई अनुदान सहयोग उपलब्ध गराउने गरी भए गरिएका निर्णय एवं काम कारवाहीलाई बुट प्रणालीको मान्यता र भावना अनुकूल रहेका मान्न सकिएन।

१४. नेपाल सरकार र प्रवर्द्धक कम्पनीबीचमा भएको समझदारीअनुसार विवादित आयोजनाले निजी लगानीसम्बन्धी प्रचलित कानूनी व्यवस्थालाई आत्मसात गरेको छ छैन भन्ने सम्बन्धमा विचार गर्दा १० सेप्टेम्बर २०१४ मा प्रकाशित गरिएको विडिङ सूचना (Invitation for Expression of Interest (EOI) मा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ र पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी नियमावली, २०६४ अनुसार सार्वजनिक-निजी साझेदारीमा लगभग ७६ किलोमिटर लम्बाईको काठमाडौंदेखि निजगढसम्म र लगभग १८ किलोमिटर लामो २ लेनको निजगढदेखि पथलैया सडकलाई ४ लेनको बनाउनका लागि द्रुत मार्गको Survey, design, engineering, financing, procurement, construction, operation, maintenance and transfer गर्नुपर्ने सर्त राखी सूचना प्रकाशन गरेको पाइन्छ । उक्त सूचनामा बुट प्रणालीमा फास्ट ट्र्याक सडक निर्माण गर्दा लगभग ७६ किलोमिटर लामो सडक चार लेनको हुनुपर्ने, टनेल र पुलहरू बनाउनु पर्ने, उक्त आयोजनाको निर्माण कार्य Concession agreement भएको ५ वर्षमा सम्पन्न गर्नुपर्ने र आयोजनाको लागत अनुमान ८४४ मिलियन US$ हुने भन्ने उल्लेख गरेको पाइन्छ।

१५. उक्त फास्ट ट्र्याक को EOI स्वीकृतिसम्बन्धी टिप्पणी र आदेशको दफा १२ को बुँदा नं. iv मा Equity support को रूपमा "उक्त आयोजनामा सरकारको तर्फबाट आयोजनाको अनुमानित निर्माण लागतको १५ प्रतिशत अर्थात् रू. पन्ध्र अर्वसम्म इक्वीटी सपोर्टको रूपमा अनुदान दिने गरी वार्षिक करिब ३ अर्व रूपैयाँको बजेट व्यवस्था गर्ने गरी सरकारको तत्परता र प्रतिवद्धता जाहेर हुनुपर्ने देखिन्छ" भनी खुलाएको पाइयो।

१६. बुट प्रणालीअनुसार कुनै आयोजना / परियोजना कार्यान्वयन गर्नुपर्दा सो विषयमा सरकार र निजी क्षेत्रबीच (मनसायपत्र पेस गरी छनौटमा परेको प्रस्तावक) परियोजना कार्यान्वयनको सम्बन्धमा सम्झौता गरिने र सो सम्झौतामा उल्लिखित सर्तको अधीनमा रहेर प्रवर्द्धकले परियोजनाको कार्य सम्पन्न गर्नुपर्ने हुन्छ । पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ दफा १४ अनुसार सम्झौतामा देहायका कुराहरू खुलाउनु पर्ने देखिन्छः

(१) परियोजनाको विवरण,

(२) परियोजनाको कार्यान्वयन सुरू गर्ने मिति र सम्पन्न गर्ने मिति,

(३) परियोजनाको निर्माण वा सञ्चालन गर्दा अनुमतिपत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियतसम्बन्धी कुरा,

(४) अनुमतिपत्रको अवधि,

(५) परियोजना कार्यान्वयनको चरणबद्ध विवरण र कार्यान्वयन तालिका,

(६) परियोजनाको प्राविधिक गुणस्तर तथा स्टाण्डर्ड,

(७) परियोजना सञ्चालनसम्बन्धी विवरण,

(८) परियोजना लिजमा दिइएको भए सोको विवरण र लिजका सर्तहरू,

(९) परियोजनाको सञ्चालन वा हस्तान्तरणको सर्त,

(१०) परियोजना सञ्चालन गर्दा उपभोक्तासँग लिन पाउने शुल्कसम्बन्धी व्यवस्था,

(११) परियोजनाको बीमासम्बन्धी व्यवस्था,

(१२) परियोजनामा जडित मेसिन तथा परियोजना हस्तान्तरणका बखत हुनुपर्ने अवस्था र गुणस्तर,

(१३) नेपाल सरकारलाई बुझाउनु पर्ने रोयल्टी र भुक्तानी विधि,

(१४) परियोजना कार्यान्वयन गर्दा कुनै पक्षले सम्झौताबमोजिमको दायित्व पूरा नगरेको कारणबाट सम्झौता रद्द हुने अवस्था,

(१५) अन्य आवश्यक कुराहरू

१७. उल्लिखित कानूनी व्यवस्था एवं बुट प्रणालीको अवधारणाअनुसार सार्वजनिक-निजी साझेदारीको आधारमा बुट वेशिस परियोजनाहरूको कार्यान्वयन गर्ने कुराहरू दुई पक्षबीच हुने सहमति र सम्झौताअनुसार नै हुने देखिँदा बुट प्रणालीमा आधारित आयोजना / परियोजनाको कार्यान्वयन दुई पक्षबीच भएको करारअनुसार सम्पन्न गर्नुपर्ने देखियो । उक्त करारमा परियोजनाको निर्माण वा सञ्चालन गर्दा अनुमति पत्र प्राप्त व्यक्तिले पाउने सुविधा तथा सहुलियतसम्बन्धी कुराको बारेमा खुलाउनु पर्ने भन्ने कानूनी व्यवस्था रहेको देखिँदा काठमाडौं-तराई / मधेश द्रुत मार्गको सम्बन्धमा समेत प्रवर्द्धक कम्पनीले नेपाल सरकारबाट प्राप्त गर्ने सुविधा तथा सहुलियतको बारेमा Concession agreement मा खुलाउन सकिने देखिन्छ । तर करार गर्दा तेस्रो पक्षले समेत दायित्व बहन गर्नुपर्ने गरी वा तेस्रो पक्षको दायित्व सिर्जना हुने गरी करार गर्न पाइँदैन भन्ने करार कानूनको मान्य सिद्धान्त रहेको छ । करारको स्वरूप र विषयवस्तु छनौट गर्न, प्रतिफल, प्रतिफलको मात्रा, करारका सर्त तथा करार उल्लङ्घन भएबापत उपचारको प्रकृति निर्धारण गर्न र करारबमोजिमको विवाद समाधान गर्ने उपाय निश्चित गर्न करारका पक्षहरू स्वायत्त रहेका हुन्छन् । तर कानूनी व्यवस्थालाई नजरअन्दाज गरी कानूनले रोक लगाएको विषयमा वा कानूनको विपरीत हुने गरी करार गर्न नपाइने भन्ने करार कानूनको मान्यता रहेको छ ।

१८. करार ऐन, २०५६ को दफा १३(ङ) मा प्रचलित कानूनको विरूद्धमा भएको वा प्रचलित कानूनले निषेध गरेको कुरामा करार गर्न रोक लगाएको र यदि त्यस्तो करार हुन गएमा त्यस्तो करारलाई बदर हुने करारभित्र राखेको छ । प्रस्तुत निवेदनमा काठमाडौं-तराई / मधेश द्रुत मार्ग बुट प्रणालीको आधारमा सञ्चालन हुने भन्ने कुरा मनसाय पत्रबाटै खुल्न आएको हुँदा सो सडक निर्माण सम्बन्धमा प्रवर्द्धक कम्पनी र नेपाल सरकारबीच गरिने समझदारी वा सम्झौता पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ को व्यवस्थाअनुसार भए गरेको अवस्थामा मात्र मान्य हुने देखिन्छ । उक्त ऐनको दफा २४ मा सरकार र निजी क्षेत्रको संयुक्त लगानीमा कार्यान्वयन गरिने परियोजनामा कूल लागतको पच्चीस प्रतिशतभन्दा बढी नहुने गरी मात्र नेपाल सरकारले लगानी गर्न सक्ने भन्ने व्यवस्था रहेको र उक्त आयोजनाको सम्बन्धमा मनसायपत्र आह्वानका लागि उठाइएको टिप्पणी र आदेशमा समेत इक्वीटी सपोर्टको रूपमा नेपाल सरकारले कूल लागतको १५ प्रतिशतसम्म अनुदान सहयोग गर्ने भनी उल्लेख गरेको अवस्थामा उक्त कानूनी व्यवस्था र टिप्पणी आदेशमा भएको व्यवस्थाको प्रतिकूल हुने गरी लगानीको सत प्रतिशतभन्दा बढी रकम नेपाल सरकारले प्रवर्द्धक कम्पनीलाई अनुदान सहयोग उपलब्ध गराउने भनी गर्न लागिएको सम्झौताहरू विडिङ सूचना एवं प्रचलित कानूनी व्यवस्थालाई आत्मसात गरेको मान्न मिल्ने देखिएन ।

१९. निरूपण गर्नुपर्ने तेस्रो प्रश्न विवादित सडक निर्माण सम्बन्धमा नेपाल सरकार र प्रवर्द्धक कम्पनीबीच एथास्थितिमा निर्माण सम्झौता हुनु नेपाल सरकार एवं आम जनताको हित अनुकूल हुने हो वा होइन भन्ने सम्बन्धमा विचार गर्दा उक्त रोडमा प्रक्षेपण गरिएको बेञ्चमार्कलाई हेर्दा प्रतिदिन सवारीको न्यूनतम २७२०० गाडी गुड्नु पर्ने भन्ने देखिन्छ । उक्त तोकिएको सवारीसाधनबाट प्रति मोटरसाइकल रू.८००।-, प्रति कार रू.१६००।-, प्रति बस रू.३१००।-, प्रति ट्रक रू.४६००।- को दरले कर उठाउन पाउने र उक्त करबापतको रकम वार्षिक १५० मिलियन अमेरिकी डलर प्रवर्द्धक कम्पनीले लाने र सो रकम संकलन हुन नसकेको अवस्थामा नपुग रकम नेपाल सरकारले प्रवर्द्धक कम्पनीलाई Minimum Revenue Guarantee बापत तिर्नुपर्ने गरी सर्त राखिएको पाइन्छ । उक्त सर्तबमोजिम नेपालीहरूको पर क्यापिटा इनकम ५ हजार डलर भएको अवस्थामा मात्रै उक्तबमोजिमको कर तिर्न सक्ने क्षमता हुने हुँदा त्यस्तो सर्तले नेपाली नागरिकहरूलाई हानि गर्ने एवं आयोजनाको कूल लागत १११९ मिलियन अमेरिकी डलरमध्ये नेपाल सरकारले १५० मिलियन अमेरिकी डलर शेयर सपोर्टको रूपमा अनुदान दिने, ७५० मिलियन अमेरिकी डलर भारत सरकारबाट प्राप्त Line of Credit को रकम उपलब्ध गराउने र न्यूनतम २३६ मिलियन अमेरिकी डलर Minimum Revenue Guarantee (MRG) को रूपमा प्रवर्द्धक कम्पनीलाई उपलब्ध गराउने गरी सम्झौता भएको अवस्थामा नेपाल सरकारलाई ठूलो आर्थिक भार हुन गई राष्ट्रिय अर्थतन्त्रमा प्रभाव पर्ने निश्चित छ भन्ने निवेदकको जिकिर रहेको पाइयो ।

२०. काठमाडौं - तराई / मधेश द्रुतमार्ग सम्बन्धमा व्यवस्थापिका-संसद् अर्थ समितिले मिति २०७२।५।३० मा पेस गरेको प्रतिवेदनमा "***...आयोजनामा निर्माण कम्पनीहरूबीच खुला प्रतिस्पर्धा नगराइएको, लागतको अनुमान प्रवर्द्धक मार्फत गराइएको र सो अधिक देखिएको, निर्माणको अनुमानित लागतको अधिकतम हिस्सा नेपाल सरकारले ऋण र अनुदानबापत खर्च गर्ने अवस्था रहेको, न्यूनतम सवारी आवागमनको संख्याको अनुमान अत्यधिक रहेको र यसरी गरिएको अनुमानअनुसारको सडक प्रयोग दस्तुरबापत उठ्ने भनिएको रकम नउठेमा नेपाल सरकारले प्रवर्द्धकलाई अपुग रकम नियमित बुझाउने (MRG) सर्त रहेको, प्रवर्द्धकले आयोजना सञ्चालन गर्ने अवधि अधिक उल्लेख भएको, प्रस्तावित सवारी आवागमन दस्तुर अधिक एवं अव्यवहारिक भएको र अन्य वैकल्पिक मार्गहरूको निर्माणमा हुन सक्ने सम्भावित असजिला पक्षलगायतका विषयमा नेपाल सरकारले पूर्ण गम्भीरताका साथ समयमै पुनरावलोकन गर्न जरूरी देखिएको छ***" भनी निष्कर्ष निकालिइको पाइन्छ । त्यस्तै "***यो आयोजना नेपाल सरकार आफैँले निर्माण एवं सञ्चालन गर्नुपर्छ यसका लागि अन्तर्राष्ट्रिय स्तरका कम्पनी वा संस्थाहरूबीच खुला प्रतिस्पर्धा गराई अघि बढ्नु मुलुकको हितमा हुने देखिन्छ । ... हालको व्यवस्थाले सम्पूर्ण नोक्सानी नेपाल सरकारले व्यहोर्ने अवस्था देखिएकोले नेपाल सरकार साझेदार नरहने गरी आयोजनाको सम्पूर्ण नाफा-घाटाको भागिदार सम्बन्धित कम्पनी नै हुने गरी उपसमितिले दिएका सुझाव र निर्देशनको आधारमा आयोजना निर्माण सम्झौता गर्नुपर्ने***" भनी उक्त आयोजना नेपाल सरकारले आफैँ निर्माण गर्नु भनी निर्देशन दिएको पाइन्छ ।

२१. नेपाल सरकार अर्थ मन्त्रालयबाट भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालयलाई मिति २०७२।५।३० मा लेखेको पत्रमा प्रवर्द्धक कम्पनीसँग Draft Concession Agreement स्वीकृतिका लागि नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्न लेखी आएकोमा

Concessional Agreement को सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्बाट दोस्रो चरणको पुनरावलोकन समिति गठन गर्ने निर्णय गर्ने गरी अन्तिम बार्ता गरी निर्णयमा पुग्नका लागि नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेस गर्न सहमति दिने गरी नेपाल सरकारबाट मिति २०७२।५।२९ मा निर्णय भएको भनी खुलाएको पाइयो । सो निर्णयअनुसार मिति २०७२।६।१ मा राष्ट्रिय योजना आयोगका उपाध्यक्षको संयोजकत्वमा ५ सदस्यीय पुनरावलोकन समिति गठन गरी उक्त समितिबाट प्रतिवेदन पेस हुन आएको पाइन्छ। काठमाडौं-तराई / मधेश फास्ट ट्र्याक सडक आयोजनाअन्तर्गत सडक निर्माण कार्यको लागि प्रवर्द्धक कम्पनी र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबीच भएको विभिन्न समझदारी तथा सम्झौताहरूको समग्र विश्लेषण तथा पुनरावलोकन गरी सुझाव दिन नेपाल सरकार (मं.प.) को मिति २०७२।६।१ को निर्णयानुसार राष्ट्रिय योजना आयोगका उपाध्यक्ष गोविन्दप्रसाद पोखरेलको संयोजकत्वमा गठन भएको पुनरावलोकन समितिले दिएको प्रतिवेदनमा प्रतिवर्ष अमेरिकी डलर १५० मिलियन डलर MRG दिनु पर्ने, उठाउनु पर्ने राजस्व उठ्न नसक्ने भएकाले यसको सञ्चालनबाट नेपाललाई सधैँ घाटा पर्ने, नेपाल सरकारले उपलब्ध गराउने भनिएको ७५० मिलियन अमेरिकी डलर सहुलियत दरको ऋण उपलब्ध गराउन नसकेको अवस्थामा MRG को रकम बढ्न जाने भई नेपाल सरकारलाई अझ बढी घाटा हुन जाने, प्रतिदिन चल्ने सवारीको न्यूनतम तोकिएको संख्या हाराहारीका सवारी साधन उक्त सडकमा चल्न नसके त्यसको क्षति नेपाल सरकारले बेहोर्नु पर्ने देखिन्छ भनी खुलाएको पाइयो। त्यस्तै नेपाल सरकारका तत्कालीन मुख्य सचिव लिलामणि पौडेलले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई मिति २०७१।१२।३ मा लेखेको ध्यानाकर्षण सम्बन्धी पत्रमा प्रतिष्पर्धाबाट प्रस्तावक छनौट गरेर Concession Agreement गर्ने मनसायपत्रका आधारमा DPR मा प्रवेश गरेकाले यो प्रक्रियाबाट अगाडि बढ्दा धान्नै नसक्ने असीमित दायित्व सरकारले बेहोर्नु पर्ने अवस्था आउने, आयोजनाको लगानी सरकारले गर्ने र निर्माणकर्ताको नाममा सञ्चालन कम्पनीले पाउने र सोको घाटाको भागिदार सरकारले बेहोर्नु पर्ने, न्यूनतम राजस्व ग्यारेण्टी सरकारले लिने, कम्पनीले कुनै जोखिम बहन गर्न नपर्ने भई फास्ट ट्र्याक निर्माणको यो प्रक्रिया लुट प्रणालीमा आधारित रहेको छ भनी खुलाएको पाइन्छ।

२२. फास्ट ट्र्याकसम्बन्धी व्यवस्थापिका-संसद् अर्थ समिति तथा सोसम्बन्धी पुनरावलोकन समितिको प्रतिवेदनबाट प्रवर्द्धक कम्पनीसँग सो सडक निर्माणको सम्बन्धमा हालको व्यवस्थाअनुसार नै Concession Agreement भएको अवस्थामा नेपाल सरकारलाई क्षति हुने भनी औंल्याएका र व्यवस्थापिका-अर्थ समितिले उक्त सडक निर्माण कार्य IL & F.S कम्पनीमार्फत नै गर्ने गरी अघि बढ्नु परेमा नेपाल सरकार साझेदार नरहने गरी आयोजनाको सम्पूर्ण नाफा-घाटाको भागिदार सम्बन्धित कम्पनी नै हुने गरी उपसमितिले दिएका सुझाव र निर्देशनको आधारमा आयोजना निर्माण सम्झौता गर्नुपर्ने भनी सुझाव दिएको एवं मिति २०७२।६।१ मा गठित पुनरावलोकन समितिले हालकै अवस्थामा उक्त सडकको निर्माण कार्य भएको अवस्थामा राष्ट्रले धान्नै नसक्ने गरी राष्ट्रलाई क्षति हुने भनी औंल्याएको समेतका तथ्यबाट प्रस्तुत फास्ट ट्र्याक निर्माणको लागि हालको अवस्थामै प्रवर्द्धक कम्पनीसँग Concession Agreement गरिएको अवस्थामा नेपाल सरकार एवं आम सर्वसाधारण जनताको हित अनुकूल हुने देखिएन।

२३. अब निरूपण गर्नुपर्ने चौंथो तथा अन्तिम प्रश्न निवेदन मागबमोजिमको आदेश जारी हुने हो होइन भन्ने सम्बन्धमा विचार गर्दा काठमाडौं-तराई / मधेश जोड्ने फास्ट ट्र्याक सडक आयोगनाको

निर्माणसम्बन्धी निर्णय गर्दा प्रचलित कानूनको पूर्ण पालना गरी नेपाल सरकार मन्त्रिपरिषद्ले मिति २०७२।६।१ मा गठित पुनरावलोकन समितिको सुझावसमेतलाई आधार लिई अधिकतम राष्ट्रिय हितलाई सुनिश्चत गर्ने नीतिअनुरूप नेपाल सरकार अघि बढ्ने भनी सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओली तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेको लिखित जवाफबाट खुल्न आएको छ । मिति २०७२।६।१ मा गठित पुनरावलोकन समितिको प्रतिवेदनले उक्त सम्झौता भएमा राष्ट्रलाई क्षति हुने भन्ने जनाई उक्त आयोजनाको सम्बन्धमा सम्झौतामा पुग्नुभन्दा पहिले प्रवर्द्धक कम्पनीसँग पुनः बार्ता गरी परियोजनाको सबै पक्षमा पुनर्मूल्याङ्कन गरी अगाडि बढ्नु पर्छ भनी सुझाव दिएको र प्रस्तुत रिटमा सुनुवाईको क्रममा विपक्षी नेपाल सरकारतर्फबाट बहसको लागि उपस्थित विद्वान् सहन्यायाधिवक्ताले बहसको क्रममा इजलास समक्ष व्यक्त गर्नु भएअनुसार नेपाल सरकारले आर्थिक वर्ष २०७३/७४ को वार्षिक नीति तथा कार्यक्रममा उक्त सडकको निर्माण स्वयम् नेपाल सरकारले गर्ने भनी घोषणा गरी दश अरब रूपैयाँ बजेटसमेत विनियोजन गरिसकेको अवस्था देखिन्छ ।

२४. काठमाडौं-तराई / मधेश जोड्ने फास्ट ट्र्याक निर्माण कार्य नेपाल सरकारको आफ्नै स्रोत साधनबाट आफैँले गर्ने भनी नेपाल सरकारले बजेटसमेत विनियोजन गरिसकेको अवस्थामा एउटा सबल राष्ट्रको सरकारले त्यस्तो आयोजनाको निर्माण कार्य गर्न र स्वयम् सञ्चालन गर्न सक्षमता देखाएको अवस्थामा उक्त परियोजनाको निर्माण गर्न नेपाल सरकार सक्षम रहेको छैन भनी सरकारको सक्षमतामा प्रश्न उठाउन मिल्दैन । प्रस्तुत परियोजनाको आर्थिक पक्ष र लगानीको भारका सम्बन्धमा पुनर्मूल्याङ्कन भई नयाँ दृष्टिकोण र नयाँ परिवेशअनुरूप सबै कुरा बदलिई सरकारले उक्त परियोजना सञ्चालन गर्ने प्रतिवद्धता जनाई आ.व. २०७३।७४ को बजेटमा दश अरब रूपैयाँ विनियोजन गरिसकेको हुँदा वर्तमान परिस्थितिमा उक्त परियोजनाका सम्बन्धमा नेपाल सरकार र IF & FS / Suryavir Consortium Company का बीचमा भएको सहमतिले निरन्तरता नपाई निवेदकले दाबी गरेबमोजिम विपक्षी नेपाल सरकार र प्रवर्द्धक कम्पनीबीच हुने भनिएको सम्झौताको औचित्य नै समाप्त भइसकेको देखियो । यसरी काठमाडौं-तराई / मधेश जोड्ने फास्ट ट्र्याक निर्माण कार्य नेपाल सरकारको आफ्नै स्रोत साधनबाट गर्ने भनी बजेटसमेत विनियोजन गरी सकेको अवस्थामा सरकारले प्रवर्द्धक कम्पनीसँगका पूर्व सहमतिलाई निरन्तरता दिनुपर्ने औचित्य नरहेको मात्र नभई परियोजनासम्बन्धी सम्झौताको औचित्य समाप्त भएको र काठमाडौं-तराई / मधेश जोड्ने फास्ट ट्र्याक हालको अवस्थामा विपक्षी IF & FS/Suryavir Consortium Company ले बनाउने भन्ने अवस्था नै समाप्त भइसकेको हुँदा रिट निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नरहेकाले प्रस्तुत रिट खारेज हुने ठहर्छ । रिट निवेदन नै खारेज हुने ठहरेकाले मिति २०७२।६।२१ मा जारी भएको अन्तरिम आदेशलाई निरन्तरता प्रदान गर्ने गरी मिति २०७२।८।२९ मा भएको आदेश स्वतः निष्कृय हुने ठहर्छ ।

२५. राष्ट्रिय गौरवका ठूला आयोजनाहरूको निर्माण तथा सञ्चालनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका लगानीकर्ता निर्माण कम्पनी वा संस्थाहरूको भूमिका महत्त्वपूर्ण हुनेमा दुइमत हुन सक्दैन । यस्ता आयोजनाहरूको निर्माणमा बृहत्तर राष्ट्रिय हितलाई ध्यानमा राखी लगानी गर्न इच्छुक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका लगानीकर्ता निमार्ण कम्पनीहरू बीचमा खुला प्रतिस्पर्धामा बढीभन्दा बढीको सहभागिता सुनिश्चित हुने गरी मनसायपत्र आह्वानसमेतको प्रक्रिया निर्धारण गर्नुपर्ने हुन्छ । यस्ता ठूला आयोजनाहरू निर्माणमा सार्वजनिक-निजी साझेदारीको अवधारणा बुट प्रणालीको मान्यता एवं पूर्वाधार संरचनाको निर्माण

तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ मा भएको कानूनी व्यवस्थालाई आत्मसात गर्नु पनि उत्तिकै जरूरी हुन्छ । नेपाल सरकारले ठूला प्रकृतिका आयोजनाको निर्माणको लागि पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्बन्धी ऐन, २०६३ अनुसार प्रतिस्पर्धा र पारदर्शिता सुनिश्चित गरी मुलुक र जनताको वृहत्तर हितको लागि स्वदेशी तथा विदेशी लगानीलाई आकर्षित गर्ने एवं नेपालीहरूलाई स्वदेशमै रोजगारीको अवसर सिर्जना गर्ने तर्फ नेपाल सरकारको ध्यान पुग्नु जरूरी हुन्छ । ठूला र राष्ट्रिय गौरवका आयोजनाहरूको निर्माण तथा सञ्चालनका सम्बन्धमा राम्ररी गृहकार्य गर्ने, अन्तर्राष्ट्रिय अनुवभसमेतलाई आत्मसात गर्ने, आयोजना निर्माणको बारेमा आम नागरिकमा सूचना सम्प्रेषण गरी नागरिकहरूलाई सुसूचित गराउने, सम्भव भएसम्म यस्ता प्रकारका आयोजनाहरू नेपाल सरकार आफैँले आफ्नै लगानीमा सञ्चालन गर्ने र नेपाल सरकारले सञ्चालन गर्न नसक्ने अवस्थामा पनि अन्तर्राष्ट्रिय स्तरका कम्पनी / संस्थाहरू बीच खुला प्रतिस्पर्धा गराएर नेपालको बृहत्तर हित र फाइदा हुने सुनिश्वतताका लागि उच्च सतर्कता अपनाई स्पष्ट राष्ट्रिय नीति बनाउनका लागि प्रधानमन्त्री एवं नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको ध्यानाकर्षणको लागि लेखी पठाउनु । प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई दिई निवेदनको लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. जगदीश शर्मा पौडेल

इजलास अधिकृतः इन्दिरा शर्मा
इति संवत् २०७३ असार १६ गते रोज ५ शुभम् ।

निर्णय नं. ९८२४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोपाल पराजुली
माननीय न्यायाधीश श्री गोविन्दकुमार उपाध्याय
फैसला मिति :२०७१।१२।११

मुद्दा :- मानव बेचबिखन तथा ओसार पसार

०६६-CR-०८४८

पुनरावेदक / प्रतिवादी : सप्तरी जिल्ला, फत्तेपुर गा.वि.स., वडा नं.१ घर भई हाल कारागार कार्यालय, उदयपुरमा थुनामा रहेका खड्ग बहादुर दाहालका छोरा राजेश भन्ने भगीरथ दाहाल

विरूद्ध

प्रत्यर्थी / वादी : ....को जाहेरीले नेपाल सरकार

०६७-CR-०५२७

पुनरावेदक / प्रतिवादी : सप्तरी जिल्ला, फत्तेपुर गा.वि.स., वडा नं.१ बस्ने खड्गबहादुर दाहालकी बुहारी भगीरथ दाहालकी पत्नी श्रीमती निर्मला राई दाहाल

विरूद्ध

प्रत्यर्थी / वादी : .... को जाहेरीले नेपाल सरकार

०७०-CR-१३०४

पुनरावेदक / प्रतिवादी :..........................को जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / वादी : सप्तरी जिल्ला, फत्तेपुर गा.वि.स.,

वडा नं.१ बस्ने राजेश भन्ने भगीरथ दाहालको श्रीमती निर्मला राई दाहाल

- **पीडितलाई भएको शोषण, प्रतिवादीले स्वदेशबाटै वैधानिक निकायबाट पठाएको नदेखिएको तथा निज वैदेशिक रोजगारसम्बन्धी आधिकारिक व्यक्ति नभई निजको कार्य जीउ मास्ने बेच्ने ऐनले स्पष्ट परिभाषित कसुर भएको हुँदा प्रतिवादीको जिकिरमा उल्लिखित वैदेशिक रोजगार ऐन आकर्षित हुने नदेखिने।**

(प्रकरण नं. ५)

- **मानव बेचबिखन जस्तो अपराधमा आर्थिक फाइदा, शारीरिक शोषण, यौन शोषण, श्रम शोषण, स्थानान्तरण, वेश्यावृत्ति आदि जस्ता मनसायगत तत्त्वहरू देखिन्छन् । यस्ता अपराधमा प्रतिवादीको इन्कारी मात्रलाई प्रमाणमा लिई सफाइ दिन सक्ने स्थिति रहँदैन् । परिस्थितिजन्य प्रमाणहरूबाट समेत कसुर स्थापित गर्न सकिने।**

(प्रकरण नं. ६)

- **देशको फौजदारी कानूनले प्रतिवादीलाई जतिसुकै जेल सजाय वा दण्ड दिएपनि पीडित महिलाको जीवन सामाजिक सोच र व्यवहारले गर्दा सदा पीडामा नै रहन जाने र पीडितले न्याय पाएको अनुभूत गर्न नसक्ने स्थिति सिर्जना हुन जाने हुँदा अति संवेदनशील पीडितको जीवनसँग सम्बन्धित मुद्दाहरूका सन्दर्भमा अभियोजन एवं अनुसन्धान पक्ष सँधै सजग, सचेत र समझरूपले पीडित राहत मुखी बन्नु उपयुक्त हुन जाने।**

(प्रकरण नं. ११)

- **मानवीय जीवनको sanctity लाई बचाउन तथा यसलाई अझ मूल्यवान् बनाउन राज्यको ठूलो भूमिका रहन्छ । व्यक्तिको अस्तित्व अझ ओजपूर्ण बनाउन र पीडितले समाजमा आफूलाई सम्मानपूर्वक बाँच्ने स्थिति हुनका लागि राज्यका हरेक अंगहरू र समाजसमेत समझ सचेत र सक्षम हुनुपर्छ। पीडितको राहतको निमित्त कानून निर्माता, कानूनका व्याख्याता, कानूनका कार्यान्वयनकर्ता तथा न्यायका उपभोक्ताहरू समेत पीडितमुखी हुन जरूरी देखिने।**

(प्रकरण नं. १२)

- **पीडितलाई एकातिर छाडेर अपराधीको पछाडि मात्र हिँडेर फौजदारी न्यायको मक्सद पूरा हुन सक्दैन । पीडितले पनि न्यायको अनुभूति गर्न सकेमा त्यस्तो कानून प्रणाली सक्षम र सफल मान्न सकिन्छ । जुन पीडित राहतशास्त्रको अवधारणाबाट अगाडि बढन जरूरी देखिन आउने।**

(प्रकरण नं. १३)

- **विधायिकी कानूनले मात्र सँधै समाजको न्यायिक मूल्य प्राप्त गर्न नसक्ने हुन सक्छ । अदालतको काम मूल्यको खोजी एवं पहिचानसमेत गर्नु हो । जुन मूल्यले मानवको आदर्श एवं सम्मानलाई कम हुन नदिई उचो गराउन प्रयत्नशील हुन जरूरी देखिन्छ । विधायिकी कानून नैतिकता कै पक्षमा प्रकट हुने भएपनि अदालत सदासर्वदा त्यस्को पक्षमा प्रयत्नशील र अभ्यस्त रहन्छ । न्याय गतिशिल प्रक्रिया हो। न्यायको सटिक परिभाषा गर्न सजिलो छैन। यसलाई नाप्ने yardstick पहिचान नभएर नै न्याय सापेक्ष (relative)**

मानिएको हो । न्याय समयअनुसार परिभाषित हुँदै अगाडि बढ्दछ र मानव मूल्यलाई संरक्षण गर्दछ। यो मानव मूल्यको व्याख्यासमेत समयअनुसार परिस्कृत हुँदै जानु पर्छ र मानवको जीवनको पवित्रताले स्थान पाउन जरूरी हुने।

(प्रकरण नं. १७)

- **अभियोग पत्र दायर गर्दा प्रचलनमा रहेको जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ मा क्षतिपूर्तिसम्बन्धी व्यवस्था नभएकोले अभियोग माग दाबी नभए पनि पीडितलाई केही हदसम्म भए पनि न्याय दिन अदालत अगाडि सर्नु पर्ने नै हुन्छ । अदालतले न्यायिक प्रक्रियामा मुद्दा पिच्छे मूल्यको (value) पहिचान गर्नुपर्दछ । जुनसुकै मुद्दाको निर्णयमा स्वार्थहरूको द्वन्द्वको value judgement भइराखेको हुन्छ । अदालतद्वारा मुद्दाको अवस्था, प्रकृति र सन्दर्भअनुसार कानूनको व्याख्या एवं प्रयोग गर्नुपर्ने।**

(प्रकरण नं. २०)

- **जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ लाई प्रतिस्थापित गर्दै आएको मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ ले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकम नघट्ने गरी प्रतिवादीबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराई दिनपर्ने छ भन्ने कानूनी व्यवस्थाले वारदातको समयमा सो कानून नरहे पनि पीडितको मानवीय संवेदनशीलता र निजलाई पर्न गएको क्षतिको उपचार पीडितले नपाउने भनी अर्थ गर्न नमिल्ने । संविधान र कानूनले अपराध हुँदाका अवस्थामा प्रचलनमा नरहेको कानूनले सजाय गर्न सकिदैन तर पीडित राहत शास्त्र यस्तो विधिशास्त्र हो जहाँ पीडितका प्रति हुन गएको अनेकन क्षतिलाई अदालत मुद्दा चलाउने पक्ष र अरू संलग्न निकायले संवेदनशीलरूपमा हेर्नु पर्ने।**

(प्रकरण नं. २३)

पुनरावेदक / प्रतिवादीको तर्फबाट : विद्वान् अधिवक्ता भोजेन्द्र बहादुर खत्री

प्रत्यर्थी / वादीको तर्फबाट : विद्वान् उपन्यायाधिवक्ता चन्द्रकान्त खनाल

अवलम्बित नजिर :

- *ने.का.प.* २०३४, नि.नं.१०५१, पृ.१३८
- *ने.का.प.* २०४७, अंक ७, नि.नं.४१७८
- *ने.का.प.* २०५४, अंक, नि.नं.६३९५

सम्बद्ध कानून :

- जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१)
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण ऐन), २०६४

सुरू फैसला गर्ने न्यायाधीश:-

मा.जि. न्यायाधीश श्री शेखर प्रसाद पौडेल

पुनरावेदन तहमा फैसला गर्ने न्यायाधीश:-

मा.न्या.श्री दीपक कुमार कार्की

मा.न्या.श्री शिवनारायण यादव

फैसला

न्या. गोपाल पराजुली : पुनरावेदन अदालत, राजविराजको मिति २०६६।८।१० को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम वादी प्रतिवादीहरूको तर्फबाट यस अदालतमा बेग्लाबेग्लै

पुनरावेदन पत्र दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य यस प्रकार छ ।

१. ....को जाहेरी दरखास्त

अन्यायी मेरी भदैनी निर्मला राई मेरो घरमा आई फूपु तपाइँ कामको खोजीमा हुनुहुन्छ भन्ने सुन्नमा आयो । तपाइँ जस्तो महिलाले स्वदेशमा के काम गर्नुहुन्छ, विदेश कुवेतमा बेबि केयरमा जानु बच्चा हेर्ने काम मात्र गर्नुपर्छ, मासिक रू.२०,०००।- तलब हुन्छ जानुहुन्छ भने म मेरो श्रीमान राजेश भन्ने भगिरथ दाहालसँग कुरा गरी दिन्छु । वहाँको म्यान पावर कम्पनी इण्डियाको बम्बईमा छ, त्यहाँबाट सिधै दुबई, कतार, कुवेतलगायतका विभिन्न देशहरूमा रोजगारको लागि पठाउने काम गर्नुहुन्छ, कतिलाई विदेश पठाई सक्नु भएको छ भनी विभिन्न किसिमको प्रलोभन देखाई मिति ०६४।३।१५ गते बेलुका काठमाडौ पुर्‍याई अन्यायी भगिरथ दाहालले त्यहाँबाट काँकडभिट्टाको नाका हुँदै जल्पायगुढीमा लगेर राखी बाटो खर्चको लागि बोकेको अमेरिकन डलर रू.३०।- भा.रू.५००।- समेत अरूले चोर्छन भनेर झुक्याई मबाट पैसासमेत लिई रेलमा चढाएर बम्बईमा पुर्‍याएर १२-१५ दिनपछि तपाइँको कुवेतको भिषा आयो एयरपोर्टमा झर्ने बित्तिकै तपाइँको साहु आउँछन र काममा लगाई दिन्छन भनी मलाई पठाएकोमा कुवेत नभई साउदीमा उडाइएको रहेछ । साउदी अरबमा मलाई काम गरेबापतको कुनै तलब भत्तासमेत नदिएर वेश्यावृतिमा लगाइएको, इन्कार गर्दा गोरूलाई हिर्काए झै हिर्काएकाले ५ महिनापछि त्यस घरबाट भाग्न सफल भई सर सहयोगबाट नेपाल फर्किन सफल भएकोले अन्यायीलाई जीउ मास्ने बेच्ने मुद्दामा सजाय गरी पाउन जाहेरी दरखास्त साथ उपस्थित भएकी छु । निज अभियुक्तले मिलेमतो गरी मलाई २ वर्षका लागि बेचेर रकमसमेत लिइसकेको कुरा साउदीको घरधनीबाट थाहा भएकोले अन्यायीलाई पक्राउ गरी यस कार्यमा संलग्न अन्य अभियुक्तहरूलाई समेत खोज तलास गरी कानूनबमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको ....को मिति २०६४।८।२ को जाहेरी दरखास्त ।

२. पीडित ....को बयान

मेरी भदैनी निर्मला राई मेरो घरमा आएर मेरो श्रीमान् राजेश भन्ने भगिरथ दाहालले मानिस विदेश पठाउने काम गर्नुहुन्छ बच्चा हेर्ने काम गरेमा महिनाको रू.२०,०००।- तलब हुन्छ । तपाइँ विदेश जानुहोस म मेरो श्रीमान्लाई भनेर विदेश पठाई दिन्छु भनी प्रलोभन देखाई गएको केही दिन पछि भगिरथ दाहाल आएर सोही कुरा बताई रू.४०,०००।- मा कुवेत पठाई दिने ढुक्क गरेपछि एक हप्तापछि काठमाडौं जाँदा रू.४५,०००।- लाग्ने भयो इन्डियाबाट जानु पर्छ भनेपछि मेरो दाई भेष बहादुर राईले रूपैयाँ दिएपछि मेरो भदैनी पर्ने मन कुमारी राई र मलाई काँकडभिट्टा हुँदै रेल चढाएर बम्बईमा लगी १५ दिन जति राखे पछि भिसा आयो भनेर जहाज चढाएर साउदी अरबमा पठायो । साउदीको एयरपोर्टमा २ दिन बसेपछि साहु आएर आफ्नो घरमा लगी काममा लगाएको ३ दिनदेखि त्यस घरमा भएका २५-३० वर्षका ४ जना केटा मानिसहरूले मलाई पालै पालो जबरजस्ती छुरा देखाएर बलत्कार गरे मैले चिच्याएर कराउँदा कोही कसैले केही सहयोग गरेनन् । मैले त्यस घरको मेडमलाई भन्दा पनि केही सहयोग गरिनन् । मैले त्यहाँ काम गरेबापतको रूपैयाँ माग्दा तँलाई हामीले रू.२,००,०००।- मा किनेका हौं, तेरो सबै पैसा एजेन्टले लगि सकेको छ, तलब पाउँदिनस् भनेर बताए । यसरी प्रतिवादीहरूले मलाई कुवेतमा बच्चा हेर्ने काममा मासिक रू.२०,०००।- तलबमा लगाइदिने प्रलोभन देखाई साउदी अरवमा लगेर वेश्यावृत्तिमा लगाई रू.२,००,०००।- मा बेचेको हुँदा प्रतिवादीहरूलाई हदैसम्मको कारवाही होस भन्नेसमेत व्यहोराको पीडित .... को मिति २०६४।८।२ को बयान मिति २०६४।८।३ मा

उदयपुर जिल्ला अदालतबाट प्रमाणित भएको ।

३. प्रतिवादी राजेश भन्ने भगिरथ दाहालको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान

मिति २०६४ साल असार महिनामा पीडित .... र निजको दिदी दक्षीसरा राई काठमाडौंको मेरो डेरामा आएर .... लाई विदेशमा पठाई दिनु पर्‍यो । हामीले रू.१०,०००।- ल्याएका छौं भनेकाले मैले रू.२०,०००।- लाग्छ भन्दा बम्बई पुगेर दिउँला भनी रू.१०,०००।- दिएपछि अर्की मनकुमारी राईका मानिसले पनि रू.२०,०००।- दिएपछि दुवै जनालाई मैले नेपालको कांकडभिट्टाको नाका हुँदै बम्बई लगेर साम्रिन मेनपावरको मार्फत कुवेत पठाउन लाग्दा .... को मेडिकल फेल भएर कुवेत पठाउन नसकेपछि बम्बईमा १२ दिन बसेर साउदी भएपनि जाने भनेकीले साउदी अरबमा पठाएको हुँ । मैले मासिक रू.२०,०००।- तलब हुन्छ भनेको हैन । नेपाली रूपैयाँ लगभग रू.८,०००।- जति तलब हुन्छ भनेको हुँ । मैले जाहेरवालीलाई दुई लाख रूपैयाँमा बेचेको पनि होइन घरको काम गर्न भनेर पठाएको हुँ । मैले १० जना मानिसलाई विदेश पठाई सकेको छु, मसँग मानिस विदेश पठाउने लाइसेन्स छैन । निजलाई पठाएबापतको बाँकी रू.१०,०००।- मेरी सासुमार्फत मैले पछि पाएको हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी राजेश भन्ने भगिरथ दाहालको मिति २०६४।८।६ मा अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान ।

४. प्रतिवादी निर्मला राई दाहालको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान

२०६४ सालको जेष्ठ महिनाको अन्तिम तिर म मेरा श्रीमान राजेश भन्ने भगिरथ दाहालसँग काठमाडौंको डेरामा बसेका बेला जाहेरवाली .... र निजको दिदी दक्षीसरा राईले मेरो मोबाइलमा फोन गरेर ज्वाईले विदेश पठाउने काम गर्नु भएको छ, छैन हामीलाई विदेश पठाई दिनु पर्‍यो भनेपछि मैले अहिलेसम्म त काम गर्दै हुनुहुन्छ भनेपछि मेरा श्रीमान् पनि आई पुग्नु भएकाले मैले फोन श्रीमान्लाई दिएँ त्यसपछि के के कुरा भयो मलाई थाहा भएन, त्यसको १५-२० दिनपछि .... र दक्षिसरा राई दुवै जना मेरो डेरामा आएर हामीलाई भेटी श्रीमान्सँग विदेश जाने कुराकानी हुँदा नातामा राम्रो होस, राम्रो काम पायो भने म पनि जान्छु र अरू मानिस पनि ल्याउछु भनेर दक्षीसरा राईले भन्नुभयो । .... र मनकुमारी राईलाई श्रीमान्ले बम्बई तिर लिएर जान लागे पछि मैले म आठ महिनाको गर्भवती छु अहिले नजानु भन्दा म छिट्टै पुर्‍याएर आउँछु भनेर जानु भएको थियो । २४-२५ दिनपछि श्रीमान् आउनु भएकोले उडाउनु भयो भनी सोध्दा फुपुको मेडिकल फेल भएर कुवेत नभई साउदी अरबमा उडाएँ भन्नुभयो । मैले निजको घरमा गएर रू.२०,०००।- तलब हुन्छ भनेर प्रलोभन देखाएकी होइन उनीहरूले नै फोन गरेर सोध्दा मेरा श्रीमान मानिस विदेश पठाउने काम गरी रहनु भएको छ भनेर भनी दिएको चाँही हुँ भन्नेसमेत व्यहोराको प्रतिवादी निर्मला राई (दाहाल) को मिति २०६४।८।७ मा अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान ।

५. बुझिएका भेषबहादुर राईले गरिदिएको कागज

भगिरथ दाहाल र निर्मला राई (दाहाल) ले मानिस विदेश पठाउने भएकोले म विदेश जानका लागि आएकी छु भनेर बहिनी .... ले फोन गरेपछि मैले भगिरथ दाहाललाई भेटी कुराकानी हुँदा बच्चा हेर्ने काममा कुवेत पठाउँछु ४५,०००।- रूपैयाँ लाग्छ भनेकाले मैले रू.४५,०००।- दिई बहिनीलाई समेत टेलिफोन गर्नु भनेर भा.रू.५००।- अमेरिकन डलर रू.३० दिएपछि भगिरथले बहिनी .... लाई लिएर बम्बई तिर गएका थिए । तिहारको समयमा बहिनी ....

आएकी छिन गणेश थानमा लिन जानु भनेर बालुबाटरबाट दिवस राईले फोन गरेकाले बहिनी .... लाई कोठामा ल्याएर सोधपुछ गर्दा प्रतिवादी भगिरथ दाहालले .... लाई कुवेत नपठाई साउदी अरबमा पठाएको, साउदीमा काम गर्न लगाएकोमा घरमा ४ जना पुरूषले छुरी देखाई जबरजस्तीसँग बलत्कार गर्ने गरेकाले घर जान्छु भन्दा काम गर्ने गरेको घरको मानिसले तँलाई हामीले रू.२,००,०००।- मा किनेको भनेका हुँदा भगिरथ दाहालले मलाई बेचेको रहेछ भन्ने कुरा थाहा पाई त्यहाँबाट भागी एक जना झापाको नेपाली दिदीलाई भेटी निजले नै सबै कुरा मिलाई नेपाल पठाई दिएको भनी बहिनीले भनेपछि सो कुरा घरमा फोन गरेर जानकारी गराउँदा दक्षीसरा पनि घरमा आई सकेको थाहा पाई घरमा आई दिदी बहिनीसँग सबै कुरा बुझ्दा भगिरथ दाहाल र निजकी श्रीमती निर्मला राई (दाहाल) ले प्रलोभन देखाई .... र दक्षीसरासँग पैसा लिई कुवेतमा काममा लगाई दिन्छु भनी .... लाई बेच्न सफल भएको र दक्षीसरालाई बेच्न बम्बईसम्म लगेको कुरा थाहा पाएको हुँ निजहरूलाई सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको भेषबहादुर राईले मिति २०६४।८।१८ मा अनुसन्धान अधिकारीसमक्ष गरी दिएको कागज।

६. वस्तुस्थिति मुचुल्का कागज

.... वैदेशिक रोजगारको लागि कुवेत गएकी भन्ने कुरा थाहा पाएका थियौं। उनी पाँच महिना बसी विदेशबाट फर्किई आएकोमा भगिरथ दाहाल र निर्मला राई (दाहाल) ले विदेशमा लगेर बेचेको कुरासमेत थाहा पाई ....सँग बुझ्दा महिनाको बिस हजार तलब हुन्छ बच्चा हेर्ने काम गर्नुपर्छ कुवेतमा जानुपर्छ भनी लगेकोमा कुवेत नलगी साउदी अरबमा लगेको, त्यहाँ काम गरेको ठाउँमा विभिन्न यातना दिई यौन सम्पर्क गर्ने गरेको, यौन सम्पर्क गर्न इन्कार गर्दा कुटपिट गर्ने गरेको र तँलाई तेरो एजेन्टले २ लाखमा बेची सकेको छ र २ वर्षसम्म काम गरेको तेरो पारिश्रमिक पाउँदिनस भनेकाले बेचिएकी रहिछे भनेर त्यहाँबाट भागि एक जना नेपाली दिदीको सहयोगले नेपाल फर्किएको हुँ भनेर पीडित .... ले भनेको सुनेको हुँदा प्रतिवादीहरू राजेश भन्ने भगिरथ दाहाल र निर्मला राई (दाहाल) ले .... लाई कुवेतमा बच्चा हेर्ने काममा लगाई दिने, बीस हजार मासिक तलब पाउने प्रलोभन देखाएर साउदी अरबमा लगेर बेचेकोमा विश्वास लाग्छ भन्नेसमेत एकै मिलान व्यहोराको वस्तुस्थिति मुचुल्काका मानिसहरू तिर्थबहादुर राई, डिकबहादुर राई, शोभा राई, प्रतिक्षा राईसमेतले मिति २०६४।८।१८ मा गरिदिएको कागज।

७. अभियोग मागदाबी

मिसिल संलग्न सबुद प्रमाणहरूबाट प्रतिवादीहरू राजेश भन्ने भगिरथ दाहाल र निर्मला राई (दाहाल) ले विभिन्न प्रलोभन देखाई कुवेतमा बच्चा हेर्ने काम लगाई दिन्छु भनी पीडित .... लाई झुक्याई साउदी अरब लगी रू.२ लाखमा बेची तत्काल प्रचलित जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ३ र ४(क) को कसुर अपराध गरेको र उक्त कसुरलाई हाल बहाल रहेको मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ३ तथा ४ (१)(क) ले निरन्तरता दिएको हुँदा प्रतिवादीहरूलाई कसुर हुँदाका बखत प्रचलनमा रहेको जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) बमोजिम सजाय गरी ऐ.ऐनको दफा ८(५) बमोजिम थैलीको बिगोबमोजिम जरिवाना हुने व्यवस्थालाई हाल प्रचलनमा रहेको मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(क) ले निरन्तरता दिएकोले सोही दफाबमोजिमको सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको

नेपाल सरकारको तर्फबाट परेको मिति २०६४।८।२३ को अभियोग पत्र।

८. प्रतिवादी निर्मला राई दाहालले अदालतमा गरेको बयान

२०६४ साल जेष्ठ महिनामा फुपु दक्षीसरा राईले हामी काठमाडौं रहेको बेला फोनमा कुरा गरी मेरो श्रीमान्‌को मानिस विदेश पठाउने नपठाउने कामको सम्बन्धमा बुझ्नु हुँदा मैले विदेश पठाउँदै हुनुहुन्छ भनेपछि मेरो श्रीमानसँग फोनमा कुरा गर्नुभयो । त्यसपछि ०६४ साल असार महिनामा .... र दक्षिसरा राई काठमाडौं मेरो कोठामा आई हप्ता दिन जति बसे म बिरामी भई सुतेकाले वहाँहरू बीच के के कुरा भयो मलाई थाहा भएन । दक्षीसरा राईले .... लाई कुवेत पठाई दिनु भनेको र आफ्नो नातामा राम्रो होस, राम्रो काम पाए अरू मानिस पनि खोज्छु र म पनि जान्छु भनी मेरा श्रीमान्‌सँग भनेको सम्म सुनेको हुँ। मेरा श्रीमान् भगिरथ .... र मन कुमारी हामी जान्छौं भनी हिँडेको र १२-१३ दिनपछि .... र मनकुमारीलाई साउदी अरब पठाएँ भनी मेरा श्रीमान्‌ले फोन गर्नुभएको थियो र २४-२५ दिनपछि फर्की आउनु भएको हो । मैले जाहेरवालीलाई प्रलोभनमा पारी साउदी अरब लगी बेचेको होइन, जाहेरवालीको बयान र प्रहरीमा कागज गर्ने व्यक्तिहरूको भनाई अनुसार जाहेरवालीलाई फकाई बिक्री गर्ने काम मैले नगरेको हुँदा अभियोग दाबीअनुसार सजाय हुने होइन सफाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी निर्मला राई (दाहाल) को मिति २०६४।८।२४ मा अदालतमा भएको बयान।

९. प्रतिवादी राजेश भन्ने भगिरथ दाहालले अदालतमा गरेको बयान

म श्रीमतीसँग काठमाडौंमा डेरा गरी बसी रहेकोमा गाईघाटबाट दक्षीसरा राईले ०६४ साल जेष्ठ अन्तिम तिर फोन गरी रोजगारीका लागि मानिस विदेश पठाउनुहुन्छ अरे मसँग १-२ जना मानिस छन भनी बोलाए पछि ७-८ दिनपछि दक्षीसरा राईको घरमा गई रू.२०,०००।- सम्ममा कुवेत पठाई दिने सम्बन्धमा कुरा भएपछि म आफ्नै वैदेशिक रोजगारीको काममा लागें। २०६४ असार ७-८ गतेतिर दक्षीसरा राई र .... मेरो कोठामा आई करिब १ हप्ता मेरै कोठामा बसे । त्यसपछि बम्बई गई साम्रिन इन्टरनेशनल ओभरसिजमा मेडिकल गर्दा .... को कुवेतका लागि पास नभएपछि साउदी अरब जान राजी भएपछि मैले साउदी अरब पठाई दिएको हो। मैले वैदेशिक रोजगारीका लागि मानिस पठाउने इजाजत पत्र लिएको छैन तैपनि विभिन्न कम्पनीबाट मानिस पठाउँछु । नेपालबाट कुवेत जान महिलालाई अनुमति नभएकाले बम्बईबाट पठाएको हो। जाहेरीलगायतका प्रहरीमा कागज गर्ने मानिसहरूको व्यहोरा झुट्टा हो। मैले जाहेरवालीलाई बिक्री गरेको नभई उनी स्वेच्छाले गएकीले अभियोग दाबीअनुसार सजाय हुनुपर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी भगिरथ दाहालको मिति २०६४।८।२५ मा अदालतसमक्ष भएको बयान।

१०. उदयपुर जिल्ला अदालतबाट भएको थुनछेक आदेश

पीडितलाई नेपालबाट बम्वई लगी साउदी अरव लगेको भन्ने कुरामा प्रतिवादीहरू साबितै देखिँदा प्रस्तुत मुद्दामा पछि ठहरेबमोजिम हुने नै हुँदा हाल मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन, २०६४ को दफा ८ बमोजिम निज प्रतिवादीहरू निर्मला राई दाहाल र भगिरथ दाहाललाई पुर्पक्षको लागि थुनामा राख्न कारागार कार्यालयमा पठाई दिनु भन्नेसमेत व्यहोराको उदयपुर जिल्ला अदालतका श्रेस्तेदारबाट मिति २०६४।८।२५ मा भएको आदेश

जिल्ला न्यायाधीशबाट मिति २०६४।९।४ मा सदर भएको।

११. प्रतिवादी निर्मला राई दाहालको साक्षी पृथ्वीबहादुर राईले अदालतमा गरेको बकपत्र

प्रतिवादी निर्मला राईले जाहेरवालीलाई फकाउने बेच्ने लैजाने र बेच्ने काम गरेको होइन। यस अगाडी पनि त्यस्तो काम गरेकी थिइनन भन्नेसमेत व्यहोराको प्रतिवादी निर्मला राईको साक्षी पृथ्वीबहादुर राईले मिति २०६४।९।२३ मा अदालतमा गरेको बकपत्र।

१२. प्रतिवादी भगिरथ दाहालको साक्षी दुर्गबहादुर राईले अदालतमा गरेको बकपत्र

प्रतिवादी भगिरथ दाहालले जाहेरवालीलाई बेचबिखन गरेको होइन जाहेरवाली राजिखुसीले नै विदेश गएकी हुन । जाहेरवाली सँगै गएको मेरी छोरी मन कुमारी राई हाल साउदी अरवमा काम गरी पैसा पठाई आएकी छिन । प्रतिवादी भगिरथ दाहालले जाहेरवालीलाई बेचेको नहुँदा कसुरदार होइनन र प्रतिवादीले सजाय पाउने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी भगिरथ दाहालको साक्षी दुर्गबहादुर राईले मिति २०६४।९।२३ मा अदालतमा गरेको बकपत्र।

१३. प्रतिवादीहरूको साक्षी हस्तबहादुर मगरले अदालतमा गरेको बकपत्र

प्रतिवादीहरू निर्मला राई दाहाल र भगिरथ दाहालले जाहेरवालीलाई बिक्री गरेको होइन छैन । .... को जाहेरी झुट्ठा हो । प्रतिवादी भगिरथ दाहालले आफूसँग सम्पर्क भएको मेनपावरमार्फत मानिस पठाउने गरेको हुँदा बिक्री गरेको होइन। रोजगारीको लागि विदेश पठाएको हो भन्नेसमेत व्यहोराको प्रतिवादीहरूका साक्षी हस्तबहादुर मगरले मिति २०६४।९।२४ मा अदालतमा गरेको बकपत्र।

१४. वस्तुस्थिति मुचुल्काका तिर्थबहादुर राई र डिकबहादुर राईले अदालतमा गरेको बकपत्र

मिति २०६४।८।१८ को वस्तुस्थिति मुचुल्कामा लेखाएको व्यहोरा र सहिछाप मेरै हो । जाहेरवाली .... लाई प्रतिवादीहरू भगिरथ दाहाल समेतले बिक्री गरेको हो भन्नेसमेत एकै मिलान व्यहोराको वस्तुस्थिति मुचुल्काका तिर्थबहादुर राई र डिकबहादुर राईको मिति २०६५।५।८ मा अदालतमा भएको बकपत्र।

१५. जाहेरवाली .... ले अदालतमा गरेको बकपत्र

प्रतिवादीमध्येका निर्मला मेरै घरमा आएर फकाई महिनाको रू.२०,०००।- तलब हुन्छ भनी प्रलोभन देखाई कुवेत भनेर लगेको साउदीमा लगेर बेचेको हो भन्नेसमेत व्यहोराको आफ्नो जाहेरीलाई समर्थन गर्दै गरेको जाहेरवाली .... को मिति २०६५।५।१० मा अदालतमा भएको बकपत्र।

१६. उदयपुर जिल्ला अदालतबाट भएको फैसला

जाहेरवालीले आफूलाई प्रतिवादीले बिक्री गरेको भनेको र सो कुरा को खण्डन प्रतिवादीबाट विश्वसनिय ढंगले हुन सकेको समेत नदेखिँदा प्रतिवादीहरूले अभियोग दाबीबमोजिम कसुर गरेनन् भन्न सकिने अवस्था मिसिल संलग्न प्रमाणबाट देखिन आएन । तसर्थ प्रतिवादी राजेश कुमार दाहाल भन्ने भगिरथ दाहालले जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४(क) बमोजिमको कसुर गरेको देखिँदा प्रतिवादी राजेश भन्ने भगिरथ दाहाललाई सोही ऐनको दफा ८(१) बमोजिम १२ वर्ष कैद र बिगोबमोजिम रू.२,००,०००।– दुई लाख जरिवाना हुने ठहर्छ। प्रतिवादी मध्येकी निर्मला राई (दाहाल) लाई

सोही ऐनको दफा ४(घ) को कसुरमा सोही ऐनको दफा ८(४) बमोजिम ३ वर्ष कैद हुने ठहर्छ भन्ने उदयपुर जिल्ला अदालतको फैसला।

१७. प्रतिवादी भगिरथ दाहालको पुनरावेदन अदालत राजविराजमा परेको पुनरावेदन पत्र

जाहेरवालीको परस्पर बाझिएको भनाई, जाहेरवाली तथा अभिभावकको मन्जुरीबाट वैदेशिक रोजगारमा गएको स्पष्ट भई वैदेशिक रोजगार ऐन, २०६४ अन्तर्गतको कार्यलाई बङ्ग्याई खारेज भइसकेको ऐनअनुसार मुद्दा दर्ता भई खारेजी ऐनअनुसार नै भएको फैसला र मुक्तक संस्थामा पुर्‍याउने महिलाको नाम थर हैसियतसमेत खुलाउन नसक्नु र मुक्तक भन्ने संस्था छ, छैन भए के कस्तो कार्य गर्दछ सो संस्थामा पुर्‍याउने महिलासमेत नबुझि नहुने प्रमाण भएको सो प्रमाण अनुसन्धानको सिलसिलामा बुझ्न नसक्नु तथा सम्मानित अदालतबाट चासो नदेखाउनु समेतबाट अमुक कुरा नाम उल्लेख भएबाट समेतका आधारहरूबाट म पुनरावेदक निर्दोष रहेको पुष्टि भइरहेको अवस्थामा अभियोग दाबीबमोजिम सजाय गर्ने गरी भएको उदयपुर जिल्ला अदालतको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी भगिरथ दाहालको पुनरावेदन अदालत, राजविराजमा परेको मिति २०६६।१।२३ को पुनरावेदन पत्र।

१८. वादी नेपाल सरकारको पुनरावेदन अदालत, राजविराजमा परेको पुनरावेदन पत्र

प्रतिवादीहरू उपर जाहेरवालीको किटानी जाहेरी परेको र जाहेरी व्यहोरा समर्थित हुने गरी गरेको बयान अदालतबाट प्रमाणित भएको, त्यसै गरी वादी पक्षका डिकबहादुर राई र तिर्थबहादुर राईसमेतले यी प्रतिवादी निर्मला राई (दाहाल) समेतको संलग्नतामा यी पीडितलाई विदेशमा लगी बेचेको पुष्टि भइरहेको अवस्था छ भन्ने प्रस्तुत मुद्दामा कुनै स्वास्नी मानिसलाई निजको अभिभावक वा निजको नातेदारबाहेक अन्य कसैले विदेश लैजान लागेकोमा बेचबिखन गर्ने वा वेश्यावृतिमा लगाउने उद्देश्यले लगेको होइन भन्ने प्रमाण अभियुक्तले पुर्‍याउनु पर्ने तथा अदालतद्वारा प्रमाणित बयान झुट्टा हो भन्ने प्रमाण पनि अभियुक्तले नै पुर्‍याउनुपर्ने कानूनी व्यवस्थासमेत रहेको अवस्थामा यी प्रतिवादीले आफूउपरको अभियोग खण्डन गर्नसमेत सकेको नदेखिँदा अभियोग दाबीबमोजिमको कसुर गरेको पुष्टि भइरहेको अवस्थामा समानस्तरका अभियुक्त यी प्रतिवादीका पति भगिरथ दाहाललाई अभियोग दाबीबमोजिम नै सजाय भइसकेकोसमेतका आधारमा यी विपक्षी प्रतिवादी निर्मला राई (दाहाल) समेतलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्नेमा प्रतिवादी निर्मला राई (दाहाल) को हकमा कम सजाय गर्ने गरी भएको फैसलाको हदसम्म सुरू फैसला बदर गरी यी प्रतिवादीलाई समेत अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको पुनरावेदन अदालत, राजविराजमा परेको पुनरावेदन।

१९. पुनरावेदन अदालत राजविराजबाट भएको फैसला

प्रतिवादी राजेश भन्ने भगिरथ दाहालले तत्काल प्रचलित जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४(क) बमोजिम कसुर गरेको देखिँदा ऐनको दफा ८(१) बमोजिम १२ बाह्र वर्ष कैद र बिगोबमोजिम २,००,०००। दुई लाख जरिवाना तथा प्रतिवादी निर्मला राई (दाहाल) लाई सोही ऐनको दफा ४(घ) को कसुरमा दफा ८(४) बमोजिम ३ वर्ष कैद गर्ने ठहर्‍याएको सुरू उदयपुर जिल्ला अदालतको मिति २०६५।९।२० को फैसला मनासिब नै देखिँदा सदर हुन्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, राजविराजको मिति २०६६।८।१० को फैसला।

२०. प्रतिवादी भगिरथ दाहालको तर्फबाट यस अदालतमा परेको पुनरावेदन पत्र

जाहेरवालीलाई निजको इच्छाअनुसार नै कानूनबमोजिम भिषा प्राप्त गरी विदेश पठाएको हो । निजले ४-५ महिना काम गरी घरमा पैसासमेत पठाएको निजसँगै गएकी मन कुमारी राईसमेतका व्यक्तिहरू अहिले पनि साउदीमा काम गरी रहेको निजले विदेशमा काम गर्न नसकेको वा काम नपाएको वा काम गर्न कठिनाई भएको वा विदेशी संस्था वा व्यक्तिले निजलाई राम्रो काम नदिएको वा निजलाई विदेशमा बस्ने इच्छा नभएको जुनसुकै मेरो कावुबाहिरको परिस्थितिका कारणले स्वदेश फर्की आएको भए तापनि उक्त विषयको रिस वा झोकमा वदला लिने भावनाले प्रेरित भई पुर्वाग्रह किसिमले निजले मलाई फसाउन दिएको जाहेरीको आधारमा वैदेशिक रोजगारको विषयमा आकर्षण नै नहुने साबिक जिउ मास्ने बेच्ने कार्य नियन्त्रण ऐन, २०४३ को हाल प्रचलित मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन प्रयोग गरी लगाइएको अभियोगमा सजाय गरेको उदयपुर जिल्ला अदालतको फैसला सदर गरेको पुनरावदेन अदालत, राजविराजको फैसला नमिलेकाले उक्त फैसला उल्टी गरी अभियोग दाबीबाट सफाई दिलाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी भगिरथ दाहालको मिति २०६७।३।२० मा यस अदालतमा परेको पुनरावेदन पत्र ।

२१. प्रतिवादी निर्मला राई दाहालको तर्फबाट यस अदालतमा परेको पुनरावेदन पत्र

जाहेरवालीलाई म पुनरावेदक प्रतिवादीले विदेश पठाएको नभई निज आफ्नै राजिखुसीले मेरा श्रीमान भगिरथ दाहालसँग सहयोग मागी विदेश गएका हुन । निजले ४-५ महिना काम गरी घरमा पैसासमेत पठाएको निजसँगै गएकी मन कुमारी राईसमेतका व्यक्तिहरू अहिले पनि साउदीमा काम गरी रहेको निजले विदेशमा काम गर्न नसकेको वा काम नपाएको वा काम गर्न कठिनाई भएको वा विदेशी संस्था वा व्यक्तिले निजलाई राम्रो काम नदिएको वा निजलाई विदेशमा बस्ने इच्छा नभएको जुनसुकै मेरो कावुबाहिरको परिस्थितिका कारणले स्वदेश फर्की आएको भए तापनि उक्त विषयको रिस वा झोकमा वदला लिने भावनाले प्रेरित भई पुर्वाग्रह किसिमले निजले मलाई फसाउन दिएको जाहेरीको आधारमा मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन प्रयोग गरी लगाइएको अभियोगमा सजाय गरेको उदयपुर जिल्ला अदालतको फैसला सदर गरेको पुनरावदेन अदालत, राजविराको फैसला नमिलेकाले उक्त फैसला उल्टी गरी अभियोग दाबीबाट सफाई दिलाई पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी निर्मला राई दाहालको मिति २०६७।८।२६ मा यस अदालतमा परेको पुनरावेदन पत्र ।

२२. वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा परेको पुनरावेदन पत्र

प्रतिवादी निर्मला राई दाहाल उपर जाहेरवालीको किटानी जाहेरी परेको साथै उक्त जाहेरी दरखास्तलाई समर्थित हुने गरी अदालतसमक्ष बकपत्र गरेको जाहेरवालीलाई विभिन्न प्रलोभनमा पारी फकाउने तथा उक्साउने काम गरी विदेश जान तत्पर बनाउने कार्यमा प्रतिवादी निर्मला राई दाहालको महत्त्वपूर्ण भूमिका रहेको मिसिल संलग्न कागजातबाट पुष्टि भइरहेको र प्रस्तुत मुद्दामा कुनै स्वास्नी मानिसलाई निजको अविभावक वा निजको नातेदार बाहेक अन्य कसैले विदेश लैजान लागेकोमा बेचबिखन वा वेश्यावृत्तिमा लगाउने उद्देश्यले लगेको होइन भन्ने कुराको प्रमाण पुर्‍याउने भार प्रतिवादीमा रहकोमा यी प्रतिवादीले आफूउपरको अभियोग खण्डन गर्नसमेत नसकी अभियोग दाबीबमोजिमको कसुर पुष्टि भइरहेको अवस्थामा समान स्तरका अभियुक्त भगिरथ दाहाललाई अभियोग दाबीबमोजिम सजाय भइसकेको आधारमा यी प्रतिवादी निर्मला राई दाहाललाई

समेत सजाय हुनुपर्नेमा कम सजाय हुने ठहर्‍याई पुनरावेदन अदालत, राजविराजबाट भएको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको यस अदालतमा परेको मिति २०७०।१२।२१ को पुनरावेदन पत्र।

२३. यस अदालतबाट भएको विपक्षी झिकाउने आदेश

वैदेशिक रोजगारको सिलसिलामा जाहेरवालीलाई कुवेत पठाउन नसकेपछि साउदी अरेविया पठाएको भन्ने प्रतिवादी भगिरथ दाहालको बयानबाट देखिन्छ । आफूलाई वैदेशिक रोजगारको लागि साउदी अरेविया पठाएको र घरायसी काम गरी बस्दा सोही घरका मानिसले बलात्कार गरेको भन्ने जाहेरवालीको मौकाको बयानबाट देखिन्छ । वैदेशिक रोजगारीको सिलसिलामा साउदी अरेविया पठाएको र गएको कुरामा मुख मिलेको अवस्थामा सो कार्यमा मानव बेचबिखन तथा ओसार पसारको कसुरअन्तर्गत पर्ने वा नपर्ने भन्ने प्रश्न अन्तरनिहित रहेको देखिई पुनरावेदन अदालतको फैसला फरक पर्न सक्ने देखिएकोले अ.बं.२०२ नं.बमोजिम छलफलको निमित्त महान्यायाधिवक्ताको कार्यालयलाई पेसीको सूचना दिई नियमानुसार पेस गर्नु भन्ने व्यहोराको यस अदालतबाट भएको मिति २०६९।३।२७ को आदेश।

नियमबमोजिम निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता भोजेन्द्रबहादुर खत्रीले वैदेशिक रोजगार ऐनअन्तर्गतको कार्य सोही ऐनअन्तर्गत कारवाही हुनुपर्ने हो। मेरो पक्षले पीडितलाई छाडेर अलपत्र पारेको अवस्था होइन । मेरो पक्षले जाहेरवालीलाई निजले इच्छा गरेको देशमा वैदेशिक रोजगारीका लागि जानको निमित्त आवश्यक सहयोग गरेकोसम्म हो। *ने.का.प.* २०३४ नि.नं. १०५१ पृष्ठ-१६ मा अपराध मा साबित हुनु र तथ्यमा साबिक हुनु फरक कुरा हो भनी सिद्धान्त प्रतिपादित भइरहेको स्थितिमा कसुरदार ठहर गरेको फैसला नमिलेकोले मेरो पक्षलाई अभियोग माग दाबीबाट फुर्सद दिलाई पाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

पुनरावेदक वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता चन्द्रकान्त खनालले जाहेरवालीलाई ललाई फकाई गरी मेरो श्रीमान् विदेश पठाउने काम गर्नु हुन्छ, महिनाको तलब रू.२०,०००/- पाइन्छ, बेबी केयरमा काम गर्न पाइन्छ भनी प्रलोभनमा पारी झुक्याई कुवेत पठाई दिने भनी साउदी अरब पठाई बलात्कारमा परि विभिन्न यातना खपी बलात्कृत हुन परेको स्थिति देखिन्छ। निज प्रतिवादी निर्मलाकै उक्साहट, फकाईमा परि विदेश जान बाध्य पारेको स्थितिमा प्रतिवादी निर्मला राई दाहाललाई समेत भगिरथ दाहाल समान सजाय हुनुपर्नेमा कम सजाय गरेको फैसला उल्टि गरी अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

यसमा तपाइँ कुवेतको बेबी केयरमा काम गर्न जानुभयो भने रू.२०,०००/- तलब हुन्छ र काम पनि सजिलो हुन्छ । विदेश पठाउन मेरो श्रीमान्को बम्बईमा म्यान पावर कम्पनी छ त्यहाँबाट सिधै पठाउनु हुन्छ भनी भनेकोमा मैले म नेपालबाटै विदेश जान्छु भन्दा नेपालबाट बढी समय लाग्छ भनी बम्बई पुर्‍याई १२/१५ दिन पछि तपाइँको भिसा लाग्यो एयरपोर्टमा पुर्‍याई झर्ने बित्तिकै बेबी केयर सेन्टरको साहु आई पुग्छन भनेकोमा मलाई कुवेतको सट्टा साउदी उडाई साउदी अरब पुगी २ दिनसम्म भोकै बसेपछि बेबी केयरको लागि लिन आएको मानिसले मलाई लिई गई खान पिउन बस्नसमेत नदिई बलपूर्वक वेश्यावृत्ति गर्न बाध्य पारी सो कार्य गर्न नमान्दा शारीरिक पाशविक यातना दिइरहेको अवस्थामा ५ महिना जति बसे पश्चात बन्द पर्खाल गेटबाट लुकी भागी शहरमा भौतारिई रहेको अवस्थामा त्यही शहरमा काम गर्ने नाम थाहा

नभएको महिलासँग गुहार गरी वहाँले सरसहयोग बटुली हवाई टिकट काटी नेपाल फर्काई सहयोग गरेकी हुन्। मलाई २ वर्षका लागि बेचेर रकमसमेत लिई सकेको कुरा साउदीको घरधनीबाट थाहा भएकाले प्रचलित कानूनबमोजिम अभियुक्तहरूलाई कारवाही गरी मेरो शारीरिक तथा मानसिक यातनाका कारण स्वास्थ्यको अवस्थासमेत नाजुक भइसकेकाले स्वास्थ्य उपचारको साथै, विदेश जाँदा लागेको खर्च रू.४५,०००/- र विदेशमा काम गर्दा मासिक रू.२० हजार नपाएकाले ५ महिनाको रू.१ लाखसमेत दिलाई भराई पाउँ भन्ने .... को जाहेरी देखिन्छ।

जाहेरवालीले अनुसन्धान अधिकारीसमक्ष गरेको अदालतद्वारा प्रमाणित बयानमा समेत जाहेरीमा जस्तै मलाई भदैनी नाताकी निर्मला राई मेरो श्रीमान्ले विदेश पठाउनु हुन्छ बच्चा हेर्ने काम गर्नुपर्छ महिनाको रू.२०,०००/- तलब हुन्छ विदेश जानुहोस भनी प्रलोभन देखाई रू.४०,०००/- मा पठाइ दिने ढुक्क गरेपछि एक हप्ता पछि काठमाडौं जाँदा रू.४५,०००/- लाग्ने भयो इण्डियाबाट जानुपर्छ भनेपछि मसँगै गएका दाईले पैसा दिएपछि मनकुमारी राई र मलाई रेल चढाएर बम्बई लगे पछि १५ दिन जति पछी साउदी अरब पठाइयो। साउदीको एयरपोर्टमा २ दिन बसेपछि मालिक आएर लगे पछि १ महिना ९ दिनसम्म राखेर घरको सरसफाई गर्ने कपडा धुने, ट्वाइलेट सफा गर्ने काम लगायो। काम गर्न थालेको ३ दिन पछि त्यही घरमा भएका चार भाई २५/३० वर्षका मानिसले जबरजस्तीसँग बलत्कार गर्न खोजे पछि मैले इन्कार गर्दा मलाई छुरी देखाई डर, त्रास देखाए पछि मैले चिच्याएर कराउँदा कोही कसैले सहयोग गरेनन चारै जनाले पालै पालोसँग बलत्कार गरेरै छाडे। त्यसपछि पनि पटकपटक बलत्कार गरी रहेकाले मैले त्यस घरमा मेडमलाई भन्दा कुनै वास्ता गरिनन्। एक महिना ९ दिनपछि मलाई त्यहाँबाट मेडमको घरमा ल्याइयो। मेडमको घरमा बस्दा कसैले बलत्कार गरेन। फेरि पहिलेकै ठाउँमा लगे त्यहाँ फेरि बलत्कार गरी नै रहे।

२०६४ सालको कार्तिक २२/२३ गते तिर म बसेको घर मालिक र मालिकनी दुवैजना आफ्ना बच्चा लिएर स्कुल गएको अवस्थामा त्यहाँबाट भागेर एक जना दिदीलाई भेटी सबै कुरा बताएपछि सो दिदीले आफूसँग ३ दिन राखी अरेवीयनहरूसँग कुराकानी गरी मेरो पासपोर्ट झिकाई हवाई टिकट मिलाई दिएकीले कार्तिक २७ गते काठमाडौं आएपछि २८ गते घर आएको हो भनी बयान गरेको पाइयो।

प्रतिवादी भगिरथ दाहालले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानमा मिति २०६४ साल असार महिनामा पीडित .... र निजको दिदी दक्षीसरा राई काठमाडौंको मेरो डेरामा आएर .... लाई विदेशमा पठाई दिनु पर्‍यो। हामीले रू.१०,०००।- ल्याएका छौं भनेकाले मैले रू.२०,०००।- लाग्छ भन्दा बम्बई पुगेर दिउँला भनी रू.१०,०००।- दिएपछि अर्की मनकुमारी राईका मानिसले पनि रू.२०,०००।- दिएपछि दुवै जनालाई मैले नेपालको काँकडभिट्टाको नाका हुँदै बम्बई लगेर साम्रिन मेनपावरको मार्फत कुवेत पठाउन लाग्दा .... को मेडिकल फेल भएर कुवेत पठाउन नसकेपछि बम्बईमा १२ दिन बसेर साउदी भएपनि जाने भनेकीले साउदी अरबमा पठाएको हुँ। मैले मासिक रू.२०,०००।- तलब हुन्छ भनेको हैन। नेपाली रूपैयाँ लगभग रू.८,०००।- जति तलब हुन्छ भनेको हुँ। मैले जाहेरवालीलाई दुई लाख रूपैयाँमा बेचेको पनि होइन घरको काम गर्न भनेर पठाएको हुँ। मैले १० जना मानिसलाई विदेश पठाई सकेको छु, मसँग मानिस विदेश पठाउने लाइसेन्स छैन। निजलाई पठाएबापतको बाँकी रू.१०,०००।- मेरी सासुमार्फत मैले पछि पाएको हुँ भनी बताएको देखिन्छ।

अर्का प्रतिवादी निर्मला राई दाहालको अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा २०६४

सालको जेष्ठ महिनाको अन्तिम तिर म मेरा श्रीमान् राजेश भन्ने भगिरथ दाहालसँग काठमाडौंको डेरामा बसेका बेला जाहेरवाली .... र निजको दिदी दक्षीसरा राईले मेरो मोबाइलमा फोन गरेर हामीलाई विदेश पठाई दिनु पर्‍यो भनेपछि मैले फोन श्रीमानलाई दिएँ त्यसपछि के के कुरा भयो मलाई थाहा भएन, त्यसको १५-२० दिनपछि .... र दक्षिसरा राई दुवै जना मेरो डेरामा आएर हामीलाई भेटी श्रीमान्सँग विदेश जाने कुराकानी हुँदा नातामा राम्रो होस, राम्रो काम पायो भने म पनि जान्छु र अरू मानिस पनि ल्याउछु भनेर दक्षीसरा राईले भन्नुभयो। .... र मनकुमारी राईलाई श्रीमान्ले बम्बई तिर लिएर जान लागे पछि मैले म आठ महिनाको गर्भवती छु अहिले नजानु भन्दा म छिट्टै पुर्‍याएर आउँछु भनेर जानु भएको थियो। २४-२५ दिनपछि श्रीमान् आउनु भएकोले उडाउनु भयो भनी सोध्दा फुपुको मेडिकल फेल भएर कुवेत नभई साउदी अरबमा उडाएँ भन्नु भयो। मैले निजको घरमा गएर रू.२०,०००।- तलब हुन्छ भनेर प्रलोभन देखाएकी होइन उनीहरूले नै फोन गरेर सोध्दा मेरा श्रीमान् मानिस विदेश पठाउने काम गरी रहनु भएको छ भनेर भनी दिएको चाँही हुँ भनी बताएको देखिन्छ।

बुझिएका भेषबहादुर राईले गरी दिएको कागजमा भगिरथ दाहाललाई मैले रू.४५,०००/- दिई बहिनीलाई समेत टेलिफोन गर्नु भनेर भा.रू.५००/- अमेरिकन डलर रू.३०/- दिएपछि भगिरथले .... लाई लिएर बम्बई गएका थिए। पछि बहिनी आएपछि सोधपुछ गर्दा प्रतिवादीले बहिनीलाई कुवेत नपठाई साउदी अरबमा पठाएको, त्यहाँ बलत्कारमा परेको, रू.२ लाखमा तँलाई हामीले किनेको भनेको हुँदा भगिरथ दाहालले मलाई बेचेको रहेछ भन्ने कुरा थाहा पाई भागेर एक जना दिदीले व्यवस्था गरी नेपाल पठाई दिएको भनी बहिनीले बताएको तथा दक्षीसरा भने बम्बईबाट फर्केर आएको हुँदा प्रतिवादीहरूले बेच्न लगेको थाहा पाएको हुँ भनी अनुसन्धान अधिकारीसमक्ष कागज गरी दिएको देखिन्छ।

वस्तु स्थिति मुचुल्काका तिर्थबहादुर राई, डिकबहादुर राई, शोभा राई, प्रतिक्षा राईसमेतले गरी दिएको कागजमा कुवेतमा बच्चा हेर्ने काम गर्नुपर्छ महिनाको बीस हजार तलब हुन्छ भनी लगेकोमा कुवेत नलगी साउदी लगी काम गर्ने ठाउँमा विभिन्न यातनाका साथै यौन सम्पर्क गर्न बाध्यसमेत पारी रू.२ लाखमा २ वर्षका लागि बेचेको भनी घर मालिकले भनेको र विभिन्न यातना सही एकजना नेपाली दिदीको सहयोगमा नेपाल फर्किएको भनेर पीडित ....ले भनेका सुनेकाले प्रतिवादीहरू राजेश भन्ने भगिरथ दाहाल र निर्मला राईले ....लाई कुवेतमा बच्चा हेर्ने काममा लगाई दिने, २०,०००/- मासिक तलब हुने भनी लगेर बेचेकोमा विश्वास लाग्छ भनी गरिदिएको एकै व्यहोराको वस्तुस्थिति मुचुल्का रहेको देखियो। प्रस्तुत मुद्दामा प्रतिवादीहरू राजेश भन्ने भगिरथ दाहाल र निर्मला राई (दाहाल) ले विभिन्न प्रलोभन देखाई कुवेतमा बच्चा हेर्ने काम लगाई दिन्छु भनी पीडित ....लाई झुक्याई साउदी अरब लगी रू.२ लाखमा बेची तत्काल प्रचलित जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ३ र ४(क) को कसुर अपराध गरेको र उक्त कसुरलाई हाल बहाल रहेको मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन २०६४ को दफा ३ तथा ४ (१)(क) ले निरन्तरता दिएको हुँदा प्रतिवादीहरूलाई कसुर हुँदाका बखत प्रचलनमा रहेको जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८(१) बमोजिम सजाय गरी ऐ.ऐनको दफा ८(५) बमोजिम थैलीको बिगोबमोजिम जरिवाना हुने व्यवस्थालाई हाल प्रचलनमा रहेको मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५ (१)(क) ले निरन्तरता दिएकोले सोही दफाबमोजिमको सजाय गरिपाउँ भन्ने अभियोग

माग दाबी रहेको देखिन्छ।

सुरू अदालतबाट भएको फैसलामा प्रतिवादी राजेशकुमार दाहाल भन्ने भगिरथ दाहालले जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ४(क) बमोजिमको कसुर गरेको देखिँदा प्रतिवादी राजेश भन्ने भगिरथ दाहाललाई सोही ऐनको दफा ८(१) बमोजिम १२ वर्ष कैद र बिगोबमोजिम रू.२,००,०००।– दुई लाख जरिवाना हुने ठहर्छ। प्रतिवादीमध्येकी निर्मला राई (दाहाल) लाई सोही ऐनको दफा ४(घ) को कसुरमा सोही ऐनको दफा ८(४) बमोजिम ३ वर्ष कैद हुने ठहराई फैसला भएकोमा सो फैसला उपर पुनरावेदन परेकोमा पुनरावेदन अदालत, राजविराजबाट सुरू सदर हुने ठहराई फैसला गरेकोमा चित्त नबुझाई प्रतिवादी राजेश भन्ने भगिरथ दाहाल र निर्मला राईले बेच्ने बेचाउने, ललाई फकाई गर्ने कार्य नगरि वैदेशिक रोजगारीमा पठाउनेसम्म कार्य गरेको हुँदा हामीलाई दिइएको सजाँयबाट फुर्सद गराई पाउँ भनी छुट्टाछुट्टै पुनरावेदन गरेको देखिन्छ भने वादी नेपाल सरकारका तर्फबाट भगिरथ दाहाललाई कसुर पुष्टि भई अभियोग माग दाबीबमोजिम सजाय भएको स्थितिमा अर्का प्रतिवादी निर्मला राईलाई ३ वर्ष मात्र कैद सजाय हुने ठहर गरी गरेको फैसला नमिलेकाले उल्टि गरी निज प्रतिवादी निर्मला राई दाहाल समेतलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भनी नेपाल सकारको तर्फबाट पुनरावेदन पर्न आएको देखियो।

यस अदालतबाट विपक्षी झिकाउने आदेशमा वैदेशिक रोजगारको सिलसिलामा जाहेरवालीलाई कुवेत पठाउन नसकेपछि साउदी अरब पठाएको भन्ने प्रतिवादी भगिरथ दाहालको बयानबाट देखिन्छ। आफूलाई वैदेशिक रोजगारको लागि साउदी अरेविया पठाएको र घरायसी काम गरी बस्दा सोही घरका मानिसले बलात्कार गरेको भन्ने जाहेरवालीको मौकाको बयानबाट देखिन्छ। वैदेशिक रोजगारीको सिलसिलामा साउदी अरेविया पठाएको र गएको कुरामा मुख मिलेको अवस्थामा सो कार्यमा मानव बेचबिखन तथा ओसार पसारको कसुरअन्तर्गत पर्ने वा नपर्ने भन्ने प्रश्न अन्तरनिहित रहेको देखिई पुनरावेदन अदालतको फैसला फरक पर्न सक्ने देखिएकोले भनी भएको आदेशसमेतको अध्ययन गरियो।

२. निर्णयतर्फ विचार गर्दा, कुवेतमा बेबी केयरमा काममा लगाई दिने भनी बम्बई लगेपछि बम्बइमै केही दिन राखेर कुवेत नपठाई साउदी अरव उडाएको कुरामा प्रतिवादी साबित देखिन्छन्। यसरी उदयपुर जलजलेबाट काँकडभिट्टा हुँदै बम्बईसम्म पुर्‍याई त्यहाँबाट साउदी पठाएको कुरामा प्रतिवादीको समेत मुख मिलेको देखिँदा जाहेरवालीलाई प्रतिवादीले बम्बईबाट साउदी पठाएको तथ्य शंकारहित तवरवाट स्थापित हुन आयो।

३. जाहेरवालीले साउदी अरबबाट फर्केपछि दिएको जाहेरी, जाहेरी अनुरूपकै अनुसन्धान अधिकारीसमक्ष गरिएको अदालतबाट प्रमाणित बयान र अदालतमा आएर गरेको बकपत्रसमेतबाट आफूलाई कुवेत पठाउन लगिएकोमा साउदी पुर्‍याइएको २ दिनसम्म एयरपोर्ट मै बस्नु परेको २ दिन पछि घर मालिक आएर घरमा लगेको घरमा गएको २, ३ दिन पछि ४ जना युवाहरूबाट लगातार यौन शोषणमा परेको भनेर लेखाई दिएको पाइन्छ। एक महिलाले आफ्नो इज्जतमा धावा बोलेको कुरालाई सामाजिक चुनौती मोलेर जाहेरी, अनुसन्धानको बयान र अदालतको बकपत्रसमेतमा आफूले भोगेको पीडा उल्लेख गरी व्यक्त गरेको अवस्था देखिन्छ। जिउ मास्ने बेच्ने नियन्त्रण ऐन, २०४३ को दफा ७ (१)[2] ले प्रमाणको भार प्रतिवादीमा रहने भन्ने व्यवस्था गरेको हुँदा

2 कुनै स्वास्नी मानिसलाई निजको अभिभावक वा नजिकको नातेदार बाहेक अन्य कसैले विदेश लैजान लागेकोमा बेचबिखन गर्ने वा वेश्यावृत्तिमा लगाउने उद्देष्यले लगेको हो भन्ने दफा ५ बमोजिम कसैको उजुर परेमा त्यस्तो उद्देष्यले लगेको होइन भन्ने कुराको प्रमाण अभियुक्तले पुर्याउनु पर्नेछ। जिउ मास्ने बेच्ने नियन्त्रण ऐन, २०४३ दफा ७ (१)

सोअनुसार प्रतिवादीले आफू निर्दोष भएको कुराको तथ्य र प्रमाणले पुष्टि गराउन सक्नु पर्दछ। ***जीउ मास्ने बेच्ने जस्तो मुद्दामा प्रतिवादीले अन्यथा प्रमाणित गर्न सकेमा बाहेक पीडित जाहेरवालीको भनाईलाई विश्वास प्रद मान्नु पर्ने हुन्छ*** भनी *ने.का.प.* २०५४[3] मा सिद्धान्त प्रतिपादित भएको देखिन्छ।

४. बिना आधार जाहेरी दिएको कुराको तथ्ययुक्त, वस्तुनिष्ठ प्रमाण प्रतिवादीले पेस गर्न सक्नु पर्दछ । जलजलेबाट काँकडभिट्टा हुँदै बम्बई पुर्‍याएको बम्बईबाट साउदी उडाएको तथ्यमा साबित हुँदाहुँदै गोश्वारारूपमा निर्दोष छु भनेको कारणले मात्र प्रतिवादीले सफाई पाउने स्थिति रहँदैन । तथ्य स्थापित भई साउदीमा पुर्‍याई यौन शोषणमा परेको स्थितिमा जाहेरवालीले बिना आधार रिसइवी आदि मात्र कारणले प्रतिवादी विरूद्ध जाहेरी दिइन भनी मान्न नसकिने। ने. का. प. २०४७[4] वाङछेन लामाको मुद्दामा ***जाहेरवाला तथा पीडितले झुट्ठा पोल गर्नुपर्ने कारण देखाउन सक्नुपर्ने*** भनी सिद्धान्तसमेत प्रतिपादन भएको देखिन्छ। त्यस्तै ***पीडित व्यक्तिको कथन अदालतबाट प्रमाणित भएपछि प्रमाणमा ग्राह्य हुने विशेष कानूनी व्यवस्था रहेकोमा त्यस्तो प्रमाण खण्डन गर्न प्रतिवादीले ठोस प्रमाण प्रस्तुत गर्नुपर्ने*** भन्ने गणेश प्रकाश खतिवडाको मुद्दामा[5] सिद्धान्तसमेत प्रतिपादन भएको स्थितिमा पीडितको भनाईलाई निज प्रतिवादीले स्पष्टरूपमा खण्डन गर्न सकेको देखिँदैन।

५. पुनरावेदक प्रतिवादी भगिरथ दाहालले आफूले वैदेशिक रोजगारमा पठाएको तर मुद्दा जीउ मास्ने बेच्नेअन्तर्गत चलेको भन्ने आधार पुनरावेदन जिकिरमा लिएको तथा यस अदालतबाट प्रत्यर्थी झिकाउने आदेशमा पनि सोही वैदेशिक रोजगार सम्बन्धि पृष्ठभूमिमा आदेश भएको देखिँदा सो सम्बन्धमा हेर्दा, प्रस्तुत मुद्दामा पीडितलाई भएको शोषण, प्रतिवादीले स्वदेशबाटै वैधानिक निकायबाट पठाएको नदेखिएको तथा निज वैदेशिक रोजगारसम्बन्धी आधिकारिक व्यक्ति नभई निजको कार्य जीउ मास्ने बेच्ने ऐनले स्पष्ट परिभाषित कसुर भएको हुँदा प्रतिवादीको जिकिर तथा यस अदालतबाट प्रत्यर्थी झिकाउने आदेशमा उल्लिखित वैदेशिक रोजगार ऐन आकर्षित हुने देखिँदैन । कसुर र तथ्य दुवै स्थापित भएको स्थितिमा तथ्यमा साबित हुनु र कसुरमा साबित हुनु फरक हो भनी *ने.का.प.* २०३४[6] तथा अन्य नजिरहरू पेस गरेपनि प्रस्तुत मुद्दाका सन्दर्भमा सान्दर्भिक हुन आएको देखिएन।

६. मानव बेचबिखन जस्तो अपराधमा आर्थिक फाइदा, शारीरिक शोषण, यौन शोषण, श्रम शोषण, स्थानान्तरण, वेश्यावृत्ति आदि जस्ता मनसायगत तत्त्वहरू देखिन्छन् । यस्ता अपराधमा प्रतिवादीको इन्कारी मात्रलाई प्रमाणमा लिई सफाइ दिन सक्ने स्थिति रहँदैन् । परिस्थितिजन्य प्रमाणहरूबाट समेत कसुर स्थापित गर्न सकिन्छ।

७. प्रतिवादीलाई जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ को दफा ८ (१)[7] बमोजिम १२ वर्ष कैद सजाय गरेको तर्फ विचार गर्दा निजले गरेको कसुरमा निजको संलग्नता दिल्लीबाट कुवेत नपठाई साउदी अरवमा पठाएको कुरामा प्रतिवादीले साबित भई गरेको बयानसमेतको आधारलाई दृष्टिगत गर्दा निजलाई १२ वर्षभन्दा १० वर्ष कैद सजाय गर्न उपयुक्त देखिँदा प्रतिवादी राजेश भन्ने भगिरथ दाहाललाई सोही दफाबमोजिम १० वर्षमात्र कैद सजाय गर्दा मनासिब हुने देखिन आयो।

---

3 दुर्गा धिमाल वि. तारा देवी दाहालको जाहेरीले श्री ५ को सरकार, *ने.का.प.* २०५४, अंक ६, नि. नं. ६३९५, पृ. ३३२

4 वाङछेन लामा वि. श्री ५ को सरकार, अंक ७, नि.नं. ४१७८, पृ. ५३३

5 गणेश प्रकाश खतिवडा वि. धन कुमारी वि. क. जाहेरीले श्री ५ को सरकार, सर्वोच्च अदालत बुलेटिन २०५१, वर्ष ३, अंक ६, पृ.७

6 *ने.का.प.* २०३४, नि. नं. १०५१, पृ. १३८

7 मानिस बेचबिखन गर्ने व्यक्तिलाई दश वर्ष देखि वीस वर्ष सम्म कैद हुनेछ।

८. अर्का प्रतिवादी निर्मला राईलाई भगिरथ दाहाललाई अभियोग दाबीबमोजिम सजाय भई कसुर स्थापित भएकोमा निर्मलालाई कम सजाय गरे उपर नेपाल सरकारले गरेको पुनरावेदन सन्दर्भमा निर्मलाको संलग्नता मेरो श्रीमान्ले विदेश पठाउने कार्य गर्छन भनी सहयोगीको सम्म भूमिका निर्वाह गरेको देखिँदा निर्मला राईको भूमिका Accessory offender को रूपमा देखिई निजलाई सुरू अदालतबाट भएको सजाय परिवर्तन गर्नुपर्ने कुनै आधार देखिन आएन।

९. पुनरावेदक प्रतिवादी निर्मलाको पुनरावेदन सन्दर्भमा हेर्दा, निर्मलाले सुरू फैसलामा चित्त बुझाई पुनरावेदन अदालत, राजविराजमा पुनरावेदन गरेको देखिएन। पुनरावेदन गर्न नसकी चित्त बुझाई बसेकी निर्मला उपर निजलाई प्रतिवादी भगीरथ सरह नै सजाय गरिपाउँ भनी वादी नेपाल सरकारको पुनरावेदन परेकोमा सुरू अदालतलकै फैसला मनासिब ठहर्‍याई पुनरावेदन अदालत, राजविराजबाट फैसला भएको पाइयो। यस अवस्थामा सुरू अदालतको फैसला उपर पुनरावेदन नगरी बसेकी यी प्रतिवादी निर्मलाले सुरू फैसला सदर गरेको पुनरावेदनको फैसला उपर यस अदालतमा दिनु भएको पुनरावेदन न्यायको रोहमा ग्रहण योग्य देखिन आउँदैन।

१०. उदयपुरबाट बम्बई पुगी कुवेत पठाउने भनी साउदी अरब पठाइएकोमा साउदीमा अमानवीय पाशवीक तवरले खेपेको यातनाको मूल्य जति भए पनि कम नै हुन जान्छ। साउदीमा जाहेरवालीले व्यक्त गरेअनुसारको यातना मानवीय संस्कार भन्दा वाहिरको नै हो। यस्तो यातना आउँदा दिनहरूमा अरूले नपाउन विदेश जाँदा सुरक्षित, सजिलो काम पाउने तथा कानूनी आधार पूरा गरेर मात्र जानु वाञ्छनीय हुन जान्छ। समाजले विदेशमा गएका चेलीहरूको अवस्था बुझ्न सके यस्ता घटनाहरू नदोहोरिने तथा वैदेशिक रोजगारीको नाममा हुने मानव बेचबिखन तथा ओसार पसारको अन्त्यको लागि वैदेशिक रोजगारीसम्बन्धी, वास्तविक सूचना एवं जानकारी सरोकारवालाले प्राप्त गर्नु महत्त्वपूर्ण हुन जान्छ।

११. देशको फौजदारी कानूनले प्रतिवादीलाई जतिसुकै जेल सजाय वा दण्ड दिएपनि पीडित महिलाको जीवन सामाजिक सोच र व्यवहारले गर्दा सदा पीडामा नै रहन जाने र पीडितले न्याय पाएको अनुभूत गर्न नसक्ने स्थिति सिर्जना हुन जाने हुँदा यस्ता अति संवेदनशील पीडितको जीवनसँग सम्बन्धित मुद्दाहरूका सन्दर्भमा अभियोजन एवं अनुसन्धान पक्ष सँधै सजग, सचेत र समझरूपले पीडित राहत मुखी बन्नु उपयुक्त हुन जान्छ।

१२. मानवीय जीवनको sanctity लाई बचाउन तथा यसलाई अझ मूल्यवान् बनाउन राज्यको ठूलो भूमिका रहन्छ। व्यक्तिको अस्तित्व अझ ओजपूर्ण बनाउन र पीडितले समाजमा आफूलाई सम्मानपूर्वक बाँच्ने स्थिति हुनका लागि राज्यका हरेक अंगहरू र समाजसमेत समझ सचेत र सक्षम हुनुपर्छ। पीडितको राहतको निमित्त कानून निर्माता, कानूनका व्याख्याता, कानूनका कार्यान्वयनकर्ता तथा न्यायका उपभोक्ताहरू समेत पीडितमुखी हुन जरूरी देखिन्छ।

१३. पीडितलाई एकातिर छाडेर अपराधीको पछाडि मात्र हिँडेर फौजदारी न्यायको मक्सद पूरा हुन सक्दैन। पीडितले पनि न्यायको अनुभूति गर्न सकेमा त्यस्तो कानून प्रणाली सक्षम र सफल मान्न सकिन्छ। जुन पीडित राहतशास्त्रको अवधारणाबाट अगाडि बढन जरूरी देखिन आउँछ। पीडित राहतशास्त्र (Victimology) शब्दको पहिलो पटक प्रयोग रोमानियन (Romanian) वकिल Beniamin Mendelsohn ले सन् १९४७ मा गरेका थिए। उनैले पीडित राहतशास्त्रको अवधारणालाई विज्ञानको रूपमा "victimity" को विकास गरेका थिए। यीनै वकिलको अवधारणाबाट पीडित राहतशास्त्रले औपचारिक विधाको रूपमा जन्म लिएको देखिन्छ। उनले पीडितहरू निकै निर्दोष, सम्मान गुमाएका तथा राज्य

प्रणालीबाट abused रहेको पहिचान गरेका थिए।

१४. Victimology is an academic scientific discipline which studies data that describes phenomena and causal relationships related to victimizations. This includes events leading to the victimization, the victim's experience, its aftermath and the actions taken by society in response to these victimizations. Therefore, victimology includes the study of the precursors, vulnerabilities, events, impacts, recoveries, and responses by people, organizations and cultures related to victimizations.[8] पीडित राहतशास्त्रको परिभाषामा victimology is the study of victimization including the relationships between victims and offenders. It is interaction between victims and criminal justice system संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतले पहिलो पटक Victim Impact Information सन् १९८७ मा Booth v Maryland[9] को मुद्दामा गरेको पाइन्छ। यो मुद्दाबाट Victim Impact Statements को सुरूवात गरिएको थियो। जसले पीडितको व्यक्तिगत विशेषताको पहिचान एवं व्याख्या तथा अपराधको संवेगात्मक प्रभावको वारेमा विश्लेषण गरिन थालेको थियो । त्यसैगरि Payne v. Tennessee को मुद्दामा संयुक्त राज्य अमेरिकाको सर्वोच्च अदालतले सजाय गर्नुपूर्व Victim Impact Statement गरेको पाइन्छ । Payne v. Tennessee मुद्दामा अदालतले यसको औचित्यतामा Victim impact evidence is simply another form or method of informing the sentencing authority about the specific harm caused by the crime in question, evidence of a general type long considered by sentencing authorities[10] भनी व्याख्या गरेको पाइन्छ। Victim Impact Statements मा पीडितलाई हुन पुगेको भौतिक क्षति, पीडितलाई हुन पुगेको मानसिक क्षति, पीडितलाई भएको आर्थिक क्षति, पीडित तथा पीडितको परिवारलाई आवश्यक परेको मेडिकल तथा मनोवैज्ञानिक उपचारको स्थिति, अदालतको आदेशद्वारा प्रतिवादीबाट पीडितलाई अपराधको स्थति अनुसार भराउनु पर्ने खर्च, पीडितको अपराध तथा प्रतिवादी प्रतिको विचार वा प्रतिकृया, प्रतिवादीलाई गरिनु पर्ने सजायको बारेमा पीडितको विचार आदि समेतको अध्ययन विश्लेषण गर्ने गरिन्छ।

१५. संयुक्त राज्य अमेरिकामा Crime Victims' Rights Act, 2004. 18 U.S.C. § 3771 मा पीडितका अधिकारहरूलाई यसरी व्यवस्थित गरेको देख्न सकिन्छ।

- The right to be reasonably protected from the accused.
- The right to reasonable, accurate, and timely notice of any public court proceeding, or any parole proceeding, involving the crime or of any release or escape of the accused.
- The right not to be excluded from any such public court proceeding, unless the court, after receiving clear and convincing evidence, determines that testimony by the victim would be materially altered if

8 John P. J. Dussich, (Director, Tokiwa International Victimology Institute, Tokiwa University, Japan) The Challenges of Victimology Past Present and Future; Resources Material Series No. ८१ ४४.

9 ४८२ U.S. ४९६ (१९८७).

10 Payne v. Tennessee, ५०१ U.S. ८०८ (१९९१)

the victim heard other testimony at that proceeding.

- The right to be reasonably heard at any public proceeding in the district court involving release, plea, sentencing, or any parole proceeding.
- The reasonable right to confer with the attorney for the Government in the case.
- The right to full and timely restitution as provided in law.
- The right to proceedings free from unreasonable delay.
- The right to be treated with fairness and with respect for the victim's dignity and privacy.

१६. यसका साथै अरू देशहरूले समेत पीडितको अधिकारलाई व्यवस्थित गर्न कानूनहरू लागू गरेको देखिन्छ । नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी सन्धिहरूले व्यक्तिको जीवनको अधिकारलाई संरक्षण गर्न जोड दिएको पाइन्छ । International Covenant on Civil and Political Rights, १९६६ को धारा ६(१) मा **प्रत्येक व्यक्तिलाई जीवनको अन्तरनिहित अधिकार छ । कानूनद्वारा यस अधिकारको संरक्षण गरिने छ । स्वेछाचारीरूपले कसैको पनि जीवन हरण गरिने छैन्** भन्ने व्यवस्था गरेको पाइन्छ । Convention on the Elimination of all forms of Discrimination Against Women, १९७९ को धारा ६ मा **पक्ष राष्ट्रहरूले महिलाको सबै प्रकारको बेचबिखन तथा महिलाको वेश्यावृत्तिको शोषण दमन गर्न कानूनी व्यवस्थालगायतका सम्पूर्ण उपयुक्त उपायहरू अवलम्बन गर्ने छन्** भन्ने व्यवस्था गरेको देखिन्छ । जीउ मास्ने बेच्ने तथा अरूको वेश्यावृत्तिको शोषणको दमनका लागि व्यवस्था भएको महासन्धि, १९४९ को प्रस्तावनामा **वेश्यावृत्ति तथा वेश्यावृत्तिको उद्देश्यको लागि जीउ मास्ने बेच्ने कार्यमा सन्निहित खराबी मानव मात्रको प्रतिष्ठा तथा मूल्यसँग असङ्गत भएको र त्यसले व्यक्ति, परिवार तथा समुदायको कल्याणलाई नै संकटमा पार्ने भएकाले** भनी उल्लिखित भइरहेको देखिन्छ ।

UN Declaration of Basic Principles of Justice for victims of crime and abuse of power, 1985 पीडितको हितको लागि सम्पन्न भएको देखिन्छ । प्रस्तुत घोषणा पत्रको धारा १२ र १३ मा क्षतिपूर्तिसम्बन्धी व्यवस्था रहेको छ । घोषणा पत्रको धारा १२ मा When compensation is not fully available from the offender or other sources, States should endeavor to provide financial compensation to:

- Victims who have sustained significant bodily injury or impairment of physical or mental health as a result of serious crimes;
- The family, in particular dependants of persons who have died or become physically or mentally incapacitated as a result of such victimization.

धारा १३ मा The establishment, strengthening and expansion of national funds for compensation to victims should be encouraged. Where appropriate, other funds may also be established for this purpose, including those cases where the State of which the victim is a national is not in a position to compensate the victim

for the harm. भनी घोषणा पत्रमा उल्लेख गरेको पाइन्छ। संयुक्त राष्ट्र संघले ५ December २००९ मा UN Convention on Justice and Support for Victims of Crime and Abuse of Power Draft Convention तयार गरेकोसमेत देखिन्छ । जुन मसौदा महासन्धिको धारा ११ मा Compensation शीर्षकमा निम्न व्यवस्था रहेको देखिन्छ ।

1. When restitution is not fully available from the offender or other sources, State Parties shall endeavor to provide financial compensation to:
   a) victims who have sustained significant bodily injury or impairment of physical or mental health as a result of intentional violent crime;
   b) the victims' family, in particular dependants of persons who have died (or become physically or mentally incapacitated) as a result of such victimization.
2. Compensation shall be provided for:
   a) treatment and rehabilitation for physical injuries;
   b) pain and suffering and other psychological injuries caused to victims;
3. State should also consider compensation for loss of income, funeral expenses and loss of maintenance for dependants.
4. The establishment, strengthening and expansion of national, regional or local funds for compensation to victims should be encouraged. State Parties may consider providing funds through general revenue, special taxes, fines, private contributions, and other sources.
5. These funds shall guarantee fair, appropriate and timely compensation. They should also allow for emergency and/or interim payments. Special care should be taken to make the funds accessible. This requires, inter alia, extensive dissemination of information on the eligibility criteria and the procedure to be followed. State should also consider other means to raise public awareness of the existence of these funds.
6. Where appropriate, other funds may also be established for this purpose, including in those cases where the State of which the victim is a national is not in a position to compensate the victim for the harm.
7. In cases of cross border victimization, the State where the crime has occurred should pay compensation to the foreign national, subject to the principle of reciprocity.

१७. विदेशी कानून, विदेशी नजिर, महासन्धि, मसौदा महासन्धि, घोषणा पत्रलगायतका साधनहरूले पीडितको राहतमा जोड दिइरहेको अवस्था छ । कानून, अन्तराष्ट्रिय सन्धिहरूले मानव

सर्वोच्च अदालत

sanctity मा जोड दिइरहेको परिप्रेक्ष्यमा मानवलाई नसुहाउने व्यवहार प्रदर्शन हुन जानु निकै पिडादायी हो । यस्तो स्थितिमा समाजले मानव मूल्यको पुन: परिभाषा खोज्न जरूरी भएको देखिन्छ । विधायिकी कानूनले मात्र सँधै समाजको न्यायिक मूल्य प्राप्त गर्न नसक्ने हुन सक्छ । अदालतको काम मूल्यको खोजी एवं पहिचानसमेत गर्नु हो । जुन मूल्यले मानवको आदर्श एवं सम्मानलाई कम हुन नदिई उचो गराउन प्रयत्नशील हुन जरूरी देखिन्छ । विधायिकी कानून नैतिकता कै पक्षमा प्रकट हुने भएपनि अदालत सदासर्वदा त्यसको पक्षमा प्रयत्नशील र अभ्यस्त रहन्छ । न्याय गतिशील प्रक्रिया हो । न्यायको सटिक परिभाषा गर्न सजिलो छैन । यसलाई नाप्ने yardstick पहिचान नभएर नै न्याय सापेक्ष (relative) मानिएको हो । न्याय समयअनुसार परिभाषित हुँदै अगाडि बढ्दछ र मानव मूल्यलाई संरक्षण गर्दछ । यो मानव मूल्यको व्याख्यासमेत समयअनुसार परिस्कृत हुँदै जानु पर्छ र मानवको जीवनको पवित्रताले स्थान पाउन जरूरी छ ।

१८. नेपाल मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको पक्ष बनेको छ र सन्धिअनुरूपका व्यवस्थाहरूलाई आन्तरिकिकरण गर्ने प्रक्रियासमेत चलिरहेको देखिन्छ । पीडित राहतमुखी विधिशास्त्रको समेत विस्तारै विकास भइरहेको छ । पीडितको पक्षमा मानवीय कानूनको सन्दर्भमा सर्वोच्च अदालत बुलेटिन वर्ष १७ अंक ९ मा ***सरकारको जिम्मेवार निकायहरूबाट मानवीय कानूनको उल्लङ्घन गरी निर्दोष नागरिकहरूको हत्याको सम्बन्धमा पीडितशास्त्रीय दृष्टिकोणबाट पीडितको लागि उचित क्षतिपूर्तिको व्यवस्था गरी दण्डहीनताको अन्त गर्नुका साथै यस प्रकृतिका विवादहरूमा निष्पक्ष अनुसन्धान, तहकिकात र प्रभावकारी उपचारको लागि comprehensive law बनाउनेतर्फ यथाशीघ्र पहल गर्नु***[11] भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को नाममा परमादेशको आदेश जारी भएको देखिन्छ । मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण ऐन), २०६४ को दफा १७ को उपदफा १ मा ***अदालतले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकममा नघटने गरी निजबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराइदिनु पर्नेछ*** भन्ने क्षतिपूर्तिसम्बन्धी कानूनी व्यवस्था रहेको देखिन्छ ।

१९. ०६७-CR-१२८८ को सर्वोच्च अदालतबाट फैसला भएको मुद्दामा[12] ***अब उपरान्त क्षतिपूर्ति पाउने यस्ता प्रकृतिका अपराधका पीडितहरूलाई अदालतको अन्तिम फैसलाले निर्धारण गरेबमोजिमको क्षतिपूर्तिको रकम नेपाल सरकारले एउटा छुट्टै कोषको स्थापना गरी सो कोषबाट तत्कालै उपलब्ध गराउने र सो रकम पीडकबाट सरकारी बिगो सरह असुल उपर गर्ने व्यवस्था गर्न उपयुक्त देखिँदा नेपाल सरकारसमेतबाट सोसम्बन्धी आवश्यक र उपयुक्त पूर्वाधार निर्माण हुन जरूरी रहेको*** भनी आदेशसमेत भएको देखिन्छ ।

२०. अभियोग पत्र दायर गर्दा प्रचलनमा रहेको जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ मा क्षतिपूर्तिसम्बन्धी व्यवस्था नभएकोले अभियोग माग दाबी नभए पनि पीडितलाई केही हदसम्म भए पनि न्याय दिन अदालत अगाडि सर्नु पर्ने नै हुन्छ । अदालतले न्यायिक प्रक्रियामा मुद्दा पिच्छे मूल्यको (value) पहिचान गर्नुपर्दछ । जुनसुकै मुद्दाको निर्णयमा स्वार्थहरूको द्वन्द्व को value judgement भइराखेको हुन्छ । अदालतद्वारा मुद्दाको अवस्था, प्रकृति र सन्दर्भअनुसार कानूनको व्याख्या एवं प्रयोग गर्नुपर्दछ ।

11 स्व. दिल्ला प्रजाको हकमा बुद्धिबहादुर प्रजा समेत वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत पृ.७

12 लोक बहादुर सार्की समेत वि. 'ख" कुमारीको जाहेरीले नेपाल सरकार, मानव बेचबिखन बाल बिबाह, जबर्जस्ती करणी, फैसला मिति २०७१।१०।१९

२१. Ronald Dworkin Analytical positivism का कट्टर समर्थक हुन् । उनले judges are constrained by the law: there is no law beyond the law भनी कानूनलाई पूर्ण मान्दछन । उनको कानून प्रतिको धारणामा gapless legal universe भनी भन्दछन् । उनी कडा analytical positivist हुँदाहुँदै पनि व्यक्तिलाई अधिकार दिने कुरामा सिद्धान्त (Principle) लाई समातेर अधिकार दिन सकिनेमा जोड दिन्छन् । Judges who accept the interpretive ideal of integrity decide hard cases by trying to find in some coherent set of principles about people's rights and duties the best constructive interpretation of the political structure and legal doctrine of their community. They try to make that complex structure and record the best there can be.[13] भन्ने विचार मननीय देखिन्छ ।

२२. यसरी जीउ मास्ने बेच्ने ऐनमा क्षतिपूर्ति सम्बन्धमा व्यवस्था नगरे पनि सो ऐनको successor ऐनले क्षतिपूर्तिसम्बन्धी व्यवस्था गरेको अवस्थामा पीडितलाई राहतको रूपमा क्षतिपूर्ति दिनुपर्ने नै देखिन आयो ।

२३. पीडितलाई केही हदसम्म क्षतिपूर्ति रकम उपलब्ध गराउन सर्वोच्च अदालतमा निहित न्यायिक इच्छा शक्ति (Residuary Power) को समेत प्रयोग गर्नुपर्ने देखियो । पीडितलाई के कस्तो क्षति भयो भन्ने आकलन गरेर सजाय दिँदा पीडितले राहत महसुस गरेको हुन्छ । आर्थिक प्रलोभनमा पारेर राम्रो रोजगारी दिलाइदिने आशा जगाएर गरिएको शोषणबाट उत्पन्न पीडितको उपचार के हो त ? भन्ने पनि न्यायको दृष्टिकोणबाट हेरिनु पर्दछ । न्यायले कानूनको सुनौला अक्षरको व्याख्या मात्र गर्दैन की पीडितले न्याय पाएको अनुभूति गराउन पनि त्यतिकै वान्छनिय हुन्छ । जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३ लाई प्रतिस्थापित गर्दै आएको मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १७ ले कसुरदारलाई भएको जरिवानाको पचास प्रतिशत बराबरको रकम नघट्ने गरी प्रतिवादीबाट पीडितलाई मनासिब माफिकको क्षतिपूर्ति भराई दिन पर्ने छ भन्ने कानूनी व्यवस्थाले वारदातको समयमा सो कानून नरहे पनि पीडितको मानवीय संवेदनशीलता र निजलाई पर्न गएको क्षतिको उपचार पीडितले नपाउने भनी अर्थ गर्न मिल्दैन । संविधान र कानूनले अपराध हुँदाका अवस्थामा प्रचलनमा नरहेको कानूनले सजाय गर्न सकिँदैन तर पीडित राहत शास्त्र यस्तो विधिशास्त्र हो जहाँ पीडितका प्रति हुन गएको अनेकन क्षतिलाई अदालत मुद्दा चलाउने पक्ष र अरू संलग्न निकायले संवेदनशीलरूपमा हेर्नुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा पनि पीडितलाई उचित क्षतिपूर्ति बिना न्यायको महसुस पीडितले पाउन सक्दैन भन्ने निष्कर्षमा इजलास पुगेको छ । व्यक्तिको पवित्रता तथा पीडित राहत शास्त्रको सार नै judgment law भएको पाइएकाले पीडित शास्त्रको भावनालाई समेट्दै प्रतिवादी भगीरथ दाहालबाट रू.दुई लाख पीडित .... लाई क्षतिपूर्ति भराई दिने ठहर्छ ।

२४. पीडितले क्षतिपूर्ति पाए नपाएको सम्बन्धमा अनुगमन गर्न तथा पीडितले क्षतिपूर्ति नपाएमा ०६७-CR-१२८८ को मुद्दामा भएको आदेशबमोजिम राज्य पक्षबाट क्षतिपूर्तिको प्रक्रिया अगाडी बढाउने कार्यमा पहल गर्नु भनी यसै अदालतको फैसला कार्यान्वयन निर्देशनालयका महानिर्देशकको नाउँमा निर्देशन जारी गरी दिएको छ ।

२५. तसर्थ, माथि विवेचित राष्ट्रिय र अन्तराष्ट्रिय कानून तथा नेपाल पक्ष रहेका सन्धि सम्झौता सम्मिलनले पीडितलाई उचित क्षतिपूर्ति भराउन बाधा पर्ने नदेखिएकाले पुनरावेदन अदालत, राजविराजबाट मिति २०६६/८/१० मा भएको

13 Ronald Dworkin, Law's Empire, US २५५ (१९८६).

फैसला केही उल्टि भई पुनरावेदक प्रतिवादी राजेश भन्ने भगिरथ दाहाललाई दश वर्ष कैद र पीडित ....लाई रू. दुई लाख क्षतिपूर्ति भराई दिने ठहर्छ । पुनरावेदक प्रतिवादी भगिरथको अन्य पुनरावेदन जिकिर तथा पुनरावेदक प्रतिवादी निर्मला राई र पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरूमा तपसिलबमोजिम गर्नु होला ।

तपसिल

यसमा सुरू उदयपुर जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६६/०८/१० को फैसला केही उल्टि हुने ठहरेकाले निम्नानुसार गर्नु होला ।

पुनरावेदक प्रतिवादी राजेश भन्ने भगिरथ दाहाललाई १२ वर्षको सट्टा १० वर्ष कैद सजाय हुने ठहरेकोले सुरू फैसलाको तपसिल खण्डको १ नं. मा उल्लिखित प्रतिवादीमध्येका भगिरथ दाहालका नाउँको १२ वर्ष कैदको लगतको सट्टा १० वर्ष कैदको लगत राख्नु भनी सुरू उदयपुर जिल्ला अदालतमा लेखी पठाउनु १

बिगोबमोजिम रू.२ लाख जरिवानाको सट्टा रू. २ लाख पीडित ....लाई क्षतिपूर्ति भराई दिने ठहरेकाले प्रतिवादी राजेश भन्ने भगिरथ दाहालका नाउँको रू.२ लाख जरिवानाको लगत कट्टा गरी निज प्रतिवादीबाट पीडित .... लाई क्षतिपूर्ति रकम रू.२ लाख नियमानुसार भराई दिनु भनी सुरू उदयपुर जिल्ला अदालतमा लेखी पठाउनु २

प्रस्तुत मुद्दाको फैसलाको जानकारी जाहेरवाली ....लाई आफ्नो ठेगानामा तथा पुनरावेदक प्रतिवादीहरू भगिरथ दाहाल र निर्मला राईलाई सम्बन्धित कारागार कार्यालयमार्फत दिनु ...३

प्रस्तुत फैसलाको प्रतिलिपी फैसला कार्यान्वयन निर्देशनालय र महान्यायाधिवक्ताको कार्यालयलाई दिनु ४

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गर्नु होला ५

उक्त रायमा सहमत छु ।

न्या. गोविन्दकुमार उपाध्याय

इजलास अधिकृत:- रामप्रसाद पौडेल

इति संवत् २०७१ साल चैत्र ११ गते रोज ४ शुभम् ।

<u>नोट</u> : गोपनीयतालाई मध्यनजर गर्दै माथि उल्लिखित फैसलामा जाहेरवाला / पीडितको नाम उल्लेख नगरिएको ।

- सम्पादक

निर्णय नं. ९८२५

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री गोपाल पराजुली

माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ

आदेश मिति :२०७१।१२।१०

०६७-wo-०५१०

मुद्दा : परमादेश

निवेदक : काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. १४ बल्खु स्थित गोरक्ष पीठका विरक्त स्वामी सम्बुद्धसमेत

विरूद्ध

विपक्षी : नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरबार, काठमाडौंसमेत

- **धर्म संस्कृति व्यक्ति एवं समाजको पहिचान हो । धर्म संस्कृतिद्वारा समाज निर्देशित र नियन्त्रितसमेत हुन्छ । मानवले जन्मसँगै धर्म संस्कृतिलाई जीवनको अभिन्न अङ्गको रूपमा ग्रहण गरी आएको हुन्छ । धर्म संस्कृतिको धरोहरका रूपमा धार्मिक स्थल, धार्मिक गुठीहरू रहेका छन् । यी सम्पदा र सभ्यताको संरक्षण नितान्त आवश्यक हुन जान्छ । परम्परादेखि चलि आएको प्रचलन, सम्पदा र सभ्यता व्यक्तिको जीवनको अधिकार (right to life) कै रूपमा रहन जाने हुन्छ साँस्कृतिक, धार्मिक सम्पदाले इतिहास बोलिरहेका समेत हुन्छन् । यसबाट नै व्यक्ति एवं समाज अपनत्व, जिम्मेवारी, उत्तरदायित्व, नैतिकता, मानवीयता जस्ता तत्त्वले युक्त हुन जान्छ । धर्म, सम्पदा सभ्यताको संरक्षणबाट समाज अझ परिस्कृत हुन जान्छ । यसले समाजलाई संयमित एवं मर्यादित बनाउन मद्दत गर्ने ।**

(प्रकरण नं. ४)

- **नेपाल एक बहुजातिय, बहुभाषिक, वहुधार्मिक, बहुसाँस्कृतिक विशेषतायुक्त राष्ट्र भएको र सबै धर्मालम्वीहरू, भाषा भाषीहरू एक आपसमा मिलेर बसिरहेको देश हो । अनेकतामा एकताको रूपमा छरिएर रहेका धार्मिक, भाषिक, साँस्कृतिक समूह नै नेपालको पहिचान हुँदा यी समूह बीचको विवादको कल्पना पनि गर्न सकिँदैन । निवेदकले के र कुन अवस्थामा कस्तो प्रकारको निकायको माग गर्नु भएको हो सो विशिष्ट (Specific) रूपमा उल्लेख नगरी सामान्यरूपमा मात्रै माग दाबी लिएको देखिन्छ । अदालतले सार्वजनिक सरोकारका नाममा कल्पना गरिएका कुरा तथा बौद्धिक बहसका कुराहरूमा प्रवेश गर्न सक्दैन । निवेदकको अस्पष्ट मागका आधारमा विभिन्न जातजाति तथा भाषा भाषीका बीचमा लडाइँ हुन्छ भन्ने अनुमानका आधारमा रिट जारी गर्न नसकिने ।**

(प्रकरण नं. ९)

निवेदकको तर्फबाट :
विपक्षीको तर्फबाट :
अवलम्बित नजिर :

- *ने.का.प.* २०४९, अंक ८, नि.नं.४५९८
- *ने.का.प.* २०६१, अंक ७, नि.नं.७४०४

सम्बद्ध कानून :

- नेपालको अन्तरिम संविधानको धारा २३
- प्राचीन स्मारक संरक्षण ऐन, २०१३
- स्थानीय स्वायत्त शासन ऐन, २०५५
- गुठी संस्थान ऐन, २०३३
- स्थानीय प्रशासन भन, २०२८

आदेश

न्या. गोपाल पराजुली : नेपाल अन्तरिम संविधान २०६३ को धारा ३२ तथा धारा १०७ अनुसार यस अदालतको असाधारण अधिकार क्षेत्रअनुसार दायर भई निर्णयार्थ पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र ठहर यस प्रकार छ :-

निवेदकमध्येको म विरक्त स्वामी सम्बुद्ध देव गोरक्ष पीठको सन्त एवं लोपोन्मुख विश्व देवस्व प्रतिनिधिसमेत हुँ । विगत १५ वर्षदेखि यस पीठको संरक्षकसमेत रहेको छु । योगी नरहरिनाथ यस संस्थाको संस्थापक अध्यक्ष हुनुहुन्थ्यो । यो स्थान श्री श्री श्री गोरखनाथ श्री भवानी नेपालको अनुष्ठान

सर्वोच्च अदालत

निकाय हो। संस्थाको प्रतिक श्री श्री श्री गोरखनाथ श्री भवानी नेपालले समस्त नेपालको प्रतिनिधित्व गर्दछ। त्यसै निवेदकमध्ये म पुष्पराज दास घिमिरे शिख धर्म समाजको महन्त हुँ। म गुरू नानक उदासी अखडासँग आबद्ध रहेको छु। त्यस्तै निवेदकमध्ये नमन उपाध्याय जैन साधु हुँ। विगत २८ वर्षदेखि जैन सम्प्रदायमा आवद्ध रही आएको छु। निवेदकमध्येको म बुद्ध लामा विश्व संयुक्त धर्म संरक्षण महासंघको अध्यक्ष हुँ। म नेपाल तामाङ गुम्बा संघसँग आवद्ध छु बौद्ध धर्म र सबै सनातनी धर्मको रक्षार्थ सामाजिक कार्य गर्दै आएको छु। निवेदक म छत्रबहादुर कायस्थ नेपाल भाषा र संस्कृतिसँग आवद्ध रही आएको छु।

नेपालको अन्तरिम संविधान, २०६३ ले हामी निवेदकलगायत सबै व्यक्तिलाई धर्मसम्बन्धी हक प्रदान गरेको छ। ऐ. संविधानकै धारा ३ र ४ मा राष्ट्र र नेपाल राज्यको अलग अलग परिभाषा गरेको छ। राष्ट्रको परिभाषा गर्दै धारा ३ मा "बहुजातीय, बहुभाषिक बहुधार्मिक, बहुसाँस्कृतिक विशेषतायुक्त समान आकाङ्क्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता अखण्डता राष्ट्रिय हित र समृद्धि प्रति आस्था वान रही एकताको सूत्रमा आवद्ध सबै नेपाली जनता समष्टिरूपमा राष्ट्र हो भनी धेरै जाति, भाषा, धर्म संस्कृतिको एकिकृतरूपलाई राष्ट्र मानिएको छ। संविधानको धारा ४ मा नेपाल राज्य जसले नेपालको भौगोलिक सीमा र विशेषतालाई समेटेको छ।

संविधानको धारा २३ ले प्रत्येक व्यक्तिलाई धर्मसम्बन्धी हक प्रदान गरेको छ। जसअनुसार (१) प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक एवं साँस्कृतिक परम्पराको मर्यादा राखी परापूर्वदेखि चलि आए आफ्नो धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने हक हुने छ भन्ने व्यवस्था गरेको छ। साथै धारा २३ को उपधारा (२) ले प्रत्येक धार्मिक सम्प्रदायलाई कानूनबमोजिम आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हक हुनेछ भन्ने व्यवस्था गरेको छ।

यसरी नेपालको अन्तरिम संविधानको धारा ३ मा समेटिएको विषयहरूलाई संविधानको धारा २३ ले अझ व्यापकता प्रदान गरेको छ। धर्मसम्बन्धी हकले आफ्नो परापूर्व कालदेखि चलिआएको धर्मको अवलम्बन अभ्यास र संरक्षण गर्ने हक पनि प्रदान गरेको छ। साथै प्रत्येक धार्मिक सम्प्रदायलाई आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हकसमेत प्रदान गरेको छ। यसरी हक अधिकार प्रदान गरिए पनि संविधानद्वारा प्रदत्त यी अधिकारहरूको उचित सञ्चालन र संरक्षण हुन सकेको छैन। धार्मिक एवं देवस्व सम्पदा कति हो त्यो यकिन छैन देवस्व दिनानु दिन मासिँदै गएको छ। यसको उचित हेरचाह हुन सकेको छैन।

त्यस्तै धार्मिक स्थल र धार्मिक गुठीहरूको सञ्चालन र संरक्षणको हक प्रदान गरिए पनि यस्ता धार्मिक स्थल र धार्मिक गुठीहरू दिनानुदिन समाप्त पारिँदै छन्। देवस्व सम्पदा रातारात व्यक्तिको नाउँमा दर्ता गरिएका छन्। त्यसको कुनै नियन्त्रण लेखाजोखा गर्ने निकाय छैन। संरक्षणको निमित्त स्थापित निकायहरूले पनि आफ्नो भूमिका उचितरूपमा निर्वाह गरी रहेका छैनन्।

समाजमा जातिय लडाइँ फरक भाषा बोल्नेहरू बीचको लडाँई तथा भिन्न संस्कार र संस्कृति मान्ने पक्षहरू बीच पनि विवाद रहँदै आएको छ। यसरी भिन्नभिन्न जाति भिन्नभिन्न धर्मावलम्बी तथा भाषा भाषीहरू बीच एक आपसमा विवाद परेमा सोको समन्वय र समाधान गर्ने निकायको पनि उत्तिकै अभाव रहेको छ। अत संविधान धारा ३ तथा धारा २३ (१)(२) अन्तर्गत प्राप्त अधिकार उपभोग तथा प्रचलनको लागि र यो विषय सार्वजनिक सरोकारको विषय पनि भएकोले निवेदकहरूलाई प्रस्तुत रिट दायर गर्ने हक रहेको प्रष्ट छ। धार्मिक समुदाय, भिन्न जात-जाति तथा भाषा-भाषी बीचको विवाद उत्पन्न भएको

समाधान पनि गर्ने र देशमा धार्मिक सहिष्णुता तथा सबै नेपाली बीच एकता कायम गर्न धार्मिक स्थल र गुठीको सञ्चालन संरक्षण, धर्मको संरक्षणसमेत गर्न एक सबैको प्रतिनिधित्व भएको राष्ट्रिय निकायको स्थापना हुनु अनिवार्य छ जसले हामी निवेदकलगायत सबै नेपालीको एकतालाई कायम राख्ने छ।

अत: हाम्रो सनातन धर्म रक्षाको लागि नेपालको अन्तरिम संविधान, २०६३ को धारा २३(१)(२) मा प्रदत्त हक प्रचलनको लागि धारा ३२, १०७(२) बमोजिम हाम्रो उल्लिखित मागअनुसार देहायबमोजिम गर्नु गराउनु भनी विपक्षीहरूका नाउँमा परमादेश वा उपयुक्त आदेश जारी गरी न्याय इन्साफ पाउँ।

(१) सबै सनातन धर्मावलम्बीहरूको उचित प्रतिनिधित्व रहने गरी एउटा राष्ट्रिय निकायको गठन गर्नु।

(२) माथि उल्लिखित निकाय गठन सञ्चालन, काम, कर्तव्य र अधिकारसमेत समेटिने गरी सम्बन्धित सबै सम्प्रदायका विज्ञहरूसँग समन्वय र परामर्श गरी कानूनको तर्जुमा गर्नु।

(३) धार्मिक सम्पदा अर्थात् देवस्वसँग सम्बन्धित कुनै पनि संस्थाको गठन र सञ्चालन गर्दा माथि उल्लिखित (बहुजातिय, बहुभाषिक बहुधार्मिक, बहुसास्कृतिक विश्व देवस्वको प्रतिनिधि) निकायको परामर्श र प्रतिनिधित्व सुनिश्चित गर्नु गराउनु भन्ने स्वामी सम्बुद्धसमेतको निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी नहुनुपर्ने हो? जारी हुनु नपर्ने कुनै कारण भए सोको कारण र आधार खुलाई यो आदेश प्राप्त भएका मितिले बाटाका म्यादबाहेक १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीलाई सूचना पठाई नियमानुसार पेस गर्नु भन्ने मिति २०६७/०८/१६ को यस अदालतको कारण देखाउ आदेश।

संविधान प्रदत्त धार्मिक हक एवं धार्मिक स्थल र गुठीसम्बन्धी विषय छ, तत्सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा २३ ले प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक एवं साँस्कृतिक परम्पराको मर्यादा राखी परापूर्वकालदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने हकको व्यवस्था गरेको र नेपाल सरकार संविधान प्रदत्त सो हकको प्रचलन गर्ने, गराउने कुरामा प्रतिबद्ध रहेको व्यहोरा सम्मानित अदालतलाई अवगत गराउँदछु। विपक्षी निवेदकले सो हकको प्रचलन गर्नमा बाधा पुगेको कुरा आफ्नो निवेदनमा कहिँ कतै उल्लेख नगर्नु भएको अवस्थामा उहाँले समेत सो हकको निर्वाध उपभोग गरिरहनु भएको स्पष्ट हुन्छ। संविधानको धारा २३ को उपधारा (२) मा प्रत्येक धार्मिक सम्प्रदायलाई कानूनबमोजिम आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी आफ्नो धार्मिक गुठिको सञ्चालन र संरक्षण गर्ने हक हुनेछ भन्ने व्यवस्था रहेको पाइन्छ। संविधानको यस व्यवस्थाबमोजिम प्रत्येक धार्मिक सम्प्रदायले भूमिसम्बन्धी ऐन, २०२१, मालपोत ऐन, २०३४ लगायत प्रचलित कानूनको अधीनमा रही धार्मिक गुठीको गठन एवं सञ्चालन गर्न सक्ने नै देखिन्छ भने गुठीको सम्पत्तिको संरक्षण, गुठी सञ्चालनलगायतको व्यवस्था गुठी संस्थान ऐन, २०३३ बमोजिम गुठी संस्थानबाट भए गरेको पाइन्छ। विपक्षी रिट निवेदकले समेत सो कानूनी व्यवस्थाको अवलम्बन गरी धार्मिक स्थल एवं गुठी गठन, सञ्चालनलगायतका कार्य गर्न सक्ने नै देखिएको र के, कति कारणले सो कानूनी व्यवस्थाको सट्टामा अर्को कानूनी व्यवस्था गर्नुपर्ने भएको हो भन्ने कुरा आफ्नो निवेदनमा स्पष्ट पार्न सक्नु भएको छैन। साथै मुलुकलाई कस्तो किसिमको कानून कहिले बनाउने भन्ने कुरा विधायीकाको एकलौटी अधिकार क्षेत्र (Exclusive Power) भित्र पर्ने विषय

भएकोले विधायिकाको एकलौटी अधिकार क्षेत्रभित्रको विषयमा हस्तक्षेप हुने गरी सम्मानित अदालतबाट विधायिकालाई यो कानून निर्माण गर्नु भनी आदेश जारी गर्न शक्ति पृथकिकरणको सिद्धान्तबाट समेत उपयुक्त हुने नदेखिँदा मागबमोजिमको आदेश जारी गर्न नमिल्ने हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको लिखित जवाफ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा २३ उपधारा (१) ले प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक एवं साँस्कृतिक परम्पराको मर्यादा राखी परापूर्वकालदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने हकको व्यवस्था गरेको छ । कुनै पनि धर्मावलम्बीहरूलाई आफ्नो धर्म रक्षाको लागि आवश्यक निकाय गठन गर्ने र त्यस्तो निकायको सञ्चालन गर्न कुनै कानूनले रोक लगाएको देखिँदैन। के कति कारणले धर्मावलम्बीहरूको रक्षाको लागि कानूनी निकायको गठन गर्न आवश्यक परेको हो सो कुरा निवेदकको निवेदनमा खुलाउन नसक्नु भएबाट निवेदकको माग दाबी निरर्थक देखिन्छ।

जहाँसम्म सनातन धर्मको रक्षाको लागि राष्ट्रिय निकायको गठन, सञ्चालन र काम, कर्तव्य समेट्ने गरी छुट्टै कानून निर्माण गर्नुपर्ने विपक्षीको निवेदन जिकिर छ, प्रत्येक धर्मावलम्बीलाई आफ्नो धर्म रक्षाको लागि प्रचलित कानूनको अधीनमा रही जुनसुकै काम गर्ने अधिकार कानूनले दिएको हुँदा सो विषयमा छुट्टै कानून बनाउन आवश्यक देखिँदैन । मुलुकलाई कस्तो किसिमको कानून कहिले बनाउने भन्ने कुरा कार्यकारी निकाय, नेपाल सरकारको अन्तरनिहित विषय नीतिगत भएको र त्यस्तो विषय न्यायिक निरूपण र सुपरिवेक्षणको विषय नहुँदा विपक्षीले कानून बनाउने सम्बन्धमा अदालतसमक्ष दिएको निवेदनको कुनै औचित्य नदेखिँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने कानून तथा न्याय मन्त्रालयको लिखित जवाफ।

नियमबमोजिम इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदनमा, नेपालको अन्तरिम संविधानमा प्रत्येक धार्मिक सम्प्रदायलाई आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हकसमेत प्रदान गरेको छ । यसरी हक अधिकार प्रदान गरिए पनि संविधानद्वारा प्रदत्त यी अधिकारहरूको उचित सञ्चालन र संरक्षण हुन सकेको छैन। धार्मिक एवं देवस्व सम्पदा कति हो त्यो यकिन छैन देवस्व दिनानुदिन मासिँदै गएको छ। यसको उचित हेरचाह हुन सकेको छैन। धार्मिक स्थल र धार्मिक गुठीहरूको सञ्चालन र संरक्षणको हक प्रदान गरिए पनि यस्ता धार्मिक स्थल र धार्मिक गुठीहरू दिनानुदिन समाप्त पारिँदै छन् । देवस्व सम्पदा रातारात व्यक्तिको नाउँमा दर्ता गरिएका छन् । यसको कुनै नियन्त्रण लेखाजोखा गर्ने निकाय छैन । संरक्षणको निमित्त स्थापित निकायहरूले पनि आफ्नो भूमिका उचितरूपमा निर्वाह गरी रहेका छैनन्।

समाजमा जातीय लडाइँ, फरक भाषा बोल्नेहरू बीचको लडाइँ तथा भिन्न संस्कार र संस्कृति मान्ने पक्षहरू बीच पनि विवाद रहँदै आएको छ । भिन्नभिन्न जातजाति भिन्नभिन्न धर्मावलम्बी तथा भाषा भाषीहरू बीच एक आपसमा विवाद परेमा सोको समन्वय र समाधान गर्ने निकायको पनि उत्तिकै अभाव रहेको छ।

धार्मिक समुदाय, भिन्न जातजाति तथा भाषा भाषीबीचको विवाद उत्पन्न भएमा समाधान पनि गर्ने र देशमा धार्मिक सहिष्णुता तथा सबै नेपालीबीच एकता कायम गर्ने धार्मिक स्थल र गुठीको सञ्चालन संरक्षण, धर्मको संरक्षणसमेत गर्न एक सबैको प्रतिनिधित्व भएको राष्ट्रिय निकायको स्थापना हुन अनिवार्य छ । हामी विभिन्न धर्म संप्रदायका निवेदकहरूले विपक्षीहरूका नाउँमा निम्न परमादेश वा उपयुक्त आदेश जारी गरी पाउन निवेदन गर्दछौं।

(१) सबै सनातन धर्मावलम्बीहरूको उचित प्रतिनिधित्व रहने गरी एउटा राष्ट्रिय निकायको गठन गर्नु,

(२) माथि उल्लिखित निकाय गठन सञ्चालन, काम, कर्तव्य र अधिकारसमेत समेटिने गरी सम्बन्धित सबै सम्प्रदायका विज्ञहरूसँग समन्वय र परामर्श गरी कानूनको तर्जुमा गर्नु,

(३) धार्मिक सम्पदा अर्थात् देवस्वसँग सम्बन्धित कुनै पनि संस्थाको गठन र सञ्चालन गर्दा माथि उल्लिखित (बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विश्व देवस्वको प्रतिनिधि) निकायको परामर्श र प्रतिनिधित्व सुनिश्चित गर्नु गराउनु) भन्ने माग दाबीसहित निवेदन दिएको देखियो।

विपक्षीमध्ये नेपाल सरकारका तर्फबाट पेस गरेको लिखित जवाफमा संविधान प्रदत्त धार्मिक हक एवं धार्मिक स्थल र गुठीसम्बन्धी विषय छ, तत्सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा २३ ले प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक एवं साँस्कृतिक परम्पराको मर्यादा राखी परापूर्वकालदेखि चलिआएको आफ्नो धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने हकको व्यवस्था गरेको र नेपाल सरकार संविधान प्रदत्त सो हकको प्रचलन गर्ने, गराउने कुरामा प्रतिबद्ध रहेको, विपक्षी निवेदकले सो हकको प्रचलन गर्नमा बाधा पुगेको कुरा आफ्नो निवेदनमा कहिँ कतै उल्लेख नगर्नु भएको अवस्थामा उहाँले समेत सो हकको निर्वाध उपभोग गरिरहनु भएको स्पष्ट हुन्छ। संविधानको धारा २३ को उपधारा (२) मा प्रत्येक धार्मिक सम्प्रदायलाई कानूनबमोजिम आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी आफ्नो धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हक हुनेछ भन्ने व्यवस्था रहेको पाइन्छ । संविधानको यस व्यवस्थाबमोजिम प्रत्येक धार्मिक सम्प्रदायले भूमिसम्बन्धी ऐन, २०२१, मालपोत ऐन, २०३४ लगायत प्रचलित कानूनको अधीनमा रही धार्मिक गुठीको गठन एवं सञ्चालन गर्न सक्ने नै देखिन्छ भने गुठीको सम्पत्तिको संरक्षण, गुठी सञ्चालनलगायतको व्यवस्था गुठी संस्थान ऐन, २०३३ बमोजिम गुठी संस्थानबाट भए गरेको पाइन्छ। विपक्षी रिट निवेदकले समेत सो कानूनी व्यवस्थाको अवलम्बन गरी धार्मिक स्थल एवं गुठी गठन, सञ्चालनलगायतका कार्य गर्न सक्ने नै देखिएको र के, कति कारणले सो कानूनी व्यवस्थाको सट्टामा अर्को कानूनी व्यवस्था गर्नुपर्ने भएको हो भन्ने कुरा आफ्नो निवेदनमा स्पष्ट पार्न सक्नु भएको छैन। साथै मुलुकलाई कस्तो किसिमको कानून कहिले बनाउने भन्ने कुरा विधायीकाको एकलौटी अधिकार क्षेत्र (Exclusive Power) भित्र पर्ने विषय भएकोले विधायिकाको एकलौटी अधिकार क्षेत्रभित्रको विषयमा अदालतबाट विधायिकालाई यो कानून निर्माण गर्नु भनी आदेश जारी गर्न शक्ति पृथकिकरणको सिद्धान्तबाट समेत उपयुक्त नहुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ पेस गरेको पाइयो।

विपक्षी कानून तथा न्याय मन्त्रालयका तर्फबाट पठाएको लिखित जवाफमा प्रत्येक धर्मावलम्बीलाई आफ्नो धर्म रक्षाको लागि प्रचलित कानूनको अधीनमा रही जुनसुकै काम गर्ने अधिकार कानूनले दिएको हुँदा सो विषयमा छुट्टै कानून बनाउन आवश्यक देखिँदैन । मुलुकलाई कस्तो किसिमको कानून कहिले बनाउने भन्ने कुरा कार्यकारी निकाय, नेपाल सरकारको अन्तरनिहित विषय नीतिगत भएको र त्यस्तो विषय न्यायिक निरूपण र सुपरिवेक्षणको विषय नहुँदा विपक्षीले कानून बनाउने सम्बन्धमा अदालतसमक्ष दिएको निवेदनको कुनै औचित्य नै देखिँदैन भन्ने कानून तथा न्याय मन्त्रालयले लिखित जवाफ फिराएको देखिन आयो।

२. निर्णय तर्फ विचार गर्दा, निवेदकहरू विभिन्न धार्मिक एवं भाषा र संस्कृतिसँग सम्बन्धित संस्थाका प्रतिनिधिहरू भई नेपालको अन्तरिम संविधान, २०६३ ले प्रचलित समाजिक एवं साँस्कृतिक सम्पदाको मर्यादा राखी परापूर्वदेखि चली

आएको आफ्नो धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने हक, धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हक प्रदान गरेको अवस्थामा संविधानद्वारा प्रदत्त अधिकारको सञ्चालन एवं संरक्षण हुन नसकेको, धार्मिक एवं देवस्व सम्पदा कति हो त्यो यकिन छैन देवस्व दिनानुदिन मासिँदै गएको, हेरचाह हुन नसकेको, देवस्व सम्पदा रातारात व्यक्तिको नाउँमा दर्ता गरिएका दर्ता भएका, यसको नियन्त्रण गर्ने लेखाजोखा गर्ने निकाय नभएको, संरक्षणको निमित्त स्थापित निकायहरूले आफ्नो भूमिका उचितरूपमा निर्वाह गर्न सकेका छैनन्।

३. धार्मिक समुदाय, भिन्न जातजाति एवं भाषाभाषीबीचको विवाद उत्पन्न भएमा समाधान पनि गर्ने र देशमा धार्मिक सहिष्णुता तथा सबै नेपालीबीच एकता कायम गर्ने धार्मिक स्थल र गुठीको सञ्चालन, संरक्षण, धर्मको संरक्षणसमेत गर्न एक सबैको प्रतिनिधित्व भएको राष्ट्रिय निकायको स्थापना हुन सबै सनातन धर्मावलम्वीहरूको उचित प्रतिनिधित्व रहने गरी एउटा राष्ट्रिय निकायको गठन, सो निकायको गठन सञ्चालन, काम, कर्तव्य र अधिकारसमेत समेटिने गरी सबै सम्प्रदायका विज्ञहरूसँग समन्वय र परामर्श गरी कानूनको तर्जुमा तथा धार्मिक सम्पदा अर्थात् देवस्वसँग सम्बन्धित कुनै पनि संस्थाको गठन र सञ्चालन गर्दा बहुजातिय, बहुभाषिक बहुधार्मिक, बहुसाँस्कृतिक विश्व देवस्वको प्रतिनिधि निकायको परामर्श र प्रतिनिधित्व सुनिश्चित गर्नु गराउनु भनी निवेदकहरूले माग दाबी लिएकोमा विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय तथा कानून तथा न्याय मन्त्रालयको लिखित जवाफमा प्रचलित सामाजिक एवं साँस्कृतिक परम्पराको मर्यादा राखी परापूर्वकालदेखि चली आएको आफ्नो धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने हकको व्यवस्था गरेको र नेपाल सरकार संविधान प्रदत्त सो हकको प्रचलन गर्ने गराउने कुरामा प्रतिबद्ध रहेको उल्लेख गरिएको छ। सो प्रचलनका लागि भूमिसम्बन्धी ऐन, २०२१, मालपोत ऐन, २०३४ लगायत प्रचलित कानूनको अधीनमा रही धार्मिक गुठीको गठन एंव सञ्चालन गर्नको लागि गुठी संस्थान ऐन, २०३३ ले व्यवस्था गरेको भनी उल्लेख गरेको पाइयो। सनातन धर्मको रक्षाको लागि राष्ट्रिय निकायको गठन सञ्चालन र काम कर्तव्य समेटने गरी छुट्टै कानून निर्माण नगरी प्रत्येक धर्मावलम्बीलाई आफ्नो धर्म रक्षाको लागि प्रचलित कानूनको अधीनमा रही जुनसुकै काम गर्ने अधिकार कानूनले दिएको हुँदा सो विषयमा छुट्टै कानून बनाउन आवश्यक देखिँदैन भनी लिखित जवाफ प्रस्तुत भइरहेको देखिन्छ।

४. धर्म संस्कृति व्यक्ति एवं समाजको पहिचान हो। धर्म संस्कृतिद्वारा समाज निर्देशित र नियन्त्रितसमेत हुन्छ। मानवले जन्मसँगै धर्म संस्कृतिलाई जीवनको अभिन्न अङ्गको रूपमा ग्रहण गरी आएको हुन्छ। धर्म संस्कृतिको धरोहरका रूपमा धार्मिक स्थल, धार्मिक गुठीहरू रहेका छन्। यी सम्पदा र सभ्यताको संरक्षण नितान्त आवश्यक हुन जान्छ। परम्परादेखि चलि आएको प्रचलन, सम्पदा र सभ्यता व्यक्तिको जीवनको अधिकार (right to life) कै रूपमा रहन जाने हुन्छ साँस्कृतिक, धार्मिक सम्पदाले इतिहास बोलिरहेका समेत हुन्छन्। यसबाट नै व्यक्ति एवं समाज अपनत्व, जिम्मेवारी, उत्तरदायित्व, नैतिकता, मानवीयता जस्ता तत्त्वले युक्त हुन जान्छ। धर्म, सम्पदा सभ्यताको संरक्षणबाट समाज अझ परिस्कृत हुन जान्छ। यसले समाजलाई संयमित एवं मर्यादित बनाउन मद्दत गर्दछ।

५. नेपालको अन्तरिम संविधानको धारा २३ को धर्मसम्बन्धी हकको उपधारा (१) मा ***प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक एवं साँस्कृतिक परम्पराको मर्यादा राखी परापूर्वदेखि चली आएको आफ्नो धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने हक हुनेछ। तर कसैले कसैको धर्म परिर्वतन गराउन पाउने छैन र एक अर्काको धर्ममा खलल पार्ने गरी कुनै काम, व्यवहार गर्न पाइने छैन***। त्यस्तै धारा २३

कै उपधारा (२) मा ***प्रत्येक धार्मिक सम्प्रदायलाई कानूनबमोजिम आफ्नो स्वतन्त्र अस्तित्व कायम राखी आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हक हुनेछ*** भन्ने व्यवस्था रहेको देखिन्छ । प्रस्तुत संवैधानिक प्रावधानले हरेक धार्मिक सम्प्रदायलाई आफ्नो धार्मिक स्थल र धार्मिक गुठीको सञ्चालन र संरक्षण गर्ने हक प्रदान गरेकै देखिन्छ ।

६. संवैधानिक अधिकार, विभिन्न विधायिकी कानूनहरू धार्मिक स्थल, गुठीलगायत धार्मिक एवं देवस्व सम्पदाको संरक्षणका क्षेत्रमा क्रियाशील रहेका देखिन्छन् । प्राचीन स्मारक संरक्षण ऐन, २०१३ ले प्राचीन स्मारकको संरक्षण, पुरातत्त्वसम्बन्धी ऐतिहासिक वस्तुहरूको संरक्षण गर्न निर्माण गरिएको देखिन्छ । प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३ र ९ ले यससम्बन्धी व्यवस्था गरेको देखिन्छ । उक्त ऐनको दफा ९ मा तीर्थ स्थान तथा देवालयहरूको बचाउ दफा शीर्षकमा ***यस ऐनबमोजिम नेपाल सरकारको हेरचाहमा रहेको वा पुरातत्त्वसम्बन्धी वा ऐतिहासिक महत्त्वको तीर्थ स्थान वा देवालयलाई दुरूपयोग वा त्यसमा कुनै किसिमको बेहिसाब हुन गर्न नदिने जो चाहिने प्रबन्ध नेपाल सरकारले गर्न सक्दछ*** भन्ने व्यवस्था गरिएको पाइन्छ । गुठी संस्थान ऐन, २०३३ द्वारा देव देवालय, मठ मन्दिर आदिको धार्मिक स्थल संरक्षण गुठी सम्पत्तिको संरक्षण, गुठी सञ्चालनलगायत कार्य गर्ने एवं धार्मिक क्षेत्रको संरक्षण कार्यमा गुठी संस्थानलाई जिम्मेवारी प्रदान गरिएको देखिन्छ । भूमिसम्बन्धी ऐन, २०२१ मालपोत ऐन, २०३४ ले समेत यस्ता भूमि व्यवस्थापनसम्बन्धी कार्य गरेको पाइन्छ । स्थानीय प्रशासन ऐन, २०२८ को दफा ९(६) ले ***प्रमुख जिल्ला अधिकारीले आफ्नो जिल्लाभित्रको सार्वजनिक धारा, कुवा, पोखरी, पधेरो, पाटी, पौवा, सत्तल, धर्मशाला मन्दिर, गुफा, पुल आदिको लगत लिई राख्नु पर्छ र भत्की बिग्री नोक्सान हुन लागेमा त्यस्को धनी, वारिस, नगरपालिका वा गा.वि.स. वा गुठी संस्थानद्वारा मर्मत गर्न लगाउनु पर्छ ।***

७. स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा पनि धार्मिक एवं साँस्कृतिक सम्पदाको संरक्षणमा जोड दिएको पाइन्छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २५ (ग)[14], यसैगरी दफा २८(झ) (१)[15](२)[16], दफा ९३ (क)[17](ख)[18](ध)[19](न)[20] (प)[21]

14 स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २५ मा गाउँ विकास समितिको वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत खण्ड (ग)मा वडा भित्रको जनसंख्या, घर, जग्गा, पाटी, पौवा, धर्मशाला, मठ मन्दिर, मस्जिद, गुम्बा आदि देवस्थल, मदरसा, पर्ति जग्गा, पोखरी तलाउ, ईनार, कुवा, धारा आदि सार्वजनिक महत्त्वका धार्मिक तथा साँस्कृतिक स्थलहरूको लगत राख्न तथा संरक्षण गर्न गाउँ विकास समितिलाई सहयोग गर्ने ।

15 स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २८ मा गाउँ विकास समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत खण्ड (झ) भाषा र संस्कृति सम्बन्धीको (१) मा गाउँ विकास क्षेत्र भित्रका धर्मस्थल तथा धर्मशाला, पाटी, पौवा आदिको लगत राखी रेखदेख र संरक्षण गर्ने गराउने

16 (२) विभिन्न भाषा, धर्म र संस्कृतिको संरक्षण गर्ने गराउने र तिनीहरूको विकासमा सहयोग गर्ने गराउने

17 स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९३ मा नगर पालिका वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत खण्ड (क) मा वडा भित्रको जनसंख्या, घर, जग्गा, पाटी, पौवा, धर्मशाला, मठ मन्दिर, गुम्बा, मस्जिद, देवस्थल, मदरसा, पर्ति जग्गा, पोखरी तलाउ, इनार, कुवा, धारा, ढुंगेधारा आदिको लगत राख्न तथा संरक्षण गर्न नगरपालिकालाई सहयोग गर्ने ।

18 वडाभित्रको बाटो, सडक, पुल, ढल, पोखरी, तलाउ, इनार, कुवा, ढुँगेधारा, धारा, बहाल, मठ, मन्दिर, गुम्बा आदि सफा सुग्घर राख्ने ।

19 वडाभित्रका प्राचीन स्मारकहरूको संरक्षण गर्न सहयोग गर्ने ।

20 वडाभित्रका ऐतिहासिक, पुरातात्त्विक, साँस्कृतिक तथा धार्मिक महत्त्वका मन्दिरहरूको संरक्षण गर्न सहयोग गर्ने ।

21 मौलिकता झल्किने साँस्कृतिक नाचगान तथा भजन समेतलाई निरन्तरता दिन नगरपालिकालाई सहयोग गर्ने ।

दफा ९६ (ङ)(१)[22] र (२)[23] र दफा १८९ (ठ)[24] (१)[25], (२)[26] र (३)[27] मा समेत यससम्बन्धी व्यवस्था रहेको देखिन्छ । (जो फैसलाको फुटनोटको १ देखि १४ नं. सम्म प्रष्ट हेर्न सकिन्छ ।)

८. निवेदकले देवस्व सम्पदा रातारात व्यक्तिको नाममा दर्ता भएको भनी निवेदनमा उल्लेख गरे पनि सो निवेदकले देखाउन सकेको देखिँदैन र सोअनुरूप भएको भन्ने पनि देखिँदैन । विद्यमान कानून अपर्याप्त छ भन्नेले सो अर्पयाप्तता देखाउनसमेत सक्नु पर्दछ । भइरहेको कानूनले नै निवेदनमा जिकिर लिएका माग दाबीलाई सम्बोधन गरी रहेको स्थिति देखिँदा कानूनको अपर्याप्तता मान्न सकिँदैन । कानूनको अभाव, हक प्रचलन गर्नुपर्ने विषय र निवेदन मागबमोजिमको निकाय गठन गर्न पर्ने आवश्यकता भए विपक्षी बनाइएका प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय तथा कानून तथा न्याय मन्त्रालयमा निवेदन दिनुपर्नेमा निवेदन नदिई सोझै अदालत प्रवेश गरेको देखिन्छ । उपचार खोज्नेले उपचारका सम्बन्धमा सम्बन्धित निकायसमक्ष निवेदन दिई उपचार प्रयास गर्नुपर्नेमा सोसमेत गरेको देखिँदैन । यस सम्बन्धमा सर्वोच्च अदालतको *ने.का.प.* २०४९, अंक ८, नि.नं. ४५९८, पृष्ठ ७३१[28] मा ***रिट उपचार असाधारण उपचार हो कानूनले अन्य नियमित उपचारको व्यवस्था गरेको छ भने रिट क्षेत्रबाट उपचार खोज्नु उपयुक्त मानिँदैन । उपचार खोज्नेले उपयुक्त उपचार अवलम्बन गर्नुपर्ने हुन्छ । नियमित उपचार उपयुक्त हुने अवस्थामा असाधारण उपचार अवलम्बन गर्न मनासिब हुँदैन*** भनी सिद्धान्त प्रतिपादित भएको छ ।

९. समाजमा जातिय लडाइँ, फरक भाषा बोल्नेहरू बीचको लडाइँ तथा भिन्न संस्कार र संस्कृति मान्ने पक्षहरू बीच पनि विवाद रहेको र यसको लागि राष्ट्रिय निकायको गठनको माग दाबीका सम्बन्धमा हेर्दा नेपाल एक बहुजातिय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषतायुक्त राष्ट्र भएको र सबै धर्मालम्वीहरू, भाषा भाषिहरू एक आपसमा मिलेर बसिरहेको देश हो । अनेकतामा एकताको रूपमा छरिएर रहेका धार्मिक, भाषिक, साँस्कृतिक समूह नै नेपालको पहिचान हुँदा यी समूह बीचको विवादको कल्पना पनि गर्न सकिँदैन । निवेदकले के र कुन अवस्थामा कस्तो प्रकारको निकायको माग गर्नुभएको हो सो विशिष्ट (Specific) रूपमा उल्लेख नगरी सामान्यरूपमा मात्रै माग दाबी लिएको देखिन्छ । अदालतले सार्वजनिक सरोकारका नाममा कल्पना गरिएका कुरा तथा बौद्धिक बहसका कुराहरूमा प्रवेश गर्न सक्दैन । निवेदकको अस्पष्ट मागका आधारमा विभिन्न जातजाति तथा भाषा भाषीका बीचमा लडाइँ हुन्छ भन्ने अनुमानका आधारमा रिट जारी गर्न सकिँदैन ।

१०. निवेदकहरूले माग गरेअनुरूप धार्मिक मन्दिर गुफा आदिमा दखल परेमा वा त्यस्ता सार्वजनिक प्रकृतिका वस्तुहरू कसैले मासे नासे वा हिनामिना हुन गएमा सम्बन्धित कानूनमा नै त्यसको उपचारको व्यवस्था गरिएको पाइन्छ । प्राचीन स्मारक संरक्षण ऐन, २०१३, गुठी संस्थान ऐन, २०३३, स्थानीय प्रशासन ऐन, २०२८, स्थानीय स्वायत्त शासन ऐन, २०५५ समेतका कानूनी व्यवस्थाले निवेदकहरूको माग सम्बोधन गर्न तथा

22 नगरपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत खण्ड (ङ) को (१) मा नगरपालिका क्षेत्रभित्रका साँस्कृतिक तथा धार्मिक महत्त्वका स्थानहरूको लगत तयार गरी तिनीहरूको मर्मत संभार गरी संरक्षण र सम्बर्धन गर्ने, गराउने ।

23 नगरपालिका क्षेत्रभित्रका पुरातात्त्विक वस्तु, भाषा, धर्म, कला र संस्कृतिको संरक्षण, सम्वर्धन एवं प्रयोग गर्ने, गराउने ।

24 जिल्ला विकास समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत दफा १८९(ठ) मा भाषा र संस्कृति सम्बन्धी व्यवस्था

25 जिल्ला विकास क्षेत्रभित्रका साँस्कृतिक एवं धार्मिक महत्त्वका स्थानहरूको अभिलेख राख्ने र मर्मत संभार गराई संरक्षण र सम्वर्धन गर्ने ।

26 विभिन्न भाषा, धर्म र संस्कृतिको सम्वर्धन गर्ने, गराउने ।

27 जिल्ला विकास क्षेत्रभित्रका पुरातात्त्विक वस्तु, भाषा, धर्म, कला र संस्कृतिको संरक्षण, सम्वर्धन एवं प्रयोग गर्ने, गराउने ।

28 भन्सार विभाग समेत वि रामरिछपाल अग्रवाल, पूर्ण इजलास, *ने.का.प.* २०४९, अंक ८, नि. न. ४५९८, पृ. ७३१

उपचार प्राप्त गर्न सक्ने नै हुँदा अदालत प्रवेश गर्नुपर्ने देखिँदैन। जहाँ वैकल्पिक उपचारको मार्ग हुन्छ त्यस्तोमा सर्वोच्च अदालतले असाधारण अधिकार क्षेत्र ग्रहण गर्न सक्दैन । *ने.का.प.* २०६१ अंक ७, नि.नं. ७४०४ पृष्ठ ८२२[29] मा ***वैकल्पिक उपचारको मार्ग उपलब्ध भएको विषयमा सो मार्ग अवलम्बन नगरी सिधै यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत रिट निवेदन लाग्न सक्ने नदेखिने*** भनी सिद्धान्तसमेत प्रतिपादन भएको परिप्रेक्ष्यमा निवेदकहरूको निवेदन मागबमोजिम रिट जारी गर्न सकिएन ।

११. अत: माथि विवेचना गरिएका आधार कारण एवम् कानूनी व्यवस्थाहरूबाट निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ । प्रस्तुत निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गर्नु होला ।

उक्त रायमा सहमत छु ।
न्या. देवेन्द्र गोपाल श्रेष्ठ

इजलास अधिकृत: रामप्रसाद पौडेल
इति संवत् २०७१ साल चैत १० गते रोज ३ शुभम् ।

29 रामकृष्ण निराला वि अख्तियार दुरूपयोग अनुसन्धान आयोग समेत, मुद्दा उत्प्रेषण, पूर्ण इजलास, *ने.का.प.* २०६१, अंक ७, नि. न. ७४०४, पृ. ८२२

निर्णय नं. ९८२६

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोपाल पराजुली
माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ
फैसला मिति :२०७३।०२।२३
०७१-CR-०४३१

मुद्दा : जबरजस्ती करणी

पुनरावेदक / प्रतिवादी : झापा जिल्ला गरामुनी गा.वि.स. वडा नं. ३ घर भई हाल जिल्ला कारागार कार्यालय झापामा थुनामा बस्ने ईश्वर ऋषिदेव

विरूद्ध

प्रत्यर्थी / वादी : नेपाल सरकार

- **जबरजस्ती करणीको अपराध र यसको उद्योगका बीचमा मनसाय र कार्यको दृष्टिकोणबाट हेर्दा कुनै भिन्नता पनि देखिँदैन । जबरजस्ती करणीको वारदात स्थापित हुन पीडित बालिकाको योनिको कन्याजाली च्यातिएको हुनुपर्दछ र योनिको भाग सुन्निएको हुनुपर्दछ भन्ने पूर्वसर्त हुँदैन । कन्याजाली च्यातिएको थियो र योनिको भाग पनि सुन्निएको थियो भने त्यसले केवल अपराध स्थापित गर्न थप पुष्टि हुन जाने ।**

(प्रकरण नं. ७)

- **पुनरावेदक प्रतिवादीलाई निजको लिङ्ग पीडित बालिकाको योनिभित्र प्रवेश नगरेको भन्ने मात्र आधारमा निजको क्रियालाई जबरजस्ती करणीको परिभाषाभित्र नपार्ने हो भने यस प्रकारका अमानवीय व्यवहारले**

सर्वोच्च अदालत

छुट पाउने अवस्था सिर्जना हुन्छ । बालिकाको योनिसम्म लिङ्ग पुर्‍याई वीर्य स्खलन गराई आफ्नो यौन सन्तुष्टि लिने कार्यलाई केवल करणीको उद्योग मात्र हो भनी कायम गर्नु जबरजस्ती करणी सम्बन्धी कानूनी व्यवस्थाको भावना प्रतिकूल हुने ।

- **योनिमा लिङ्ग प्रवेश नगरेसम्म जबरजस्ती करणीको कसुर हुँदैन भनी व्याख्या विश्लेषण गर्ने हो भने यस्ता कलिला उमेरका बालिकामाथि हुने यौनजन्य अपराधबाट प्रतिवादीले उन्मुक्ति पाउने अवस्था आई समाजमा यस्ता घटनाले पश्रय पाउने अवस्था आउने ।**

(प्रकरण नं. ८)

पुनरावेदक / प्रतिवादीको तर्फबाट : विद्वान् अधिवक्ता विकास दाहाल

प्रत्यर्थी / वादीको तर्फबाट :

अवलम्बित नजिर :

- *ने.का.प.* २०६३, अंक २, नि.नं.७६५२
- *ने.का.प.* २०६५, अंक १, नि.नं.७९२३
- *ने.का.प.* २०६६, अंक ५, नि.नं.८१४२

सम्बद्ध कानून :

- प्रमाण ऐन, २०३१ को दफा ९

सुरू अदालतमा फैसला गर्ने :-

मा.जिल्ला न्या.श्री शालीग्राम कोइराला

पुनरावेदन अदालतमा फैसला गर्ने :-

माननीय न्यायाधीश श्री उदयप्रकाश चापागाई

माननीय न्यायाधीश श्री मोहनरमण भट्टराई

फैसला

न्या. गोपाल पराजुली : पुनरावेदन अदालत, इलामको मिति २०६९।३।४ को फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम प्रतिवादी इश्वर ऋषिदेवको तर्फबाट यस अदालतमा दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः

झापा जिल्ला गरामनी गा.वि.स.वडा नं. २ स्थित पूर्व रुपलाल लिम्बुको घर, पश्चिम नाला मुर्मुको घर, उत्तर चन्द्रबहादुर राईको घर, दक्षिण कुमारसिंह देवानको गहुँबारी यति चार किल्लाभित्र रहेको पवनलालको गहुँबारीको बीच भागमा भएको २ मिटर गोलाईको गहुँ पूरै माडीई नष्ट भएको, सोही स्थानमा राजु भन्ने ईश्वर ऋषिदेवले १३ वर्षकी परिवर्तित नाम "बि" लाई जबरजस्ती करणी गरेको, सोही घटनास्थलबाट कण्डम २ थान, घडिको टुक्रा चेन र पिन १ समेत बरामद भएको भन्नेसमेत व्यहोराको घटनास्थल प्रकृति मुचुल्का।

मिति २०६६।१०।२४ गते साझ ७.३० बजेको समयमा म जाहेरवालाको नाबालिका छोरी वर्ष १३ की पीडिता प्लाष्टिकको जर्किन बोकेर पानी लिन गएकीमा नआएकी हुँदा आफन्तसमेतको सहयोगमा गाउँ घरमा खोजतलास गर्दा फेला परिनन्। खोजतलास कै क्रममा मिति २०६६।१०।२५ गते लिम्बुनी थरकी वुढी महिलाले मलाई बोलाई गहुँबारीमा लगेपछि हेर्दा गहुँ पूरै माडिई घटनास्थलमा २ थान कण्डम देखिएपछि मेरो छोरीलाई करणी गरी हत्या गरेको शंका लागी मेरो घरमा आई रहने व्यक्तिलाई सोधपुछ गरी सुरक्षाकर्मीले नियन्त्रणमा लिए । मैले छोरीलाई एकान्तमा सोधपुछ गर्दा निजले मिति २०६६।१०।२४ गते राति ८ बजे नसाको सुरमा बाटोबाट तानी गहुँबारीमा लगी जबरजस्ती करणी गरी राति के कुन समयमा आफन्तको घरमा लगी छाडेको, पिसाब गर्दा पोलेको भनी भएका सबै व्यहोरा बताएकी हुँदा प्रतिवादीलाई पक्राउ गरी

कानूनबमोजिम कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराले सुनिता मुर्मुले जिल्ला प्रहरी कार्यालय, झापामा पेस गरेको जाहेरी दरखास्त।

पीडिताको कन्याजाली नच्यातिएको, योनिको भाग नसुन्निएको, योनिबाट रजस्वलाको रगत बगेको देखिएको भन्नेसमेत व्यहोराको मेची अञ्चल अस्पतालको परीक्षण प्रतिवेदन।

मिति २०६६।१०।२४ गते म काम विशेषले बिर्तामोड गएकोमा बिर्तामोडबाट गरामनीतर्फ आउँदै गर्दा दिउँसो ३ बजेको समयमा लिलु बेस्राले फोन गरी देउनिया आउनु भनेको हुँदा म देउनियामा जाँदा लिलु बेस्रा रक्सी खाई रहेका थिए। भेटभए पछि दुवै जनाले तुम्बा (रक्सी) खाँयौ र केही पर गई केरेमबोर्ड खेल्यौ। साँझ पर्न लागेको हुँदा लिलु बेस्राले मेरो सोल्टिनीको घरमा जाउँ भनेकाले निजको सोल्टिनीको घरमा गयौ। केही समय त्यही बसी सोल्टिनीसँग होटलमा गई रक्सी खायौं। सोल्टिनीको छोरी पीडितालाई साथीले चिनाएको थियो। रातिसम्म रक्सी खाँदा निकै मातेछु। जाहेरवालीकी छोरी पीडिता निकै पटक पानी लिन ओहोर दोहोर गरेको देखी मैले निजलाई पानी लिन आएको मौकामा समाती जाँउ भन्दा प्रतिकार नगरेकाले तानी गहुँबारीमा लगि सुताई निजले लगाएको फ्रक फर्काइ म आफूले लगाएको कपडा खोली साथमा बोकेको कण्डम (ढाल) लिङ्गमा लगाई पीडिताको योनिमा छिराउन खोज्दा छिराउन नपाउँदै वीर्य झरेको हुँदा निज बालिकालाई केही समय सुम्सुमाई अर्को ढाल झिकी लिङ्गमा लगाई पुनः बालिकाको योनिमा छिराउने प्रयास गर्दा पनि वीर्य स्खलन भयो। त्यसपछि निकै रातिसम्म नाबालिकालाई गहुँबारीमा नै राखी पटक-पटक करणी गरी राति नै गरामनी-२ बस्ने आइते बेस्राको घरमा लगी छाडी म आफ्नो घर गएँ। घटनास्थलमा फेला परेको २ थान कण्डम मैले प्रयोग गरेको हो। बालिकालाई मैले मात्र करणी गरेको हो, लिलु बेस्राले चिनजान मात्र गराएका हुन भन्ने समेत व्यहोराको प्रतिवादी राजु भन्ने ईश्वर ऋषिदेवले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

वारदातको दिन मैले देउनिया डाँडाबाट ईश्वर ऋषिदेवलाई फोन गरेर बोलाए। ऊ आएपछि दुवै जनाले होटलमा रक्सी खाई केही समय केरेमबोर्ड खेली साझ पख मेरो सोल्टिनी नाताकी सुनिता मुर्मुको घरमा जाँदै गर्दा सोल्टिनीलाई बाटैमा भेटेकाले हामी ३ जना नजिकैको पसलमा गएर रक्सी खायौं। रक्सीले मातेकाले ८ बजेको समयमा म आफ्नो घरतर्फ गएँ। ईश्वर ऋषिदेवलाई सोल्टिनीसँगै छाडेको थिएँ। ईश्वर ऋषिदेवले मातेको अवस्थामा जाहेरवाली सोल्टिनीको छोरी वर्ष १३ की नाबालिकालाई बेलुका एक्लै पानी लिन आएको मौका पारी बाटोबाट तानी गहुँबारीमा लगी जबरजस्ती करणी गरी राति नै आइते बेस्राको घरमा लगी छाडेको कुरा मिति २०६६।१०।२५ गते मात्र थाहा पाएको हुँ। यस घटनामा मेरो कुनै संलग्नता छैन भन्नेसमेत व्यहोराको प्रतिवादी विजय भन्ने लिलु बेस्रा सतारले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान।

मिति २०६६।१०।२४ गतेका दिन मेरो आमाको सोल्टी नाता पर्ने झापा गरामनी बस्ने लिलु बेस्राले साथी लिई घरमा आए। केही समय बसी नजिकैको रक्सी पसलमा गए। म मोती रोक्काको घरमा सत्यनारायणको पूजा लगाएकाले पूजाको प्रसाद खान गए। म फर्केर आउँदा लिलु बेस्रासमेत केरेमबोर्ड खेल्दै थिए। आमा पनि पूजाको प्रसाद खान जानु भयो। बुबा बिहानैदेखि काममा जानु भएको थियो। घरमा आउनु भएको थिएन। म अं. ८ बजेको समयमा म पानी लिन जाँदै गर्दा बाटोमा पर्ने गहुँबारीबाट लिलु बेस्रासँग आएको राजु भन्ने ईश्वर ऋषिदेवले मेरो नाडीमा समाती मुखमा चकलेट जस्तो चिज खुवाई रूमालले मुख छोपेकाले म बेहोस भएछु। भोलिपल्ट होसमा आउँदा म आइते बेस्राका घरमा थिएँ। मेरो छाती, ढाड, योनिसमेत दुखेको र पिसाब फेर्दा पोलेको

थियो । मेरो बुबाआमासमेतले खोजतलास गर्दै जाँदा गहुँबारी माडिएको स्थान र त्यहाँ २ वटा ढालसमेत फेला परेकोले शङ्का लागी लिलु बेस्रालाई प्रहरीमा जिम्मा लगाएपश्चात् प्रहरी म भएको स्थानमा आई ईश्वर ऋषिदेवलाई पक्राउ गरेको हो । ईश्वर ऋषिदेवले नाडिमा समाती मुख छोपी बेहोस गराएको हो । लिलु बेस्राले ईश्वर ऋषिदेवसँग चिनाई गएपछि निजले मलाई उपरोक्तबमोजिम करणी गरेको हुँदा निजहरू दुवैजना उपर कानूनबमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराले परिवर्तित नाम "वि" ले जाहेरवाली आमाको रोहवरमा अधिकारप्राप्त अधिकारीसमक्ष गरेको कागज।

मौकामा पार्वता लिम्बु, रूपलाल लिम्बु, बिरेन लिम्बु, सन्जु लिम्बु र गजेन्द्र शेर्पाले लेखाई दिएको प्रायः एकै मिलानको वस्तुस्थिति मुचुल्का मिसिल सामेल रहेको।

प्रतिवादी ईश्वर ऋषिदेवले परिवर्तित नाम "वि" लाई रातको ८ बजेको समयमा मौका पारी ललाई फकाई गहुँबारीमा लगी जबरजस्ती करणी गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. विपरीत कसुर गरेको देखिँदा प्रतिवादी ऋषिदेवलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय २ बमोजिम सजाय गरी ऐ. महलको को १० (ग) नं. बमोजिम पीडितालाई क्षतिपूर्ति दिलाई भराई पाऊँ । प्रतिवादी लिलु बेस्राले ईश्वर ऋषिदेव र पीडितालाई चिनजान गराएपश्चात् जबरजस्ती करणीको संयोग मिली प्रतिवादी ईश्वर ऋषिदेवले जबरजस्ती करणीको वारदत सम्पन्न गरेको हुँदा लिलु बेस्रालाई जबरजस्ती करणीको महलको ४ नं. बमोजिम सजाय गरिपाउँ भन्नेसमेत व्यहोराले वादी नेपाल सरकारले झापा जिल्ला अदालतमा पेस गरेको अभियोग पत्र।

लिलु बेस्रा र जाहेरवाली सोल्टि सोल्टिनी नाताका मानिस हुन् । वारदातको दिन म र लिलु बेस्राले बेलुकी ७ बजेदेखि ७.३० बजेसम्म १/१ वटा तोम्बा खायौ । त्यसै समयमा पीडिता हामी भएको स्थानमा आई आमाले बोलाउँदै हुनुहुन्छ भनेकाले निज पीडिताको आमा, म र लिलु बेस्राले अर्को पसलमा रक्सी खायौ। २ बोतल रक्सीको पैसा मैले तिरे। रक्सी खाएपछि लिलु बेस्रा त्यहाँबाट हिँडे । रात परेको हुँदा निजको सोल्टिनीले साथी नआउन्जेल पर्ख भनेकाले पर्खंदा साथी आएन । जाहेरवालीले भात खाएर जानु भनिन । त्यतिकैमा पीडिता आइन । पीडितालाई मैले कहाँ हिँडेकी भनेर सोधेँ । म यँही आएको भनिन, हामीबीच गफ भयो । त्यसै क्रममा मैले मसँग विवाह गर्छौं भन्दा निज विवाह गर्न राजी भइन । करणी गर्न दिन्छौ भनी सोद्धा करणी गर्न पनि राजी भएकाले घर पछाडिको आलीमा बसेर गफ गर्‍यौं । म बसेको आलीबाट लडेर गहुँबारीमा पुगे । अनि राजीखुशीसाथ हामी गहुँबारीमा गई करणी लिनु दिनु गरेको हौं । तर योनिभत्र लिङ्ग प्रवेश नहुँदै लिङ्गबाट चिल्लो पर्दाथ झर्‍यो। म मातेको हुनाले हात चाहिँ समातेँ। अन्यतिर समाउन पाइन। २ पटक करणी गर्न प्रयास गर्‍यो। तर २ पटकनै वीर्य बाहिर नै स्खलन भयो । जबरजस्ती करणी गरेको होइन । देखाइएको घडीको टुक्रा, चेन र पिन मेरो हो भन्नेसमेत व्यहोराको प्रतिवादी राजु भन्ने ईश्वर ऋषिदेवले झापा जिल्ला अदालतमा गरेको बयान।

मिति २०६६।१०।२४ गते देउनियाको गुरूङको घरमा म रक्सी खाई रहेको बखत बेलुका ३ बजेतिर पीडिताको आमाले मलाई रक्सी खुवाउने होइन भनेकी थिइन । मैले पैसा छैन भनेँ । मेरो सोल्टिनी नाताकी निजले किन डराएको भनेकाले मैले एक गिलास रक्सी किनेर दिएँ। रक्सी खाएपछि ईश्वर ऋषिदेवलाई सोल्टिनीसँगै छोडी म घर गएँ। भोलिपल्ट केटीको आमा र मामा २ जना मेरो घरमा आई मलाई देउनिया जाउँन् सोल्टी भनी फकाएर ल्याए। बेलुकी ४ बजे देउनियामा आई पुगेपछि केटीको आमा र मामाले मलाई मेरी छोरी र भान्जीलाई अपहरण गरी कहाँ लगी मारी फालिस भन्दा मैले तपाइँकी छोरीलाई मारेको

छैन भने। यतिकैमा देउनियाका मानिसहरू आई मलाई डोरीले हातमा बाँधी पक्राउ गरेका हुन्। मैले जबरजस्ती करणी गराउनका लागि अभियोग दाबीअनुसार संयोग मिलाउने कार्य गरेको होइन भन्नेसमेत व्यहोराको प्रतिवादी विजय भन्ने लिलु बेस्राले अदालतमा गरेको बयान।

घटनास्थलमा फेला परेको ढालमा Semen could not be detected on exhibit भनी उल्लेख भएको केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको परीक्षण प्रतिवेदन मिसिल सामेल रहेको देखिएको।

मौकामा वस्तुस्थिति मुचुल्काको रोहवरमा बस्ने पार्वता लिम्बु, रूपलाल लिम्बु र विरेन लिम्बुले गरेको बकपत्र मिसिल सामेल रहेको देखिन्छ।

प्रतिवादी राजु भन्ने ईश्वर ऋषिदेवले बयानमा उल्लेख गरेका कार्यहरू र मिसिल संलग्न प्रमाणहरूको विश्लेषण गर्दा निजले अभियोग दाबीबमोजिम जबरजस्ती करणी गरेको ठहर्छ । सो ठहर्नाले पीडिता १३ वर्ष उमेरकी भएको देखिँदा प्रतिवादी ईश्वर ऋषिदेवलाई सोही महलको ३ नं. को देहाय २ बमोजिम १०(दश) वर्ष कैद सजाय भई प्रतिवादीबाट पीडिताले रू. ५०,०००।– क्षतिपूर्ति भराई लिन पाउने ठहर्छ। प्रतिवादी विजय भन्ने लिलु बेस्राले प्रतिवादीले जबरजस्ती करणी गर्नमा ईश्वर ऋषिदेवलाई संयोग पारेको कुराको प्रमाण वादी पक्षबाट पेस नभएको आधार र कारणबाट प्रतिवादी विजय भन्ने लिलु बेस्राले अभियोग दाबीबाट सफाई पाउने ठहर्छ भन्नेसमेत व्यहोराको झापा जिल्ला अदालतको मिति २०६८।१।२० को फैसला।

मैले पीडिताको मन्जुरी र सहमतिमा करणी गर्ने प्रयाससम्म गरेको हो। तर करणी सम्भव भएन। पीडिता र वस्तुस्थिति मुचुल्काका मानिसले भनेका कुरा कुनै तथ्यमा आधारित छैन। करणी गर्ने प्रयास गर्दा लिङ्ग उत्तेजित भई योनिमा लिङ्ग छिराउनुभन्दा अगाडि कण्डम लगाउन नपाउँदै वीर्य झरेको हो। दोस्रो पटक पनि त्यस्तै भयो। कण्डममा समेत वीर्य नभेटिएको र पीडिताको शारीरिक परीक्षणमा रजश्वलाको रगत भएको देखिएको अवस्थामा पीडिताको समेत मन्जुरी हुँदा करणीको उद्योगसम्म ठहर गर्नुपर्नेमा सुरू अदालतले मलाई करणी नै गरेको भनी गरेको सजाय त्रुटिपूर्ण हुँदा बदर गरी उद्योग ठहर गरिपाउँ भन्नेसमेत व्यहोराले प्रतिवादी ईश्वर ऋषिदेवले पुनरावेदन अदालत, इलाममा पेस गरेको पुनरावेदन पत्र।

मिसिल संलग्न प्रमाणरूबाट झापा जिल्ला अदालतबाट मिति २०६८।१।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, इलामको मिति २०६९।३।४ को फैसला।

उक्त फैसला मिलेको छैन । किनभने जाहेरवालीले मैले जबरजस्ती करणी गरेको भनी जाहेरी दिएको देखिन्छ । पीडिताले मौकामा सोही व्यहोरा उल्लेख गरी कागज गरेको देखिन्छ। तर जाहेरवाली र पीडिताको बकपत्र हुन सकेको छैन। मौकाको जाहेरी र कागज बकपत्रबाट समर्थित नभएमा मुद्दामा आरोपित व्यक्ति विरूद्ध प्रमाण हुँदैन । तर पनि पीडिताको मौकाको कागजलाई अदालतले Pick and choose को आधारमा प्रमाणमा ग्रहण गरी फैसला गरेको छ। मेरो हकमा पीडिताले बकपत्र नगरेको अवस्थामा पनि मेरो विरूद्ध प्रमाणमा लिने र सहप्रतिवादीलाई प्रमाणमा नलिई सफाई दिँदा प्रमाणको अवमूल्यन हुन्छ । करणीको प्रयास भएको स्थल पीडिताको घर पछाडि हो। जबरजस्ती करणी भएको भए पीडिता कराउने थिइन। कराउँदा घर, परिवार र छिमेकीले थाहा पाउने अवस्थाको विद्यामानता छ । यी तथ्यसमेतले मैले जबरजस्ती करणी नगरेको र हामीबीच करणीको जे जती प्रयाससम्मको कार्य भए ती सबै सहमतिमा भएको कुरा वस्तुगतरूपमा पुष्टि भएको छ। मैले पीडिताको सहमतिमा करणीको प्रयास गरेको स्वीकार गरेको छु। मैले करणी गर्न लिङ्गमा कन्डम लगाउनु अगावै वीर्य

स्खलन भएको थियो । वीर्य स्खलन भएको कुराको आधारमा करणी गरेको मान्न मिल्दैन ।

वारदातस्थलमा गहुँ माडिएको र कण्डम भेटिएको कुरालाई फैसलाको निर्णयधार बनाइएको पाइन्छ । गहुँ माडिएको र कण्डम भेटिएको कुराले करणीको पुष्टि हुन सक्दैन । करणी भएको भए कण्डममा मेरो वीर्य भेटिनु अनिवार्य हुन्छ । मेची अञ्चल अस्पतालको मेडिकल स्वाव रिपोर्ट र शारीरिक परीक्षणसमेतले करणी नभएको पुष्टि गर्दछ । यस विवादमा पीडिताको उमेरको पनि सन्दर्भ जोडिएको छ । २० वर्ष उमेर भएकी केटी मानिसलाई १३ वर्ष उमेर बनाई मलाई षडयन्त्रपूर्वक फसाउने गलत मनसायले १३ वर्ष उमेर लेखाएको हो । उमेर २० वर्ष भइसकेको कुरा अदालतसमक्ष पीडिता उपस्थित भएमा निजको शारीरिक अवस्थाबाट सजिलै पुष्टि हुने अवस्था छ । तर उपस्थित गराइएको छैन । यदि मलाई कसुरदार ठहर गर्ने हो भने निजलाई अदालतमा उपस्थित गराई परीक्षण गरिनु पर्दछ । यस्तो आधारहीन एकतर्फीरूपमा उमेर घटाई तयार पारिएको कथनको आधारमा पुनरावेदन अदालत, इलामबाट भएको फैसला बदर हुनुपर्दछ भन्नेसमेत व्यहोराले प्रतिवादीले यस अदालतमा पेस गरेको पुनरावेदन पत्र ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल संलग्न सक्कल कागजातहरूको अध्ययन गरी पुनरावेदक प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री विकास दाहालले मेरो पक्ष उपर जबरजस्ती करणी गरेको अभियोगमा जाहेरी दरखास्त परेको तथ्यमा विवाद छैन । उक्त मुद्दामा मेरो पक्षले मौका र अदालतमा सहमतिमा करणी गर्न प्रयाससम्म गरेको कुरालाई स्वीकार गरेको छ । सहमतिमा करणी गर्न खोजेको तर करणी सम्भव नभएको अवस्थामा जबरजस्ती करणी गरेको भन्न मिल्दैन । पीडिताको शारीरिक परीक्षणबाट पनि अभियोग दाबीअनुसारको क्रिया भएको देखाएको छैन । योनिबाट बगेको रगत रजस्वलाको भन्ने देखिएको छ । एवं प्रकारले पीडित र जाहेरवालीले मौकामा लेखाएको कुरा अदालतमा बकपत्र गरी समर्थन गर्न सकेको अवस्था छैन । बकपत्र नभएको कागजलाई प्रमाणमा लिन मिल्दैन । मिसिल संलग्न प्रमाण र प्रतिवादीको क्रियाबीचको तादम्यता उद्योगसम्ममा सिमित भएको देखिँदा पुनरावेदन अदालत, इलामको फैसला सो हदसम्म बदर हुनुपर्दछ भन्नेसमेत व्यहोराले गर्नुभएको बहससमेत सुनी पुनरावेदन अदालत, इलामको मिति २०६९।३।४ को फैसला मिलेको छ छैन? प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा मिति २०६६।१०।२४ गते प्रतिवादी इश्वर ऋषिदेवले १३ वर्ष उमेरकी नाबालिका पीडिता परिवर्तित नाम "वि" लाई मिति २०६६।१०।२४ गते साँझ ८ बजेको समयमा टुबेलमा पानी लिन गएको मौका पारी पीडिताको नाडीमा समाती नजिकैको गहुबाँरीमा लगी जबरजस्ती करणी जस्तो अपराधजन्य क्रिया गरी मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ विपरीत कार्य गरेकोले प्रतिवादी इश्वर ऋषिदेवलाई ऐ. महलको ३ नं को देहायको २ नं. बमोजिम सजाय गरी पीडितालाई प्रतिवादीबाट क्षतिपूर्तिसमेत दिलाई भराई पाउन वादी नेपाल सरकारले झापा जिल्ला अदालतमा अभियोग पत्र पेस गरेको देखिन्छ । सो अदालतले पुनरावेदक / प्रतिवादीलाई आरोपित कसुरमा १० वर्ष कैद सजाय र पीडिताले प्रतिवादीबाट रू.५०,०००।– क्षतिपूर्ति भराई लिन पाउने गरी गरेको फैसलाउपर यिनै पुनरावेदक / प्रतिवादीले पुनरावेदन अदालत, इलाममा पुनरावेदन गरेकोमा उक्त अदालतबाट पनि सुरू झापा जिल्ला अदालतबाट भएको फैसला सदर गरेपश्चात पुनरावेदक प्रतिवादीले सो फैसलामा चित्त नबुझाई यस अदालतमा प्रस्तुत पुनरावेदन गरेको देखिन्छ ।

३. पुनरावेदक प्रतिवादीले पुनरावेदन पत्रमा

आफूले परिवर्तित नाम "बि" लाई सहमतिमा करणी गर्ने प्रयाससम्म गरेको हुँदा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं. अनुसारको वारदात कायम गरी पाउन जिकिर लिएको देखिन्छ, सो सम्बन्धमा विचार गर्दा पुनरावेदक / प्रतिवादीलाई सुरू झापा जिल्ला अदालतले ऐ. महलको ३ नं. को देहाय २ बमोजिम १० वर्ष कैद सजाय र ऐ. महलको १० (ग) नं. बमोजिम यी पुनरावेदक प्रतिवादीबाट पीडिताले रू. ५०,०००।- क्षतिपूर्ति भराई लिन पाउने ठहर गरेको फैसला पुनरावेदन अदालत, इलामबाट पनि सदर भएको छ । उक्त ३ नं. को देहाय २ मा दश वर्ष वा सोभन्दा कम उमेरकी बालिका भए आठ वर्षदेखि बाह्र वर्षसम्म कैद सजाय गर्न मिल्ने कानूनी व्यवस्था भएको देखिन्छ भने ऐ. को ५ नं. मा जबरजस्ती करणी गर्ने उद्योग गरेको करणी गर्न पाएको रहेनछ भने जबरजस्ती करणी गर्नेलाई हुने सजायको आधा सजाय हुन्छ भन्ने कानूनी व्यवस्था भएको देखिन्छ ।

४. घटनास्थल प्रकृति मुचुल्कामा २ वटा कन्डम, घडिको टुक्रा, चेन र पिनसमेत बरामद भएको भन्ने व्यहोरा उल्लेख भई पवनलालको गहुबाँरीको बीच भाग माडिई गहुँ नस्ट भएको भन्ने देखिन्छ । अनुसन्धानको सिलसिलामा वादीको तर्फबाट उक्त गहुँबारी माडिएको देखिने फोटो पेस गरेको देखिन्छ । उक्त तथ्यलाई प्रतिवादीले अन्यथा भन्न सकेको देखिँदैन । पुनरावेदक / प्रतिवादी आफैँले पनि सो गहुँबारीमा पीडितालाई पटकपटक करणी प्रयास गरेको कुरा स्वीकार गरी पुनरावेदन अदालत र यस अदालतमा पुनरावेदन गरेको देखिन्छ ।

५. उपरोक्तबमोजिम प्रस्तुत मुद्दामा विद्यमान रहेको तथ्यको विश्लेषण गर्दा मिति २०६६।१०।२४ गते पुनरावेदक प्रतिवादीले राति ८:०० बजेको समयमा पीडिता परिवर्तित नाम "बि" लाई जबरजस्ती करणीको कसुर गरेको हुँदा सजाय गरी पाउन माग गरेको देखिन्छ । जबरजस्ती करणी हुनका लागि योनिमा लिङ्ग प्रवेश हुनु अनिवार्य हुन्छ वा योनिभित्र लिङ्ग प्रवेश नगरेको अवस्थामा अन्य आधारमा पनि जबरजस्ती करणी गरेको मानिन्छ भन्ने प्रश्न सर्वाधिक महत्त्वपूर्ण रहेको छ । यस अवस्थामा अपराधका चरणहरू पहिचान गरी हेर्न जरूरी देखिन आयो । कुनै पनि अपराध हुन मनसाय (Intention), तयारी (Preparation), उद्योग (Attempt) र अपराधले पूर्णता पाउने अवस्था (Commission) को विद्यमानता रहेको हुन्छ । यी चरणहरू मध्ये मनसाय र तयारीको चरणसम्म कुनै अपराध हुन लागेको भन्ने जानकारी सामान्यतया त्यसमा संलग्न व्यक्तिबाहेक अरूलाई नहुन सक्छ र त्यसले पीडित पक्षलाई असर पुगेको हुँदैन । जब उल्लिखित चरण पार गरेर सम्बन्धित अपराधलाई पूर्णता दिनका लागि उद्योगको चरण प्रारम्भ हुन्छ, त्यसमा निश्चितरूपमा पीडित पक्षलाई असर पर्ने क्रिया पनि सँगसँगै प्रारम्भ भएको हुन्छ । उद्योगको चरणमा सफलता पाउनु भनेको नै अपराधले पूर्णता पाउनु हो ।

६. अपराध गर्ने मनसायसहित गरिएको उल्लिखित कार्यमा बाह्य हस्तक्षेप भएन भने अपराधले पूर्णता पाउने तथ्यमा विवाद छैन । अब अपराधका चरणहरू सम्बन्धी यी मान्यतालाई तथ्यमा दाँजेर हेर्दा प्रतिवादीले आफूले मिति २०६६।१०।२४ गते साँझ ८:०० बजेको समयमा पीडित बालिका पानी लिन जाँदै गर्दा मौका पारी नाडीमा समाती गहुँबारीमा लगेको अवस्था नै मनसायको चरण भन्ने स्पष्ट देखिएको छ । त्यसपछि पुनरावेदक प्रतिवादीले यौन इच्छा पूर्तिका लागि बालिकालाई गहुँबारीमा लगेको कार्य तयारीको चरण हो । गहुँबारीमा लगि बालिकाले लगाएको फ्रक फर्काई आफ्नो लिङ्गमा ढाल लगाउने कार्य उद्योग हो । यतिसम्मको कार्य गरेकोसम्म उद्योग हो । तर, पुनरावेदक प्रतिवादीले उप्रान्त सोही गहुँबारीमा सुताई उत्तेजित भई आफ्नो लिङ्ग बालिकाको योनिमा छिराउन नपाउँदै वीर्य स्खलन भएको भन्ने

देखिन्छ । एक पटक त्यसबमोजिम वीर्य स्खलनपश्चात् पुनः बालिकालाई सुमसुमाई अर्को पटक लिङ्गमा ढाल लगाई योनिमा लिङ्ग प्रवेश गराउन नपाउँदै वीर्य स्खलन भएपछि पनि पटकपटक सोही घटनास्थलमा करणी गरेको कुरालाई प्रतिवादीले मौकाको बयानमा उल्लेख भएबाट प्रतिवादीले प्रारम्भमा राखेको करणी गर्ने इच्छा वा निजको मनसायले पूर्णता प्राप्त गरेको हुँदा अपराधले पूर्णता पाएको अवस्थालाई commission of the crime का रूपमा लिनुपर्ने हुन्छ ।

७. त्यसमा पनि जबरजस्ती करणीको अपराध र यसको उद्योगका बीचमा मनसाय र कार्यको दृष्टिकोणबाट हेर्दा कुनै भिन्नता पनि देखिँदैन । जबरजस्ती करणीको वारदात स्थापित हुन पीडित बालिकाको योनिको कन्याजाली च्यातिएको हुनुपर्दछ र योनिको भाग सुन्निएको हुनुपर्दछ भन्ने पूर्वसर्त हुँदैन । कन्याजाली च्यातिएको थियो र योनिको भाग पनि सुन्निएको थियो भने त्यसले केवल अपराध स्थापित गर्न थप पुष्टि गर्नेसम्म हो । प्रतिवादीकै भनाईबाट पनि अपराध भएको पुष्टि भएको अवस्थामा पीडित र जाहेरवालीको बकपत्र हुनुपर्दछ भन्ने कुरा गौण हो । पुनरावेदकले अपराधले पूर्णता पाउन बाँकी रहेको हुँदा वारदातलाई उद्योगको रूपमा चित्रित गरेको देखिन्छ । तर, मिसिल संलग्न गहुँवारी माडिएको फोटोसमेतबाट पुनरावेदक प्रतिवादीले बालिकालाई घटना स्थलमा करणी गर्नको लागि धेरै प्रयास गरेको भन्ने स्पष्ट देखिन आएको छ ।

८. जबरजस्ती करणीसम्बन्धी विधिशास्त्रीय दृष्टिकोणलाई हेर्दा जबरजस्ती करणी हुनका लागि योनिभित्र लिङ्ग पसेकै हुनुपर्ने नभई लिङ्ग पसाउने प्रयाससम्म गरेकोलाई समेत जबरजस्ती करणीको परिभाषाभित्र समेटेको पाइन्छ । पुनरावेदक प्रतिवादीलाई निजको लिङ्ग पीडित बालिकाको योनिभित्र प्रवेश नगरेको भन्ने मात्र आधारमा निजको क्रियालाई जबरजस्ती करणीको परिभाषाभित्र नपार्ने हो भने यस प्रकारका अमानवीय व्यवहारले छुट पाउने अवस्था सिर्जना हुन्छ । बालिकाको योनिसम्म लिङ्ग पुर्‍याई वीर्य स्खलन गराई आफ्नो यौन सन्तुष्टि लिने कार्यलाई केवल करणीको उद्योग मात्र हो भनी कायम गर्नु जबरजस्ती करणीसम्बन्धी कानूनी व्यवस्थाको भावना प्रतिकूल हुन्छ । योनिमा लिङ्ग प्रवेश नगरेसम्म जबरजस्ती करणीको कसुर हुँदैन भनी व्याख्या विश्लेषण गर्ने हो भने यस्ता कलिला उमेरका बालिकामाथि हुने यौनजन्य अपराधबाट प्रतिवादीले उन्मुक्ति पाउने अवस्था आई समाजमा यस्ता घटनाले पश्रय पाउने अवस्था आउँछ । कलिला उमेरका बालिकाउपर यौनजन्य कार्य गर्नेलाई उन्मुक्ति दिन नमिल्ने सम्बन्धमा यस अदालतबाट *ने.का.प.* २०६३, जेठ, निर्णय नं. ७६५२, पृष्ठ २३२ र प्रतिवादीको लिङ्गको पूर्ण प्रवेश र वीर्य योनिमा स्खलन नभएको अवस्थामा यसैलाई आधार बनाएर यसैको अभावमा प्रतिवादीले पीडितउपर करणी नगरेको भनी ठहर गर्न न्यायसँगत नहुने भनी *ने.का.प.* २०६५, वैशाख, निर्णय नं. ७९२३, पृष्ठ ११० सिद्धान्त प्रतिपादन भएको देखिन्छ ।

९. एवं प्रकारले *ने.का.प.* २०६६, भाद्र, निर्णय नं. ८१४२ मा जबरजस्ती करणीका लागि सम्पूर्ण प्रयास गरेको, त्यसमा कहीँ कतैबाट हस्तक्षेपसमेत नभएको, योनिभित्र लिङ्ग प्रवेश नगरेको अवस्थालाई अपराधको गम्भीरता घटाउने आधार बनाउन नमिल्ने भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ । उक्त प्रतिपादित सिद्धान्तको आधारमा यस मुद्दालाई विश्लेषण गर्दा पनि साझको समयमा अरू व्यक्ति कोही नभएको मौकामा पीडिताउपर यौन क्रिडा गरेको देखिन्छ । योनिभित्र लिङ्ग प्रवेश नहुँदै वीर्य स्खलन भएको भनाई पुनरावेदक प्रतिवादीको छ । निज पुनरावेदक प्रतिवादीले कण्डम पनि प्रयोग गरेको

कुरा मौकामा खिचिएको फोटोबाट देखिन्छ । फोटोमा २ वटा कण्डम देखिएकोमा प्रतिवादीले अदालतमा बयान गर्दा पनि स्वीकार गरेको देखिन्छ । यस्तो स्वीकारोक्तिको बयान प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रतिवादी विरूद्ध प्रमाणमा लाग्ने नै हुन्छ ।

१०. त्यसमा पनि मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. मा कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबरजस्ती करणी गरेको ठहर्ने व्यवस्था छ। पीडिता बालिका १६ वर्ष उमेरभन्दा कम १३ वर्ष उमेरकी भएकी देखिन्छ । उल्लिखित कानूनी व्यवस्थाको अध्ययनबाट १६ वर्षभन्दा कम उमेरकी बालिकालाई कसैले मन्जुरी लिई वा नलिई करणी गरेमा सो करणी जबरजस्ती करणी हुने अवस्थालाई हृदयगम गर्दा पुनरावेदक / प्रतिवादीको कार्य करणीको उद्योग भन्ने देखिएन।

११. अब पुनरावेदक प्रतिवादीलाई के कति सजाय हुने भन्ने सम्बन्धमा विचार गर्दा मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. ले विभिन्न उमेर समूहका पीडित उपर भएको यौनजन्य कार्यमा फरक-फरक सजाय हुने व्यवस्था गरी सोको देहाय २ नं. मा १० वर्ष वा सोभन्दा बढी १४ वर्षभन्दा कम उमेरकी बालिकालाई करणी गरेकोमा त्यसरी करणी गर्नेलाई आठ वर्षदेखि बाह्र वर्षसम्म कैद सजाय गर्न मिल्ने कानूनी व्यवस्था भएअनुरूप प्रतिवादीलाई १० वर्ष कैद सजाय हुने देखियो। त्यसै गरी कसुरदारबाट पीडिताले क्षतिपूर्ति पनि भराई पाउने व्यवस्था ऐ. महलको १०ग नं. मा भएको देखिदा झापा जिल्ला अदालतको मिति २०६८।१।२० को फैसला सदर गरेको पुनरावेदन अदालत, इलामको मिति २०६९।३।४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. देवेन्द्र गोपाल श्रेष्ठ

इजलास अधिकृत : भीमबहादुर निरौला
इति संवत् २०७३ साल जेठ २३ गते रोज १ शुभम्।

निर्णय नं. ९८२७

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री गोपाल पराजुली
माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की
फैसला मिति :२०७३।१२।२२
०७२-CR-०७०३

मुद्दा : सञ्चालनमा नरहेको विद्यालय सञ्चालनमा रहेको भनी सरकारी अनुदानको रकम हिनामिना तथा दुरूपयोग गरी भ्रष्टाचार गरेको।

पुनरावेदक / वादी : अख्तियार दुरूपयोग अनुसन्धान आयोगका तर्फबाट अनुसन्धान अधिकृत रामकृष्ण सुवेदीको प्रतिवेदनले वादी नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला सर्लाही, गा. वि. स. बसन्तपुर -४ स्थायी ठेगाना भई सुमित आदर्श विद्यामन्दिर-बसन्तपुर-४ को विद्यालय व्यवस्थापन समितिको अध्यक्ष पदमा कार्यरत चन्देश्वर राय यादवसमेत

- **भ्रष्टाचार हुनु र बेरूजु हुनु पृथकपृथक कुरा हुन् । भ्रष्टाचारमा व्यक्तिगत फाइदा लिने बद्नियत तत्त्वको विद्यमानता हुन्छ भने बेरूजुमा खर्च भएको रकम बिल भरपाईद्वारा पुष्टि भएको हुँदैन । भ्रष्टाचारको कसुर स्थापित हुन सरकारी सम्पत्ति दुषित मनसायबाट खर्च गरी हानि नोक्सानी पुर्‍याउने नियत र त्यसबाट आफूले लिनु खानु गरेको भन्ने प्रष्टरूपमा देखिनु पर्ने ।**
- **बेरूजु रकम स्रेस्तामा संलग्न हुन छुट गएका बिल भरपाई पछि पेस गरी रूजु हुन पनि सक्छ । बिल भरपाईद्वारा पुष्टि गराउन नसके बेरूजु भएको रकम खर्च गर्ने अख्तियारवालाले दाखिला गर्नु गराउनु पर्ने सम्मको दायित्व हुने ।**

(प्रकरण नं. ७)

पुनरावेदक / वादीको तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता राजेन्द्र भट्टराई

प्रत्यर्थी / प्रतिवादीको तर्फबाट : विद्वान् अधिवक्ता पवनकुमार जयसवाल

अवलम्बित नजिर :

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्ने :-

अध्यक्ष मा.न्या. श्री मोहनरमण भट्टराई
सदस्य मा.न्या.श्री पवन कुमार शर्मा
सदस्य मा.न्या.श्री महेश प्रसाद पुडासैनी

फैसला

न्या. गोपाल पराजुली : विशेष अदालत, काठमाडौंको फैसलाउपर विशेष अदालत ऐन, २०५९ को दफा १७ बमोजिम वादी नेपाल सरकारको तर्फबाट यस अदालतमा पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एंव ठहर यस प्रकार रहेको छ :-

सर्लाही जिल्लामा शैक्षिक वर्ष २०६५ पश्चात प्राथमिक तहमा सञ्चालन अनुमति लिई सञ्चालनमा नआएका विद्यालयमा सरकारी लगानीको दुरूपयोग उपर छानवीन गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट मिति २०७०।०९।१२ मा टोली खटाइएको ।

आयोगबाट खटिएको निरीक्षण टोलीले मिति २०७०।९।१६ मा पेस गरेको प्रतिवेदनमा सुमित आदर्श विद्यामन्दिर बसन्तपुर –४ ज्यादै दयनीय, नाजुक, भवन शौचालय डेक्स र बेन्च नरहेको अवस्थामा रहेको र वर्षौंसम्म पढाई नभएको देखिएको, रामजानकी मा.वि.५०० मिटर दुरीमा रहेको, सबै मैदान देखिने भनी मिति २०७०।९।१६ मा प्रहरी निरीक्षक विरेन्द्र गोदार समेत ५ जनाको स्थलगत निरीक्षण प्रतिवेदन ।

चन्देश्वर रायको निजी घरमा रहेको भनिएको, हाल सञ्चालनमा नरहेको, भवन शौचालय नभएको, १३ वटा डेक्स बेन्च रहेको भनी लेखि आएको जिल्ला प्रहरी कार्यालय, सर्लाहीको मिति २०७०।१२।९ को पत्र ।

क्षेत्रीय शिक्षा निर्देशनालय, हेटौंडाको मिति २०७०।१२।९ को पत्रानुसार सञ्चालनमा रहेको देखियो तर त्यसै दिनमात्र प्रहरीको टोली पुगेकोले सञ्चालनमा आएको जस्तो देखिन्छ । विद्यार्थीलाई सोध्दा अन्य विद्यालय भएको स्वीकार गरेको, भत्किन लागेको निजी घर, अन्य टीमबाट पनि अनुगमन भैरहेकोले थाहा पाएर सञ्चालन गर्ने कोसिस गरेको र वरिपरिका महिलाले पहिला नचलेको कुरा बताएको भनी लेखी आएको ।

राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालयको

मिति २०७०।१२।१० को पत्रानुसार सञ्चालनमा रहेको, निजी जग्गामा काठको २ तल्ले घर शौचालय नरहेको र ६०–७० जना विद्यार्थी रहेका भन्ने पत्र।

जिल्ला शिक्षा कार्यालय, सर्लाहीको मिति २०६७।१।१२ को दोस्रो निर्णयानुसार क्रम सङ्ख्या ६ मा सुमित आदर्श विद्यामन्दिर - बसन्तपुर -४ भनी गरिएको निर्णयानुसार जि.शि.का. सर्लाहीको च. नं. १५५७ मिति २०६७।१।१२ को पत्रबाट सुमित आदर्श विद्यामन्दिर- बसन्तपुर-४ को नाममा तत्कालीन जिल्ला शिक्षा अधिकारी हेमन्त कुमार सिहले शैक्षिक सत्र २०६७ देखि सम्पूर्ण खर्च निजी स्रोतबाट व्यहोर्ने गरी कक्षा १ को अनुमति दिएको । जिल्ला शिक्षा कार्यालयको मिति २०६८।५।२५ को निर्णायानुसार शैक्षिक सत्र २०६८ देखि लागू हुने गरी चलानी नं. १२९७ मिति २०६८।६।६ को पत्रबाट कक्षा २ र मिति २०६९।३।२० को निर्णयानुसार च. न. ३८४६ मिति २०६९।३।२० को पत्रबाट शैक्षिक सत्र २०६९ देखि लागू हुने गरी कक्षा ३ सञ्चालनको अनुमति दिइएको।

कक्षा १ अनुमति दिने तत्कालीन जिल्ला शिक्षा अधिकारी हेमन्तकुमार सिह, टिप्पणी उठाउने प्रा.स.रामआधार कुशवाहा, कक्षा २ अपग्रेड दिने जि. शि. अ..महेन्द्र महतो, र कक्षा ३ अपग्रेड दिने जि. शि. अ. सुकदेव सापकोटासमेतले शिक्षा ऐन र नियवमालीको प्रावधानविपरीत प्रदान गरेको कक्षा सञ्चालन अनुमतिबाट सञ्चालित उक्त प्राथमिक विद्यालयका हकमा शिक्षा ऐन, २०४८ को दफा १५ तथा शिक्षा नियमावली, २०५९ को नियम १२क र १८(ट) मा उल्लेख भएमध्ये उचित कारवाही गर्न गराउन पहल गर्न सकिनेमा सो नगरी आफ्नो कार्यकालमा पनि जिल्ला शिक्षा कार्यालय सर्लाहीका स्रोतव्यक्ति लक्ष्मीप्रसाद रायले आवश्यक छानबिन / निरीक्षण / अनुगमन नगरेको र प्रतिवेदन दिएको देखिँदैन।

२०६७ देखि हालसम्म यस विद्यालयको वि.व्या.समिति अध्यक्ष रहेको, घरपरिवारको कसैले पनि यस विद्यालयमा नपढेको, विद्यालयको आफ्नो जग्गा नभएर चन्देश्वर रायको नाममा रहेको नम्बरी जग्गामा विद्यालयको भवन वनेको यस विद्यालयले २०६७ मा कक्षा १, २०६८ मा २ र २०६९ मा कक्षा ३ को सञ्चालन अनुमति पाएर सञ्चालनमा रहेको। विद्यालयमा २ जना शिक्षक रहेका । विद्यालयलाई जि.शि.का.बाट आउने अनुदान रकमबाहेक अन्य निकायबाट कुनै रकम नआएको। विद्यालयलाई चेकबाट विद्यालयको नाममा रहेको ने.वैं.लि. सर्लाहीको खातामा रकम ट्रान्सफर हुने गरेको। यस विद्यालयको खातामा रहेको ४८,०००।- रकम निकालेर छात्रवृत्ति वितरण, स्टेशनरी खरिद, डेक्स बेन्च र विविध शीर्षकमा खर्च गरेको। ४५,०००।- कार्यालय सहयोगीलाई तलबबापत भुक्तानी गरेको। खाता सञ्चालन आफू चन्देश्वर राय र प्र.अ. सरोजिया कुमारीको संयुक्त दस्तखतबाट हुने। शिक्षक र विद्यार्थी हाजिरी तथा वि.व्य.स.वैठक पुस्तिका विद्यालयमा रहेको भन्नेसमेत व्यहोराको प्रतिवादी चन्देश्वर राय यादवको अनुसन्धानको क्रममा भएको बयान।

आफूले यस विद्यालयमा २०६७ देखि हालसम्म प्र.अ. को जिम्मेवारी सम्हालेको । विद्यालयको स्थलगत निरीक्षणका बेला जाडो बिदा भएकाले विद्यालय बन्द रहेको। यस विद्यालयको करिब १ कि.मी. को दुरीमा श्री रामजानकी मा.वि. बसन्तपुर १ रहेको छ। विद्यालय चन्देश्वर रायको नम्बरी जग्गामा सञ्चालित छ। यस विद्यालयमा २०६७ मा कक्षा १ मा १०२ जना, २०६८ मा कक्षा १ मा ९० जना, २ मा ६० जना, २०६९ मा १ मा ९०, २ मा ५० र ३ मा ४० जना तथा २०७० मा १ मा ३०, २ मा ३८ र ३ मा ३९ जना विद्यार्थी रहेका। आफूसहित २ जना शिक्षक कार्यरत। आफूले शिक्षा कार्यालयबाट प्राप्त विभिन्न शीर्षकको अनुदान रकममा पा.पु., स्टेशनरी, फर्निचर र विविध खर्चमा रू.२६,७००।- रकम निकालेको। लेखापरीक्षण र सामाजिक परीक्षण

नगरिएको । आफू र वि.व्या.स.अध्यक्ष ससुरा बुहारीको नाता पर्ने भन्नेसमेत व्यहोराको प्रतिवादी सरोजिया कुमारीको अनुसन्धानको क्रममा भएको बयान ।

सुमित आदर्श विद्यामन्दिर, बसन्तपुर ४, २०६७ मा स्थापना भई कक्षा ३ को अनुमति पाएको । विद्यालयलाई भर्ना रजिष्टरअनुसार नै Flash Report भर्न निर्देशन दिएको तर संख्या फरक पर्नुमा प्र.अ.बाट स्पष्ट पार्नुपर्छ । विद्यालयका व्य.स.का अध्यक्ष र प्र.अ. ले प्रमाणित गरेका आधारमा फल्यास प्रमाणित गरेको । विद्यालय स्थापना गर्दा अनुसूची ३ बमोजिम आवश्यक पूर्वाधार जाँच परीक्षण, स्थलगत अवलोकन गरेको र कक्षा थपमा समेत जिल्ला शिक्षा कार्यालयमा सिफारिस गरेको र जिल्ला शिक्षाले पूर्वाधार भए नभएको हेर्न आवश्यक जाँचबुझ गर्न खटाएको । Flash Report प्र.अ. र अध्यक्षले प्रमाणिकरण गरेपश्चात् विद्यार्थी सुविधाबाट वञ्चित नहुन भन्ने मनसायले तथ्याङ्कमा हस्ताक्षर गरेको । विद्यालय छात्रवृत्ति वितरण गर्दा स्रोत व्यक्ति, वि.नि. उपस्थित हुनुपर्नेमा प्र.अ.स्वयम्ले छात्रवृत्ति वितरण गर्ने गरेकाले विधिसम्मत नभएकोले आफूले सुधार गर्न पहल गर्ने । विद्यालयको व्य.स.मा हालसम्म उपस्थित नभएको । यस विद्यालयको २०६८ र २०६९ को SIP बनेको छ । Flash मा पेस भएको गलत तथ्याङ्कले भावी शैक्षिक रणनीति, कार्यक्रम तर्जुमामा हानि नोक्सानी पुर्‍याउने र आर्थिक व्ययभार बढ्न जान्छ । विद्यालयमा भएको सरकारी अनुदान रकमको दुरूपयोगमा नैतिकरूपले जिम्मेवार हुने । अनुदान रकम वार्षिकरूपमा निकासा हुने र सोमा आफूले सिफारिस गरेको । विद्यालय सञ्चालनमा रहेको भन्नेसमेत व्यहोराको प्रतिवादी लक्ष्मीप्रसाद राय अमातको अनुसन्धानको क्रममा भएको बयान ।

सुमित आदर्श विद्यामन्दिर, बसन्तपुर –४ मा आफ्ना सन्तान अध्ययन नै नगर्ने नगराउने व्यक्ति वि.व्य.स.अध्यक्ष चन्देश्वर राय यादव सुमित आदर्श विद्यामन्दिर बसन्तपुर–४ को स्थापनाकाल २०६७ देखि वि.व्या.समितिको अध्यक्ष रहेको देखिँदा शिक्षा नियमावलीको नियम २४ बमोजिम विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुनै नसक्नेमा अध्यक्ष बनि बनाई सञ्चालनमा नरहेको विद्यालयको नेपाल बैंक लि. मलगवा स्थित खाता नं.२०१०० निज र प्र.अ.बाट सञ्चालन गरिएको नियमसङ्गत देखिँदैन । निजको कार्यकालमा जिल्ला शिक्षा कार्यालयबाट विभिन्न शीर्षकमा कूल रू.२,०७२७६।१८ सरकारी अनुदान रकम निकासा लिएको पाइन्छ । निजले सञ्चालनमा नरहेको विद्यालयमा गएको निकासा रकम कानूनविपरीत खर्च गरी अपचलन र हिनामिना गरेको देखिन्छ ।

सञ्चालनमा नरहेको विद्यालयलाई मिति २०६७।१।१२ मा कक्षा १ अनुमति दिई २ महिनापश्चात जिल्ला शिक्षा कार्यालय, सर्लाहीबाट २०६७।३।७ मा सुरू खाता खोल्न सिफारिस गरेको र मिति २०६८।३।३० मा अनुदान निकासा दिन सुरू गरी २०७०।६।२० सम्म विभिन्न शीर्षकहरूमा कूल रू.२,०७२७६।१८ रकम निकासा भई सोही मितिसम्ममा कूल रू.१,५८७००।- अनियमित हिसाबले खर्च गरी ४८,५७६।१८ बैङ्कमा बाँकी रहेको देखिन्छ । उक्त रकम निकासा दिन संलग्न व्यक्तिहरूले झुट्टा विवरण तयार गरी गराई सोही झुट्टा विवरणका आधारमा रकम निकासा लिने दिने गरेको देखिन्छ । निकासा भएको रकम खर्च भएका बिल भरपाई लगायतका स्रेस्ता रहे भएको देखिँदैन ।

यसरी सञ्चालनमा नरहेको विद्यालयलाई स्रोत व्यक्ति, विद्यालयका प्रधानाध्यापक, व्यवस्थापन समितिका अध्यक्षसहितको मिलेमतोमा कुनै वील भरपाई स्रेस्ता तथा निकासा दिनेगरी भएका निर्णयसमेतका कागजात कार्यालयको अभिलेखमा राखेको पाइँदैन । प्रमाणित बैङ्क स्टेटमेन्टबाट प्राप्त विवरणअनुसार निम्नानुसारको अनुदान रकम निकासा दिई, लिई बद्नियत गरी नेपाल सरकारलाइ हानि

नोक्सानी पुर्‍याइको हुँदा निजहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ द्वारा परिभाषित कसुर अपराध गरेको देखिन आयो।

सञ्चालनमा नरहेको सुमित आदर्श विद्यामन्दिर बसन्तपुर–४ विद्यालयलाई आवश्यक छानवीन, अनुगमन, निरीक्षण कुनै केही नगरी स्रोत व्यक्ति लक्ष्मीप्रसाद रायले विद्यालयको संवत् २०६९ र २०७० सालको तथ्याङ्क विवरणमा हस्ताक्षर गरी सञ्चालनमा रहेको भनी गलत तथ्याङ्क प्रतिवेदन दिएको कारणबाट संवत् २०६९ र २०७० सालमा जिल्ला शिक्षा कार्यालय, सर्लाहीबाट सुमित आदर्श विद्यामन्दिर बसन्तपुर –४ को नाममा सो आ.व. मा क्रमश रू.२३,३४७।- र रू.१,५३२०४।१८ गरी कुल रू.१,७६५५१।१८ (अक्षरूपी एक लाख छयत्तर हजार पाच सय एकाउन्न र पैसा अठार मात्र) निकासा भएको देखिन्छ।

स्रोत व्यक्ति लक्ष्मी प्रसाद राय अमातले उक्त अनुदान रकम निकासा लिने दिने कार्यमा गलत तथ्याङ्क प्रतिवेदन दिई सहयोग गरी नेपाल सरकारको सम्पत्तिको हानि नोक्सानी गरेको देखिँदा उक्त कार्यमा संलग्न स्रोत व्यक्ति लक्ष्मीप्रसाद रायको हकमा बिगो रू.१,७६५५१।१८ (अक्षरूपी एक लाख छयत्तर हजार पाच सय एकाउन्न र पैसा अठार मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ तथा ३(१) र ३(१)(घ) बमोजिम हदैसम्मको सजाय हुन अनुरोध छ।

सञ्चालनमा नभएको विद्यालय सुमित आदर्श विद्यामन्दिर बसन्तपुर –४ का व्यवस्थापन समितिका अध्यक्ष चन्देश्वर राय यादव र प्रधानाध्यापक सरोजिया कुमारी स्थापनाकाल देखि विद्यालयमा रहेको भनिएको छ । सञ्चालनमा नभएको सो विद्यालयलाई क्रमशः महेन्द्र महतोको कार्यकालमा रू.२७,७२५।– (अक्षरूपी सत्ताइस हजार सात सय पच्चीस मात्र (सुकदेव सापकोटाको कार्यकालमा रू.२३,३४७।– (अक्षरूपी तेइस हजार तीन सय सचलालिस मात्र) र राजकुमार वि .क .को कार्यकालमा रू.१,५३२०४।१८ (अक्षरूपी एक लाख त्रिपन्न हजार दुइ सय चार र पैसा अठार मात्र) निकासा लिने दिने कार्य गरी सो अनुदान रकम कानूनविपरीत खर्च गरी नेपाल सरकारलाई हानि नोक्सानी पुर्‍याएको देखिँदा निजहरूको हकमा कानूनविपरीत खर्च गरेको रकम बिगो रू.१,५८७००।– (अक्षरूपी एकलाख अन्ठाउन्न हजार सात सय मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ तथा (१) र ३(१)(घ) बमोजिम हदैसम्मको सजाय गरी पाएँ भन्ने आरोप पत्र माग दाबी।

विद्यालय २०६७ सालमा कक्षा १ सञ्चालन गर्ने अनुमति पाई सोही समयदेखि सञ्चालन हुँदै आएको छ। उक्त विद्यालयको आफ्नै नाममा जग्गा दर्ता छ। हाल कक्षा ३ सम्म सञ्चालन छ। १०० जना विद्यार्थी छन्, उक्त विद्यालयले नियमितरूपमा Flash Report भरेको छ। तसर्थ अभियोग दाबीअनुसार कसुर अपराध गरेको छैन, अभियोग दाबी झुट्टा हो भन्नेसमेत व्यहोराको प्रतिवादी लक्ष्मीप्रसाद राय अमातले विशेष अदालतमा गरेको बयान।

निज प्रतिवादीबाट थुनछेकको प्रयोजनको लागि रू.१५,०००।– धरौटी माग भई र.नं.२६९५ मिति २०७१।१०।१८ मा उक्त धरौटी रकम दाखिला गरी तारेखमा रहेको।

विद्यालय २०६७ सालमा अनुमति पाई सञ्चालनमा आएको विद्यालय हो। उक्त विद्यालयमा २ जना शिक्षक, १ जना परिचरसमेत थियौं। विद्यालयलाई प्राप्त भएको अनुदान रकम विद्यालय सञ्चालनमा रहेकोले सम्बन्धित शीर्षकमा खर्च गरिएको छ। उक्त रकमलाई जिल्ला शिक्षा कार्यालय, सर्लाहीले बेरूजु भनी नामाकरण गरेकोले सो निकासा भएको रकम बेरूजु खातामा जम्मा गरी सकिएकोले मैले भ्रष्टाचार गरेको छैन भन्नेसमेत व्यहोराको प्रतिवादी सरोजिया

कुमारी यादवले विशेष अदालतमा गरेको बयान।

थुनछेक प्रयोजनको लागि निज प्रतिवादी सरोजिया कुमारी यादवबाट रू.५,०००।– धरौटी माग भई र.नं.२८३५ मिति २०७१।१२।२ मा सो धरौटी दाखिला गरी तारेखमा रहेको।

विद्यालय २०६७ सालदेखि सञ्चालनमा रहेको हो । विद्यालयमा अध्ययन गर्ने छात्र छात्रको विवरण उल्लेख भएको Flash Report भर्ने गरेको, विभिन्न समयमा विभिन्न निकायबाट निरीक्षण भएको, उक्त विद्यालयमा समय समयमा स्वास्थ्य खोप सञ्चालन भएको, प्राप्त अनुदान रकम सम्बन्धित शीर्षकमा खर्च भएको छ, निकासा भएको रकमलाई बेरूजु भएकोले दाखिला गर्न जिल्ला शिक्षा कार्यालयले पत्र पठाएकोले बेरूजु रकम राजस्व खातामा दाखिलासमेत गरी सकिएको छ । तसर्थ भ्रष्टाचार गरेको छैन भन्नेसमेत व्यहोराको प्रतिवादी चन्देश्वर राय यादवले यस अदालतमा गरेको बयान।

थुनछेक प्रयोजनको लागि निज प्रतिवादी चन्द्रेश्वर राय यादवबाट रू.५,०००।– धरौट माग भई र.नं.२८३४ मिति २०७१।१२।२ मा धरौट दाखिला गरी तारेखमा रहेको।

मिति २०७०।९।१६ गतेमा दिएको प्रतिवेदनमा भएको कुरा साँचो हो, मैले निरीक्षणको देखेको कुरा नै प्रतिवेदनमा उल्लेख गरिएको छ भन्नेसमेत व्यहोराको वादी नेपाल सरकारको साक्षी विरेन्द्र गोदारको बकपत्र।

उक्त विद्यालय सञ्चालनमा रहेको छ, सो विद्यालयमा मेरो ३ वटा बाल बच्चाहरू पढ्दैछन्। सो विद्यालय निरीक्षण गर्न निरीक्षण टोली जाडोको बिदामा पुगेको थियो भन्नेसमेत व्यहोराको प्रतिवादी चन्देश्वर राय र सरोजिया कुमारीको साक्षी नागेन्द्र राय यादवको बकपत्र।

विवादित स्कुलले खर्च गरेको रकम खर्चको प्रयोग, बिल, भरपाई, प्रमाण कागजातबाट देखाउन नसकेको कारण विभागीय स्तरबाट बेरूजु ठहर्याई तिर्न बुझाउन आदेश दिएर पत्राचार गरेको देखिन्छ । तत्पश्चात बेरूजु रकम सम्बन्धित खर्च गर्ने अख्तियारवालाबाट सरकारी राजश्व खातामा बैंक दाखिला भएको देखिन्छ । जसबाट प्रस्तुत मुद्दामा सो रकमलाई सरकारको अधिकारिक निकायले बेरूजु देखाई असुल उपर गर्ने म्यादसमेत दिई सोही अनुरूप बेरूजु तिरे बुझाएको देखिँदा प्रतिवादीहरूले सरकारी हानि नोक्सानी गरेको भन्न मिल्ने देखिन आएन। प्रतिवादीहरूले गरेको खर्चमा बदनियत थियो भन्ने कुरा पनि पुष्टि भएको छैन । भ्रष्टाचारको कसुर स्थापित हुन सरकारी सम्पत्ति बदनियत तरिकाले दुषित मनसायबाट खर्च गरी हानि नोक्सानी पुर्याउने नियत र यसबाट आफूले लिनु खानु गरेको भन्ने प्रष्टरूपमा देखिनुपर्छ। अतः जिल्ला शिक्षा कार्यालय, मलंगवा सर्लाही मिति २०७२।२।५ को पत्रबाट दाबीको बिगो रकम रू.१,५८,७००।– बेरूजु दाखिला भएको भन्ने व्यहोरा उल्लेख भएको देखिन आएकाले यी प्रतिवादीहरूको जिम्मा अरू निकासा भएको रकम बाँकी रहेको नदेखिएको स्थितिमा र मिसिल संलग्न कागजातबाट यी प्रतिवादीहरूले कसुर गरेको भन्न मिल्ने अन्य आधारसमेत नहुँदा यी प्रतिवादीहरूले आरोपित कसुरबाट सफाई पाउने ठहर्छ भन्ने विशेष अदालत, काठमाडौंको मिति २०७२।२।२५ को फैसला।

कसुर गर्ने व्यक्तिलाई दण्ड सजाय गर्नुपर्ने भ्रष्टाचार निवारण ऐन, २०५९ को कानूनी व्यवस्था हो । प्रतिवादीहरूले आफूले हानि नोक्सानी गरी भ्रष्टाचार गरेको रकम फिर्ता गरी देवानी दायित्व पूरा गर्दैमा प्रतिवादीहरूलाई फौजदारी दायित्वबाट उन्मुक्ति दिन मिल्दैन। प्रतिवादीहरूले हिनामिना गरेको रकम राजस्व खातामा जम्मा गरेको आधारमा प्रतिवादीहरूले सफाई पाउने गरी सुरू विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी आरोप पत्र

माग दाबीबमोजिम प्रतिवादीहरूलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर।

यसमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०७०।९।१२ मा सहसचिव रामकृष्ण सुवेदीको नेतृत्वमा अनुसन्धान प्रतिवेदन पेस गर्न तोकी अनुसन्धान प्रारम्भ भई मिति २०७१।६।२४ मा प्रतिवादीहरू उपर अभियोग पत्र दायर गरेको देखिन्छ। स्थलगत निरीक्षण विद्यालय विवरण फाराम, २०७० मा सुमित आदर्श विद्या मन्दिर विद्यालयको वर्षौंसम्म पढाई नभएको भनी उल्लेख भएको देखिएको साथै हाजिरी तथा भर्ना रजिष्टरको बारेमा केही उल्लेख भएको पाइँदैन । साथै उक्त फाराममा विद्यार्थीहरूको संख्याको विवरण पनि जनाइएको पाइँदैन। विद्यालयको बारेमा अनुसन्धान छानबिन प्रारम्भ भई अभियोग दाबी पेस भइसकेको हानि नोक्सानी गरेको बिगो बैंकमार्फत मिति २०७१।१२।१ मा रू.१,५८,७००।– दाखिला गरेको देखिन्छ । विद्यालय औपचारिक आधारमा सञ्चालन भएको देखिने कानूनी आधार र भौतिक अवस्थासमेतका तथ्यगत विवरणहरूको विवेचना नगरी बेरूजुको रकम रू. १,५८,७००।– हाल बुझाई सकेको भन्ने आधारमा अपराधिक कार्यबाट उन्मुक्ति पाउने व्याख्या गरी प्रतिवादीहरूलाई सफाई दिने गरी विशेष अदालत, काठमाडौंबाट मिति २०७२।२।२५ मा भएको फैसला प्रमाणको मूल्याङ्कन तथा कानूनको व्याख्यासमेतको आधारबाट फरक पर्न सक्ने देखिँदा अ.वं. २०२ नं. बमोजिम छलफलको लागि विपक्षीहरू झिकाई आएपछि वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू भन्ने यस अदालत संयुक्त इजलासको आदेश।

नियमबमोजिम आजको पेसी सूचीमा चढी निर्णयका लागि इजलाससमक्ष पेस भएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता राजेन्द्र भट्टराईले प्रतिवादीहरूले विद्यालय सञ्चालन गर्न जिल्ला शिक्षा कार्यालयबाट अनुमति लिई तथ्यगतरूपमा विद्यालय सञ्चालन नगरी अनुदान रकम निकासा गराई खर्च गरी आफूहरूलाई गैरकानूनी फाइदा र नेपाल सरकारलाई आर्थिक हानि नोक्सानी पुर्‍याउने कार्य गरेका छन् । गैरकानूनीरूपमा व्यक्तिगत लाभ लिने कार्य गर्नु भ्रष्टाचारजन्य कसुर हुन्छ । बेरूजु रकम राजश्व खातामा जम्मा गर्दैमा प्रतिवादीहरूले भ्रष्टाचार कसुरको दायित्वबाट उन्मुक्ति पाउन नसक्ने हुँदा भ्रष्टाचारको कसुरबाट सफाई दिएको विशेष अदालतको फैसला नमिलेको हुँदा उल्टी गरिपाउँ भनी बहस गर्नुभयो।

यसै गरी प्रत्यर्थी प्रतिवादीहरूका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री पवन कुमार जयसवालले प्रतिवादीहरूले अनुमति लिई विद्यालय सञ्चालन गरेका हुन्। विद्यालय सञ्चालनका लागि जिल्ला शिक्षा कार्यालयबाट निकासा भएको रकम खर्च गर्दा कानूनको रीत नपुर्‍याई प्रतिवादीहरूले खर्च गरेको मिसिल संलग्न तथ्यले प्रमाणित भएको छ । कानूनको रीत नपुर्‍याई खर्च गरेको दाबीको रकमलाई शिक्षा मन्त्रालय, शिक्षा विभाग र जिल्ला शिक्षा कार्यालयले बेरूजु भएको भनी दाखिला गर्न प्रतिवादीहरूलाई पत्राचार गरेका छन् । सरकारी कार्यालयबाट बेरूजु भनिएको रकम खर्च गर्ने अख्तियारवालाबाट नेपाल सरकारको राजश्व खातामा जम्मा भइसकेको छ । सरकारी संस्थाले खर्च गरेको रकम रूजु हुन नसकेमा तिर्नुपर्नेसम्म दायित्व भएको विषयलाई गैरकानूनी र बद्नियत पूर्वक भ्रष्टाचार गरेको मान्न नमिल्ने हुँदा आरोप पत्र दाबीबाट प्रतिवादीहरूले सफाई पाउने गरी विशेष अदालतबाट भएको फैसला मिलेको हुँदा सदर गरिपाउँ भनी बहस गर्नुभयो।

पक्ष विपक्षतर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता एवं विद्वान् अधिवक्ताको उपयुक्तबमोजिमको बहस एवं पुनरावेदन जिकिरलाई दृष्टिगत गरी विशेष अदालत, काठमाडौंबाट भएको फैसला मिलेको छ वा छैन र पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन भन्ने सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो।

२. सो सन्दर्भमा हेर्दा सञ्चालनमा नरहेको सुमित आर्दश विद्या मन्दिर बसन्तपुर ४ सर्लाहीको स्थापनाकाल देखि विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रहेका चन्देश्वर राय यादव र प्रधानाध्यापक सरोजिया कुमारीले अनुदान स्वरूप रू. १,५८,७००।– निकासा लिई कानूनविपरीत खर्च गरी नेपाल सरकारलाई हानि नोक्सानी पुर्‍याउने काम गरेको हुँदा निजहरूको हकमा कानूनविपरीत खर्च गरेको रकमलाई बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ तथा ऐ. को दफा ३(१) र ३(१)(घ) बमोजिम तथा स्रोत व्यक्ति प्रतिवादी लक्ष्मीप्रसाद राय अमातले गलत तथ्याङ्कको प्रतिवेदन दिई अनुदान रकम लिने दिने कार्य गरेकोले निजको कार्यकालमा निकासा भएको रू. १,७६,५५१।६८ बिगो कायम गरी ऐ.ऐनको दफा १७ तथा ३(१) र (३)(घ) बमोजिम हदैसम्मको सजाय गरिपाउँ भनी आरोप पत्रमा मागदाबी लिएको पाइन्छ । प्रतिवादीहरूले गरेको खर्चमा बद्नियत थियो भन्ने तथ्य प्रमाणबाट पुष्टि नभएको र कानूनको रीत नपुर्‍याई खर्च गरिएको दाबीको रकम सरकारको राजस्व खातामा विद्यालयको नामबाट बुझाई सकेको भन्ने आधार र कारणबाट प्रतिवादीहरूले आरोपित कसुरबाट सफाई पाउने गरी विशेष अदालतबाट भएको फैसला फौजदारी कानूनका स्थापित मूल्य र मान्यताविपरीत रही नमिलेको हुँदा उल्टी गरी प्रतिवादीहरूलाई सजाय गरिपाउँ भनी नेपाल सरकारले पुनरावेदनमा जिकिर लिएको देखियो ।

३. सुमित आदर्श विद्या मन्दिर, बसन्तपुर-४ लाई जिल्ला शिक्षा कार्यालय सर्लाहीले निजी स्रोतबाट खर्च व्यहोर्ने गरी २०६७ सालमा प्राथमिक विद्यालय तहको कक्षा १, २०६८ सालमा कक्षा- २, २०६९ सालमा कक्षा- ३ को अनुमति दिएको मिसिल संलग्न पत्रहरूबाट देखियो । यस्तै किसिमका निजी स्रोतबाट सञ्चालन गर्ने गरी जनताले खोलेका विद्यालयहरू मध्ये विवादित यस विद्यालयलाई नेपाल सरकार शिक्षा मन्त्रालयद्वारा अनुदान स्वरूप स्टेशनरी खर्च तथा विविध शीर्षकमा जिल्ला शिक्षा कार्यालयमार्फत विद्यालयको खातामा निकासा गरेको रकम कृतिम विद्यालय खडा गरी प्रतिवादीहरूले बदनियतपूर्वक मासे खाए भनी भ्रष्टाचारको कसुरमा आरोप पत्र दर्त गरेको देखियो । प्रतिवादीहरू अनुसन्धानको क्रममा अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष समेत बयान गर्दा अनुमति पाई सञ्चालनमा रहेको विद्यालयलाई प्राप्त भएको अनुदान सम्बन्धित शीर्षकमा खर्च गरेको तर जिल्ला शिक्षा कार्यालयले उक्त खर्च भएको रकमलाई बेरूजु भनी राजस्व खातामा दाखिला गर्न पत्र पठाएकोले रकम दाखिला गरी सकिएको छ। खर्च गरेको रकम कानूनको रीत नपुगेको विषय भ्रष्टाचारको कसुर हुन सक्दैन भनी कसुरमा इन्कार रहेको देखिन्छ। मिति २०७०।९।१६ मा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट स्थलगत निरीक्षण गर्न खटिएको टोलीले विद्यालय ज्यादै नाजुक, भवन, डेक्स बेञ्च नरहेको भन्ने र मिति २०७०।१२।०९ मा जिल्ला प्रहरी कार्यालय, सर्लाहीले विद्यालय हाल सञञ्चालनमा नरहेको, १३ वटा डेक्स र बेन्च रहेको भनी अनुसन्धान गर्ने निकायलाई पत्र लेखेको देखिन्छ । स्वयम् आरोप पत्र दर्ता गर्ने निकायसमेतले गरेको उपरोक्त स्थलगत निरीक्षण प्रतिवेदनबाट विवादित विद्यालयको अस्तित्व नै नरहेको भन्ने देखिन आउँदैन । सुरूमा विद्यालय सञ्चालन गर्न र त्यसपछिका वर्षमा माथिल्लो कक्षा सञ्चालन गर्ने अनुमति दिदाँ आवश्यक कानूनी र कार्य विधिगत प्रक्रिया पूरा गरेर मात्र अधिकारप्राप्त निकाय जिल्ला शिक्षा कार्यालयले अनुमति दिने गर्दछ । यस तथ्यलाई आरोप पत्रमा अन्यथा भन्न सकेको स्थिति छैन ।

४. विवादित विद्यालयको गठन, त्यसको भौतिक व्यवस्थापन र सञ्चालनलाई हेर्दा स्थानीय तहमा त्यहाका नागरिकले स्वतस्फूर्तरूपमा शैक्षिक विकासका लागि स-साना उमेरका बालबालिकाहरूलाई

विद्यालय आउँन जान सुविधा होस भन्ने उद्देश्यले कानूनको प्रक्रिया पूरा गरी स्थापना गरेको देखिन्छ । स्थानिय नागरिकले न्यूनतम व्यवस्था गरिसकेका यस्ता विद्यालयलाई नेपाल सरकारले स्थानीय नागरिकको शैक्षिक उन्नयनको काममा मनोबल बढाई दिने उदेश्यले स्टेशनरी, फर्निचर र विविध खर्चमा केही रकम अनुदान दिने गरेकोमा विवाद देखिँदैन । यसरी दिएको अनुदान विद्यालयको भौतिक अवस्था सुदृढीकरण गर्न, सिकाई सामाग्रीहरूको परिपूर्ति गर्न खर्च गर्ने परिपाटी रहेको देखिन आयो ।

५. सामाजिक चेतनाको स्तरमा वृद्धि भएसँगै यस्ता किसिमबाट स्थापना भएका विद्यालयहरू मध्ये कतै कुनै विद्यालय नै नभएकोमा झोले विद्यालयको नामले विद्यालय चलाएको, कतै द्वन्द्वको कारणबाट विस्थापित भएको, कतै अनुदान प्राप्त रकम खर्च गर्ने परिपाटीमा नै कानूनको रीत नपुर्‍याई बेरीत गरी खर्च गर्ने गरेको देखिन्छ । प्रस्तुत मुद्दामा विद्यालयको व्यवस्थापन र रेखदेख गर्ने दायित्व भएको विद्यालय व्यवस्थापन समितिले नेपाल सरकारले दिएको सहयोग खर्च गर्दा बद्नियत चिताई दुरूपयोग गरेको सरह भ्रष्टाचारमा कारवाही गर्नुपर्ने हो वा निकासा दिने निकाय जिल्ला शिक्षा कार्यालयसमेतले बेरूजु भनी पत्राचार गरेको अवस्थामा बेरूजु सरह मानी असुल उपर हुनुपर्ने हो भन्ने अहं प्रश्न खडा भएको छ । उक्त प्रश्नको निरूपणका लागि भ्रष्टाचार निवारण ऐन र लेखापरीक्षण ऐनमा के कस्तो कानूनी व्यवस्था रहेको रहेछ सो सम्बन्धमा चर्चा गर्नु यस विवादमा शान्दर्भिक नै हुने देखियो ।

६. प्रत्यर्थी प्रतिवादीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसुरमा सजाय गरिपाउँ भनी अभियोग मागदाबी लिएको पाइन्छ । उक्त दफामा *कुनै राष्ट्रसेवकले आफ्नो ओहदाको वा सो सम्बन्धि कर्तव्य पालना गर्दा नेपाल सरकार र सार्वजनिक संस्थाको सम्पत्तिको लापरवाही गरी वा हिनामिना, हानि नोक्सानी वा दुरूपयोग गरे गराएमा वा मासेमा वा निजी प्रयोगमा लगायमा ...* भन्ने कानूनी व्यवस्था भएको देखिन्छ । प्रत्यर्थीहरूले नेपाल सरकारको अधिकारप्राप्त निकायबाट अनुमति लिई विवादित सुमित आदर्श विद्या मन्दिर नामक विद्यालय स्थापना गरेको देखिन्छ । जिल्ला शिक्षा कार्यालय सर्लाहीले विद्यालयका लागि आवश्यक पर्ने आवश्यक भौतिक पूर्वाधारहरू घर जग्गाको अवस्था, फर्निचर, खानेपानीको सुविधा, पुस्तकालय र विद्यालयमा रहेका शैक्षिक सामग्रीको स्थिति समेतलाई दृष्टिगत गरी कक्षा सञ्चालन गर्न अनुमति दिएको अवस्था छ । अनुसन्धानका लागि स्थलगत निरीक्षण गर्न गएको टोलीले पहिले देखिनै भौतिकरूपमा विद्यालय नै सञ्चालन नगरी कागजमा मात्र विद्यालय देखाएको भनी यकिन प्रतिवेदन दिन नसकी निरीक्षणका क्रममा विद्यालयको भौतिक स्थिति नाजुक रहेको, शौचालय नरहेको, नजिकै अर्को विद्यालय रहेकोसमेतका व्यहोरा प्रतिवेदनमा उल्लेख गरेको देखिन्छ । उक्त विद्यालयले विद्यालयमा पठनपाठन गर्ने छात्र छात्राको संस्थागत तथ्याङ्क फाराम वि.सं. २०६७, २०६९ र २०७० सालसम्मको भरी नेपाल सरकारले तोकेको सम्बन्धित अधिकारी स्रोत व्यक्तिबाट प्रमाणित गराई जिल्ला शिक्षा कार्यालयमा पेस गरेको मिसिल संलग्न शिक्षा कार्यालयको रेकर्डबाट देखिएको छ । मिसिलबाट देखिएका उक्त वस्तुगत अवस्थाका आधारमा नागरिकले स्वतस्फूर्तरूपमा सञ्चालन गरेको विवादित विद्यालयलाई प्रति विद्यार्थी एकाई लागत (Per Capital Funding) का आधारमा अध्यापन कार्यमा सहयोग स्वरूप नेपाल सरकार शिक्षा मन्त्रालयले विभिन्न शीर्षकमा विभिन्न मितिमा खर्च गर्न अभियोग दाबीको बिगो रू.१,५८,७००।- विद्यालयका नाममा नेपाल बैंक लिमिटेड, शाखा कार्यालय सर्लाही, मलंगवामा रहेको खातामा निकासा दिएको देखिन्छ । सोही रकम अनियमित तरिकाले खर्च गरेको हुँदा तत्काल असुल

उपर स्परूप राजस्व खातामा जम्मा गर्नु भन्ने मिति २०७१।११।१९ को शिक्षा मन्त्रालयबाट भएको परिपत्रबमोजिम उक्त विद्यालयले मिति २०७१।१२।१ मा नेपाल बैंक लिमिटेड मलंगवाको सरकारी राजस्व खाता नम्बर क-१-१-००१ मा दाखिला गरेको मिसिल संलग्न भौचरबाट देखिएको छ। यसरी सरकारी पद्धति र आदेशको प्रक्रिया पूरा गरी स्थापना भएको विवादित विद्यालयले निकासा पाएको अनुदान रकम नियमसम्मत खर्च नगरेको भनी अनुदान दिने सरकारी निकायले बेरूजु सरह दाखिला गर्न अनुमति दिएको र बेरूजुलाई स्वीकार गरी विद्यालयले राजस्व खातामा जम्मा गरी असुल भइसकेको देखिएको छ। उक्त तथ्यहरूबाट प्रत्यर्थीहरूले जानी जानी बद्नियत चिताई विद्यालय नै स्थापना नगरी भ्रष्टाचार निवारण ऐनको दफा १७ मा व्यवस्थित कसुर गरेको भन्ने देखिन आउँदैन।

७. अधिकारप्राप्त निकाय वा खर्च गर्ने कार्यालयको तालुक कार्यालयले मातहतका निकायलाई विभिन्न शीर्षकमा खर्च गर्न निकासा दिएको रकमको लेखापरीक्षण तथा अनुगमन निरीक्षण गर्दा के कस्तो किसिमबाट के कसरी खर्च गर्ने भन्ने सम्बन्धमा लेखा परीक्षण ऐन, २०४८ को दफा ४(क) मा *"विनियोजन ऐनबमोजिम विभिन्न सेवा तथा कार्यहरूमा खर्च गर्न विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा स्वीकृत भएका रकमहरू तोकिएका सेवा तथा कार्यका निमित्त स्वीकृत सीमाभित्र रही सोही प्रयोजनको लागि खर्च गरिएको छ छैन"* भनी लेखापरीक्षण गर्नुपर्ने कानूनी व्यवस्था गरिएको देखिन्छ। उक्त कानूनी व्यवस्थाबाट जाँचबुझ एवं लेखापरीक्षण गर्दा तोकिएअनुरूप खर्च नगरेको पाइएमा वा लेखा परीक्षकले बेरूजु देखाएमा खर्च गर्ने व्यक्ति वा संस्थाले बेरूजु देखाएको रकम राजस्व खातामा जम्मा गर्नुपर्ने सम्मको रहेको पाइन्छ। लेखापरीक्षक वा जाँच गर्ने संस्था वा अधिकारीले प्रत्यर्थीहरूले बद्नियत पूर्वक विद्यालयनै स्थापना तथा सञ्चालन नगरी विद्यालय सञ्चालन भएको भनी रकम निकासा गराई गैरकानूनी तवरबाट खर्च गरेको विषयलाई बेरूजु भनी प्रतिवेदन दिएको वा दाबीको बेरूजु रकम राजस्व खातामा जम्मा गर्न पत्राचार गरेको हो भनी तेस्तो लेखापरीक्षण गर्ने लेखा परीक्षक वा पत्र लेख्ने अधिकारी माथि अभियोजन गरी प्रतिवादी बनाएको पाइँदैन। भ्रष्टाचार हुनु र बेरूजु हुनु पृथक पृथक कुरा हुन्। भ्रष्टाचारमा व्यक्तिगत फाइदा लिने बद्नियत तत्त्वको विद्यमानता हुन्छ भने बेरूजुमा खर्च भएको रकम बिल भरपाईद्वारा पुष्टि भएको हुँदैन। भ्रष्टाचारको कसुर स्थापित हुन सरकारी सम्पत्ति दुषित मनसायबाट खर्च गरी हानि नोक्सानी पुर्‍याउने नियत र त्यसबाट आफूले लिनु खानु गरेको भन्ने प्रष्टरूपमा देखिनु पर्छ। बेरूजु रकम स्रेस्तामा संलग्न हुन छुट गएका बिल भरपाई पछि पेस गरी रूजु हुन पनि सक्छ। बिल भरपाईद्वारा पुष्टि गराउन नसके बेरूजु भएको रकम खर्च गर्ने अख्तियारवालाले दाखिला गर्नु गराउनु पर्नेसम्मको दायित्व हुन्छ। प्रस्तुत मुद्दामा एकातिर भ्रष्टाचारको बिगो भनिएको दाबीको रकम रू. १,५८,७००।- सरकारकै एउटा निकायले बेरूजु भनी राजस्व खातामा जम्मा गर्न लगाउने अर्कातिर अनुसन्धान गर्ने सरकारी अर्को निकायले प्रत्यर्थी प्रतिवादीहरू विद्यालय व्यवस्थापन समितिको अध्यक्ष चन्देश्वर राय यादव, प्रधानाध्यापक सरोजिया कुमारी र स्रोत व्यक्ति लक्ष्मीप्रसाद राय अमातले मात्र जानी जानी बद्नियत चिताई अनुदान स्वरूप पाएको उक्त बिगो मासे खाए भनी निजहरूलाई मात्र भ्रष्टाचार जस्तो जघन्य अपराधमा मुद्दा चलाएको कानून र न्यायसङ्गत नदेखिएको हुँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिर र प्रत्यर्थी झिकाउने यस अदालतको पूर्व आदेशसँग सहमत हुन सकिएन।

८. तसर्थ, माथि उल्लिखित आधार र कारणसमेतबाट प्रत्यर्थी प्रतिवादीहरू चन्देश्वर राय यादव, सरोजिया कुमारी र लक्ष्मीप्रसाद राय अमातले आरोपित भ्रष्टाचारको कसुरबाट सफाई पाउने गरी विशेष अदालत, काठमाडौंबाट मिति २०७२।२।२५ मा

भएको फैसला मिलेको हुँदा सदर हुने ठहर्छ । अभियोग दाबीबमोजिम प्रतिवादीहरूलाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको दायरीबाट लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. हरिकृष्ण कार्की

इजलास अधिकृत : कपिलमणी गौतम
इति संवत् २०७३ साल चैत २२ गते रोज ३ शुभम् ।

निर्णय नं. ९८२८

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री दीपकराज जोशी
माननीय न्यायाधीश श्री दीपककुमार कार्की
फैसला मिति : २०७३।०९।०३
०७१-CR-०६१८

मुद्दाः कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग

पुनरावेदक प्रतिवादी : जिल्ला सर्लाही गा.वि.स. जमुनिया वडा नं. ७ घर भई हाल रामेछाप जिल्ला कारागार कार्यालयमा थुनामा रहेको कृष्ण भन्ने किसनन्दन राय यादव

विरूद्ध

प्रत्यर्थी वादी : जिल्ला सर्लाही गा.वि.स. जमुनिया वडा नं. ५ बस्ने सोनेलाल रायसमेतको जाहेरीले नेपाल सरकार

- **मुख्यतः फौजदारी वारदातमा घटनाबारे थाहा पाउने र देख्ने व्यक्ति, पीडित, घाइते र प्रतिवादी नै हुन्छन् । ज्यान अपराधको वारदातमा पीडित घाइते यदाकदा मात्र हुने गर्छन्, घटनाबारे यथार्थ जानकारी हुने व्यक्ति त प्रतिवादी र निजहरूसँगै रहेका व्यक्ति नै हुन्छन् । घटनाको सम्बन्धमा निजहरूले कस्तो अवस्था र परिस्थितिमा उक्त घटना घटेको भनी उल्लेख गरेका हुन्छन्, त्यतीलाई मात्र सुक्ष्म तरिकाले केलाएर विश्नेषण गरी हेर्नुपर्ने ।**

(प्रकरण नं. ५)

- **घाइते पीडित व्यक्तिको मौकाको र अदालतसमक्ष गरेको बकपत्रको व्यहोरालाई महत्त्वपूर्णरूपमा लिनुपर्ने हुन्छ । प्रतिवादीको मौकाको बयानलाई उसैको पक्ष र विरूद्धमा जती महत्त्वपूर्णरूपमा हेरिन्छ मौकाको घाइते व्यक्तिको भनाईलाई पनि कसुर पुष्टि गर्न प्रमाण प्रयोजनको लागि प्रतिवादीकै विरूद्धमा प्रतिवादीको भनाई भन्दा कम महत्त्वको रूपमा लिन नहुने ।**

(प्रकरण नं. ७)

पुनरावेदक / प्रतिवादीको तर्फबाट : विद्वान् वैतनिक अधिवक्ता नारायणप्रसाद देवकोटा तथा विद्वान् अधिवक्ता रामप्रसाद ढुंगेल
प्रत्यर्थी / वादीको तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- प्रमाण ऐन, २०३१ को दफा १०(१)(ख)

सुरू तहमा फैसला गर्नेः
मा.जि.न्या.श्री माधवप्रसाद पोखरेल

पुनरावेदन तहमा फैसला गर्नेः
मा.न्या.श्री तेजबहादुर के.सी.
मा.न्या.श्री द्वारिकामान जोशी

फैसला

न्या. दीपकराज जोशी : न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम पुनरावेदन अदालत, जनकपुरको मिति २०७०।२।२८ को फैसलाउपर दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः

जिल्ला सर्लाही जमुनिया गा.वि.स. वडा नं. ५ बस्ने रामप्रसाद रायलाई गोली हानी घाइते बनाएकोमा उपचारार्थ मृत्यु भएको र मृतकको लास सर्लाही जिल्ला अस्पताल मलंगवाको मुर्दा घरमा राखिएको लास जाँच मुचुल्का।

मेरो दाजु नाता पर्ने रामप्रसाद रायको लास सदगदको लागि जिम्मा बुझी पाउँ भन्ने व्यहोराको सोनेलाल रायको निवेदन।

मिति २०६४।५।१ गते बेलुका अं. १८:०० बजेको समयमा जिल्ला सर्लाही जमुनिया गा.वि.स. वडा नं. ५ बस्ने रामप्रसाद रायलाई र ऐ.ऐ. बस्ने रामवृक्ष रायसमेतलाई गोली हानी घाइते बनाएकोमा घाइते मध्येका रामप्रसाद रायको उपचारका क्रममा मृत्यु भएको र घाइते रामवृक्ष यादवलाई काठमाडौं लगिएको र सो घटनामा जिल्ला सर्लाही जमुनिया गा.वि.स. वडा नं. ५ बस्ने उदय राय, किसनन्दन राय र चेतनकुमार रायसमेत संलग्न रहेको भन्ने प्रहरी सञ्चार।

मृतकको मृत्युको कारण “External bleeding due to gun shoot injury” भन्ने शव परीक्षण प्रतिवेदन।

मिति २०६४।५।१ गते बेलुका अं. १८:०० बजेको समयमा जिल्ला सर्लाही जमुनिया गा.वि.स. वडा नं. ५ बस्ने उदय राय, ऐ. वडा नं. ७ बस्ने किसनन्दन राय र वडा नं. ६ बस्ने चेतनकुमार रायसमेतले मेरो भाई रामप्रसाद रायलाई र ऐ.ऐ. बस्ने रामवृक्ष रायसमेतलाई गोली हानी घाइते बनाएकोमा घाइतेमध्येका रामप्रसाद रायको उपचारको क्रममा मृत्यु भएको र घाइते रामवृक्ष यादवलाई काठमाडौं लगेकोमा मेरो भाईलाई गोली हानी मारेको र घाइते बनाउने अभियुक्तहरूलाई खोजतलास पक्राउ गरी कानूनबमोजिम कारवाही गरिपाउँ भन्ने व्यहोराको जाहेरी दरखास्त।

जिल्ला सर्लाही जमुनिया गा.वि.स. वडा नं. ६ बस्ने रामप्रसाद राय र ऐ.ऐ. बस्ने रामवृक्ष रायसमेतलाई प्रतिवादी किसनन्दन रायसमेतले गोली हानी रामप्रसाद रायलाई मारेको र रामवृक्ष राय यादव घाइते बनाएको भन्ने व्यहोराको घटनास्थल तथा प्रकृति मुचुल्का।

मृतक रामप्रसाद राय माओवादीमा संलग्न रही आतंक मच्चाउनुका साथै मलाई अपहरण गरी कुटपिट गरेकोले सोही रिसइवी साध्न म तराई जनतान्त्रिक मुक्ति मोर्चामा लागि उदय राय र चैतन्य रायसमेतसँग साँठगाँठ गरी निज मृतक रामप्रसाद रायलाई मार्नुपर्छ भनी कुरा मिलाई मिति २०६४।५।१ गते बेलुका हामी तीनै जना ढुकी बसेका थियौं, सोही बेला मृतक रामप्रसाद राय घाइते रामवृक्ष राय यादवलाई आएको देखी चेतन रायले हान भन्ने वचन दिनासाथ उदयले मृतक रामप्रसादलाई र मैले घाइते भएका रामवृक्ष राय यादवलाई गोली हानी भुईंमा लडाई हामी भागी फरार भएका भन्ने व्यहोराको प्रतिवादी किसनन्दन रायले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान कागज।

गोली हानेको घाउ रहेको व्यहोराको घाइते रामवृक्ष राय यादवको घाउ जाँच केश फारम।

जिल्ला सर्लाही जमुनिया गा.वि.स. वडा नं. ६ बस्ने रामप्रसाद रायलाई ऐ.ऐ. बस्ने रामवृक्ष रायसमेतलाई प्रतिवादी किसनन्दन रायसमेतले गोली हानी रामप्रसादलाई मारेको र रामवृक्ष रायलाई घाइते बनाई हातमा नलकटुवा लिई भाग्दै गरेको अवस्थामा किसनन्दन राय, चेतनकुमार राय र उदय रायलाई देखेको हुँ भन्ने व्यहोराको बुझिएका मानिस होमनाथ

रायसमेतले लेखाई दिएको कागज।

प्रतिवादी किसनन्दन रायसमेतले रामवृक्ष रायलाई गोली हानी आँखामा चोट पुर्‍याएकोमा घाइते रामवृक्ष रायले उपचार गराएको विभिन्न किसिमका कागजातहरू।

जिल्ला सर्लाही, सलेमपुर-५ बस्ने सुरेन्द्र राय बरहथवाबाट घर आउँदै गर्दा बाटामा रोकी अपरिचित व्यक्तिहरूले साथमा रहेको नगद तथा मोबाइलसमेत खोसी लुटपाट गरी छाडेकोमा सो कुरा आफ्नो भिनाजु नाता पर्ने मृतक रामप्रसाद रायलाई सुनाउँदा मृतक रामप्रसाद रायले निज लुटेराहरूलाई पत्ता लगाई पक्राउ गर्नुपर्छ भन्ने कुरा प्रतिवादी किसनन्दन राय, चेतनकुमार राय र उदय रायसमेतले थाहा पाई मार्ने योजनासमेत बनाएकोमा मिति २०६४।५।१ गते बेलुका हामी दुवै जना घरतर्फ गइरहेको अवस्थामा बद्री पासवानको घर नजिकै पुग्दा प्रतिवादी किसनन्दन राय, चेतनकुमार राय र उदय रायसमेतले हामी माथि गोली हानी म घाइते भई भुईंमा लडेको थिएँ, उपचारको क्रममा रामप्रसादको मृत्यु भएको र म सिकिस्त भई काठमाडौं वीर अस्पतालमा उपचार गराई ठीक छु, निज प्रतिवादीहरूले मलाई पनि मार्ने मनसायले गोली चलाएको हो भन्ने व्यहोराको घाइते रामवृक्ष रायको कागज।

जाहेरवालाको दाजु रामप्रसादलाई र रामवृक्षसमेतलाई प्रतिवादी किसनन्दन राय, चेतनकुमार राय र उदय रायसमेतले गोली हानी घाइते बनाएकोमा रामप्रसादको मृत्यु भएको हो। निज अभियुक्तहरू गाउँघरमा बदमास प्रकृतिको व्यक्तिहरू हुन भन्ने व्यहोराको रामविनयसमेतले गरेको कागज।

अनुसन्धानको क्रममा पक्राउ नपरी भागी फरार रहेका प्रतिवादी चेतनकुमार राय र उदय रायसमेतको घर ठेगानामा गई खोजतलास गर्दा घर छाडी भारततर्फ लुकी छिपी बसेको भन्ने व्यहोराको प्रहरी प्रतिवेदन।

प्रतिवादीहरूले मृतक रामप्रसाद रायलाई कर्तव्य गरी मारेको र रामवृक्ष यादवलाई गोली प्रहार गरी ज्यान मार्ने उद्योगको कसुर गरेको पुष्टि हुन आयो। तसर्थ प्रतिवादीहरूले मृतकलाई गोली प्रहार गरी मारेको अभियोगमा प्रतिवादीहरू किसनन्दन राय, चेतनकुमार राय र उदय रायसमेत उपर मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ र १३(१) नं. को कसुर अपराधमा ऐ. महलको १३(१) नं. अनुसार सजाय हुने मागदाबी लिइएको छ। प्रतिवादीहरूले रामवृक्ष यादवलाई ज्यान मार्ने उद्योगको कसुर अपराध गरेकोमा प्रतिवादीहरू उपर ऐ. महलको १ र १५ नं. कसुर अपराधमा ऐ. महलको १५ नं. अनुसार सजाय होस भन्नेसमेत व्यहोराको अभियोग मागदाबी।

प्रतिवादी उदय राय, चेतनकुमार राय र मसमेत गाउँमा धेरै मानिसलाई मृतक रामप्रसाद रायले आफू माओवादी छ भनी आतंक गरी चन्दा उठाउने, गाउँका चेलीबेटीलाई बेइज्जती गर्ने गरी आएका थिए। एकपटक मलाई अपहरण गरी लगी बन्दक बनाई चन्दा माग्दा नदिएको हुँदा कुटपिट गरी मरणासन्न बनाई छोडेका हुँदा गाउँमा ज्यादै दुःख दिने गरेको चन्दा उठाई ल्याई रामवृक्ष यादव र रामप्रसादले मिली खर्च गरेका, निजहरूले गाउँघरमा दुख दिई हिँडेको हुँदा सहन नसकी प्रतिवादीहरू उदय राय, चेतनकुमार राय र म किसनन्दन रायले निज रामप्रसाद र रामवृक्षलाई ठीक पार्न रिसइवी साध्न तराई जनतान्त्रिक मुक्ति मोर्चा ज्वाला सिंह समूहमा गई मिति २०६४।५।१ गते अत्याचारीहरू नास्ता खाई आएका मौका छोपी तीनैजनाले बोकेको नलकटुवा बन्दुक लिई बाटो ढुकी बसेको अवस्थामा घटनास्थल आइपुग्दा चेतनकुमार रायले हान भनी वचन दिँदा उदय रायले रामप्रसाद रायलाई गोली फायर गरी सख्त घाइते बनाएको तथा मैले रामवृक्षलाई ज्यान मार्ने उद्योग गरेको र उदय राय र चेतनकुमारले रामप्रसाद रायलाई गोली प्रहार गरी सोही चोटबाट मृत्यु भएको हो भन्नेसमेत व्यहोराको प्रतिवादी

कृष्ण भन्ने किसनन्दन राय यादवले अदालतमा गरेको बयान।

म घटनास्थलमा थिएँ । उदय राय, चेतन राय, कृष्ण नन्दन राय तिनै जनाले नलकटुवा गोली हानी हत्या गरेको हो। जाहेरी दरखास्त मैले दिएको हुँ, मेरो नै सहिछाप हो भन्नेसमेत व्यहोराको जाहेरवाला रामपुकार राय यादवले अदालतमा गरेको बकपत्र।

प्रतिवादीहरूको गाउँघरमा खराब चाल चलनका मानिस हुन् । उदय, किसन, चेतनसमेतले हात हातमा नलकटुवा बन्दुक लिई आई सो बन्दुकको गोलीबाट रामप्रसाद राय मारेको र रामवृक्षलाई घाइते बनाएको हो । तिनैजनाहरूले गोली चलाई ढाई ढाई प्रहार गर्दा हामीहरू लुकी छिपी हाले । अपराधीहरू भागी फरार भएपछि घटनास्थलमा पुगी मानिसहरूबाट सोधपुछ गर्दा मलाई थाहा जानकारी भयो भन्नेसमेत व्यहोराको घटना विवरणका मानिस रामपृत राय यादवले अदालतमा गरेको बकपत्र।

मेरो सहिछाप हो, व्यहोरा पनि मेरै हो। अपराधी प्रवृत्तिका व्यक्ति भई निजहरूको चालचलन खराब थियो। चेतनकुमार राय, उदय राय, किसनन्दन रायसमेत भई मृतक रामप्रसाद राय नलकटुवा बन्दुकबाट कर्तव्य गरी मारेको हो। निजहरू नलकटुवा बन्दुकबाट रामवृक्ष घाइते बनाएको हो भन्नेसमेत व्यहोराको जाहेरवालाको साक्षी होमनाथ राय यादवले अदालतमा बकेको बकपत्र।

व्यहोरा मेरै हो, सहिछाप पनि मेरै हो । गाउँघरमा मृतक रामप्रसाद राय र रामवृक्ष रायसमेतको चालचलन धेरै राम्रो छ। नलकटुवा बन्दुकले किसनन्दन राय, चेतन कुमार राय र उदय रायसमेत भई घाइते रामवृक्षलाई घाइते रामवृक्षलाई घाइते बनाएको मृतक रामप्रसाद रायलाई मारेका छन् भन्नेसमेत व्यहोराको बुझिएका मानिस विकाउ राय यादवले अदालतमा गरेको बकपत्र।

प्रहरीमा गरेको कागज व्यहोरा मेरो हो, सहिछाप पनि मेरै हो । निजहरूको चालचलन खराब छ । उदय राय, कृष्ण भन्ने किसनन्दन राय, चेतन कुमार रायसमेतले नलकटुवा बन्दुकले घाइते म र मृतक रामप्रसाद रायलाई मारेको हो । प्रतिवादीहरू आउने वित्तिकै अन्धा धुन्ध गोली चलाई मेरो आँखासमेतमा रगत आउन थाल्यो। रामप्रसादलाई कसको गोलीबाट लागेको हो, मलाई यकिन छैन भन्नेसमेत व्यहोराको घाइते रामवृक्ष रायले अदालतमा बकेको बकपत्र।

जाहेरी मैले दिएको हुँ, सो व्यहोरा मेरो हो, सहिछाप पनि मेरै हो। प्रतिवादीहरू खराब प्रवृत्तिका व्यक्ति हुन् । नलकटुवा पेस्तोलले चेतनकुमार राय, किसनन्दन राय, उदय रायसमेत भई मृतक रामप्रसादलाई मारी रामवृक्षलाई घाइते बनाइएको हो भन्नेसमते व्यहोराको जाहेरवाला सोनेलाल रायले अदालतमा गरेको बकपत्र।

प्रतिवादी किसनन्दन रायले घाइते रामवृक्ष राय वारदात नजिकको हुँदा निजलाई गोली हनेका होलान् । रामप्रसादलाई मारेको होइन । म उसलाई चिन्दिन बताएकोले थाहा पाएको हुँ। रामप्रसाद रायलाई मारेको मेरो आँखाले देखेको होइन । रामवृक्षको घरमा जाँदा निज रामवृक्ष रायलाई घाइते भएको देखेको हुँ। त्यहाँ सोधपुछ गर्दा रामवृक्षले नै मलाई ७/८ जना भई बन्दुक पड्काई घाइते बनाएको हुन, सोमध्ये किसनन्दनलाई मात्र चिन्दछु, को कसको गोलीबाट म घाइते भएँ यकिन हुन सकिन भनी बताएका थिए। मृतक रामप्रसादलाई कसको गोलीबाट लागेको हो बताएका थिए। तिनीहरू बाहिरका मानिसहरू थिए। तिनीहरूलाई म चिन्दिन भन्नेसमेत व्यहोराको प्रतिवादी कृष्ण भन्ने किसनन्दन रायको साक्षी सिताराम रायले अदालतमा गरेको बकपत्र।

प्रतिवादी चेतनकुमार राय नाउँको म्याद मिति २०६६।८।१२ मा र प्रतिवादी उदय रायको नाउँको म्याद मिति २०६७।९।१३ मा तामेल भएको म्यादमा हाजिर नभई फरार रहेका मिति २०६८।५।१७ मा

अदालतबाट निजहरूको अंश रोक्का रहेको मुचुल्का ।

फरार रहेका प्रतिवादी चेतनकुमार राय र प्रतिवादी उदय रायका हकमा अ.बं. १९० नं. बमोजिम मुलतवी राखिदिएको छ । घटनाक्रम प्रत्यक्षदर्शीको बकपत्रसमेतका आधारबाट प्रतिवादी कृष्ण भन्ने किसनन्दन राय स्वयम् मौजुद रही गोली प्रहार गरेको प्रतिवादीले अभियोग दाबीबमोजिम ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम र ऐ. को १५ नं. बमोजिम कसुर गरेको ठहर्छ । प्रतिवादीलाई ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुन्छ । ठूलो खतमा सजाय भएकोले ज्यान मार्ने उद्योगतर्फ सजाय गर्न परेन । प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय चर्को हुने हुँदा १६ वर्ष कैद हुने उपयुक्त हुने ठानी अ.बं. १८८ नं. बमोजिम राय जाहेर गरिएको छ भन्ने व्यहोराको सर्लाही जिल्ला अदालतको मिति २०६८।८।१५ को फैसला ।

घटनाका प्रत्यक्षदर्शी जाहेरवालाहरूले अदालतमा आई बकपत्र गर्दा म पुनरावेदकको गोली प्रहारबाट मृतकको मृत्यु भएको भन्ने कुरा उल्लेख गर्न नसकेको अवस्थामा मउपर ज्यानसम्बन्धी १५ नं. को कसुर मात्र स्थापित हुँदा हुँदै ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी भएको सुरू अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरिपाउँ भन्ने व्यहोराको प्रतिवादीको पुनरावेदन अदालत, जनकपुरमा परेको पुनरावेदन पत्र ।

प्रतिवादी कृष्ण भन्ने किसनन्दन राय यादवलाई अभियोग दाबीबमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याएको सुरू सर्लाही जिल्ला अदालतको मिति २०६८।८।१५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, जनकपुरको मिति २०७०।२।२८ को फैसला ।

यसमा म प्रतिवादीले मिति २०६६।७।६ मा प्रहरीमा बयान गर्दा सवाल १० को जवाफमा मैले फायर गरेको गोली रामवृक्ष रायलाई लागी घाइते बनाएको, पुनः गोली फायर गर्दा गोली नपड्केको भनी बयान गरेको र अदालतमा पनि सोहीबमोजिम बयान गरेको छु । यसैगरी रामवृक्ष रायले सर्लाही जिल्ला अदालतमा बकपत्र गर्दा सवाल १६ को जवाफमा "मलाई कसको गोली लागेको हो यकिन छैन" भनी बकपत्र गरेको अवस्था छ । तसर्थ मैले पड्काएको गोलीबाट मृतकको मृत्यु भएको हो भनी कुनै स्पष्ट प्रमाणले प्रमाणित नभएको अवस्थामा मलई सर्वस्वसहित जन्मकैद हुने ठहराएको सुरू सर्लाही जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, जनकपुरको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी मलाई ज्यान मार्ने उद्योगमा सजाय गरिपाउँ भन्ने प्रतिवादी किसनन्दन राय यादवको मिति २०७१।५।२२ मा यस अदालतमा परेको पुनरावेदन पत्र ।

नियमबमोजिम दैनिक तथा साप्ताहिक मुद्दा पेसी सूचीमा चढी निर्णयार्थ पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी कृष्ण भन्ने किसनन्दन राय यादवको तर्फबाट उपस्थित विद्वान् वैतनिक अधिवक्ता श्री नारायणप्रसाद देवकोटा तथा विद्वान् अधिवक्ता श्री रामप्रसाद ढुंगेलले यी प्रतिवादीले मिति २०६६।७।६ मा प्रहरीमा बयान गरेको सवाल जवाफ १० मा " मैले फायर गरेको गोली रामवृक्ष रायलाई लागी घाइते बनाएको, पुन: गोली फायर गर्दा गोली नपड्केको भनी बयान गरेका र सोही व्यहोराको बयान मिति २०६६।७।२५ मा अदालतमा गरेको बयानको स.ज. ५ मा उल्लेख गरेको देखिन्छ, चस्मदित गवाह, घाइते तथा जाहेरवालाको बकपत्रबाट समेत कसको गोलीले प्रहार भएको भन्ने कुराको पुष्टि नै भएको छैन । त्यसैगरी जाहेरवाला सोनेलाल रायले मिति २०६७।६।११ मा सर्लाही जिल्ला अदालतमा गरेको बकपत्रको सवाल २२ र २३ को जवाफमा कसको गोली लागेको खुलाउन सक्दिन भनी भनेकोसमेत आधारमा विना प्रमाण अनुमानको भरमा कर्तव्य ज्यानको कसुरमा

सर्वस्वसहित जन्म कैद हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको फैसला त्रुटिपूर्ण हुँदा प्रतिवादीले स्वीकार गरेको कसुर ज्यान मार्ने उद्योगमा सजाय होस भनी गर्नुभएको बहससमेत सुनियो।

मिसिल संलग्न सम्पूर्ण तथ्य प्रमाण अध्ययन गरी विद्वान् कानून व्यवसायीहरूको उपरोक्त बहस जिकिर सुनी प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद हुने ठहरेको पुनरावेदन अदालत, जनकपुरको फैसला मिलेको छ वा छैन भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा किसनन्दन रायसमेतले गोली हानी मेरो भाई रामवृक्ष राय यादवलाई घाइते बनाएको र रामप्रसाद रायलाई गोली लागि उपचारको क्रममा निजको मृत्यु भएको हुँदा अभियुक्तहरूलाई पक्राउ गरी कानूनबमोजिम कारवाही होस् भन्ने व्यहोराको जाहेरी दरखास्त, प्रतिवादीहरूले मृतक रामप्रसाद रायलाई कर्तव्य गरी मारेका र रामवृक्ष यादवलाई गोली हानी ज्यान मार्ने उद्योगको कसुर गरी ज्यानसम्बन्धी महलको १, १३(१) र १५ नं. विपरीतको कसुर अपराधमा ऐ. महलको १३(१) र १५ नं.अनुसार सजाय गरिपाउँ भन्ने अभियोग मागदाबी भएकोमा प्रतिवादी कृष्ण भन्ने किसनन्द रायले अधिकारप्राप्त अधिकारीसमक्ष पीडित रामवृक्ष रायलाई गोली फायर गरी घाइते बनाएको छु। मृतक राम प्रसादलाई मैले मारेको होइन। चेतन राय र उदय रायले रामप्रसादलाई गोली प्रहार गरी सोही चोटको कारणबाट निजको मृत्यु भएको हो भन्ने व्यहोराको बकपत्र गरेकोमा सुरू अदालतबाट अभियोग दाबी ठहर गरी सजाय गर्ने गरेको फैसला पुनरावेदन अदालत, जनकपुरबाट सदर भएउपर प्रतिवादी कृष्ण भन्ने किसनन्दन राय यादवको यस अदालतमा पुनरावेदन परी निर्णयार्थ आज यस इजलासमा पेस हुन आएको पाइयो।

३. यसमा प्रतिवादीको मुख्य पुनरावेदन जिकिरमा निजले ज्यान मार्ने उद्योगको कसुर मात्र गरेकोमा ज्यान मारेको कसुरमा सजाय गर्ने गरेको फैसला त्रुटिपूर्ण छ भन्ने रहेको छ। सो सम्बन्धमा हेर्दा, मिसिल संलग्न कागज प्रमाणबाट मृतक रामप्रसाद रायको मृत्यु प्रतिवादीहरूले प्रहार गरेको गोलीबाट भएको र रामवृक्ष घाइते भएका भन्ने तथ्यमा कुनै विवाद देखिँदैन।

४. प्रतिवादी कृष्ण भन्ने किसनन्दन राय, उदय राय र चेतनकुमार रायसमेत उपर मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १, १३(१) र १५ नं. को कसुर अपराधमा ऐ. महलको १३(१) र १५ नं. बमोजिम सजाय गरिपाउँ भन्ने अभियोग दाबी रहेको छ। प्रतिवादी उदय राय र चेतनकुमार राय हालसम्म फरार रहेका छन्। प्रतिवादी कृष्ण भन्ने किसनन्दन राय अधिकारप्राप्त अधिकारीसमक्ष कसुरमा पूर्ण साबिती रहेको देखिन्छ। अदालत समक्षको बकपत्रमा घाइते रामवृक्षले प्रतिवादीहरूले मृतक रामप्रसाद रायसमेतलाई मार्ने योजना गरेकोमा सहमत भई निजहरूलाई मार्न कुरी बसेको अवस्थामा फरार प्रतिवादी चेतन रायले वचन दिएको र अर्को फरार प्रतिवादी उदयकान्त रायले चलाएको गोली मृतक रामप्रसाद र आफूलाई पनि लागेको र आफू भने हाल उपचारबाट बाँचेको भनी उल्लेख गरेको देखिन्छ। यी प्रतिवादीसमेतको गोली प्रहारबाट मृतक रामप्रसाद रायको मृत्यु भएको र रामवृक्ष राय घाइते भएको भन्ने जाहेरवालाहरूको किटानी जाहेरी रहेको छ। मौकामा बुझिएका घटना विवरणका कागज गर्ने मानिसहरूले यी प्रतिवादी किसनन्दन रायसमेतको गोली प्रहारबाट मृतक रामप्रसाद रायको मृत्यु र रामवृक्ष राय घाइते भएको कुरा उल्लेख गरेका छन्। घटनाका पीडित प्रत्यक्षदर्शी रामवृक्ष रायले अनुसन्धानमा कागज गर्दा हाल पक्राउ परेका प्रतिवादी किसनन्दन रायले ताकेर गोली हानी घाइते पारी रामप्रसादलाई कर्तव्य गरी मारी मसमेतलाई मार्ने मनसायले घाइते बनाएको हो

भन्ने र निजले अदालतसमक्षमा आई बकपत्र गर्दा प्रतिवादी किसनन्दन रायसमेतले चलाएको गोली लागी रामप्रसादको मृत्यु भएको र म घाइते भएको हुँ भन्ने व्यहोराको बकपत्र गरिदिएका छन् । उक्त घटना वारदातमा आफ्नोसमेत संलग्नता रहेको कुरामा प्रतिवादी किसनन्दन रायले अधिकारप्राप्त अधिकारी र अदालतसमक्षको बयानमा समेत साबित रहेका छन् । आफूले घाइते रामवृक्ष रायलाई गोली प्रहार गरी ज्यान मार्ने उद्योगको अपराधसम्म गरेको हो । मैले फायर गरेको गोलीबाट रामप्रसाद मरेको नहुँदा, मलाई ज्यान मारेको कसुरमा नभई सोको उद्योगको कसुरमा सजाय हुनुपर्छ भन्ने प्रतिवादी किसनन्दन रायको जिकिर रहेको छ । अर्को फरार प्रतिवादी चेतन रायले वचन दिएपछि प्रतिवादी उदय रायको गोली प्रहारबाट रामप्रसाद रायको मृत्यु भएको र आफूले हानेको गोलीले घाइते रामवृक्षलाई लागेको हुँदा ज्यान मार्ने उद्योगको कसुरमा मात्र सजाय पाउनुपर्ने हो भन्ने प्रतिवादी किसनन्दन राय यादवको पुनरावेदन जिकिर रहेको छ ।

५. सो जिकिरको सम्बन्धमा मिसिल संलग्न कागज र प्रमाणहरू केलाई हेर्दा मुख्यतः फौजदारी वारदातमा घटनाबारे थाहा पाउने र देख्ने व्यक्ति, पीडित, घाइते र प्रतिवादी नै हुन्छन् । ज्यान अपराधको वारदातमा पीडित घाइते यदाकदा मात्र हुने गर्छन्, घटनाबारे यथार्थ जानकारी हुने व्यक्ति त प्रतिवादी र निजहरूसँगै रहेका व्यक्ति नै हुन्छन् । घटनाको सम्बन्धमा निजहरूले कस्तो अवस्था र परिस्थितिमा उक्त घटना घटेको भनी उल्लेख गरेका हुन्छन्, त्यतिलाई मात्र सुक्ष्म तरिकाले केलाएर विश्लेषण गरी हेर्नुपर्ने हुन्छ । प्रस्तुत वारदातमा मौकामा अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा प्रतिवादी किसनन्दन राय यादवले आफूले हानेको बन्दुकबाट निस्केको गोलीले रामवृक्षलाई लागेको र निज घाइते भएका हुन्, अतः आफूबाट ज्यान मार्ने उद्योगसम्मको अपराध भएको भन्नेमा निजको साबिती रहेको छ । जाहेरीलगायत प्रहरीमा कागज गर्ने प्रायसः सम्पूर्ण व्यक्तिहरूले प्रतिवादीमध्ये उदयकान्त र किसनन्दन रायले फायर गरेको गोलीबाट रामप्रसाद राय यादव र रामवृक्षलाई लागेको हो, रामप्रसाद राय उपचार गर्न लाँदै गर्दा मरे, रामवृक्ष उपचार गर्दै जाँदा बाँचे भन्ने रहेको छ । प्रहरीमा कागज गर्ने एकजना व्यक्ति रामप्रवेशले मात्र प्रतिवादी कृष्णनन्दन रायले फायर गरेको गोलीबाट रामवृक्षलाई लागेको हो भनेका छन् । घटना विवरण कागज गर्ने केही व्यक्तिहरूले आफूले वारदात देखेको भनेका छन् । जाहेरवाला रामपुकार राय यादव, सोनेलाल र प्रहरीमा कागज गर्ने घटना विवरण कागज गर्ने व्यक्ति रामपृत राय यादव, विकाउ राय यादवले (स.ज. १२) ले अदालतको बकपत्रमा प्रतिवादीहरूले मृतकलाई गोली हानी मारी रामवृक्षलाई घाइतेसमेत बनाई भागेका हुन् भनी लेखाएका मिसिल संलग्न प्रमाणबाट देखिन्छ । प्रमाण ऐन, २०३१ को दफा १८ ले *प्रहरीमा कागज गर्ने यी व्यक्तिहरू अदालतमा उपस्थित भई गरेको बकपत्रलाई मात्र प्रमाणमा लिनुपर्ने* भन्ने कानूनी व्यवस्था रहेको हुँदा यी व्यक्तिहरूको भनाईलाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखिन्छ ।

६. वारदातको पृष्ठभूमि र वारदात हेर्दा, मृतक रामप्रसाद राय र घाइते भएका रामवृक्ष राय यादव पहिला माओवादीमा लागी गाउँघरमा ज्यादती गरी सताएका र यी प्रतिवादीलाई एकपटक अपहरण गरेरसमेत लगेको रिसइवी साध्न मृतक पक्षहरूलाई प्रतिवादीहरू मिली मार्ने योजना बनाएको भन्ने मिसिल संलग्न कागजातबाट देखिन्छ । वारदातको दिन तीनैजना प्रतिवादीहरूले आफ्नो साथमा हतियार बोकी बाटो ढुकी बसेको अवस्थामा मृतक र घाइते व्यक्तिसमेत मिति २०६४।५।१ गतेका दिन बाढी पीडितलाई राहत बाँडी घरको छेउमा आई पुग्दा तीनै जना प्रतिवादीहरूले मृतक पक्षहरूलाई गोली फायर गर्दा रामप्रसाद राय र रामवृक्ष रायलाई गोली लागेकोमा उपचारको क्रममा रामप्रसादको मृत्यु भएको देखिन्छ

भने अर्का रामवृक्ष राय उपचार गर्दा बाँचेकाले घाइते भएका देखिन्छन् । प्रतिवादीमध्ये किसनन्दन राय पक्राउ परी अधिकारप्राप्त अधिकारीसमक्षको मौकाको बयानको अतिरिक्त अदालतको बयानमा पनि आफूले फायर गरेको गोलीबाट रामवृक्ष यादवलाई लागेको हो भन्नेसम्मका कसुरमा साबित हुन्छन् । वारदातको पृष्ठभूमिलाई हेर्दा तीनैजना प्रतिवादीहरूले दुवैजना मृतक र घाइतेलाई गोली हानी मार्ने पुर्व योजना र तयारी गरेको देखिन्छ । तर कुन प्रतिवादीले कुन व्यक्तिलाई गोली हान्ने भन्ने सम्वन्धमा सबै प्रतिवादीहरूबीच कुनै पूर्व सल्लाह भएको कहिँ कतैबाट देखिँदैन । कुन प्रतिवादीले कुन व्यक्तिलाई ताकेर गोली हानेको हो ? गोली हान्ने समयको विन्दुसम्म पनि सो तथ्यबारे प्रतिवादीहरू यकिन भएको भन्ने मिसिल संलग्न प्रमाणबाट भटिँदैन । मृतक रामप्रसाद र रामवृक्ष घटनास्थल आइपुग्दा सबै प्रतिवादीहरूले एकैचोटी बन्दुकबाट मृतक र घाइते पक्षहरूलाई गोली फायर गरेको भन्ने छ । कसले कसलाई गोली हान्ने भन्ने पनि सो अवस्थासम्म प्रतिवादीहरूबीच किटान गरी सल्लाह भएको देखिँदैन। बन्दुक फायर गर्दा प्रतिवादी किसनन्दन रायले घाइते बनेका रामवृक्षलाई नै ताकेर हानेको पनि निजले भनेका छैनन् । प्रतिवादीहरूबाट एकैचोटी फायर भएको गोली परिणामतः मृतक रामप्रसाद राय र घाइते रामवृक्षलाई लागेकोमा प्रतिवादी उदयकान्तले फायर गरेको गोली मृतक रामप्रसाद रायलाई र यी प्रतिवादी किसनन्दन रायले फायर गरेको गोली घाइते रामवृक्षलाई लागेको भनी प्रतिवादी किसनन्दन रायको मौकाको बयानमा मात्र उल्लेख हुन गएको देखिन्छ । यी तीन प्रतिवादीहरू मध्ये कसले हानेको गोली कसलाई लाग्यो भनी यकिन गर्ने कुनै आधार देखिन्न । प्रतिवादी किसनन्दन रायले आफूले फायर गरेको गोली रामवृक्ष रायलाई लागेको भन्ने निजको भनाई रहेको छ । घाइते रामवृक्षलाई एउटा गोली र केही छर्राहरू लागेको भन्ने घाउ जाँच केश फारमको व्यहोराबाट देखिन्छ । प्रतिवादी किसनन्दन रायको आफूले पनि बन्दुक फायर गरेको भन्ने व्यहोराको बयानले केश फारमको उक्त तथ्यलाई पुष्टि गर्दछ । मृतक रामप्रसाद र घाइते रामवृक्षलाई गोली हानी मार्ने सल्लाह, योजना वा तयारीमा यी प्रतिवादीसमेत कार्यगतरूपमा उत्रेका र घाइते रामवृक्षले प्रतिवादीहरूले फायर गरेको गोली लागी रामप्रसादको मृत्यु भएको र आफूसमेत सख्त घाइते भएको भनी मौकामा गरेको कागजलाई समर्थन गर्ने गरी अदालतमा समेत बकपत्र गरिदिएका छन्।

७. घाइते पीडित व्यक्तिको मौकाको र अदालतसमक्ष गरेको उक्त बकपत्रको व्यहोरालाई महत्त्वपूर्ण रूपमा लिनुपर्ने हुन्छ । प्रतिवादीको मौकाको बयानलाई उसैको पक्ष र विरूद्धमा जती महत्त्वपूर्णरूपमा हेरिन्छ मौकाको घाइते व्यक्तिको भनाईलाई पनि कसुर पुष्टि गर्न प्रमाण प्रयोजनको लागि प्रतिवादीकै विरूद्धमा प्रतिवादीको भनाई भन्दा कम महत्त्वको रूपमा लिनु हुँदैन । प्रमाण ऐन, २०३१ को दफा १०(१)(ख) मा *कुनै काम घटना वा अवस्थाका सम्बन्धमा सो काम, घटना वा अवस्थाबाट पीडित भएका व्यक्ति मौकामा वा त्यसको तत्काल अघि वा पछि व्यक्त गरेको कुरा प्रमाणमा लिन हुन्छ* भनी भएको व्यवस्थाअनुसार घटनाबाट पीडित व्यक्तिले मौकामा प्रहरीसमक्ष र अदालतमा गरेको बकपत्रको व्यहोरालाई घटना वारदातसँग जोडेर हेर्दा उक्त बकपत्रलाई प्रमाणको रूपमा अवमूल्यन गर्न मिल्दैन । तसर्थ घटनाको प्रकृति, मृतक, घाइते व्यक्ति, प्रतिवादीहरू बीचको पूर्व रिसइवी तथा घटनाबाट पीडित / घाइते व्यक्तिको बकपत्रसमेतको आधारमा प्रतिवादीलाई अभियोग दावीबमोजिम सजाय गर्ने गरेको पुनरावेदन अदालत, जनकपुरको फैसला मनासिबै देखिन आयो ।

८. अत: माथि उल्लिखित तथ्य, व्यवस्था एवं विवेचनासमेतको आधारमा प्रतिवादी कृष्ण भन्ने किसनन्दन राय यादवलाई अभियोग दाबीबमोजिम

सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको सुरू सर्लाही जिल्ला अदालतको मिति २०६८।८।१५ को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०७०।२।२८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। ज्यान मार्ने उद्योगमा सजाय गरिपाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइ दिनू।

उक्त रायमा सहमत छु।
न्या. दीपककुमार कार्की

इजलास अधिकृत : शकुन्तला कार्की
इति संवत् २०७३ साल पुस ३ गते रोज १ शुभम्।

निर्णय नं. ९८२९

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
आदेश मिति : २०७४।०१।२१
०७३-WO-०८३०

विषयः परमादेश

निवेदक : काठमाडौं जिल्ला नागार्जुन न.पा. वडा नं. २ ठूलो भर्‍याङ स्वयम्भू बस्ने अधिवक्ता अमिता गौतम पौडेल

विरूद्ध

विपक्षी : प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत

- **विकास निर्माण मानव जीवनलाई समृद्ध एवं सहज बनाउन अति आवश्यक हुन्छ तर विकास निर्माणको कार्य गर्दा मानवीय जीवनलाई नै खतरामा पार्ने गरी गर्दा त्यो सन्तुलित विकास हुन नसक्ने। वातावरणमा गम्भिररूपले असर पार्ने गरी भएको विकासले मानवको अस्तित्वमा नै खतरा उत्पन्न गर्ने भएकाले त्यस प्रकारको विकास अभिसापमा परिणत हुन पनि सक्छ। यसले मानवीय जीवनलाई सहजता तुल्याउनुको साटो झन कठिन बनाउँदै लैजान्छ। वर्तमानमा गुणस्तरीय जीवनयापन गर्न, हाम्रो भविष्यलाई बचाई राख्न र भावी पुस्ताको जीवनलाई सुरक्षित बनाउन उचित वातावरणीय स्तर कायम गराई राख्न सबैको साझा दायित्व हुन आउने।**
- **दायित्व सबैबाट परिपालना गराउन मुख्य जिम्मेवारी सरकार तथा त्यस मातहतका निकायहरूको हुने कुरा निर्विवाद छ। यो नेपाल सरकारले वातावरणसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा व्यक्त गरेको प्रतिवद्धताको एउटा पाटो पनि हो। वातावरण प्रति सजगता देखाएर विभिन्न कानूनहरूको निर्माण पनि गरिएको छ। तर कानून निर्माण गर्दैमा वातावरण संरक्षण प्रतिको राज्यको दायित्व पूरा भएको मान्न नसकिने।**

(प्रकरण नं. ७)

- **वि.सं. २०७२ साल वैशाख १२ गते गएको भूकम्प वर्तमान पुस्ताको लागि निश्चयनै एउटा नमीठो सम्झना हो। यसले पुर्‍याएको जनधनको क्षति त अझै अपूरणीय नै हो। तर प्रकृतिको उक्त विभत्सरूपले मानव**

समाजलाई एकताबद्ध भई अगाडि बढ्नु पर्ने पाठ पनि सिकाएको छ । भूकम्पबाट क्षतिग्रस्त भएका साँस्कृतिक तथा पुरातात्विक महत्त्वका प्राचीन स्मारकहरूले वर्षौ पुरानो परम्परा, प्रविधि, पारम्पारिक ज्ञानको बारेमा भावी पुस्तालाई जानकारी दिनुका साथै इतिहासलाई अध्ययन गर्न समेत उत्तिकै महत्त्वपूर्ण मानिने ।

- **सोको पुनर्निर्माण यिनीहरूको मौलिक स्वरूपमै सोही प्रविधिबाट हुँदा मात्र यसको महत्त्व रहिरहन्छ । त्यस्ता महत्त्वपूर्ण स्मारकहरूको पुनर्निर्माणमा राज्यका सबै सरोकारवाला निकाय एकताबद्ध भई लाग्नु पर्नेमा एकले अर्का माथि जिम्मेवारी पन्छाउने प्रवृत्ति सुखद रहेको मान्न नमिल्ने ।**

(प्रकरण नं. ११)

निवेदकको तर्फबाट : विद्वान् अधिवक्ताहरू किर्तिनाथ शर्मा पौडेल र अमिता गौतम पौडेल

विपक्षीको तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्यामकुमार भट्टराई, विद्वान् अधिवक्ताहरू रामप्रसाद भण्डारी, प्रभु कृष्ण कोइराला, बच्चु सिंह खड्का र विष्णुराज सुवेदी

अवलम्बित नजिर :

सम्बद्ध कानून :

आदेश

न्या. ओमप्रकाश मिश्र : नेपालको संविधानको धारा ४६ र १३३(२) बमोजिम दर्ता भई निर्णयार्थ पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र ठहर यसप्रकार रहेको छः-

वि.सं. २०७२ वैशाख १२ गते गएको महाभूकम्पका कारण भत्किएका विश्व सम्पदा सूचीमा सूचीकृत राष्ट्रिय सम्पदाहरूको पनि पुनर्निर्माण हुन नसकेको कुरा जग जाहेरै छ । जसका कारण नेपालको पर्यटन व्यवसायमा ह्रास ल्याएको, राष्ट्रको गौरवको विषयवस्तुमा नै आँच पुर्‍याएको, ऐतिहासिक महत्त्वको गौरव बोकेको यस्ता विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदाहरू (बसन्तपुर दरवार स्क्वायर, रानी पोखरी, धरहरा) लगायतका सम्पदाहरूको समयमै पुनर्निर्माणहुन सकेको छैन । यसबाट नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय महासन्धि Convention Concerning to the protection of World Cultural and Natural Heritage १९७२, (जसलाई नेपालले समेत अनुमोदन गरिसकेको छ, जसअनुसार नेपालको लागि यो महासन्धि वि.सं. २०३५ साल असोज ४ गते देखि लागू गरिएको थियो) ले पक्ष राष्ट्रहरूलाई तोकेको दायित्वसमेत पूरा हुन सकेको छैन । यस महासन्धिले सम्बन्धित पक्ष राष्ट्रहरूका लागि धारा ४ मा पक्ष राष्ट्रसँग सम्बन्धित साँस्कृतिक तथा प्राकृतिक सम्पदाहरूको Identification, Protection, Conservation र भावी पुस्तामा हस्तान्तरण गर्नुपर्ने राज्य पक्षको दायित्व तोकी दिएको छ ।

विश्व सम्पदा सूचीमा सुचिकृत सम्पदाहरूको विपक्षीद्वारा समयमै पुनर्निर्माण नगरिनुले उल्लिखित महासन्धिले तोकिदिएको पक्षराष्ट्रहरूको दायित्वको उल्लङ्घन हुन गएको छ । यस्ता राष्ट्रिय सम्पदाहरू वर्तमान पुस्ताका लागि मात्र महत्त्वको विषय नभएर भावी पुस्ताका लागिसमेत उत्तिनै महत्त्व राख्दछन् । यस्ता सम्पदाहरू भोलिका पुस्ताका लागि जगेर्ना गर्नका लागि यस्ता सम्पदाहरूको संरक्षण, सम्वर्द्धनका, मर्मत सम्भार तथा पुनर्निर्माण राज्यको दायित्वअन्तर्गत पर्न आउने हुँदा यसलाई बेवास्ता गर्नु राज्यको कमजोरी हो । भूकम्प पश्चात भत्किएका संरचनाहरूको पुनर्निर्माणका लागि जिम्मेवारी पाएको विपक्षी राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले समेत कुनै भूमिका निर्वाह गरेको देखिएको छैन । उल्लिखित महासन्धिलाई

नेपालले अनुमोदन गरिसकेको अवस्थामा त्यस्ता महासन्धिको बाध्यात्मकरूपले पालना गर्नु नेपाल सन्धि ऐन, २०४७ को दफा ९(१) ले नेपालको दायित्व हुन आउँछ । नेपालको वर्तमान संविधानको धारा ३२(३) ले नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई साँस्कृतिक सभ्यता र सम्पदाको सम्वर्द्धनका र संरक्षण गर्ने हक हुनेछ भनिएकोमा ऐतिहासिक महत्त्व बोकेका सम्पदाहरूको संरक्षण तथा जगेर्ना गर्नका लागि समयमै पुनर्निर्माण गरिनुपर्नेमा राज्यपक्षबाट भूकम्प पछिको लामो समय अन्तराल पश्चात पनि त्यसतर्फ ध्यानाकर्षण नभई भग्नावशेष मै सिमित रहँदा त्यसले प्रत्यक्ष असर पुर्‍याएको र वातावरणीय महत्त्वको दृष्टिकोणले पनि यस्ता राष्ट्रिय सम्पदाहरूको संरक्षण र सम्बर्द्धन गर्न विपक्षीद्वारा कुनै ठोस कदम चाल्न सकेको देखिँदैन ।

वातावरण संरक्षण ऐन, २०५३ को दफा ७(१) अनुसार कसैले पनि वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी वा जनजीवन र जनस्वास्थ्यका लागि खतरा हुनसक्ने किसिमले प्रदूषण सृजना गर्न वा तोकिएको मापदण्डविपरीत कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान वा अन्य ठाउँबाट ध्वनी, ताप, रेडियोधर्मी विकिरण तथा फोहोरमैला निष्काशन गर्न गराउन हुँदैन भनी व्यवस्था गरिएको छ । तर उपयुक्त अनुगमन अभाव तथा अन्तर सरकारी निकायबीचको समन्वयको अभावका कारण उक्त ऐनमा गरिएको व्यवस्था प्रभावकारी तथा फलदायी हुन नसक्नुका कारण मानव स्वास्थ्यमा प्रतिकूल असर पर्न गई मलगायतका नागरिकको वर्तमान संविधानको धारा ३०(१) अन्तर्गत सफा तथा स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हक कुण्ठित हुन गएको छ । विपक्षीले दैनिक सडक सरसफाईमा विशेष ध्यान नपुर्‍याउँदा सडक किनारामा यत्रतत्र फोहोर तथा बाटो हिड्ने बटुवाद्वारा जथाभावी विचारै नगरी फलिएका सुर्तिजन्य पदार्थ गुट्काका कभर तथा अन्य प्याकिङ्ग गरिएका खानेकुरा जस्तै चाउचाउ, चिप्स, चक्लेटका कभरहरू, बिस्कुटका खोस्टाहरू, मिनेरल वाटरका बोतलहरू तथा फलफुलका बोक्राहरू उपभोग गरिसकेपश्चात सडकमै जथाभावी फ्याँकिएको देखिन्छ । सडकमा पनि ठाउँ ठाउँमा त्यस्ता जैविक तथा अजैविक फोहोरका लागि Waste Box हरूको व्यवस्था नगरिनुका कारण बटुवाद्वारा सडकमै जथाभावी फालिएका फोहोरहरू तथा प्लाष्टिकजन्य फोहोरहरू नसड्ने नगल्ने प्रकृतिका भएका कारण यथास्थितिमै सडकमै रहिरहनु यसका अतिरिक्त सडकबाट सफा नगरिनु, नउठाइनु तथा यसको रोकथाम तथा नियन्त्रणका लागि सम्बन्धित निकायद्वारा अनुगमन नगरिनुले भविष्यमा यसले अझै विकराल रूप लिन सक्ने अवस्था विद्यमान छ । जसका कारण महानगरको सौन्दर्यतामा नै ह्रास आउनुका साथै महानगरप्रतिको पर्यटकीय दृष्टिकोणमा समेत नकारात्मकता सृजना गरेको छ । फोहोर मैला व्यवस्था ऐन, २०६८ को दफा ३८(ञ) अनुसार स्थानीय निकायले तोकिएको ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकूल असर पार्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनै पनि किसिमको हानिकारक फोहोरमैला राख्ने, फाल्ने, थुपार्ने वा निष्काशन गर्नेलाई उक्त ऐनको दफा ३९(७) अन्तर्गत सजायको व्यवस्था गरिए तापनि प्रभावकारी कार्यान्वयन तथा सम्बन्धित निकायको अनुगमनको अभावमा सडकमा फोहोर फ्याँकिने क्रमको अन्त्य नभएको र सडकमा यत्रतत्र फालिएका फोहोरहरू विपक्षी निकायद्वारा नउठाइनुले जटिल समस्याको रूप लिन सक्ने अवस्था विद्यमान छ । वर्तमान संविधान भाग ३ अन्तर्गत मौलिक हक तथा कर्तव्यलाई समेत जोडी मौलिक हक तथा कर्तव्य भनी तोकिदिएको अवस्थामा वातावरणका सम्बन्धमा जनचेतनाका कार्यक्रमहरू सञ्चालन गरी सभ्य जनशक्ति निर्माण गर्नु राज्यका सम्बन्धित निकायहरूको दायित्वअन्तर्गत पर्न आउनेमा उक्त कार्यक्रमहरू सञ्चालन गरेको पाइएको छैन । भूकम्पपश्चात लामो समय बितिसक्दा पनि विश्व सम्पदा सूचीमा सुचिकृत

राष्ट्रिय सम्पदाहरूको पुर्ननिमार्ण नगरेको परिप्रेक्ष्यमा उक्त सम्पदाहरूको मौलिक स्वरूपमा नै पुनर्निर्माण गर्नका लागि विपक्षीद्वारा ठोस कदम नचालिएकोले संविधान तथा कानूनी व्यवस्थाको स्पष्ट उल्लङ्घन हुन गएको छ।

यस रिट निवेदनका विपक्षीहरूद्वारा नेपालको संविधानको धारा ३२(३), धारा ३०(१)(२)(३) तथा प्रचलित नेपाल कानूनहरू प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा २(क), ३(ख), ३(घ), वातावरण संरक्षण ऐन, २०५३ को दफा २(ट), दफा ७(१), फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३८(ञ), दफा ३९(७), सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २३(१)(२), २४(१)(२)(३), दफा १७, नेपाल राजपत्र मिति २०६९।४।२९ खण्ड ६२, संख्या १९ भाग ५, नेपाल राजपत्र मिति २०६९।६।२९, भाग ३, खण्ड ६२ संख्या २९, उल्लिखित कानूनहरूको समेत प्रतिकूल हुने गरी विपक्षीहरू द्वारा माथि प्रकरण प्रकरणमा उल्लेख भएबमोजिमका दायित्वहरू निर्वाह नगरेबाट नेपालको संविधानको धारा ३०(१) ले प्रदान गरेको सफा तथा स्वस्थ वातावरणमा बाँच्न पाउने मलगायतका अन्य नागरिकको मौलिक हकसमेतको संवैधानिक हक तथा अन्य कानूनी अधिकारसमेतबाट वञ्चित हुनुपर्ने अवस्था सृजना भएको छ।

तसर्थ कार्यपालिकाअन्तर्गतका अन्तर-सरकारी निकायहरू बीच समन्वय गराई आवश्यकीय ठोस कार्य योजना एवं ठोस नीति ल्याई कानून निर्माणका लागि व्यवस्थापिका संसद्मा पेस गर्नु तथा सम्बन्धित कानूनहरूको यथासक्य कार्यान्वयनमा सशक्त जोड दिनुका साथै विश्व सम्पदा सूचीमा सूचीकृत राष्ट्रिय सम्पदाहरूलाई प्राथमकितामा राखी यथाशक्य चाँडो मौलिक स्वरूपमा आँच नपुग्ने गरी निर्माण गर्नु गराउनु, सरकारद्वारा सभ्य समाज निर्माणका लागि वातावरण संरक्षण सम्बन्धमा जनचेतनामूलक कार्यक्रमसमेत ल्याउनुका साथै काठमाडौं महानगरको गरिमा कायम गर्नु गराउनका लागि उल्लिखित विपक्षीहरूले सम्बन्धित विज्ञहरूसँग परामर्श गरी सोबमोजिम वातावरण र विकासबीच सन्तुलन कायम गर्नका लागि आवश्यक कानून निर्माणका लागि उल्लिखित विपक्षीहरू बीच समन्वय गरी आवश्यकीय कानून निर्माण गर्नु गराउनु, अत्याधिक धुँवा उत्सर्जित गर्ने सवारी साधन तथा २० वर्ष पुराना सवारी साधन काठमाडौं उपत्यकाबाट नै हटाउनु, दैनिक सडक सरसफाई गर्नु गराउनुका साथै प्रत्येक सडकमा बटुवाद्वारा फ्याँकिने फोहोर नियन्त्रणका लागि सडकका प्रत्येक ठाउँ ठाउँमा Waste Box हरू राख्नु तथा सडकमा फोहोर निष्काशन गर्न तथा जथाभावी फ्याक्न नदिनका लागि कडाईका साथ अनुगमन गर्नु गराउनु तथा विपक्षीहरूको उल्लिखित क्रियाकलापद्वारा धुलोका स-साना कण हावामा मिसिन गई हुन गएको वायु प्रदूषणका कारण मलगायतका नागरिकको संविधान प्रदत्त मौलिक हकअन्तर्गत धारा ३०(१)(२)(३) बमोजिम सफा तथा स्वस्थ वातावरणमा बाँच्न पाउने अधिकारको संरक्षण गर्न गराउनका लागि नेपालको संविधानको धारा ४६, १३३(२)(३) बमोजिम विपक्षीहरूका नाउँमा परमादेशलगायत जो चाहिने उपयुक्त आज्ञा वा आदेश जारी गरिपाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन।

यसमा निवेदकको मागबमोजिमको आदेश जारी हुनु नपर्ने आधार र कारण भए सोसमेत साथै राखी लिखित जवाफ पेस गर्नु। निवेदकले अन्तरिम आदेश जारी गरिपाउँ भनी निवेदन माग गरेको सन्दर्भमा हेर्दा निवेदकले मानव स्वास्थ्यलाई प्रतिकूल असर पार्ने वातावरणीय प्रदूषणसम्बन्धी प्रश्न उठाई रिट निवेदन गरेको देखियो। मानव स्वास्थ्य र प्रतिष्ठापूर्ण जीवनका लागि वातावरण प्रदूषण नियन्त्रण गरी स्वच्छ र स्वस्थ वातावरण कामय गर्नु वाञ्छनीय देखिन्छ। अन्यथा मानव स्वास्थ्यमा अपूरणीय क्षति पुग्ने हुन्छ। तसर्थ विकास निर्माणको कार्य गर्दा गराउँदा वातावरण संरक्षण

तर्फ प्राथमिकता दिई अन्तर-सरकारी निकायहरूको कार्य सञ्चालनका बीच वाञ्छित समन्वय कायम गरी विकास निर्माणको कार्य गर्नु गराउनु, फोहोरमैला व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउनु, अत्याधिक धुवा उत्सर्जन गर्ने ज्यादै पुराना सवारी साधनमा रोक लगाउनेलगायतको वातावरण संरक्षणका प्रभावकारी उपायहरू कार्यान्वयनमा ल्याउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ बमोजिम विपक्षीहरूको नाममा अन्तरिम आदेश जारी गरिदिएको छ भनी मिति २०७३।११।६ मा यस अदालतबाट भएको आदेश।

यस सचिवालय तथा व्यवस्थापिका संसद, वातावरण संरक्षण समितिको के कुन काम कारवाहीबाट सर्वसाधारण नागरिक एवं निवेदकसमेतको मौलिक हकमा आघात पुगेको हो भन्ने कुरा निवेदकले रिट निवेदनमा स्पष्टरूपमा खुलाउन सकेको छैन। रिट निवेदकले विशुद्धरूपमा कार्यपालिकाअन्तर्गतका निकायहरूले कानूनबमोजिम कार्यान्वयन गर्नुपर्ने काम कारवाहीहरूको सन्दर्भमा व्यवस्थापिका संसद्अन्तर्गतको विशुद्ध प्रशासनिक कार्य गर्ने सचिवालयलाई र सरकारले गरेका काम कारवाहीका सन्दर्भमा आवश्यक निर्देशन दिन सक्ने वातावरण संरक्षण समितिलाई सरकारको कर्तव्य र दायित्वभित्र पर्ने कामका सम्बन्धमा विपक्षी बनाइएको छ। यसर्थ, यस सचिवालय तथा वातावरण संरक्षण समितिको कुनै कामकारवाहीले रिट निवेदन तथा सर्वसाधारण नागरिकको संविधान प्रदत्त मौलिक हक एवं कानूनी हकमा कुनै प्रकारको आघात नपुर्‍याइएको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको व्यवस्थापिका संसद, वातावरण संरक्षण समिति र व्यवस्थापिका संसद् सचिवालयको संयुक्त लिखित जवाफ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट यस वर्ष १३२ वटा पुरातात्त्विक सम्पदाहरूको संरक्षण र पुनर्निर्माण कार्यका कार्यक्रम स्वीकृति दिइएको छ भने गत वर्ष ३६ वटा बहुवर्षीय कार्यक्रमहरू स्वीकृत भएका मध्ये ३६ वटा पुरातात्त्विक सम्पदाहरूको संरक्षण र पुनर्निर्माण कामको लागि खरिद प्रक्रियामा रहेको र यस वर्ष २० वटा पुरातात्त्विक सम्पदाहरूको संरक्षण र पुनर्निर्माण कार्यको लागि बहुवर्षीय कार्यक्रमहरू माग भई आएकोमा माग भएका कार्यक्रमहरूको बजेट व्यवस्था गरी स्वीकृति दिने प्रक्रियामा रहेको हुँदा पुरातात्त्विक सम्पदाहरूको संरक्षण र पुनर्निर्माणमा बेखबर रहेको भन्न मिल्दैन। बजेट अख्तियारी पाएका पुरातात्त्विक महत्त्वका ऐतिहासिक सम्पदाहरूको पुनर्निर्माणको काममध्ये ५१ वटाको बोलपत्र सूचना प्रकाशन भइसकेको र ती मध्ये २८ वटा कामको बोलपत्र मूल्याङ्कनको क्रममा रहेको छ भने १९ वटा पुरातात्त्विक सम्पदाहरूको संरक्षण र पुनर्निर्माण कार्यका लागि आशय पत्र माग गर्ने कार्य भएको छ। साथै पुरातात्त्विक महत्त्वका सम्पदा र सो सम्पदाहरूको आसपासमा रहेका बस्तीहरू पुनर्निर्माणमा अपनाउनु पर्ने मापदण्ड तयार गर्ने काम पनि भएकोले सम्पदा संरक्षणमा काम नभएको भन्ने दाबीमा सत्यता छैन।

पुरातात्त्विक सम्पदाहरूको संरक्षण र पुनर्निर्माण कार्यका लागि भइरहेका कामहरूको बारेमा यथार्थ नबुझी रिट निवेदन दायर भएको पुनर्निर्माणका काममा वातावरणीय पक्षलाई महत्त्व नदिइएको भन्ने रिट निवेदकको भनाई आधारहीन रहेको छ। पुनर्निर्माणसम्बन्धी सबै काममा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नका लागि भूकम्पबाट प्रभावित संरचनाको पुनर्निमार्णको लागि वातावरणीय प्रभाव मूल्याङ्कन कार्यविधि, २०७२ समेत लागू भइसकेकोले अनिवार्यरूपमा उक्त कार्यविधिअनुसार पुनर्निर्माणको काम गर्नुपर्ने हुँदा निवेदकको माग दाबीअनुसार रिट जारी हुनुपर्ने अवस्था छैन, रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको लिखित जवाफ।

यस समितिमार्फत कार्यान्वयन हुने परियोजनाअन्तर्गत सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गा.वि.स. स्थित रीबर्मा भन्ने स्थानबाट साबिकदेखि नै बगिरहेको मेलम्ची नदीको पानीलाई इन्टेक, डिसल्टिङ वेशिनलगायतका संरचनासहितको सुरुङ मार्गमार्फत पथान्तरण गरी उक्त स्थानबाट काठमाडौं जिल्लाको सुन्दरीजलसम्म पानी ल्याउने र सुन्दरीजलमा पानी प्रशोधन केन्द्र निर्माण एवं प्रशोधन गर्ने तथा काठमाडौं उपत्यका खानेपानी सेवा व्यवस्थापनका लागि आवश्यक पानी पोखरी, वितरण प्रणाली तथा फोहोर पानी व्यवस्थापनसम्बन्धी आवश्यक संरचना निर्माण कार्यको लागि जिम्मेवार निकाय काठमाडौं उपत्यका खानेपानी लिमिटेडको सञ्चालक समितिअन्तर्गत रहेको आयोजना कार्यान्वयन निर्देशनालय, अनामनगर, काठमाडौंद्वारा विच्छ्याइएको मुख्य वितरण पाइपलाइनमा पानी छोड्ने पठाउने कार्यसम्म मात्र सीमित रहेको छ । प्रशोधित पानीलाई थोक वितरण प्रणालीमार्फत विभिन्न थोक वितरण केन्द्र र ग्राहकवर्गको घर, कार्यालयलगायतका स्थानसम्म पानी वितरण तथा व्यवस्थापन गर्ने कार्य यस मेलम्ची खानेपानी विकास समितिअन्तर्गत नभएर काठमाडौं उपत्यका खानेपानी लिमिटेडको सञ्चालक समितिअन्तर्गत रहेको आयोजना कार्यान्वयन निर्देशनालय, अनामनगर, काठमाडौंअन्तर्गत पर्ने भएकाले पानी वितरणको निमित्त गर्नुपर्ने आवश्यक पाइप लाइन विच्छ्याउने, सोको निमित्त जमिन खन्ने, जमिन खनी निस्किएको माटो व्यवस्थापनका कार्य तथा उक्त कार्यबाट वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव न्यूनिकरण गर्नेलगायतका दायित्व यस मेलम्ची खानेपानी विकास समितिअन्तर्गत रहेको छैन । रिट निवेदकले उठाउनु भएको वातावरण प्रदूषण हुने अवस्थाप्रति यस मे.खा.वि.स. को कार्यक्षेत्र र सम्पादन भएको र सम्पादन हुने कार्यसमेतले कुनै असर नपार्ने र असर नगरेकोसमेत कारण आफ्नो संस्थागत दायित्व पूर्णरूपले पालना गरिरहेकोले उक्त रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको मेलम्ची खानेपानी विकास समितिको लिखित जवाफ ।

यस मन्त्रालयको के कस्तो काम कारवाहीबाट निवेदकको के कस्तो हक अधिकारको हनन् भएको हो, त्यसको स्पष्ट जिकिर नलिई बिना आधार र कारण असम्बन्धित निकाय यस मन्त्रालयलाई प्रत्यर्थी बनाई नेपालको संविधानको धारा ४७ मा संविधानको भाग ३ द्वारा प्रदत्त मौलिक हकहरूको कार्यान्वयनको लागि आवश्यकताअनुसार राज्यले संविधान प्रारम्भ भएको तीन वर्षभित्र आवश्यक कानूनी व्यवस्था गर्नेछ भन्ने संवैधानिक व्यवस्था रहेकोले संविधानले तोकेको समय सीमाभित्र मौलिक हक कार्यान्वयन गर्नको लागि नेपाल सरकारले आवश्यक कानून निर्माण गर्ने नै भएकोले सो समय सीमा बाँकी रहेको अवस्थामा संविधानबमोजिम कानून निर्माण गर्नुपर्ने भनी दिइएको रिट निवेदन निर्थक छ भन्नेसमेत व्यहोराको कानून न्याय तथा संसदीय मामिला मन्त्रालयको लिखित जवाफ ।

यस प्राधिकरणले काठमाडौं उपत्यका विकास प्राधिकरण ऐन, २०४५ बमोजिम कार्य गर्ने निकाय भएकोले नेपाल सरकारको नीति निर्देशनबमोजिम कार्य गरी आएको र तत्कालीन काठमाडौं उपत्यका नगर विकास समितिले काठमाडौं उपत्यकामा अव्यवस्थित वस्ती बढ्दै गएको र पर्याप्त सडकका अभावमा भविष्यमा विभिन्न किसिमका कठिनाई आउन सक्ने सम्भावनादेखि मिति २०४५।७।२९ र २०४६।५।१२ मा काठमाडौं, ललितपुर, भक्तपुरका विभिन्न स्थानमा सडकको चौडाई निर्धारण गरेको थियो । सोही निर्णय कार्यान्वयन गर्न तत्काल कायम गरिएका सहरी सडक, राजमार्ग, जिल्ला मार्ग, सहायक मार्गका सडकका जग्गा अतिक्रमण गरी बनाइएका संरचना हटाउने कार्य गरी आएकोले यस प्राधिकरणले सडकमा परेका भौतिक संरचना हटाई दिएपश्चात ६ मिटरसम्मको चौडाइको सडक सम्बन्धित नगरपालिकाले ढल, पानी,

पाइपलगायत आधारभुत संरचना निर्माण गरी पिच गर्ने गर्दछ । ८ मीटर भन्दा बढी फराकिलो चौडाइ भएको सडक, सडक विभागबाट पिच कालोपत्रेलगायतका कार्य गर्ने हुँदा समयमा कालोपत्रे गर्ने कार्य उपरोक्त निकायबाट हुने हो भने निवेदकले उठाउनु भएको समस्या तत्काल समाधान हुन्थ्यो। तर केही व्यक्तिहरूले सर्वोच्च अदालतमा एवं मातहतका अदालतमा रिट निवेदन दायर गरी सम्मानित अदालतहरूबाट भएका अन्तरिम आदेशबाट केहि स्थानमा सडक कालोपत्रे गर्नेलगायतका कार्यहरू रोकिन गई सो स्थानमा पानी परे हिलो र घाम लागे धुलोको सामना गरी रहनु परेको छ । अर्कोतर्फ बडा मुस्किलबाट विवाद सल्टाएर सडक कालोपत्रे गरिन्छ तत्पश्चात् लगतै, खाने पानीका पाइप, ढल बीच्छ्याउने भनी सडक खनी कुरूप पार्ने कार्यले पनि प्रदूषणको समस्या उत्पन्न भएको छ । यस प्राधिकरणबाट सडक विस्तार गरी सुविधा पुर्‍याई आएको र विस्तार भएका अधिकांश सडक कालोपत्रेसमेत भइसकेको हुँदा यस प्राधिकरणबाट काठमाडौंको वातावरण प्रदूषण नगराएको र निवेदकले आफ्नो निवेदनमा यस प्राधिकरणले के कति वातावरण प्रदूषण गर्ने कार्य गर्‍यो स्पष्ट नगरी केवल पिच भइसकेको सडक फराकिलो पार्ने भन्ने अपजस लगाई दिएको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेतको व्यहोराको काठमाडौं उपत्यका विकास प्राधिकरणको लिखित जवाफ।

यस मन्त्रालय तथा मातहतका निकायबाट सञ्चालित योजनाबाट प्राचीन स्मारक तथा ऐतिहासिक महत्त्वका सम्पदालाई क्षति पुर्‍याउने कार्य भएको छैन, खानेपानीको पाइपलाइन विस्तार गर्दा विश्व सम्पदा सूचीमा सूचीकृत सम्पदाहरूको विनास हुने गरी कुनै कार्य गर्ने गरिएको छैन। त्यस्ता स्थानमा खानेपानीका पाइपलाइनसम्बन्धी कार्य गर्दा ऐतिहासिक तथा साँस्कृतिक सम्पदाको संरक्षण गर्ने निकायसँग समन्वय गरी सो कार्य गर्ने गरिएको छ । रिट निवेदकले गरेका काठमाडौं उपत्यकामा अत्याधिक प्रदूषण भयो भन्ने विषय मेलम्ची खानेपानी आयोजनाको लागि पाइपलाइन विस्तार हुनुभन्दा अगाडिदेखि नै उठान भएका थिए। हाल खानेपानीका लागि विस्तार भएका पाइपलाइन लागि खनिएका सडकहरू सानो आकारमा रहेका छन् । पाइपलाइन विच्छ्याउन साथ त्यसलाई तुरून्तै पुरी वातावरण सुरक्षा प्रणाली अवलम्बन गरिएको छ । काठमाडौं उपत्यकामा खानेपानी सुधार गर्न मेलम्ची खानेपानी उपआयोजना २ (आयोजना कार्यान्वयन निर्देशनालय) बाट सोसम्बन्धी कार्य भएको पाइपलाइन विच्छ्याउँदा खनिएका सडकहरू पुनः स्थापना गर्न तथा कालोपत्रे गर्ने कार्य सडक विभागबाट हुने त्यसको लागि आवश्यक बजेटसमेत खानेपानी मन्त्रालयले सडक विभागलाई अख्तियारी दिने गरी मिति २०७३।३।६ मा सडक विभाग र आयोजना कार्यान्वयन निर्देशनालय बीच "सडकहरूमा खानेपानी पाइपलाइन विच्छ्याइए पश्चात सडक पुनः स्थापना गर्ने" सम्बन्धी सम्झौता / सहमति पत्रमा हस्ताक्षर सम्पन्न भएको छ । सोहीबमोजिम पाइपलाइन विच्छ्याउन खनिएका सडकहरू पुनःस्थापना / कालोपत्र गर्न सडक विभाग, आयोजना कार्यान्वयन निर्देशनालयबाट ठेक्का आह्वान भई निर्माण व्यवसायीसँग सम्झौता भई खनिएका सडक तथा अन्य स्थानमा कालोपत्रे तथा पुनस्थापना कार्य प्रारम्भ भइसकेको छ । आगामी दुई महिनाभित्र उक्त कार्य सम्पन्ध भई पाइपलाइन विच्छ्याउदा खनिएका सडकहरूबाट धुलो उड्ने कार्य बन्द हुने हुँदा यस मन्त्रालयलाई विपक्षी बनाई रहन नपर्ने हुँदा रिट निवेदन खारेज भागी र खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको खानेपानी तथा सरसफाई मन्त्रालयको लिखित जवाफ।

विश्व सम्पदा सूचीमा रहने सम्पदाको निर्धारण गर्ने तथा तिनीहरूको मर्मत सम्भार एवं संरक्षण गर्ने कार्य नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७२ अनुसार यस मन्त्रालयको कार्यक्षेत्र भित्र नपर्ने

भएकोले यस विषयमा मन्त्रालयलाई विपक्षी बनाई रहनु पर्ने होइन । स्वच्छ बाँच्न पाउने हकको सुनिश्चितताको लागि वातावरण संरक्षण नियमावली, २०५४ बमोजिम मन्त्रालयको बायुको गुणस्तरसम्बन्धी राष्ट्रिय मापदण्ड, २०६० तोकी लागू गराउँदै आएको छ । नेपालमा आयात गर्ने सवारी साधनको मापदण्ड, २०६९ यस मन्त्रालयबाट तोकिएको छ । नेपालभित्र आयात भइसकेपछि सञ्चालनमा आएका सवारी साधनको धुँवा धुलोको मापदण्ड प्रचलित कानूनअनुसार सम्बन्धित मन्त्रालयबाट तोकिने हुँदा बढी प्रदूषण गर्ने र २० वर्षे गाडी विस्थापन गर्ने कार्यमा यस मन्त्रालयको कुनै भूमिका हुँदैन । काठमाडौं उपत्यकाभित्र सञ्चालनमा रहेका २० वर्षे पुराना सवारी साधनको व्यवस्थापनको सम्बन्धमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट मिति २०७१।११।१८ को नेपाल राजपत्रमा सूचना प्रकाशित भई मिति २०७३।११।१८ बाट त्यस्ता सवारी साधनलाई उपत्यकामा सञ्चालन गर्न रोक लगाइएको छ । निवेदकले रिट निवेदनमा उठाएबमोजिम उपत्यकाका सडकमा जथाभावी फालिएका फोहर तथा प्लाष्टिकजन्य फोहर सफा गर्ने र नियन्त्रण गर्ने विषय यस मन्त्रालयको कार्यक्षेत्रभित्र नपर्ने र फोहरको उचित व्यवस्थापनको लागि यस मन्त्रालयले सम्बन्धित निकायलाई अनुरोध गर्दै आएको छ । काठमाडौं उपत्यकामा बढ्दै गएको धुलो र धुवाँको कारणले वाय प्रदूषण अत्याधिक मात्रामा बढ्दै गएको सन्दर्भमा राष्ट्रिय योजना आयोगको मिति २०७३।१०।५ को निर्णयानुसार वातावरण विभागका महानिर्देशकको संयोजकत्वमा एक कार्यदलको गठन भएकोमा उक्त कार्यदलले यस विषयमा व्यापक छलफल गरी काठमाडौं उपत्यकाको वायु प्रदूषण नियन्त्रण कार्ययोजना पेस गरी सकेको छ । त्यसैगरी काठमाडौं उपत्यकाको वायु प्रदूषणमा प्रमुख भूमिका खेल्ने सवारी साधनले फ्याक्ने धुवाँ रहेको र यस धुवाँलाई कम गर्न तथा हाल प्रचलनमा ल्याइएका हरियो स्टिकर प्रणाली प्रभावकारी नभएको सन्दर्भमा प्राविधिक र कानूनी जटिलता पहिचान गरी प्रतिवेदन पेस गर्न राष्ट्रिय योजना आयोगको मिति २०७३।१०।२६ को पत्रानुसार विभागका महानिर्देशकको संयोजकत्वमा गठित समितिले सुझावहरू पेस गरेकोले उक्त सुझावहरूलाई कार्यान्वयन गरी उपत्यकाको प्रदूषण नियन्त्रणको लागि यस मन्त्रालय र अन्तर्गतका निकायहरूबाट आवश्यक कार्य गरिने नै हुँदा मागबमोजिम आदेश जारी हुनुपर्ने होइन रिट खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको जनसंख्या तथा वातावरण मन्त्रालयको लिखित जवाफ ।

फोहरमैला व्यवस्थापन ऐन, २०६८ तथा फोहोरमैला व्यवस्थापन नियमावली, २०७० बमोजिम फोहरमैलाको प्रबन्ध गर्ने जिम्मेवारी स्थानीय निकायलाई तोकिएको, स्थानीय विकास कार्यक्रमबीच समन्वय गर्ने तथा स्थानीय निकायहरूबीच समन्वय र सम्पर्कसम्बन्धी कार्य गर्ने जिम्मेवारी यस मन्त्रालयमा रहेको छ । यस मन्त्रालयबाट स्थानीय विकास तथा वातावरण र फोहरमैला व्यवस्थापनसम्बन्धी नीति निर्माणका कार्य गरिने र ती नीतिहरूको कार्यान्वयन मन्त्रालय आफैँले नगरी स्थानीय निकायमार्फत हुन्छ । नेपाल सरकारबाट जारी भएका कानून तथा नीति कार्यान्वयनका लागि मन्त्रालयबाट स्थानीय निकायहरूलाई सहजीकरण गरिएको साथै कार्यान्वयन गर्न समय समयमा निर्देशन दिने कार्य गर्ने गरेको हुनाले यस मन्त्रालयलाई विपक्षी बनाई दर्ता गरेको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको लिखित जवाफ ।

स्वच्छ खानेपानी तथा सरसफाईको हकलाई मौलिक हकको रूपमा स्थापित गर्न यस विभाग तथा मातहत निकायबाट खानेपानी आयोजना सञ्चालन गर्दा वातावरण सन्तुलनमा ध्यान दिने गरेको, उपत्यकाको रिङ्ग रोडभित्र कुनै पनि आयोजना निर्माणाधीन नरहेको, बाहिर अर्ध शहरी, ग्रामीण क्षेत्रहरूमा यस

विभाग मातहतको कार्यालयद्वारा खानेपानी तथा सरसफाई आयोजना निर्माण गर्दा वातावरण संरक्षण ऐन, २०५३ ले गरेको व्यवस्थाबमोजिम गर्ने गरिएको छ । प्रतिकूल वातावरणीय प्रभाव कम गर्न अवलम्बन गर्नुपर्ने विभिन्न उपायहरूसहित वातावरणीय व्यवस्थापन योजना तयार गरी लागू गर्ने गरिएको छ । यस सम्बन्धमा कुनै जन गुनासोसमेत नरहेको अवस्था छ भन्नेसमेत व्यहोराको खानेपानी तथा ढल निकास विभागको लिखित जवाफ ।

यस बोर्डलाई विपक्षी बनाउनु पर्नाको सारभुत आधार र कारण रिट निवेदनमा उल्लेख गरेको पाइएन । साथै, मानव स्वास्थ्यलाई प्रतिकूल असर पार्ने वातावरणीय प्रदूषणसम्बन्धी कुनै पनि कार्य यस बोर्डबाट नभएको हुँदा नेपाल पर्यटन बोर्डलाई विपक्षी बनाउनु पर्ने कुनै औचित्य नभएकाले रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको नेपाल पर्यटन बोर्डको लिखित जवाफ ।

तत्काल काठमाडौं उपत्यका विश्व सम्पदा स्थललाई खतराको सूचीमा समावेश नगरिएको र नेपाल सरकारले उपलब्ध स्रोत साधन र जनशक्तिबाट शीघ्राधिशीघ्र संरक्षण पुनः निर्माण गर्ने अठोट गरेअनुसार स्वदेशी एवं विदेशी विशेषज्ञहरूको राय सुझाव र प्रतिवेदनको आधारमा नेपाली जनशक्तिहरूको उपयोग गरी चरणबद्धरूपमा विश्व सम्पदा स्थल र अन्य स्मारकहरूको पुनः निर्माण, संरक्षण गर्ने कार्य भइरहेको छ । क्षतिग्रस्त सम्पदाहरूमा परम्परागत निर्माण सामग्रीहरूको प्रयोग गरी मौलिकता, आधिकारिता, अखण्डता, प्रामाणिकता जस्ता विषयहरूलाई जोगाई मजबुतीकरण गर्नुपर्ने बाध्यात्मक परिस्थितामा त्यस्ता निर्माण सामग्रीहरू उपलब्धता, गुणस्तर, परम्परागत प्रविधि वा सीप भएको जनशक्तिहरूको उपलब्धता जस्ता जटिल विषयहरूले गर्दा भनेबमोजिमको गतिमा कार्य हुन सकेको छैन । त्यसो भन्दैमा संरक्षण पुनः निर्माण गर्ने कार्यमा राज्य मौन बसेको भनी भन्न उपयुक्त नहोला । त्यसको लागि स्वदेशमा उपलब्ध विशेषज्ञ जनशक्ति, स्रोत साधनको बढी से बढी उपयोग गरी आवश्यक ड्रईङ्ग डिजाइन तयार गरिएको छ । ऐतिहासिक, पुरातात्त्विक, धार्मिक एवं साँस्कृतिक महत्त्वका स्मारकहरूको संरक्षण, जीर्णोद्धार एवं पुनः निर्माण गर्न दायित्व पुरातत्त्व विभागमा रहेको तर प्राप्त अधिकारलाई सदुपयोग गर्दै नेपाल सरकारबाट प्राप्त स्रोत साधन र उपलब्ध जनशक्तिको प्रयोग गरी संरक्षण / पुनः निर्माण गर्ने कार्य भइरहेको छ ।

विश्व सम्पदा समितिको ४० औं सेसनमा नेपालको विद्यमान अवस्थालाई नजर अन्दाज गर्दै खतराको सूचीमा राख्न एजेण्डा बनी सकेकोमा नेपालले प्राकृतिक प्रकोपबाट क्षतिग्रस्त भएको सम्पदाहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोग जुटाई तदारूकताका साथ पुनः निर्माण गर्न सकिने लिखित प्रतिबद्धता गरी विशेषज्ञहरूको राय सुझावको आधारमा पुनः निर्माण / संरक्षणको कार्यहरू भइरहेको छ । २०७२ वैशाख १२, १३ र २९ गते गएको विनासकारी महाभूकम्पबाट क्षतिग्रस्त हुन पुगेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका स्मारकहरूको पुनः निर्माण / संरक्षण हुन नसकेको र प्राचीन स्मारक संरक्षण ऐन, २०१३ ले सार्वजनिक महत्त्वका स्मारकहरूको संरक्षण, जीर्णोद्धार एवं पुनः निर्माण गर्ने अधिकार पाएको पुरातत्त्व विभागले कुनै ठोस कदम चाल्न नसकेको जस्ता तथ्यहीन र मनगढन्ते तर्कका भरमा दायर भएको रिट निवेदन खारेज हुनुपर्दछ भन्नेसमेत व्यहोराको पुरातत्त्व विभागको लिखित जवाफ ।

रिट निवेदकले रिट निवेदनमा उल्लेख गरेका धुवाँ धुलो सडक मर्मत गर्नेलगायतका वातावरण प्रदुषित हुने कार्य यस मन्त्रालयबाट गरे गराएको छैन । स्वस्थ मानव जीवनयापन गर्नका लागि यस मन्त्रालयबाट सदैव प्रयास भई आएकै छ । प्रत्येक नागरिकले स्वच्छ, स्वस्थ वातावरणमा जीवनयापन गर्न पाउनु पर्छ र स्वच्छ, स्वस्थ वातावरण हुनुपर्छ भन्ने मान्यता यस

मन्त्रालयको सदैव रहि आएको विद्यमान अवस्थामा यस मन्त्रालयबाट वातावरण ऐन, २०५३ तथा नेपालको संविधानको धारा ३० उल्लङ्घन हुने कुरै आउँदैन । यस मन्त्रालयको नाउँमा कुनै आदेशजारी गर्नुपर्ने वस्तुनिष्ठ आधार र कारण निवेदकले उल्लेख नगरेकोले यस मन्त्रालयको हकमा रिट खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको स्वास्थ्य मन्त्रालयको लिखित जवाफ ।

२०७२ साल वैशाख १२ गते गएको विनाशकारी भूकम्पबाट गम्भीर र व्यापकरूपमा जनधन, धार्मिक, साँस्कृतिक, ऐतिहासिक र पुरातात्त्विक सम्पदाका साथै सरकारी तथा निजी भवनहरूमा अपूरणीय क्षति पुग्न गएको थियो । उक्त क्षति भएका संरचनाको पुनर्निर्माणसम्बन्धी कार्यलाई छिटो छरितो र प्रभावकारीरूपमा कार्यान्वयन गर्ने उद्देश्यले नेपाल सरकारले भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माणसम्बन्धी ऐन, २०७२ जारी गरी राष्ट्रिय पुनर्निर्माण प्राधिकरण स्थापना गरी पुनर्निर्माणको कामलाई द्रुत गतिमा अगाडी बढाइरहेको छ । काठमाडौं उपत्यकालगायतका क्षेत्रलाई स्वच्छ तथा सफा राख्नेसमेत उद्देश्यले विभिन्न कानून बनाई कार्यान्वयनमा रहेका छन् । नेपाल सरकारको प्रमुख प्राथमिकतामा रहेको एवं काठमाडौं बासीको बहुप्रतिक्षित मेलम्ची खानेपानी आयोजनाको पाइप बीच्छ्याउने काम सबै तिर भइरहेको कारण उपत्यकामा वायु प्रदूषण बढेको यथार्थ हो । नेपाल सरकारका सम्बन्धित निकायहरू संवेदनशील रही धुलो न्यूनीकरण गर्ने सम्बन्धमा निरन्तर पहल गरिरहेको अवस्थासमेत छ । धुलो तथा फोहोरका कारण मानव स्वास्थ्यमा परिरहेको नकारात्मक प्रभाव प्रति सचेत रहँदै सो नियन्त्रण गर्ने प्रयासलाई अझ बढी संगठित र योजनाबद्धरूपमा अघि बढाइनेछ र वायु प्रदूषण नियन्त्रणको लागि प्रचलित कानूनमा भएको व्यवस्था तथा उक्त कानूनी व्यवस्थाअन्तर्गत जारी भएको मापदण्डको कार्यान्वयन र सोको अनुगमनको लागिसमेत सम्बन्धित निकायलाई अझ बढी प्रभावकारीरूपले परिचालन गरिएको छ र भविष्यमा पनि गरिनेछ तसर्थ निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने अवस्था छैन । प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को लिखित जवाफ ।

हाल काठमाडौं उपत्यकामा दैनिक उपभोग्य पानी मेलम्चीबाट ल्याई वितरण गर्न सार्वजनिक सडक खनी पाइपलाइनहरू विच्छ्याउने, काठमाडौं उपत्यकामा विद्यमान साँगुरा सडकहरूको स्तरोन्नति एवं विस्तार गर्नुपर्ने बाध्यता तथा भूकम्प पछिको पुनः निर्माण एवं पुनर्स्थापना कार्य एकै साथ गर्नुपर्दा यस्तो वातावरणीयरूपमा असहज परिस्थिति जस्तो अवस्था सृजना भए तापनि यसको व्यवस्थापन गर्न सरकार सजग छ । नेपाल सरकारले विभिन्न अञ्चल यातायात कार्यालयहरूमा दर्ता भएका २० (बीस) वर्ष पुराना सार्वजनिक सवारी साधनहरू (मालबाहक तथा यात्रूवाहक सवारी) व्यवस्थापन गर्ने सम्बन्धमा (नेपाल राजपत्र, भाग ५, खण्ड ६४, संख्या ४०) मिति २०७१।११।१८ मा सूचना प्रकाशन गरी त्यसको कार्यान्वयन गर्न सुरू गरी सकेको व्यहोरा अनुरोध छ । सवारीको अवस्था परीक्षण गर्नको लागि Vehicle Fitness Test Centre स्थापना गरी कार्यान्वयनमा ल्याइने तथा ठूला परिवहन (Mass Transportation) मा जोड दिने नेपाल सरकारको नीति रहेको छ । नेपाल सरकार नेपालको संविधानद्वारा प्रदत्त स्वच्छ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक हकको पालना गर्न प्रतिबद्ध छ । वातावरणीय ह्रासबाट मानव जाति, जीवजन्तु वनस्पति, प्रकृति तथा भौतिकवस्तु माथि हुन सक्ने प्रतिकूल प्रभावलाई यथाशक्य कम गरी स्वच्छ तथा स्वस्थ वातावरण कायम गर्न र प्राकृतिक स्रोतको समुचित उपयोग र व्यवस्थापनबाट वातावरण संरक्षणमा जागरूक

भई वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी वा जनजीवन र जन स्वास्थ्यका लागि खतरा हुन सक्ने किसिमले प्रदूषण सृजना वा तोकिएको मापदण्डविपरीत हुने गरी कुनै पनि कार्य गरिएको छैन । साथै प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गरेर मात्र सडकहरू निर्माण एवं विस्तार गर्ने गरिएको व्यहोरा उल्लेख गर्दै मानिस, जीवजन्तु, जलचरलगायत प्राकृतिक स्रोतहरू र स्वस्थ जीवनमा प्रतिकूल असर पुग्ने कार्यलाई प्रोत्साहन नगरी जन स्वास्थ्य तथा जन जीविकाका सवालमा विशेष ध्यान दिई वातावरणीय प्रदूषण नियन्त्रणमा कटिबद्ध भई विकास निर्माणसम्बन्धी कार्यहरू समयमै सम्पादन भइरहेको छ । रिट निवेदकले विना आधार कारण यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरेको प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको लिखित जवाफ ।

काठमाडौं उपत्यकालगायत देशका अन्य भागहरूमा राष्ट्रिय आवश्यकता एवं विकास निर्माणका लागि सडक विस्तार भइरहेको अवस्था छ । सडक विस्तारका क्रममा सर्वसाधारण जनतालाई पर्न जाने असुविधालाई कम गर्ने कार्यमा विभाग सचेत नै रहेको छ । साथै पुराना सवारी साधनहरूबाट निस्कने धुवाँबाट वातावरण प्रदूषणमा असर पर्न गएको विषयलाई मध्यनजर गरी नेपाल सरकारले २० वर्षे पुराना सार्वजनिक सवारी साधनहरू उपत्यकामा सञ्चालन गर्न रोक लगाई सकेको अवस्था छ । यसरी सर्वसाधारणलाई वातावरण प्रदूषणबाट पर्न गएको असुविधालाई क्रमश कम गर्दै लैजाने क्रममा नेपाल सरकारबाट कार्यहरू भइरहेकै अवस्थामा विपक्षीले दायर गर्नु भएको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभागको लिखित जवाफ ।

जनस्वास्थ्यमा प्रत्यक्ष असर पर्ने गरी काठमाडौं महानगरपालिकाको कार्यालयको तर्फबाट कुनै क्रियाकलाप भएको छैन । स्थानीय स्वायत्त शासन ऐन, नियमले परिकल्पना गरेको दायित्वबाट काठमाडौं महानगरपालिकाको कार्यालय विमुख भएको छैन । फोहर मैला व्यवस्थापन गरी काठमाडौं महानगरपालिकाको सुन्दरतामा निखार ल्याउन काठमाडौं महानगरपालिकाको कार्यालय एवं अन्तर्गतको निकायसँग हाल उपलब्ध स्रोत, साधन र जनशक्तिको परिचालनले मात्र सम्भव हुन सक्दैन । अर्थात् काठमाडौं महानगरपालिकाको एक्लो प्रयासले मात्र वायु प्रदूषण व्यवस्थापन हुन सक्दैन । स्वच्छ, सफा र सुन्दर महानगरपालिका बनाउन एवं कायम राख्न प्रत्येक नगरवासी जागरूक हुन जरूरी छ । फोहर व्यवस्थापनको कार्यमा प्रत्येक नागरिक, घर, समाज एवं निकायको सहयोग र साथ रहेको छ, छैन भन्ने विषय अधिक महत्त्वपूर्ण हुन्छ । प्रचलित कानूनको दायराभित्र रही आफ्नो दायित्व वहन गरी रहेको निकायलाई वातावरण प्रदूषण रोकथामबाट विमुख भएको उल्लेख गरी ठोस र वस्तुगत आधार प्रमाण बिना बाटो निर्माण, खानेपानी एवं ढल निर्माणको कार्य, बिजुलीको पोल व्यवस्थापन जस्ता कार्य कुनै एक निकायको प्रयासबाट मात्र दीर्घकालीनरूपमा समाधान हुने नभई उक्त कार्यसँग सम्बन्धित निकायका समन्वय र सहकार्यबाट मात्र समाधान हुने एवं उल्लिखित कार्यबाट उत्पन्न फोहर व्यवस्थापन काठमाडौं महानगरपालिकाको हाल उपलब्ध स्रोत, साधन एवं जनशक्तिबाट व्यवस्थापन हुन सक्छ कि सक्दैन भन्नेतर्फ सोच नै नपुर्‍याई लिखित जवाफ प्रस्तुतकर्ता निकायसमेत आफ्नो दायित्वबाट विमुख भएको कारण वायु प्रदूषणको भयावह स्थितिमा नगरवासी बाँच्न बाध्य रहेको व्यहोरा उल्लेख गरी रिट दायर गर्दैमा मागबमोजिम आदेश जारी हुन नसक्ने काठमाडौं महानगरपालिकाले वातावरण प्रदूषण कम गर्न ब्रूमर प्रयोग गरी दैनिकरूपमा पालैपालो सरसफाईको काम

हुँदै आएको छ । ट्यांकरबाट पानीको प्रयोग गरी धुलो न्यूनिकरण गर्ने कार्य गरिएको छ । जेट मेसिनको प्रयोग गरी आवश्यकताअनुसार ढल खोल्ने, फोहरमैला न्यूनीकरण गर्न औषधि छर्ने, सडक पेटीमा रोपिएका विरूवाहरूमा पानी हाल्ने एवं फोहर बोक्ने गाडीहरू सर्भिसिङ गर्ने एवं उपलब्ध स्रोत, साधन र जनशक्तिको प्रयोग गरी अन्य दैनिक कार्य सम्पादन हुँदै आएको हुँदा काठमाडौं महानगरपालिका कार्यालयको हकमा विपक्षीको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको काठमाडौं महानगरपालिको लिखित जवाफ ।

निवेदकले वायु प्रदूषणको कारण जनस्वास्थ्यमा गम्भीर असर परेको चासो र सरोकार बनाई दायर भएको प्रस्तुत रिट निवेदनको विषय प्रति यो मन्त्रालय गम्भीर एवं सदैव सचेत रहेको छ । नेपाल सरकार कार्य विभाजन नियमावलीले यस मन्त्रालयलाई सहरी क्षेत्रको विकासको लागि नीति निर्माणलगायत महत्त्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ । उक्त जिम्मेवारी पूरा गर्न यस मन्त्रालयबाट अन्य विभिन्न निकायसँग समन्वय गरी समग्र सहरी क्षेत्रको विकास, सहरी पूर्वाधार विकास र सहरी सुन्दरतालगायतका विषयमा विभिन्न नीतिगत कुरा अदालतसमक्ष अवगत गराउँदछु । रिट निवेदकले उल्लेख गर्नुभएका विषयहरूलाई पनि यस मन्त्रालयले गम्भिररूपमा लिएको र सरोकारवाला अन्य निकायसँग समन्वय गरी वातावरण संरक्षण गर्ने कार्यमा निरन्तररूपमा लागिरहेको हुँदा यस मन्त्रालयलाई विपक्षी बनाई दायर गरिएको प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको सहरी विकास मन्त्रालयको लिखित जवाफ ।

काठमाडौं उपत्यका खानेपानी लिमिटेडको मुख्य काम काठमाडौं भक्तपुर तथा ललितपुरको शहरी क्षेत्रमा ढल निकासको समुचित प्रबन्ध गर्नु र पानी संकलन गरी सफा र स्वच्छ खानेपानीको समुचित वितरण गर्नु हो । यस हिसाबले लिमिटेडले निर्वाह गर्नुपर्ने कर्तव्य र दायित्व निरन्तररूपले निर्वाह गरी आएको छ । मेलम्ची खानेपानी आयोजनाका लागि विच्छ्याइएको पाइप लाइनलगायत मेलाम्ची खानेपानी वितरण गर्ने आयोजनाको लागि पुरानो जीर्ण भएको पाइपहरू परिवर्तन गर्ने कार्य पनि सोही आयोजनाबाट सञ्चालित हुँदै आएको छ । मेलम्ची खानेपानी वितरणका लागि विस्तार गरिएका नयाँ पाइप लाइनको कार्य तथा जीर्ण भएका पाइप लाइनहरू परिवर्तन गर्नेसमेत आयोजनाबाट नै सम्पन्न भइ राखेको छ । लिमिटेडबाट सञ्चालित कुनै विकास निर्माणको कार्य सञ्चालन गरी माटो थुप्रिने कार्यमा यस लिमिटेडको प्रत्यक्ष र अप्रत्यक्ष कुनै पनि तवरबाट जिम्मेवारी छैन । यस लिमिटेडले ढल निकासको व्यवस्थापनको लागि तथा पाइप लाइन विछ्याउने भनी कुनै पनि आयोजना एवं विकास निर्माण कार्य लिमिटेडको तर्फबाट सञ्चालित नभएको र बाटो खन्ने खनाउने कार्य नगरेको र सडक खन्ने कार्यबाट भएको धुलोलगायत वायु मण्डलीय विकास पैदा गर्ने कुनै पनि कार्य लिखित जवाफ प्रस्तुतकर्ता यस लिमिटेडबाट नभएको हुँदा यस काठमाडौं उपत्यका खानेपानी लिमिटेडले निवेदकलगायत काठमाडौं उपत्यकामा रहने आम सर्वसाधारणको कसैको पनि स्वास्थ्यमा प्रतिकूल परिस्थिति सृजना हुने गरी निवदकको संवैधानिक एवं कानूनी हक कुण्ठित हुने गरी कुनै पनि कार्य नगरेको हुँदा लिमिटेडको हकमा निवेदकले माग गरेको आदेश जारी गर्नु पर्दैन भन्नेसमेत व्यहोराको काठमाडौं उपत्यका खानेपानी लिमिटेडको लिखित जवाफ ।

काठमाडौं उपत्यकालगायत देशका अन्य भागहरूमा राष्ट्रिय आवश्यकता एवं विकास निर्माणका लागि सडक विस्तार भइरहेको अवस्था छ । सडक विस्तारका क्रममा सर्वसाधारण जनतालाई पर्न जाने असुविधालाई कम गर्ने कार्यमा नेपाल सरकार सचेत नै रहेको छ । साथै पुराना सवारी साधनहरूबाट निस्कने धुवाँबाट वातावरण प्रदूषणमा असर पर्न गएको

विषयलाई मध्यनजर गरी नेपाल सरकारले २० वर्षे पुराना सार्वजनिक सवारी साधनहरू उपत्यकामा सञ्चालन गर्न रोक लगाइसकेको अवस्था छ । देश भरका यातायात व्यवस्था कार्यालयहरूबाट वातावरण प्रदूषण सम्बन्धमा सवारी साधनहरूको चेकजाँच गरी प्रदूषण नियन्त्रण गर्ने कार्य भइरहेको अवस्था छ। यसरी सर्वसाधारणलाई वातावरण प्रदूषणबाट पर्न गएको असुविधालाई क्रमश: कम गर्दै लैजाने क्रममा नेपाल सरकारबाट कार्यहरू भइरहेकै अवस्थामा विपक्षीले दायर गर्नुभएको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको यातायात व्यवस्था विभागअन्तर्गत सवारी चालक अनुमति पत्र बागमतीको लिखित जवाफ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री किर्तिनाथ शर्मा पौडेल र निवेदक अधिवक्ता श्री अमिता गौतम पौडेलले मिति २०७२।१।१२ मा र त्यसपछि गएका भूकम्पको कारण भत्किएका विश्व सम्पाद सूचीमा समेत सूचीकृत राष्ट्रिय सम्पदाहरूको अहिलेसम्म पुनर्निर्माण हुन सकेको छैन । जसले गर्दा राष्ट्रको प्रतिष्ठामा आँच पुग्नुका साथै नेपाल पक्ष भएको विभिन्न अन्तराष्ट्रिय महासन्धिहरूले तोकिदिएको दायित्वसमेतबाट विमुख भएको देखिन्छ । भूकम्पपश्चात्को पुनर्निर्माणको कार्य गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको गठनसमेत भइसकेपछि पनि अवस्थामा खासै प्रगति हुन सकेको छैन । यस्ता प्राचीन स्मारकहरू संरक्षणका लागि विपक्षीहरूबाट कुनै ठोस कदम चल्न सकेको देखिँदैन। त्यस्तै विपक्षीहरूले विकास निर्माणका काम गर्दा अन्तरसरकारी निकायहरू बीच समन्वय नहुँदा एक चोटी निर्माण भएको सडक फेरी अर्को प्रयोजनको लागि भत्काइनु र पुनः समयमा नै मर्मत नगर्दा त्यसबाट निस्केको धुलोका स-साना कण, दैनिकरूपमा बढ्दै गरेको सवारी साधनबाट निस्किने गरेका धुवाले वातावरणलाई प्रदुषित पारेको प्रष्ट छ । यसका साथै बाटोमा हिड्ने बटुवाहरूको लागि फोहर फाल्ने प्रयाप्त साधनको अभाव एवं चेतनाको कमी तथा दैनिकरूपमा सरसफाईका कामहरू जिम्मेवार निकायबाट हुन नसकेको अवस्थामा शहर फोहर हुनका साथै कुरूप पनि देखिने गरेको छ । उपरोक्त विषयका सम्बन्धमा अपर्याप्त कानूनी व्यवस्था एवं भएका कानूनको पनि प्रभावकारी कार्यान्वयन नहुँदासमेत वातावरण प्रदूषण बढेको देखिन्छ। जसबाट रिट निवेदकलगायत आम मानिसहरूको नेपालको संविधानले प्रत्यभूत गरेको स्वच्छ वातावरणमा बाच्न पाउने अधिकार कुण्ठित हुन गएको छ। तसर्थ अन्तर-सरकारी निकायहरू बीच समन्वय गराई आवश्यक ठोस कार्य योजना एवं नीति ल्याई भएका कानूनहरू सशक्तरूपमा कार्यान्वयन गराउन, विश्व सम्पदा सूचीमा सूचीकृत राष्ट्रिय सम्पदाहरूलाई यथाशक्य चाडो मौलिक स्वरूपमा आँच नपुग्ने गरी प्राथमिकतामा राखी निर्माण गर्नु गराउनु, सम्बन्धित विज्ञहरूसँग परामर्श गरी वातावरण र विकासबीच सन्तुलन कायम गर्न आवश्यक नीति निर्माण गर्न गराउन, अत्यधिक धुवाँ उत्सर्जित गर्न सवारी साधन हटाउन, दैनिक सडक सरसफाई गर्न गराउन, बटुवाहरूद्वारा फालिने फोहर नियन्त्रणका लागि ठाउँ ठाउँमा Waste Box राख्नलगायत स्वच्छ वातावरणमा बाच्न पाउने नागरिक अधिकार संरक्षण गर्न आवश्यक कार्य गर्न गराउन विपक्षीहरूको नाउँमा परमादेशलगायत जे जो चाहिने आज्ञा आदेश जारी होस भनी बहस प्रस्तुत गर्नुभयो।

विपक्षी सरकारी निकायका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईले रिट निवेदकले उठाएको विवाद सान्दर्भिक हो । अहिले भइरहेको बाटो विस्तार, भूकम्प पछिको पुनर्निर्माण र मेलम्चिको खानेपानी पाइपलाइन विच्छ्याउने कार्यले गर्दा वातावरणमा समस्या ल्याएको छ। यसले एकैचोटी समस्या समाधान गर्न चुनौतीसमेत थपिएको

छ । यसका अतिरिक्त यी समस्याहरूलाई समाधान गर्न योजना आयोगको मिति २०७३।१०।२६ को पत्रानुसार विभागका महानिर्देशकको संयोजकत्वमा गठित समितिले पेस गरेको सुझावहरू कार्यान्वयन गरी उपत्यकाको प्रदूषण नियन्त्रणको लागि कार्य भइरहेको कुनै काम नै नगरेको दाबी निराधार रहेकोले रिट निवेदन खारेज हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

काठमाडौं महानगरपालिकाको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री रामप्रसाद भण्डारीले भूकम्पबाट क्षतिग्रस्त भएका पुरातात्त्विक महत्त्वका संरचनाहरूको पुरानै अवस्थामा पुनर्निर्माण गर्न केही प्राविधिक समस्या देखिए पनि महानगरपालिका पुरानै अवस्थामा पुनर्निर्माण गराउन प्रतिबद्ध छ । यसका साथै महानगरपालिका भित्र सरसफाई गर्ने मुख्य जिम्मेवारी महानगरपालिकाको भएको र त्यसक्रममा विभिन्न कार्यहरू गरिँदै आएको छ । बाटोमा फोहर संकलनको लागि राखिएका डस्टविनहरू प्राय हराउने गरेका, सडक सुन्दर बनाउन विभिन्न ठाउँमा राखिएका गमलाहरू पनि हराउने गरेका कारण अहिले नदेखिएको हो । पुरातात्त्विक महत्त्वको संरचनाहरू पुनर्निर्माण गर्न एवं काठमाडौं महानगरपालिकाको वातावरण बस्न लायक बनाउन काठमाडौं महानगरपालिका प्रतिबद्ध रहेकोले निवेदक मागबमोजिमको आदेश जारी हुनुपर्ने होइन । रिट निवेदन खारेज गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

काठमाडौं उपत्यका विकास प्राधिकरणका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री प्रभु कृष्ण कोइरालाले काठमाडौं उपत्यका विकास प्राधिकरणको कार्य सहरी सडक, राजमार्ग, जिल्ला मार्ग, सहायक मार्गका सडक जग्गा अतिक्रमण गरी बनाइएका संरचना हटाउने हो र यस प्राधिकरणले सो कार्य गरी आएको छ । उक्त संरचना हटाई दिएपश्चात सम्बन्धित नगरपालिकाले ढल, पानी, पाइपलगायत आधारभूत संरचना निर्माण गरी पीच गर्ने गर्दछ । उक्त कार्यमा अन्तरसरकारी निकायहरू बीच समन्वय नभएको कारणले सडक कालोपत्रे गरेपश्चात् खाने पानीका पाइप, ढल विच्छाउने भनी फेरी सडक खनिन्छ । यसबाट पानी परेको अवस्थामा हिलो र घाम लागेको अवस्थामा धुलो भएको देखिन्छ । काठमाडौं उपत्यका प्राधिकरणको कुनै कार्यबाट वातावरण प्रदूषण गर्ने कार्य नभएकोले प्राधिकरणको हकमा रिट निवेदन खारेज हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

काठमाडौं उपत्यका खानेपानी लिमिटेडका तर्फबाट उपस्थित रहनु भएका विद्वान् अधिवक्ता श्री बच्चु सिंह खड्काले काठमाडौं उपत्यका खानेपानी लिमिटेडको मुख्य काम काठमाडौं, भक्तपुर तथा ललितपुरको शहरी क्षेत्रमा ढल निकासको समुचित प्रबन्ध गर्नु र पानी संकलन गरी सफा र स्वच्छ खानेपानीको समुचित वितरण गर्नु हो । ढल निकासको व्यवस्थापनको लागि तथा पाइप लाइन विच्छ्याउने भनी कुनै पनि आयोजना एवं विकास निर्माण कार्य लिमिटेडको तर्फबाट सञ्चालित नभएको, बाटो खन्ने खनाउने कार्य नगरेको र सडक खन्ने कार्यबाट भएको धुलोलगायत वायुमण्डलीय विकार पैदा गर्न कुनै पनि कार्य नगरेको हुँदा रिट निवेदन खारेज हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

मेलम्ची खानेपानी विकास समितिको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री विष्णुराज सुवेदीले मेलम्ची खानेपानी विकास समितिको मुख्य काम मेलम्चीको पानी सुन्दरीजलसम्म ल्याई मुख्य वितरण पाइपलाइनमा पानी छोड्ने पठाउने कार्यसम्म मात्र सिमित रहेको छ । प्रशोधित पानीलाई थोक वितरण केन्द्र र ग्राहक वर्गसम्म पुर्‍याउने कार्य काठमाडौं उपत्यका खानेपानी लिमिटेडका सञ्चालक समितिअन्तर्गत रहेको आयोजना कार्यान्वयन निर्देशनालय, अनामनगरअन्तर्गत पर्ने भएकोले आवश्यक पाइपलाइन विच्छ्याउने, सोको लागि जमिन खन्ने, माटो व्यवस्थापन गर्नेसमेतका कार्य उक्त

निर्देशनालयको भएकोले मेलम्ची खानेपानी विकास समितिको हकमा रिट खारेज हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

उपरोक्तबमोजिमको तथ्य एवं बहस जिकिर रहेको प्रस्तुत रिट निवेदनमा मागबमोजिमको आदेश जारी हुनुपर्ने हो, होइन? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

२. निर्णयतर्फ विचार गर्दा, मिति २०७२।१।१२ मा गएको भूकम्पको कारण भत्किएका विश्व सम्पदा सूचीमा सूचीकृत राष्ट्रिय सम्पदाहरूसमेत अहिलेसम्म पुनर्निर्माण नहुँदा नेपालले अनुमोदन गरेको विभिन्न महासन्धिले तोकेको दायित्व बहन हुन नसक्नुका साथै राष्ट्रको गौरवमा समेत आँच पुगेको छ। त्यस्तै हाल भइरहेका विकास निर्माणका कार्यहरूमा अन्तर सरकारी निकायहरू बीच समन्वय नहुँदा भर्खरै बनाएको सडक फेरी खन्ने र माटो लामो समयसम्म सडकमै रहिरहने भएकाले धुलो हुने, बढ्दो सवारी साधनले उत्सर्जन गरेको धुवाँले वातावरणलाई फोहर गर्ने तथा सडकमा हिँडिरहेका बटुवाहरूले पानीका खाली बोतल, खानेकुरा तथा प्लाष्टिकका प्याकेटहरू राख्न पर्याप्त मात्रामा डष्टवीनको व्यवस्था नहुँदा सडकमा नै फाल्ने गरेकोले शहर फोहर हुन गई कुरूप देखिन थालेको छ। उक्त कार्यबाट काठमाडौं उपत्यकामा बस्ने मानिसहरूले स्वच्छ वातावरणमा बस्ने पाउने आफ्नो मौलिक हकको उपभोगबाट वञ्चित हुन गएकोले भूकम्पबाट भत्किएका राष्ट्रिय सम्पदाहरू समयमा पुनर्निर्माण गर्नु, वातावरण प्रदूषणलाई नियन्त्रण गर्नु तथा फोहरको उचित व्यवस्थापन गर्नु भनी विपक्षीहरूको नाममा परमादेशलगायतको आदेश जारी हुनुपर्दछ भनी निवेदन मागदाबी रहेको छ। भूकम्पबाट भत्किएका पुरातात्त्विक सम्पदाहरूको मौलिक स्वरूपमा पुनर्निर्माण गर्नुपर्ने भएकाले प्राविधिक समस्याको कारण केही ढिलाई भएपनि पुनर्निर्माण कार्य भइरहेको छ। विकास निर्माणको कार्यले एवं बढ्दो सवारी साधनको चापले वातावरणमा केही प्रतिकूल असर परेपनि वातावरण प्रदूषण गर्ने पुराना गाडीहरू चलाउन प्रतिबन्ध लगाएको, प्रदूषण नियन्त्रण गर्न अन्य कामहरू समेत भइरहेको एवं फोहर व्यवस्थापनको लागिसमेत दैनिकरूपमा सरसफाई जस्ता कार्यहरू गरी रहेकोले हुनाले निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने होइन। रिट खारेज गरिपाउँ भनी विपक्षीहरूको लिखित जवाफ रहेको देखिन्छ।

३. प्रस्तुत रिट निवेदनमा निवेदकले मूलभूतरूपमा दुईवटा विषय वस्तु उठाएको देखिएको छ। प्रथम, मिति २०७२।१।१२ मा गएको भूकम्पका कारण भत्किएका पुरातात्त्विक महत्त्वका संरचनाहरू पुनर्निर्माणमा भएको ढिलाई तथा दोस्रो, वर्तमान अवस्थामा भई रहेका विकास निर्माणलगायतका कामबाट देखिएको वातावरणीय प्रदूषणको रहेको देखिन्छ। अब २०७२।१।१२ मा गएको भूकम्पका कारण भत्किएको पुरातात्त्विक महत्त्वका संरचनाहरूको पुनर्निर्माणको सम्बन्धमा हेर्दा पुरातत्त्व विभागको लिखित जवाफबाट क्षति भएका सम्पादहरूको पुनर्निर्माण अपेक्षाअनुसार हुन सकेको देखिँदैन। नेपाल Convention Concerning to the protection of world cultural and Natural Heritage १९७२ को पक्ष राष्ट्र हो। यस महासन्धिको धारा ४मा "Each state party to this convention recognizes that the duty of ensuring the identification, Protection, Conservation, Presentation and transmission to future generations of the cultural and natural heritage referred to in Articles 1 and 2 and situated on its territory, belongs primary to that state…" भन्ने व्यवस्था रहेको पाइन्छ। उपरोक्त व्यवस्थाअनुसार पक्ष राष्ट्रको भुभागभित्र रहेको प्राकृतिक तथा साँस्कृतिक सम्पदाको पहिचान, सुरक्षा, संरक्षणलगायत त्यसलाई भावी पुस्तामा हस्तान्तरण गर्ने दायित्व पक्ष राष्ट्रको

रहनेमा विवाद छैन । नेपालले उक्त महासन्धिलाई सन् १९७८।०६।२० मा ग्रहण गरी पक्ष राष्ट्र भएको देखिन्छ । नेपाल पक्ष राष्ट्र भएको उक्त महासन्धिको व्यवस्थाहरू नेपाल सन्धि ऐन, २०४७ दफा ९(१) बमोजिम नेपाल कानून सरह लागू हुने देखियो । प्राचीन स्मारक र पुरातत्त्वसम्बन्धी ऐतिहासिक वा कलात्मक वस्तुहरूको संरक्षण गर्न प्राचीन स्मारक संरक्षण ऐन, २०१३ लागू भएको रहेछ । उक्त ऐनले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दृष्टिले महत्त्वपूर्ण मानिएका प्राचीन स्मारकस्थल तथा पुरातात्त्विक स्थलहरूको संरक्षण नेपाल सरकार मातहत रहेको पुरातत्त्व विभागले गर्ने छ भनी दायित्व तोकेको छ ।

४. नेपालको संविधानको धारा ३२ मा भाषा तथा संस्कृतिको हकको प्रत्याभूती गरेको पाइन्छ । उक्त धारा ३२(२) मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको साँस्कृतिक जीवनमा सहभागिता हुन पाउने हक हुने छ भनी व्यवस्था रहेको देखिन्छ । पुरातात्त्विक महत्त्व भएका प्राचीन स्मारकहरू सभ्यता र संस्कृतिकलाई चिनाउन महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन् । प्राचीन स्मारकहरू मानव इतिहासको एउटा गौरव भएकोले यसले मानवीय इतिहासको बारेमा रोचक र यकिन जानकारी दिन्छ । तसर्थ यस्ता प्राचीन स्मारकहरूको संरक्षण गर्नुपर्ने दायित्व वर्तमान पुस्तामा रहेको देखिन्छ । यसका साथै आफ्नो इतिहासको बारेमा भावी पुस्तालाई जानकारी गराउन र उनीहरूलाई समेत यसबाट लाभान्वित गराउन यसको मौलिकरूपमा नै भावी पुस्तालाई हस्तान्तरण गर्ने जिम्मेवारीसमेत वर्तमान पुस्तामा नै रहेको हुन्छ । प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को दफा ३(ग) ले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दृष्टिले महत्त्वपूर्ण मानिएका प्राचीन स्मारकस्थल तथा पुरातात्त्विक स्थलहरूको संरक्षण गर्ने जिम्मेवारी पुरातत्त्व विभागलाई दिएको देखिन्छ । पुरातत्त्व विभागले यस अदालतमा लिखित जवाफ दिँदा क्षतिग्रस्त सम्पदाहरूको पुनर्निर्माण अपेक्षाअनुसार हुन नसकेको भनी स्वीकार गरेको देखियो ।

५. प्राचीन स्मारक स्थल तथा पुरातात्त्विक स्थलहरूको पुनर्निर्माण यसको मौलिक स्वरूपमा नै गरियो भने यसको महत्त्व रहिरहने हुन्छ । पहिला निर्माण हुँदा प्रयोग गरिएको सामग्री, ज्ञान र सीप अहिले सजिलै उपलब्ध हुन सक्ने अवस्था नहुन सक्छ । तर मिति २०७२।१।१२ मा भूकम्प गएको २ वर्षको लामो अवधिसमेत व्यतित भई सक्दा पनि कुनै एउटा प्राचीन स्मारक वा पुरातात्त्विक स्थलहरूको पुनर्निर्माण सम्पन्न भएको विपक्षीहरूको भनाइ रहेको देखिँदैन । विश्व सम्पदा सूचीमा समेत सूचीकृत भएका बसन्तपुर दरबार स्क्वायर जस्ता प्राचीन स्मारकहरूको पुनर्निर्माण राष्ट्रको अस्मितासँग गासिएको हुन्छ । तर त्यस्ता स्मारकहरू समेत समयमा पुनर्निर्माण नहुँदा अन्तर्राष्ट्रिय स्तरमा नै देशको गौरवमा आँच आउने भएकाले यो जो सुकै नागरिकको चासोको विषय हुनु स्वाभाविक नै देखिन्छ । लिखित जवाफबाटै त्यस्ता पुरातात्त्विक महत्त्व भएका प्राचीन स्मारकहरूको पुनर्निर्माण तदारूकताका साथ नभएको देखिएकोले विपक्षीहरूले कानूनले तोकेको दायित्व तदारूकताका साथ पालना गरेको देखिन आएन ।

६. रिट निवेदकले निवेदनमा उठाएको वातावरणको विषयको सन्दर्भमा हेर्दा नेपालको संविधानको धारा १६ ले मानिसको बाच्न पाउने अधिकारलाई सुनिश्चित गरेको छ भने धारा ३० ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाच्न पाउने हकको प्रत्याभूति गरेको पाइन्छ । नागरिकको स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको प्रचलन गराउने मुख्य जिम्मेवारी राज्यको नै रहेको देखिन्छ । राज्यले जुन सुकै कार्य गर्दा नागरिकका मौलिक हकहरूलाई मध्येनजर राखेर गर्नुपर्ने हुन्छ । प्रदूषणयुक्त अवस्था विद्यमान रहेको खण्डमा विभिन्न रोगव्याधि लाग्न गई मानिस बिरामी भई पेसा रोजगार

गर्नसमेत असक्षम हुने कुरा एकातिर छ भने अर्कोतिर प्रदूषणको कारण वर्षेनी अकारणमा ज्यान गुमाउनेको संख्या पनि अत्यधिक भएको साथै दिनानुदिन यो संख्यामा वृद्धि भइरहेको कुरा बेलाबलामा प्रकाशित हुने प्रतिवेदनहरूले देखाई रहेको पाइन्छ। मानिसको बाँच्न पाउने अधिकार र स्वच्छ वातावरण एक आपसमा अन्तरसम्बन्धित भएको र यसको प्रचलन गराउने मुख्य दायित्व राज्यको भएकोले राज्यका अंगहरूबाट उक्त संवैधानिक दायित्वको निर्वाह हुन जरूरी छ। राज्यका निकायहरूले विकास निर्माणका कार्यहरू गर्दासमेत संविधान तथा देशको विद्यमान कानूनले प्रत्याभुत गरेको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको सम्मान गर्नुपर्ने कुरा बिर्सन मिल्दैन। तर वर्तमान समयमा भइरहेका निर्माणका कार्यहरूमा अन्तर सरकारी निकायहरू बीच समन्वयको अभावले गर्दा वातावरणलाई प्रत्यक्ष असर परेको कुरा विपक्षीहरूकै लिखित जवाफबाट देखिन्छ। काठमाडौं उपत्यकामा हाल भइरहेको सडक विस्तार र खानेपानीको पाइप विच्छ्याउने कार्यको लागि खनिएका सडकबाट निस्केको माटो धुलोमा परिणत भई वायुको प्रवेशले तथा सवारी साधनको घर्षण तथा गतिले गर्दा हावामा मिसिन गई चरम वायु प्रदूषण भएको सहजै देख्न सकिन्छ। निर्माण भइसकेका सडक पुनः फराकिलो पार्नको लागि, खानेपानीका पाइप विच्छ्याउनका लागि, ढल व्यवस्थापनका लागि पटकपटक खनिएको जस्ता कार्यले अन्तर सरकारी निकायहरू बीच विकास निर्माणको सम्बन्धमा समन्वय भएको देखिन आएन।

७. विकास निर्माण मानव जीवनलाई समृद्ध एवं सहज बनाउन अति आवश्यक हुन्छ तर विकास निर्माणको कार्य गर्दा मानवीय जीवनलाई नै खतरामा पार्ने गरी गर्दा त्यो सन्तुलित विकास हुन सक्दैन। वातावरणमा गम्भिररूपले असर पार्ने गरी भएको विकासले मानवको अस्तित्वमा नै खतरा उत्पन्न गर्ने भएकाले त्यस प्रकारको विकास अभिसापमा परिणत हुन पनि सक्छ। यसले मानवीय जीवनलाई सहजता तुल्याउनुको साटो झन कठिन बनाउँदै लैजान्छ। वर्तमानमा गुणस्तरीय जीवनयापन गर्न, हाम्रो भविष्यलाई बचाइराख्न र भावी पुस्ताको जीवनलाई सुरक्षित बनाउन उचित वातावरणीय स्तर कायम गराई राख्न सबैको साझा दायित्व हुन आउँछ। उक्त दायित्व सबैबाट परिपालना गराउन मुख्य जिम्मेवारी सरकार तथा त्यस मातहतका निकायहरूको हुने कुरा निर्विवाद छ। यो नेपाल सरकारले वातावरणसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा व्यक्त गरेको प्रतिवद्धताको एउटा पाटो पनि हो। वातावरण प्रति सजगता देखाएर विभिन्न कानूनहरूको निर्माण पनि गरिएको छ। तर कानून निर्माण गर्दैमा वातावरण संरक्षण प्रतिको राज्यको दायित्व पूरा भएको मान्न सकिँदैन। त्यस्ता कानून निर्माण त वातावरण संरक्षणको एउटा साधन मात्र हो, नागरिकले स्वच्छ वातावरण प्राप्त गर्नु साध्य हो।

८. काठमाडौं उपत्यकामा वायु प्रदूषणको मात्रा विश्व स्वास्थ्य संगठनले तोकेको मापदण्डभन्दा ५ गुणा बढी देखिएको भनी विज्ञहरूको धारणा विभिन्न संचारमाध्यमबाट आएको देखिन्छ। यद्यपी यसको विश्वसनीयताको सन्दर्भमा अधिकारिक निकायको धारणा महत्त्वपूर्ण हुने देखिन्छ। तर हाम्रो दैनिक काम काजको सम्बन्धमा शहरभित्र आवत जावत गर्दा प्रदूषणको मात्रा अत्याधिक बढेको सहजै अनुभव गर्न सकिन्छ। खनिएका सडकबाट निस्केका धुलोका कणहरूसँगसँगै सवारी साधनहरूबाट निस्कने गरेका धुँवाले वायु प्रदूषणको क्रमलाई अझ तिब्रता प्रदान गरेको देखिन्छ। सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २३(१) मा भएको व्यवस्थाअनुसार कुनै सवारी चलाउन सकिने स्थितिमा छ छैन भन्ने कुराको जाँच बुझ गरी यकिन गर्न सो सवारीबाट हुन सक्ने प्रदूषणसमेतलाई एउटा मापदण्ड बनाएको देखिन्छ। सोही ऐनको दफा २४(३) ले वातावरणको

प्रदूषणलगायत अन्य कारणले गर्दा सार्वजनिक हितका लागि कुनै किसिमको सवारी साधनको दर्ता रोक्का गर्न आदेश दिन सक्ने व्यवस्था गरेको देखिन्छ । सवारी साधनबाट हुने प्रदूषण नियन्त्रण गर्ने उद्देश्यले नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ लागू भएको देखिन्छ। त्यसै गरी वातावरण संरक्षण ऐन, २०५३ को दफा ७(१) मा कसैले पनि वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी वा जनजीवन र जनस्वास्थ्यका लागि खतरा हुन सक्ने किसिमले प्रदूषण सृजना गर्न वा तोकिएको मापदण्डविपरीत कुनै यान्त्रिक साधन, औद्योगिक प्रतिष्ठान वा अन्य ठाउँबाट ध्वनी, ताप, रेडियोधर्मी विकिरण तथा फोहरमैला निष्काशन गर्न गराउन हुँदैन भने व्यवस्था रहेको छ । तर उपयुक्त अनुगमन तथा अन्तर सरकारी निकायहरू बीचको समन्वयको अभावका कारण उपरोक्त कानूनहरूमा भएका व्यवस्था प्रभावकारीरूपमा कार्यान्वयन हुन सकेको देखिँदैन । जसको परिणामस्वरूप आम मानिसको जिउ ज्यान जोखिममा पर्न गएको देखिन्छ। अझ यस्ता वातावरणीय प्रदूषणबाट कमजोर (आघात योग्य) समुह (Vulnerable group) जस्तै वृद्ध, बालबालिका, असक्तहरू झन बढी प्रभावित हुने देखिन्छ।

९. भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयको लिखित जवाफबाट २० वर्ष पुराना भाडाका सार्वजनिक सवारी साधनहरू व्यवस्थापन गर्ने सम्बन्धमा (नेपाल राजपत्र, भाग ५, खण्ड ६४, संख्या ४०) मिति २०७१।११।१८ मा सूचना प्रकाशन गरी त्यसको कार्यान्वयन गर्न सुरू गरिसकेको देखिन्छ । तर सवारीको अवस्था परीक्षण गर्नको लागि एवं सवारी साधनबाट हुने प्रदूषण नियन्त्रण गर्न कुनै प्रभावकारी उपाय अवलम्बन गरेको देखिँदैन । यसका साथै वातावरण संरक्षण गर्ने कार्यतर्फ विपक्षी नेपाल सरकारले जनचेतना फैलाउनु पर्ने जस्ता कार्यसमेत गरेको देखिँदैन। दैनिक सडक सरसफाईमा विशेष ध्यान नपुर्‍याउँदा सडक किनारमा जथाभावी फालिएका खानेकुराहरूको खोल, पानीको खाली बोतलहरू, फलफूलका बोक्राहरू लगायतका जैविक र अजैविक फोहरहरू यथास्थितिमै सडकमा रहिरहनु र सम्बन्धित निकायद्वारा यसको नियन्त्रणको लागि आवश्यक पहल कदमी नहुँदा यसले झन विकराल रूप लिन सक्ने निश्चित छ। यसले शहरको सुन्दरतामा ह्रास ल्याउनुको साथै वातावरणमा र जनस्वास्थ्यमा समेत प्रतिकूल असर पार्नेमा शंका हुन सक्दैन।

१०. फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ४ ले फोहरमैला व्यवस्थापन गर्ने दायित्व स्थानिय निकायलाई तोकेको छ। काठमाडौं महानगरपालिकाको लिखित जवाफ हेर्दा फोहरमैला व्यवस्थापन गरी काठमाडौं महानगरपालिकाको सुन्दरतामा निखार ल्याउन महानगरपालिकाको कार्यलाय एवं अन्तर्गतको निकायसँग हाल उपलब्ध स्रोत, साधन र जनशक्तिको परिचालनले मात्र सम्भव हुन नसक्ने भनी उल्लेख भएको देखिन्छ। सोही लिखित जवाफमा विपक्षीले यस कामको लागि नगरवासीसमेत जागरूक हुन आवश्यकता औंल्याएको छ । तर फोहरमैला व्यवस्थापनको लागि नगरवासीको के कस्तो सहभागीता वा जागरूकता आवश्यक रहेको छ र त्यस सम्बन्धमा नगरवासीलाई जागरूक गराउने के कस्तो कार्य महानगरपालिकाले गरेको छ? सो सम्बन्धमा केही उल्लेख भएको देखिँदैन । नगरवासीको जागरूकताको आवश्यकता रहेको भनी देखाई दिएर मात्र आफ्नो दायित्वबाट महानगरपालिका पन्छिन मिल्दैन । सोको लागि नगरवासीलाई जागरूक बनाउने वा जनचेतना फैलाउने जिम्मेवारीसमेत महानगरपालिकाको नै हुन आउँछ।

११. मिति २०७२।१।१२ मा गएको भूकम्प वर्तमान पुस्ताको लागि निश्चयनै एउटा नमीठो सम्झना हो। यसले पुर्‍याएको जनधनको क्षति त अझै अपूरणीय नै हो । तर प्रकृतिको उक्त विभत्सरूपले मानव समाजलाई एकताबद्ध भई अगाडि बढ्नु

पर्ने पाठ पनि सिकाएको छ । भूकम्पबाट क्षतिग्रस्त भएका साँस्कृतिक तथा पुरातात्त्विक महत्त्वका प्राचीन स्मारकहरूले वर्षौ पुरानो परम्परा, प्रविधि, पारम्पारिक ज्ञानको बारेमा भावी पुस्तालाई जानकारी दिनुका साथै इतिहासलाई अध्ययन गर्नसमेत उत्तिकै महत्त्वपूर्ण मानिन्छ । सोको पुनर्निर्माण यिनीहरूको मौलिक स्वरूपमै सोही प्रविधिबाट हुँदा मात्र यसको महत्त्व रहिरहन्छ । त्यस्ता महत्त्वपूर्ण स्मारकहरूको पुनर्निर्माणमा राज्यका सबै सरोकारवाला निकाय एकताबद्ध भई लाग्नु पर्नेमा एकले अर्का माथि जिम्मेवारी पन्छाउने प्रवृत्ति सुखद रहेको मान्न मिल्दैन । यसका साथै स्वस्थ जीवनयापन गर्नको लागि चाहिने स्वच्छ वातावरणको संरक्षणमा समेत विपक्षीहरू बीच आवश्यक समन्वयको अभाव देखिएको छ । तसर्थ विपक्षीहरूले भूकम्पले भत्किएका साँस्कृतिक तथा पुरातात्त्विक महत्त्वका प्राचीन स्मारकहरूको पुनर्निर्माण गर्न एवं काठमाडौं उपत्यकालाई स्वस्थ्य जीवनयापन गर्न योग्य बनाउनको लागि यहाँको वातावरणमा सुधार गर्न निम्न आवश्यक कार्यहरू गर्नुपर्ने देखिन्छ ।

तत्कालीन गर्नुपर्ने कार्यहरू

१२. भूकम्पबाट भत्किएका पुरातात्त्विक महत्त्वका स्मारकहरू पूनर्निर्माण गर्ने विषयमा विभिन्न सरकारी निकायहरू बीच समन्वयको अभाव रहेको देखिएकोले त्यस्ता स्मारकहरूको मौलिक स्वरूपमा नै पुनर्निर्माण गर्नको लागि अन्तर सरकारी निकायहरू बीच पुनर्निर्माणको जिम्मेवारी पाएको निकायले समन्वय गर्ने ।

१३. खानेपानी, बिजुली, टेलिफोन, ढल निकास, सडक विभाग लगायत जमिन मुनिबाट पाइप, लाइन बीच्छाई काम गर्ने संस्थाहरूले एक आपसमा समन्वय गरी वार्षिक कार्य योजनाको तालिका निर्माण गरी सहकार्य गरेमा विभिन्न समयमा एकै स्थानमा एक पछि अर्को निकायले बाटो खन्ने र पुर्ने काम नगरी एक ठाउँमा बाटो खन्दा सो क्षेत्रसँग सम्बन्धित सम्पूर्ण निकायले एकै पटक सो स्थानमा काम सम्पन्न गरेमा पटकपटक सडक खन्नु पर्ने बाध्यता पनि रहँदैन । यसले गर्दा सडक खन्दा निस्कने धुलो र फोहोरले वातावरणमा न्यून मात्रामा प्रदूषण गर्ने हुन्छ । तसर्थ सडक खन्ने, मर्मत गर्ने, पाइप लाइन विच्छ्याउने, पिच गर्ने जस्ता कार्य गर्नका लागि अन्तरसम्बन्धित निकायहरू बीच समन्वयात्मक भूमिका खेल्ने गरी एउटा स्थायी निकाय वा छुट्टै सार्वजनिक निर्माण विभाग (Public Works Department) स्थापना गर्ने ।

१४. वातावरणमा देखिएको प्रदूषणको एउटा कारण धुलो देखिएको छ । धुलो कम गर्न निम्न उपायहरू अवलम्बन गर्नुपर्ने देखिन्छः दैनिकरूपमा सडकमा कुच्चो लगाउने, धुलो उड्ने स्थानमा पानी छर्कने, सडकमा खनिएको ठाउँमा सम्भव भएसम्म घेरा लगाई काम गर्ने, सवारी यातायात हप्तामा एक दिन बन्द गर्ने (Vehicle holiday), जोरबिजोर चलाउने, प्रदूषण अत्याधिक भएको दिन स्कुल कलेज बन्द गर्ने, धुलो कम गराउन सक्ने उपकरण र उपकरण र प्रविधि भए त्यसको उपयोग गर्ने ।

१५. वातावरण प्रदूषणको अर्को कारण सवारी साधनबाट निस्केको धुवाँलाई देखिएको छ । यसलाई नियन्त्रण गर्न निम्न उपाय अवलम्बन गर्नुपर्ने देखिन्छः २० वर्ष पुराना सार्वजनिक सवारी साधन प्रयोग गर्न निषेध गरेको देखिएकोले सोलाई निरन्तरता दिने, सडकमा अत्याधिक धुवाँ फाल्ने सवारी साधन प्रयोग कर्तालाई तत्काल कारवाई गर्ने, सवारी साधनको वार्षिक कर तिर्ने बेला सवारी साधनले वातावरणमा पार्ने प्रभावको परीक्षण गर्ने र प्रदूषण गर्ने देखिएमा मर्मत नहुन्जेलसम्म सवारी साधन प्रयोग गर्न निषेध गर्ने ।

१६. फोहर व्यवस्थापन गर्नको लागि एवं शहरको सुन्दरता बढाउनको लागि ठाउँ-ठाउँमा जैविक र अजैविक फोहर छुट्याई सो फोहर फाल्ने भाँडाको व्यवस्था गर्ने, सो फोहरलाई दैनिकरूपमा

उपयुक्त स्थानमा बिसर्जन गर्ने, जथाभावी फोहर गर्नेलाई प्रचलित कानूनअनुसार सजाय हुने कानूनी व्यवस्थालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने, सार्वजनिक ठाउँहरूमा भएका फोहरहरू दिनदिनै व्यवस्थापन गर्ने, प्लाष्टिकजन्य अस्थायी प्रकृतिका झोलाहरूको प्रयोग गर्न निरूत्साहित गर्ने ।

१७. वातावरण संरक्षणमा जिम्मेवार निकायले गर्नुपर्ने कामको अतिरिक्त जनचेतनाले समेत ठूलो भूमिका खेल्दछ । वातावरणीय प्रदूषणबाट हुने असरलाई न्यून गर्न जनचेतना फैलाउनु पर्ने देखिन्छ । बाहिर हिँड्डुल गर्दा मास्कको प्रयोग गर्ने, अत्याधिक प्रदूषण भएको बेला सकेसम्म बाहिर ननिस्कने, निजी सवारी साधनको प्रयोग कम गरी सार्वजनिक सवारी साधनको प्रयोग गर्ने, ठूलो परिवहन प्रयोगमा जोड दिने, निजी सवारी साधनमा अटाएजति सवारी साधन नहुनेलाई लिफ्ट दिने, ट्राफिकमा रोकिराखेको बखत इन्जिन चलिराखेको अवस्थामा निस्कने धुँवाबाट वरिपरिको क्षेत्रमा बढी प्रदूषण हुने हुँदा त्यस्तो बेला इन्जिन बन्द गर्ने, फोहर उपयुक्त ठाउँमा विसर्जन गर्ने, जथाभावी फोहर नगर्ने, प्लाष्टिकका झोलाहरू प्रयोग नगर्ने जस्ता उपायहरू अवलम्बन गर्ने तर्फ सचेतना बढेमा समस्या समाधानतर्फ प्रभावकारी हुन सक्ने देखिन्छ ।

१८. वातावरण सफा र स्वच्छ राख्ने मुख्य जिम्मेवारी नेपाल सरकार तथा यस मातहतका निकायहरूको भएको तर उक्त निकायले नियन्त्रण गर्न नसकेको कारणले उत्पन्न परिस्थितिका लागि सरकार तथा त्यस मातहतका निकाय नै जिम्मेवार हुनुपर्ने भएकोले वातावरण प्रदूषणबाट स्वास्थ्यमा क्षति पुग्ने व्यक्तिको निःशुल्क उपचारको व्यवस्था सरकारले गर्ने ।

१९. वातावरण प्रदूषणको असर न्यूनीकरण गर्न सहरी क्षेत्रमा भएको ठुल-ठुला बोट विरूवाहरू समेत प्रभावकारी हुने भएकोले सहरी क्षेत्रका प्रत्येक घरमा न्यूनतम संख्या तोकी वृक्षारोपण गर्न उत्प्रेरित गर्ने । यसका लागी नि:शुल्करूपमा बोट विरूवाहरूको बिउ बिजन उपल्बध गराउने । यसका साथै सडक किनारमा भएका सरकारी स्वामित्वका भवन तथा खालि जग्गामा समेत अनिवार्यरूपमा वृक्षारोपण गर्ने ।

<u>दीर्घकालिनरूपमा गर्नुपर्ने कार्यहरूः</u>

२०. निजी सवारीसाधनको प्रयोग अत्यधिक बढेको देखिन्छ । जति बढी सवारी त्यतिनै प्रदूषणमा वृद्धि हुने कुरामा दुईमत हुन सकिँदैन । अतः निजी सवारी साधन शहरभित्र ल्याएर शहरभित्र भिड बढाइदिएर प्रदूषणसमेत गरेकोमा त्यस्ता सवारीधनिबाट थप शुल्क (Congestion Charge) लिने व्यवस्था गर्ने ।

२१. निजी सवारी साधनको संख्यामा वृद्धी हुनुको एउटा कारण सार्वजनिक सवारी साधन भरपर्दो, व्यवस्थित एवं सुविधायुक्त नहुनु पनि हो । जसको कारणले मानिसहरू निजी सवारी साधन किन्न र प्रयोग गर्नेतर्फ उन्मुख हुन्छन् । त्यस्तो निजी सवारी साधन व्यक्ति पिच्छे छुट्टाछुट्टै हुने र त्यसमा सवारी साधनको क्षमताभन्दा पनि सम्बन्धित व्यक्तिको इच्छाअनुसारका मानिसहरूले मात्र यात्रा गर्न पाउने भएकाले यसको क्षमताको पूर्ण सदुपयोग नहुनु साथै यसबाट अनावश्यक ट्रफिक बढन गई जामसमेत हुने हुँदा यसले वातावरणमा नकारात्मक असर पार्दछ । तसर्थ ट्रेन, बस जस्ता सामुहिक परिवहन (Mass Transportation) को व्यवस्था गर्ने । सामुहिक परिवहनका साधन भरपर्दो, व्यवस्थित, नियमित एवं सुविधायुक्त हुनुपर्ने जसले गर्दा निजी सवारी साधनको प्रयोगलाई निरूत्साहित गर्न सकिन्छ ।

२२. सवारी साधनमा प्रयोग हुने इन्जिनको गुणस्तरले समेत वायु प्रदूषणमा भूमिका खेल्ने भएकोले मोटर गाडीलगायत Spark-ignition Engines र Internal Combustion Engines भएको उपकरणबाट हुने वायु प्रदूषणलाई नियमन गर्न उत्सर्जन मापदण्ड बनाई लागू गर्ने । यसका

साथै शहरीक्षेत्रमा चल्ने अधिकांश सवारी साधन डिजेल, पेट्रोललगायतका इन्धनबाट चल्ने हुँदा यसले प्रदूषणको मात्रालाई झन बढाएको देखिन्छ । यसलाई नियन्त्रणको लागि Compressed Natural Gas (CNG) लगायतका वैकल्पिक इन्धनको प्रयोग गर्ने तथा विद्युत्बाट चल्ने सवारी साधनको प्रयोगलाई उत्प्रेरित गर्ने । यस्ता सवारी साधनलाई उत्प्रेरित गर्न वैकल्पिक इन्धनको प्रयोग गरी सेवा प्रदान गर्ने संस्थालाई कर छुट दिने, विद्युतीीय सवारी साधन देशभित्रै निर्माण गर्न प्रोत्साहन गर्ने तथा त्यस्तो सवारी साधन एवं त्यसको पार्ट पुर्जा आयात गर्दा भन्सार छुट दिने । यसका साथै शहरी क्षेत्रमा साइकललगायतका इन्धन रहित सवारी साधन प्रयोग गर्न त्यस किसिमको साइकल मैत्री सडकको निर्माण गर्ने ।

<u>प्रदूषण नियन्त्रण गर्नका लागि अन्य उपायहरू</u>

२३. विकास निर्माण मानवीय जीवनलाई अगाडि बढाउन एवं व्यवस्थित तुल्याउनको लागि अपरिहार्य रहेको छ । यस्ता कार्य मानवको लागि गर्ने भनिए पनि जथाभावी गर्दा मानव जीवनमा गम्भिर खतरा उत्पन्न गर्ने भएकोले विकास निर्माणको कार्य गर्दा मानवीय जीवनमा कुनै असर नपर्ने गरी भविष्यलाई समेत मध्येनजर गरी दिगो विकासको अवधारणा अनुसार गर्नुपर्दछ ।

२४. प्रदूषण नियन्त्रणको सन्दर्भमा कसको के जिम्मेवारी हुने भन्ने कुरामा विपक्षीहरूले एक अर्का माथी जिम्मेवारी पन्छाउने प्रकृतिको देखिएकोले यसबाट अन्तत् सर्वसाधारण प्रभावित हुने हुँदा वातावरण प्रदूषण नियन्त्रण गर्नको लागि एउटा समन्वयकारी निकायको स्थापना गर्ने । यसका साथै प्रदूषण नियन्त्रणको लागि गर्नुपर्ने आवश्यक कार्यको सम्बन्धमा सल्लाह सुझाव दिन सम्बन्धित विषयको विज्ञहरू रहने गरी स्थायी प्रकृतिको अनुसन्धान र सुझाव कार्यदल गठन गर्ने ।

२५. माथि उल्लिखित सुझावहरू सम्पूर्ण नभएपनि प्रदूषण न्यूनीकरण गर्न सहयोगी हुन सक्ने प्रकृतिको भएकोले यी र यस्ता अन्य उपायहरू अवलम्बन गरी वायु प्रदूषण नियन्त्रण गर्न प्रभावकारी पाइला चाल्न जरूरी देखिएकोले सम्बन्धित निकायहरू त्यसतर्फ सचेत हुनपर्ने देखिन्छ ।

२६. अतः माथि उल्लिखित आधार कारणबाट भूकम्पको कारणले क्षति ग्रस्त भएका पुरातात्त्विक महत्त्वका सम्पदाहरूको पुनर्निर्माण तथा वातावरण संरक्षणको मुख्य जिम्मेवारी नेपाल सरकारको भएको तर अन्तर सरकारी निकायहरू बीचको समन्वयको अभावले त्यस्ता सम्पदाहरूको पुनर्निर्माण हुन नसकेको एवं वातावरणमा पनि ह्रास आइरहेको हुँदा नेपाल सरकार तथा यस मातहतका निकायहरूले कानूनबमोजिमको आ-आफ्नो दायित्व पूरा गरेको नदेखिएकोले पुरातात्त्विक महत्त्वका सम्पदाहरूको पुनर्निर्माण गर्न तथा वातावरण संरक्षण गर्न माथि उल्लिखित कार्यहरू लगायत अन्य जे जो गर्नुपर्ने हुन्छ गर्नु गराउनु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने ठहर्छ । प्रस्तुत आदेशको जानकारी विपक्षीहरूलाई दिई रिट निवेदनको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार यस अदालतको अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. प्रकाशमान सिंह राउत

इजलास अधिकृतः रामु शर्मा
इति संवत् २०७४ साल वैशाख २१ गते रोज ५ शुभम् ।

निर्णय नं. ९८३०

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री मीरा खडका
माननीय न्यायाधीश डा. आनन्दमोहन भट्टराई
फैसला मिति : २०७३।११।०१
०६८-CR-०८०४

मुद्दा : ज्यान मार्ने उद्योग

पुनरावेदक / वादी : बद्धो खातुनीको जाहेरी नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : जिल्ला सुनसरी, सत्तेरझोरा गाउँ विकास समिति वडा नं. ६ बस्ने ऐजुव खाँ मियाँसमेत

- **आपराधिक कार्य (Actus reus) लाई हामी परम्परागतरूपमा बुझ्न अभ्यस्त छौं। जबकी उद्योगको अपराध हुनको लागि हातहतियार नै प्रयोग हुन वा शारीरिक आक्रमण हुन अनिवार्य हुँदैन । तर यस्ता विवाद हामीसमक्ष आउँदा हाम्रो प्रथम दृष्टि के कस्तो हतियार प्रयोग भएको छ भन्ने; त्यस्तै गरी शरीरको के कुन भागमा चोट परेको छ भन्दा पनि चोट कति गम्भीर छ भन्नेतर्फ जान्छ । हतियार पनि महत्त्वपूर्ण होला, चोटको गाम्भीर्य पनि सान्दर्भिक होला तर घटनाक्रमको समग्रताको सन्दर्भमा के मनसाय राखी गर्न खोजिएको हो, के गरिसकिएको छ, के हुन बाकी छ, र सो कार्य इच्छित परिणामको के कति नजिक छ भन्ने कुरालाई पनि उत्तिकै महत्त्वका साथ हेरिनु पर्ने।**

(प्रकरण नं. १६)

- **वस्तुतः मनसाय तत्त्व आपराधिक कार्यबाट नै खोजिने र हेरिने विषय हो; त्यसैले यो सँधै मुखरित अवस्थामा नहुन पनि सक्छ। कार्यको प्रकृति, सम्भावित परिणाम र सो परिणाम ल्याउन अभियुक्तले चालेको कदमहरूको समग्रतामा नै मनसाय तत्त्वको खोजी गरिनुपर्छ । अभियुक्तले आफ्नो कार्यको सम्भावित परिणाम यस्तो हुन सक्छ भन्ने जानकारी वा ज्ञान राखेको थियो वा थिएन; कार्यलाई हेरी यस्तो कार्यबाट यस्तो परिणाम निस्कन्छ भनी सामान्य समझको व्यक्तिले पनि भन्न सक्ने अवस्था अमुक वारदातमा थियो वा थिएन भन्ने यकिन गरिनुपर्छ। अर्थात् प्रतिवादीले कसुर गर्ने मनसाय राखेको भन्ने स्पष्टरूपमा भन्न नसकिए पनि सम्भावित परिणामबारे जानकारी राखेको थियो वा सामान्य समझको व्यक्तिले यस्तो परिणामबारे जानकारी वा ज्ञान राख्दछ भन्न सकिने अवस्था थियो भने कसुरदारले मनसाय राखेको रहेछ भन्ने मान्नु पर्ने।**

(प्रकरण नं. २०)

- **वस्तुतः उद्योगको कसुरमा आपराधिक कार्य (Actus reus) हुनको लागि "मर्नेसम्मको काम गरेको" हुनुपर्छ तर सो कार्य जे पनि हुन सक्छ, यसको सूची अनन्त बन्न सक्छ । त्यसैले उद्योगको कसुरमा के कार्य गर्‍यो भन्नेभन्दा पनि के कस्तो परिस्थितिमा के कति गम्भीर कार्य गर्‍यो र सो कार्य पूर्ण अपराधको कति नजिक छ भन्ने हेरिनु पर्ने।**

(प्रकरण नं. २३)

पुनरावेदक / वादीको तर्फबाट :
प्रत्यर्थी / प्रतिवादीको तर्फबाट :
अवलम्बित नजिर :

- *ने.का.प.* २०३७, नि.नं.१३९२, पृ.१४८
- *ने.का.प.* २०४३, नि.नं.२६१७, पृ.६९१
- *ने.का.प.* २०४३, नि.नं.२८२६, पृ.८१०
- *ने.का.प.* २०४६, नि.नं.३८१४, पृ.९६८
- *ने.का.प.* २०५१, नि.नं.४८९०, पृ.६२२
- *ने.का.प.* २०५५, नि.नं.६६०९, पृ.२७५
- *ने.का.प.* २०६५, नि.नं.७९३६, पृ.१४२
- *ने.का.प.* २०६६, नि.नं.८१३६, पृ.३०८

सम्बद्ध कानून :

सुरु तहमा फैसला गर्ने :

मा.जिल्ला न्या.श्री माधवप्रसाद पोखरेल

पुनरावेदन तहमा फैसला गर्नेः

मा.न्या.श्री जनार्दनबहादुर खड्का
माननीय न्यायाधीश श्री रामचन्द्र यादव

फैसला

न्या.डा. आनन्दमोहन भट्टराई : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र दायरी हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यस प्रकार छः

मिति २०६३।४।२८ गते बिहान ७:३० बजेको समयमा सतेरझोरा ६ मा मस्तकिम मियाँको चिया पसल उत्तरपट्टी सार्वजनिक बाटोमा मेरो पति सजलुम खाँ मियाँलाई ऐजुब खाँ मियाँसमेतले खुकुरी प्रहारी गरी गर्दन काटेकाले मेरो पतिको घाँ जाँचकेश फाराम गरिपाउँ भन्ने निवेदन।

जिल्ला सुनसरी, सतेरझोरा गाउँ विकास समिति वडा नं. ६ स्थित इनरूवा सतेरझवार जाने बाटो दक्षिणमा मस्तकिम खाँको चिया पसल यति ४ किल्लाभित्र पर्ने बाटोमा ऐजुव खाँ मियाँसमेतले सजलुम खाँ मियाँलाई खुकुरी प्रहार गरी काटी सख्त घाइते बनाएको भनी देखाएको घटनास्थल।

मिति २०६३।४।२८ गते बिहान ७:३० बजेको समयमा सतेरझोरा ६ मा मुस्तकिम मियाँको चिया पसल उत्तरपट्टि सार्वजनिक बाटोमा मेरो पति सजलुमा खाँ मियाँलाई महिउद्दिन खाँले समाती ऐजुव खाँ मियाँसमेतले खुकुरी प्रहार गरी गर्दन काटेकाले अपराधीलाई पक्राउ गरी कारवाही गरिपाउँ भन्ने वद्धो खातुन मियाँइनीको जाहेरी दरखास्त।

जग्गाको विषयलाई लिएर दगा धरेकोमा मिति २०६३।४।२८ गते मस्तकिम मियाँको चिया पसलमा चिया खाइरहेको अवस्थामा दाइको छोरा र मेरो छोराबीच भनाभन हुँदा ऐजुव खा मियाँले कान्छो छोरालाई खुकुरी फर्सा लिएर आयज भन्ने बित्तिकै निजले खुकुरी र फर्सा ल्याएको देखी म भाग्न लाग्दा महिउद्दिन खाँ मियाँले मलाई समाती दाजु ऐजुवले धारिलो हतियार खुकुरीले मलाई मार्ने छिनाउने उद्देश्य राखी प्रहार गर्दा मेरो बायाँ हातले रोक्न लाग्दा हातको हत्केला काटियो। सो पछि म भाग्न लाग्दा महिउद्दिनले झन दरो गरी समाती भाग्न उम्कन पाइन। ऐजुवले मेरो घाँटीमा खुकुरी फेरी प्रहार गरेपछि म भुइँमा लडेँ सो पछि मलाई केही थाहा भएन। मेरो होस खुल्दा म धरान घोपा अस्पतालमा उपचारमा रहेछु । मेरो घाँटीको भागमा गहिरो गरी काटेको छ। उपचार नभएको भए मेरो मृत्यु हुने थियो। जग्गाको निहुँमा ज्यान मार्नको लागि योजना बनाई दाजु ऐजुव खाँ, भतिजा सजान, सद्दाम, महिउद्दिन, उमर र भाउजु सहिदासमेत भई यस्तो घटना घटाई मेरो ज्यान मार्ने उद्योग गरेकाले कारवाही गरिपाउँ भन्ने सजलुम खाँ मियाँले खुलाई दिएको कागज।

उक्त समयमा म मदरसा सतेरझोरामा थिएँ। मैले सजलुम मियाँलाई धारीलो हतियार प्रहार गरी ज्यान मार्ने उद्योग गरेको छैन। मेरो नाम किन लेखाए थाहा भएन। ऐजुव खाँ मियाँसमेतले धारिलो

हतियार खुकुरी प्रहार गरी सजलुम खाँ मियाँलाई सख्त घाइते बनाएको सुनी थाहा पाएको भन्नेसमेत महिउद्दिन खाँ मियाँको बयान।

सो घटना मेरो घरनजिक भएको हो । सो स्थानमा झगडा भएपछि सद्दामले खुकुरी ल्याई बुबा ऐजुवलाई दिई उक्त खुकुरीबाट ऐजुव खाँले भाइको घाँटीमा प्रहार गरी सख्त घाइते बनाएको हुन् । सो समयमा मदरसामा पढाई रहेको थिएँ। सो वारदातमा थिएन भन्ने अलिहुसेन समेतले गरी दिएको कागज।

ऐजुव खाँसमेतका प्रतिवादीहरूले सजलुम खाँलाई खुकुरी गर्दनमा प्रहार गरेको भन्ने थाहा पाएको हुँ। महिउद्दिन खाँ उक्त समयमा मदरसामा पढाइरहेका थिए भन्ने सुनेको हुँ भनी दुखी खाँसमेतले लेखाई दिएको वस्तुस्थिति मुचुल्का।

यी प्रतिवादीहरूले गर्दन जस्तो संवेदनशील अङ्गमा खुकुरीले काटी ज्यान मार्ने उद्योग वारदात घटाएको पुष्टि हुन आएकाले प्रतिवादीहरू ऐजुव खाँ, सजान खाँ, सदाम खाँ, महिउद्दिन खाँ मियाँ, उमर खाँ मियाँ र सहिदा खातुनको उल्लिखित कार्य ज्यानसम्बन्धी महलको १ र १५ नं. को कसुर गरेकाले सो कसुरमा निज प्रतिवादीहरूलाई सोही महलको १५ नं. अनुसार सजाय हुन माग दाबी लिएको छ अभियोग दाबी।

सो मितिमा म मदरसा स्कुलमा बिहान ७:३० बजेको समयमा विद्यार्थीलाई पढाउँदै थिएँ। सो समयमा कसैसँग भेट भएन घटनास्थलमा गएको पनि छैन । सो सजलुमको चोट उनीहरूको दाजुभाइ झगडा बाट भएको भन्ने सुनेको हुँ, मैले ज्यान मार्ने उद्योग गरेको होइन भन्ने महिउद्दिन खाँले गरेको बयान।

प्रतिवादी महिउद्दिनलाई अ.बं.४७ नं. बमोजिम तारेखमा राख्ने आदेश।

म चियाखान गएको थिएँ । पीडितले मसँग नहर सफा गरेको पैसा माग गर्दा बुबालाई भन्नुभन्दा पैसा नदिने भनी पीडित कुँदेर घर गई मुसल लिई आई मेरो टाउकोमा हाने सोपश्चात म बेहोस भएँ । अन्य कुरा मलाई थाहा भएन। बुबा सो स्थानमा हुनुहुन्थ्यो, अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भनी प्रतिवादी सजान खाँको बयान।

उक्त समय र दिनमा म घरमा थिएँ । मेरो उपस्थिति नै नभएकोमा किन मलाई भने थाहा भएन। मेरो छोरा आएपछि थाहा पाएको हो। म घटनामा संलग्न नभएको हुँदा सजाय हुनुपर्ने होइन भनी प्रतिवादी सइदा खातुनको बयान।

प्रतिवादी सइदा र सजानलाई अ.बं. नं. ४७ बमोजिम तारेखमा राख्ने आदेश।

उक्त दिन म मदरसामा पढिरहेको थिएँ। घरमा ९ बजे आउँदा बहिनीले झगडाको खबर सुनाइन, म मदरसामा पढ्न आई महिउद्दिन सँग मात्र भेट भएको थियो। किन जाहेरी दिए मलाई थाहा भएन, यससम्बन्धी मलाई केही थाहा भएन, मलाई लगाएको अभियोगबमोजिम सजाय हुनुपर्ने होइन भन्ने प्रतिवादी सद्दाम खाँले गरेको बयान।

म खेतमा सो दिन ६ बजेनै मकै छर्ने भनेर गएको थिएँ। १० बजे फर्किँदा थाहा भयो। कसैसँग भैट भएको थिएन। घटनास्थलमा म नभएको हुँदा केही थाहा छैन । मलाई आरोप किन लगाए थाहा भएन । मलाई सजाय हुनुपर्ने होइन भनी प्रतिवादी उमेर खाँले गरेको बयान।

प्रतिवादी सद्दामलाई रू.३,०००।– धरौटी माग भई निजले धरौटी राखी तारेखमा बसेको र उमरलाई तारेखमा राख्ने आदेश भएको।

सो बेलामा म सप्तरी गएको थिएँ । मेरो छोराहरू र घाइते सजलुमबीच काटाकाट भएको भनी खबर पाएपछि सिधै धरान घोपा अस्पतालमा छोरालाई हेर्न गएँ। पानीको विषयमा मेरो छोरासँग झगडा भएको हो। ऐजुव खाँले सजलुमलाई खुकुरी प्रयोग गरी घाँटीमा काटेको भनी प्रहरीमा लेखाएछन् मैले काटेको होइन। यी घाइते मेरा भाइ हुन्। फोटो निजकै हो मेरो छोरासँग

घटना घटेको रहेछ भनी अदालतमा आई प्रतिवादी ऐजुव खाँले गरेको बयान।

प्रतिवादी ऐजुव खाँलाई ठहरेबमोजिम हुने गरी हाललाई यी प्रतिवादीहरूलाई अ.बं. ११८ नं. को देहाय २ बमोजिम पुर्पक्षका निमित्त थुनामा राख्न आदेश भई थुनामा रहेको।

दवियाले ऐजुवले सजलुमलाई हानेँ। त्यहाँ पानीको बैठक थियो। उपचार हुन नसकेको भए पतिको ज्यान मर्ने अवस्था थियो। महिउद्दिनले समातेको हो। मार्ने नियतले घाँटीमा काटेको हो भनी जाहेरवाला वद्धो खातुनले गरेको बकपत्र।

मिति २०६३।४।२८ गते ७:३० बजे बिहान चिया पसल पुगेको हुँ। त्यहाँ नहर पानीको विषयमा कुरा भएको थियो। मेरो दाजु ऐजुव खाँ बसी रहेको थिए। मलाई देखेपछि ऐजुवले मेरो श्रीमतीसँग मुख चलाएको भने। मैले मुख चलाएको होइन भने, निजका छोरा सद्दाम पनि त्यहीँ थिए। छोरालाई घरबाट खुकुरी फर्सा लिई आइज भनेपछि छोराले खुकुरी ल्याई ऐजुवलाई दिए। ऐजुवले मलाई हान्ना लाग्दा म भाग्न खोज्दा महिउद्दिनले मलाई समाते र ऐजुवले मलाई घाँटीमा खुकुरीले हाने। मानिस आई मलाई घोपा अस्पतालमा लगे। प्रतिवादीले मलाई ज्यानै लिने गरी खुकुरीले हानेको हुन् जग्गासम्बन्धी रिसइवी थियो भनी सजलुम खाँ मियाँले गरेको बकपत्र।

प्रतिवादीका साक्षीहरूले ज्यान मार्ने नियतले सो घटना गएको होइन भनी बकपत्र गरेका रहेछन्।

ऐजुवले सजलुमलाई काट्यो महिउद्दिनलाई देखिन। पानीको विषयमा झगडा भएको हो भनी घटनास्थलमा बस्ने मुसहरू सरदारले गरेको बकपत्र।

घटना भएको ठाउँमा मेरो छोराको चिया पसल छ। त्यहाँ ऐजुव र सलजुमबीच भनाभन हुँदाहुँदै हात हालाहाल भयो। दोहोर कुटपिट भयो। ऐजुवले छोरा सद्दामलाई घरबाट खुकुरी ले भने। छोराले खुकुरी ल्याएपछि ऐजुवले खुकुरीले सजलुमलाई घाँटीमा हानेँ। अर्को पटक हान्न खोज्दा सजलुमले खुकुरी समात्यो हातसमेत काट्यो त्यसपछि मोटर साइकलमा राखी घोपामा लगि उपचार गरेको हो, पानीको विषय लिएर भनाभन भएको हो। ऐजुव आफैँ भागी गयो भन्नेसमेत घटनास्थलमा बस्ने सरवर खाँको बकपत्र।

प्रतिवादीहरूले ज्यान मार्ने उद्योगको नै कसुर गरेको भन्न मान्न नमिल्ने हुँदा सबै प्रतिवादीले ज्यान मार्ने उद्योगको अभियोगबाट सफाई पाउने ठहर्छ। प्रस्तुत मुद्दाको घटनाक्रम र अवस्थालाई दृष्टिगत गर्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटमा परिणत गरिदिएको छ भन्ने सुरू सुनसरी जिल्ला अदालतको फैसला।

प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम ज्यान मार्ने उद्योगतर्फ सजाय गर्नुपर्नेमा सो नगरी सफाई दिई मुद्दालाई कुटपिटतर्फ परिणत हुने ठहर्याई भएको सुरू अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने व्यहोराको वादी नेपाल सरकारको पुनरावेदन पत्र।

पीडितको कागज एवं अदालतमा भएको बकपत्रसमेतको आधारमा प्रतिवादीलाई ज्यान मार्ने उद्योगको कसुरबाट सफाई दिने गरी भएको सुरू जिल्ला अदालतको फैसला फरक पर्न सक्ने देखिँदा अदालती बन्दोबस्तको २०२ नं. बमोजिम प्रत्यर्थी झिकाई आएपछि नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत, विराटनगरबाट भएको आदेश।

यसमा मिति २०६३।४।२८ को घाँ जाँच केश फाराम तयार गर्ने विशेषज्ञ चिकित्सकलाई बुझ्ने पर्ने भएकाले वि.पी. कोइराला स्वास्थ्य प्रतिष्ठान धरानका डा. विजय थापालाई दिन किटान गरी झिकाई बकपत्र गराई नियमानुसार पेस गर्नु भन्ने पुनरावेदन अदालत, विराटनगरबाट भएको आदेश।

पीडितको रगत बढी गएर रक्तचाप घटेको होला। मैले सामान्य उपचार गरेको हुँ। पीडितको

अवस्था खतराजनक थियो भन्नेसमेत व्यहोराको घा जाँच केश फाराम तयार गर्न डा. विजय थापाको बकपत्र।

ज्यान मार्ने मुद्दाको कसुर कायम गर्नका लागि तेस्रो तत्त्वको उपस्थिति अनिवार्य हुनुपर्नेमा तेस्रो पक्षको आकस्मिक उपस्थिति वा हस्तक्षेप भएको देखिँदैन। यसरी दुवै पक्षबीच एक आपसमा भनाभन र कुटपिटसमेत भएको भनी अन्य व्यक्तिहरूको भनाईबाट पुष्टि भएको पीडित घाइतेलाई उपचारको लागि मोटर साइकलमा लगेको अवस्थासमेतलाई विचार गर्दा अभियोग माग दाबीअनुसारको यी प्रतिवादीहरूले ज्यान मार्ने उद्योगको कसुर गरेको देखिएन। तसर्थ सबै प्रतिवादीहरूले ज्यान मार्ने उद्योग अभियोगबाट सफाई दिने कुटपिटमा परिणत गर्ने गरेको सुनसरी जिल्ला अदालतको मिति २०६५।२।२२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने मिति २०६७/३/१४ मा पुनरावेदन अदालत, विराटनगरबाट भएको फैसला।

वारदातस्थल चिया पसल अगाडि हो। सो ठाउँमा बिहानको समयमा धेरै व्यक्ति चिया खान उपस्थित भएको देखिएका छन्, त्यस्तो ठाउँमा वारदात हुँदाको अवस्थामा बचाउका लागि अन्य व्यक्तिले हस्तक्षेप गरेनन् होला भनी अनुमान गर्न मिल्दैन। साथै पीडितलाई तत्काल मोटरसाइकलमा राखी इनरूवा अस्पताल पुर्‍याइएको छ। सो ठाउँमा उपचार हुन नसक्ने भनी वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा अर्धचेतन अवस्थामा उपचार भएको छ। निज पीडितलाई तत्काल उपचारको लागी समयमा अस्पताल नपुर्‍याएको भए निजको ज्यान जाने अवस्था थियो। पीडितको घाउँ जाँच केश फारामबाट उल्लिखित तथ्य देखिएको र मिसिल संलग्न सिलगुडी अस्पतालमा उपचार गरेका बिल रसिदहरूले वारदातको गहन स्वरूपको पुष्टि भएको छ। यस्तो अवस्थामा तेस्रो पक्षको उपस्थित नभएको भनी प्रतिवादीहरूलाई सफाई दिने गरी भएको उक्त फैसलामा मिसिल संलग्न प्रमाणको उचित मूल्याङ्कन हुन सकेको छैन। आफ्नो कार्यको परिणाम स्वरूप पीडितको मृत्यु हो भन्ने थाहा पाई प्रतिवादीहरू भागी फरार भएको, पीडितलाई अर्धचेतन अवस्थामा तत्काल उपचार गरी बचाएको, अदालतमा भएको चिकित्सकको बकपत्रबाट सो तथ्य स्थापित पनि भएको अवस्था र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त (इस्लामुद्दिन जोलाह विरूद्ध श्री ५ को सरकार *ने.का.प.* २०४३, अंक ८, पृष्ठ ८१०, नि.नं. ८१५० (२०६५।१०।२८) मुद्दामा मनसाय भएको कुरा कार्यले पनि प्रमाणित गर्ने कुरा हो। प्रतिवादीको हुलको संख्या, हातमा लिएको खुकुरी जस्तो धारिलो हतियार, घाउको संख्या, बरामद भएको हतियार, त्यस्तो धारिलो हतियार प्रहार गर्नु नै प्रतिवादीको मनसाय प्रमाणित हुने हो भन्ने सिद्धान्तको प्रतिपादिन भएको छ। उक्त प्रतिपादिन सिद्धान्तविपरीत भएको उक्त फैसला त्रुटिपूर्ण छ। अतः सफाई दिने गरी भएको सुरू जिल्ला अदालतको फैसला सदर गर्ने गरी भएको पुनरावेदन अदालत, विराटनगरको फैसला बदर गरी प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम सजाय गरी पाउन सम्मानित अदालतसमक्ष सादर अनुरोध छ भन्ने नेपाल सरकारको मुद्दा दोहोर्‍याई हेरी पाउँ भन्ने यस अदालत पर्न आएको निवेदन।

यसमा पीडितको घाउँ जाँच प्रकृतिबाट **घाँटी जस्तो संवेदनशील अंगमा ८ सेन्टिमीटर गहिरो काटिएको देखिए**को र खुकुरी जस्तो हतियारले घाँटीमा प्रहार गरेको स्थिति स्वयं जघन्य हुने हुँदा प्रमाणको मूल्याङ्कन एवम् ज्यानसम्बन्धी महलको १५ नं. को गलत प्रयोगसम्बन्धी प्रश्न विद्यमान भई पुनरावेदन अदालतको फैसलामा प्रमाण ऐन, २०३१ को दफा ३ र ५४ एवम् अ.वं. १८४क नं. समेतको त्रुटि विद्यमान भएकोले न्याय प्रशासन ऐन, २०४८ को

दफा १२(१) को खण्ड (क) को आधारमा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गरिएको छ, नियमानुसार गरी पेस गर्नु भन्ने मिति २०६८।९।२२ मा यस अदालतबाट भएको आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताको श्री ज्ञानप्रसाद भुसालले प्रतिवादीहरू उपर किटानी जाहेरी परेको छ। धारिलो हतियार खुकुरीले घाँटी जस्तो संवेदनशील अंगमा प्रहार गरेका छन्। धारिलो हतियार खुकुरीले प्रहार गर्दा मानिस मर्न सक्छ भन्ने कुरा सामान्य समज भएको जसले पनि अनुमान गर्न सक्ने हुँदा प्रतिवादीहरूले पीडितलाई मार्ने मनसाय थिएन भन्न मिल्दैन । घटनास्थलबाट खुकुरी बरामद भएको छ। पीडित र प्रतिवादीहरूको बीच पहिलेदेखि नै जग्गासम्बन्धी विवाद रहेको देखिन्छ । पीडित सजलुम खाँलाई प्रतिवादीहरूले कुटपिट गरेका छन्। मार्नेसम्मको कार्य भएको तर तत्काल उपचार गरिएको कारण पीडितको ज्यानसम्म बच्न गएको हुँदा प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भनी र प्रतिवादीहरूका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री सुनिल पोखरेलले प्रतिवादीमध्येका महिउद्दिन खाँ मौकामा पक्राउ परी कसुरमा इन्कार रही बयान गरेको छन्। वारदात भिडभाड ठाउँमा भएकोले कसको चोटले पीडित घाइते भएको भनी खुल्न सकेको छैन। ज्यानै मार्ने मनसायले प्रहार गरेको देखिँदैन । तसर्थ सुरू जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरको फैसला सदर गरिपाउँ भनी बहस गर्नुभयो।

उपरोक्तबमोजिम विद्वान् उपन्यायाधिवक्ता तथा विद्वान् अधिवक्ताले गर्नुभएको बहस सुनी पुनरावेदनसहितको मिसिल कागजात अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा देहायका प्रश्नहरूको निरूपण गर्नुपर्ने देखिन आयो।

(क) पीडितउपर भएको कार्य ज्यान मार्ने उद्योगको परिभाषाभित्र पर्छ वा पर्दैन र प्रस्तुत मुद्दामा ज्यान मार्ने उद्योगको अभियोग स्थापित हुन सक्छ वा सक्दैन।

(ख) प्रतिवादीहरूलाई ज्यानमार्ने उद्योगको कसुरबाट सफाई दिने र प्रस्तुत मुद्दालाई कुटपिटमा परिणत गर्ने गरेको सुरू सुनसरी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको फैसला मिलेको छ वा छैन, पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन।

२. सर्वप्रथम पहिलो प्रश्नतर्फ हेर्दा यहाँ केही तथ्यहरू बारे प्रकाश पार्दै उठाइएको प्रश्नमा प्रवेश गर्नु उपयुक्त देखिन आयो। प्रस्तुत मुद्दाको उठान पीडित सजलुम खाँकी श्रीमती वद्धो खातुन मियाँइनीको जाहेरीबाट भएको छ। जाहेरीमा ऐजुव खाँले सजलुम खाँलाई ज्यान मार्ने योजना बनाई २०६३/४/२८ गते बिहान ७:३० बजे सुनसरी जिल्ला, सतेरझवार गाउँ विकास समिति वडा नं. ६ स्थित मस्तकिम खाँको चिया पसल अगाडि ज्यान मार्ने उद्देश्यले खुकुरीले घाँटीमा हान्दा श्रीमान् सख्त घाइते भएको कुरा जाहेरीमा उल्लेख भएको छ। पीडितलाई तत्काल उपचारको लागि इनरूवा अस्पताल लगिएकोमा त्यहाँ उपचार हुन नसकी धरान स्थित घोपा अस्पतालमा राखी उपचार गरिएको भन्ने कुरा पनि मिसिलमा उल्लेख भएको छ। पीडितको घाउजाँच प्रतिवेदनमा Cut injury over (Lt) Side of neck, lateral to middle, cut injury extending backward up to ८ cm below sub-occipital region भन्ने उल्लेख भएको पाइन्छ। साथै अस्पतालमा पुग्दा बिरामी अर्धचेतन अवस्थामा रहेको, पल्स ७० प्रति मिनेट, ब्लड प्रेसर ७०/५० रहेको भन्ने पनि उल्लेख भएको पाइन्छ। घाँटीमा नै खुकुरी

प्रहार भएको हो भन्ने पीडित सजलुम खाँ र घटनाको प्रत्यक्षदर्शी भनिएका मलुद खाँ तथा अलि हुसेन खाँको कागजबाट समेत देखिन्छ । त्यस्तैगरी जुन खुकुरीबाट चोट प्रहार गरिएको भनिएको छ सो खुकुरी वारदात घटेको भनिएको स्थानबाट बरामद भएको भन्ने पनि बरामदी मुचुल्काबाट देखिन्छ ।

३. मिसिल संलग्न यी तथ्यहरूको पृष्ठभूमिमा अब पीडितउपर भएको कार्य ज्यान मार्ने उद्योगको परिभाषाभित्र पर्छ वा पर्दैन ? अर्थात् अभियोग पत्रमा दाबी लिइएबमोजिम ज्यान मार्ने उद्योगको अभियोग स्थापित हुन सक्छ वा सक्दैन भन्नेतर्फ हेर्दा उद्योगको सैद्धान्तिक पक्ष, मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. मा उल्लिखित कसुर कायम हुनको लागि आवश्यक पर्ने तत्त्वहरू र ज्यान मार्ने उद्योगको कसुरमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरू समेतको सन्दर्भमा यस इजलाससमक्ष प्रस्तुत मुद्दामा ती तत्त्वहरू विद्यमान छन् वा छैनन् भनी हेर्नुपर्ने हुन आयो ।

४. प्रारम्भमा नै के कुरा स्पष्ट गर्न जरूरी छ भने **"ज्यान मार्ने उद्योग"** बारे अहिलेसम्मको हाम्रो दृष्टिकोण अधुरो र अपुरो छ । जसरी उद्योगको अपराधलाई एउटा अलगै वर्गको अपराध हो भनी हेर्नु र बुझ्नु पर्ने हो सो हुन सकेको छैन । त्यसैले यसको सैद्धान्तिक र विधिशास्त्रीय पक्षको विषद विश्लेषण यहाँ सान्दर्भिक देखिन आयो ।

५. सैद्धान्तिकरूपमा हेर्दा उद्योगको अपराध **"अपूर्ण अपराध"** हो भन्ने देखिन्छ । अर्थात् जुन कार्य गर्ने मनसाय वा सोच, समझ राखी पूर्ण अपराध घटाउने कार्य गरिएको हुन्छ, उद्योगमा पनि सोही मनसाय राखी कार्य गरेको हुन्छ यद्यपि कार्य भने पूर्ण हुन पाएको हुँदैन । यसलाई स्पष्ट पार्दै विधिशास्त्री George Fletcher ले उद्योगलाई **"असफल अपराध"** भनेका छन् । असफल अपराधको दृष्टान्त दिँदै उनी भन्छन: घटना यस्तो पनि हुन सक्छ हत्याराले बन्दुक हानी सकेको हुन सक्छ तर सही निसाना लगाउनमा उ चुक्छ; बैंक लुट्न गएको व्यक्ति बैंकमा प्रवेश गरी बन्दुक पनि सोझ्याउछ, तर रकम लुटनु भन्दा पहिले उ पक्राउ पर्छ; बलत्कारीले बलत्कार गर्ने प्रयास गर्छ तर पीडितले आफू गर्भवति भएको भन्दै ऊबाट बच्दछिन्; हत्याराले कफिमा विष हालिसकेको हुन्छ तर जसलाई विष दिन खोजिएको हो सो व्यक्तिले कफि पिउनु अगाडि सो कफि पोख्छ । यी सबै पूर्ण हुन नसकेका आपराधिक कार्यहरू हुन् र यी सबैले उद्योगको कसुरमा दायित्व श्रृजना गर्न सक्छन्: उनकै शब्दमा भन्दा:

> **Attempts are cases of failure. A would-be killer shoots, but his aim is off. A woman sent on robbery enters a bank and pulls a gun, but is arrested before she gets the money. A man tries to rape a woman, but she dissuades by telling him that she is pregnant. A man puts poison into his intended victim's coffee cup, but the latter spills the coffee before drinking it. All of these frustrated crimes are candidates for liability as criminal attempt.[30]**

६. माथिका सबै दृष्टान्तहरूमा आपराधिक कार्य र आपराधिक मनसाय दुवै तत्त्वको उपस्थिति हुँदाहुँदै पनि जुन मनसाय वा नियत राखेर कार्य गर्न खोजिएको छ, सो कुरालाई विशेष महत्त्वका साथ हेरिन्छ । उद्योगमा गर्न खोजिएको कार्य पूरा नहुने भएकै कारणबाट प्रसिद्ध अपराध शाश्त्रीद्वय स्मिथ र होगन (Smith & Hogan) ले यसलाई **"अपूर्ण अपराध"**

30 George Fletcher, RETHINGIN CIRMINAL LAW, Oxford Univercity Press, २०० at P.३

(inchoate offence) भनेका छन्[31]। अपूर्ण अपराध भएकै कारणले उद्योगको प्रकृति एवम् स्वरूप विशिष्ट हुन्छ । यही विशिष्टतालाई मद्यनजर गर्दै उद्योग भन्न नमिल्ने कसुरहरू यसमा नपरून भन्नको लागि यसमा मनसाय तत्त्वलाई विशेष सतर्कतापूर्वक हेरिन्छ । उदाहरणार्थ हत्याको पूर्ण अपराध आवेशमा आई, होश नपुर्‍याई वा हेलचेक्र्याइँ गरे पनि घट्न सक्छ भने उद्योग आपराधिक मनसाय नराखी घट्दैन[32] । यस कुरालाई हाम्रो न्यायिक परिपाटीमा हामीले पनि स्वीकार गरेका छौं । उद्योगसम्बन्धी कसुरमा आपराधिक कार्य र मनसायबीच रहेको यही सम्बन्धलाई स्पष्ट गर्दै अपराधशास्त्री C. S. Kenny ले भनेका छन्:-

> **Essence of attempt lies in the intention rather than in the acts done in furtherance thereof. In other words, the criminality is constituted more by mens rea than by the actus reus. Yet, mens rea alone is not a crime, the court requires physical evidence; but so much as necessary to establish mens rea.**

७. त्यसो भए आपराधिक कार्य (actus reus) को कुन चरणमा उद्योगको अपराध हुन जान्छ त भन्ने अर्को प्रश्न यसै सन्दर्भमा हाम्रो सामु उत्पन्न हुन्छ । यस बारे विभिन्न मुलुकमा अपनाइएको न्यायिक व्यवहार र दृष्टिकोणमा सामान्यरूपको विविधता पाइन्छ । उदाहरणार्थ अमेरिकी अदालतहरूको दृष्टिमा उद्योग ठहर्नको लागि अभियुक्त तयारीको चरणबाट सारभूतरूपमा अघि बढ्दै (Taking substantial steps) खतरनाकरूपले आफ्नो उद्देश्यको नजिक (In dangerous proximity to the end) पुग्नुपर्छ भनिएको छ । यस बारेमा एउटा मुद्दामा भनिएको पनि छ:

> **The crux of determination of whether the acts are sufficient to constitute an attempt is whether, when given the specific intent to commit an offense, the acts taken in furtherance thereof are such that there is dangerous proximity to success in carrying out the attempt.** [33]

८. खतरनाकरूपले अपराधको नजिक भनी सम्भवतः के कुरालाई भन्न सकिएला भने कुनै कार्य घट्यो र सो कार्यबाट स्वभाविकरूपमा निस्कने सम्भावित परिणमलाई बीचैमा नरोकेको अवस्थामा पूर्ण अपराध घट्न सक्थ्यो भने त्यस्तो कार्य खतरनाकरूपले पूर्ण अपराधको नजिक हुन्छ र त्यस्तो कार्य गर्ने व्यक्तिलाई उद्योगमा सजाय हुन सक्छ । उद्योगको कसुरबारे स्पष्ट गर्दै न्यायमूर्ती होम्स (Justice Holmes) ले भनेका छन्:

> **"An act is punishable as an attempt, if, supposing it to have produced Its natural and probable effect, it would have amounted to a substantive crime"[34]**

९. यी समस्त कुराहरूबाट अमेरिकामा

31 J.C. Smith and B. Hogan, CRIMINAL LAW (१२ th Ed, David Ormerod ed; २००८, OUP) at P. ३७९

32 Kenny's OUTLINE OF CRIMINAL LAW (९th ed. J.W. (Cecil Turner १९६६) at P.१०२

33 People V. Paluch २२२ N.E. २d ५०८, ५१० (Ill. App.ct. १९६६)

34 Justice Holmes in the common law at ६६ cited in stanford H. Kadish and Stephen J. Schulhofer, CRIMINAL LAWAND ITS PROCESS (Cases and Materials, ६th ed. १९९५) at p.५८९-५९०

मनसाय, सम्भावित परिणाम र परिणामको कति नजिकबाट आपराधिक कार्य घट्न गएको छ यी कुराहरू न्यायको रोहमा हेरिन्छन् र कुनै कार्य उद्योग हो वा होइन भनी निर्णय निष्कर्षमा अदालत पुग्दछ भन्ने हेरिन्छ ।

१०. उद्योगसम्बन्धी अपराधको विधिशास्त्रीय अध्ययन गर्दा के पनि देखिन्छ भने अमेरिकी अदालतहरूले आपराधिक कार्य (Actus reus) को जुन मानक खडा गर्न खोजेका छन्, त्यही मानक संयुक्त अधिराज्यमा खडा गर्न खोजिएको छैन । अर्को शब्दमा भन्दा संयुक्त अधिराज्यमा उद्योगको अपराध कायम हुनको लागि अमेरिकामा जस्तो **"खतरनाकरूपले आफ्नो उद्देश्यको नजिक"** पुग्नु आवश्यक हुँदैन, तयारीको चरणबाट अघि बढी आपराधिक कार्य गर्न थाल्नु नै उद्योगको कसुर कायम गर्न पर्याप्त हुन्छ । संयुक्त अधिराज्यको फौजदारी उद्योग ऐन, (Criminal Attempt Act) १९८१ को दफा १ को उपदफा (१) मा उद्योगलाई परिभाषा गर्दै भनिएको छ:

> **"If with intent to commit an offence to which this section applies, a person does an act which is more than merely preparatory to the commission of the offence, he is guilty of attempting to commit the offence."**

११. यो कुरा स्पष्ट छ कि माथिको परिभाषामा कतिपय अमेरिकी राज्यहरूका कानूनमा भए जस्तो अपराध घटाउने सन्दर्भमा गम्भीर प्रयास गरेको मानिने कुनै कार्य "Conduct constituting substantial step toward the commission of the offense"[35] वा अमेरिकी अदालतहरूले भनेजस्तो खतरनाक रूपले आपराधिक उद्देश्यको नजिक पुगेको (within dangerous proximity to the criminal end) हुनु आवश्यक देखाइएको छैन । तयारीभन्दा अघि बढेर अपराध घटाउन चालिएको सामान्य कदम (Slightest conduct towards commission of an offence) पनि आपराधिक कार्यको वर्गभित्र पर्न सक्छ ।[36] उद्योगको अपराधमा अपराधीको मनसाय र आपराधिक कार्य दुवै विद्यमान हुनुपर्ने आवश्यकतालाई भने माथिको परिभाषामा स्पष्टैसँग राखिएको छ ।

१२. बेलायतमा तयारी र उद्योगलाई छुट्याउने सन्दर्भमा तयारीभन्दा अघि बढेर पूर्ण अपराध हुनको लागी आवश्यक पर्ने कार्यहरू मध्ये कुनै कार्य गरिसकेको छ भने सो उद्योग हो भनिएको छ । किङ्स बेन्चले एउटा मुद्दामा यस विषयमा स्पष्ट पार्दै भनेको छः The completion [or attempted completion] of one of a series of acts intended by a man to result in killing is an attempt to murder, even though the completed act would not, unless followed by other acts, result in killing. It might be the beginning of an attempt but would none the less be an attempt.[37]

१३. यद्यपि कुन कार्य तयारीसम्म हो र कुन उद्योग हो भनी छुट्याउन प्रत्येक मुद्दामा भएको कार्य, वातावरण र परिस्थितिलाई हेर्नुपर्छ । तर बेलायत र सो पद्धतिलाई अनुशरण गर्ने देशहरूको मत के छ भने उद्योग हुनुको लागी तयारीको चरणबाट अभियुक्त अघि बढेकै हुनुपर्छ यद्यपि उसले अपराध घटाउन गर्नुपर्ने सबै कार्य गरिसकेको भने नहुन सक्छ, जुन जरूरी पनि छैन ।[38]

१४. बेलायतमा जस्तै भारतीय कानूनमा पनि उद्योगको कसुरमा कार्य (actus reus) लाई भन्दा मनसाय (intention) र ज्ञान (knowledge) लाई

35 For e.g. Colorado Penal Code ६-१८-२-१०१(१)

36 J.C. Smith & B Hogan, Supra note २ at p. ३८०

37 R.V. White [१९१०] २ K.B.१२४;४Cr. App.R. २५७

38 हेर्नुहोस The King V. Barker [१९२४] N.Z.L.R. ८८५Cited in Supra Note ५ at P. ५९५

महत्त्वपूर्ण मानिएको छ । जहाँ तयारीभन्दा अघि बढेर हत्याको कसुर गर्न अभियुक्तले केही कार्य गर्छ र सो कार्य पूरा हुँदा हत्या गरेको मानिन्छ भने अपूर्ण कसुर चाहिँ हत्याको उद्योग मानिन्छ भन्ने भारतीय कानूनको मत छ । उद्योगबारे भारतीय दण्ड संहिता (Indian Penal Code) १८६० को दफा ३०७ मा देहायको व्यवस्था गरिएको छ:

> **Attempt to Murder - Whoever does any act with such intention or knowledge, and under such circumstances that, if he by that act caused death, he would be guilty of murder, shall be punished with imprisonment of either description for a term which may extend to ten years, and shall also be liable to fine; and, if hurt is caused to any person by such act, the offender shall be liable either to 1[imprisonment for life], or to such punishment as is hereinbefore mentioned.**

१५. माथिको व्यबस्थामा उद्योगको कसुरमा सजाय हुन मनसाय (Mensrea) र ज्ञान (Knowledge) दुवै तत्त्वलाई उत्तिकै महत्त्वका साथ हेरिएकोछ । मनसायपूर्वक गरिएको कुनै कार्य वा कुनै कार्यको स्वभाविक परिणाम यो हुन सक्छ भन्ने वा जानकारी भई गरिएको कुनै कार्य पूर्ण हुन नपाएको स्थितिमा उद्योगमा सजाय हुन सक्छ । यसको अर्थ के पनि हो भने तयारीको चरणबाट अघि बढेर अभियुक्तले केही कुरा गरेको छ तर जुन परिणाम निस्कनु पर्ने हो सो निस्केको छैन, जस्तो बन्दुक फायर गरिएको छ र सो मुद्दाको विशेष परिस्थितिमा कार्य पूर्ण हुँदा हत्याको कसुर हुन सक्थ्यो तर कार्य पूर्ण भएको छैन, त्यस्तै गरी कुनै कलिलो उमेरको बच्चाको मृत्यु होस भन्ने मनसाय राखी निर्जन स्थानमा छाडिएको छ, विष खुवाउने नियतले विष किनी खानामा मिसाइएको छ र पीडितको टेवलमा राखिएको छ वा उसको नोकरलाई दिइको छ तर पीडितले खाइसकेको छैन भने पनि उद्योगको कसुर कायम हुन्छ ।[39] यसरी हेर्दा भारतीय कानूनले तयारी र उद्योगको बीचमा झिनो विभाजन रेखा मात्र कायम राखेको छ । दण्ड विधानमा आपराधिक कार्यको गाम्भीर्यतालाई मनसाय वा ज्ञानतत्त्वलाई जति जोड दिइएको छैन ।[40] भारतीय कानूनमा उद्योगको सम्बन्धमा रहेको व्यवस्थाको बारेमा भारतीय सर्वोच्च अदालतले भनेको छः-

> **It is not necessary that the injury actually cause to the victim of the assault should be sufficient under ordinary circumstances to cause the death of the person assaulted. What the court has to see is whether the act, irrespective of the result, was done with the intention or knowledge and under circumstances mentioned in this section. An attempt in order to be criminal need not be the penultimate act. It is sufficient in law, if there**

39 हेर्नुहोस दफा ३०७ को स्पष्टीकरण क.ख.ग.घ.

40 State of Maharastra v Balram Bama Pate AIR १९८३ SC ३०५ मा मर्नेसम्मको चोट छाडेको हुन जरूरी छैन भनिएकोछ त्यस्तै गरी Sarju Prasad v State of Bihar AIR १९६५ SC ८४३ मा अभियुक्तले छाडेको चोटले कुनै भाइटल अङ्ग काटेन भनेर उद्योग नहुने होइन भनियो । त्यस्तै गरी Vasant Virthu Jadhav v. State of Maharashtra, (१९९७) २ Crimes ५३९ (Bom). को मुद्दामा The important thing to be borne in mind in determining the question whether an offence under section ३०७, is made out is the intention and not the injury (even if simple or minor);

is present an intent coupled with some overt act execution there of.[41]

१६. ज्यान मार्ने उद्योगको सन्दर्भमा विभिन्न मुलुकहरूको उपरोक्त कानूनी व्यवस्था तथा दृष्टिकोण उपरोक्त विवेचनाहरूको सन्दर्भमा हाम्रो कानूनी व्यवस्था कस्तो छ? यहाँ सान्दर्भिक प्रश्न उठ्छ। स्पष्टै छ, हामी कहाँ उद्योगबारे सर्वस्वीकृत दृष्टिकोणको विकास हुन अझै बाँकी छ। यस्ता मुद्दामा आपराधिक कार्य (Actus reus) लाई हामी परम्परागतरूपमा बुझ्न अभ्यस्त छौं। जबकी उद्योगको अपराध हुनको लागि हातहतियार नै प्रयोग हुन वा शारीरिक आक्रमण हुन अनिवार्य हुँदैन। तर यस्ता विवाद हामीसमक्ष आउँदा हाम्रो प्रथम दृष्टि के कस्तो हतियार प्रयोग भएको छ भन्ने; त्यस्तै गरी शरीरको के कुन भागमा चोट परेको छ भन्दा पनि चोट कति गम्भीर छ भन्नेतर्फ जान्छ। हतियार पनि महत्त्वपूर्ण होला, चोटको गाम्भीर्य पनि सान्दर्भिक होला तर घटनाक्रमको समग्रताको सन्दर्भमा के मनसाय राखी गर्न खोजिएको हो, के गरिसकिएको छ, के हुन बाँकी छ, र सो कार्य इच्छित परिणामको के कति नजिक छ भन्ने कुरालाई पनि उत्तिकै महत्त्वका साथ हेरिनु पर्छ। यी कुराहरूलाई हामीले कदापी भुल्न मिल्दैन।

१७. मुलुकी ऐनको विभिन्न महल र अन्य विशेष ऐनहरूमा उद्योगको कसुरमा सजायको व्यवस्था गरिए पनि उद्योगलाई स्पष्टसँग परिभाषा गरिएको छैन। तर मसौदाको रूपमा आएको अपराध संहितामा "आपराधिक षडयन्त्र, उद्योग दुरूत्साहन र मतियार" लाई अलगै परिच्छेदमा राखी अलगैरूपमा ती कसुरहरूलाई हेर्न खोजिएको देखिन्छ। त्यति हुँदाहुँदै पनि उद्योगको विषयमा अलगै परिभाषा दिइएको छैन। उद्योगबारे भनिएको छः- "जुन कसुरको उद्योग गर्न खोजिएको हो सो कसुर हुन असम्भव भएमा पनि उद्योग मानिनेछ"[42] यसबाट कार्यको सम्भावित परिणाम होइन कि कार्य स्वयम्, कार्य गरेको परिस्थिति र मनसाय हेरी निर्णय निष्कर्षमा पुग्नु पर्ने तर्फ संकेत गर्न खोजिएको देखिन्छ। यहाँ सन्दर्भ ज्यान मार्ने उद्योगको हुँदा सो सम्बन्धमा ज्यानसम्बन्धीको १५ नं. मा गरिएको व्यवस्थाको विश्लेषण गर्नुपर्ने हुन आएको छ। उक्त १५ नं. मा देहायको व्यवस्था रहेको पाइन्छ:-

> **"ज्यान मार्ने मनसायले गोली चलाउने वा बम हान्ने वा घातक हतियारले काट्ने वा मार्नका लागि अरू जुनसुकै कुराको उद्योग गरी मर्नेसम्मको काम गरेकोमा कुनै कारणले ज्यान मर्न पाएको रहेनछ भने त्यस्तो काम गर्ने र गर्न लगाउने तथा सो ठाउँमा गई वचन दिने वा मद्दत गर्नेलाई पाँचवर्षदेखि बाह्र वर्षसम्म कैद गर्नुपर्छ।"**

१८. उपर्युक्त व्यवस्थामा ज्यान मार्ने उद्योगको परिष्कृत परिभाषा नदिईए पनि परिभाषाजन्य व्यवस्थाहरू विद्यमान रहेका छन्। उक्त व्यवस्थाको विश्लेषण गर्दा उद्योग ठहर्नको लागि देहायका तत्त्वहरू विद्यमान हुनुपर्ने देखाइएको छ :-

- **अपराधिक कार्य वा वारदात मनसायपूर्वक घटाइएको हुनुपर्ने।**
- **त्यस्तो आपराधिक कार्यअन्तर्गत गोली चलाउने वा बम हान्ने वा घातक हतियारले काट्ने वा मार्नको लागि अरू जुनसुकै कार्य गरिएको हुनुसक्ने।**
- **कार्य गम्भीर हुनुपर्ने अर्थात् "मर्नेसम्मको" भए पनि कुनै कारणले ज्यान मर्न नपाएको अवस्था हुनुपर्ने।**

१९. ज्यानसम्बन्धी महलको माथि वर्णित १५ नं.मा स्पष्टसँग उल्लेख भएको तत्त्व "मनसाय"

41 AIR १९८३. SC. ३०५

42 अपराध संहिता परिच्छेद ३ दफा ३३(२)

हो जसले उद्योगको सैद्धान्तिक पक्षसँग तादाम्यता राख्दछ । अर्थात् उद्योगमा पनि त्यही आपराधिक मनसाय रहनु पर्छ, जुन कर्तव्य ज्यानको कसुरको लागि आवश्यक हुन्छ । यहाँ कुत्सित मनसाय, निर्ममता, दयाहिनता त्यही श्रेणीको हुनुपर्छ जुन कर्तव्य ज्यानमा हुन्छ । यस बारेमा विधिशास्त्री यच.यल.ए.हार्ट (H.L.A. Hart) ले कसैको संयोगिक हस्तक्षपको कारण उद्योग सफल हुँदैन, अपराध घटाउने सीपमा कमी भए पनि क्रूरता वा दुष्ट्याईँमा भने पूर्ण अपराध र उद्योगमा केही फरक हुँदैन भन्ने धारणा राख्छन् । यस कुरालाई स्पष्ट गर्दै उनी भन्छन्:

> **"… There seems to be no difference in wickedness, though there may be in skill, between the successful and the unsuccessful attempt…... Very often an unsuccessful attempt is merely the accidental failure to commit the crime because somebody unexpectedly intervenes and frustrates the attempt.**[43]

२०. अपराध घटाउन मनसाय तत्त्व आवश्यक पर्छ भने यसलाई कहाँबाट खोज्ने भन्ने अर्को सान्दर्भिक प्रश्न पनि यहीँ निर उठ्छ । वस्तुतः मनसाय तत्त्व आपराधिक कार्यबाट नै खोजिने र हेरिने विषय हो; त्यसैले यो सँधै मुखरित अवस्थामा नहुन पनि सक्छ । कार्यको प्रकृति, सम्भावित परिणाम र सो परिणाम ल्याउन अभियुक्तले चालेको कदमहरूको समग्रतामा नै मनसाय तत्त्वको खोजी गरिनुपर्छ । अभियुक्तले आफ्नो कार्यको सम्भावित परिणाम यस्तो हुन सक्छ भन्ने जानकारी वा ज्ञान राखेको थियो वा थिएन; कार्यलाई हेरी यस्तो कार्यबाट यस्तो परिणाम निस्कन्छ भनी सामान्य समझको व्यक्तिले पनि भन्न सक्ने अवस्था अमुक वारदातमा थियो वा थिएन भन्ने यकिन गरिनुपर्छ । अर्थात् प्रतिवादीले कसुर गर्ने मनसाय राखेको भन्ने स्पष्टरूपमा भन्न नसकिए पनि सम्भावित परिणामबारे जानकारी राखेको थियो वा सामान्य समझको व्यक्तिले यस्तो परिणामवारे जानकारी वा ज्ञान राख्दछ भन्न सकिने आवस्था थियो भने कसुरदारले मनसाय राखेको रहेछ भन्ने मान्नु पर्ने हुन्छ । यहाँ यस अदालतले इस्लामुद्दिन जोलाहाको मुद्दामा व्यक्त गरेको धारणा सान्दर्भिक देखिन्छ । सो मुद्दामा भनिएको छ :-

> **"ज्यान मार्ने उद्योगका मुद्दाहरूमा ज्यान मार्ने मनसाय कुनैमा स्पष्ट नै देखिने हुन्छ, कुनैमा अभियुक्तले गरेको आपराधिक क्रियाबाट उसको मनसाय पत्ता लगाउनु पर्छ"**[44]

२१. त्यस्तै गरी ज्यान मार्ने उद्योग मुद्दामा आपराधिक मनसाय र कार्यको सम्बन्धबारे स्पष्ट गर्दै एक अर्को मुद्दामा यस अदालतले भनेको छः-

> **"ज्यान मार्न उद्योगको कसुर हुनका लागि पीडितलाई लागेको चोट वा घाउको मात्रा र परिमाण महत्त्वपूर्ण हुने नभई ज्यान मार्ने मनसायले प्रहार गरिएको र ज्यान मर्न नपाएको बाधक तत्त्वको विद्यमानता थियो वा थिएन भन्ने नै महत्त्वपूर्ण हुन आउछ" ।**[45]

२२. त्यस्तै गरी अपराधीको कार्यबाट नै <u>मनसाय तत्त्वको</u> खोजी गरिनु पर्ने भन्ने बारे यस

43 H.L.A. HART, PUNISHMENT & RESPONSIBILITY : ESSAYS IN THE PHILOSOPHY OF LAW (१९६८) १२९-१३०

44 इस्लामुद्दिन जोलाहा वि. श्री ५ को सरकार, *ने.का.प.* २०४३, नि.नं. २८२६, पृ.८१०, डिल्लिप्रसाद सिम्खडा वि. श्री ५ को सरकार, *ने.का.प.* २०३७, नि.नं. १३९२, पृ. १४८ मा पनि मनसायको खोजि यसरी नै गरिनु पर्ने अदालतको दृष्टिकोण छ ।

45 नेपाल सरकार विरूद्ध राजबहादुर पौडेल *ने.का.प.* २०६५, नि.नं. ७९३६, (फौजदारी कानून दोस्रो भाग २०६६ भाग ६ पेज नं. २४१)

अदालतले राधेश्याम तेलीको मुद्दामा अझ स्पष्ट गर्दै भनेको छ:

> **"कुनै व्यक्तिले गरेको कार्य कस्तो छ भनी हेरी निजले गरेको अपराधजन्य कार्यबाट नै मनसाय तत्त्व पहिल्याउन सकिने हुन्छ । अपराधजन्य कार्यभन्दा अलावा अन्य आधारबाट निकाल्न खोजिने मनसाय तत्त्व वस्तुगत परीक्षणमा आधारित रहँदैन । त्यसैले यस्तो माध्यम असम्भव नभएपनि जोखिमपूर्ण भने अवस्य हुन्छ । अपराधजन्य कार्य नै मनसाय तत्त्व पहिल्याउने ससक्त एवं भरपर्दो माध्यम हो । वस्तुगत परीक्षणमा आधारित भएर निकालिने निष्कर्ष हुँदा यस्तो निष्कर्ष सधै कसी लगाएर जाँच्न सकिने हुन्छ"**[46]

२३. मनसाय तत्त्व बारेमा यति भनेर अब आपराधिक कार्यतर्फ हेरौं: ज्यानसम्बन्धीको १५ नं. मा आपराधिक कार्यहरूको एउटा सूची दिइएको छ, जस्तो **"गोली चलाउने, बम हान्ने वा घातक हतियारले काट्ने आदि"**। स्पष्ट नै छ यी अपराधिक कार्यका दृष्टान्त मात्र हुन्। उद्योगमा यस्ता कार्यको सूची लामै हुन सक्छ। उदाहरणार्थ मार्छु नै भन्ने मनसायले वा मर्छ भन्ने जान्दाजान्दै कुनै ठाउँमा कैयौँ दिनसम्म थुन्नु, विष हाल्नु, शरीरमा आगो लगाउनु वा ढोका थुनी घरमा आगो लगाउनु वा कोठाभित्र अक्सिजन सकिने स्थिति पार्नु वा तेजाब खन्याउनु, जाडोमा कठाङग्रिएर मर्छ भनी नाबालक वा असक्त व्यक्तिलाई चिसो निर्जन ठाँउमा छाडिदिनु आदि आदि । यसरी हेर्दा ज्यान मार्ने उद्योग ठहर्नको लागि सो गर्ने मनसाय राखी गरिने जुनसुकै कार्य पनि आपराधिक कार्यको वर्गभित्र पर्न सक्छ । सम्भवतः यही कुरालाई दृष्टिगत गरी विधिकर्ताले **"ज्यान मार्नको लागि अरू जुनसुकै कुराको उद्योग गरी"** भन्ने शब्द समूहको प्रयोग पनि ज्यानसम्बन्धीको १५ नं. मा गरेको रहेछ भन्ने देखिन्छ । वस्तुतः उद्योगको कसुरमा आपराधिक कार्य (Actus reus) हुनको लागि **"मर्नेसम्मको काम गरेको"** हुनुपर्छ तर सो कार्य जे पनि हुन सक्छ, यसको सूची अनन्त बन्न सक्छ। त्यसैले उद्योगको कसुरमा के कार्य गर्‍यो भन्ने भन्दा पनि के कस्तो परिस्थितिमा के कति गम्भीर कार्य गर्‍यो र सो कार्य पूर्ण अपराधको कति नजिक छ भन्ने हेरिनु पर्छ । यो पक्षलाई ध्यान नदिई कस्तो हतियार प्रयोग गर्‍यो भन्ने वा एकाकिरूपमा चोट मात्र हेरी वा प्रयोग भएको हतियार मात्र हेरी अमुक कार्य उद्योग हो वा होइन भनी ठहर्‍याउन खोज्यौं भने हामी एउटा अन्यौलपूर्ण स्थितिमा पुग्दछौं । कहिले बन्दुक फायर भई चोट लागेको वा खुकुरीले गर्धनमा नै हान्दा पनि उद्योग ठहर्‍याउँदैनौं।[47] भने कहिले छुरा प्रहार गरेकोमा पनि उद्योग ठहर्‍याउँछौं।[48]

२४. संक्षेपमा, उद्योग ठहर्नको लागि केवल तयारी मात्र नभई अभियुक्तले वारदात घटाउने मनसायका साथ सोतर्फ गम्भीर प्रयास गरेको र सो कार्य माथि भनिए झै खतरनाकरूपले पूर्ण अपराधको नजिक (Dangerous proximity to the end) हुनुपर्छ । अर्थात् ज्यानसम्बन्धीको १५ नं. मा उल्लिखित भाषामा भन्ने हो भने **"मर्नेसम्मको काम"** गर्दा पनि **"कुनै कारणले"** ज्यान मर्न नपाएको हुनुपर्छ।

२५. अब यहाँ ज्यानसम्बन्धीको १५ नं. मा **"कुनै कारणले"** भन्ने उल्लेख भएकोले सो कारण के हुन सक्ला भन्ने जिज्ञासा उत्पन्न हुनसक्छ। यसलाई हाम्रो अदालतले पटकपटक व्याख्या गरेको छ यद्यपि ती सबै व्याख्याहरू उद्योगको विधिशाश्त्रलाई स्पष्ट गर्ने

46 राधेश्याम साह' तेली वि.श्री ५ को सरकार, *ने.का.प.*२०४३ नि.नं २६१७ पृष्७ १०६

47 नेपाल सरकार वि। ठकहर मुखिया, *ने.का.प.* २०६६ नि.नं. ८१३६, पृ. ३०८, श्री ५ को सरकार वि।सुलबहादुर राई *ने.का.प.* २०५५, नि.नं. ६६०९, पृ. ५७२

48 राजेन्द्रप्रसाद रौनियार वि। श्री ५ को सरकार *ने.का.प.* २०४६ नि.नं. ३८१४, पृ. ८६०

वा यस विषयमा मातहतका अदालतहरूलाई मार्गदर्शन गर्ने किसिमका छैनन्। यस अदालतले सजिलोसँग व्यक्त गर्ने गरेको धारणा तेस्रो पक्षको हस्तक्षेपको विद्यमानता हो।[49] **"अभियुक्तले ज्यान मार्न भनी गरेको कार्य तेस्रो तत्त्वको अप्रत्यासितरूपमा अपर्झट उपस्थिति हुन गएको कारणले सम्पन्न हुन नपाएको हुन्छ"**।[50] भन्ने नै मोटामोटीरूपमा यस अदालतको दृष्टिकोण रहेको देखिन्छ। तर यहाँ स्पष्ट हुनुपर्ने कुरा के छ भने तेस्रो तत्त्वको उपस्थिति भनेको सदा सर्वदा त्यस्तो तत्त्वको भौतिक उपस्थिति मात्र नहुन सक्छ । यसो भन्नु ज्यानसम्बन्धी १५ नं. मा प्रयुक्त **"कुनै कारणले"** भन्ने शब्दावलीको साङ्गोपाङ्गो अर्थ हुन सक्दैन । **"कुनै कारण"** भनेको यथार्थमा जुनसुकै कारण हुनसक्छ; अर्थात् हस्तक्षेपकारी तत्त्व केही पनि हुन सक्छ। जस्तो, अपराधीसँग सो कार्य सम्पन्न गर्ने सीप वा समय, स्रोत र साधनको अभाव हुनु, पक्राउ पर्छु भन्ने डरले भाग्नु, लखेट्दै गएकोमा विपरीत दिशाबाट गाडी आई हर्न लगाउनु वा बत्तीको प्रकाशमा आफ्नो पहिचान खुल्छ भनी घाइतेलाई छाडी भाग्नु, मर्‍यो भनी छाडेकोमा तत्काल मद्दत पुगी अस्पताल लगी उपचार हुन सक्नु आदि आदि; अर्थात् कारण अनेक हुन सक्छन्। अझ कतिसम्म भने पूर्ण अपराध हुन असम्भव स्थितिमा पनि उद्योग कसुर कायम हुन सक्छ।[51] कुरा यति मात्र हो कि कुनै तेस्रो तत्त्वको उपस्थिति वा हस्तक्षेपकारी परिस्थितिको कारण मनसाय राखी गरिएको कार्य पूरा हुन पाएको स्थिति हुँदैन।

२६. संक्षेपमा ज्यानसम्बन्धी महलको १५ नं. वा अन्य कुनै अपराधको उद्योगबारे विधिसम्मत् व्याख्या गर्दा यो व्यवस्थाको उद्देश्य र समाजमा पार्ने प्रभाव बारे पनि हामी सबैको ध्यान जानु आवश्यक छ। उद्योगलाई कसुरको रूपमा परिभाषित गरेर राज्यले अपराधको रोकथाममा सकारात्मक योगदान दिनसक्छ भने पूर्ण अपराध र तयारीको बीचमा एउटा निश्चित वर्गको अपराधलाई स्वीकार गर्दै उपयुक्त दण्ड प्रदान गरी दण्डहीनतालाई रोक्ने प्रयास पनि गरेको हुन्छ । ज्यानसम्बन्धीको १५ नं. को व्याख्या गर्दा हामीले यी कुराहरूलाई बिर्सन मिल्दैन । उद्योगको अपराधलाई अलग्गै वर्गको अपराधको रूपमा स्वीकार गर्नुको उद्देश्य बारेमा बेलायतको कानून सुधार आयोगले भनेको कुरा यहाँ स्मरणीय देखिन्छ। आयोगले भनेको छ :

> **"The present offense of attempt is the product of a delicate balancing exercise between two needs. On the one hand there is a need to allow effective intervention to prevent harm. On the other, there is a need to ensure that only sufficiently culpable individuals, whose conduct brings with it a clear threat of harm, are labeled and punished as 'attempters'."**[52]

२७. उपर्युक्त सैद्धान्तिक सन्दर्भमा प्रस्तुत मुद्दामा पीडित उपरको कार्य ज्यान मार्ने उद्योगको परिभाषाभित्र पर्छ वा पर्दैन भनी हेर्दा यहाँ प्रतिवादी ऐजुब खाँले सजलुम खाँलाई घाँटीमा खुकुरीले प्रहार गरेको कुरा स्पष्ट देखिएको छ। यो वारदातको विषयमा सुरू र पुनरावेदन अदालतले प्रश्न नै उठाएको छैनन्, न त वारदात नै घटेको होइन भनी प्रतिवादीको तर्फबाट पुनरावेदन नै परेको छ।

२८. मिसिल अध्ययन गरी हेर्दा, मिति २०६३।४।२८ गते बिहान ७:३० बजे बिहान ऐजुव

49 श्री ५ को सरकार वि. रामबहाद'र पौडेल, *ने.का.प.* 49 २०६५, नि.नं. ७९३६, पृ. २४१

50 महेन्द्रराज बम वि. श्री ५ को सरकार, *ने.का.प.* २०५१, नि.नं. ४८९०, पृ. २२६

51 Kenney's, Supra note ३ at P. १०६ यसवारे उदाहरण दिदै उनी भन्छन: चोरी गर्न खोजिएकोमा घर रित्तो भएको कारणले चोरी हुन नसक्नु।

52 Smith and Hogan, Supra note २ at p.३८७

खाँसमेतले सजलुम खाँलाई खुकुरी प्रहार गरी गर्दन काटी ज्यान मार्ने उद्योग गरेकोले सजाय गरिपाउँ भन्ने वद्धो खातुन मियाँइनको जाहेरी दरखास्तबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ । जाहेरीमै **"ऐजुब खाँले सजलुम खाँलाई काटी मार्ने हिसाबले गर्दनमा हाने। बायाँ हातले रोक्न खोज्दा देब्रे हातको हत्केला केही काटी गर्दनको हड्डीसमेत आधी गर्धन काटी मर्न बाँच्नको दोसाँधमा रहेका निज सजलुमलाई तत्काल मोटरसाइकलमा राखी पछाडिबाट अर्को मानिसले समाती बीचमा राखी इनरूवा अस्पताल लगे अस्पतालले यहाँबाट उपचार हुन सक्दैन भनेपछि वी.पी. मेमोरियल धरानमा लगेको"** भन्ने उल्लेख भएको पाइन्छ । घाइते सजलुम खाँ मियाँको भनाई हेर्दा मस्तकिम खाँको चिया पसल अगाडि पीडित र प्रतिवादीबीच सम्पत्तिसम्बन्धी विवाद भई भनाभन, झगडा भएपछि "**सद्दाम खाँले खुकुरी ल्याई बाबु ऐजुव खाँलाई दिएपछि ऐजुव खाँले आफूलाई घाँटीमा प्रहार गरेपछि आफू भुइँमा लडी केही थाहा नपाएको"** भनी लेखाई दिएको पाइन्छ । सुरू मिसिल संलग्न पीडित सजलुम खाँको घाउँजाँच केस फाराम हेर्दा घाँटीको बायाँ भागमा ८ सेन्टिमिटर लम्बाई भएको काटिएको घाउँ रहेको, अस्पतालमा पुग्दा पीडित अर्धचेत अवस्थामा रहेको र निजको मुटुको चाल, रक्तचाप आदि असन्तुलित रहेको, पीडितको अवस्था खतराजनक रहेको भन्ने उल्लेख भएको देखिन्छ ।

२९. वारदातको स्वरूप हेर्दा घटनास्थल मस्तकिम मियाँको चिया पसल अगाडि सार्वजनिक बाटोमा घटेको भन्ने देखिएको छ । बिहानको समयमा पसल अगाडि घटना घटेको हुँदा तत्कालै तेस्रो पक्षको हस्तक्षेप भई पीडितलाई तुरून्त अस्पताल पुर्‍याएको देखिएको छ । पीडित सजलुम खाँले अनुसन्धान अधिकारीसमक्ष गरेको मौकाको कागजलाई समर्थन गरी अदालतमा बकपत्र गरेको तथा जाहेरवालाले किटानी जाहेरी दरखास्त दिई सो जाहेरी दरखास्तलाई समर्थन हुने गरी बकपत्र गरेको देखिन्छ । पीडितको घाउजाँच केस फाराममा घाँटीको बायाँ भागमा ८ सेन्टिमिटर लम्बाईको काटिएको घाउ चोट लागेको भन्ने व्यहोरा उल्लेख भएको र सो घाउजाँच गर्ने विशेषज्ञ डा. विजय थापाले **"पीडितको घाँटीको अगाडिको भागबाट पछाडि गर्दनसम्म ८ से.मी. जति लम्बाई हुने जति काटिएको र पीडितको रक्तचाप ७०/५० भएकोले पीडितको अवस्था खतराजनक थियो"** भनी बकपत्र गरेको देखिन्छ । यहाँ घाँटीमा नै ताकेर हानिएको र आठ / आठ से.मी. को चोट हुँदा मर्नेसम्मको कार्य गरिसकेको रहेछ भन्नु पर्ने हुन आयो । प्रतिवादीले हातमा लिएको खुकुरी जस्तो धारिलो हतियारले घाँटी जस्तो संवेदनशील अंगमा प्रहार गरेको, लागेको घाउ गम्भीर देखिएको र हतियारसमेत बरामद भएको देखिँदा प्रतिवादीको पीडितलाई मार्ने मनसाय थिएन वा त्यस्तो चोटबाट निज मर्न सक्छ भन्ने जानकारी थिएन भन्न मिल्ने देखिएन । अन्य व्यक्तिहरूको घटनास्थलमा उपस्थिति रहेको र पीडितलाई तत्काल अस्पताल पुर्‍याएको कारण ज्यानसम्म मर्न नपाएको देखिँदा पुनरावेदन अदालत, विराटनगरले प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाई दिने सुरू फैसला सदर गर्दै कुटपिटमा परिणत गरेको मिलेको देखिएन ।

३०. अब उक्त वारदातमा को कसको संलग्नता थियो भन्नेतर्फ विचार गर्दा पीडितको मौकाको कागज, जाहेरी दरखास्त र जाहेरवाला तथा पीडितको बकपत्र तथा मौकामा कागज गर्ने अलि हुसैनसमेतको कागजसमेतबाट प्रतिवादी ऐजुव खाँले नै खुकुरी प्रहार गरेको भन्ने पुष्टि हुन आयो । अन्य प्रतिवादीहरूको संलग्नताको हकमा पीडित सजलुम खाँको शरीरमा लागेको चोट हेर्दा र जाहेरी तथा पीडितको कागज एवं बकपत्रमा बायाँ हत्केलामा समेत चोट लागेको भनिए पनि घा जाँच फारामबाट घाँटीमा मात्र चोट देखिई चोट मूलभूतरूपमा एउटा मात्र हुँदा अन्य प्रतिवादीहरूले हतियार प्रयोग गरेको भनी मान्न

मिलेन । पीडितले सद्दामले दविया, उमरले फर्सा र ऐजुबले खुकुरी लिएको भनी उल्लेख गरेको भए पनि अन्य व्यक्तिले पनि प्रहार गरेको भनी उल्लेख गरेको देखिएन । प्रतिवादीहरू र पीडित एकै गाउँ र ठाउँको दाजुभाइ, भतिजा नाता भित्रको देखिएको छ, चिया पसलमा पानीका विषयमा छलफल चलेको अवस्था हुँदा अन्य प्रतिवादीहरूको घटनास्थलमा उपस्थिति स्वभाविक हुने नै भयो । तर ऐजुव खाँ बाहेकका अन्य व्यक्तिहरूको उक्त चोट छाड्नमा संलग्नता रहेको भन्ने मिसिलबाट देखिँदैन । प्रतिवादीहरू र पीडितबीच जग्गा जमिन, पानीलगायतका विषयमा पहिलेदेखि मनोमालिन्य रहेको पनि देखिन्छ । यसबाट उद्योगको मनसाय पुष्टि हुन आउछ, तसर्थ मनसाय यकिन गर्ने सन्दर्भमा यो परिस्थिति र परिवेशलाई अदालतले जानकारीमा लिनुपर्ने हुन्छ । तर साथ साथै यस्तो अवस्थामा धेरैभन्दा धेरै व्यक्तिहरूलाई वारदातमा दोषी देखाउने पीडित पक्षको चाहाना रहेको जाहेरी, कागज, बकपत्रहरूबाट देखिन्छ । पीडित पक्षको यस्तो चाहनालाई रोक्नु र वारदातलाई सन्तुलितरूपमा बुझ्नु पनि अदालतको कर्तव्य हुन आउँछ । सो सन्दर्भमा समेत प्रस्तुत मुद्दालाई हेर्दा यहाँ अन्य प्रतिवादीहरू वारदातस्थलमा उपस्थित हुँदैमा कसुरमा संलग्न भएका रहेछन भन्न मिल्ने देखिएन । प्रतिवादीमध्ये महिउद्दिन खाँले पीडितलाई समायो भनी पीडितले बकपत्र गरेको छ तापनि महिउद्दिन खाँले समस्त वारदातमा आफ्नो संलग्नता नरहेको भनी इन्कारी बयान दिएको र सो कुरालाई निजको साक्षीको बकपत्रबाट समेत पुष्टि भएको देखिँदा निजले समाती खुकुरी प्रहार गर्ने कार्यलाई सहज बनाएको भन्ने शंकारहित तवरबाट पुष्टि हुन आएको पाइएन । अन्य प्रतिवादीहरूले अदालतसमक्ष बयान गर्दा वारदातमा पूर्ण इन्कार रही बयान गरेको देखिन्छ । सहिदा खातुन, मोहम्मद सद्दाम खाँ मियाँ, मोहम्मद सजान खाँ मियाँ र उमर खाँ मियाँ लगायतको प्रतिवादीहरूको वारदातमा संलग्नता रहेको भन्ने आरोपलाई वादी पक्षले शंकारहित तवरले पुष्टि गर्न सकेको पाइएन । यस स्थितिमा ऐजुब खाँ बाहेकका अन्य प्रतिवादीहरूलाई दोषी करार गर्न मिलेन ।

३१. तसर्थ, माथि विवेचित आधार र कारणहरूबाट घाइतेलगायत मौकामा बुझिएका व्यक्ति तथा जाहेरवालाको बकपत्रबाट समेत पीडित सजलुम खाँको तत्काल उपचार नभएको भए प्रतिवादी ऐजुब खाँको मार्ने योजना पूर्ण सफल भई पीडितको ज्यान मर्न सक्ने देखिँदा पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६७।३।१४ मा प्रतिवादीहरूलाई ज्यान मार्ने कसुरबाट सफाई दिई मुद्दा कुटपिटमा परिणत हुने ठहर्‍याएको सुरू फैसला सदर गरेको फैसला सो हदसम्म मिलेको देखिएन । उक्त फैसला उल्टी भई प्रतिवादी ऐजुव खाँ मियाँले पीडित सजलुम मियाँ खाँलाई खुकुरी प्रहार गरी मलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. को कसुर गरेको देखिँदा सोही नं. बमोजिम निजलाई ५ वर्ष कैदको सजाय हुने ठहर्छ । अन्य प्रतिवादीहरू सहिदा खातुन, मोहम्मद सद्दाम खाँ मियाँ, मोहम्मद सजान खाँ मियाँ, महिउद्दिन खाँ मियाँ र उमर खाँ मियाँको हकमा अभियोग दाबी पुग्ने नदेखिँदा ज्यानसम्बन्धी महलको १५ नं. बाट निजहरूलाई सफाई दिएको सुरू सुनसरी जिल्ला अदालतको फैसला सदर हुने ठहर्‍याई पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६७/३/१४ मा भएको फैसला सो हदसम्म मिलेकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको निजहरूको हकमासम्म पुनरावेदन जिकिर पुग्न सक्दैन । अरू तपसिलबमोजिम गर्नु ।

तपसिल

माथि इन्साफ खण्डमा ठहरेबमोजिम प्रतिवादी ऐजुव खाँ मियाँले ज्यान मार्ने उद्योग गरेको ठहरी निजलाई ५(पाँच) वर्ष कैदको सजाय हुने ठहरेकोले ज्यान मार्ने उद्योगमा कैद वर्ष ५(पाँच) को लगत कसी निज प्रतिवादी मिति २०६४।६।१० देखि २०६५।२।२१ सम्म (८ महिना ११ दिन) थुनामा रहेको देखिँदा उक्त

थुनामा रहेको अवधि कट्टा गरी बाँकी (४ वर्ष ३ महिना १९ दिन) कैद लगत कसी नियमानुसार असुल गर्नु भनी सुनसरी जिल्ला अदालतमा लेखी पठाई दिनू ------१
अन्य प्रतिवादीहरू सहिदा खातुन, मोहम्मद सद्दाम खाँ मियाँ, मोहम्मद सजान खाँ मियाँ, महिउद्दिन खाँ मियाँ र उमर खाँ मियाँले आरोपित कसुरबाट सफाई पाउने ठहरेकोले निजहरूको हकमा केही गरी रहनु परेन ----२
प्रस्तुत मुद्दाको फैसलाको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू-३

उक्त रायमा सहमत छु ।
न्या. मीरा खडका

इजलास अधिकृत : जगतबहादुर पौडेल
इति संवत् २०७३ साल फागुन १ गते रोज १ शुभम् ।

निर्णय नं. ९८३१

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
फैसला मिति : २०७४।०१।२९
०७१-CI-१४७८
मुद्दा : - अंश चलन

पुनरावेदक / प्रतिवादी : सर्लाही जिल्ला, शंकरपुर गाउँ विकास समिति वडा नं. ५ घर भई हाल काठमाडौं जिल्ला, बुढानिलकण्ठ नगरपालिका वडा नं. १० गोल्फुटार बस्ने शर्मिला मुक्तान

विरूद्ध

प्रत्यर्थी / वादी : सर्लाही जिल्ला, शंकरपुर गाउँ विकास समिति वडा नं. ५ बस्ने अनिता लामा मुक्तानसमेत

- **वस्तुतः भोगबन्धकीको लिखतले स्वामित्ववालाको स्वामित्व समाप्त गर्दैन । भोगबन्धकीवाला साहुले असामीको ऋण चुक्ता नगरेसम्म लिखतअनुसारको सम्पत्तिमा भोगाधिकारको हैसियतसम्म राख्ने हुँदा सम्पत्तिको स्वामित्वलाई निस्तेज पार्दैन । मुलुकी ऐन, लेनदेन व्यवहारको ३ नं. अनुसार भोगबन्धकी लेखाई लिएकोमा लिखत भएका मितिले २ वर्षभित्र अचल सम्पत्ति चलन गर्नुपर्छ वा चलन गर्न नदिए चलन चलाई माग्न नालिस गर्नुपर्छ । सो म्यादभित्र नालिस नदिए बन्धकी लिखत कपाली सरह हुन्छ भन्ने कानूनी व्यवस्था रहेको पाइने ।**

(प्रकरण नं. ३)

सर्वोच्च अदालत

- **लेनदेनसम्बन्धी विषयमा सम्बन्धित साहुले नालिस लिई अदालत प्रवेश गरेको अवस्थामा सोही मुद्दाको रोहबाट बुझ्नु पर्ने प्रमाण बुझी निर्णय गर्नुपर्ने हुन्छ । साहुको उजुर नपर्दै ऋण बन्डा लाग्ने वा नलाग्ने भनी निष्कर्षमा पुग्न कानूनसम्मत र व्यवहारिकसमेत नहुने ।**

(प्रकरण नं. ५)

पुनरावेदक / प्रतिवादीको तर्फबाट :
प्रत्यर्थी / वादीको तर्फबाट :
अवलम्बित नजिर :
सम्बद्ध कानून :

सुरू फैसला गर्नेः
मा.जिल्ला न्यायाधीश श्री कैलाश के.सी.
पुनरावेदन तहमा फैसला गर्नेः
माननीय न्यायाधीश श्री विनोद शर्मा
माननीय न्यायाधीश श्री शारङ्गा सुवेदी

फैसला

न्या. विश्वम्भरप्रसाद श्रेष्ठ : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१) बमोजिम प्रतिवादीको पुनरावेदन परी पेस भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः-

मूल पुरुष विपक्षी गोपालबहादुर मुक्तान निज गोपालबहादुर मुक्तानको दुई श्रीमतीमा जेठी म वादी अमिता लामा कान्छी प्रतिवादी शर्मिला मोक्तान हुन् । अमितातर्फ एक छोरी म वादी अमृता र शर्मिलातर्फ एक नाबालक छोरी गरिमा भई हामी वादी प्रतिवादी जम्मा ५ अंशियार छौं । म वादी अमृताको हालसम्म विवाह भएको छैन । हामी वादी प्रतिवादीबीच हालसम्म कानूनबमोजिम अंशबन्डा भएको छैन । विपक्षीले अंश नदिएकोले सम्पूर्ण अंश हक लाग्ने श्री सम्पत्ति विपक्षीहरूकै जिम्मा हुँदा फिराद परेको अघिल्लो दिनलाई मानो छुट्टिएको मिति कायम गरी म वादीमध्येका अमृताको विवाह खर्च छुट्टाई सम्पूर्ण श्री सम्पत्तिलाई ५ भाग लगाई ५ भागमध्ये २ भाग अंश पाउँ भन्नेसमेत व्यहोराको फिराद पत्र ।

सगोलका मूल व्यक्ति सासु चन्द्रमाया मुक्तान हुनुहुन्छ । मेरो नाउँमा सगोलको सम्पत्ति केही पनि छैन । विपक्षी मेरो सल्लाह नमानी आफूखुसी मबाट अलग बस्न थालेकीले मेरो घर व्यवहार चलाउन मुस्किल भएको हुँदा २०४९ सालमा म गोपालले शर्मिलासँग विवाह गरेको हुँ । म गोपालको समान पुस्तामा मेरो आमा चन्द्रमाया हुनुहुन्छ । अंश भाग लगाउनु पर्ने सम्पत्ति आमाको जिम्मामा नै छ । मेरो भागमा आउने सम्पत्तिबाट मात्रै विवाह खर्च पर सारी अन्य सम्पत्तिबाट मात्रै अंश पाउने हुन भन्नेसमेत व्यहोराको प्रतिवादी गोपालबहादुर मुक्तानको प्रतिउत्तर पत्र ।

घरको मुख्न व्यक्ति चन्द्रमाया हुनुहुन्छ । यस वहाँलाई बुझी पाउँ । विपक्षी वादी केवल अंशियार नाताले मात्र अंश माग्न आउनु भएको हो । २०/२२ वर्ष पहिलेदेखि घर, परिवार त्यागी घर व्यवहारको वास्ता पनि राख्नु भएको छैन । श्रीमान्को कमाईले घर व्यवहार धान्न मुस्किल छ । मैले ऋण धन गरी घर बनाउने रकम जुटाएको हो । उक्त रकम भाखामा तिर्न बुझाउन नसके घर जग्गा बिक्री गरी तिरौंला भनी घर बन्धकी राखेको हो । तसर्थ सासुसमेतलाई झिकाई नियमानुसार बन्डा लाग्ने सम्पत्तिबाट बन्डा गरियोस भन्नेसमेत व्यहोराको प्रतिवादी शर्मीला मुक्तानको प्रतिउत्तर पत्र ।

म साहिँलो छोरा गोपाल र बुहारी शर्मिला मुक्तानसँग बस्दछु । अन्य चारै भाई छोराहरू छुट्टी भिन्न भई बसेको छन् । अब अरूसँग लिनु दिनु छैन । वादी अमिता र अमृताले गोपालबहादुर मुक्तानको भागबाट अंश पाउने हो । कान्छी श्रीमती शर्मिला मुक्तानको पनि एउटी छोरी छन् । निजको नाम गरिमा मुक्तान हो

भन्नेसमेत व्यहोराको बुझिएकी चन्द्रमाया मुक्तानले गरेको बयान कागज।

प्रतिवादीले दाखिला गरेको तायदाती फाँटवारीमा उल्लिखित प्रतिवादी चन्द्रमायाको नाममा दर्ताको सम्पत्ति र प्रतिवादी शर्मिलाको नाममा दर्ता भएको घर जग्गालाई २ भाग लगाई एक भाग प्रतिवादी चन्द्रमायाको अंश भाग छुट्टाई बाँकी १ भागमध्ये विवाह गर्न बाँकी अंशियारको अंश बन्डाको १७ नं. बमोजिम विवाह खर्च परसारी बाँकी सम्पत्तिलाई ५ भाग लगाई त्यसमध्येबाट वादीहरूले २ भाग अंश बन्डा छुट्टाई लिन पाउने ठहर्छ। साथै प्रतिवादी शर्मिलाले कि.नं. १७९० र १७९३ को जग्गामा घर बनाउनको लागि सो जग्गा भोगबन्धकी धितो राखी लिएको ऋण रू.२९,००,०००/- समेत अंश बन्डाको १८ नं. ले अंशियारबीच बन्डा लाग्ने नै हुँदा सो ऋण रकम लाई २ भाग लगाई त्यसको १ भागलाई पुन: ५ भाग लगाई सो मध्ये २ भाग ऋण वादीहरूले व्यहोर्नु पर्ने ठहर्छ भन्ने काठमाडौं जिल्ला अदालतको मिति २०७०/०१/२३ गतेको फैसला।

हामी पुनरावेदक वादी र विपक्षीहरूबीच पुस्तावली तथा हामीहरूबीच एक आपसमा अंशबन्डा हुने गरी भएको फैसला सो हदसम्म मिलेको भए तापनि विपक्षी प्रतिवादीले तिमीहरूलाई निरअंशी बनाइदिन्छु भनी हाम्रो अंश हक मार्नका लागी जालसाजी तवरले खडा गरेको भोग बन्धकीको लिखतबाट लिएको रकमलाई घर बनाउन ऋण भनी लिएकोले सो ऋण हामी वादीसमेतले व्यहोर्ने गरी भएको फैसला त्रुटिपूर्ण छ। विपक्षी गोपालबहादुरले जागिरबाट अवकास भएपछि सोबाट आएको रकमसमेत मिलाई काठमाडौंमा जग्गा खरिद गरेको हो। सोपश्चात पनि विपक्षी पिता / पति विदेश गई कमाई ल्याएको रकमबाट घर बनाएको हुँदा उक्त घर जग्गामा हामी पुनरावेदकसमेतको बराबर अंश लाग्ने हुँदा घरको मुख्य व्यक्ति नभएकी प्रतिवादीले तायदातीमा देखाएको झुट्टा ऋण हामीले समेत तिर्न बुझाउन पर्ने गरी भएको सो हदसम्मको काठमाडौं जिल्ला अदालतको फैसला बदर गरी इन्साफ पाउँ भन्नेसमेत व्यहोराको वादीको पुनरावेदन अदालत, पाटनमा परेको पुनरावेदन पत्र।

यसमा २०६३ सालमा जग्गा किनेको र २०६४ सालमा घर बनाएको भन्ने कुरामा विवाद नभएको अवस्थामा २०६७ सालमा पारित भोग बन्धकीको थैलीसमेत बन्डा लाग्ने गरी भएको सुरूको फैसला प्रमाणको मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने देखिँदा प्रत्यर्थी झिकाई नियमबमोजिम पेस गर्नु भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनको अदालतको २०७१/०९/१२ गतेको आदेश।

प्रतिवादी चन्द्रमाया र गोपालबहादुर दुई जना मूल अंशियार कायम गरी दुई भागको एक भाग गोपालबहादुरको अंशमध्ये विवाह गर्न बाँकी अंशियारको मुलुकी ऐन, अंशबन्डाको १७ नं. बमोजिम विवाह खर्च पर सारी पाँच भागको दुई भाग वादीहरूले अंश पाउने ठहर्‍याएको हदसम्म सुरू फैसलामा वादीको समेत कुनै पुनरावेदन पनि नरहेको र प्रतिवादीहरूको पनि कुनै पुनरावेदन नपरेको हुँदा सोतर्फ कुनै विवेचना गरिरहनु परेन। प्रतिवादी शर्मिला मुक्तानले तायदाती फाँटवारीमा देखाएको भोगबन्धकको ऋण रू.२९,००,०००/- सम्बन्धमा साहुको दाबी उजुर परेको नदेखिँदा साहुको उजुर परेका बखत ठहरेबमोजिम हुने गरी फैसला गर्नुपर्नेमा सो ऋणसमेत बन्डा लाग्ने ठहर्‍याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७०/०१/२३ मा भएको फैसला मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी भई तायदातीमा उल्लिखित भोगबन्धकी ऋणको हकमा साहुको उजुरी परेका बखत ठहरेबमोजिम हुने ठहर्छ भन्नेसमेतको पुनरावेदन अदालत, पाटनको मिति २०७१।९।११ को फैसला।

उक्त फैसलामा चित्त बुझेन। काठमाडौं, चपली-९क को कि.नं.१७९० र १७९३ को जग्गा र सो जग्गामा बनेको घर घरसगोलको कुनै पनि सम्पत्ति

लगानी गरी बनाइएको होइन । उक्त घर जोडदा लागेको ऋण तिर्न नसकी साहुलाई भोग बन्धकी पारित गरी दिएको अवस्थामा व्यवहारिक यथार्थताको विश्लेषण नगरी मेरो नाउँमा जोडिएको सम्पत्तिमा अंश भाग लगाउँदा सोही सम्पत्ति जोड्दा लागेको ऋण बन्डा नलाग्ने भनी भएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुदा बदर गरी काठमाडौ जिल्ला अदालतको फैसला सदर कायम गरिपाउँ भन्नेसमेतको प्रतिवादीको यस अदालतमा परेको पुनरावेदन पत्र ।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरियो ।

यसमा गोपालबहादुर मुक्तानको दुई श्रीमतीमा जेठी म वादी अमिता लामा कान्छी प्रतिवादी शर्मिला मोक्तान हुन् । अमितातर्फ एक छोरी म वादी अमृता र शर्मिलातर्फ एक नाबालक छोरी गरिमा भई हामी वादी प्रतिवादी जम्मा ५ अंशियार छौं । अविवाहित छोरीको विवाह खर्च परसारी ५ भागको २ भाग अंश पाउँ भन्ने फिराद वादी रहेछ । घरको मुख्य व्यक्ति सासु आमा चन्द्रमाया हुनुहुन्छ । मैले ऋण धन गरी घर बनाउने रकम जुटाएको र घर बन्धकी राखेको हो । तसर्थ सासुसमेतलाई झिकाई नियमानुसार बन्डा लाग्ने सम्पत्तिबाट बन्डा गरियोस भन्नेसमेत व्यहोराको प्रतिउत्तर जिकिर देखियो ।

प्रतिवादी चन्द्रमाया मोक्तानको नाम दर्ताको सम्पत्ति र प्रतिवादी शर्मिला मोक्तानको नाममा दर्ता भएको घर जग्गाबाट वादीले प्रतिवादीहरूबाट अंश पाउने र प्रतिवादी शर्मिला मोक्तानले कि.नं. १७९० र १७९३ को जग्गामा घर बनाउनको लागि सो जग्गा भोगबन्धकी धितो राखी लिएको ऋण रू.२९,००,०००/- समेत अंशबन्डाको १८ नं. ले अंशियार बीच बन्डा लाग्ने ठहर्याई काठमाडौ जिल्ला अदालतबाट फैसला भएको पाइयो । सो फैसलालाई केही उल्टी गरी वादीहरूले अंश पाउने ठहर्याएको हदसम्म सुरू फैसलामा वादीको समेत कुनै पुनरावेदन पनि नरहेको र प्रतिवादीहरूको पनि कुनै पुनरावेदन नपरेको हुँदा सोतर्फ कुनै विवेचना गरिरहनु नपर्ने र भोगबन्धकीको ऋण रू २९,००,०००/- सम्बन्धमा साहुको दाबी उजुर परेको नदेखिँदा साहुको उजुर परेका बखत ठहरेबमोजिम हुने ठहर्याई पुनरावेदन अदालतबाट फैसला भएको पाइयो ।

यसप्रकार वादीले प्रतिवादीहरूबाट अंश पाउने ठहर्याई भएको फैसलाउपर वादी प्रतिवादी दुवै पक्षको पुनरावेदन नपरी अन्तिम भइसकेको देखियो । पुनरावेदन अदालतले भोगबन्धकीको ऋण सम्बन्धमा साहुको उजुर परेका बखत ठहरेबमोजिम हुने ठहर्याएको पुनरावेदन अदालतको फैसलाउपर चित्त नबुझाई उक्त भोगबन्धकीको ऋण बन्डा लाग्नु पर्ने जिकिर लिई प्रतिवादीको यस अदालतमा पुनरावेदन परेको रहेछ ।

उपरोक्तानुसारको तथ्य रहेको प्रस्तुत मुद्दामा पुनरावेदन अदालतको फैसला मिलेको छ छैन ? प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन ? प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्ने हो होइन ? सोही विषयमा निर्णय गर्नुपर्ने देखियो ।

२. निर्णयतर्फ विचार गर्दा प्रतिवादीको तर्फबाट बन्डा गर्नुपर्ने सम्पत्तिको तायदाती फाँटवारी पेस गर्दा प्रतिवादी गोपालबहादुरका नाउँमा कुनै सम्पत्ति नरहेको, प्रतिवादी चन्द्रमायामा नाउँमा सर्लाही जिल्लाका अंशबन्डा गर्नुपर्ने सम्पत्ति रहेको र प्रतिवादी शर्मिला मुक्तानको नाउँमा दर्ता स्रेस्ता कायम रहेको काठमाडौं, चपली- ९क को कि.नं. १७९० र १७९३ को दुई कित्ता जग्गा र सोमा बनेको घरसमेत रहेको र सो घर जग्गा मिति २०६७/०९/०८ मा र.नं. २८६८ (क) को भोगबन्धकी लिखत पारित गरी साहु कविराज खड्गीलाई दिएको भन्नेसमेत व्यहोरा खुलाई मिति २०६९/१०/२५ मा तायदाती फाँटवारी पेस गरेको देखिन्छ । साहु कविराज खड्गीबाट सो ऋण सम्बन्धमा कुनै दाबी उजुर परेको देखिँदैन ।

३. वस्तुतः भोगबन्धकीको लिखतले स्वामित्ववालाको स्वामित्व समाप्त गर्दैन । भोगबन्धकीवाला साहुले असामीको ऋण चुक्ता नगरेसम्म लिखतअनुसारको सम्पत्तिमा भोगाधिकारको हैसियतसम्म राख्ने हुँदा सम्पत्तिको स्वामित्वलाई निस्तेज पार्दैन। मुलुकी ऐन, लेनदेन व्यवहारको ३ नं. अनुसार भोगबन्धकी लेखाई लिएकोमा लिखत भएका मितिले २ वर्षभित्र अचल सम्पत्ति चलन गर्नुपर्छ वा चलन गर्न नदिए चलन चलाई माग्न नालिस गर्नुपर्छ। सो म्यादभित्र नालिस नदिए बन्धकी लिखत कपाली सरह हुन्छ भन्ने कानूनी व्यवस्था देखिन्छ। शर्मिला मुक्तानका नाउँमा रहेको उल्लिखित कि.नं. १७९० र १७९३ का २ कित्ता घरसहितको जग्गा निज शर्मिलाले कविराज खड्गीलाई रू.२८,००,०००।– मा मिति २०६७।९।८ मा भोगबन्धकी पारित गरी दिएको देखिन्छ । सो भोगबन्धकी सम्बन्धमा उल्लिखित लेनदेन व्यवहारको ३ नं. मा भएको कानूनी व्यवस्थाअनुसार साहुको उजुर परेको देखिँदैन।

४. मुलुकी ऐन, अंशबन्डाको १८ नं. मा मानो नछुट्टिई सँग बसेका अंशियार छन् भने जुनसुकै अंशियारको सगोलको सम्पत्तिबाट वा सगोलको खेति उद्योग व्यापार व्यवसायबाट बढे बढाएको सगोलको आर्जन र लेनदेन व्यवहारको महलको ८ नं. बमोजिम लगाएको ऋण सबै अंशियारकोलाई भाग लाग्छ भन्ने कानूनी व्यवस्था देखिन्छ। लेनदेन व्यवहारको ८ नं. मा घरको मुख्य भई कामकाज गर्ने वा एकाघरका उमेर पुगेका अरूले गरेको व्यवहारमा मुख्यको सहिछाप वा लिखत भएको व्यवहार मात्र गोश्वारा धनबाट चल्छ भन्ने कानूनी व्यवस्था देखिन्छ । हामी वादीहरूको मन्जुरी नलिई साक्षी पनि नराखी हाम्रो अंश हक मार्ने नियतले उक्त जग्गा भोगबन्धकी दिइएको भन्ने वादीको जिकिर रहेको पाइन्छ।

५. यसप्रकार प्रतिवादी शर्मिला मुक्तानले मिति २०६७।९।८ मा गरिदिएको भोगबन्धकीको लिखतसम्बन्धी व्यवहार लेनदेनसम्बन्धी विषय रहेको देखिन्छ। लेनदेनसम्बन्धी विषयमा सम्बन्धित साहुले नालिस लिई अदालत प्रवेश गरेको अवस्थामा सोही मुद्दाको रोहबाट बुझ्नु पर्ने प्रमाण बुझी निर्णय गर्नुपर्ने हुन्छ। साहुको उजुर नपर्दै ऋण बन्डा लाग्ने वा नलाग्ने भनी प्रस्तुत मुद्दाबाट निष्कर्षमा पुग्न कानूनसम्मत र व्यवहारिकसमेत हुँदैन । त्यसकारण लेनदेनको विषयमा साहुको नालेस परेका बखत सोही मुद्दाबाट प्रतिवादीले उल्लेख गरेको ऋण वास्तविक हो होइन ? लिखत गर्दा अरू अंशियारहरूको मन्जुरी संलग्नता छ छैन ? प्रतिवादी शर्मिला मुक्तानले लिएको ऋण गोश्वारा धनबाट चल्ने हो होइन ? साहुले को कसबाट सावाँ ब्याज भरी पाउने हो ? भन्नेलगायतका विषयमा सोही मुद्दाबाट निर्क्योलमा पुग्न सकिने हुन्छ।

६. तसर्थ प्रतिवादीले देखाएको ऋणको सम्बन्धमा साहुको उजुर परेमा सोही मुद्दामा बुझ्नु पर्ने प्रमाण बुझी न्यायिक निष्कर्षमा पुग्न सकिने विषय देखिएकोले सो ऋणको सम्बन्धमा साहुको उजुर परेका बखत ठहरेबमोजिम हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।९।११ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन। मिसिल नियमानुसार गरी बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. प्रकाशमान सिंह राउत

इजलास अधिकृतः आनन्दराज पन्त
इति संवत् २०७४ साल वैशाख २९ गते रोज ६ शुभम्।

निर्णय नं. ९८३२

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
फैसला मिति : २०७३।५।२३
०६९-RB-०००१

मुद्दाः करारबमोजिम रकम दिलाई भराई पाउँ

पुनरावेदक / प्रतिवादी : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २९ स्थित होटल सेन्टर प्वाईन्टको सञ्चालक भई स्थायी बसोबास बागलुङ जिल्ला निसी गा.वि.स. वडा नं. ४ बस्ने बलबहादुर पुन

विरूद्ध

प्रत्यर्थी / वादी : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १ स्थित हिमालयन हेलिकप्टर प्रा.लि. को अख्तियारप्राप्त कार्यकारी अध्यक्ष रविकान्त अग्रवाल

- **प्रतिवादीले विवादित लिखत करार होइन लेनदेनको लिखत हो भने पनि वादी प्रतिवादीबीचको सम्बन्ध हेलिकप्टर खरिद बिक्रीसँग सम्बन्धित रहेको र एक पटक सिर्जना भएका करारीय दायित्वहरूलाई नै परिपालना गर्ने गराउने प्रयोजनार्थ Agreement to Assume Obligation नामकरण गरिएको लिखतमा हस्ताक्षर भई तमसुक तयार गरेर साहुलाई दिने भनी सर्तसमेत उल्लेख भएको देखिएको हुँदा उक्त लिखतलाई करारीय कारोबारसँग असम्बन्धित स्वतन्त्र प्रकृतिको लेनदेनको लिखत मान्न मिल्ने नदेखिने।**

(प्रकरण नं.४)

- **Novation Agreement एउटा त्रिपक्षीय सम्झौता हो जसबाट कुनै दुई पक्षबीच भएको सम्झौताका आधारमा सिर्जित दायित्व ती दुई पक्षको सहमतिमा ती दुई पक्षमध्ये एक पक्षको दायित्व सर्ने गरी एउटा नयाँ पक्ष सिर्जना भई नयाँ करार हुन्छ । जसअनुसार पहिलेको करारअन्तर्गतको दायित्व पछिल्लो करारमा समाविष्ट हुन आएको पक्षमा सरेको हुन्छ । करार गर्ने पक्षहरूले आआफ्नो दायित्वहरू पूरा गर्नुपर्छ, करारबमोजिम कुनै सुविधा पाइसकेपछि आफ्नो कर्तव्य र दायित्व पालना गर्नुबाट पन्छिने वा पन्छिने प्रयास गर्नु हुँदैन, यो करार कानूनको सामान्य सिद्धान्त नै हुने।**

(प्रकरण नं.४)

- **दोस्रो र तेस्रो किस्ताबापतको रकम तिर्न बाँकी नै रहेको अवस्थामा पहिलो किस्ताको रकम नतिरेको अवस्थालाई विवादको सिर्जना भएको मिति मान्ने हो भने एकै करारअन्तर्गतका विभिन्न किस्ताको लागि फरक फरक मुद्दा दर्ता गर्नुपर्ने अवस्था सिर्जना भई करार ऐन, २०५६ को दफा ८९(२) (ग) को व्याख्या संकुचित हुन जाने।**
- **कुनै पक्षबाट निश्चित किस्ता निश्चित समयमा नतिरेमा करारको उल्लङ्घन मानी निश्चित हदम्यादभित्र उपचार खोज्ने अधिकार अर्को पक्षलाई दिइएको रहेछ भने त्यस अवस्थामा उक्त किस्ता बर्खिलाफी**

हुनासाथ उपचार खोज्ने हदम्याद प्रारम्भ हुन सक्ने ।

(प्रकरण नं.७)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता शम्भु थापा

प्रत्यर्थी / वादीका तर्फबाट : विद्वान् अधिवक्ता नारायणप्रसाद पराजुली

अवलम्बित नजिर :

- *ने.का.प.* २०७३, अंक १, नि.नं.९५२७

सम्बद्ध कानून :

- करार ऐन, २०५६ को दफा ८९(२)(ग)

सुरू तहमा फैसला गर्नेः

मा.जिल्ला न्यायाधीश श्री मेघनाथ भट्टराई

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री देवेन्द्र गोपाल श्रेष्ठ

माननीय न्यायाधीश श्री कुलरत्न भुर्तेल

फैसला

न्या. अनिलकुमार सिन्हा : पुनरावेदन अदालत, पाटनको फैसलाउपर न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) (क) बमोजिम मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान भई यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः–

हिमालयन हेलिकप्टर प्रा.लि. को तर्फबाट कार्यकारी अध्यक्ष म रविकान्त अग्रवाल (प्रथम पक्ष) र मनकामना एयरवेज प्रा.लि.का तर्फबाट प्रबन्ध निर्देशक कृष्ण पुन (दोस्रो पक्ष) का बीचमा हेलिकप्टर दोस्रो पक्षलाई बिक्री गरी हक हस्तान्तरण गर्ने सम्बन्धमा मिति २०५४।४।१३ मा सम्झौता भएको थियो । उक्त सम्झौताबमोजिम मैले विपक्षीलाई हेलिकप्टर हस्तान्तरण गरी सकेको तर विपक्षीले तिर्न बुझाउन बाँकी रू. ५०,००,०००।– (पचास लाख) भाकाभित्र नतिरी नबुझाई अन्याय गरेकोमा विपक्षीउपर उक्त रकमको सावाँ ब्याजसमेत दाबी गरी काठमाडौं जिल्ला अदालतमा दे.मि.नं. २९५८, मिति २०५७।१।१६ मा मुद्दा दायर गरेको थिएँ । उक्त मुद्दा विचाराधीन रहेकै अवस्थामा विपक्षीले मसँग उल्लिखित तिर्न बुझाउन बाँकी रकम रू. ३७,००,०००।– कायम गरी बलबहादुर पुनले व्यक्तिगतरूपमा करार तथा कपाली तमसुकसमेत गर्न तयार छु भनी अनुनय विनय गरेपश्चात् विपक्षीसँग छलफल भई पूर्व करारमा परिवर्तन गरी रकम तिर्ने बुझाउने सम्बन्धमा निश्चित सर्तहरूसमेत राखी मिति २०५८।२।१९ मा पूरक करार भएको हो । तिर्न बाँकी रू. ३७,००,०००।– रूपैयाँ ३ वर्षमा तीन किस्तामा तिर्ने सहमति भएको र अदालतमा विचाराधीन मुद्दा पूरक करार भएकोले मिति २०५८।२।१९ मा पूरक करारमा उजुरी परेका बखत ठहरेबमोजिम हुने गरी खारेजी फैसला भएको हो । पूरक करारबमोजिम विपक्षीले कुनै रकम नतिरी आर्थिक दायित्व पूरा नगरी करारको उल्लङ्घन गर्नुभएको हुँदा करार ऐन, २०५६ को दफा ८२ मा उल्लिखित प्रावधानबाट समेत सर्तहरूको ठाडो उल्लङ्घन गरी रकम खाने, पचाउने नियत राख्नु भएकोले करारमा उल्लिखित सावाँ, कानूनबमोजिम हुने ३ वर्ष ११ महिना २८ दिनको ब्याज रकम गरी हुन आउने रू. ५१,७७,९४०।– र करारको दफा ५ को देहाय (C) मा उल्लेख भएअनुसार विपक्षीले तोकिएको समयावधिमा रकम चुक्ता भुक्तान नगरेबाट थप १५ प्रतिशत पेनाल्टी रकम रू. ५,५५,०००।– समेत गरी हालसम्मको जम्मा रू. ५७,३२,९४०।– र अदालतबाट फैसला भई भरी भराउ हुँदासम्मको ब्याजसमेत विपक्षीबाट दिलाई भराई पाउँ भन्नेसमेत व्यहोराको वादीको काठमाडौं जिल्ला अदालतमा परेको फिराद ।

वादीले फिरादमा उल्लेख गर्दा करारको म्यादभित्र नतिरी नबुझाई अन्याय गरेउपर काठमाडौं

जिल्ला अदालतमा उक्त रकम सावाँ ब्याजसमेत दाबी गरी दे.मि.नं. २९५८, मिति २०५७।१।१६ मा मुद्दा दायर गरी सो मुद्दा खारेज हुनेसमेत भइसकेको कुरा उल्लेख गर्नु भएको छ भने अर्कोतर्फ उक्त मुद्दाको अन्तिम टुङ्गो लागी सकेपश्चात् सोही विषयमा पुनः मुद्दा सिर्जना गरी अदालतलाई गुमराहमा राखी दोस्रो पटक अदालत प्रवेश गरी पहिला भएको फैसलामा आफ्नो दाबी नपुगेको कुरालाई ढाकछोप गरी पुनः दाबी पुर्‍याउन सकिन्छ कि भनी दुष्प्रयास गर्न खोजिएको कार्य अ.बं. ८५ नं. विपरीत भएकोले प्रस्तुत फिराद प्रथमदृष्टिमा नै खारेजभागी छ । उल्लिखित रकम लेनदेन नभएको, म प्रतिवादीले कुनै रकम विपक्षीबाट लिए खाएको छैन। मनकामना एयरवेजको दायित्व मेरो होइन, मैले बहन गर्नुपर्नेसमेत होइन। यस सम्बन्धमा दायित्व तिर्ने बुझाउने कुनै लिखत सम्झौता भएको छैन। भएमा पनि त्यसले कानूनी मान्यता पाउने होइन। विपक्षीको झुट्टा फिराद दाबी खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी बलबहादुर पुनको प्रतिउत्तर पत्र।

यसै विषयमा यीनै वादीले दायर गरेको २०५७ सालको दे.मि.नं. २९५८को रकम दिलाई भराई पाउँ भन्ने मुद्दामा यसै अदालतबाट वादी दाबी नपुग्ने ठहरी फैसला भएको हुँदा प्रस्तुत मुद्दा लिई आउने होइन। मेरो पक्षको नाउँमा मनकामना एअरवेजको कुनै पनि सेयर बाँकी छैन। सेयर बिक्रीको कारोबार पहिला नै भइसकेको हुँदा मेरो पक्षले उक्त लिखतअनुसारको रकम तिर्नु बुझाउनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादी बलबहादुर पुनको वारेस नारायणबहादुर बस्नेतले अ.बं. ७८ नं. बमोजिम काठमाडौं जिल्ला अदालतमा गरेको बयान।

वादी रविकान्त अग्रवालले २०५७ सालमा यसै विवादमा गरेको मुद्दा अदालतबाट वादी दाबी नपुग्ने ठहरी फैसला भइसकेको अवस्थामा अब पुनः मुद्दा दायर गर्न पाउने हुँदैन । प्रतिवादीको नाममा मनकामना एअरवेजको कुनै पनि सेयर बाँकी नभएकोले प्रतिवादीले वादीलाई दाबीबमोजिमको कुनै रकम तिर्नु बुझाउनु पर्ने होइन भन्नेसमेत व्यहोराको प्रतिवादीका साक्षी कृष्णबहादुर थापाले काठमाडौं जिल्ला अदालतमा गरेको बकपत्र।

वादी र प्रतिवादीका बीचमा मिति २०५८।२।१९ मा रू. ३७,००,०००/- तीन किस्तामा तीन वर्षभित्र बुझाउने सर्तसहितको करार भएको हुँदा सो करार अन्यथा भएकोसमेत नदेखिएको र तिरे बुझाएको कुनै जिकिरसमेत नहुँदा उक्त करारको ५ को (B) ब्याजसमेत पाउने उल्लेख भएबाट मिति २०५८।२।१९ को करारबमोजिमको रूपैयाँ वादीले प्रतिवादीबाट भराई लिन पाउने ठहर्छ भन्नेसमेत व्यहोराको काठमाडौं जिल्ला अदालतबाट मिति २०६४।१०।३ मा भएको फैसला।

विवादित हेलिकप्टरको रकम मनकामना एयरवेज प्रा.लि. ले हिमालय हेलिकप्टर प्रा.लि. लाई नबुझाएकोले सो असुल गर्न यीनै वादीको कम्पनीले प्रतिवादी कम्पनीउपर रकम दिलाई भराई पाउँ भनी एक पटक काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भई मिति २०६१।१।३१ मा सो मुद्दा खारेज भई फैसला भएकोमा सोही विषयवस्तुमा पुनः अर्को मुद्दा खडा गरी मुद्दा चलाएको देखिँदा मुलुकी ऐन अ.बं. ८५ नं. को कानूनी व्यवस्थाबमोजिम सो मुद्दा खारेज गर्नुपर्नेमा प्रतिवादी कम्पनी तर्फबाट म प्रतिवादी बलबहादुर पुनले नै तिर्नु बुझाउनु पर्ने व्यहोरासहित भएको उक्त फैसला अ.बं. १८४(क) प्रमाण ऐन, २०३१ को दफा ३, ५४ समेतको विपरीत भएकोले सुरू फैसला बदर गरी फिराद दाबी नै खारेज गरी न्याय दिलाई पाउँ भन्नेसमेतको प्रतिवादी बलबहादुर पुनले पुनरावेदन अदालत, पाटनमा गरेको पुनरावेदन पत्र।

यसमा हदम्यादसम्बन्धी विवादमा कानूनको व्याख्यासम्बन्धी प्रश्न समावेश भई सुरू जिल्ला अदालतको फैसला विचारणीय देखिँदा अ.बं. २०२ नं. बमोजिम छलफलको लागि विपक्षी झिकाउनु भनी

पुनरावेदन अदालत, पाटनबाट भएको आदेश।

करारको प्रकरण ५(b) मा पहिलो किस्ताबापतको रकम समयमा नबुझाएमा सम्पूर्ण रकमबापत वादीले कानूनी कारवाही गर्न सक्ने प्रावधान रहेको कारणबाट मात्र सोही मितिबाट नालेस गर्नुपर्ने कारण परेको भनी संकुचित अर्थ गर्न मिल्ने देखिन आएन । अन्तिम किस्ताको रकमसमेत बुझाउनुपर्ने अवधिभित्र नबुझाएबाट नै सो अन्तिम किस्ताको रकम बुझाउनु पर्ने अवधि मिति २०६२।२।१६ बाट वादीको फिराद करार ऐन, २०५६ को ८९(२)(घ) को हदम्याद २ वर्षभित्र मिति २०६२।२।१७ मा दायर भएको देखिँदा वादीको फिराद हदम्याद नाघी दायर भएको भनी स्वीकार गर्न मिलेन । वादी र पुनरावेदक प्रतावादीबीच मिति २०५८।२।१९ मा भएको Agreement to assume obligation लाई पुनरावेदक प्रतिवादीले अन्यथा भन्न नसकेको र सो करारबमोजिम निज पुनरावेदक प्रतिवादीले वादीलाई रू.३७,००,०००।– (सैंतीस लाख) र सोको ब्याज बुझाउनु पर्नेमा बुझाई सकेको भन्ने जिकिरसमेत लिन नसकेबाट उल्लिखित करारमा उल्लेख भएबमोजिमको रकम रू. ३७,००,०००।– (सैंतीस लाख) र सोको कानूनबमोजिमको ब्याजसमेत वादीले प्रतिवादीबाट भराई पाउने नै देखिँदा करारबमोजिमको रूपैयाँ र कानूनबमोजिमको ब्याजसमेत वादीले प्रतिवादीबाट भराई लिन पाउने ठहर्‍याई सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६४।१०।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्नेसमेत व्यहोराको पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।१।१५ मा भएको फैसला।

अदालतबाट भएका फैसला मुद्दाका पक्षलगायत सबैलाई बन्धनकारी हुन्छ। प्रस्तुत मुद्दाका वादी प्रतिवादीबीच हेलिकप्टर खरिद गरेको सम्बन्धमा एक पटक मुद्दा चली मिति २०६१।१।३१मा फिराद खारेज हुने ठहरी काठमाडौं जिल्ला अदालतबाट फैसला भएको र सो फैसलाउपर वादी प्रतिवादीको पुनरावेदन नपरी अन्तिम भएर रहेको छ। पटकपटक एउटै पक्ष र एउटै विषय भएको मुद्दामा निर्णय दिनुपर्ने अवस्था आएमा फैसलाको अन्तिमताको सिद्धान्तविपरीत हुन जान्छ । Agreement to Assume Obligation को प्रकरण ५(B) मा पहिलो किस्ताबापतको रकम समयमा नबुझाएमा सम्पूर्ण रकमबापत वादीले कानूनी कारवाही गर्न सक्ने प्रावधान रहेको कारणबाट सोही मितिबाट नालिस गर्नुपर्ने हुन्छ । दाबीको सम्बन्धमा त्यस्तो दाबीका लागि मुद्दा गर्नुपर्ने कारण उत्पन्न हुनुपर्छ। Agreement to Assume Obligation दुवै पक्षबाट हस्ताक्षर हुँदा कुनै विवाद आएको खण्डमा कुन कानून आकर्षित हुने भन्ने प्रस्ट पारिएको छैन। प्रस्तुत लेनदेनको विवादलाई करार भनी दाबी गर्नुपर्ने भए उक्त सम्झौतामा स्पष्टरूपमा विवाद आएको खण्डमा करार ऐन लागू हुन्छ भनी किटानी भएको अवस्था हुन्थ्यो । हिमालय हेलिकप्टर प्रा.लि. र मनकामना एयरवेज प्रा.लि. बीच भएको Agreement to Assume Obligation लाई करारको रूपमा व्याख्या गर्न किमार्थ मिल्दैन। उक्त लिखतमा करार ऐन, २०५६ ले परिभाषा गरेअनुरूप हुनुपर्ने करारका तत्त्वहरूको विद्यमानता छैन । प्रस्ताव, स्वीकृति, प्रतिफल जस्ता तत्त्व उक्त लिखतमा छैन। हरेक किसिमका लिखतलाई करारको संज्ञा दिई व्याख्या गर्दै जाने हो भने विधिकर्ताले छुट्टै करार सम्बन्धी कानूनको तर्जुमा गर्नु औचित्यहीन हुन जान्छ । यसका साथै हिमालय हेलिकप्टर प्रा. लि.का अख्तियार प्राप्त कार्यकारी अध्यक्ष रविकान्त अग्रवालले मिति २०६२।२।१७ मा काठमाडौं जिल्ला अदालतमा करारबमोजिम रकम दिलाई भराई पाउँ भनी दायर गर्नुभएको फिराद कानूनले तोकेको हदम्यादभित्र दायर भएको छैन । तसर्थ, कानून र प्रतिपादित सिद्धान्तविपरीतको काठमाडौं जिल्ला अदालतको मिति २०६४।१०।३ को फैसला सदर गर्ने पुनरावेदन अदालत, पाटनको मिति २०६८।१।१५ को फैसलामा

न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(क)(ख) को अवस्था विद्यमान भएकाले दोहर्‍याई हेर्न निस्सा पाउँ भन्नेसमेत व्यहोराको प्रतिवादीको यस अदालतमा परेको निवेदन।

यसमा निवेदक र प्रत्यर्थीबीच जेष्ठ १९, २०५८ मा भएको Agreement to Assume Obligation को दफा ५(B) मा पहिलो किस्ता एक वर्षभित्र नबुझाए कानूनी कारवाही हुने भन्ने व्यवस्था भएको देखिन्छ। यी पक्षहरू बीच जेष्ठ १९, २०५८ मा करार भएको र सो मितिले एक वर्ष अर्थात् २०५९।२।१८ भित्र पहिलो किस्ता बुझाउनु पर्नेमा नबुझाएको अवस्थामा करार ऐन, २०५६ को दफा ८९(२)(घ) अनुसार दुई वर्षभित्र अर्थात् २०६१।२।१७ भित्र फिराद गर्नुपर्नेमा मिति २०६२।२।१७ मा २ वर्षको हदम्याद नाघी परेको फिराद खारेज गर्नुपर्नेमा अन्यथा गरेको पुनरावेदन अदालतको फैसलामा करार ऐन, २०५६ को दफा ८९(२)(घ) को व्याख्यात्मक त्रुटि देखिएकोले न्याय प्रशासन ऐन, २०४८ को दफा १२ को उपदफा १ को खण्ड (क) अनुसार प्रस्तुत मुद्दा दोहोर्‍याई हेर्न निस्सा प्रदान गरिदिएको छ भन्नेसमेत व्यहोराको मिति २०६९।३।३१ मा यस अदालतबाट भएको आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदकका तर्फबाट उपस्थित हुनु भएका विद्वान् वरिष्ठ अधिवक्ता श्री शम्भु थापाले विवादको लिखत रकम लेनदेनको विषयमा भएको र यसले ऋणको दायित्व निर्धारण गरेकोले यसलाई करार मान्न मिल्दैन। करारमा करार ऐन, २०५६ आकर्षित हुने उल्लेख नभएकोले मुलुकी ऐन लेनदेनको महल आकर्षित हुने हो। उक्त लिखतलाई करार मान्ने हो भने पनि सोमा उल्लेख भएको सर्तबमोजिम पहिलो किस्ता नतिरेको अवस्थामा नै करारको उल्लङ्घन भइसकेको अवस्थामा सोही बेला मुद्दा गर्नुपर्नेमा अब आएर दायर गरिएको फिराद हदम्यादको अभावमा खारेज हुनुपर्नेमा वादी दाबी पुग्ने ठहर्‍याएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा निस्सामा उल्लिखित आधारमा बदर गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो। प्रत्यर्थीको तर्फबाट उपस्थित हुनु भएका विद्वान् अधिवक्ता श्री नारायणप्रसाद पराजुलीले विवादित लिखत दायित्वसँग सम्बन्धित भएकोले यसलाई करार मान्नुपर्छ। प्रतिवादी पक्षले एक पटक विवादित लिखत करार हो भनी स्वीकार गरिसकेपछि विवन्धनको सिद्धान्तले पनि सोलाई अन्यथा भन्न मिल्दैन। यस अदालतबाट निस्सा हुँदा २ वर्षपछि परेको फिराद खारेज हुनुपर्ने आसय व्यक्त भएको छ। तर सम्झौता नै तीन किस्ता गरी तीन वर्षमा बुझाउने सर्त भएकाले तीन वर्षको अवधि व्यतित भएपछि मात्र हदम्याद सुरू हुने भएकाले वादीको फिराद हदम्यादभित्रको हुँदा निस्सामा उल्लेख भएका आधार ग्रहण गर्न मिल्दैन। तसर्थ पुनरावेदन अदालतबाट भएको फैसला सदर हुनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

उपरोक्तबमोजिमको तथ्य एवं बहस जिकिर रहेको प्रस्तुत मुद्दामा निम्न लिखित प्रश्नहरूको विवेचना गर्नुपर्ने देखियो।

मिति २०५८।२।१९ को लिखत लेनदेनको लिखत हो वा करारको लिखत हो ?

मुद्दा गर्नुपर्ने अवस्था (कारण) केलाई मान्ने ?

पुनरावेदन अदालत, पाटनको फैसला मिले नमिलेको के हो?

२. पहिलो प्रश्नको सन्दर्भमा विचार गर्दा, विपक्षीसँग मिति २०५८।२।१९ मा पुनः भएको करारमा उल्लिखित सावाँ र कानूनबमोजिम हुने ३ वर्ष ११ महिना २८ दिनको ब्याज रकम गरी हुन आउने रू. ५१,७७,९४०।– तथा करारको दफा ५ को देहाय (C) मा उल्लेख भएअनुसार विपक्षीले तोकिएको समयावधिमा रकम चुक्ता नगरेबाट थप १५ प्रतिशत

पेनाल्टी रकम रू. ५५,०००।– समेत गरी हालसम्मको जम्मा रू. ५७,३२,९४०।– र अदालतबाट फैसला भई भरी भराउ हुँदासम्मको ब्याजसमेत विपक्षीबाट दिलाई पाउँ भन्ने फिराद दाबी र मनकामना एयरवेजको दायित्व मेरो होइन, मैले बहन गर्नुपर्नेसमेत होइन, सोको दायित्व तिर्ने बुझाउने कुनै लिखत सम्झौता भएको छैन भएमा पनि त्यसले कानूनी मान्यता पाउने होइन, झुट्ठा फिराद दाबी खारेज गरिपाउँ भनी प्रतिवादीको लिखित जवाफ रहेको देखिन्छ । काठमाडौं जिल्ला अदालतले दाबी पुग्ने ठहर्‍याई गरेको फैसला पुनरावेदन अदालतबाट सदर भएकोमा सो फैसला त्रुटिपूर्ण रहेकोले मुद्दा दोहोर्‍याई हेरिपाउँ भनी परेको प्रतिवादीको निवेदनमा यस अदालतबाट निस्सा प्रदान भई पुनरावेदनको रोहमा पेस भएको देखियो ।

३. हिमालयन हेलिकप्टर प्रा.लि.ले सिंगापुरस्थित सेमारो कम्पनीसँग लिज पर्चेजमा ९,३५,०००।– अमेरिकन डलरमा खरिद गर्ने गरी सम्झौता गरी आयात गरेको हेलिकप्टर मनकामना एयरवेज कम्पनीले खरिद गर्ने इच्छा देखाएकोले समेरो कम्पनीलाई बुझाउनु पर्ने २,७३,७५२।७२ अमेरिकी डलर मनकामना एयरवेजले सकार्ने र हिमालयन हेलिकप्टरबीच Sales Agreement हुँदा मनकामना एयरवेजले हिमालयन हेलिकप्टरलाई बुझाउनु पर्ने २,८०,००,०००।– लाई तीन किस्ता गरी पहिलो किस्ताको एक करोड र दोस्रो किस्ताको एक करोड तीस लाख बुझाइसकेको बाँकी रहेको रू.५०,००,०००।– नबुझाएकोले हिमालयन हेलिकप्टरको तर्फबाट रवीकान्त अग्रवालले मनकामना एयरवेजलाई समेत प्रतिवादी बनाई करारबमोजिम गराई पाउन काठमाडौं जिल्ला अदालतमा मिति २०५७।१।१६ मा फिराद दिएको देखिन्छ । उक्त मुद्दा विचारधीन रहेकै अवस्थामा प्रतिवादीको आग्रहअनुसार पहिलेको सम्झौताअनुसारको रू.५०,००,०००/- लाई रू.३७,००,०००/- कायम गरी पुनः तीन किस्तामा तीन वर्षभित्र तिर्न बुझाउने गरी हिमालयन हेलिकप्टर प्रा.लि. र मनकामना एयरवेज प्रा.लि. र बलबहादुर पुनबीच मिति २०५८।२।१९ मा Agreement to Assume Obligation भएको देखिन्छ । उक्त सम्झौताबमोजिमको रू.३७,००,०००।– मनकामना एयरवेजको हस्ताक्षरकर्ता बलबहादुर पुनले तिर्ने र सोको सुरक्षणबापत होटल सेन्टर प्वाइन्ट प्रा. लि.को प्रति सेयर रू.१०००/- दरको बलबहादुर पुनको नाउँको क्र.सं. ७००१ देखि १३०० सम्मको ६००० कित्ता सेयर राखेको देखिन्छ । उक्त सम्झौता भएपश्चात् उल्लिखित मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मिति २०६१।१।३१ मा फैसला हुँदा मिति २०५८।२।१९ मा भएको पूरक करारबमोजिम उजुर परेका बखत ठहरेबमोजिम हुने गरी पहिलेको मुद्दा खारेज भएको देखिन्छ ।

४. सेमारो कम्पनी प्रा.लि., हिमालयन हेलिकप्टर प्रा.लि. का कार्यकारी अध्यक्ष रविकान्त अग्रवाल र मनकामना एयरवेज प्रा.लि. का अध्यक्ष बलबहादुर पुनबीच मिति २०५४।४।८ मा भएको त्रिपक्षीय करारबमोजिमको कार्य सम्पन्न गर्नको लागि मिति २०५४।४।१३ मा Sales Agreement भएको देखिन्छ । सो Sales Agreement मा उल्लेख भएबमोजिम तेस्रो किस्ताको रकम प्रतिवादीले वादीलाई भुक्तान नगर्दा अदालतमा मुद्दा परेपछि यीनै पक्षहरू बीच पुनः रकम लेनदेनको सम्बन्धमा लिखत भएको देखिन्छ । उक्त लिखतको व्यहोरा हेर्दासमेत पहिला भइसकेका सम्झौताअनुसारको दायित्व व्यहोर्नको लागि Agreement to Assume Obligation भएको देखिन्छ । उक्त लिखत भएकै होइन वा त्यस्मा भएको हस्ताक्षर आफ्नो होइन भन्ने जिकिर प्रतिवादीले लिन सकेको छैन । प्रतिवादीले विवादित लिखत करार होइन लेनदेनको लिखत हो भने पनि वादी प्रतिवादीबीचको सम्बन्ध हेलिकप्टर खरिद बिक्रीसँग सम्बन्धित रहेको र एक पटक सिर्जना भएका करारीय दायित्वहरूलाई

नै परिपालना गर्ने गराउने प्रयोजनार्थ Agreement to Assume Obligation नामकरण गरिएको लिखतमा हस्ताक्षर भई सोही लिखतको ४नं. मा रकम सुरक्षणको लागि बलबहादुर पुनले नेपालीमा रू ३७,००,०००/- को तमसुक तयार गरेर साहुलाई दिने भनी सर्तसमेत उल्लेख भएको देखिएको हुँदा उक्त लिखतलाई करारीय कारोबारसँग असम्बन्धित स्वतन्त्र प्रकृतिको लेनदेनको लिखत मान्न मिल्ने देखिँदैन ।

५. यसका साथै प्रस्तुत सम्झौता हेलिकप्टर खरिद बिक्री हुँदा मनकामना एयरवेजले तिर्नुपर्ने रकममध्येको बाँकी रकमको सम्बन्धमा भएको भनी सोही सम्झौताको (i) मा उल्लेख भएको देखिन्छ । उक्त सम्झौता हिमालयन हेलिकप्टर प्रा.लि. को अध्यक्ष रवीकान्त अग्रवाल, मनकामना एयरवेज प्रा.लि. र बलबहादुर पुनबीच भएको देखिनुका साथै यसको सुरक्षण (Security) बापत बलबहादुर पुनको नाममा रहेको होटेल सेन्टर प्वाइन्ट प्रा.लि. को ६०००।– कित्ता सेयर राखेको देखिन्छ । यसबाट हिमालयन हेलिकप्टर प्रा.लि. र मनकामना एयरवेज प्रा.लि. बीच मिति २०५४।४।१३ मा भएको सम्झौताअनुसार तिर्न बाँकी रहेको रकम तिर्नुपर्ने दायित्व प्रतिवादी बलबहादुर पुनले स्विकार गरेको र त्यस्तो दायित्व स्विकार्ने सर्तमा उक्त प्रतिबद्धता पालना हुनेछ भन्ने विश्वासमा नै वादी पक्षले मिति २०५८।२।१९ मा सम्झौतामा हस्ताक्षर गरेको देखिन्छ । व्यक्तिगतरूपमा दायित्व बहन गर्ने भनी सम्झौता गरिसकेको यस अवस्थामा प्रतिवादीले आफूले उल्लिखित कम्पनीको सेयर बिक्री गरिसकेको भन्ने जिकिर लिँदैमा करारीय दायित्वबाट पन्छिन मिल्ने कानूनी आधार देखिँदैन ।

६. प्रस्तुत Agreement to Assume Obligation पहिले भएको Sales Agreement को पक्षहरू मध्येका एक पक्षको दायित्व तेस्रो पक्षमा सार्ने प्रकृतिको देखिन्छ । यस्ता पूरक प्रकृतिको लिखतलाई Novation Agreement भन्ने गरेको पाइन्छ । Novation Agreement एउटा त्रिपक्षीय सम्झौता हो जसबाट कुनै दुई पक्षबीच भएको सम्झौताका आधारमा सिर्जित दायित्व ती दुई पक्षको सहमतिमा ती दुई पक्षमध्ये एक पक्षको दायित्व सर्ने गरी एउटा नयाँ पक्ष सिर्जना भई नयाँ करार हुन्छ । जसअनुसार पहिलेको करारअन्तर्गतको दायित्व पछिल्लो करारमा समाविष्ट हुन आएको पक्षमा सरेको हुन्छ । करार गर्ने पक्षहरूले आ-आफ्नो दायित्वहरू पूरा गर्नुपर्छ, करारबमोजिम कुनै सुविधा पाइसकेपछि आफ्नो कर्तव्य र दायित्व पालना गर्नुबाट पन्छिने वा पन्छिने प्रयास गर्नु हुँदैन, यो करार कानूनको सामान्य सिद्धान्त नै हो । प्रस्तुत विवादमा हिमालयन हेलिकप्टर र मनकामना एयरवेजबीच भएको सम्झौताअनुसारको बाँकी रहेको रकम तिर्ने सम्बन्धमा हिमालयन हेलिकप्टर्स, मनकामना एयरवेज र बलबहादुर पुनबीच सम्झौता भएको र सो सम्झौताले मनकामना एयरवेज प्रा.लि.ले तिर्न बाँकी रहेको रकम रू.३७,००,०००/- कायम गरी नयाँ सर्तसमेत स्विकार गर्ने गरी सोको दायित्व प्रतिवादी बलबहादुर पुनमा सारेकोले सो विवादित लिखतलाई करार होइन भन्न सकिने आधार देखिँदैन ।

७. दोस्रो प्रश्नको सन्दर्भमा विचार गर्दा हिमालयन हेलिकप्टर प्रा.लि., मनकामना एयरवेज प्रा.लि. र बलहादुर पुनबीच Agreement to Assume obligation भएकोमा सोबमोजिम पहिलो किस्ताबापतको रकम नदिएको अवस्थामा हिमालयन हेलिकप्टरले अदालती प्रक्रियामा जान सक्ने उल्लेख भएको छ । उक्त सम्झौतामा बाँकी रकम तीन किस्तामा तिर्नुपर्ने सर्त राखिएको देखिन्छ । जसअनुसार प्रतिवादीले पहिलो किस्ताबापतको रकम तिरेको देखिँदैन । तर प्रतिवादीले दोस्रो र तेस्रो किस्ताबापतको रकम तिर्ने अवधि त्यति बेलासम्म बाँकी नै रहेको देखिन्छ । प्रस्तुत विवाद वस्तु बिक्रीसम्बन्धी करारको सम्बन्धमा रहेको र यस्तो विवादमा मुद्दा गर्नुपर्ने हदम्यादको सन्दर्भमा करार ऐन, २०५६ को दफा

८९(२)(ग) ले परिच्छेद ७ मा उल्लिखित करारका हकमा मुद्दा गर्नुपर्ने कारण उत्पन्न भएको मितिले दुई वर्षभित्र भनी तोकेको पाइन्छ । यी प्रतिवादीले दोस्रो र तेस्रो किस्ताबापतको रकम तिर्न बाँकी नै रहेको अवस्थामा पहिलो किस्ताको रकम नतिरेको अवस्थालाई विवादको सिर्जना भएको मिति मान्ने हो भने एकै करारअन्तर्गतका विभिन्न किस्ताको लागि फरक फरक मुद्दा दर्ता गर्नुपर्ने अवस्था सिर्जना भई करार ऐन, २०५६ को दफा ८९(२) (ग) को व्याख्या संकुचित हुन जान्छ। करार मै कुनै विशेष अवस्थालाई करारको उल्लङ्घन मानी मुद्दा गर्नुपर्ने कारणको रूपमा व्याख्या वा परिभाषित गरिएको हुन सक्छ । कुनै पक्षबाट निश्चित किस्ता निश्चित समयमा नतिरेमा करारको उल्लङ्घन मानी निश्चित हदम्यादभित्र उपचार खोज्ने अधिकार अर्को पक्षलाई दिइएको रहेछ भने त्यस अवस्थामा उक्त किस्ता बर्खिलाफ हुनासाथ उपचार खोज्ने हदम्याद प्रारम्भ हुन सक्छ। तर प्रस्तुत विवादका हकमा त्यस्तो कुनै व्यवस्था नदेखिएकोले हदम्यादको व्याख्या एवं प्रयोग समष्टिगतरूपमा गरिनु पर्ने हुन्छ । यहाँ करार पूर्णरूपले उल्लङ्घनसमेत भइसकेको नदेखिएकोले करारको अवधि बाँकी रहँदै अदालत प्रवेश गर्दा अपरिपक्व हुने देखिन्छ । यसै प्रकृतिको विवाद समावेश भएको मिलन गुरूङ विरूद्ध मोहन शाहनी भएको सम्झौताबमोजिमको रकम दिलाइपाउँ भन्ने मुद्दामा "**करारबाट सिर्जित भुक्तानी सम्बन्धमा करारको रूपैयाँ भुक्तानी गर्दा किस्ता उल्लेख भएकोमा प्रत्येक किस्तामा हदम्याद कायम गर्ने प्रचलन नरहेको र करारबमोजिमको दायित्व व्यहोर्ने व्यक्तिले अन्तिमरूपमा पालना गर्नुपर्ने दायित्व पालना नगरेको वा बुझाउनु पर्ने रकम नबुझाएको अन्तिम मितिबाट नै हदम्याद कायम हुने**" (*ने.का.प.* २०७३ वैशाख महिना निर्णय नं. ९५२७) भनी सिद्धान्त प्रतिपादन भएको छ । उक्त प्रतिपादित सिद्धान्तसमेतको आधारमा प्रस्तुत अवस्थामा करार ऐन, २०५६ को दफा ८९(२)(ग) ले तोकेको "हदम्याद २ वर्ष" करारबमोजिम अन्तिम भुक्तानी गर्नुपर्ने मिति २०६१।२।१८ सम्म रकम नबुझाएको अवस्थामा सुरू हुने र प्रस्तुत मुद्दाको फिराद मिति २०६२।२।१७ मा नै दायर भएको देखिएकोले हदम्यादभित्र रहेको देखिन आयो।

८. तेस्रो प्रश्नको सन्दर्भमा विचार गर्दा हिमालयन हेलिकप्टर प्रा.लि. र मनकामना एयरवेज प्रा.लि.बीच भएको Sales Agreement अनुसार मनकामना एयरवेज प्रा.लि.ले हिमालयन हेलिकप्टर प्रा.लि.लाई बुझाउनु पर्ने रकममध्ये बाँकी रहेको रकम नबुझाएकोले काठमाडौं जिल्ला अदालतमा चलेको मुद्दामा फैसला हुनुभन्दा अगाडि नै हिमालयन हेलिकप्टर प्रा.लि., मनकामना एयरवेज प्रा.लि. र प्रतिवादी बलबहादुर पुनबीच भएको त्रिपक्षीय सम्झौताको आधारमा फिराद खारेज भएको देखियो । यसर्थ सो त्रिपक्षीय सम्झौताको परिपालना नभएको खण्डमा मर्का पर्ने पक्षले अदालतमा मुद्दा गर्न पाउने नै देखिन्छ। करार ऐन, २०५६ को दफा ८९(२) (ग) मा उल्लेख भएको हदम्यादभित्र प्रस्तुत मुद्दाको फिराद परेको देखिएकोले हिमालयन हेलिकप्टर प्रा. लि., मनकामना एयरवेज प्रा.लि. र बलहादुर पुनबीच भएको त्रिपक्षीय सम्झौताबारे प्रतिवादी बलबहादुर पुनले अन्यथा भन्न सकेको छैन । साथै प्रतिवादीले सम्झौताअनुसारको रकम वादीलाई तिरे बुझाएको जिकिरसमेत नलिएको अवस्थामा यी प्रतिवादीले सम्झौता गर्दा स्वीकार गरेको दायित्वबाट उम्कन मिल्ने देखिँदैन। प्रस्तुत मुद्दाको फिराद हदम्यादभित्र नपरेको भनी पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर एवं निजको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताले समेत सोही व्यहोरा उल्लेख गरी गर्नु भएको बहस र मुद्दा दोहोर्‍याई हेर्ने प्रदान भएको निस्सामा उल्लेख भएको आधार एवं कारणसँग पनि यो इजलास सहमत हुन सकेन।

९. अतः माथि उल्लिखित आधार, कारणबाट हिमालयन हेलिकप्टर प्रा.लि., मनकामना एयरवेज प्रा. लि. र बलबहादुर पुनबीच मिति २०५८।२।१९ मा भएको Agreement to Assume Obligation अनुसार प्रतिवादी बलबहादुर पुनले वादी हिमालयन हेलिकप्टर प्रा.लि.लाई बुझाउनु पर्ने रू.३७,००,०००।– बुझाएको नदेखिएकोले उक्त करारबमोजिमको रकम रू.३७,००,०००।– र सोको कानूनबमोजिम हुने ब्याजसमेत वादीले प्रतिवादीबाट भराई लिन पाउने ठहर्‍याई काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।१।१५ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको पुनरावेदन दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू ।

उक्त रायमा सहमत छु ।
न्या. प्रकाशमान सिंह राउत

इजलास अधिकृतः रामु शर्मा
इति संवत् २०७३ साल भदौ २३गते रोज १ शुभम् ।

निर्णय नं. ९८३३

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री अनिल कुमार सिन्हा
माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल
फैसला मिति : २०७४।०१।१७
०७३-CI-०१३१

मुद्दा : नाता कायम गरिपाऊँ

निवेदक / प्रतिवादी : कास्की जिल्ला, लेखनाथ नगरपालिका वडा नं. २ बस्ने चुडामणि लामिछानेको छोरा नारायणमणी लामिछाने

विरूद्ध

प्रत्यर्थी / वादी : धादिङ जिल्ला मुरली भञ्ज्याङ गाउँ विकास समिति वडा नं. ३ घर भई हाल मुस्ताङ जिल्ला स्थित घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयमा शिक्षक पदमा कार्यरत सरिता श्रेष्ठ

- **पत्नी हो भनी स्वीकारेको साक्षी राखी गरिएको कागजले विवाहको कानूनी मान्यता नै हुन्छ भन्ने पनि होइन तर उक्त कागजले वैवाहिक सम्बन्धमा रहेको आत्मिय र सामाजिक सम्बन्धको स्वीकारोक्ति गरेको छ । विवाह दर्ता गर्नुपर्ने कानून रहे तापनि नेपालमा हालसम्म व्यक्तिगत घटना दर्ता ऐनको प्रभावकारिता नरहेको अवस्थामा प्रेम विवाह सामाजिक साँस्कृतिक विवाहलाई अन्यथा भन्न नमिल्ने ।**

(प्रकरण नं. २)

- **नियुक्तिको फारम भर्दा पतिको नाम**

नराखेको र नागरिकता लोग्नेको नामबाट किन नलिएको भन्ने प्रश्नमा महिलाले कुन थर लिने उसको स्वनिर्णयको अधिकार रहेको, महिला अधिकारसम्बन्धी महासन्धि (CEDAW) को धारा १६ ले पारिवारिक नामथर छान्ने व्यक्तिको व्यक्तिगत अधिकार हो (Right to choose a family name) भन्ने मान्यता स्थापना भएको अवस्थामा आफ्नो स्वतन्त्र पहिचान सहितको पारिवारिक जीवनको हक रहेको हुन्छ । तसर्थ, नागरिकतामा वा नियुक्तिको फारममा पतिको नाम उल्लेख नगर्नु वा पतिको नामबाट नागरिकता नलिनुको अर्थ श्रीमती होइन भन्ने पुष्टिको आधार हुन नसक्ने ।

(प्रकरण नं. ४)

निवेदक / प्रतिवादीको तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता हरिहर दाहाल र विद्वान् अधिवक्ता पूर्णचन्द्र पौडेल

प्रत्यर्थी / वादीको तर्फबाट : विद्वान् अधिवक्ताद्वय विष्णुमाया भुसाल, ईश्वरीप्रसाद भट्टराई र वैतनिक अधिवक्ता नारायणप्रसाद देवकोटा

अवलम्बित नजिर :

- *ने.का.प.* २०४६, अंक ११, नि.नं.३९८५

सम्बद्ध कानून :

सुरु फैसला गर्नेः

माननीय न्यायाधीश श्री अजयराज उपाध्याय

पुनरावेदन तहमा फैसला गर्नेः

माननीय न्यायाधीश श्री प्रेमराज कार्की

माननीय न्यायाधीश श्री युवराज सुवेदी

फैसला

न्या. सपना प्रधान मल्ल : न्याय प्रशासन ऐन, २०४८ को दफा ९ (१)(ग) बमोजिम पुनरावेदन पर्न आएको प्रस्तुत मुद्दा यसै अदालतको क्षेत्राधिकार भित्रको हुँदा संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः

मेरो माइतिघर धादिङ जिल्लाको मुरलीभञ्याङ गाउँ विकास समितिको वडा नम्बर ३ मा पर्दछ । विपक्षी नारायणमणी लामिछानेको धादिङ जिल्ला घरेलु तथा साना उद्योग विकास शाखा कार्यालयमा कार्यरत हुँदा २०५६ साल चैत्र महिनाको १५ गतेदेखि चिनजान भएको हो । परस्पर चिनजानको अवस्थामा विपक्षीले पहिलो श्रीमतीसँग ५-६ वर्ष अगाडि सम्बन्ध विच्छेद भएको भनी विश्वासमा पारेकोले हाम्रो बीचमा प्रेम सम्बन्ध भई २०५७।११।०६ देखि पटकपटक शारीरिक सम्बन्ध हुँदै आयो । विपक्षी सरूवा भई गएको सबै जिल्लामा म गएको छु । सबै ठाउँमा हामीले श्रीमान् श्रीमतीको रूपमा परिचय दिँदै आएका थियौं । विपक्षी तनहुँमा सरूवा भएपछि दमौलीमा पटकपटक हाम्रोबीचमा श्रीमान् श्रीमतीको रूपमा सम्बन्ध रहँदै आएको र नागरिकता निकाली सकेकाले २०६५।४।१६ मा मलाई श्रीमती हो भनी आफ्नै बहिनी ज्वाई चन्द्र भट्ट र तुलबहादुर क्षेत्री तथा मेरो माइतीतर्फका मनराज भण्डारी, सोम्बले तामाङ, दिपककुमार श्रेष्ठ साक्षी राखी कागज गरिदिनु भएको छ। मलाई विपक्षी पतिले नै मुस्ताङमा जागिर लगाई दिनु भएकाले २०६५।६।१ देखि मुस्ताङमा कार्यरत रहँदा विपक्षी पति मुस्ताङ जानु भई हामी साथै बसेका छौं । हामी एकै विस्तरामा विपक्षीको अँगालोमा सुतेकोसमेत मसँग फोटो रहेको छ ।११ वर्ष जति विपक्षीसँग मेरो श्रीमान् श्रीमतीको सम्बन्ध भएको र आफ्नो सम्पूर्ण अस्मिता विपक्षी पतिलाई नै सुम्पी पतिकै सतमा रहेकी छु । विपक्षी पतिले १०-११ वर्षसम्म श्रीमतीको रूपमा फकाउँदै कागज गर्दै अन्तमा मबाट टाढा भाग्न खोज्नु भएकाले मिति २०६८।०२।०४ मा महिला हिंसा

पीडित सामुदायिक सेवा केन्द्र दमौलीमा छलफल हुँदा जानेको गर म तिमीलाई श्रीमती स्वीकार गर्दिन भन्नु भएकाले बाध्य भई आफ्नो अस्तित्व र पहिचानको लागि यो फिराद पत्र दिन आएको छु। मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको ५(क) नं. अनुसार विपक्षीसँग मेरो श्रीमान् श्रीमतीको नाता कायमगरी इन्साफ गरिपाउँ भन्नेसमेत व्यहोराको वादी सरिता लामिछाने (श्रेष्ठ) को मिति २०६८।२।८।१ को फिराद पत्र।

विपक्षीको फिराद व्यहोरा झुठा हो। विपक्षीका काका हरिलाल श्रेष्ठ एउटै कार्यालयमा काम गर्ने भएकाले निजकै कारणबाट मिति २०५५ भाद्र १ देखि २०५७ श्रावण ६ सम्म घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय, धादिङमा कार्यरत रहँदा विपक्षीसँग चिनजान भएको हो । विपक्षीलाई जागिर खुवाएको मैले होइन विज्ञापन भएको सम्बन्धमा जानकारीसम्म गराई दिएको हो। सिलाई शिक्षक पदमा परीक्षा उतिर्ण गरी आफैँले जागिर खानु भएको हो। म विवाहित हुँ। म सेवारत रहेको जिल्लामा मैले श्रीमती साथमा लिएर गएको छु। मैले मेरो छोरीको उमेरकी विपक्षीसँग त्यस्तो कुनै अनैतिक सम्बन्ध राख्ने प्रश्न नै रहन्न । मिति २०६५।०४।१६ मा गरेको कागज मेरो राजिखुसी बेगर अपहरणको सैलीमा जबरजस्ती गराएको हो। लेखेर ल्याएको कागजमा अर्केले हस्ताक्षर गरी जबरजस्ती मेरो ल्याप्चे लगाएको हो । कागज गराउँदा काठमाडौंको नयाँबजार स्थित विपक्षीको घर डेरामा गराएको हो कुनै तरहले मैले सहोदर बहिनी ज्वाई श्री चन्द्रबहादुर भट्ट, रोसन पौडेल तथा तुलबहादुर क्षेत्री र तीनवटै बहिनीलाई मलाई अपहरण गरी राखेको घरमा मैले बोलाएको हो। बहिनी ज्वाईहरू चन्द्रबहादुर भट्ट र तुलबहादुर क्षेत्रीलाई पनि जबरजस्ती साक्षीमा सही गराएको हो। मलाई सफाया गर्ने धम्की दिएकाले कागजका सम्बन्धमा कहीँकतै उजुर नगरी बसेको हुँ। मिति २०६५।४।१६ मा गरेको कागज झुट्ठा हो भन्ने कागज व्यहोराबाटै देखिई रहेको छ । कागजमा विपक्षीसँग मिति २०५६।११।६ मा पहिलो पटक शारीरिक सम्बन्ध भयो भनिएको छ भने अदालतमा पेस गरेको फिराद पत्रमा २०५७।११।६ मा पहिलो पटक शारीरिक सम्बन्ध स्थापित भएको भन्ने उल्लेख भएको छ । कागजको व्यहोराबाटै कागज नक्कली बनावटी र झुट्ठा भएको भन्ने देखिई रहेको छ। विपक्षीलाई श्रीमतीको रूपमा आफू कार्यरत कार्यालयहरूमा लगेको तथा श्रीमतीको रूपमा राखेको वा चिनजान गराएको भन्ने झुट्ठा हो । निज विपक्षी कार्यरत कार्यलय, मुस्ताङमा गएको छैन । तीर्थस्थल भएकाले मुक्तिनाथ गएको भएपनि निजलाई भेट्न मुस्ताङ गएको होइन । के कुन कारणले हो विपक्षीले मेरा विरूद्धमा अनेकन स्थानमा उजुर गर्ने गरेको सो मलाई थाहा भएन । मेरो मान मर्यादा इज्जत प्रतिष्ठाविपरीत अन्यायपूर्ण किसिमबाट दायर गरिएको फिराद दाबी झुठा हो। यसबाट फुर्सद दिलाई पाऊँ। हुँदै नभएको झुट्ठा फिराद गरेबापत वादीलाई नै हदैसम्मको सजाय गरी न्याय इन्साफ पाउँ भन्नेसमेत व्यहोराको मिति २०६८।३।१७।३ मा प्रतिवादी नारायणमणी लामिछानेले पेस गरेको प्रतिउत्तर पत्र।

प्रतिवादी नारायणमणी लामिछाने र सरिता लामिछाने दमौली स्थित घरेलु कार्यालयको क्वाटरमा सँगै बस्नु हुन्थ्यो । वादी प्रतिवादी एउटै कोठामा सँगै बस्ने सँगै खाने गर्नुहुन्थ्यो । २०६७ सालको दशै तिहारमा सरिता लामिछाने प्रतिवादीकै क्वाटरमा बसेको देखेको हो । उहाँहरूको विवाह भएको रहेनछ भन्ने थाहा थिएन भन्नेसमेत व्यहोराको वादीका साक्षी शंसी गुरूङ र राधा खनालले गरेको एकै मिलानको मिति २०६८।९।१२।३ को बकपत्र।

फिरादसमेतको व्यहोरासँग म अनभिज्ञ छु । मेरो भन्नु केही छैन । अरू प्रमाण मिसिलमा नै संलग्न छन् भन्नेसमेत प्रतिवादी नारायणमणी लामिछानेका साक्षी दामोदर सिग्देल र रत्नप्रकाश श्रेष्ठले गरेको एकै मिलानको मिति २०६८।०९।१२ को बकपत्र।

मिति २०६८।०९।२० मा वादीले पेस गरेको मिति २०६५।०४।१६ को विवाहसम्बन्धी कागजको सम्पूर्ण व्यहोरा झुठा हो । वादी सरिता श्रेष्ठसमेतका केटाहरू आएर मलाई जबरजस्ती सरिता बस्ने गरेको कोठा काठमाडौंको नयाँ बजारमा लगी पहिला नै तैयार गरेको कागजमा मेरो हात तानी ल्याप्चे लगाएका हुन् । मैले हस्ताक्षर गरेको होइन । मैले बोलाएका मानिसहरूलाई पनि डरधाकमा पारी सही गर्न लगाएका हुन् यो कागजको कुनै कानूनी मान्यता छैन । मेरा साक्षी बुझिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी नारायणमणी लामिछानेले अ.बं. ७८ नं. बमोजिम मिति २०६९।०३।१७ मा सुरू जिल्ला अदालतमा गरेको बयान।

मिति २०६५।०४।१६ को विवाहसम्बन्धी कागजको व्यहोरा सत्य साँचो हो । प्रतिवादीले खुसीराजीले किनाराका साक्षीसमेत राखेर कागज गरी हस्ताक्षरसमेत गरेको हो । कागजमा साक्षी बसेका व्यक्तिहरू प्रतिवादीका अत्यन्त नजिकका बैनी ज्वाइँहरू समेत रहेका छन् । कागज जालसाजी नभएको व्यहोरा थाहा हुने हुँदा निज प्रतिवादीले यस अदालतसमक्ष मिति २०६९।०३।१७ लेखाएका सम्पूर्ण व्यहोराहरू झुट्टा हुन् निजलाई कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको अ.बं. ७८ नं. बमोजिम वादी सरिता लामिछाने (श्रेष्ठ) का वारेस गोपालचन्द्र हडखलेले गरेको मिति २०६९।०३।२१ मा सुरू जिल्ला अदालतमा गरेको बयान।

प्रतिवादी नारायणमणी लामिछाने र निजको श्रीमती २०५५ सालमा धादिङमा २०-२५ दिन सँगै बस्नु भएको थियो । उहाँको सम्बन्ध राम्रै थियो। अरू नारायणमणी लामिछाने र सरिता बैनीको कहाँ कहाँ के कस्तो सम्बन्ध भयो मलाई थाहा भएन। उहाँहरू बीच लोग्ने स्वास्नीको सम्बन्ध भए नभएको मलाई जानकारी भएन । उहाँहरू सँग मेरो सम्बन्ध २०५५ सालमा जागिरको सिलसिलामा भएको हो। मिति २०६५।०४।१६ को कागज गराउँदा मलाई प्रतिवादीले बोलाए पनि जान सकिन। अपहरण शैलीमा लगेर विवाह गरेको कागज गराएको भनी प्रतिवादीले मलाई भन्नु भएको थियो भन्नेसमेत प्रतिवादीले अ.बं. ७८ नं. बमोजिम बयान गर्दा अदालतमा उल्लेख गरेका प्रतिवादीका साक्षी महेशप्रसाद अधिकारीले मिति २०६९।०५।२४ मा सुरू अदालतमा गरेको बकपत्र।

मेरो जेठान नारायणमणी लामिछाने र भाउजुको सम्बन्ध राम्रो छ। वादी सरिता लामिछानेलाई घरेलु कार्यालय मुस्ताङमा जागिर लगाई दिएको र विभिन्न कार्यालयमा जाँदा सँगै गएर श्रीमान् श्रीमतीको सम्बन्ध कायम राखे नराखेको कुरा थाहा भएन। मिति २०६५।०४।१६ मा गरेको विवाहसम्बन्धी कागज जबरजस्ती करकापमा गराइएको हो । द्वन्द्वकालिन अवस्थापनि भएको र ज्यानै लिनेसम्मको डरधाक धम्की दिएको कारण बाध्यतावश जबरजस्ती सही गरेको हो । यस्तो कागजले कुनै कानूनी मान्यता राख्दैन। करकापमा कागज नगरेको भए मुद्दा नै पर्ने थिएन। भन्नेसमेत व्यहोराको प्रतिवादीले अ.बं. ७८ नं. बमोजिम बयान गर्दा अदालतमा उल्लेख गरेका प्रतिवादीका बहिनी ज्वाई तथा साक्षी चन्द्रबहादुर भट्ट र तुलबहादुर क्षेत्रीले मिति २०६९।०५।२४ मा सुरू अदालतमा गरेको एकै मिलानको अलग अलग बकपत्र।

वि-१ मिति २०६५।०४।१६ मा भएको कागजका प्रष्ट उत्रिएका ल्याप्चेहरूसँग न-१ प्रतिवादी नारायणमणी लामिछानेले सुरू तनहुँ जिल्ला अदालतमा २०६९।९।२६।५ मा दिएको नमुना ल्याप्चेहरूसँग मिल्दछ। न-२ न-३ न-४ र न-५ का दस्तखतहरूको तुलनामा वि-२ मिति २०६५।०४।१६ को कागजका दस्तखतहरू भिन्न ढाँचामा रहेको हुनाले न-२ न-३ न-४ र न-५ का दस्तखतहरूसँग वि-२ दस्तखतहरू तुलना योग्य पाइएन भन्नेसमेत राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विवादग्रस्त प्रलेख इकाई खुमलटारबाट मिति २०७०।०२।०५ मा विवादित ल्याप्चे तथा

हस्ताक्षर परीक्षण भएको सहायक वैज्ञानिक अधिकृत बासुदेव के.सी.को प्रतिवेदन सुरू तनहुँ जिल्ला अदालतमा मिति २०७०।०२।१२ मा प्राप्त भई मिसिल संलग्न रहेको।

मेरो माइतीघर धादिङ जिल्ला मुरली भञ्ज्याङ गाउँ विकास समिति भएको र विपक्षी नारायणमणी लामिछाने धादिङ जिल्ला घरेलु तथा साना उद्योग विकास शाखा कार्यालयमा कार्यरत हुँदा २०५६ साल चैत्र १५ गतेदेखि चिनजान भई बोलचाल हुँदै जाँदा आफ्नो पहिलेको श्रीमतीसँग सम्बन्ध विच्छेद भएको भनी विश्वासमा पार्नुभएकोले हामीहरू बीच प्रेम सम्बन्ध भई मिति २०५७।११।१६ देखि पटकपटक शारीरिक सम्बन्ध हुँदै आएको १०-११ वर्षसम्म सँगै बसी शारीरिक सम्बन्ध रहेको तथा हामीहरू श्रीमान् श्रीमती भएको कुरा उहाँका नातागोता आफन्तजनलाई थाहाँ दिई उहाँहरूलाईनै साक्षी राखी कागज गरेको भनी मिति २०६५।४।१६ मा भएको कागज वादी पक्षबाट पेस हुन आएको उक्त सक्कल लिखतलाई अ.बं.७८ नं. बमोजिम सनाखत गराउँदा सो लिखतमा परेको सहिछाप मेरो होइन भनी प्रतिवादीले जिकिर लिएकोमा सो लिखतमा परेको सहिछाप र निज प्रतिवादीसँगबाट लिएको नमुना सहिछाप जाँच गर्न पठाउँदा उक्त सहि छाप विशेषज्ञबाट जाँच भई एक आपसमा सहिछाप मिल्ने भिड्ने भनी प्रतिवेदन प्राप्त भएको तथा वादी प्रतिवादीसँगै खाने बस्ने गरेको कुरा उल्लेख गरी वादीका साक्षीले वादी दाबीलाई समर्थन हुने गरी बकपत्र गरेकोसमेतका तथ्य तथा मिसिल संलग्न आधार प्रमाणबाट वादी प्रतिवादीबीच लोग्ने स्वास्नीको नाता कायम हुने ठहर्छ भन्नेसमेत व्यहोराको सुरू तनहुँ जिल्ला अदालतको मिति २०७०।३।२७।५ को फैसला।

जिल्ला अदालतको फैसलामा मिति २०६५।४।१६ को कागजलाई आधार लिई वादी दाबी ठहर भएको छ। सो कागज आफैँमा कानूनी मान्यता राख्नसक्ने अवस्थाको नरहेकोले यस्तो कानूनी मान्यता शुन्य रहेको कागजलाई करकापमा गराएको भनेर बदर गराई रहन पर्ने नै हुन्न। कागजको व्यहोरा र सर्त नै गैरकानूनी रहेका छन्। कागजअनुसार विवाह भएको श्रीमतीलाई अस्थाई जागिर लगाइदिने र स्थायीसमेत गराउने भन्नेसमेतको सर्त राखिएको छ। जो कानूनसम्मत छैन। घरसारको कागजबाट विवाह हुने पनि होइन यस्तो कागजलाई आधार लिनै नमिल्नेमा सुरूको फैसलाले लिएको निर्णयधारमा न्यायिक मनको प्रयोग भएको छैन। नाता कायम हुनको लागि प्रत्यक्ष प्रमाण हुनुपर्दछ। गर्भको अवस्था छैन। शरीरिक परीक्षण गरिएको छैन। कोही चस्मदिद गवाह छैन। कहिले वादीसँग शारीरिक सम्पर्क भएको भन्ने नै अलग अलग मिति वादीले उल्लेख गरेको छ। भेट चिनजान कहिले भएको भन्ने नै मिलेको छैन। चिनजान भएको भनिएको समय तथा मितिमा मेरो सरूवा इलाममा भइसकेको छ। वादीका साक्षीहरू राधा खनाल र शशी गुरूङसँग म प्रतिवादीको चिनजान नै छैन। वादीले भनेको आधारमा प्रतिवादीसँग लोग्ने स्वास्नीको सम्बन्ध रहेको भन्नेसमेतको बकपत्र अदालतमा यी वादीका साक्षीहरूले गरेका छन्। वादीले जस्तो भनेको त्यसैलाई आधारमानी वादीका साक्षीहरूले बकपत्र गर्नु स्वभाविक हो। वादीका साक्षीहरूले पती पत्नी भई बसेको देखेको वा वादी प्रतिवादीले हामी पति पत्नी भई बसेकोमा चिनजान गराएको भन्न लेखाउँन सकेको पाइन्न। मौखिक प्रमाण प्रत्यक्ष हुनुपर्दछ। वादीका साक्षीहरूले गरेको बकपत्रले प्रत्यक्ष प्रमाणको स्थान ग्रहण गर्नसक्ने अवस्था देखिन्न। यसलाई निर्णयाधार बनाउँन सक्ने देखिन्न। वादीले फिरादमा ११ वर्षदेखि प्रतिवादीलाई लोग्ने मानी आएको र प्रतिवादीले जेठी स्वास्नीसँग सम्बन्ध विच्छेद गरेको भन्ने कुरा ढाँटेको भन्ने उल्लेख गरेको छ। विवाह गर्दा घरसारको सर्तानामा गरी कसैले विवाह गर्दै गर्दैन। मिति २०६५।०४।१६ मा भएको

कागजलाई नै वादीले एकमात्र प्रमाणको रूपमा पेस गरेको तथा अदालतले प्रमाणको रूपमा ग्रहण गरेको देखिन्छ । विवाहको कागज गराउँनु भनेकै जालझेल र कपटपूर्ण व्यवहार हो । सुरू जिल्ला अदालतबाट भएको फैसला मौजुदा कानून, नजिर र न्यायको मान्य सिद्धान्तविपरीत भएकाले झुट्ठा दाबीबाट अलग फूर्सद गरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादी नारायणमणी लामिछानेको पुनरावेदन पत्र।

पुनरावेदक प्रतिवादीले वादीसँग कुनै नाता सम्बन्ध नरहेको भनी वादी दाबीलाई पुरै इन्कार गरेको अवस्थामा प्रतिवादीले मिति २०६५।०४।१६ मा गरेको कागजलाई आधार मानी सुरू तनहुँ जिल्ला अदालतबाट मिति २०७०।०३।२७ मा नाता कायम गरी भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा फरक पर्न सक्ने हुँदा प्रत्यर्थी झिकाई पेस गर्नु भन्ने आदेश।

वादी दाबीबमोजिम वादी सरिता लामिछाने (श्रेष्ठ) र प्रतिवादी नारायणमणी लामिछानेका बीचमा लोग्ने स्वास्नीको नाता कायम हुनेगरी भएको सुरू तनहुँ जिल्ला अदालतको मिति ०७०।३।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भन्ने पुनरावेदन अदालत, पोखराको मिति २०७०/२/२८ को फैसला।

मिति २०६५/४/१६ को घरसारको कागजमा वादीलाई स्वास्नी स्वीकार गरी ३० दिनभित्र अस्थायी र ७ महिनाभित्र स्थायी जागिर गराईदिने सर्त राखिएको छ। जुन प्रचलित कानून विरूद्ध छ। करकाप वा जालसाजी घोषित नभएका जुनसुकै कागज प्रमाणमा लाग्ने हुँदैन। शारीरिक सम्पर्क भएको कागज गराउँदैमा लोग्ने स्वास्नीको नाता कायम हुन सक्ने होइन। वादीका साक्षी राधा खनाल र शशी गुरूङले यी वादी प्रतिवादीसँगै खाने बस्ने गरेको देखेको भने पनि वादीले ने प्रतिवादी नारायण मणी लामिछाने पति हो भनी बताएकीले लोग्ने स्वास्नी रहेछन् भनी थाहा पाएको भनी लेखाएको अवस्था छ। सँगै एकपटक खाना खाएको देखेको भनेको भरमा लोग्ने स्वास्नीको नाता कायम गर्नु कानूनी त्रुटिपूर्ण हुन्छ। विपक्षी वादीले ठोस सबुत प्रमाण दिन नसकेको अवस्थामा मैले Void कागज विरूद्ध करकापमा उजुर नगरेको र वादीका साक्षीले सुनी जानेको भनी गरिदिएको बकपत्रका आधारमा मलाई वादीले लोग्ने कायम गरेको सुरू पुनरावेदन अदालत फैसला न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१)(ख) को आधारमा दोहोर्‍याई हेरिपाउँ भन्नेसमेत व्यहोराको प्रतिवादीको यस अदालतमा परेको निवेदन पत्र।

प्रतिवादी नारायणी लामिछानेको ल्याप्चे परीक्षण गरी राय व्यक्त गर्ने विशेषज्ञलाई अदालतसमक्ष बकपत्र नगराई पुनरावेदन अदालत, पोखराबाट मिति २०७१/२/२८ मा भएको फैसलामा प्रमाण ऐन, २०३१ को दफा ३, २३ र ५४ र अ.ब. १८४ क नं. को व्याख्यात्मक त्रुटि विद्यमान रहेको देखिँदा न्याय प्रशासन ऐन, २०४८ को उपदफा १ को खण्ड (क) अनुसार मुद्दा दोहोर्‍याई हेर्ने निस्सा प्रदान गरिएको छ भन्ने यस अदालतको मिति २०७३।३/२१ को आदेश।

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीको तर्फबाट विद्वान् वरिष्ठ अधिवक्ता श्री हरिहर दाहाल र विद्वान् अधिवक्ता श्री पूर्णचन्द्र पौडेलले वादी प्रतिवादीबीच नाता कायम गर्दा मिति २०६५/४/१६ को कागजलाई आधार लिएको छ । सो कागजले कानूनी मान्यता पाउन सक्दैन। घरसारको कागजबाट विवाह गर्ने र सरकारी जागिर लगाउने सर्त उल्लेख गरिएको कागजले कानूनी मान्यता पाउन सक्दैन । वादी प्रतिवादीहरू पति पत्नी भएर बसेको देख्ने कोही छैन । वादीका साक्षी राधा खनाल र शशी गुरूङले वादीले प्रतिवादी मेरो पति हो भनेकोले थाहा पाएको भनेकोले वादीले जे भन्यो त्यही भनेको कुरालाई प्रत्यक्ष प्रमाण मान्न सकिन्न। प्रतिवादी यी वादीको श्रीमान् हो सँगै बसेको भए मिति २०६५/५/१७ मा घरेलु

तथा साना उद्योग विकास समितिमा वादीले भरेको दरखास्त फारामा पतिको नाम उल्लेख गर्नुपर्थ्यो, पतिको नामबाट नागरिकता लिनुपर्दथ्यो सो उल्लेख गरेकोसमेत नहुँदा नाता कायम हुनुपर्ने होइन अन्नपूर्ण राणाको मुद्दामा बच्चा हुँदैमा पनि विवाह नभएको हुनसक्ने भनी सिद्धान्त स्थापित भएको अवस्थामा नाता कायम हुनुपर्ने होइन भन्ने बहस गर्नुभयो।

प्रत्यर्थी वादीको तर्फबाट विद्वान् अधिवक्ताद्वय श्री विष्णुमाया भुसाल, श्री ईश्वरीप्रसाद भट्टराई र वैतनिक अधिवक्ता श्री नारायणप्रसाद देवकोटाले यी पुनरावेदक धादिङ जिल्लामा घरेलु तथा साना उद्योग विकास समितिमा कार्यरत रहेको अवस्थामा २०५६ सालदेखि चिनजान भई पहिलो श्रीमतीसँग सम्बन्ध विच्छेद भएको विश्वासमा पारी यौन सम्पर्क गर्दै आएको र आफू जहाँजहाँ सरूवा भएर गए सँगसँगै लगेका र साथै सँगै खाने बस्ने गरेका भन्ने कुरा वादीका साक्षी शशी गुरूङ र राधा खनालले बकपत्र गरिदिएको देखिन्छ । वादी र प्रतिवादी दुवै पक्षका मानिसहरू साक्षी बसी मिति २०६५/४/१६ मा गरेको कागजले पनि प्रतिवादीले श्रीमती स्वीकार गरी कायम गरिदिएको छ। सो कागजले वादी प्रतिवादीबीच सम्बन्ध रहेको भन्ने प्रमाणको रूपमा काम गरेको छ। जबरजस्ती इच्छा विरूद्ध कागज गराएको भने पनि सो विरूद्ध कही करकापमा उजुरी दिएको छैन। निज पुनरावेदकसँग प्रत्यर्थी सरिताको सम्बन्ध नै नभएको भए यसरी नाता कायम गरिपाउँ भनी मुद्दा गर्दै हिँड्नु पर्ने अवस्था आउँदैन। अन्नपूर्ण राणाको नजिर यहा काम लाग्दैन । अन्नपूर्ण राणाको मुद्दा विवाहित हो होइन भन्ने कुरामा प्रमाणित गर्न बच्चा पाएको छ वा छैन, पाठेघर परीक्षणको आदेश भएको सन्दर्भ थियो। तसर्थ सुरू र पुनरावेदन अदालत पोखराले नाता कायम हुने गरी गरेको फैसला सदर हुनुपर्छ भनी बहस प्रस्तुत गर्नुभयो।

उपर्युक्तानुसारको तथ्य र बहस बुँदा रहेको प्रस्तुत मुद्दामा पुनरावेन अदालत, पोखराले गरेको फैसला मिलेको छ, छैन ? र पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्छ सक्दैन सो सम्बन्धमा निर्णय दिनुपर्ने देखिन आयो।

यसमा प्रतिवादी नारायणमणी लामिछाने धादिङ जिल्ला घरेलु तथा साना उद्योग विकास शाखा कार्यालयमा कार्यरत रहेका बखत चिनजान भई प्रेमसम्बन्ध हुन गई मिति २०५७/११/६ देखि शारीरिक सम्बन्ध हुन गई प्रतिवादी सरूवा भई गएका विभिन्न जिल्लाहरूमा समेत १०-११ वर्षसम्म यो सम्बन्ध कायम हुन गई श्रीमान् श्रीमतीको रूपमा परिचय दिँदै आएकोमा घरमा जेठी श्रीमती रहेको भन्ने पति पत्नीको सम्बन्ध कायम भएपछि मात्र थाहा पाएको र निजले मिति २०६५/४/१६ मा मलाई श्रीमती हो भनी कागजसमेत गरिदिएको र प्रतिवादीले नै मुस्ताङमा जागिर लगाइदिएको र त्यहाँसमेत एकै विस्तरामा सुती श्रीमान् श्रीमतीको सम्बन्ध कायम रहेकोमा हाल आएर प्रतिवादीले स्वास्नी मान्न इन्कार गरेकोले आफ्नो अस्तित्व र पहिचानको लागि मुलुकी ऐन, लोग्ने स्वास्नीको महलको ५(क) बमोजिम विपक्षीसँग लोग्ने स्वास्नीको नाता कायम गरिपाउँ भन्ने सरिता श्रेष्ठ लामिछानेको फिराद दाबी, विपक्षीका काका हरिलाल श्रेष्ठ एउटै कार्यालयमा काम गर्ने भएकोलेले वादीसँग चिनजान भएको हो, विपक्षीलाई मैले जागिर लगाएको होइन मुस्ताङमा सिलाई शिक्षकको पदमा विज्ञापन भएको जानकारीसम्म गराएको हुँ । म विवाहित हुँ। म सेवारत भएको जिल्लामा श्रीमती लिएर गएको छु। मेरी छोरीको उमेरकी विपक्षीसँग अनैतिक सम्बन्ध राख्ने प्रश्नै रहन्न । मिति २०६५/४/१६ मा गरेको कागज मलाई करकापमा पारी जबरजस्ती गराएको हो । मलाई मार्ने धम्की दिएकोले कतै उजुर नगरी बसेको हो । विपक्षीलाई श्रीमतीको रूपमा कहिँकतै स्वीकारेको छैन। फिराद दाबी झुठ्ठा हो भन्ने प्रतिउत्तर रहेकोमा मिति २०६५/४/१६ मा गरेको कागज अ.ब.

७८ नं. बमोजिम सनाखत गराउँदा सो लिखतमा परेको सहिछाप मेरो होइन भनी प्रतिवादीले जिकिर लिएकोमा विशेषज्ञबाट जाँच गराउँदा सहिछाप मिल्ने भिड्ने वा वादी प्रतिवादीसँग बस्ने खाने गरेको कुरा उल्लेख गरी वादीका साक्षीहरूले गरेको बकपत्रसमेतबाट वादी प्रतिवादीबीच लोग्ने स्वास्नीको नाता कायम हुने ठहर्छ भनी सुरू तनहुँ जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पोखराको मिति २०७१/२/२८ को फैसलाउपर प्रतिवादीको यस अदालतमा मुद्दा दोहोर्‍याई पाउँ भन्ने निवेदन परी सोमा दोहोर्‍याउने निस्सा प्रदान भई पेस हुन आएको देखियो।

२. निर्णयतर्फ विचार गर्दा मिति २०६५/४/१६ मा प्रतिवादी नारायणमणी लामिछानेले वादी सरिता श्रेष्ठलाई विवाह गरी श्रीमती स्वीकार गरेको कागज कानूनविपरीत छ अमूक महिलालाई स्वास्नी स्वीकार्छु भनी गराइएको घरसारको कागजले कानूनी मान्यता प्राप्त गर्न सक्दैन भन्ने पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा, मिति २०६५/४/१६ को कागजमा म नारायणमणी लामिछाने र सरिता श्रेष्ठबीच मिति २०५६/१/१५ मा जिल्ला घरेलु तथा साना उद्योग विकास कार्यालयमा पहिलो पटक चिनजान भई उक्त चिनजान प्रेम सम्बन्धमा परिणत भई पटक पटक शारीरिक सम्बन्ध कायम हुन गए तापनि वैधानिकरूपमा मूलघरमा भित्र्याउन नसकेको हुँदा निज श्रीमतीकै डेरा कोठामा उपस्थित भई विवाह गरी तपसिल साक्षीहरूको रोहवरमा सहिछाप गरिदिएँ भनी कागज गरेको देखिन्छ। साक्षीमा वादी पक्षका २ जना र प्रतिवादी पक्षका २ जना राखेको भन्ने देखिन्छ। प्रतिवादीले उक्त कागज करकापसँग गराएको सहिछाप मेरो होइन भनी अ.ब. ७८ नं. बमोजिम बयान गरेको हुँदा उक्त लिखतको हस्ताक्षर र ल्याप्चे राष्ट्रिय विधि विज्ञान प्रयोगशालाबाट परीक्षण प्रतिवेदन आएको देखिन्छ। उक्त कागजमा भएको ल्याप्चे यी प्रतिवादी नारायणमणी लामिछानेको ल्याप्चेसँग मिलेको भनी वैज्ञानिक परीक्षणको प्रतिवेदन आएको देखिन्छ। औंठाछाप नै मिलिसकेको अवस्था छ। जसलाई साक्षीहरूले गरेको बकपत्रबाट पनि पुष्टि भएको छ। उक्त कागज करकापसँग गराएको हो भने निजले करकाप गरी कागज गराए भनी सम्बन्धित निकायमा उजुरी दिएको पनि देखिँदैन। यो कागज २०६५।४।१६ मा गरेको देखिएकोले द्वन्द्वको समयमा डर धाक धम्की दिएर गरिएको भन्ने जिकिरसँग सहमत हुन सकिएन। पत्नी हो भनी स्वीकारेको साक्षी राखी गरिएको कागजले विवाहको कानूनी मान्यता नै हुन्छ भन्ने पनि होइन तर उक्त कागजले वैवाहिक सम्बन्धमा रहेको आत्मिय र सामाजिक सम्बन्धको स्वीकारोक्ति गरेको छ। विवाह दर्ता गर्नुपर्ने कानून रहे तापनि नेपालमा हालसम्म व्यक्तिगत घटना दर्ता ऐनको प्रभावकारिता नरहेको अवस्थामा प्रेम विवाह सामाजिक साँस्कृतिक विवाहलाई अन्यथा भन्न मिल्दैन। पति पत्नी भनी लामो समयसम्म सम्बन्धलाई प्रकाश गरिसकेपछि सम्बन्धको इन्कार पछि नै फिरादी नाताको वैधानिकताको लागि अदालतको शरणमा आएको र मिति २०६५।४।१६ को कागजसमेत पेस गरेको अवस्थामा उक्त कागजलाई अन्यथा भन्न सकिँदैन । अदालतले प्रमाणको रूपमा लिखित, मौखिकलगायत कुनै संकेत, चिन्ह, नोटबुक, फोटोचित्र आदि आवश्यक पर्ने जुनसुकै चिज पनि लिन सक्छ। पक्ष विपक्षबीच मञ्जुरी सहमतिले साक्षी राखी गरिएको लिखतले प्रमाणको कुनै मान्यता प्राप्त गर्न सक्दैन भनी मान्न सकिँदैन। हुनत शारीरिक सम्बन्ध हुँदैमा विवाह भयो भन्न सकिँदैन तर वादीले २०५६ सालदेखि नै शारीरिक सम्पर्क भएको भनी फिरादमा उल्लेख गरेको तथा लोग्नेस्वास्नी भई बसेको र प्रतिवादीले उक्त कुरा २०६५/४/१६ को कागजमा स्वीकार गरिसके पछि प्रतिउत्तर फिराउँदा मैले शारीरिक सम्पर्क गरेको छैन लोग्नेस्वास्नीको सम्बन्ध छैन र वादीसँग सामान्य चिनजान मात्र भएको हो भनी उल्लिखित व्यहोरा कुनै पनि प्रमाणबाट पुष्टि हुने सकेको छैन।

३. प्रतिवादीका साक्षीहरूले अदालतमा बकपत्र गर्दासमेत प्रतिउत्तर जिकिरलाई समर्थन गरेको पाइँदैन । उनीहरूले वादी प्रतिवादीबीच के कस्तो सम्बन्ध छ थाहा छैन भनी उल्लेख गरेका छन् भने वादी सरिता श्रेष्ठका साक्षी शशी गुरूङले वादी प्रतिवादी दमौलीमा सँगै खाने एउटै कोठामा बस्ने गरेको देखेको भनी बकपत्र गरिदिएको देखिन्छ भने अर्का साक्षी राधा खनालले वादी प्रतिवादी श्रीमान् श्रीमती भन्ने जानेको हो । एउटै कोठामा सुत्ने बस्ने गरेको देखेको हो भनी बकपत्र गरिदिएको देखिन्छ । यो तथ्यबाट वादी सरिता श्रेष्ठको पुनरावेदक नारायणमणी लामिछानेसँग धादिङ जिल्ला घरेलु तथा साना उद्योग विकास शाखा कार्यालयमा कार्यरत रहेको बेला २०५६ देखि चिनजान भई विभिन्न जिल्लामा सरूवा भई कार्यरत रहँदासमेत श्रीमान् श्रीमतीको रूपमा एकै घर कोठामा बस्दै आएको र श्रीमान् श्रीमतीको रूपमा परिचय दिँदै आएको भन्ने फिराद दाबीमा उल्लेख भएको भनाई असत्य हो भनी मान्न मिल्ने अवस्था देखिँदैन।

४. अन्नपूर्ण राणाको मुद्दा नातामा विवाद नभई गोपनियताको विरूद्ध असमानपूर्ण तरिकाले महिलाको पाठेघर परीक्षणका आदेशउपर रहेको थियो। जहाँसम्म मिति २०६५।५।१७ मा नियुक्तिको फारम भर्दा पतिको नाम नराखेको र नागरिकता लोग्नेको नामबाट किन नलिएको भन्ने प्रश्नमा महिलाले कुन थर लिने उसको स्वनिर्णयको अधिकार रहेको, महिला अधिकारसम्बन्धी महासन्धि (CEDAW) को धारा १६ ले पारिवारिक नामथर छान्ने व्यक्तिको व्यक्तिगत अधिकार हो (same personal right choose a family name) भन्ने मान्यता स्थापना भएको अवस्थामा आफ्नो स्वतन्त्र पहिचानसहितको पारिवारिक जीवनको हक रहेको हुन्छ । तसर्थ, नागरिकतामा वा नियुक्तिको फारममा पतिको नाम उल्लेख नगर्न वा पतिको नामबाट नागरिकता नलिनुको अर्थ श्रीमती होइन भन्ने पुष्टिको आधार हुन सक्दैन। विवाह नगरेकी एक महिलाले कुनै सम्पर्क वा सम्बन्ध नै नरहेको कुनै पुरूषलाई हाम्रोबीचमा प्रेम सम्बन्ध भई शारीरिक सम्पर्क भएको तथ्य श्रीमान् श्रीमतीको रूपमा रहेर प्रतिवादीको सतधर्ममा रहेकी छु अन्य कोही कसैसँग सम्बन्ध सम्पर्क छैन भन्नेसम्म उल्लेख गर्नुपर्ने अवस्था रहन्ने। "प्रेम विवाह गरी लोग्ने स्वास्नी भई नबसेको भए त्यसरी आफ्नो चरित्रको हत्य हुने गरी वादीसँग प्रेम विवाह गरेको मेरो लोग्ने हो भनी देखाउने अवस्था रहन्न (*ने.का.प.* २०४६, अंक ११, नि.नं. ३९८५, पृष्ठ १११३) भनी सिद्धान्तसमेत प्रतिपादन भएको अवस्थामा कुनै अविवाहित नारीले मैले यो पुरूषसँग करणी लेनदेन गरेको श्रीमान् श्रीमतीको रूपमा सँगसाथमा रहे बसेको र समाजमा अन्य व्यक्तिहरूलाई श्रीमान् श्रीमतीको रूपमा चिनजान गराएको र पुरूषको सतमा रहेको भन्ने अवस्था रहँदैन।

६. आफ्नो उमेरभन्दा २० वर्ष फरक उमेरका यी पुनरावेदकलाई नै वादीले पति पत्नीको नाता कायम गराई पाउँ, मेरो २०५६ सालदेखि प्रेम सम्बन्ध र २०५७ सालदेखि शारीरिक सम्बन्ध हुँदै आएको १०-११ वर्ष भयो भनी यी पुनरावेदकसँग नै नाता कायम गराई माग्नु पर्ने के कारण हो सो कुरा प्रतिवादीले खुलाउन सकेको अवस्था पनि देखिँदैन। यीनै कुराहरू विचार गरी सुरू तनहुँ जिल्ला अदालतले वादी प्रतिवादीबीच लोग्ने स्वास्नीको नाताकायम हुने ठहर गरी गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पोखराको मिति २०७१/२/२८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादी नारायणमणी लामिछानेको पुनरावेदन जिकिर पुग्न सक्दैन। दायरीको लगतकट्टा गरी मिसिल नियमानुसार गरी बुझाई दिनू।

उक्त रायमा सहमत छु।
न्या. अनिलकुमार सिन्हा

इजलास अधिकृतः जीवनकुमार भण्डारी
इति संवत् २०७४ साल वैशाख १७ गते रोज १ शुभम्।